४६.	उपन्यायाधिवक्ता	श्री कल्पना राई	महान्यायाधिवक्ताको कार्यालय
४७.	उपन्यायाधिवक्ता	श्री योगेन्दप्रसाद ढुङ्गेल	जिल्ला सरकारी वकील कार्यालय रामेछाप
४८.	उपन्यायाधिवक्ता	श्री हरिप्रसाद घिमिरे	उच्च सरकारी वकील कार्यालय, विरगंज
४९.	उपन्यायाधिवक्ता	श्री अमित उप्रेती	उच्च सरकारी वकील कार्यालय पाटन
५०.	उपन्यायाधिवक्ता	श्री पोषराज खनाल	महान्यायाधिवक्ताको कार्यालय
५१.	उपन्यायाधिवक्ता	श्री धर्मराज जोशी	जिल्ला सरकारी वकील कार्यालय, बझाङ
५२.	उपन्यायाधिवक्ता	श्री पुष्पराज बास्तोला	महान्यायाधिवक्ताको कार्यालय
५३.	सहायक न्यायाधिवक्ता	श्री ढकबहादुर रावत	उच्च सरकारी वकील कार्यालय, तुलसीपुर
५४.	सहायक न्यायाधिवक्ता	श्री भगवती देवी गौतम	जिल्ला सरकारी वकील कार्यालय रामेछाप
५५.	सहायक न्यायाधिवक्ता	श्री प्रयागदत्त जैसी	जिल्ला सरकारी वकील कार्यालय कञ्चनपुर
५६.	सहायक न्यायाधिवक्ता	श्री नारायणप्रसाद दाहाल	मुख्य न्यायाधिवक्ताको कार्यालय १ नं .प्रदेश
५७.	सहायक न्यायाधिवक्ता	श्री दिपेन्द्र दनुवार	मुख्य न्ययाधिवक्ताको कार्यालय, मधेश प्रदेश, जनकपुरधाम
५८.	सहायक न्यायाधिवक्ता	श्री विन्दुकुमारी धामी रावल	महान्यायाधिवक्ताको कार्यालय
५९.	सहायक न्यायाधिवक्ता	श्री प्रकाश शर्मा पौडेल	जिल्ला सरकारी वकील कार्यालय रुकुम पूर्वी भाग
६०.	सहायक न्यायाधिवक्ता	श्री जीतप्रसाद लुइटेल	उच्च सरकारी वकील कार्यालय, ओखलढुङ्गा
६१.	सहायक न्यायाधिवक्ता	श्री सीताराम राउत	जिल्ला सरकारी वकील कार्यालय कालिकोट
६२.	सहायक न्यायाधिवक्ता	श्री लक्ष्मण खनाल	जिल्ला सरकारी वकील कार्यालय दार्चुला
६३.	सहायक न्यायाधिवक्ता	श्री नवराज रेग्मी	जिल्ला सरकारी वकील कार्यालय मनाङ
६४.	सहायक न्यायाधिवक्ता	श्री मुकुन्दकुमार रेग्मी	जिल्ला सरकारी वकील कार्यालय सप्तरी
६५.	सहायक न्यायाधिवक्ता	श्री हरिबहादुर पुनमगर	जिल्ला सरकारी वकील कार्यालय रुकुम पश्चिम
६६.	सहायक न्यायाधिवक्ता	श्री दिपक बस्याल	महान्यायाधिवक्ताको कार्यालय
६७.	सहायक न्यायाधिवक्ता	श्री विष्णुप्रसाद गौली	जिल्ला सरकारी वकील कार्यालय सल्यान
६८.	सहायक न्यायाधिवक्ता	श्री सुदर्शन निरौंला	उच्च सरकारी वकील कार्यालय राजविराज
६९.	सहायक न्यायाधिवक्ता	श्री शान्तीप्रसाद बराल	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबास
७०.	सहायक न्यायाधिवक्ता	श्री इन्दु घिमिरे	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
७१.	सहायक न्यायाधिवक्ता	श्री हरिहर तिमिल्सिना	जिल्ला सरकारी वकील कार्यालय पर्वत
७२.	सहायक न्यायाधिवक्ता	श्री सन्जित गौतम	जिल्ला सरकारी वकील कार्यालय सोलुखुम्बु
७३.	सहायक न्यायाधिवक्ता	श्री ठाकुरराम भण्डारी	जिल्ला सरकारी वकील कार्यालय भक्तपुर
७४.	सहायक न्यायाधिवक्ता	श्री श्रृजना घिमिरे	जिल्ला सरकारी वकील कार्यालय ललितपुर
७५.	सहायक न्यायाधिवक्ता	श्री महेन्द्रप्रसाद अधिकारी	महान्यायाधिवक्ताको कार्यालय
७६.	सहायक न्यायाधिवक्ता	श्री श्रीराम ओझा	जिल्ला सरकारी वकील कार्यालय कैलाली

७७.	सहायक न्यायाधिवक्ता	श्री कञ्चन घिमिरे	उच्च सरकारी वकील कार्यालय विरगञ्ज
७८.	सहायक न्यायाधिवक्ता	श्री टिकाराम भण्डारी	उच्च सरकारी वकील कार्यालय विरगञ्ज
७९.	सहायक न्यायाधिवक्ता	श्री शान्तिविक्रम शाह	उचच सरकारी वकील कार्यालय पाटन
८०.	सहायक न्यायाधिवक्ता	श्री सुदीपकुमार राय	उच्च सरकारी वकील कार्यालय जनकपुर
८१.	सहायक न्यायाधिवक्ता	श्री राजलाल यादव	जिल्ला सरकारी वकील कार्यालय सिराहा
८२.	सहायक न्यायाधिवक्ता	श्री आरती चपाई	उच्च सरकारी वकील कार्यालय सुर्खेत
८३.	सहायक न्यायाधिवक्ता	श्री विनिता कपाली	आन्तरिक राजश्व विभाग
८४.	सहायक न्यायाधिवक्ता	श्री निर्मल नेपाल	जिल्ला सरकारी वकील कार्यालय झापा
८५.	सहायक न्यायाधिवक्ता	श्री मनोहर लम्साल	वैदेशिक रोजगार विभाग काठमाडौं
८६.	सहायक न्यायाधिवक्ता	श्री युडेन लामा	महान्यायाधिवक्ताको कार्यालय
८७.	सहायक न्यायाधिवक्ता	श्री उमंग निरौंला	महान्यायाधिवक्ताको कार्यालय
८८.	सहायक न्यायाधिवक्ता	श्री नवराज विष्ट	निर्वाचन आयोग
८९.	सहायक न्यायाधिवक्ता	श्री प्रभात क्षेत्री	महान्यायाधिवक्ताको कार्यालय
९०.	सहायक न्यायाधिवक्ता	श्री दिनेश भट्टराई	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
९१.	सहायक न्यायाधिवक्ता	श्री विश्वास तिमिल्सिना	महान्यायाधिवक्ताको कार्यालय
९२.	सहायक न्यायाधिवक्ता	श्री भावना खतिवडा	सत्य निरुपण तथा मेलमिलाप आयोग
९३.	सहायक न्यायाधिवक्ता	श्री आदित्यकुमार यादव	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
९४.	सहायक न्यायाधिवक्ता	श्री कपिल रोक्का	गृह मन्त्रालय कसूरजन्य सम्पत्ति ब्यवस्थापन विभाग
९५.	सहायक न्यायाधिवक्ता	श्री दयानिधि रिजाल	जिल्ला सरकारी वकील कार्यालय रौतहट
९६.	सहायक न्यायाधिवक्ता	श्री पुष्पा पाण्डे	उच्च सरकारी वकील कार्यालय पाटन
९७.	सहायक न्यायाधिवक्ता	श्री खडानन्नद पोखरेल	जिल्ला सरकारी वकील कार्यालय,कपिलवस्तु
९८.	सहायक न्यायाधिवक्ता	श्री श्रीधर अधिकारी	जिल्ला सरकारी वकील कार्यालय चितवन
९९.	सहायक न्यायाधिवक्ता	श्री गौरसिंह महर	जिल्ला सरकारी वकील कार्यालय, बाँके
१००.	सहायक न्यायाधिवक्ता	श्री शिवप्रसाद कुँवर	जिल्ला सरकारी वकील कार्यालय, कैलाली
१०१.	सहायक न्यायाधिवक्ता	श्री भरतकुमार मैनाली	महान्यायाधिवक्ताको कार्यालय, काठमाडौं
१०२.	सहायक न्यायाधिवक्ता	श्री अनुकुल वारकोटी	उच्च सरकारी वकील कार्यालय, पाटन
१०३.	सहायक न्यायाधिवक्ता	श्री बिकास बञ्जारा	विशेष सरकारी वकील कार्यालय
१०४.	सहायक न्यायाधिवक्ता	श्री रत्नचन्द्र गौतम	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेत
१०५.	सहायक न्यायाधिवक्ता	श्री बुद्धबहादुर थापा	जिल्ला सरकारी वकील कार्यालय नवलपरासी बर्दघाट सु.पू.
१०६.	सहायक न्यायाधिवक्ता	श्री देवी गिरी	जिल्ला सरकारी वकील कार्यालय, काभ्रेपलान्चोक
१०७.	सहायक न्यायाधिवक्ता	श्री लोकबहादुर रावल	जिल्ला सरकारी वकील कार्यालय, बाँके
१०८.	सहायक न्यायाधिवक्ता	श्री सुप्रिया कुँवर	जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं
१०९.	सहायक न्यायाधिवक्ता	श्री हरिप्रसाद उपाध्याय	जिल्ला सरकारी वकील कार्यालय, पर्सा
११०.	सहायक न्यायाधिवक्ता	श्री कृष्णप्रसाद रिमाल	जिल्ला सरकारी वकील कार्यालय, सुनसरी
१११.	सहायक न्यायाधिवक्ता	श्री शशीचन्द्र विष्ट	जिल्ला सरकारी वकील कार्यालय, बैतडी
११२.	सहायक न्यायाधिवक्ता	श्री विनिता कार्की	विशेष सरकारी वकील कार्यालय, काठमाडौं
११३.	सहायक न्यायाधिवक्ता	श्री समिता थकाली	उच्च सरकारी वकील कार्यालय, बाग्लुङ
११४.	सहायक न्यायाधिवक्ता	श्री विजयकुमार महतो	जिल्ला सरकारी वकील कार्यालय, रौतहट

११५.	सहायक न्यायाधिवक्ता	श्री शंकर वि.क.	जिल्ला सरकारी वकील कार्यालय, दाङ्ग
११६.	सहायक न्यायाधिवक्ता	श्री सीता धमला	उच्च सरकारी वकील कार्यालय, पाटन
११७.	सहायक न्यायाधिवक्ता	श्री प्रल्हाद मिश्र	उच्च सरकारी वकील कार्यालय, वीरगञ्ज
११८.	सहायक न्यायाधिवक्ता	श्री सुनिता भट्टराई	बैदेशिक रोजगार विभाग काठमाडौं

समूह घ

सि.नं.	दर्जा	नाम	कार्यालय
१.	सहन्यायाधिवक्ता	श्री रमादेवी पराजुली	राष्ट्रिय न्यायिक प्रतिष्ठान नेपाल
२.	सहन्यायाधिवक्ता	श्री शंकर खत्री	महान्यायाधिवक्ताको कार्यालय
३.	सहन्यायाधिवक्ता	श्री चन्द्रकान्त खनाल	महान्यायाधिवक्ताको कार्यालय
४.	सहन्यायाधिवक्ता	श्री दिनेशप्रसाद घिमिरे	महान्यायाधिवक्ताको कार्यालय
५.	सहन्यायाधिवक्ता	श्री गंगाप्रसाद पौडेल	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
६.	सहन्यायाधिवक्ता	श्री ज्ञानप्रसाद भुसाल	उच्च सरकारी वकील कार्यालय सुर्खेत
७.	सहन्यायाधिवक्ता	श्री गोविन्दराज गौली	उच्च सरकारी वकील कार्यालय राजविराज
८.	सहन्यायाधिवक्ता	श्री यदुनाथ शर्मा	उच्च सरकारी वकील कार्यालय जनकपुर
९.	उपन्यायाधिवक्ता	श्री नारायण रिमाल	उच्च सरकारी वकील कार्यालय पाटन
१०.	उपन्यायाधिवक्ता	श्री लक्ष्मण उपाध्याय घिमिरे	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
११.	उपन्यायाधिवक्ता	श्री अशोकराज रेग्मी	उच्च सरकारी वकील कार्यालय बाग्लुङ
१२.	उपन्यायाधिवक्ता	श्री राजेन्द्र सिंह भण्डारी	जिल्ला सरकारी वकील कार्यालय कैलाली
१३.	उपन्यायाधिवक्ता	श्री धर्मअवतार कोइराला	जिल्ला सरकारी वकील कार्यालय धनुषा
१४.	उपन्यायाधिवक्ता	श्री रेशम आचार्य	महान्यायाधिवक्ताको कार्यालय
१५.	उपन्यायाधिवक्ता	श्री ऋद्धिनाथ निरौंला	जिल्ला सरकारी वकील कार्यालय पाँचथर
१६.	उपन्यायाधिवक्ता	श्री धर्मराज पौडेल	जिल्ला सरकारी वकील कार्यालय, म्याग्दी
१७.	उपन्यायाधिवक्ता	श्री मुकुन्दहरि पौडेल	जिल्ला सरकारी वकील कार्यालय मकवानपुर
१८.	उपन्यायाधिवक्ता	श्री प्रकाश घिमिरे	उच्च सरकारी वकील कार्यालय, पाटन
१९.	उपन्यायाधिवक्ता	श्री सुवर्णमान बनेपाली	महान्यायाधिवक्ताको कार्यालय
२०.	उपन्यायाधिवक्ता	श्री देवेन्द्रराज आचार्य	जिल्ला सरकारी वकील कार्यालय रुपन्देही
२१.	उपन्यायाधिवक्ता	श्री चन्द्रबहादुर सिन्जाली	उच्च सरकारी वकील कार्यालय, तुल्सिपुर
२२.	उपन्यायाधिवक्ता	श्री शम्भुकुमार बस्नेत	जिल्ला सरकारी वकील कार्यालय काभ्रे
२३.	उपन्यायाधिवक्ता	श्री रुद्रप्रसाद आचार्य	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
२४.	उपन्यायाधिवक्ता	श्री राजेन्दबहादुर बस्नेत	जिल्ला सरकारी वकील कार्यालय इलाम
२५.	उपन्यायाधिवक्ता	श्री सीताराम अर्याल	विशेष सरकारी वकील कार्यालय
२६.	उपन्यायाधिवक्ता	श्री हरिहर पौडेल	मुख्य न्यायाधिवक्ताको कार्यालय लुम्बिनी प्रदेश
२७.	उपन्यायाधिवक्ता	श्री नवराज पराजुली	उच्च सरकारी वकील कार्यालय पाटन
२८.	उपन्यायाधिवक्ता	श्री भोलानाथ निरौला	उच्च सरकारी वकील कार्यालय विराटनगर
२९.	उपन्यायाधिवक्ता	श्री केशवप्रसाद गौतम	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
३०.	उपन्यायाधिवक्ता	श्री टेकराज भुसाल	जिल्ला सरकारी वकील कार्यालय नुवाकोट
३१.	उपन्यायाधिवक्ता	श्री दिनेशकुमार रेग्मी	उच्च सरकारी वकील कार्यालय पाटन
३२.	उपन्यायाधिवक्ता	श्री कैलाश दाहाल	जिल्ला सरकारी वकील कार्यालय सर्लाही
३३.	उपन्यायाधिवक्ता	श्री शान्ति न्यौपाने	विशेष सरकारी वकील कार्यालय
३४.	उपन्यायाधिवक्ता	श्री कृष्णा भण्डारी	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
३५.	उपन्यायाधिवक्ता	श्री सूर्यप्रसाद पौडेल	जिल्ला सरकारी वकील कार्यालय, जुम्ला

३६.	उपन्यायाधिवक्ता	श्री उदयचन्द्र अधिकारी	जिल्ला सरकारी वकील कार्यालय रौतहट
३७.	उपन्यायाधिवक्ता	श्री शान्तिप्रसाद लुइटेल	महान्यायाधिवक्ताको कार्यालय
३८.	उपन्यायाधिवक्ता	श्री कर्णबहादुर बुढाक्षेत्री	अख्तियार दुरुपयोग अनुसन्धान आयोग
३९.	उपन्यायाधिवक्ता	श्री निमा घिमिरे	महान्यायाधिवक्ताको कार्यालय
४०.	उपन्यायाधिवक्ता	श्री ईश्वरीदत्त जोशी	जिल्ला सरकारी वकील कार्यालय बैतडी
४१.	उपन्यायाधिवक्ता	श्री राजन हमाल	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
४२.	उपन्यायाधिवक्ता	श्री पूर्णबहादुर थापामगर	सत्य निरुपण तथा मेलमिलाप आयोग
४३.	उपन्यायाधिवक्ता	श्री स्वतन्त्र न्यौपाने	जिल्ला सरकारी वकील कार्यालय बाग्लुङ्ग
४४.	उपन्यायाधिवक्ता	श्री लेखनाथ ढकाल	जिल्ला सरकारी वकील कार्यालय संखुवासभा
४५.	उपन्यायाधिवक्ता	श्री विनोदलाल श्रेष्ठ	महान्यायाधिवक्ताको कार्यालय
४६.	उपन्यायाधिवक्ता	श्री विष्णुप्रसाद आचार्य	उच्च सरकारी वकील कार्यालय बुटवल
४७.	उपन्यायाधिवक्ता	श्री टेकनाथ अधिकारी	विशेष सरकारी वकील कार्यालय काठमाडौं
४८.	सहायक न्यायाधिवक्ता	श्री सानोबाबु श्रेष्ठ	जिल्ला प्रशासन कार्यालय काठमाडौं
४९.	सहायक न्यायाधिवक्ता	श्री सुधा योगी के.सी.	जिल्ला सरकारी वकील कार्यालय दोलखा
५०.	सहायक न्यायाधिवक्ता	श्री रामदत्त भट्ट	जिल्ला सरकारी वकील कार्यालय कञ्चनपुर
५१.	सहायक न्यायाधिवक्ता	श्री हेमचन्द्र रेग्मी	जिल्ला सरकारी वकील कार्यालय झापा
५२.	सहायक न्यायाधिवक्ता	श्री केदारकुमार अधिकारी	जिल्ला सरकारी वकील कार्यालय रुकुम पश्चिम
५३.	सहायक न्यायाधिवक्ता	श्री प्रतिमा दाहाल	जिल्ला सरकारी वकील कार्यालय रोल्पा
५४.	सहायक न्यायाधिवक्ता	श्री भीमसेन काफ्ले	जिल्ला सरकारी वकील कार्यालय बारा
५५.	सहायक न्यायाधिवक्ता	श्री जीवनाथ सुवेदी	जिल्ला सरकारी वकील कार्यालय म्याग्दी
५६.	सहायक न्यायाधिवक्ता	श्री श्रीधर अर्याल	उच्च सरकारी वकील कार्यालय पाटन
५७.	सहायक न्यायाधिवक्ता	श्री खुमबहादुर कुँवर	अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय कोहलपुर
५८.	सहायक न्यायाधिवक्ता	श्री भक्ति उपाध्याय	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
५९.	सहायक न्यायाधिवक्ता	श्री मदन शर्मा	जिल्ला सरकारी वकील कार्यालय मुस्ताङ्ग
६०.	सहायक न्यायाधिवक्ता	श्री पूर्णबहादुर के.सी.	जिल्ला सरकारी वकील कार्यालय हुम्ला
६१.	सहायक न्यायाधिवक्ता	श्री बिमला गौतम	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग
६२.	सहायक न्यायाधिवक्ता	श्री नारायणप्रसाद घिमिरे	जिल्ला सरकारी वकील कार्यालय भोजपुर
६३.	सहायक न्यायाधिवक्ता	श्री गणेशप्रसाद सापकोटा	जिल्ला सरकारी वकील कार्यालय सुनसरी
६४.	सहायक न्यायाधिवक्ता	श्री राजेन्द्रमणि पौडेल	जिल्ला सरकारी वकील कार्यालय मकवानपुर
६५.	सहायक न्यायाधिवक्ता	श्री सरिता पोखेल	जिल्ला सरकारी वकील कार्यालय, ललितपुर
६६.	सहायक न्यायाधिवक्ता	श्री रञ्जीता पोखेल	महान्यायाधिवक्ताको कार्यालय
६७.	सहायक न्यायाधिवक्ता	श्री विकास ढुंगाना	महान्यायाधिवक्ताको कार्यालय
६८.	सहायक न्यायाधिवक्ता	श्री कल्याण पराजुली	जिल्ला सरकारी वकील कार्यालय सुनसरी
६९.	सहायक न्यायाधिवक्ता	श्री चन्द्रप्रसाद संजेल	उच्च सरकारी वकील कार्यालय पाटन
७०.	सहायक न्यायाधिवक्ता	श्री मदन न्यौपाने	जिल्ला सरकारी वकील कार्यालय मोरङ्ग
७१.	सहायक न्यायाधिवक्ता	श्री निसाकुसुम पौडेल	उच्च सरकारी वकील कार्यालय राजविराज
७२.	सहायक न्यायाधिवक्ता	श्री लोकमणी पाण्डे	जिल्ला सरकारी वकील कार्यालय पाल्पा
७३.	सहायक न्यायाधिवक्ता	श्री इन्दु बस्याल भण्डारी	विशेष सरकारी वकील कार्यालय
७४.	सहायक न्यायाधिवक्ता	श्री प्रकाश घिमिरे	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
७५.	सहायक न्यायाधिवक्ता	श्री रेवती सुवेदी	उच्च सरकारी वकील कार्यालय विराटनगर

७६.	सहायक न्यायाधिवक्ता	श्री सीता अधिकारी	सम्पत्ति शुद्धिकरण अनुसन्धान, विभाग, ललितपुर
७७.	सहायक न्यायाधिवक्ता	श्री नृपराज खड्का	उच्च सरकारी वकील कार्यालय दिपायल
७८.	सहायक न्यायाधिवक्ता	श्री उशा गजमेर	उच्च सरकारी वकील कार्यालय पाटन
७९.	सहायक न्यायाधिवक्ता	श्री देवराज कोइराला	जिल्ला सरकारी वकील कार्यालय उदयपुर
८०.	सहायक न्यायाधिवक्ता	श्री केशव खतिवडा	जिल्ला सरकारी वकील कार्यालय खोटाङ
८१.	सहायक न्यायाधिवक्ता	दिपीका गजुरेल	उच्च सरकारी वकील कार्यालय पाटन
८२.	सहायक न्यायाधिवक्ता	श्री सुस्मिता पौडेल	महान्यायाधिवक्ताको कार्यालय
८३.	सहायक न्यायाधिवक्ता	श्री आश्मा खड्का	महान्यायाधिवक्ताको कार्यालय
८४.	सहायक न्यायाधिवक्ता	श्री स्वेता भट्टराई	महान्यायाधिवक्ताको कार्यालय
८५.	सहायक न्यायाधिवक्ता	श्री दामोदर गौतम	जिल्ला सरकारी वकील कार्यालय बाँके
८६.	सहायक न्यायाधिवक्ता	श्री बिमल पन्थी	जिल्ला सरकारी वकील कार्यालय स्याङ्गजा
८७.	सहायक न्यायाधिवक्ता	श्री प्रतिमा पोखेल	महान्यायाधिवक्ताको कार्यालय
८८.	सहायक न्यायाधिवक्ता	श्री बियन तिमल्सिना	उच्च सरकारी वकील कार्यालय पाटन
८९.	सहायक न्यायाधिवक्ता	श्री अवसर मादेन	जिल्ला सरकारी वकील कार्यालय सुनसरी
९०.	सहायक न्यायाधिवक्ता	श्री पुर्णेन्द्र पाण्डेय	जिल्ला सरकारी वकील कार्यालय रुपन्देही
९१.	सहायक न्यायाधिवक्ता	श्री दधिराम बराल	जिल्ला सरकारी वकील कार्यालय काठमाडौं
९२.	सहायक न्यायाधिवक्ता	श्री अम्मरराज जोशी	जिल्ला सरकारी वकील कार्यालय बझाङ
९३.	सहायक न्यायाधिवक्ता	श्री लोकराज पोखरेल	जिल्ला सरकारी वकील कार्यालय,बारा
९४.	सहायक न्यायाधिवक्ता	श्री पुष्पा चालिसे	मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत
९५.	सहायक न्यायाधिवक्ता	श्री भुपेन्द्रराज अवस्थी	जिल्ला सरकारी वकील कार्यालय, कञ्चनपुर
९६.	सहायक न्यायाधिवक्ता	श्री कृष्णाकुमारी भण्डारी	वैदेशिक रोजगार विभाग, काठमाडौं
९७.	सहायक न्यायाधिवक्ता	श्री स्मृति चौहान	उच्च सरकारी वकील कार्यालय पाटन
९८.	सहायक न्यायाधिवक्ता	श्री दिनेशकुमार आचार्य	उच्च सरकारी वकील कार्यालय पाटन
९९.	सहायक न्यायाधिवक्ता	श्री रविशंकर चौधरी	उच्च सरकारी वकील कार्यालय वीरगञ्ज
१००.	सहायक न्यायाधिवक्ता	श्री लक्ष्मी न्यौपाने	उच्च सरकारी वकील कार्यालय बुटवल
१०१.	सहायक न्यायाधिवक्ता	श्री पुजा सिल्वाल	जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं
१०२.	सहायक न्यायाधिवक्ता	श्री नितेशबाबु त्रिताल	जिल्ला सरकारी वकील कार्यालय, सुनसरी
१०३.	सहायक न्यायाधिवक्ता	श्री रोशन अवस्थी	उच्च सरकारी वकील कार्यालय, महेन्द्रनगर
१०४.	सहायक न्यायाधिवक्ता	श्री मीराकुमारी गौतम	जिल्ला सरकारी वकील कार्यालय, बाँके
१०५.	सहायक न्यायाधिवक्ता	श्री हरिबोल खनाल	जिल्ला सरकारी वकील कार्यालय, अर्घाखाँची
१०६.	सहायक न्यायाधिवक्ता	श्री वसन्त अर्याल	जिल्ला सरकारी वकील कार्यालय, कास्की
१०७.	सहायक न्यायाधिवक्ता	श्री कृष्टि रोका	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, काठमाडौं
१०८.	सहायक न्यायाधिवक्ता	श्री मञ्जु बुढाथोकी	अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल
१०९.	सहायक न्यायाधिवक्ता	श्री श्यामकुमार तामाङ	उच्च सरकारी वकील कार्यालय पाटन
११०.	सहायक न्यायाधिवक्ता	श्री धर्मेन्द्र दास	जिल्ला सरकारी वकील कार्यालय, महोत्तरी
१११.	सहायक न्यायाधिवक्ता	श्री धर्मराज न्यौपाने	मुख्य न्यायाधिवक्ताको कार्यालय, कर्णाली प्रदेश, सुर्खेत
११२.	सहायक न्यायाधिवक्ता	श्री काशिराम लोध	उच्च सरकारी वकील कार्यालय, हेटौंडा
११३.	सहायक न्यायाधिवक्ता	श्री अर्जुन शर्मा	उच्च सरकारी वकील कार्यालय, पोखरा
११४.	सहायक न्यायाधिवक्ता	श्री विद्यानन्द शाह	मुख्य न्यायाधिवक्ताको कार्यालय, मधेश प्रदेश जनकपुरधाम

विषय सूची

प्रथम खण्ड : परिचय			
विषयवस्तु			पेज नं.
अवधारणापत्र			
उदघाटन समारोह			
कार्यपत्र प्रस्तुति र छलफल सत्र			
समापन समारोह			
समूह विभाजन			
सम्मेलनका सहभागी तथा पर्यवेक्षकहरुले पालना गर्नुपर्ने नियमहरु			
द्वितीय खण्ड : कार्यपत्रहरू			
कार्यपत्र नं. १	अभियोजनको प्रभावकारितामा संहिता कानूनहरुको कार्यान्वयनमा देखिएका कठिनाई र सुधारका उपायहरु		१
कार्यपत्र नं. २	सरकारी वकीलको व्यवसायिकता विकासका लागि सेवा सर्त सुविधा सम्बन्धी कानून निर्माण		३०
कार्यपत्र नं. ३	तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्था		४३
कार्यपत्र नं. ४	सरकारी वकीलको व्यवसायिकताको लागि अनुसन्धान तथा विकास र सूचना प्रविधिको उपयोग		६९
तृतीय खण्ड : समसामयिक लेखहरू			
१	अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (IAP) को भूमिका र वार्षिक सम्मेलन तथा साधारण सभाका उपलब्धिहरु	कृष्णजीवी घिमिरे ईश्वरीप्रसाद ढकाल	१२५
२	Data Protection Law and Policy Factor Impact on Public Trust in E-Government System in Developing Nations	Dr. Tek Bahadur Ghimire	१३३
३	दिशान्तरः कानून र अभ्यास	गोपालप्रसाद रिजाल	१४२
४	सरकारी वकीलले पुनरावेदन/निवेदन गर्नुपर्ने मुद्दाको फैसला /आदेशको प्राप्ति तथा पुनरावेदन निवेदन गर्ने म्याद सम्बन्धी कानूनी व्यवस्था र पुनरावेदन निवेदनमा उठाउनु पर्ने विषयहरु	लोकराज पराजुली	१५३
५	गोपनीयताको हक सम्बन्धी कानूनी व्यवस्था र अभ्यासः एक विवेचना	रमादेवी पराजुली	१६७
६	सहअभियुक्तको पोल र जिरह सम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण	सोमकान्ता भण्डारी	१७२

७	थुनछेक सम्बन्धी व्यवस्था र हाम्रो अभ्यास	हरिप्रसाद जोशी टेकराज भुसाल	१९१
८	फौजदारी न्यायका सिद्धान्त सम्बन्धी संवैधानिक व्यवस्था र न्यायिक दृष्टिकोण	दिनेशप्रसाद घिमिरे खडिन्द्रराज कटुवाल	२०८
९	सार्वजनिक खरिदमा कालो सूचीमा राख्ने सम्वन्धी कानूनी व्यवस्था र प्रयोग	शम्भु कार्की	२२२
१०	बहिर्क्षेत्रीय कसूरको अनुसन्धान र अभियोजन	गोविन्द खनाल	२३६
११	Legal and Judicial mechanism for Protection of Copyright in Nepal	Nagendra Lamsal	२५०
१२	E-Governance and its Application in Nepal	Puspa Raj Banstola	२६५
१३	An overview on Technology-assisted Crimes: Situation Analysis and Way Forward	Suvash Bhattarai	२७४
१४	Strengthening the Capacity of Nepali Government Attorney through International Engagement	Shishir Lamichhane	२८८
१५	सरकारी वकील संगठनमा रणनीतिक योजनाको अन्तराष्ट्रिय अभ्यास	ज्ञानप्रसाद भुसाल	३००

चतुर्थ खण्ड : अनुसूचीहरू

अनुसूची : १	सरकारी वकीलहरुको तेस्रो सम्मेलनबाट पारित घोषणापत्र २०७७	३०९
अनुसूची : २	सरकारी वकीलहरुको दोस्रो सम्मेलनबाट पारित घोषणापत्र २०७५	३१४
अनुसूची : ३	सरकारी वकीलहरुको प्रथम सम्मेलनबाट पारित घोषणापत्र २०७३	३२१
अनुसूची : ४	सरकारी वकील तथा सरोकारवाला निकायहरु बीचको प्रादेशिक कार्यसमिक्षा (सम्मेलन) २०७९ को प्रतिवेदन	३२७
अनुसूची : ५	नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३	३३२
अनुसूची : ६	नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७६	३३८
अनुसूची : ७	सरकारी वकीलहरुको नामावली	३४६

द्वितीय खण्ड: कार्यपत्रहरू

sfo{kq g=+!

अभियोजनको प्रभावकारिता अभिबृद्धि गर्न संहिता कानूनहरुको कार्यान्वयनमा देखिएका कठिनाई र सुधारका उपायहरु[१]

१. विषय प्रवेश

सामान्य अर्थमा राज्यको फौजदारी कानूनले कसूर भनी घोषणा गरेको कार्य गर्ने विरुद्ध अभियोग लगाई सक्षम अदालत समक्ष मुद्दा चलाउने कार्य नै अभियोजन हो। अपराध नियन्त्रण गरी समाजमा शान्ति सुरक्षा कायम गर्नु राज्यको प्रमुख कार्य हो। राज्यले अपराध नियन्त्रण गर्नका लागि स्पष्ट रुपमा अपराध नियन्त्रण नीति ,दण्ड नीति र दण्ड संहिता बनाएको हुन्छ। यी कुराहरु राज्यको फौजदारी कानूनले समेटेको हुन्छ। फौजदारी कानूनको कार्यान्वयनका लागि कानूनले नै स्पष्ट संयन्त्रहरु बनाई जिम्मेवारी समेत तोकेको हुन्छ। यस्ता जिम्मेवारी बहन गर्न राज्यले तोकेका संयन्त्रलाई फौजदारी न्याय प्रशासनका रुपमा बुझिन्छ। राज्यको फौजदारी न्याय प्रशासनको प्रमुख उद्धेश्य राज्यले बनाएको दण्ड विधान तथा प्रकृया अन्तर्गत रही कसूरदारलाई सजाय र पीडितलाई न्याय प्रदान गर्नु रहेको हुन्छ। यही उद्देश्य प्राप्तिका लागि कानूनद्धारा कसूर भनी घोषणा गरिएको कार्य भएमा सो सम्बन्धमा अनुसन्धान गरी संकलन भएका प्रमाणका आधारमा दोषी देखिएका व्यक्ति उपर कानून बमोजिम सजाय हुन तथा सो कसूरबाट पीडित व्यक्तिलाई क्षतिपूर्ति सहितको न्याय दिलाउन मागदावी लिई राज्यका तर्फबाट सक्षम अदालत समक्ष अभियोगपत्र/आरोपपत्र दायर गर्ने कार्य नै अभियोजन हो। अभियोजनको उद्धेश्य कसूरजन्य कार्यमा संलग्न व्यक्तिलाई कानूनको दायरामा ल्याई आपराधिक दायित्व वहन गराउनु र पीडित पक्षलाई क्षतिपूर्ति सहितको न्याय दिलाउनु हो। यो मान्यतालाई "Fair and effective prosecution is essential to maintence of law and order, ensuring rule of law and delivers justice for victims, witnesses, defendents and the general public"[२] भन्ने बेलायती अभियोजन सेवाको मूल मन्त्रले थप पुष्टि गर्दछ। अभियोजनको यस्तो उद्देश्य प्रभावकारी अभियोजनका माध्यमबाट मात्र हासिल गर्न सकिन्छ ।प्रभावकारी अभियोजनका लागि सक्षम निकायबाट प्रभावकारी अनुसन्धान, प्रमाणको पर्याप्तता, कानूनी प्रक्रियाको व्यवहारमा अवलम्वनको जरुरत पर्दछ । राज्यको फौजदारी न्याय प्रशासनका कानूनी संयन्त्रहरुले यसको प्रत्याभूति तथा सुनिश्चितता गरेको हुन्छ ।

फौजदारी कसूरमा पीडितले अनुसन्धान गर्न र प्रमाण संकलन गर्न सक्दैन, कसूर पीडितसँग अनुसन्धानका लागि आवश्यक पर्ने स्रोत साधन तथा ज्ञान सीप हुदैन, यसका लागि आवश्यक स्रोत साधन, जनशक्ति र ज्ञान सीप राज्यसँग हुन्छ भन्ने मान्यताका आधारमा फौजदारी कसूरको अनुसन्धान र अभियोजनको सेवा सरकारले आफ्नो संयन्त्र मार्फत गर्ने व्यवस्था भएको हो। अभियोजन सेवा फौजदारी न्याय प्रशासन भित्रको संयन्त्रमध्ये एक महत्वपूर्ण संयन्त्र हो। यो सेवाको संयन्त्र राज्यको कानूनले गरेको व्यवस्था बमोजिम फरक फरक हुन सक्दछ। यद्दपी यो सेवा अन्तर्गत रही अभियोजन समबन्धी कार्य गर्ने अधिकारीहरुलाई अभियोजनकर्ता (Prosecutor) भनेर चिनिन्छ। अभियोजन सेवालाई प्रभावकारी बनाउनका लागि संयुक्त राष्ट्र संघबाट मार्गदर्शन समेत जारी भएको छ।[३] नेपालको संविधानले महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरुलाई अभियोजनको प्रमुख

---

१ प्रस्तुत कार्यपत्र नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरेको अनुगमनमा सहन्यायाधिवक्ता श्री लोकराज पराजुली, श्री हरिप्रसाद जोशी, श्री ध्रुवकुमार चौहान, श्री अच्यूतमणि नेउपाने, श्री हरिप्रसाद रेग्मी, श्री कृष्णमोहन कोइराला तथा उपन्यायाधिवक्ताहरु श्री चपला पोखरेल, श्री निमा घिमिरे र श्री कमला काफ्ले सम्मिलित समूहले तयार पारेको

२ Code for Crown Prosecutors, England,2018

३ हेर्नुहोस The UN Guidelines on the Role of Prosecutors,1990

दायित्व सुम्पेको छ ।[४] संहिताबद्ध तथा केही विशिष्ट विषयगत कानूनहरुको व्यावहारिक कार्यान्वयनका माध्यमबाट सरकारी वकीलहरुले आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएका छन् ।

अभियोजन सेवालाई व्यवस्थित गर्ने सम्बन्धमा नेपालको फौजदारी न्याय प्रणालीमा वि.सं.२०७५।५।१ गतेबाट मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ कार्यान्वयनमा आएका छन्। यी कानूनहरुले सारवान र कार्यविधि फौजदारी कानूनमा विभिन्न नयाँ अवधारणा ल्याएको छ। कतिपय नवीन कसूरहरु आपराधिकरण भएका छन्। व्यक्ति पीडित हुने सबै कसूरमा पीडितलाई क्षतिपूर्ति सहितको न्यायको परिकल्पना गरेको छ। यसका साथै अनुसन्धानकर्ता र अभियोजनकर्ता दुवैको जिम्मेवारी र भूमिका थप गरी फौजदारी न्याय प्रशासन अन्तर्गतको महत्वपूर्ण अवयव अनुसन्धान, अभियोजन र न्याय निरुपण थप प्रभावकारी भई समग्र फौजदारी न्याय प्रशासनमा सुधार हुने अपेक्षा राखेको पाइन्छ।

मुलुकी फौजदारी संहिता कानूनहरुको कार्यान्वयनको चार वर्ष व्यतित भईसकेको सन्दर्भमा यी कानूनहरुको अपेक्षा अनुसार सरकार वादी फौजदारी मुद्दाको अभियोजनमा थप प्रभावकारीता आउन सक्यो सकेन ?, प्रभावकारीता आउन नसकेको भए उक्त कानूको कार्यान्वयनमा के कस्ता उपाय अवलम्बन गर्न सकिन्छ भन्ने बारेका विषयवस्तु समेटी सरकारी वकीलहरुको चौथो राष्ट्रिय सम्मेलन (२०७९ पुष ८-१०) मा छलफल गर्नका लागि यो कार्यपत्र तयार गरिएको छ।

२. नेपालमा अभियोजन सेवाको विकास

नेपाल कानूनले व्यक्त रुपमा फौजदारी मुद्दामा अभियोजन सम्बन्धीको प्रबन्ध सरकारले गर्ने गरी वि.सं.२०१७ देखि व्यवस्था गरेको पाइन्छ।[५] यो ऐनले सरकार वादी हुने फौजदारी कसूरको अनुसन्धान तथा अभियोजन प्रहरी र सरकारी वकीलबाट संयुक्त रुपमा हुने व्यवस्था गर्दै त्यस्ता मुद्दामा बहस पैरवी र प्रतिरक्षा गर्ने कार्य सरकारी वकीलबाट हुने व्यवस्था गरेको थियो। नेपाल अधिराज्यको संविधान, २०४७ ले सरकार वादी फौजदारी मुद्दामा अभियोजन गर्ने वा नगर्ने अन्तिम निर्णय महान्यायाधिवक्ताले गर्ने र सो अधिकार महान्यायाधिवक्ताले मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्ने सक्ने[६] व्यवस्था गरे बमोजिम अभियोजनको जिम्मेवारी सरकारी वकीलको जिम्मेवारी अन्तर्गत आएको हो। सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले उक्त संवैधानिक व्यवस्था बमोजिम सरकारी वकीलले अधियोजन सम्बन्धी कार्य गर्दा पुरा गर्नुपर्ने प्रकृया र जिम्मेवारीका सम्बन्धमा थप कानूनी व्यवस्था गरेको थियो।[७] यो ऐनले अनुसूची १ का सरकारवादी फौजदारी मुद्दाको अनुसन्धानको जिम्मेवारी नेपाल प्रहरीलाई र अभियोजनको जिम्मेवारी सरकारी वकीललाई हुने व्यवस्था गर्दै दुई निकाय बीच समन्वय र सहकार्य हुनुपर्ने गरी कसूरको अनुसन्धानका चरणमा सरकारी वकीलले अनुसन्धान अधिकारीलाई कानूनी पक्षमा निर्देशित गर्ने भूमिकामा राख्यो।[८] अनुसूची १ बाहेकका अन्य सरकारवादी फौजदारी मुद्दा मध्ये भ्रष्टाचार बाहेकका अरु मुद्दामा सम्न्धित अनुसन्धान अधिकारीले अनुसन्धान तहकिकात गरी सरकारी वकीलबाट मुद्दा चल्ने नचल्ने निर्णय गराई मुद्दा चल्ने निर्णय भएमा मात्र अनुसन्धान अधिकारीले अभियोगपत्र दायर गर्न सक्ने व्यवस्था गर्यो।[९] नेपालको अन्तरिम संविधान, २०६३ ले पनि नेपाल अधिराज्यको संविधान, २०४७ कै व्यवस्थालाई निरन्तरता

४ नेपालको संविधानको धारा १५८

५ सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ मिति २०१८।१।१ देखि लागू भई सो ऐनले सरकार वादी हुने फौजदारी कसूर सम्बन्धी मुद्दामा राज्यका तर्फबाट अनुसन्धान, अभियोजन तथा बहस, पैरवी, प्रतिरक्षा हुने व्यवस्था गरेको।

६ नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११० को उपधारा (२) र (५)

७ सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मिति २०७९।९।८ देखि लागू भएको।

८ हेर्नुहोस; सरकारी मुद्दा सम्बन्धी ऐन,२०४९ को दफा ६, दफा १७ को उपदफा(२),(३)र दफा १८

९ हेर्नुहोस; ऐ.को दफा ३१

दिएको थियो।[१०] २०७२ सालमा जारी भएको नेपालको संविधानले पनि यही व्यवस्थालाई निरन्तरता दिएको छ। [११]

संहिताबद्ध कानून निर्माणको लामो प्रयासपछि नेपालको न्याय व्यवस्थामा देवानी तथा फौजदारी विधाका सारवान तथा कार्यविधि संहिता निर्माण भई कार्यान्वयनमा आएका छन् । सामान्य फौजदारी सारवान र कार्यविधि कानूनको मिश्रित कानूनी संयन्त्र मुलुकी ऐन तथा सरकारी मुद्दाको अनुसन्धान, अभियोजन/दायरी र बहस पैरवी प्रतिरक्षा समेतका कार्यविधिगत व्यवस्था भएको कानूनी संयन्त्र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ लाई प्रतिस्थापन गर्दै वि.सं.२०७५।५।१ गतेबाट कार्यान्वयनमा आएका यी कानूनहरुले सारवान र कार्विधिगत फौजदारी कानूनमा नँया आयाम थपिदिएको छ।कसूरको अनुसन्धान र अभियोजनको विधिका सम्बन्धमा झट्ट हेर्दा मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ ले सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले गरेको व्यवस्थालाई नै निरन्तरता दिएको जस्तो देखिएपनि कतिपय नयाँ व्यवस्थाहरु यो संहिताले गरेको छ, जसले अनुसन्धानकर्ता र अभियोजनकर्ता दुवैको जिम्मेवारी र भूमिका थप गरी फौजदारी न्याय प्रशासन अन्तर्गतको महत्वपूर्ण अवयव अनुसन्धान, अभियोजन र न्याय निरुपण थप प्रभावकारी हुने विश्वासका साथ अनुसन्धानका निकायहरु र अभियोजनकर्ता सरकारी वकीलहरु आआफ्नो क्षेत्रबाट जिम्मेवारी निर्वाह गर्दै आएका छन् ।

३. अभियोजन सम्बन्धी प्रचलित प्रारूप

फौजदारी न्याय प्रणालीमा मुलतः दुई मुख्य प्रणाली; अभियोजनात्मक (Adversarial System) र अन्वेषणात्मक (Inquistorial System) प्रणाली प्रचलनमा रहेका छन् । कतिपय मुलुकहरुले भने दुबै प्रणालीका आफू अनुकुल गुणहरुलाई अवलम्वन हुने गरी मिश्रित प्रकारको प्रणाली अवलम्वन गरेको पाइन्छ । अभियोजन सेवा (पक्ष)का माध्यमबाट फौजदारी न्यायको लक्ष "पीडितलाई न्याय, कसूरदारलाई सजाय र सुधार" हांसिल गरिने भएकोले अभियोजनलाई प्रभावकारी बनाउन हरेक देशहरुले पृथक पृथक अभियोजनका प्रारुपहरुलाई आत्मसाथ गरेका छन्। अभियोजन सम्बन्धमा विभिन्न देशको अभ्यासलाई हेर्दा मुख्यतः प्रमाण परीक्षण प्रारुप (Evedential Test Module) र सार्वजनिक हित परीक्षण प्रारुप (Public Interest Test Module) गरी दुईवटा प्रारुप प्रचलनमा रहेको देखिन्छ।अन्वेषणात्मक प्रणाली अन्तर्गतका मुलुकहरुमा प्रमाण परीक्षण प्रारुपको बाहुल्यता पाइन्छ भने अभियोजनात्मक प्रणाली अन्तर्गतका देशहरुमा सार्वजनिक हित परीक्षण प्रारुपलाई महत्व दिएको पाइन्छ । तथापि प्रजातान्त्रिक शासन व्यवस्था भएका विकसित, विकासोन्मुख मुलुकहरुमा सार्वजनिक हित परीक्षण प्रारूपलाई बढी महत्व दिनुका साथै आवश्यकता अनुसार दुबै प्रारुपलाई अवलम्वन गर्ने गरिएको छ ।

बेलायतको अभ्यासलाई हेर्दा उक्त दुवै प्रारुपलाई अवलम्बन गर्ने गरेको पाइन्छ।अभियोजनकर्ताले कुनै पनि फौजदारी कसूर गरे वापत अनुसन्धानको दायरामा लिइएको शंकित व्यक्ति उपर मुद्दा चलाउने नचलाउने निर्णय गर्दा पहिले निज उपर कसूर ठहर हुन सक्ने पर्याप्त प्रमाण छ छैन भनी अनुसन्धानबाट संकलित प्रमाणको परीक्षण गर्दछन्।सो परीक्षणबाट प्रमाण पर्याप्त छ भन्ने अभियोजनकर्तालाई लागेमा मात्र मुद्दा चलाउने र प्रमाण पर्याप्त छैन भन्ने लागेमा मुद्दा नचलाउने निर्णय गर्दछन्।प्रमाण परीक्षणबाट मुद्दा चलाउने निष्कर्षमा पुगेपश्चात फेरी त्यो मुद्दा चलाउदा र नचलाउंदाको कुन अवस्थामा वृहत सार्वजनिक हित हुन्छ भन्ने परीक्षण पनि गर्दछन्।सो परीक्षणबाट जुन अवस्थामा वृहत सार्वजनिक हित हुन्छ भन्ने निष्कर्षमा अभियोजनकर्ता पुग्दछ सोही आधारमा आधार कारण खुलाएर मुद्दा चलाउने वा नचलाउने निर्णय अभियोजनकर्ताले गर्दछन्।यसरी वेलायतमा पर्याप्त प्रमाण र वृहत सार्वजनिक हित दुवै भएको आधारमा मात्र कुनैपनि सरकारवादी मुद्दा अभियोजन योग्य हुन्छ।

अमेरिकामा अभियोजनका लागि प्रमाणको पर्याप्ततामा जोड दिइन्छ।शंकित व्यक्ति उपरको आरोप/दोष पुष्टि हुने पर्याप्त प्रमाण रहेको र ती प्रमाण कानून बमोजिमको प्रकृया पुरा गरी संकलन गरिएको भएमा मात्र अभियोजनकर्ताले अभियोजन गर्ने निर्णय गर्दछ।जिकिरको सौदावाजी गरेर अभियोजन सम्बन्धी निर्णय गर्ने अभ्यास

---

१० हेर्नुहोस; नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३५ को उपधारा (२) र (७)

११ हेर्नुहोस; नेपालको संविधानको धारा १५८ को उपधारा (२)र (७)

पनि अमेरिकामा अवलम्बन गर्ने गरिएको छ। यस अन्तर्गत अभियुक्तले अनुसन्धानमा गरेको सहयोगका आधारमा कानूनले तोके बमोजिम अभियोजनकर्ताले दावी वा सजायमा छुट दिन वा मुद्दा स्थगन गर्न (Reduce charge or drop the case on the basis of plea barganing) सक्ने अभ्यास रहेको देखिन्छ।

जापानको अभ्यासलाई हेर्दा प्रमाणको पर्याप्तता वा अपर्याप्तताको परीक्षण गरेर अभियोजनकर्ताले अभियोजन गर्ने वा नगर्ने निर्णय गर्दछ। प्रमाणको अपर्याप्तता छ भन्ने अभियोजनकर्तालाई लागेमा सो को आधार कारण खुलाएर मुद्दा नचलाउने निर्णय गर्न अभियोजनकर्ता स्वतन्त्र हुन्छ। त्यसैगरी जर्मनी, फ्रान्स लगायत स्केण्डेनेभियन तथा मुस्लिम बाहुल्य देशहरुमा प्रमाणको प्रयाप्ततालाई बढी महत्व दिइन्छ भने भारत, अष्ट्रेलिया, नेदरल्याण्ड लगायतका मुलुकहरुमा आवश्यकता अनुसार अभियोजनका दुबै प्रारुपको अभ्यास रहेको छ ।

४. नेपालमा अभ्यासमा रहेको अभियोजनको प्रारुप

नेपालको विद्यमान कानूनी व्यवस्थाका आधारमा मुख्यतः अभियोजनको प्रमाण परीक्षण प्रारुप (Evidential Test Module) लाई अवलम्बन् गरेको छ भन्न सकिन्छ। कसूरको अनुसन्धान अधिकारीबाट अनुसन्धान प्रतिवेदन सहितको मिसिल प्राप्त भएपछि सम्बन्धीत सरकारी वकीलले मिसिल अध्ययन गरी अनुसन्धानको सिलसिलामा संकलित सवुद प्रमाणको मूल्याङ्कन गरी मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नुपर्ने कानूनी व्यवस्था भएको,[१२] पर्याप्त प्रमाणको आधारमा मात्र अभियोजन गरिनु पर्दछ भन्ने कुरा सरकारी वकीलको सिद्धान्तका रुपमा रहको[१३] एवं कसूर ठहर हुने पर्याप्त र भरपर्दो प्रमाण छैन भने अभियोजन नगरिने[१४] भन्ने कुरालाई अभियोजन नीतिको मुख्य आधारका रुपमा लिइएबाट नेपालले अभियोजनको प्रमाण परीक्षण प्रारुपलाई अवलम्बन गरेको मान्नुपर्छ। यद्दपि केही खास किसिमका सानातिना कसूरमा प्रमाण परीक्षणबाट मुद्दा चलाउनुपर्ने देखिएपनि सार्वजनिक हितलाई खास असर नपर्ने देखिएमा मुद्दा नचलाउने निर्णय गर्न सक्ने अधिकार सरकारी वकीललाई प्रदान गरिएकोले[१५] अभियोजनको सार्वजनिक हित परीक्षण प्रारुप (Public Interest Test Module) लाई पनि नेपालले सिमित रुपमा अवलम्बन गरेको छ भन्न सकिन्छ। खास किसिमका सानातिना कसूर भनी कानूनले परिभाषित गरेका मुद्दामा सामान्यतया मुद्दा दायर नगरिने नीति अख्तियार गरी[१६] उक्त प्रारुपलाई अभियोजन नीतिमा आत्मसात् गरिएको छ। कस्तो अवस्थालाई प्रमाणको अपर्याप्तता र सार्वजनिक हितको अवस्था मान्ने भन्ने बारेमा समेत महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन,२०७७ ले स्पष्ट पारेको छ।[१७]

अभियोजनका सन्दर्भमा अभियुक्तसँग सौदावाजी (Plea Bargain) गर्ने अभ्यासलाई नेपालको कानून प्रणालीमा त्यहि शब्दहरुबाट संवोधन हुने गरी कानूनी व्यवस्था नभएपनि सजाय छुट दिन सकिने, सजाय कम गर्ने माग दावी लिई अभियोग पत्र दायर गर्न सकिने, सजायमा छुट हुने सजायको मागदाबीमा छुट दिन सकिने, सजाय छुट हुन सक्ने, जस्ता शब्दावली प्रयोग भई केही कानूनमा निश्चित अवस्थामा अभियुक्तलाई सजायमा पूर्ण वा आंशिक छुटको प्रस्ताव गरी शर्त सहितको अभियोजन गर्न सक्ने व्यवस्था भएकोले[१८] सो अनुसारको अभ्यास समेत यदाकदा अभियोजनमा हुने गरेको छ। मुलुकी ऐन ,२०२० को चोरीको महलमा पनि यस प्रकारको ब्यवस्था रहेको थियो।[१९]

---

१२ हेर्नुहोस; मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ३१ को उपदफा(३)

१३ महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन,२०७७ को परिच्छेद २ को बुदा नं.२.१.१

१४ ऐ.को बुदा नं.२.१.५

१५ पूर्व पाद १२, दफा ३४ को उपदफा(१)

१६ हेर्नुहोस; पूर्व पाद १३,परिच्छेद २ को बुदा नं.२.२.२४

१७ हेर्नुहोस; ऐ.को परिच्छेद तीनको बुदा नं.३.२.५ को स्पष्टिकरण (क) र (ख)

१८ हेर्नुहोस; लागुऔषध (नियन्त्रण) ऐन, २०३३ को दफा १८ ग, भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ५५, सम्पत्ति शुद्धीकरण(मनी लाउण्डरिङ्ग) निवारण ऐन,२०६४ को दफा ४४, मानव बेचविखन तथा ओसारपसार(नियन्त्रण)ऐन,२०६४ को दफा २१, बैङ्किङ कसूर तथा सजाय ऐन,२०६४ को दफा २६, संगठित अपराध निवारण ऐन,२०७० को दफा २१, मुलुकी अपराध संहिता,२०७४ को दफा ४७ र मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ३३

१९ हेर्नुहोस; मुलुकी ऐनको चोरीको महलको २२नं.

बालबिज्याईकर्ताका हकमा दश हजार रुपैयासम्म बिगो भएको वा पाँच हजार रुपैयासम्म जरिवाना वा तीन बर्षसम्म कैद हुन सक्ने मुद्दामा कानूनले निर्धारण गरेका शर्त सहित दिशान्तर गर्न सक्ने अधिकार सरकारी वकीललाई दिइएकोले[२०] बालबिज्याईकर्ता उपरका केही मुद्दामा अभियोजन नै नगरी दिशान्तर गर्ने अभ्यास पनि हुदै आएको छ।

५. संहिता कानूनहरुले गरेको अभियोजन सम्बद्ध केही नवीनतम् व्यवस्था र प्रयोगको अवस्था

यहाँ संहिता कानूनहरु अन्तर्गत मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई सम्बोधन गर्न खोजिएको हो। यी कानूनहरुमा मुद्दाको अभियोजन सम्बद्ध मुख्य व्यवस्थाका बारेमा यहाँ संक्षिप्त रुपमा उल्लेख गरिएको छ।

मुलुकी अपराध संहिता,२०७४

यो संहिताले फौजदारी कानूनका सारवान कानूनी प्रावधानका बारेमा व्यवस्था गरेको छ। यसले कतिपय नविनतम कसूरहरुलाई आपराधीकरण गरी सजायको व्यवस्था गरेको छ।[२१] कसूरलाई जघन्य ,गम्भीर र सामान्य गरी 3 वर्गमा बाँडेको छ।[२२] कसूर पीडितलाई कानून बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने कुरालाई फौजदारी न्यायको सामान्य सिद्धान्तका रुपमा व्यवस्था गर्दै[२३] व्यक्ति पीडित हुने सबै कसूरमा पीडितलाई मनासिव क्षतिपूर्ति भराइदिनुपर्ने व्यवस्था गरेको छ। क्षतिपूर्ति पनि सजायको प्रकार मध्ये एउटा हुने [२४] र अन्तरिम क्षतिपूर्तिको लागि अदालतले आदेश दिन सक्ने व्यवस्था र प्रकृया बारेमा प्रबन्ध गरेको छ।[२५] फौजदारी न्यायका सामान्य सिद्धान्तका बारेमा विस्तृत रुपमा उल्लेख गरेको छ।[२६] केही निश्चित कसूरहरुमा निश्चित अवस्थामा संहिताको बर्हिक्षेत्रीय प्रयोग गर्न सकिने व्यवस्था भएको छ।[२७] फौजदारी विधिशास्त्रले अपूर्ण अपराध (Inchoate crime) मानेका अपराधिक षडयन्त्र (Criminal conspirecy), आपराधिक उद्योग (Criminal Attempt), आपराधिक दुरुत्साहन (Criminal Incitement) र आपराधिक मतियार (Criminal Abetter) का बारेमा विशेष व्यवस्था भएको छ।[२८] कसूरको गम्भीरता बढाउने र घटाउने अवस्थाका बारेमा उल्लेखन भएको छ।[२९] जन्मकैद अन्तर्गत २५ वर्ष कैद र केही निश्चित अवस्थामा कसूरदार जीवित रहेसम्म कैद गर्नुपर्ने २ प्रकारको कैद सजायको व्यवस्था भएको छ।[३०] केही खास कसूरहरुमा मात्र पटके वापत सजाय हुने पुरानो व्यवस्थाको सट्टा एउटै वारदातमा एक भन्दा बढी कसूर गर्नेलाई एकीकृत कसूर बापत थप सजाय हुने व्यवस्था भएको छ।[३१] जघन्य र गम्भीर कसूरमा सजाय पाएको व्यक्तिले अर्को कसूर गरेमा एवंम सामान्य कसूरमा सजाय पाएको व्यक्तिले त्यस्तो सजाय भुक्तान गरेको पाँच वर्षभित्र अर्को कसूर गरेमा मात्र पटके वापत थप सजाँय हुने व्यवस्था भएको छ।[३२] आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन पक्ष वा अदालतलाई सघाउ पुर्याएको

---

२० हेर्नुहोस; बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा २७(१)(ख),२८ र २९

२१ यसको विस्तृत जानकारीका लागि हेर्नुहोस " अपराध संहिताले आपराधिकरण गरेका नयाँ कसूरहरु र कार्यान्वयनको अवस्था ",लोकराज पराजुली, नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन,२०७५,सम्मेलन विशेषाङ्क(पेज ६५-९८),महान्यायाधिवक्ताको कार्यालय,नेपाल

२२ मुलुकी अपराध संहिता,२०७४ को दफा ३ को खण्ड(च) ले गरेको गम्भीर कसूरको परिभाषा र सोही दफाको खण्ड (छ)ले गरेको जघन्य कसूरको परिभाषाका आधारमा ३ वर्गमा कसूरको वर्गिकरण भएको भन्न सकिन्छ।

२३ ऐ. को दफा ३२

२४ ऐ. को दफा ४० को उपदफा(१)को खण्ड(ङ)र(च)

२५ ऐ. को दफा ४८

२६ ऐ. को भाग-१को परिच्छेद-२

२७ ऐ. को दफा २

२८ ऐ. को दफा ३३,३४,३५,३६ र ३७

२९ ऐ. को दफा ३८ र ३९

३० ऐ. को दफा ४१ र ४२

३१ ऐ. को दफा ४३

३२ ऐ. को दफा ४४

जस्ता निश्चित अवस्थाका अभियुक्तलाई कानून बमोजिम हुने सजायको बढीमा पचास प्रतिशतसम्म सजाय छुट दिन सकिने व्यवस्था भएको छ।[३३]

यस संहितामा आपराधीकरण भएका केही कसूरहरु छुट्टै विशेष कानूनमा समेत आपराधीकरण भई दोहोरो आपराधीकरण (Double criminalization) भएको कारण अभियोजनमा जटिलता देखिएको छ। जस्तैः-विष्फोटक पदार्थ सम्बन्धी कसूर, खाद्य पदार्थ सम्बन्धी कसूर, जातिपातिको आधारमा छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार गर्न नहुने कसूर, दास/बाँधा बनाउन/राख्न नहुने कसूर, वाल यौन दुरुपयोग गर्न नहुने कसूर आदी। तीन जना वा सो भन्दा वढीको जमात भई गरेको चोरीलाई डाँकाको कसूर कायम गरिएबाट पनि अभियोजनमा जटिलता देखिएको छ। चोरी/डाँकाको कसूरमा दशी बरामद भएको अवस्थामा पनि ३ महिना वा ६ महिनापछि अभियोजन हुन नसक्ने हदम्यादको व्यवस्था पनि जटिलताकै रुपमा देखिएको छ। सवै कसूरका लागि प्रयोग गर्न सकिने गरी सामान्य कानूनी प्रावधानका रुपमा रहनुपर्ने कसूर गर्ने नियतले बेहोस पार्न नहुने कसूर(दफा १९७) र कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुने (दफा २८७) विशेष कसूर अन्तर्गतका परिच्छेदहरु क्रमशः कुटपिट वा अङ्गभंग सम्बन्धी कसूर (परिच्छेद-१४) र आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसूर (परिच्छेद-२६) मा राखिएबाट उक्त कसूरहरु सोही परिच्छेदका कसूरसँग मात्र सम्बन्धीत हुने हो की भन्ने भई अभियोजनमा जटिलता उत्पन्न भएको छ। दफा २१४ को थप सजाय हुने दफा शीर्षक अन्तर्गत उपदफा (१) मा अपहरण तथा शरीर बन्धक दुवै कसूर एउटै पीडित उपर भएको अवस्थामा दफा २१३ बमोजिम अपहरण वा शरीरबन्धक मध्येको कुनै एक कसूर वापत हुने सजायमा दफा २१४ को उपदफा (१) को सजाय थप हुने हो की भन्ने अवस्था उत्पन्न भएर पनि अभियोजनमा जटिलता उत्पन्न भएको छ। यस संहितामा भएका यस्ता केही कठिनाइजन्य व्यवस्थामा पुनरावलोकन हुनुपर्ने अवस्था छ।

मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४

यो संहिताले फौजदारी मुद्दाको अनुसन्धान अभियोजन, दायरी, कारबाही, सुनुवाई, किनारा र फैसला कार्यान्वयनसँग सम्बन्धीत कार्यविधि सम्बन्धमा व्यवस्था गरेको छ। सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र बहस पैरवी प्रतिरक्षाका सम्बन्धमा विगतका कानूनी व्यवस्था भन्दा फरक केही नवीनतम व्यवस्था यस संहिताले गरेको छ। सरकारवादी फौजदारी मुद्दालाई नेपाल प्रहरी र तोकिएका अन्य अधिकारीले अनुसन्धान गर्ने गरी २ भागमा बाँडेर अनुसूचीकृत गरिएको छ।[३४] जाहेरी दरखास्त दर्ता सम्बन्धमा केही नयाँ व्यवस्था गर्दै सो दरखास्त दर्ता गर्नुपर्ने अधिकारी/निकायबाट दर्ता गर्न इन्कार भएका अनुसूची १ का मुद्दामा सम्बन्धीत सरकारी वकील कार्यालयमा समेत र अनुसूची २ का मुद्दामा सम्बन्धीत प्रमुख जिल्ला अधिकारी वा गृह मन्त्रालयमा उजुरी दिन सक्ने र त्यसरी उजुरी पर्न आएमा गर्नुपर्ने कारवाहीका बारेमा प्रवन्ध भएको छ।[३५] केही विशेष अवस्थामा बाहेक मुद्दा हेर्ने अधिकारीको पूर्व अनुमति लिएर मात्र शंकित व्यक्तिलाई पक्राउ गर्नुपर्ने व्यवस्था भएको छ।[३६] केही विशेष अवस्थामा भने जरुरी पक्राउ पूर्जी दिएर शंकित व्यक्तिलाई पक्राउ गरी यथाशीघ्र मुद्दा हेर्ने अधिकारीबाट स्वीकृत गराउनुपर्ने प्रवन्ध भएको छ।[३७] जाहेरी दरखास्त दर्ता हुनासाथ प्रारम्भिक अनुसन्धान गरी सोको विवरण सहित सम्बन्धीत सराकरी वकील कार्यालयमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनुपर्ने र सरकारी वकीलले सो प्रतिवेदन अध्ययन गरी थप अनुसन्धान गर्नुपर्ने देखिएमा अनुसन्धान अधिकारीलाई आवश्यक निर्देशन दिनुपर्ने व्यवस्था गरिएको छ।[३८] जाहेरी दरखास्त दर्ता पश्चात सम्बन्धीत व्यक्ति वा जाहेरवालालाई समेत बुझ्दा त्यस्तो दरखास्त भ्रमपूर्ण, झुट्टा वा काल्पनिक भई अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक देखिएमा तामेलीमा राख्न सकिने व्यवस्था गरिएको छ।[३९] शंकित व्यक्तिलाई हिरासतमै राखेर मात्र नभई धरौट/जमानत वा तारिखमा राखेर

---

३३ ऐ. को दफा ४७

३४ हेर्नुहोस; पूर्वपाद १२ को अनुसूची १ र २ तथा परिच्छेद-२ को दफा ४ समेतका विभिन्न दफाहरु

३५ ऐ. को दफा ५

३६ ऐ. को दफा ९ को उपदफा(२)

३७ ऐ. को दफा ९ को उपदफा(६)र (१७)

३८ ऐ. को दफा १०

३९ ऐ. को दफा ११

पनि अनुसन्धान गर्न सकिने भएको छ।[४०] हिरासतमै राखेर अनुसन्धान गर्नुपर्ने शंकित व्यक्तिलाई हिरासतमा राख्न सरकारी वकील कार्यालय मार्फत म्याद थप अनुमति माग गर्नुपर्ने व्यवस्था भएको छ।[४१] अनुसन्धानका लागि विशेष टोली गठन गर्न सकिने,[४२] अनुसन्धान गर्न अनुसन्धान अधिकारीले विशेषज्ञलाई साथमा लैजान वा कसूरसँग सम्बन्धीत कुनै कुराको सम्बन्धमा विशेषज्ञको राय लिन सक्ने [४३], अनुसन्धान अधिकारीले अनुसन्धान डायरी खडा गर्नुपर्ने र सो डायरी आवश्यकता अनुसनर सरकारी वकील वा अदालतले हेर्न सक्ने [४४], अनुसन्धान अधिकारीले कसूरको अनुसन्धान गर्दा कुनै विषयमा सरकारी वकीलको राय सल्लाह माग गर्न सक्ने र सरकारी वकीलले त्यसरी मागिएको राय सल्लाह दिनुपर्ने[४५], कसूरको अनुसन्धानको सन्दर्भमा महान्यायाधिवक्ताले आवश्यक जानकारी लिन तथा निर्देशन दिन सक्ने[४६] तथा शंकित व्यक्तिलाई हिरासतमा राख्न प्रथम पटक म्याद थप हुँदा जाहेरी दरखास्तको प्रतिलिपि मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्नुपर्ने र मुद्दा हेर्ने अधिकारीले त्यसको छुट्टै अभिलेख राख्नुपर्ने[४७] व्यवस्था कसूरको अनुसन्धानको लागि भएका नवीन व्यवस्था हुन्।

मुलुकी अपराध संहिता, २०७४ को दफा २ लगायत अन्य केही विशेष ऐनहरुले गरेको बर्हिक्षेत्रीय क्षेत्राधिकारको प्रयोगका सम्बन्धमा[४८] मुलुकी फौजदारी कार्यविधि संहिताले कार्यविधिगत स्पष्टता गर्दै नेपाल बाहिर भए गरेको कसूरमा एक अर्का मुलुकका अधिकार प्राप्त अधिकारीबाट अनुसन्धान हुन सक्ने गरी सन्धि भएकोमा सो सन्धिको व्यवस्था बमोजिम भएको अनुसन्धान, त्यस्तो सन्धि नभएकोमा कुटनैतिक माध्यम मार्फत कसूर भएको मुलुकको अनुमति प्राप्त गरी सो मुलुकको अधिकार प्राप्त अधिकारीको सहयोगमा नेपाल सरकारले तोकेको अनुसन्धान अधिकारीले गरेको अनुसन्धान, उक्त दुवै तरिकाबाट अनुसन्धान हुन सक्ने अवस्था नभएमा कसूर भएको मुलुकको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान तथा यो प्रकृया बमोजिम पनि सम्भव नभएमा अभियुक्त नेपाल भित्र फेला परेको इलाकाको वा अभियुक्त फेला नपरेमा निजको स्थायी बसोवास भएको इलाकाको अनुसन्धान अधिकारीले गरेको अनुसन्धानलाई रितपूर्वक भएको मनिने व्यवस्था गरेको छ।[४९]

अनुसन्धान अधिकृतले सरकारी वकील समक्ष पेश गर्नुपर्ने राय प्रतिवेदनलाई यस संहिताले अनुसन्धान प्रतिवेदन नामाकरण गर्दै शंकित व्यक्ति हिरासतमा रहेको मुद्दामा मुद्दा दायर गर्नुपर्ने दिन भन्दा सामान्यतया कम्तिमा 3 दिन अगावै यस्तो प्रतिवेदन सहित मिसिल सरकारी वकील समक्ष पेश भइसक्नुपर्ने व्यवस्था भएको छ।[५०] यस्तो प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले थप अनुसन्धान गरी पठाउन अनुसन्धान अधिकारीलाई निर्देशन दिएमा त्यस्तो निर्देशन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र थप अनुसन्धान पूरा गरिसक्नुपर्ने र यो अवधिभित्र थप अनुसन्धान पूरा हुन नसक्ने भन्ने अनुसन्धान अधिकारीलाई लागेमा शंकित व्यक्ति हिरासतमा रहेको मुद्दा भए त्यस्तो व्यक्तिलाई माथवर व्यक्तिको जमानी लिई वा नलिई अनुसन्धान अधिकारीले तारिखमा राख्न सक्ने व्यवस्था भएको छ।[५१] प्रमाणको अभावमा सरकारी वकीलबाट मुद्दा नचलाउने निर्णय भएको अनुसूची-१ र २ को मुद्दामा पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा त्यस्तो कसूरमा पुनः अनुसन्धान गरी अभियोगपत्र दायर गर्न सकिने नयाँ

---

४० ऐ. को दफा १४ को उपदफा(१०) तथा दफा १५

४१ ऐ. को दफा १४ को उपदफा(३)

४२ ऐ. को दफा १२

४३ ऐ. को दफा २३

४४ ऐ. को दफा २५

४५ ऐ. को दफा २६

४६ ऐ. को दफा २७

४७ ऐ. को दफा २८

४८ हुलाक ऐन,२०१९, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण)ऐन, २०५२, भ्रष्टाचार निवारण ऐन, २०५९, वैदेशिक रोजगार ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, बैंकिङ्ग कसूर तथा सजाय ऐन, २०६४, जातीय तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव (कसूर र सजाय)ऐन, २०६८, संगठित अपराध निवारण ऐन, २०७० र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा १ को उपदफा (२), विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ र मानव वेचविखत तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १ को उपदफा (३) तथा लागूऔषध (नियन्त्रण) ऐन,२०३३ को दफा २ ले पनि बर्हिक्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गरेका छन्।

४९ पूर्व पाद १२ को दफा ३०

५० ऐ. को दफा ३१ र सोही दफाको उपदफा (२)

५१ ऐ. को दफा ३१ को उपदफा (४)(५)र (६)

व्यवस्था भएको छ।[५२] इलाज सम्न्धी कसूर अन्तर्गतका बदनियत चिताई इलाज गरेको ,लापरबाही वा हेलचेक्र्याइँ गरी इलाज गरेको, मञ्जुरी विना मानव शरीर परीक्षण गरेको र प्रयोगशाला प्रतिवेदन झुट्टा वा गलत दिएको कसूरको अनुसन्धान गर्नका लागि विशेष टोलीको व्यवस्था भएको छ।[५३]

यस संहिताले अभियोजन तथा मुद्दाको दायरी प्रकृयाका सम्बन्धमा पनि साविकमा यस सम्बन्धी व्यवस्था भएको सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले भन्दा थप केही नयाँ व्यवस्था गरेको छ। अभियोगपत्रमा उल्लेख हुनुपर्ने अभियुक्तको पहिचानात्मक विवरण र निज कुनै सार्वजनिक पद धारक भए सो विवरण समेत खुलाउनुपर्ने, नैतिक पतन हुने कसूर भएमा सोको लागि मागदावी लिनुपर्ने, कसूरबाट क्षति पुगेको व्यक्तिलाई भराइनुपर्ने क्षतिपूर्तिको रकम, कसूरको प्रकृतिसँग सम्बधित अन्य आवश्यक कुरा जस्तैः- कसूरको गम्भीरता घटाउने बढाउने अवस्थाहरु, जन्मकैदको सजाय अन्तर्गत २५ वर्ष वा आजीवन कारावास मध्ये कुन सजाय हुनुपर्ने आदि जस्ता कुराको विवरण खुलाउनुपर्ने व्यवस्था गरिएको छ।[५४]

आंशिक अभियोजन निर्णय र तत् सम्बन्धी थप प्रकृयाका बारेमा व्यवस्था भएको छ।[५५] मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ ले सजाय छुट दिन सकिने बारेमा गरेको सारवान कानूनी व्यवस्थाको कार्यान्वयनका लागि आवश्यक प्रवन्ध गर्दै सजाय कम गर्ने मागदाबी लिई अभियोगपत्र दायर गर्न सकिने व्यवस्था भएको छ।[५६] यो ब्यवस्था अन्य विशेष कानूनमा सजाय छुटको व्यवस्था भएको तर कार्यविधि सम्बन्धी व्यवस्था नभएको हकमा समेत प्रयोग गर्न सकिन्छ। यो व्यवस्था बमोजिमका अवस्थामा अभियुक्तलाई सजाय कम गर्ने मागदावी लिई अभियोजन गरिने कुरालाई प्राथमिकता दिइने नीति महान्यायाधिवक्ताको कार्यालयले अख्तियार गरेको छ।[५७] खास किसिमका सानातिना कसूरमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धीत सरकारी वकीलले मुद्दा दायर नगर्ने निर्णय गर्न सक्ने व्यवस्था भएको छ।[५८] सम्बन्धीत सरकारी वकीलले यस्ता मुद्दामा गरेको निर्णय अन्तिम हुने गरी सम्बन्धीत सरकारी वकीललाई महान्यायाधिवक्ताबाट स्वीकृति प्रदान भइसकेको छ। यस्ता प्रकृतिका मुद्दामा सामान्यतया मुद्दा दायर नगरिने नीति महान्यायाधिवक्ताको कार्यालयले अख्तियार गरेको छ।[५९] दायर भैसकेको मुद्दामा सम्बद्ध सम्बन्द्ध अन्य थप प्रमाणबाट मुद्दा दायर भैसकेका अभियुक्त बाहेक अन्य अभियुक्त उपर वा अभियुक्त कायम भैसकेका व्यक्ति उपर थप अभियोग लगाउनुपर्ने देखिएमा सो को कारण खुलाई थप अनुसन्धान गर्न लगाई थप दावी लिई सरकारी वकीलले अभियोजन गर्न सक्ने व्यवस्था भएको छ।[६०] यस्तै दायर भैसकेको मुद्दामा थप प्रमाण फेला परी पहिले लिएको मागदावी संशोधन गर्नुपर्ने देखिएमा महान्यायाधिवक्ताको स्वीकृति लिई सम्बन्धीत सरकारी वकीलले अभियोगपत्रमा संशोधन गर्न कारण खुलाई मुद्दा दायर भएको निकायमा निवेदन दिन सक्ने नयाँ प्रबन्ध भएको छ।[६१] महान्यायाधिवक्तासँग यस्तो स्वीकृति माग गर्ने प्रकृयाका सम्बन्धमा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले व्यवस्था गरेको छ। [६२]

फरक फरक ठाउँ तथा क्षेत्रमा भएका कसूरउपर त्यस्ता क्षेत्रमध्ये कुनै क्षेत्रको अदालतले मुद्दा हेर्न सक्ने गरी क्षेत्राधिकारलाई व्यापक बनाइएको छ।[६३] यस्ता प्रकृतिका कसूरको अनुसन्धान र अभियोजन पनि यही कानूनी व्यवस्थाका आधारमा कसूर भएको क्षेत्र मध्येको कुनै पनि क्षेत्र) जिल्ला (बाट हुन सक्नेतर्फ अनुसन्धानकर्ता र सरकारी वकीलले ध्यान दिनु पर्दछ। एउटै अभियोगपत्रबाट संयुक्त रुपमा मुद्दा चलाउन सकिने अवस्थाका बारेमा

---

५२ ऐ. को दफा ३१ को उपदफा(८)
५३ ऐ. को दफा १८९ को उपदफा(३)
५४ ऐ. को दफा ३२ को उपदफा(१) का विभिन्न खण्डहरु
५५ ऐ. को दफा ३२ को उपदफा(८)(९)(१०)(११)
५६ ऐ. को दफा ३३
५७ हेर्नुहोस; पूर्व पाद १३ को परिच्छेद-२ को बुँदा नं.२.२.२५
५८ पूर्वपाद १२ को दफा ३४
५९ हेर्नुहोस; पूर्वपाद १३ को परिच्छेद-२ को बुदा नं. २.२.२४
६० हेर्नुहोस; पूर्वपाद १२ को दफा ३५
६१ ऐ. को दफा ३६
६२ सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ३७
६३ पूर्व पाद १२ को दफा ४६

यो संहिताले विस्तृत व्यवस्था गरेकोले त्यस तर्फ समेत सरकारी वकील चनाखो हुनुपर्दछ।[६४] अभियोगपत्र दायर गर्दाका बखत फरार रही मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ५७ बमोजिम पक्राउ पूर्जी जारी गरी कारबाही गर्न माग गरिएका अभियुक्त अदालतमा उपस्थित नभएमा पक्राउ पूर्जी जारी भएको छत्तिसौं दिनदेखि अदालतमा उपस्थित नभएसम्म निजलाई विभिन्न सेवा सुविधाबाट बञ्चित गरिने विस्तृत व्यवस्था भएकोले[६५] सो व्यवस्था कार्यान्वयन हुन सक्ने गरी सरकारी वकीलले तत् सम्बन्धी विवरण अभियोगपत्रसाथ पेश गर्नुपर्ने अवस्था छ।

केही सरकार वादी फौजदारी मुद्दामा मिलापत्र हुन सक्ने व्यवस्था यो संहिताले गरेको नयाँ व्यवस्था हो। सर्वसाधरणको ठगी ,सर्वसाधरणको सम्पत्तिको हानी नोक्सानी र वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराईपाउन माग गरेमा महान्यायाधिवक्ताले मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था भएको छ।[६६] यस व्यवस्थाको अधीनमा रही हाल सर्वसाधरणको बिगो भएको ठगी ,चेक अनादर सम्बन्धी बैंकिङ्ग कसूर र वैदेशिक रोजगार मुद्दामा मिलापत्र गर्न आदेश दिने अभ्यास हुदै आएको छ।मुद्दा दायर नहुँदै अनुसन्धानकै चरणमा यस्ता मुद्दामा मिलापत्र गर्न पीडित पक्ष र प्रतिवादीले माग गरेमा सामान्यतया अभियोजन नगरिने नीति महान्यायाधिवक्ताको कार्यालयले अख्तियार गरी[६७] यस अवस्थामा मुद्दा नै नचलाउने अभ्यास रहेको छ।

कुनै अभियुक्तले अदालतमा बयान गर्दा अनुसन्धान अधिकारी समक्ष गरेको भन्दा फरक जिकिर लिएमा निजले पेश गरेको प्रमाण वा जिकिरको विरुद्धमा बादी पक्षले पुनःअनुसन्धान गरी गराई अदालतमा थप सवुद प्रमाण पेश गर्न माग गर्न सक्ने नयाँ व्यवस्था भाएको छ।[६८] यसको प्रयोग गरी अभियोजनलाई प्रभावकारी बनाउन सरकारी वकीलले ध्यान दिनुपर्दछ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ९९ ले बदनियतपूर्वक अनुसन्धान वा अभियोजन गर्न नहुने कसूर सम्बन्धी व्यवस्था गरेकोमा यो कसूरको अनुसन्धानका लागि विशेष अनुसन्धान समितिको व्यवस्था गरिएको छ।यो समितिले अनुसन्धान गरी त्यस सम्बन्धमा मुद्दा चलाउन लेखी पठाएमा सम्बन्धीत सरकारी वकील कार्यालयले मुद्दा चलाउनुपर्ने अवस्था देखिन्छ।[६९] यो व्यवस्था कसूरको अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन अनुसन्धान तथा अभियोजनकर्तालाई जिम्मेवार बनाउने हेतुले गरिएको हुँदा' नबिराउनु नडराउनु 'भन्ने नेपाली उखानको मर्मलाई आत्मसात् गर्दै अभियोजन र अनुसन्धानकर्ताले सदासयतापूर्वक आफ्नो कर्तव्य पालना गर्ने तर्फ सचेत रहनु पर्दछ।

सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारीता ल्याउन महान्यायाधिवक्ताको अध्यक्षतामा समन्वय समिति गठन हुने व्यवस्था गरिएको छ।[७०] यो समितिले अनुसन्धान र अभियोजनका विषयमा देखिएका विभिन्न समस्यालाई समाधान गरी तत् सम्बन्धी कार्यलाई प्रभावकारी बनाउन आफ्नो निर्णय मार्फत निर्देशनहरु जारी गरेको छ। यसै समितिबाट भएको निर्णयानुसार जिल्ला तथा उच्च सरकारी वकील कार्यालय तहमा समेत समन्वय समिति गठन भई अनुसन्धान तथा अभियोजनका स्थानीय समस्याका बारेमा छलफल गरी समाधानार्थ निर्णय हुदै आएका छन्।तथापी यी समितिहरु अझ सक्रिय हुनुपर्ने आवश्यकता भने रहेको छ।

५.३ फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन,२०७४

यो ऐनले नेपालमा पहिलो पटक फौजदारी कसूरमा कसूर ठहर गर्ने नगर्ने र कसूर ठहर भएमा के कति सजाय(कैद, जरिवाना, क्षतिपूर्ति/विगो भराउने समेत) निर्धारण गर्ने भन्ने सम्बन्धमा छुट्टाछुट्टै सुनुवाइ गर्नुपर्ने व्यवस्था

६४ ऐ. को दफा ५४
६५ ऐ. को दफा ६५
६६ ऐ. को दफा ११७ को उपदफा (२)
६७ हेर्नुहोस पूर्वपाद १३ को परिच्छेद-२ को बुदा नं.२.२.२६
६८ पूर्वपाद १२ को दफा १२३ को उपदफा (२)
६९ ऐ. को दफा १८९
७० ऐ. को दफा १९४

गरेको छ।[७१] यद्दपि केही निश्चित अवस्थामा भने सजाय निर्धारणका लागि छुट्टै सुनुवाइ नगरी कसूर ठहर गर्दाकै बखत सजाय समेत निर्धारण गर्नुपर्ने व्यवस्था गरिएको छ।[७२] सजाय निर्धारण गर्नु अघि अदालतले आवश्यक ठानेमा कसूरदारको सम्बन्धमा सजाय पूर्वको प्रतिवेदन तयार गर्न प्रोवेशन वा प्यारोल अधिकृतलाई आदेश दिन सक्ने व्यवस्था गरिएको छ।[७३] प्रोवेशन वा प्यारोल अधिकृत सम्बन्धी व्यवस्था कार्यान्वयन नै नभएको कारण वादी र प्रतिवादीको कानून व्यवसायीबाट अदालतले यस्तो प्रतिवेदन माग्न सक्ने व्यवस्था भए अनुसार[७४] सरकारवादी फौजदारी मुद्दामा हाल सरकारी वकीलले पनि यो प्रतिवेदन तयार पारी प्रस्तुत गर्नु परिरहेको अवस्था छ। सजायपूर्वको प्रतिवेदन तयार गर्न आवश्यक पर्ने कसूरदारको विवरण,[७५] सजाय निर्धारण गर्दा सजायको उद्धेश्य लगायतका बिचार गर्नुपर्ने अन्य कुराहरु,[७६] सजाय निर्धारण गर्ने आधारहरु,[७७] बालबालिकालाई सजाय गर्दा विचार गर्नुपर्ने कुराहरु,[७८] जरिवानाको सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुरा[७९] र क्षतिपूर्ति निर्धारण गर्दा विचार गर्नुपर्ने कुरा[८०] का बारेमा यस ऐनले विस्तृत व्यवस्था गरेको छ। सजाय पूर्वको प्रतिवेदन तयारी तथा सजाय निर्धारण बहस समेतको प्रभावकारीताका लागि कसूरको अनुसन्धानका क्रममा प्रमाण संकलन गराउँदा, अभियुक्तको बयान गराउँदा तथा अभियोगपत्र तयार पार्दा सरकारी वकीलले उपरोक्त कानूनी व्यवस्थाले खोजेको विवरण प्रमाण सहित पेश गर्न सहज हुने गरी कार्य सम्पादन गर्न विशेष ध्यान दिनु पर्ने अवस्था छ। पीडित उपर पुगेको क्षतिपूर्ति निर्धारणमा सहजताका लागि पीडित प्रभाव प्रतिवेदन पेश गर्न सकिने व्यवस्था भएको परिप्रेक्षमा[८१] सो प्रतिवेदन अभियोगपत्र साथ नै मुद्दा हेर्ने अधिकारी समक्ष पेश गर्ने गराउने तर्फ सरकारी वकीलले सक्रियता देखाउनुपर्ने आवश्यकता छ।

कसूर पीडितलाई क्षतिपूर्तिसहितको न्याय दिलाउने प्रयोजनका लागि यो ऐनले पीडित राहत कोषको स्थापना तथा संचालन गर्ने व्यवस्था गरे बमोजिम[८२] यो कोष संचालनमा आइसकेको छ । यो कोषको संचालन तथा व्यवस्थापनका लागि फौजदारी कसूर (पीडित राहत कोष) नियमावली, २०७७ कार्यान्वयनमा आएको छ । मुलुकी अपराध संहिता, २०७४ को दफा ४८ तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा २९ र दफा ३० को उपदफा (४) बमोजिम कसूर पीडितलाई अन्तरिम क्षतिपूर्ति वा पूर्ण क्षतिपूर्ति दिनुपर्ने अवस्थामा सो क्षतिपूर्ति दिलाउने प्रक्रिया सम्बन्धमा उक्त नियमावलीले आवश्यक प्रबन्ध गरेको छ ।[८३] सो बमोजिम पीडितलाई राहत क्षतिपूर्ति भराउनेतर्फ सरकारी वकीलले सक्रिय र समन्वयकारी भूमिका खेल्नुपर्ने अवस्था छ । कसूर स्थापित भएको तर कसूरदार कायम हुन नसकेको वा अभियुक्त पत्ता नलागेको वा अन्य कुनै कारणबाट मुद्दा हेर्ने अधिकारी समक्ष मुद्दा दायर हुन नसकेको कसूरबाट पीडितलाई समेत पीडित राहत कोषबाट रु .पचास हजार सम्म राहत रकम उपलब्ध गराउनुपर्ने बाध्यात्मक कानूनी व्यवस्था भएको छ ।[८४] यस्ता प्रकृतिका कसूरमा मुद्दा नचलाउनेगरी अभियोजन निर्णय गर्दाकै बखत सरकारी वकीलले आफ्नो निर्णयमा उक्त कानूनी व्यवस्था बमोजिम राहत उपलब्ध गराउनुपर्ने निर्णयसमेत गरी त्यसका लागि पीडितलाई सहजीकरण र सहयोग समेत गर्नु पर्ने अवस्था छ।

---

७१ हेर्नुहोस् फौजदारी कसूर(सजाय निर्धारण तथा कार्यान्वयन)ऐन,२०७४ को दफा ८ र ९

७२ ऐ.को दफा ३ को उपदफा (२), दफा ६ र दफा ८ को उपदफा (१) को प्रतिवन्धात्मक वाक्यांशका अवस्थामा सजाय निर्धारणका लागि छुट्टै सुनुवाई गर्नु पर्दैन।

७३ ऐ.को दफा १२ को उपदफा (१)

७४ ऐ.को दफा १२ को उपदफा (६)

७५ ऐ.को दफा १२ को उपदफा (२)

७६ ऐ.को दफा १३ मा सजायको उद्देश्यका सम्बन्धमा र दफा १४ मा सजाय निर्धारण गर्दा विचार गर्नुपर्ने कुराका सम्बन्धमा व्यवस्था भएको छ।

७७ ऐ.को दफा १५

७८ ऐ.को दफा १६

७९ ऐ.को दफा १८ को उपदफा(२)र(३)

८० ऐ.को दफा ४१ को उपदफा (२)(३)(४)(५)र(७)

८१ अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा २५ र २७ तथा अपराध पीडित संरक्षण नियमावली, २०७७ को नियम १५ र अनुसूची १४

८२ पूर्व पाद ७१ को दफा ४८

८३ हेर्नुहोस्; फौजदारी कसूर (पीडित राहत कोष) नियमावली ,२०७७ को नियम १०, ११,१२, १७,१८, २०,२२, २३ र अनुसूची १, २ र ३

८४ अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ३० को उपदफा (४) र फौजदारी कसूर (पीडित राहत कोष) नियमावली,२०७७ को नियम ११ को उपनियम (३)

६. कसूर दर्ता ,अनुसन्धान ,अभियोजन र कसूर कायम सम्बन्धमा केही तथ्याङ्कको अध्ययन

फौजदारी संहिता कानूनहरू लागू हुनु पूर्व र पछिका केही आर्थिक वर्षको कसूर दर्ता ,अनुसन्धान ,अभियोजन र कसूर कायम सम्बन्धी केही तथ्याङ्कको अध्ययन गरी यहाँ उल्लेख गरिएको छ।

विगत तीन आर्थिक वर्षमा नेपाल प्रहरीबाट अनुसन्धान भएका नविनतम प्रकृतिका कसूरको तथ्याङ्क[८५]

मुलुकी अपराध संहिता, २०७४ ले अपराधीकरण गरेका नविनतम् प्रकृतिका कसूरहरुको अभिलेख अध्ययन गर्दा केही कसूर बाहेक अधिक कसूरका घटना तथा जाहेरी दर्ताको संख्या बढेको देखिन्छ । प्रहरी प्रधान कार्यालयबाट प्रकाशित वार्षिक प्रतिवेदन अध्ययन गर्दा मुलुकी अपराध संहिता ,२०७४ लागू भएपछिका वर्षहरूमा त्यस्ता प्रकृतिका घटनाको तथ्याङ्क यस प्रकार रहेको पाइयो ।

नवीनतम प्रकृतिका कसूरहरु	सूचना तथा जाहेरी दर्ता भएको संख्या		
	आ.व . २०७६।०७७	आ.व . २०७७।०७८	आ.व .२०७८।०७९
गर्भ संरक्षण बिरुद्धको कसूर	३१	२८	३७
आत्म हत्या गर्न दुरुत्साहन गरेको	१३८	१६४	१८४
जूवा खेल्न वा सट्टाबाजी गर्न नहुने	४७७	४९५	४३०
मुद्रा सम्बन्धी कसूर	४१	२५	५३
ठगी, अपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर	६६८	६०७	७३९
सार्बजनिक शान्ति बिरुद्धको कसूर	१५६०	९६८	९८९
सार्बजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता बिरुद्धको कसूर	९५१७	६६४८	८५५३
सार्बजनिक अधिकारीको अख्तियारीको अवज्ञा सम्बन्धी कसूर	१०	४	५
आपराधिक प्रवेश तथा आपराधिक उपद्रव सम्बन्धी कसूर	९४	१३७	६४१
भेदभाव तथा अन्य अपमानजन्य ब्यबहार सम्बन्धी कसूर	४०	६२	३४
बालयौन दुराचार	२३२	२७९	१
यौन दुर्व्यवहार	६	२	४९
पशुपंक्षी सम्बन्धी कसूर	६२	९२	५४
जिउदो वच्चा जन्माई फालेको	४	१	१

माथि उल्लिखित कसूरको सूचना तथा जाहेरीको तथ्याङ्क हेर्दा सार्बजनिक हित, स्वास्थ्य, सुरक्षा, सुविधा र नैतिकता बिरुद्धको कसूर सम्बन्धी घट्नाहरु बढीरहेको अवस्था देखिन्छ । साविकमा केही सार्वजनिक कसूर तथा सजाय ऐन, २०२७ लाई खारेज गरी उक्त ऐनका केही कसूरहरु यसै कसूर शीर्षकमा समेटेको देखिन्छ । यद्यपी संहिताले कसैको कार्यबाट अन्य कोही कसैलाई दुःख हैरान हुने नवीनतम मानवीय कार्यलाई कसूरमा समेटेको कारण कसूरको संख्या बढ्न गएको देखिन्छ । यसैगरी संहिताले परम्परागत रुपमा मासु खाने वा बली दिने अवस्थामा बाहेक जुनसुकै जनावर तथा पंक्षीलाई क्रूरुरता पूर्वक यातना दिने वा ज्यान लिने कार्यलाई कसूर परिभाषित गरेको विषयमा मुद्दाको संख्या बढ्दै गएको देखिन्छ । यद्यपि कसूरको प्रवृत्तिहरु हेर्दा कुनै धेरै बढेको र कुनै केही घटबढ भएको देखिनछ ।

८५ नेपाल सरकार, गृह मन्त्रालय, प्रहरी प्रधान कार्यालयबाट प्रकाशीत तीन आर्थिक वर्ष (आ.व. २०७६/०७७ देखि २०७८/०७९) सम्मका वार्षिक प्रतिवेदनहरुबाट साभार गरिएको ।

जिल्ला सरकारी वकील कार्यालयबाट अनुसन्धान तथा अभियोजनका क्रममा गरिएको कार्य सम्पादन विवरण

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले सरकारी वकीलले कार्यसम्पादन गर्नुपर्ने पदीय जिम्मेवारी एवं काम कर्तब्य र अधिकारको विस्तार मात्र होइन पदीय कर्तब्य पालना गर्दा एवं अभियोजनको निर्णयमा जानीजानी गलत निर्णय गरेमा वा लापरबाही गरेमा दायित्वहीन समेत बनाएको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले सरकारी वकीलले कार्यसम्पादन गर्नुपर्ने नवीनतम कार्यसम्पादन मध्ये खासगरी जाहेरी वा सूचना तामेलीमा राख्ने,, अनुसन्धान अधिकृतलाई राय सल्लाह दिने, आंशिक अभियोजन निर्णय निकासा लिने, सानातिना मुद्दाको अभियोजन नगर्ने, अभियोग दावीमा सजाय छुटको मागदावी लिन सक्ने, थप अभियोग दावी लिन सक्ने, अभियोग दावीमा पछिबाट थप अनुसन्धान र सवूद प्रमाणका आधारमा संशोधन स्वीकृति लिई थप अभियोग दायर गर्ने लगायतका तलका तालिकामा उल्लिखित कार्य सम्पादन विवरण औंल्याउन सकिन्छ।

आर्थिक वर्ष २०७५/०७६[८६]

जिल्ला सरकारी वकील कार्यालय यहरु	अनुसन्धान /पु नः अनुसन्धान गर्न निर्देशन दिइएको संख्या	जाहेरी वा सूचना तामेलीमा राख्ने	बयान गराएको प्रतिवाददी संख्या	अनुसन्धान अधिकृत लाई राय सल्लाह दिएको संख्या	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या							सानातिना मुद्दामा अभियोजन नगरेको संख्या	अभियोगपत्र फिराद गरेको संख्या	कम सजाय गर्ने दावी लिइएको अभियोपत्र संख्या	थप दावी सम्बन्धी		अभियोगपत्र संशोधन गरेको संख्या
					मुद्दा नचलाउने	मुद्दा चलाउने	आंशिक मुद्दा			प्रतिवादी नखुलेका मुद्दा नचलाउने	नाम,थर वतन नखुलेकाले दावी लिन नसकिएका प्रतिवादीको सख्या				भैरहेका अभियुक्त उपर थप दावी	पछि खुलेका अभियुक्त उपर थप दावी	
							मुद्दा संख्या	प्रतिवादीसंख्या चलाएको	प्रतिवादीसंख्या नचलाएको								
७७ जिल्ला	१९०५	२२	४३३८४	११८२	७९	३०९५४	६४	२२६	८२	१८३२४	९३७	०	२९३९९	१८	६१	८	२

आर्थिक वर्ष २०७६/०७७[८७]

जिल्ला सरकारी वकील कार्यालय यहरु	अनुसन्धान /पु नः अनुसन्धान गर्न निर्देशन दिइएको संख्या	जाहेरी वा सूचना तामेलीमा राख्ने	बयान गराएको प्रतिवादी संख्या	अनुसन्धान अधिकृत लाई राय सल्लाह दिएको संख्या	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या							सानातिना मुद्दामा अभियोजन नगरेको संख्या	अभियोग पत्र फिराद गरेको संख्या	कम सजाय गर्ने दावी लिइएको अभियोपत्र संख्या	थप दावी सम्बन्धी		अभियोग पत्र संशोधन गरेको संख्या
					मुद्दा नचलाउने	मुद्दा चलाउने	आंशिक मुद्दा			प्रतिवादी नखुलेका मुद्दा नचलाउने	नाम,थर वतन नखुलेकाले दावी लिन नसकिएका प्रतिवादीको सख्या				भैरहेका अभियुक्त उपर थप दावी	पछि खुलेका अभियुक्त उपर थप दावी	
							मुद्दा संख्या	प्रतिवादीसंख्या चलाएको	प्रतिवादीसंख्या नचलाएको								
७७ जिल्ला	१४४५	२८७	४२७३३	६२	१९६	२९७०१	५९	२१०	११३	७८७६	८२६	३	२८६०९	१	१४	१७	६

आर्थिक वर्ष २०७७/०७८[८८]

जिल्ला सरकारी वकील कार्यालय यहरु	अनुसन्धान/पु नः अनुसन्धान गर्न निर्देशन दिइएको संख्या	जाहेरी वा सूचना तामेलीमा राख्ने	बयान गराएको प्रतिवादी संख्या	अनुसन्धान अधिकृत लाई राय सल्लाह दिएको संख्या	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या							सानातिना मुद्दामा अभियोजन नगरेको संख्या	अभियोग पत्र फिराद गरेको संख्या	कम सजाय गर्ने दावी लिइएको अभियोपत्र संख्या	थप दावी सम्बन्धी		अभियोग पत्र संशोधन गरेको संख्या
					मुद्दा नचलाउने	मुद्दा चलाउने	आंशिक मुद्दा			प्रतिवादी नखुलेका मुद्दा नचलाउने	नाम,थर वतन नखुलेकाले दावी लिन नसकिएका प्रतिवादीको सख्या				भैरहेका अभियुक्त उपर थप दावी	पछि खुलेका अभियुक्त उपर थप दावी	
							मुद्दा संख्या	प्रतिवादीसंख्या चलाएको	प्रतिवादीसंख्या नचलाएको								
७७ जिल्ला	१८२०	१४	३९४१६	३४८	२३४	२६५०२	५५	१५०	८१	५६५२	६८६	२१	२५३१७	१२	२९	१०	२३

८६ महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७५/०७६) महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाह पथ काठमाण्डौ अनुसूची-३४ पृष्ठ ३५९ ।

८७ महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७६/०७७) महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाह पथ काठमाण्डौ अनुसूची-३४ पृष्ठ ३६५ ।

९१ महान्यायाधिवक्ताको वार्षिक प्रतिवेदन (आर्थिक वर्ष २०७७/०७८) महान्यायाधिवक्ताको कार्यालय, नेपाल रामशाह पथ काठमाण्डौ अनुसूची-३४ पृष्ठ ३५४ ।

आर्थिक वर्ष २०७८/०७९[९]

जिल्ला सरकारी वकील कार्यालयहरु	अनुसन्धान /पु नः अनुसन्धान गर्न निर्देशन दिइएको संख्या	जाहेरी वा सूचना तामेली मा राख्ने	बयान गराएको प्रतिवाददी संख्या	अनुसन्धान अधिकृतलाई राय सल्लाह दिएको संख्या	मुद्दा अभियोजन सम्बन्धी निर्णय संख्या							सानातिना मुद्दामा अभियोजन नगरेको संख्या	अभियोगपत्र/फिराद गरेको संख्या	कम सजाय गर्ने दावी लिइएको अभियोपत्र संख्या	थप दावी सम्बन्धी		अभियोगपत्र संशोधन गरेको संख्या
					मुद्दा नचलाउने	मुद्दा चलाउने	आशिक मुद्दा			प्रतिवादी नखुलेका मुद्दा नचलाउने	नाम,थर वतन नखुलेकाले दावी लिन नसकिएका प्रतिवादीको सख्या				भैरहेका अभियुक्त उपर थप दावी	पछि खुलेका अभियुक्त उपर थप दावी	
							मुद्दा संख्या	प्रतिवादीसंख्या									
								चलाएको	नचलाएको								
७७ जिल्ला	**२१३३**	**२९२**	**४४००३**	**९५**	**६५७**	**२८३८९**	**१८५**	**२०६**	**१६०**	**११३२६**	**४४०**	**०**	**२८३८९**	**५**	**१२**	**५**	**२३**

जिल्ला सरकारी वकील कार्यालयबाट अनुसन्धान तथा अभियोजनका क्रममा गरिएको आर्थिक वर्ष २०७५/०७६ को कार्य सम्पादन विवरण अध्ययन गर्दा मुलुकी फौजदारी कार्यविधि संहिताले सरकारी वकीलले सरकारवादी मुद्दाको प्रभावकारी अनुसन्धानका लागि अनुसन्धान अधिकृतलाई निर्देशन दिइएको मुद्दा संख्याको आकार बढेको देखिएको छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ११ बमोजिम कपोलकल्पीत, झुट्टा वा वनावटी तथ्य उल्लेख गरी वा सरकारवादी भई अनुसन्धान हुन नसक्ने घट्ना वा जाहेरी सूचना सम्बन्धी मुद्दाको तामेली सम्बन्धी निर्णय शुरुको वर्ष आ.व. २०७५/०७६ मा जम्मा २२ को संख्या देखिएकोमा आ.व. २०७६/०७७ मा २८७ को संख्यामा तामेली संख्या धेरै बढेको देखिन्छ । यसरी नै आ.व. २०७७/०७८ मा १४ वटा मात्र तामेली संख्या देखिदा हाम्रो कार्य सम्पादनमा एकरुपता हुन नसकेको होकी भन्ने देखिन्छ । यसरी नै पछिल्लो आ.व. २०७८/०७९ मा २९२ को संख्या देखिन्छ । मुद्दा असफलताको स्थिति हेर्दा घट्ना वा जाहेरी सूचनालाई तामेली राख्ने निर्णयमा प्रभावकारिता हुन नसकेको होकी भन्ने देखिन्छ ।

संहिताले नवीन अभ्यासका लागि गरेको कानूनी प्रबन्ध बमोजिम आंशिक अभियोजन सम्बन्धी निर्णय, थप अभियोग दाबी तथा थप अभियोगपत्र दायर सम्वन्धी मुद्दाको संख्या तथा अभियोगपत्र संशोधनका मुद्दा संख्या हेर्दा ;घटी सजाय गर्ने दाबी लिइएको अभियोपत्र संख्या, भैरहेका अभियुक्त उपर थप दाबी, पछि खुलेका अभियुक्त उपर थप दाबी, अभियोगपत्र संशोधन गरेको संख्या लगायतका विवरणमा खासै ठूलो तलमाथि देखिदैन । यद्यपि वर्षेनी मुद्दा संख्या भने बढेको पाइएको छ ।

कसूर दर्ता ,अनुसन्धान ,अभियोजन र कसूर कायम सम्बन्धमा तथ्यांकले देखाएको अवस्था

संहिता कानूनहरु लागू हुनु पूर्व र पछिका केही आर्थिक वर्षको कसूर दर्ता, अनुसन्धान, अभियोजन र कसूर कायम सम्बन्धमा भए गरेका कामकारबाहीको तथ्यांक यहाँ उल्लेख गरिएको छ ।जसले अभियोजनको प्रभावकारिताको अवस्थालाई झल्काउँछ ।

मुलुकी संहिता कानूनहरु लागू हुनु पूर्वको अवस्था	आ .व.	यस आ व को जम्मा मुद्दा संख्या	यस आ व को अभियोजन भएको संख्या र प्रतिशत	यस आ व को अभियोजन नभएको संख्या र प्रतिशत	अदालतमा भएको मुद्दाको जम्मा लगत	फैसला भएका जम्मा मुद्दा संख्या	कसूर कायम भएका मुद्दा संख्या र प्रतिशत	सफाई भएका मुद्दा संख्या र प्रतिशत
	०७१/०७२	२३,०६०	२३,०६० (१००%)	० (०%)	४०,३८८	२३,५४९	१८,९५० (८०.४८%)	४,५९९ (१९.५२%)
	०७२/०७३	२२,७१४	२२,६३७ (९९.६७%)	७७ (०.३३%)	३८,८०८	२४,५१५	२०,२४९ (८२.६०%)	४,२६६ (१७.४०%)
	०७३/०७४	२५,०१२	२४,८८१ (९९.४८%)	१३१ (०.५२%)	३८,८०८	२३,६३५	१८,८८३ (८०.०१%)	४,७२५ (१९.९९%)
	०७४/०७५	२९,३०७	२९,२३० (९९.७४%)	७७ (०.२६%)	४४,३१५	२५,३५७	२१,६०२ (८५.२०%)	३,७५५ (१४.८०%)
	०७५/०७६	३१,१७२	३१,०१८ (९९.५१%)	१५४ (०.४९)%	४८,६१६	२५,५०१	२०६४५ (८०.९६%)	४,८५६ (१९.०४%)

९२. महान्यायाधिवक्ताको कार्यालयको अनुसन्धान तथा वार्षिक प्रतिवेदन तयारी शाखाबाट प्राप्त तथ्याङ्क अनुसार ।

मुलुकी संहिता कानूनहरु लागू भए पश्चातको अवस्था	०७६/०७७	२९,९५६	२९,७६० (९९.३५%)	१९६ (०.६५%)	५२,२८९	२२,६५३	१८,७३७ (८२.७२%)	३,९१६ (१७.२८%)
	०७७/०७८	२६,७९१	२६,५५७ (९९.१३%)	२३४ (०.८७%)	५५,७१९	२३,१३२	१८,२०८ (७८.७२%)	४,९२४ (२१.२८%)
	०७८/०७९	३१,३९७	३०,७४० (९७.९१%)	६५७ (२.०९%)	६२,४७४	२८,८२४	२२,४४८ (७७.८८%)	६,३७६ (२२.१२%)

श्रोत:- आ.व. २०७१/०७२ देखि २०७७/०७८ सम्मको विवरण महान्यायाधिवक्ताको कार्यालयको सम्बन्धीत आ.व. को वार्षिक प्रतिवेदनबाट र आ.व. २०७८/०७९ को विवरण महान्यायाधिवक्ताको कार्यालयको अनुसन्धान तथा वार्षिक प्रतिवेदन तयारी शाखाबाट लिइएको ।

माथि उल्लिखित तालिकाको तथ्याङ्कले कुनै वर्षमा केही मुद्दा घटी देखिएपनि वर्षेनी मुद्दाको संख्या बढ्दो क्रममा रहेको प्रवृत्ति देखाएको छ ।अभियोजन भएको मुद्दा संख्या र प्रतिशत संहिता कानूनहरु लागू हुनु पूर्व र लागू भएपश्चातको अवस्थामा गुणात्मक रुपमा खास फरक देखिएन। मुलुकी संहिता सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ (राजपत्रमा प्रकाशित मिति २०७६।०१।०२) ले मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११७ संशोधन गर्नुपूर्व अभियोजन नगर्ने मुद्दा संख्या १ प्रतिशत पनि पुगेको देखिदैंन । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ११७ संशोधन भएपश्चात मिलापत्र हुने मुद्दाको अनुसन्धानकै चरणमा अभियुक्तबाट पीडित पक्षले विगो भराई पाएको अवस्थामा अभियोजन नगर्ने नीतिका कारण मुद्दा नचलाइने भएकोले आ.व .०७८/०७९ मा मुद्दा अभियोजन नगर्ने प्रतिशत २.०९ पुगेको देखिन्छ । यद्यपि प्रमाणको सही विश्लेषण तथा मूल्याङ्कन गरी प्रमाणको अपर्याप्तताका आधारमा अभियोजन नगर्ने निर्णय हुन नसकेको यथार्थता भने मुद्दा असफलताको संख्याले प्रष्ट देखाएको छ ।जसबाट अभियोजन निर्णयमा सुधार गर्नुपर्ने तर्फ सरकारी वकीलहरुले चिन्तन गर्नुपर्ने देखाएको छ ।

७. सरकारवादी फौजदारी मुद्दाको अभियोजनका सन्दर्भमा भएका केही महत्वपूर्ण ब्याख्या

सरकारवादी फौजदारी मुद्दाको अभियोगका सम्बन्धमा सर्वोच्च अदालतका निम्न फैसलाहरुबाट भएका न्यायिक टिप्पणीलाई अभियोजनकर्ताले आत्मसात् गरी अभियोजन सम्बन्धी कार्य सम्पादनमा सुधार गर्नुपर्ने देखिन्छः

७.१. राजेन्द्र महर्जन वि. नेपाल सरकार[९०]

- भविष्यमा वादी नेपाल सरकारको तर्फबाट दायर हुने अभियोगपत्रमा पक्राऊ परेका प्रतिवादीको परिचयात्मक लिखत प्रमाण जस्तोः- नागरिकता, परिचयपत्र र शैक्षिक प्रमाणपत्रमा रहेका विवरण खुलाउने, निजको शारीरिक बनोट, अनुहारको आकृति, परिचयात्मक हुलिया, निजको फोटो र ल्याप्चे हस्ताक्षर लगायत अन्य पहिचान हुनसक्ने आधारहरु खुलाउनुपर्ने।
- फरार प्रतिवादीको हकमा निजको बाबु र बाजेको नाम, थर र वतन, तीन पुस्ते, स्थायी र अस्थायी वतन, निजको नागरिकता नम्बर, मतदाता नामावलीको नम्बर र अन्य लिखत प्रमाण भए सोमा रहेको नाम, उपनाम प्रष्टसँग उल्लेख हुनको लागि महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयमा निर्देशनात्मक आदेश जारी हुने।

७.२. नेपाल सरकार विरुद्ध मगरे खाँ समेत[९१]

- फौजदारी अपराधमा अपराध भएको भन्ने तथ्य अर्थात Corpus Delict पहिला वादीले प्रमाणित गरी त्यसपछि मात्र अभियोग लगाएको व्यक्तिले नै त्यस्तो अपराध गरेको भनी प्रमाणित गर्नुपर्ने,
- कुनै व्यक्तिले लागू औषधको कारोबार गर्ने व्यक्तिलाई चिन्दैमा, कारोबार गर्ने व्यक्तिसँग आवतजावत, उठबस् गरी मित्रता कायम गर्दैमा, त्यस्तो व्यक्ति पनि दोषी हुँदैन। त्यस्तो व्यक्तिका विरुद्ध ठोस सबूद प्रमाण भए मात्र मुद्दा चल्नसक्ने,
- अपराध जतिसुकै गम्भीर, शंका, जतिसुकै बलियो, चरित्र र चालचलन जतिसुकै खराब, गतिविधि जस्तोसुकै शंकास्पद भएपनि यस्ता कुराहरुले प्रमाणको ठाँउ लिन नसक्ने,
- फौजदारी अपराधमा व्यक्तिका विरुद्ध ठोस् र शंकारहीत प्रमाण संकलन हुनुपर्दछ। तबमात्र राज्यले अभियोग लगाउन, मुद्दा चलाउन सक्छ। यदि विना प्रमाण राज्यले कसैलाई फौजदारी अपराधको अभियोग लगाउँछ र

९० ने.का.प २०६३, अंक ११, नि.नं. ७७८८, पृ. १६६४
९१ ने.का.प. २०६६, अंक १०, नि.नं. ८२४३, पृ. १६६७

त्यसको फलस्वरुप अभियुक्तले सफाई पाउँछ भने त्यस्तोमा महान्यायाधिवक्ताले पुनरावेदन गरी अभियुक्तलाई हैरानी गर्न नहुने,

- सरकारी वकीलले सबूत प्रमाणको अभावमा मुद्दा चलाउने र पुनरावेदन गर्ने निर्णय एवम् कार्यलाई संविधानको धारा १३५ (२) को अधिकारको स्वेच्छाचारीपूर्वक प्रयोग गरेको मान्नुपर्दछ र यस्तो कार्य Rule of law कै विपरित भएको मान्नुपर्ने,
- अनुसन्धान अधिकारी समक्षको साबिती बयानको आधारमा मात्र अभियोग लगाई मुद्दा चलाउने वर्तमान प्रणाली र प्रचलन अर्थात Confessional statement oriented prosecution लाई सुधार गरी हाम्रो संवैधानिक व्यवस्था, ICCPR, 1966 को व्यवस्था र फौजदारी न्यायको मान्य सिद्दान्त अनुसार Evidence oriented investigation र Evidence supported prosecution गर्न वर्तमान प्रणालीमा सुधार गर्नु भनी प्रहरी महानिरीक्षक र महान्यायाधिवक्तालाई ध्यानाकर्षण गराउने।

७.३. चार्ल्स गुरुमुख शोभराज वि. नेपाल सरकार[९२]

- अपराध गर्दा अपनाइएको तरिका र अपराधको प्रकृति हर्दा अपराधी पूर्ण सचेत, सावधान रही नियोनिज र संगठित रुपमा आफ्नो कार्य योजनालाई पूर्णता दिएको देखिन्छ। यस्तो अवस्थामा अभियोजन पक्षद्वारा प्रस्तुत अप्रत्यक्ष प्रमाणको आधआरमा नै अपराधीसम्म पुग्नुपर्ने र त्यस्तो प्रमाणको आधारमा कसूरदार देखिन आएको अभियुक्तालाई सजाय हुनुपर्ने,
- कानून अनुरुप प्रमाणको रुपमा पेश गरिएका कुराहरुको मुद्दामा सम्बद्धता छ वा छैन भन्ने विषय निर्धारण गर्नुपर्ने,
- कुनै काम, घटना वा अपराधका सम्बन्धमा अभियुक्तको काम वा व्यवहारका विभिन्न अवस्था र क्रियाकलापबाट तथ्यहरुको कडी एक आपसमा श्रृंखलावद्ध रुपमा जोडिँदा आपराधिक कार्य सम्पादन भएको स्वाभाविक निष्कर्ष निस्कने भएमा र सो कार्य र व्यवहारबाट अभियुक्तले अपराध गरेको स्थापित भएको देखिएमा यस्तो तथ्यहरुको मालाकार कडीलाई परिस्थितिजन्य प्रमाणको रुपमा परिभाषित गरिन्छ,
- यसको लागि तथ्यका प्रत्येक कडी एकआपसमा आवद्ध र अन्योन्याश्रित भएको हुनुपर्ने र तथ्यको कुनै एक कडीको पनि अनुपस्थिति भएमा सो प्रमाण खण्डित भएको मान्नुपर्ने।

७.४. नेपाल सरकार वि. मनकुमारी नेपाली[९३]

- कुनै व्यक्ति विशेषको अप्रमाणित कथनलाई नै सर्वोत्तम प्रमाण मानेर अनुसन्धान कार्यलाई त्यत्तिमै सीमित राख्ने हो भने सत्य कहिल्यै उद्घाटित नहुने अवस्थाको सिर्जना हुन जाने,
- वैज्ञानिक परीक्षणले स्थापित गरेको तथ्यभन्दा बाहिर गएर मौखिक कथनका भरमा दोषी किटान गर्न नसकिने,
- सुनी थाहा पाएको भन्ने जस्ता अत्यन्त कमजोर प्रमाणलाई आधार बनाएर अन्य प्रमाणको खोजी नगर्ने हो भने अनुसन्धानको कुनै अर्थ नरहने र त्यसले अपराध र अपराधीका बारेमा सत्य तथ्यका बारेमा खुलासा गर्न पनि नसकिने,
- कसैलाई दोषी ठहऱ्याउन बयान लगायतका मौखिक प्रमाण बाहेकका अन्य स्वतन्त्र प्रमाणको श्रृंखला जोडिनुपर्ने र प्रमाणहरुको मालाकार कडीबाट त्यस्तो बयान व्यहोरा समर्थित नहुँदासम्म साबिती बयानले कुनै प्रमाणिक महत्व राख्दैन भन्ने कुरालाई अनुसन्धान र अभियोजन पक्षले बुझ्न जरुरी हुने,
- साबितीमा अभिव्यक्त तथ्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन त आवश्यक छ नै ती स्वाभाविक र मावन आचारणका अनुकूल पनि देखिनुपर्ने।

७.५. नेपाल सरकार वि. थोमबहादुर तामाङ समेत[९४]

- अभियोग लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन्। फौजदारी कसूर अन्तर्गत अभियोग दाबी

---

९२ ने.का.प. २०६७, अंक ५, नि.नं. ८३७८, पृ. ८१४
९३ ने.का.प. २०६८, अंक १२, नि.नं. ८७२६, पृ. १९६५
९४ ने.का.प. २०७०, अंक १२, निर्णय नं. ९०९२, पृ. १५१०

लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरुको विद्यमानता हुन अनिवार्य हुने,

- अनुमान तथा आँकलनका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणाली प्रति नै वितृष्णा हुने।

७.६. विकास खड्का वि. नेपाल सरकार[९५]

- हाम्रो कानून प्रणालीमा कसूर गरेको कुरा वादीले शंकारहित तरिकाले पुष्टि हुने प्रमाण अदालतसमक्ष प्रस्तुत गर्न सक्नुपर्छ । कसैको भनाइलाई परीक्षण नै नगरी भनेको आधारमा मात्र कसूरदार कायम गर्दा निर्दोष व्यक्ति पनि कसूरदार ठहर हुन गए निजलाई हुन सक्ने अपूरणीय क्षतिको कल्पना पनि गर्न सकिँदैन । त्यस्तोमा निज तथा सिंगो समाजको अदालतप्रति र अन्त्यमा राज्यप्रति नै ठूलो कुण्ठासमेत उत्पन्न हुन जान्छ । त्यसैले कसूर गरेको भन्नेमा थोरैमात्र पनि शंका देखिएमा कसैलाई पनि कसूरदार ठहराउन नमिल्ने ।

७.७. नेपाल सरकार वि. सफिक महमद खान समेत[९६]

- अनुसन्धानमा वस्तुनिष्ठ प्रमाणको अभाव हुँदाहुँदै पनि अदालत समक्ष अभियोगपत्र दायर गर्ने र अदालतबाट प्रमाणको अभावमा पनि आरोपित प्रतिवादीहरुलाई अभियोजन पक्षको मागदाबी बमोजम नै सजाय हुनुपर्छ भन्ने आशा गर्नु न्यायको रोहमा उचित नहुने,
- फौजदारी अभियोग लगाउँदा प्रमाण, तथ्य एवम् मालाकार कडीको जोडिएको परिस्थितिजन्य प्रमाणको आवश्यकता हुन्छ। अन्य प्रतिवादीलाई चिनेको वा नाता परेको वा भविष्यको आपराधिक घटनाको जानकारी नभएको अवस्थामा कुनै प्रकृतिबाट अन्य सामान्य तथा व्यावहारिक कारणबाट सम्पर्कमा रहेको व्यक्तिलाई सोही कारणले मात्र मुद्दामा सम्मिलित गराउनु न्यायोचित हुँदैन। यस प्रकृतिको हलुको अनुसन्धानले न्याय व्यवस्था माथीको आस्था र विश्वासमा प्रश्न उठ्ने संभावना रहने हुँदा अभियोजन पक्ष सदैब चनाखो रहनुपर्ने।

७.८. विमलकुमार यादव वि. नेपाल सरकार[९७]

- शंकारहित तवरले दाबी पुष्टि गर्ने प्रमाणको भार वादी पक्षमा रहने भएकोले प्रतिवादीले कसूर गरेको कुरा वस्तुनिष्ठ रुपमा वादी पक्षले पुष्टि गर्न सकेको नदेखिँदा सहप्रतिवादिले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयानकै आधारमा कसूरदार ठहऱ्याउनु न्यायोचित नहुने ।

७.९. अधिवक्ता अमृत प्रसाद श्रेष्ठ वि. प्रधानमन्त्री तथा मन्त्रिपरीषद्को कार्यालय समेत[९८]

- कुनै मुद्दामा मुद्दाको अनुसन्धान एवम् अनुचित अभियोजन भई तत्काल् अभियुक्त थुनामा रहेतापनि मुद्दामा अन्तिम निर्णय हुँदा कसूरबाट सफाइ पाएमा निज थुनामा बस्नु परेको अवधिलाई न्यायोचित थुना मान्न नसकिने,
- नेपाल सरकार वादी हुने फौजदारी मुद्दाको कसूरका सम्बन्धमा जानीजानी वा पूर्वाग्रह पीडित भई देखादेखी गलत अनुसन्धान र अनुचित अभियोजनका कारण आरोपित व्यक्ति थुनामा बस्नुपर्ने भई थुनमा रहेको तर मुद्दामा अन्तिम निर्णय हुँदा सफाई पाएको अवस्थामा त्यसरी थुनामा बस्नु परेको अवधिको राज्यद्वारा न्यायोचित क्षतिपूर्तिको व्यवस्था सहितको कानून निर्माण गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने।

७.१०. रामप्रवेश कुमार लोनिया मगर वि. नेपाल सरकार[९९]

- फौजदारी कसूरमा अभियोग दाबी प्रमाणित गर्दा प्रतिव्यक्ति प्रतिप्रमाणबाट पुष्टि हुनुपर्दछ । अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर प्रकृतिको फौजदारी कसूरमा प्रतिवादीउपरको अभियोग दाबी शंकारहित तवरबाट पुष्टि हुनुपर्दछ। अन्यथा शंकाको सुविधा अभियुक्तले पाउने ।

---

९५ ने.का.प २०७३, अंक ७,नि.नं.९६४० पृ.१३६२
९६ स.अ. बु. २०७५ चैत्र-२, पृ. ३३
९७ ने. का. प. २०७५, अंक १२, नि. नं. १०१४९, पृ. २२०३
९८ ने.का.प. सैंवधानिक इजलास खण्ड २०७५, अंक १, नि. नं. ०००६, पृ. ९३
९९ नेकाप २०७६,अंक २, नि.नं. १०१९७, पृ. ३०४

७.११. खुलबहादुर कुँवर वि. जिल्ला प्रहरी विशेष अदालत काठमाडौं समेत[१००]

- निर्दोष हुँदाहुँदै पनि राज्यका निकायहरुको लापरबाहीपूर्ण काम कारबाहीको परिणाम स्वरुप अनाहकमा कैदमा बस्नु परेको दुर्भाग्यपूर्ण अवस्थामा निवेदकलाई राज्यले क्षतिपूर्ति दिनुपर्ने।

७.१२. पुकारनरसिंह राणासमेत वि.महान्यायाधिवक्ताको कार्यालय समेत[१०१]

- निवेदकहरू उपर परेको पहिलो उजुरीमा अनुसन्धानको क्रममा रिट निवेदकहरूलाई कानून बमोजिम बयान गराई प्रमाण सङ्कलन गर्ने समेतका काम सम्पन्न भएको अवस्थामा कसूरदार नदेखिएको आधारमा एक पटक निवेदकहरूलाई मुद्दा नै नचलाउने भनी निर्णय गरी सकेपछि पुनः सोही अभियोगमा मुद्दा चलाउने भनी गरेको निर्णय कानूनतः मिल्ने नदेखिने,
- अमुक व्यक्तिलाई कुनै अमुक मुद्दामा सजायको मागदावी लिई अभियोजन गर्नु भनी मुद्दाको रोहमा आदेश गर्नु संवैधानिक र कानूनी व्यवस्थाको विपरीत हुनुको साथै स्वतन्त्र न्यायपालिका सम्बन्धी अवधारणा र मूल्य मान्यता को विपरीत हुने देखिने,
- यी रिट निवेदकहरू कसूरदार नदेखिएको भन्ने आधारमा मुद्दा नचल्ने गरी सरकारी वकील कार्यालयबाट निर्णय भई सोही निर्णयको आधारमा निजहरूको हकमा अभियोगपत्र पेश नभए पछि निजहरूलाई सोही कसूरमा पुनः अनुसन्धान तहकिकात गरी पूरक अभियोजन गर्ने गरेको विपक्षी निकायहरूको कार्यलाई प्रचलित संविधान एवम् कानून र न्यायिक मूल्य मान्यता अनुरूपको मान्न मिल्ने नदेखिने ।

७.१३. धनकुमारी वस्नेत वि.महान्यायाधिवक्ताको कार्यालय [१०२]

- अभियोजनको जिम्मेवारी संविधानले महान्यायाधिवक्तालाई सुम्पेको निजले अधिकार प्रत्यायोजन गरी मातहतका अधिकृतहरूलाई दिन सक्ने गरी संविधानले नै जिम्मेवारी सुम्पेको हुँदा त्यसो गर्नु सामान्यतया उसको अन्तिम जिम्मेवारी भएपनि संविधान र कानून बमोजिम गर्नुपर्ने अभियोजन नगरेको, भेदभावपूर्ण व्यवहार गरी न्यायको स्वच्छताको उल्लङ्घन भएको वा दण्डहीनताको पक्षपोषण भएको अभियोजन सम्बन्धी अधिकारको सदुपयोग नभएको र निर्णय गर्ने अधिकारीले गरेको निर्णय प्रवृत्त भावनाबाट गरेको हो, होइन भनी न्यायिक पुनरावलोकनको रोहमा अभियोजन सम्बन्धी निर्णयउपर नै प्रश्न उठेमा अदालतले त्यसको पुनरावलोकन हुनै नसक्ने भन्न संविधानले अङ्गिकार गरेको न्यायिक पुनरावलोकनको सिद्धान्तले नमिल्ने । प्रस्तुत मुद्दामा मुद्दा चल्ने वा नचल्ने निर्णय गर्ने अधिकारीले तत्काल संकलित सबुत प्रमाणको विवेचना गरी मुद्दा नचल्ने निर्णय गरेकोलाई अन्यथा भन्नुपर्ने देखिन नआउने ।

७.१४. नेपाल सरकार वि.कुलबहादुर कार्की [१०३]

- दुई वटा प्रचलित कानूनले अपराध घोषित गरी फरकफरक सजायको व्यवस्था गरेको अवस्थामा कुन अन्तर्गत उपचार माग्ने भन्ने कुरा वादी पक्षको स्वविवेक र अभियोक्ताको व्यावसायिक स्वतन्त्रतासँग सम्बन्धीत विषय बन्न जान्छ। त्यस्तो दुईवटा समानान्तर कानूनी बाटो रहेको अवस्थामा वादीलाई यो बाटो आउनु पर्दथ्यो भन्न अदालतले नमिल्ने ।

७.१५. सहन्यायाधिवक्ता टेकबहादुर घिमिरे वि.नेपाल सरकार मन्त्रिपरिषद् [१०४]

- कुनै मुद्दामा आफुलाई प्राप्त अधिकारको प्रयोग गरी कसैउपर मुद्दा चलाइएको वा नचलाइएको, कुनै कुराको दावी लिएको नलिएको भन्ने मात्र आधारमा बदनियतको पुष्टि हुँदैन । सरकारी वकीललाई प्राप्त अधिकार

---

१०० ने.का.प. २०७६, अंक ४, नि.नं. १०२५०, पृ. ८३४
१०१ ने.का.प.२०७२, अंक ६, नि.नं. ९४१४, पृ. ९७०
१०२ ने.का.प.२०७५, अंक १०, नि.नं.१०११४, पृ. १८६५
१०३ ने.का.प.२०७६, अंक ४, नि.नं.१०२४४, पृ. ७७८
१०४ ने.का.प.२०७७, अंक १०/११, नि.नं.१०५८४, पृ. १९०५

स्वतन्त्र तथा विवेकपूर्ण रुपमा प्रयोग गर्नमा स्वतन्त्र छोडिदिनुपर्छ, अंकुश ल्याउनु हुँदैन । हस्तक्षेप वा अंकुश लगाउँदा वास्तविक न्याय मर्न सक्दछ तर स्वतन्त्रताको अर्थ स्वच्छन्दता अवश्य होइन, कानूनको दायराभित्र रहेर प्रयोग हुने स्वतन्त्रता हो । मुद्दा चलाउनु वा नचलाउनुबाट मात्र बदनियतको मापदण्ड निर्धारण गर्न नमिल्ने ।

७.१६.सुन्तली धामी (शाह) विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय[१०५]

- महान्यायाधिवक्ताले गरेको निर्णय सरकारी निकायको लागि मात्र अन्तिम हुन सक्छ। धारा १३५ ले महान्यायाधिवक्तालाई उल्लिखित अधिकार दिएको भएतापनि धारा १३५ ले धारा ११७ को यस अदालतको असाधारण अधिकारलाई सिमित गर्न वा कटौनि गर्न वा नियन्त्रण गर्न नसक्ने।
- अन्तिम अवस्थासम्म सरकारवाटै पीडितको तर्फबाट मुद्दामा प्रतिरक्षा लगायतका काम गरिन्छ। पीडितको हैसित गहावमा सिमित हुन्छ। हाम्रो प्रमाणलीमा पीडितले आफै मुद्दा चलाउन सक्दैन। पीडित राज्यबाट व्यवस्थित अपराध अनुसन्धान प्रहरी र सरकारी वकीलमा भर पर्नुपर्ने हुन्छ। पीडितले आफू पीडित भएको व्यहोराको आफूमा भएको प्रमाण सहित प्रहरीमा उजुरी गर्दा प्रहरी र सरकारी वकीलले मुद्दा नचलाउदा त्यो अवस्थामा पीडितले न्याय पाउने मौलिक हकबाट बन्चित हुन पुग्ने।

७.१७. नेपाल सरकार वि. साबुद्धिन मियाँ [१०६]

- फौजदारी कसूरमा संलग्न हुने कसूरदारले एउटै व्यक्ति उपर एकै बखत विभिन्न प्रकारका कसूरु गरेको खण्डमा सो प्रतिवादी उपर एउटै वारदातबाट सृजित परिणामलाई लिएर कसूर अनुसारको सजाय माग गरी एउटै मुद्दा चलाउन सक्ने भए पनि प्रस्तुत वारदात फरक फरक मितिमा भैं फरक फरक नाबालिका उपर जबरजस्ती करणी भएको भनी स्वयम् अभियोजन गर्ने निकायले अभियोग दाबीमा माग गरेको देखिँदा अलग अलग रूपमा अभियोजन गरी मुद्दा दायर गर्नुपर्नेमा सो नगरी एउटै वारदात जस्तो रूपमा बुझी अभियोगपत्र दायर भएको देखिएको र यस्तो संवेदनशील विषयमा अभियोजनको जिम्मेवारी निर्वहन गर्ने निकायको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयले मातहतका कार्यालयलाई थप निर्देशन दिई अभियोजनको विषयलाई थप प्रभावकारी बनाउनुपर्ने हुँदा अब आइन्दा यस्तो प्रकारको त्रुटि हुन नदिन र अभियोजनको प्रभावकारितामा जोड दिन तालुक कार्यालयले विशेष ध्यान दिनु भनी महान्यायाधिवक्ताको कार्यालयका नाउँमा ध्यानाकर्षण गराउने ।

७.१८. नन्दकली बुढामगर वि. प्र.जि.अ .माधवप्रसाद ओझा [१०७]

- मानिसको हत्या हुँदा पनि अनिश्चित कालसम्म अनुसन्धानका नाममा अनुसन्धान नटुङ्याउने हो भने अभियोजन नगर्ने हो भने संविधान प्रदत्त मानव अधिकारको संरक्षण र सम्मानको कुरा निरर्थक हुन पुग्दछ । आफ्नो परिवारका मानिसहरु गुमाएर पीडित भएको अवस्थामा उजुर गर्न पनि दोषी पक्षलाई कारवाही गर्न राज्यका तर्फबाट अनुसन्धान गरिएन वा कमजोर तथा फितलो अनुसन्धान गरियो वा लामो समयसम्म अनुसन्धानमा ढिलासुस्ती गरियो वा लापरवाही देखाइयो वा अनुसन्धान गर्ने नाममा अभियोजन नै नगर्ने अभिप्रायः राखियो भने कानूनी शासनमा मानिसहरूको आस्था र विश्वास डगमगाउन सक्दछ । संविधान तथा विधिबाट शासित हुने मुलुकमा त्यस्तो कुरा स्वीकार्य हुन नसक्ने ।

---

१०५ ने.का.प.२०६८, अंक १, नि.नं.८५४१, पृ. ११२
१०६ ने.का.प.२०७२, अंक ५, नि.नं.९३९९, पृ. ८२७
१०७ ने.का.प.२०७४, अंक ७, नि.नं.९८४८, पृ. १२८५

७.१९. भीमबहादुर वस्नेत वि.नेपाल सरकार [१०८]

- न्याय सम्पादनमा अनुसन्धानकर्ताको अत्यन्तै महत्वपूर्ण भूमिका हुन्छ । तथ्य र स्पवमता नत्रको रूपमा अनुसन्धान तथा विश्लेष्ण गरी कानूनको प्रत्येक रीत पुर्याई अकाट्य वा तथ्यहरूको मालाकार रूपमा परिस्थितिजन्य प्रमाणहरु ग्रहण गरी ती प्रमाणहरूका साथ अभियोगपत्र कानूनले तोकिएको समयावधिभित्र वा त्यस्तो समय नतोकिएको अवस्थामा यथासम्भव चाँडो मुद्दा हेर्ने अधिकारी वा निकायसमक्ष प्रस्तुत गर्नु अभियोजन पक्षको प्रमुख दायित्व हुने,
- आफ्नो अधिकारको प्रयोग अत्यन्त जिम्मेवार ढंगले गर्नु पर्ने हुन्छ, अधिकार छ भन्दैमा असीमित अवधिसम्म वा अन्य परिस्थिति वा मौका हेरी मुद्दा दायर गर्ने प्रवृत्तिलाई विकसित गर्नु न्यायको रोहमा मान्य नहुने ।

७.२०. तिर्थराज दाहाल वि.काठमाडौं जिल्ला अदालत[१०९]

- फरक फरक कसूरमा फरक फरक अनुसन्धान अधिकारीले अनुसन्धान गर्ने अवधिसमेत फरक फरक तोकिएको विषयमा एउटै अभियोगपत्र एकै पटक अभियोजन हुनु पर्ने भन्ने तर्क उपयुक्त देखिन नआउने ।

७.२१. तेजिन्द्र न्यौपाने वि. झापा जिल्ला अदालत [११०]

- कुनै अपराध भएको भन्ने सूचनाको आधारमा अनुसन्धान प्रक्रियाको थालनी भएपछि सोही कसूरमा मात्रै अभियोजन हुनुपर्दछ भन्ने मान्यता स्थापित हुने हो भने अनुसन्धान र अभियोजन कार्यको परिभाषा नै सीमित हुन पुग्ने,
- कानून बमोजिम अनुसन्धान वा अभियोजन गर्ने जिम्मेवारी पाएको कुनै पदाधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसूरदारलाई जोगाउने मनसायले बदनियतपूर्वक अनुसन्धान गर्न वा अभियोग लगाउन नहुने ।

७.२२. गोविन्द उपाध्याय वि.नेपाल सरकार [१११]

- अनुसन्धानको सिलसिलामा कुनै एक कसूरमा तहकिकात आरम्भ भएको तर अनुसन्धान तहकिकात गर्दै जाँदा अर्को कसूर हो भन्ने देखिएको अवस्थामा सफाइको मौका दिई आवश्यकताअनुसार थप प्रमाण सङ्कलन गरी सुरूमा आरम्भ गरेको अनुसन्धान तहकिकात भन्दा फरक कसूरमा अभियोजन गर्न प्रचलित नेपाल कानूनले बन्देज लगाएको नदेखिएकोले चोरीको रोहबाट अनुसन्धान आरम्भ भई बैङ्किङ कसूरतर्फ थप अनुसन्धान गरी सोही विषयमा अभियोग लगाउने कार्यलाई अन्यथा भन्न नमिल्ने ।

७.२३. रमेश साह वि.नेपाल सरकार [११२]

- अनुसन्धान गर्दा शंकित व्यक्तिका विरुद्ध यथार्थ र वास्तविक प्रमाण संकलन गरिनुपर्छ । झुठ्ठा प्रमाण सृजना गरिनु हुँदैन । झुठ्ठा प्रमाणको सृजना गरी गरिएको अभियोजन तथा कारवाही प्रकृयाबाट व्यक्तिको स्वच्छ सुनुवाईको हक निष्प्रभावी हुन पुग्छ । वस्तुतः झुठ्ठा प्रमाणको सृजना गरी गरिएको अभियोजनबाट वादी पक्ष वा राज्यले मुद्दा जिते पनि अन्ततः फौजदारी न्याय प्रणाली हारेको हुन्छ । तर, स्वच्छ प्रक्रिया अवलम्बन गरी चलाइएको मुद्दामा अभियुक्त उपर सफलता प्राप्त भए वा नभए तापनि न्याय प्रणालीको हार हुने अवस्था रहँदैन । हामीले अवलम्बन गरिएको फौजदारी न्याय प्रणालीमा मुद्दा जित्ने तर न्यायले हार्नु पर्ने अनपेक्षित अवस्थाको कल्पनासम्म पनि गर्न नसकिने,

---

१०८ ने.का.प.२०७५, अंक ७, नि.नं.१००४८, पृ. १३०३
१०९ ने.का.प.२०७६, अंक ८, नि.नं.१०३२८, पृ. १६३८
११० ने.का.प.२०७७, अंक २, नि.नं.१०४३६
१११ ने.का.प.२०७७, अंक ६, नि.नं. १०५१४, पृ. ११०२
११२ मुद्दा नं. ०७२-CR-१०४३, फैसला मिति २०७८/७/४

- कुनै पनि व्यक्तिका विरुद्ध राज्यका निकायले काल्पनिक वारदात खडा गरी झुठ्ठा मुद्दामा अभियोजन लगाउने कार्य सभ्य समाजमा कल्पनासम्म गर्न नसकिने विषय हो । यो प्रहरीलाई प्राप्त अनुसन्धान गर्ने अधिकारको गम्भीर दुरुपयोग हो ।यस्तो दुरासायपूर्ण अभियोजनबाट व्यक्तिका वैयक्तिक स्वतन्त्रताको अपहरण, मानवअधिकारको गम्भीर उल्लंघन तथा कानूनी राज्यको अवधारणाको उपहास हुन जान्छ। राज्यका जिम्मेवार निकाय वा अधिकारीबाट सर्वसाधारण व्यक्तिलाई काल्पनिक वारदात खडा गरी झुठ्ठा मुद्दा लगाउनु सम्बन्धीत निकाय एवम् सभ्य राज्य व्यवस्थाका लागि नै एक अत्यन्त लज्जास्पद अवस्था हुने,
- प्रतिवादीहरु ठगीको कसूरमा सम्म संलग्न भएको तर प्रस्तुत मुद्दामा दुराशययुक्त अभियोजन भै सोको परिणामस्वरुप लामो समयसम्म निरन्तर थुनामा बस्नु परेको देखियो । वस्तुतः यस मुद्दाको अभियोगपत्र दावी गरिएको वारदात नै झुठ्ठा र काल्पनिक देखियो। तथापि निजहरु विरुद्धको दुराशययुक्त अभियोजनको परिणामस्वरुप नौ वर्षभन्दा लामो अवधिसम्म आफू संलग्न नै नभएको कसूरमा थुनामा बस्नुपर्ने अवस्थाको सृजना हुनु निजहरुको सम्मानपूर्वक बाँच्न पाउने हक र व्यक्तिगत स्वतन्त्रताको गम्भीर उल्लंघन हो । यसबाट प्रतिवादीहरुलाई अपरणीय शारीरिक एवम् मानसिक पीडा पुगेको र निजहरुको सामाजिक इज्जत प्रतिष्ठामा गम्भीर क्षति पुगेको तथ्य विवाद छैन। यस स्थितिमा राज्यको उत्तरदायित्वको सुनिश्चितताका लागि सम्बन्धीत अधिकारीलाई जिम्मेवार बनाउन र झुठ्ठा अभियोजनबाट पीडित हुन पुगेका व्यक्तिलाई न्यायोचित क्षतिपूर्ति समेत दिलाउन आवश्यक हुने।

७.२४. रामकुमार कार्की वि. नेपाल सरकार[११३]

- गलत अनुसन्धान र अनुचित अभियोगका कारण थुनामा बसेको र मुद्दाको अन्तिम निर्णय हुँदा सफाई पाएको विषयमा कानून र न्यायका जानकार, सम्बन्धीत विषय विज्ञ, अन्तर्राष्ट्रियस्तरमा अन्य प्रजातान्त्रिक मुलुकहरुले यस सम्बन्धमा गरेका कानूनी व्यवस्थासमेत अध्ययन मनन गरी यस अदालतको पूर्वआदेशानुसार उपर्युक्त कानून निर्माण गरी न्यायोचित तथा मानवोचित रुपले क्षतिपूर्ति प्रदान गर्नेतर्फ आवश्यक कारवाही गर्नु भनी निर्देशनात्मक आदेश जारी हुने ।

८. अभियोजन सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका नीति, निर्देशन तथा सरकारी वकीलहरुबाट ब्यक्त प्रतिवद्धताः

यस सम्बन्धमा निम्न प्रतिवद्धता तथा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका नीति, निर्देशनहरुलाई सरकारी वकीलहरुले आत्मसात गर्नु पर्ने देखिन्छः-

- **प.सं. २०५५/०५६/१६०, च.नं. ४४६७, मिति २०५५/१०/११ को परिपत्रः-**
    - सरकारी वकीलबाट अभियोग लगाउँदा अपराध भएको हो/होइन, अपराध भएको वा घटेको प्रमाण तथा को को अभियुक्त उपर के के आधार र प्रमाणमा क-कसलाई कुन-कुन अपराधमा सजाय गरिनुपर्ने भन्ने बारेमा स्पष्ट उल्लेख हुनुपर्ने।
- सरकारी वकील दिग्दर्शन, २०६३,
- मिति २०६७।१२।२७ मा जारी भएको सरकारी वकीलहरुका लागि कार्य निर्देशिका,
- अभियोगपत्र लेखन सम्बन्धमा तत्काल सुधार गर्न जारी गरिएको मिति २०७३/०३/३० को निर्देशन,
- सरकारी वकीलहरुको प्रथम, दोश्रो तथा तेश्रो राष्ट्रिय सम्मेलन एवम् सरकारी वकील तथा प्रहरीको प्रथम तथा दोश्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र मार्फत वस्तुगत प्रमाण सहित अभियोजन गर्ने सम्बन्धमा व्यक्त गरिएको प्रतिवद्धता,
- दोश्रो तथा तेश्रो पञ्चवर्षीय रणनीतिक योजनाले अंगिकार गरेको सरकारवादी मुद्दाको अभियोजनलाई वस्तुगत तथा प्रभावकारी बनाउने मूल लक्ष्य एवम् वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने रणनीति,

११३ ने.का.प.२०७७, अंक १०/११, नि.नं.१०५९३, पृ. १९९०

- अभियोजन नीति तथा मार्गदर्शन, २०७७,
- अभियोजन सुधार सम्बन्धमा जारी गरिएको प.सं. ०७७/०७८, च.नं. सचिवालय/४५, मिति २०७७/०६/२२ को निर्देशन।

९. अभियोजन परीक्षणले देखाएका केही तथ्यहरु

महान्यायाधिवक्ताको कार्यालयले अभियोजन गर्ने सरकारी वकील कार्यालयहरुको अनुगमन गर्दा अभियोजन परीक्षण गर्ने कार्य समेत गर्दै आएको छ। त्यसरी परीक्षण भएर महान्यायाधिवक्ताको कार्यालयमा पेश भएका प्रतिवेदनहरुको अध्ययन गर्दा मुख्यतः निम्न बमोजिमका कमजोरीहरु रहेको तथ्यगत अवस्था देखिएको छ। यद्दपी धेरै राम्रा अभ्यासहरु पनि कतिपय सरकारी वकीलबाट भएको देखिन्छ।

- कतिपय कार्यालयमा अभियोजन सम्बन्धी छुट्टै निर्णय पुस्तिका नभएको, भएकोमा पनि अभियोगपत्र दायर गरिसकेपछि सबै अभियोग खण्ड निर्णय पुस्तिकामा सार्ने गरेको,
- निर्णयमा आधार कारण नखुलेको,
- प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्ति, अभिलेखिकरण र निर्देशन दिने अभ्यास कमजोर रहेको,
- जाहेरी दरखास्त तामेलीमा राख्ने अभ्यास न्यून रहेको,
- कसूर पीडितलाई क्षतिपूर्ति भराउने प्रयोजनार्थ अनुसन्धानको क्रममा अभियुक्तको सम्पत्ति वा आयस्रोत खोजी गरी विवरण प्रस्तुत गर्ने कार्य न्युन मात्रामा हुने गरेको,
- कसूर पीडितसँगको समन्वयको अवस्था कमजोर रहेको,
- अभियुक्तलाई गैर हिरासतीय तरीका अवलम्वन गरी अनुसन्धान गर्ने अभ्यास न्यून रहेको,
- पीडित प्रभाव प्रतिवेदन प्राप्त गरेर अभियोग पत्र साथ पेश गर्ने अभ्यास हुदै नभएको,
- सजाय छुटको दावी लिई अभियोजन गर्ने अभ्यास न्यून रहेको,
- खास किसिमका सानातिना कसूरमा मुद्दा नचलाउने अभ्यास भएको नदेखिएको,
- अभियुक्तलाई हिरासतमा राख्न म्याद थप माग गर्दा सरकारी वकीलले केवल अनुसन्धान अधिकारीको पत्र अगाडी वढाउने कार्य मात्र गरेको देखिएको,
- साक्षी बकपत्रमा सरकारी वकीलको उपस्थिति कमजोर रहेको गुनासो आएको,
- बालबालिका सम्वन्धी ऐन र बाल न्याय सम्पादन (कार्यविधि) नियमावलीले निर्धारण गरेको कार्यविधिको प्रयोगमा कमजोरी देखिएको।

अभियोजनको प्रभावकारिता लागि सरकारी वकीलले उपयुक्त कमी कमजोरीलाई सुधार गर्नुपर्ने देखिन्छ।

१०.अभियोजनको प्रभावकारिताका सन्दर्भमा संहिता कानूनहरुको प्रयोगमा देखिएका कठिनाई

जाहेरी दरखास्त/कसूरको सूचना दर्ताका सम्बन्धमा

मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली ,२०७७ ले जाहेरी दरखास्त/कसूरको सूचनाको प्राप्ति र दर्ता प्रकृयाका बारेमा व्यवस्था गरेको छ । जाहेरी दरखास्त जस्तोसुकै आएपनि दर्ता गर्नैपर्ने वाध्यात्मक कानूनी व्यवस्था भएको अवस्थामा दर्ता गर्नुपर्ने अधिकारीले दर्ता गर्न इन्कार गरेमा उजुरी सम्बन्धी व्यवस्था गरिएको छ ।[११४] अनुसूची- १ का मुद्दामा प्राय :सरकारी वकील समक्ष जाहेरी दरखास्त दर्ता नभएको खण्डमा उजुरी आउने र अनुसूची 2 का मुद्दामा अवस्था अनुसार जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयमा त्यस्तो उजूरी आउने गर्दछ । अनुसूची- १ का मुद्दामा सरकारी वकील कार्यालयले त्यस्तो उजूरी सम्बन्धीत प्रहरी कार्यालयमा पठाउनै पर्ने ,आफ्नो विवेक प्रयोग गरी दरपीठ गर्न नसक्ने अवस्था

११४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम ३,४ र ५

छ।[११५] तर अनुसूची- २ का मुद्दामा भने जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयले त्यस्तो उजूरी दर्ता गर्ने वा नगर्ने निर्णय 3 दिन भित्र गरी सो निर्णयअनुसार गर्न गराउन सम्बन्धीत कार्यालयमा पठाउन सक्ने व्यवस्था भएबाट जिल्ला प्रशासन कार्यालय वा गृह मन्त्रालयले विवेक प्रयोग गरी निर्णय गर्न सक्ने अवस्था रहेको छ।[११६] अनुसुची- १ का मुद्दामा जाहेरी दरखास्त दर्ता नभए उपर परेको उजूरीमा सरकारी वकील कार्यालयले निर्णय गर्नका लागि समेत अनुसूची- २ का मुद्दा सरह समान व्यवस्था हुनुपर्ने अवस्था छ । जसले अनावश्यक रुपमा जाहेरी दरखास्त दिने प्रवृतिलाई निरुत्साहित गर्न सहयोग पुर्याउँछ ।

जाहेरी दरखास्त तामेलीमा राख्ने सम्बन्धमा

भ्रमपूर्ण, झुट्टा वा काल्पनिक जाहेरी दरखास्त सूचनालाई तामेलीमा राख्न सकिने प्रकृयाका सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७४ ले व्यवस्था गरेका छन्।[११७]

यस प्रकृयाका लागि जाहेरी दरखास्त दर्ता भएपछि तत् सम्बन्धमा प्रारम्भिक अनुसन्धान हुनुपर्ने हुन्छ। प्रारम्भिक अनुसन्धान प्रतिवेदन सम्बन्धी व्यवस्था भन्दा पछि यो व्यवस्थालाई राखिएको, प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्रारम्भिक अनुसन्धान शुरु गरेको तीन दिनभित्र सम्बन्धीत सरकारी वकील कार्यालयमा पठाउनु पर्ने र जाहेरी दरखास्त तामेलीमा राख्नका लागि सामान्यतया तीन दिनभित्र नै पठाउनुपर्ने व्यवस्था भएकोले पनि यदि प्रारम्भिक अनुसन्धाबाट जाहेरी दरखास्त भ्रमपूर्ण ,झुट्टा वा काल्पनिक देखिई थप अनुसन्धान गर्न आवश्यक नभएमा वा निरर्थक भएमा सोही व्यहोरा उल्लेख गरी जाहेरी दरखास्त तामेलीमा राख्ने अभ्यासलाई बढाउनुपर्ने अवस्था छ । दर्ता भइसक्यो भन्दैमा त्यस्तो जाहेरी दरखास्त उपर थप अनुसन्धानका काम गर्ने र अभियोजन समेत गर्ने हालको अभ्यासले अभियोजनको प्रभावकारितामा कमी ल्याएको छ । साच्चिकै घटना भएको वा आरोपित गरिएका व्यक्तिले कसूर गरेको हो भन्ने प्रमाण मुद्दाको हदम्याद भित्र सम्बन्धीत पक्षले पेश गर्न सकेमा तामेलीबाट जगाई अनुसन्धान गरेर कारवाहि हुन सक्ने भएकोले पनि यो कानूनी व्यवस्थाको प्रयोगमा हिचकिचाउनु पर्ने अवस्था छैन । भ्रमपूर्ण ,झुठा वा काल्पनिक देखिएको जाहेरी दरखास्तका आधारमा अनुसन्धान प्रकृया अगाढी नबढाई त्यस्तो जाहेरी दरखास्तलाई तामेलीमा राख्ने नीति महान्यायाधिवक्ताको कार्यालयले अख्तियार गरेको हुँदा[११८] समेत सबै सरकारी वकील तथा अनुसन्धानकर्ता यो व्यवस्थाको अभ्यास गर्न निरुत्साहित हैन उत्साहित हुनुपर्ने अवस्था छ ।

पक्राउ पूर्जी र जरुरी पक्राउ पूर्जी सम्बन्धमा

बैयक्तिक स्वतन्त्रताको उच्च सम्मानका लागि "पहिले सुन अनि थुन" भन्ने अवधारणालाई साकार पार्न संकित व्यक्ति उपर सबै प्रमाण संकलन गरीसकेपछि मात्र पक्राउ गर्ने, पक्राउ गर्नुअघि मुद्दा हेर्ने अधिकारीको अनुमति लिनुपर्ने र केही विशेष अवस्थामा मात्र मुद्दा हेर्ने अधिकारीको अनुमति नलिई जरुरी पक्राउ पूर्जी दिई पक्राउ गरी तुरुतै त्यसलाई मुद्दा हेर्ने अधिकारीबाट समर्थन गराउनुपर्ने ब्यवस्था भएको हो ।[११९] तर व्यवहारमा त्यसो नभई जरुरी पक्राउ पूर्जी अनिवार्य अथवा नियम र मुद्दा हेर्ने अधिकारीको अनुमतिले जारी गरिने पक्राउ पूर्जी अपवाद बन्न पुगेको छ । शंकित व्यक्तिलाई जाहेरी दरखास्त दर्ता हुनासाथ पक्राउ गरिहाल्ने र गैरहिरासतीय उपाय अवलम्वन नगरी हिरासतमै राख्ने तथा हिरासतमा राख्ने अवधि सकिएपछि प्रमाण नभए पनि मुद्दा चलाउनै पर्ने परम्परागत अभ्यासले अझै छोड्न सकेको छैन । जसले गर्दा पहिले शंकित ब्यक्ति विरुद्व यथेष्ट प्रमाण संकलन

---

११५ ऐ. को दफा ५ को उपदफा (१), (२) र (३) तथा नियम ६

११६ ऐ. को दफा ५ को उपदफा (४), (५) र (६) तथा नियम ७ र ८

११७ ऐ को दफा ११ र नियम १६

११८ पूर्वपाद १३ को परिच्छेद २ को बुदा नं २.२.१

११९ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ र मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ३,४,५

गर, प्रमाण संकलन हुन सके पक्राउ गरेर निज उपर अभियोजन गर, प्रमाण संकलन हुन नसकेमा मुद्दाको हदम्यादलाई समेत विचार गरेर हदम्याद बाँकी हुँदासम्म अनुसन्धान गरी संकलित प्रमाणका आधारमा अभियोजन गर्ने नगर्ने निर्णय गरी अभियोजनमा प्रभावकारिता ल्याउनका साथै व्यक्तिको वैयक्तिक स्वतन्त्रताको समेत सम्मान गर भन्ने मान्यता बोकेको यस सम्बन्धी कानूनी व्यवस्थाले सार्थकता पाउन सकेको छैन ।

प्राराम्भिक अनुसन्धान प्रतिवेदन र निर्देशन सम्वन्धमा

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अनुसुची १ र २ का कसूरको जाहेरी दरखास्त/ सूचना दर्ता भएपछि अनुसन्धान अधिकारीले तुरुन्त प्रारम्भिक अनुसन्धान गरी त्यस्तो अनुसन्धान शुरु भएको तीनदिन भित्र सम्बन्धीत सरकारी वकील कार्यालयमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन पठाउनुपर्ने व्यवस्था गरेको छ । प्रारम्भिक अनुसन्धानको परिभाषा पनि उक्त संहिताले गरेको छ ।[१२०] उक्त प्रतिवेदनको ढाँचा फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ ले निर्धारण गरेको छ ।[१२१] यस्तो प्रतिवेदन प्राप्त भएपछि सरकारी वकीलले अनुसन्धान अधिकारीलाई कसूरको अनुसन्धानका लागि केही निर्देशन दिन आवश्यक छ छैन भन्ने निक्यौंल गरी आवश्यक भए निर्देशन दिनु पर्ने कर्तब्य पनि निर्धारण गरेको छ । सरकारी वकीलले दिएको निर्देशन पालना गर्नु अनुसन्धान अधिकारीको कर्तब्य हुने पनि कानूनले नै निर्धारण गरेको छ । यो व्यवस्था केवल कानूनी व्यवस्था गर्नका लागि मात्र होइन । अभियोजनलाई प्रभावकारी बनाउनका लागि कसूरको अनुसन्धानको प्रारम्भिक चरणदेखि नै अनुसन्धानकर्ताले गरेको अनुसन्धानको कार्यको जानकारी अभियोजनकर्तालाई होस्, अनुसन्धानकर्ताले गरेको प्रमाण संकलनका कार्यमा कुनै कानूनी त्रुटी नहोस र स्वच्छ सुनुवाइका मान्यता बमोजिम संकलित प्रमाणमा कुनै पनि प्रश्न उठ्न नसकी अभियोजन स्वच्छ, निश्पक्ष भई यथार्थपरक होस् भन्नका लागि हो । "सरकारी वकीलले अनुसन्धानका लागि अनुसन्धान कर्तालाई निर्देशन दिने कुरालाई बाध्यात्मक रुपमा कर्तब्य नतोकेको भएपनि जिम्मेवार पदाधिकारीले उक्त कानूनी प्रावधानलाई निष्क्रियताको रुपमा लिन मिल्ने हुदैन । अनुसन्धानलाई बलियो, भरपर्दो र विश्वासिलो बनाउन सम्वन्धित अनुसन्धान कर्तालाई आवश्यक निर्देशन दिन सक्ने अधिकार दिएको कुरालाई सरकारी वकीलले बिर्सन नहुने" भनी सर्वोच्च अदालतबाट विभिन्न मुद्दामा[१२२] ब्याख्या गरी सरकारी वकीललाई यो अधिकारको प्रयोग गर्न झक्झक्याएको पनि छ। प्रारम्भिक अनुसन्धान प्रतिवेदनको प्राप्ति पछि आवश्यक परेको खण्डमा सरकारी वकीलले अनुसन्धानकर्तालाई निर्देशन दिन सक्ने विषय के के हुन सक्छन् भन्ने बारेमा महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ ले सरकारी वकीलहरुलाई मार्गनिर्देशन दिएको समेत छ।[१२३] यति हुँदाहुदै पनि अनुसन्धानकर्ताले प्राराम्भिक अनुसन्धान प्रतिवेदन पठाउदा जाहेरी दरखास्तको प्रतिलिपि मात्र राखेर पठाई केवल औपचारिकता मात्र निर्वाह गर्ने, सरकारी वकील कार्यालयले तत्सम्बन्धमा अभिलेख नै नराख्ने र निर्देशन दिनु पर्ने-नपर्ने बारेमा कुनै निर्णय नगर्ने/जस्ता कमजोरी देखिएका छन्। जसको असर अभियोजनको प्रभावकारितामा परेको छ।

सरकारी वकीलले अनुसन्धान कर्तालाई निर्देशन दिन सक्ने सम्बन्धमा प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्तिपछि तत् सम्बन्धमा मात्रै सीमित छैन। जाहेरी दरखास्त तामेलीमा राख्न अनुसन्धानकर्ताले पेश गरेको प्रतिवेदन अनुसार तामेलीमा नराखी थप अनुसन्धान गर्नुपर्ने भएमा सोका लागि[१२४], कसूरको अनुसन्धानका समयमा अनुसन्धानकर्ताले राय सल्लाह मागेमा सो राय प्रदान गर्दा तथा अनुसन्धान टोली/ अधिकारीवाट अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदन अध्ययन गर्दा[१२५] थप अनुसन्धान गर्न आवस्यक देखिएमा सरकारी वकीलले अनुसन्धानकर्तालाई

---

१२० पूर्वपाद १२ को दफा १०,

१२१ फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ को नियम १५ र अनुसुची-५

१२२ हेर्नुहोस; ने.का.प. २०६३, अंक ७, नि. नं ७७३१, पृ. ८७९, ने.का.प २०६८, अंक ८, नि. न ८६६८, पृ. १३७६ र ने.का.प. २०७२, अंक ३, नि.नं ९३६७, पृ. ४९८

१२३ पूर्वपाद १३ को परिच्छेद ३ को बुँदा नं. ३.१.१

१२४ पूर्वपाद १२ को दफा ११ को उपदफा (२)

१२५ ऐ. को दफा २६(३), दफा १२ को उपदफा (६) र दफा ३१ को उपदफा (४)

निर्देशन दिन सक्छ। यसका अतिरिक्त अभियुक्तको बयान गराउने र अभियुक्तलाई हिरासतमा राख्ने अनुमतिका लागि मुद्दा हेर्ने अधिकारी समक्ष अनुमति माग गर्ने क्रममा मिसिल अध्ययन गर्दा समेत त्यतिन्जेल भएको अनुसन्धानको आधारमा अनुसन्धान कर्तालाई केही निर्देशन दिनु पर्ने देखिएमा सरकारी वकीलले निर्देशन दिन सक्छ। यसर्थ, अनुसन्धान अधिकारीले मिसिल अभियोगपत्र दायर गर्ने अन्तिम समयमा ल्याएकोले थप अनुसन्धानका लागी निर्देशन दिन सकिएन भनेर सरकारी वकीलले उम्कन मिल्ने अवस्था छैन। कानूनमा यत्तिका व्यवस्था हुँदा हुदै पनि अभियोजनलाई प्रभावकारी बनाउनका लागि अनुसन्धानको चरणमा अनुसन्धानकर्तालाई निर्देशित गर्ने अधिकारको प्रयोग सरकारी वकीलबाट यथेष्ट र उचित रुपमा भएको देखिएको छैन।

अनियुक्तको बयान र म्याद थप सम्बन्धमा

कसूरको अनुसन्धानको चरणमा हुने अभियुक्तको बयान केवल औपचारिकता मात्र होइन । यो अभियुक्तलाई दिइने सुनुवाईको मौका पनि हो । त्यसैले मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ ले कसूरको अनुसन्धानको चरणमा अभियुक्तको बयान लिने व्यवस्था गरेको हो ।[१२६]

यसरी लिइने बयानमा पनि स्वच्छ सुनुवाइका मान्यतालाई अवलम्वन गरिनु पर्दछ ।औपचारिकतामा मात्र सिमित नराखी प्रमाण ऐन, २०३१ को दफा ९ (२) (क) बमोजिम प्रमाण ग्राह्य हुने गरी यो बयान गराउन सरकारी वकीलले विशेष ध्यान दिनुपर्नेमा त्यसो हुन नसकेको भन्ने गुनासो सरकारी वकील उपर रहने गरेको छ । यो बयान गराउदा कसूरका सम्बन्धमा अभियुक्तले खुलाउन चाहेमा सकेसम्म धेरै विवरण खुलाउन एवम् कसूरको गम्भीरता बढाउने र घटाउने तथा पीडित पक्षलाई विगो भराउने प्रयोजनार्थ अभियुक्तको आर्थिक हैसियत समेत खुलाउन सकिएमा अभियोजनमा प्रभावकारिता आउने हुन्छ । कानूनतः यसका लागि कुनै बाधा नभए पनि त्यता तर्फ अनुसन्धानकर्ता र अभियोजनकर्ताको खासै ध्यान पुग्न सकेको छैन। अभियुक्तको बयान गराउदा सरकारी वकीलले ध्यान दिनुपर्ने विषयका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन, २०७७ बाट मार्ग निर्देशन समेत भएको छ।[१२७] सो को प्रयोग गर्ने तर्फ सबै सरकारी वकीलले ध्यान दिनु पर्दछ ।

अभियुक्तलाई हिरासतमा राखी अनुसन्धान गर्ने अवस्थामा सरकारी वकील मार्फत मुद्दा हेर्ने अधिकारी समक्ष आधार कारण खुलाई अनुमति माग गर्नुपर्ने कानूनी व्यवस्था छ।[१२८] यो व्यवस्था पनि औपचारिकता पूरा गर्नका लागि मात्र होइन। यसको प्रयोगका सन्दर्भमा सर्वोच्च अदालतबाट व्याख्या गर्दै अन्तिम विकल्पका रुपमा मात्र हिरासतमा राखेर अनुसन्धान गर्नुपर्ने र हिरासतमा राख्नका लागि पर्याप्त आधार कारण हुनुपर्ने/खुलाउनुपर्ने तर्फ इङ्गित गरिएको छ।[१२९] कानूनले अभियुक्तलाई गैर हिरासतीय तरिकाबाट निगरानीमा राखी (धरौट/जमानत, तारिख) अनुसन्धान गर्न सकिने समेत व्यवस्था गरेकोमा सोको अभ्यास न्यून भएको छ । जाहेरी पर्नासाथ अभियुक्तलाई जस्तोसुकै कसूर र अवस्थामा पनि पक्राउ गरी हिरासतमै राख्नुपर्ने र हिरासतमा राख्ने अवधि व्यतित भएपछि प्रमाण पर्याप्त नभए पनि मुद्दा चलाउनै पर्ने परम्परागत अभ्यासलाई छोड्न नसक्दा कसूरको हदम्याद रहँदा सम्म अनुसन्धान गरेर प्रमाण संकलन गरी अभियोजनलाई प्रभावकारी बनाउन सकिने अवसरबाट बञ्चित हुनु परिरहेको छ ।यस अवस्थालाई सुधार गर्नुपर्ने आवश्यकता रहेको छ ।

---

१२६ पूर्वपाद १२ को दफा १६

१२७ पूर्वपाद १३ को परिच्छेद ३ को बुँदा नं. ३.१.४

१२८ पूर्वपाद १२ को दफा १४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ६ र फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमवाली, २०७५ को नियम १९

१२९ हेर्नुहोस् ने.का.प. २०६६, अंक १, नि.नं. ८०५०, ने.का.प. २०७१, अंक ८, नि.नं. ९२३६ र ने.का.प. २०७४, अंक १, नि.नं. ९७४४

अनुसन्धान प्रतिवेदन सम्बन्धमा

अनुसन्धान प्रतिवेदन सामान्यतया अभियुक्त हिरासतमा रहेको अवस्थामा हिरासतमा राख्न पाउने अवधी समाप्त हुने मिति भन्दा तीन दिन अघि र अभियुक्त हिरासतमा नरहेको अवस्थामा अनुसन्धान भएको कसूर उपर मुद्दा चलाउन हद म्याद पुग्ने दिन भन्दा १५ दिन अघि अनुसन्धान अधिकारीले सरकारी वकील समक्ष पेश गर्नुपर्ने कानूनी व्यवस्था छ। यो अवधि के का लागि भन्ने पनि कानूनमा नै उल्लेख छ।[१३०] व्यवहारमा भने यो प्रतिवेदन अधिकांशतः अभियोग पत्र दायर गर्नुपर्ने दिन भन्दा अघिल्लो दिन मात्र आउने गरेको कारण र हिरासतमा रहेको व्यक्तिलाई मुद्दा चलाउनै पर्ने, मुद्दाको हदम्याद बाँकी रहेको भए हाजिर जमानी/धरौट/तारिखमा छोडेर थप अनुसन्धान गराउनुपर्ने आवश्यकता भएमा सो गरेर मुद्दा चलाउने नचलाउने निर्णय गर्ने गराउने तर्फ नलाग्ने परम्परागत अभ्यासका कारण प्रभावकारी अभियोजनमा कठिनाई उत्पन्न भएको छ ।

अभियोजन निर्णय र अभियोग प्रस्तुति सम्बन्धमा

मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ ले अभियोजन निर्णय सम्बन्धमा विभिन्न व्यवस्था गरेको छ । पूर्ण रुपमा मुद्दा चलाउने/नचलाउने ,आंशिक रुपमा मुद्दा चलाउने नचलाउने ,सजाय कम गर्ने दावी लिई मुद्दा चलाउने , खास किसिमका सानातिना कसूरमा मुद्दा नचलाउने ,व्यक्तिले नै मुद्दा चलाउन लेखी पठाउने गरी सरकारले मुद्दा नचलाउने जस्ता निर्णय सरकारी वकीलले गर्न सक्छ।[१३१] खास किसिमका सानातिना कसूर बाहेक अन्य मुद्दामा प्रमाणको पर्याप्तता भएमा मात्र मुद्दा चलाउन कानूनले निर्देशित गरेको छ।[१३२] महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति तथा मार्गदर्शन ,२०७७ ले पनि सोही नीति अख्तियार गरेको छ।[१३३] तथापि सरकारी वकीलबाट प्रमाण पर्याप्त नभएका मुद्दामा अभियोजन नगर्ने अभ्यास ज्यादै न्यून रहेको छ । सजाय छुटको दावी लिएर मुद्दा चलाउने तथा खास किसिमका सानातिना कसूरमा मुद्दा नचलाउने अभ्यास पनि न्यून देखिएको छ । कानूनतः कुनै कठिनाई नभएता पनि व्यवहारतः हुन नसकेका यी तथ्यगत अवस्थाबाट अभियोजनको प्रभावकारितामा कमी ल्याएको छ ।

अभियोग पत्रको ढाँचा मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को अनुसूची 20 मा निर्धारण गरिएको छ । जुन अत्यन्त भद्दा प्रकृतिको भएको कारण अभियोगपत्र प्रस्तुति चुस्त हुनमा कठिनाई भएको देखिन्छ ।

अनुसन्धान र अभियोजनकर्ता बीचको समन्वय सम्बन्धमा

मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ ले कसूरको अनुसन्धान र अभियोजनसँग संलग्न निकायका बीचमा आवश्यकता अनुसार समन्वय कायम गरी अनुसन्धान तथा अभियोजन सम्बन्धी कार्यमा प्रभावकारीता ल्याउन महान्यायाधिवक्ताको अध्यक्षतामा समन्वय समिति रहने व्यवस्था गरेको छ।[१३४] यही समितिले निर्णय गरी निर्देशन दिए बमोजिम उच्च तथा जिल्ला सरकारी वकील कार्यालय तहमा समेत समन्वय समिति गठन भएका छन् । तर ती समितिहरुलाई कानूनी रुपमा नै व्यवस्थित गर्न नसक्ता खासै प्रभावकारी हुन सकेका छैनन् । अभियोजनको प्रभावकारीताका लागि सरोकारवाला निकाय बीचको समन्वयलाई प्रभावकारी बनाउन उक्त दुबै समितिलाई कानूनी हैसियत दिई व्यवस्थित गर्न जरुरी छ ।

---

१३० पूर्वपाद १२ को दफा ३१ को उपदफा (३) र (४)

१३१ पूर्वपाद १२ को दफा ३१ को उपदफा (३), दफा ३२ को उपदफा (६), (८), दफा ३३ र दफा ३४

१३२ ऐ. को दफा ३१ को उपदफा (१) र (४)

१३३ पूर्वपाद १३ को परिच्छेद २ को बुँदा नं. २.२.८

१३४ पूर्वपाद ७१

बहस, पैरवी र प्रतिरक्षा सम्बन्धमा

सरकारवादी फौजदारी मुद्दामा सरकारी वकीलले मुख्यतः थुनछेक आदेश हुँदा ,कसूर ठहर गर्ने नगर्ने सुनुवाइ हुँदा र सजाय निर्धारणको सुनुवाइ हुँदा बहस गर्नुपर्ने हुन्छ। कहिलेकाँही अभियुक्तलाई हिरासतमा राख्न म्याद थप गर्ने नगर्ने सन्दर्भमा पनि बहस गर्नुपर्ने हुन्छ। पैरवीका क्रममा साक्षीको बकपत्र गराउन प्रमुख भूमिका निर्वाह गर्नुपर्दछ। साक्षीको बकपत्रमा सरकारी वकीलको प्रभावकारी उपस्थिति भएन भन्ने आम गुनासो आइरहेकोले त्यसमा सुधार गर्न ध्यान दिनुपर्ने आवश्यकता छ। बहसमा सरकारी वकील प्रभावकारी रूपमा प्रस्तुत हुन नसकेको भन्ने पनि गुनासो आउने गरेको छ। कसूर ठहर होस् ,मागदावि गरिएको कानूनको दफा बमोजिम सजाय होस् र पीडितलाई मनासिब क्षतिपूर्ति भराइयोस् भन्ने परम्परागत तरिकाको बहसमात्र अब प्रभावकारी हुँदैन। खासगरी सजाय निर्धारण बहसमा कसूरदारलाई सजाय तथा पीडितलाई बिगो/क्षतिपूर्ति कति र के आधारमा निर्धारण गरिनुपर्ने भन्ने जिकिर सरकारी वकीलले प्रस्तुत गर्न सक्नुपर्नेमा सो हुन नसकेको अवस्था छ। यसका लागि कसूरको अनुसन्धान र अभियोगपत्रको दायरीकै अवस्थादेखि आधारहरूको खोजी र प्रस्तुती गरी बहसका लागि आधार तयार गरिनुपर्दछ। फौजदारी कसूर) सजाय निर्धारण तथा कार्यान्वयन (ऐन ,२०७४ मा भएका सजाय निर्धारण सम्बन्धी कानूनी व्यवस्थालाई सहज रूपमा कार्यान्वयन गर्नका लागि सर्वोच्च अदालतले मार्गदर्शन जारी गर्दै विभिन्न प्रकृतिका कसूरको वर्ग विभाजन गरी सजाय निर्धारणका लागि १५ वटा चरणको व्यवस्था गरेको छ।[१३५] महान्यायाधिवक्ताको कार्यालयले पनि सजाय निर्धारण प्रकृयामा बहस पैरवी गर्न सरकारी वकीलहरूको सहजताका लागि मार्गदर्शन जारी गरेको छ।[१३६] उल्लिखित दस्तावेजहरू लगायत मुलुकी अपराध संहिता, २०७४ को दफा ३८ र ३९ मा उल्लिखित कसूरको गम्भीरता बढाउने र घटाउने अवस्था, अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ३१ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ४१ मा उल्लिखित कसूर पीडितलाई क्षतिपूर्ति भराउने आधारहरूको जगमा सजाय निर्धारण सम्बन्धी बहसमा आफूलाई प्रभावकारी रूपमा प्रस्तुत गर्ने आधार कसूरको अनुसन्धानकै चरणबाट तयार गराई अभियोगपत्रसाथ ती आधार प्रस्तुत गरेर सरकारी वकील बहसमा प्रभावकारी रूपमा प्रस्तुत हुने तर्फ विशेष ध्यान दिनुपर्ने अवस्था छ।

११. अभियोजनको प्रभावकारितामा संहिता कानूनहरुको कार्यान्वयनमा देखिएका कठिनाई सुधार गर्ने उपाय

मुलुकी पौजदारी संहिता कानूनहरु कार्यान्वयनमा आएको चार वर्ष व्यतित भइसकेको छ। यी कानूनहरुले अभियोजनका अतिरिक्त समग्र पौजदारी न्याय प्रशासनलाई नै प्रभावकारी बनाउने उद्देश्यले विभिन्न नवीनतम् व्यवस्था गरेका छन् । ती नवीनतम् व्यवस्थाको उचित कार्यान्वयन नभएको अवस्था तथा केही सारवान कानूनी प्रावधानमा भएको जटिलता अभियोजनको प्रभावकारिताका लागि कठिनाईको रुपमा रहेको तथ्य माथि विभिन्न प्रकरणमा गरिएको विश्लेषणबाट देखिएको छ । जसको सुधारका लागि मुख्यतः निम्न उपाय अवलम्वन गर्न सकिन्छः

कानूनी व्यवस्थामा सुधार

- मुलुकी अपराध संहिता, २०७४ को परिच्छेद- २० मा चोरी तथा डाँका सम्बन्धी कसूर अन्तर्गत चोरीको सामान राख्ने वा खरिद गर्नेको हकमा कसूर कायम गरेको अवस्था नभएकोले हालसम्म सोही संहिताको दफा २८७ बाट कसूर गरी प्राप्त गरेको सम्पत्ति लिन नहुने कसूरमा दाबी लिने गरिएकोमा प्रस्तुत दफामा तत् सम्बन्धमा स्पष्ट कसूर कायम गरेको अवस्था नभएको र चोरी तथा डाँकाको कसूरसँग सजायको एकरुपता समेत नभएको हुँदा सो तर्फ आवश्यक संशोधन हुन पर्ने,

१३५ हेर्नुहोस् सजाय निर्धारण सम्बन्धी मार्गदर्शन, २०७५ (सर्वोच्च अदालत)

१३६ हेर्नुहोस् सजाय निर्धारण प्रकृयामा सरकारी वकीलको जिम्मेवारी सम्बन्धी मार्गदर्शन, २०७६ (महान्यायाधिवक्ताको कार्यालय)

- डाँका चोरी तर्फ मुलुकी अपराध संहिता, २०७४ को दफा २४४(२)(घ) ले चोरीमा तीन जना वा तीन जनाभन्दा वढीको जमात भै चोरी गरेमा डाँका हुने भनी कसूर कायम गरेकोमा सामान्य चोरीको वारदात भएको भनी अदालतबाट प्रश्न उठ्ने र साधारण चोरीको कसूर कायम भई फैसला हुने गरेको हुँदा यो प्रावधानमा संशोधन हुनुपर्ने,
- मुलुकी फौजदारी कार्यविधि सहिता, २०७४ को दफा १५ बमोजिम अनुसन्धानको अवधिमा अनुसन्धान अधिकृतले सरकारी वकीलको सहमतिले वा पर्चा खडा गरी जिम्मा जमानीमा वा हाजिर जमानीमा छाडिएकोमा मनासिव कारण विना जमानतको सर्तविना जमानी जाने र लिने अनुपस्थित भएको अवस्थामा मुलुकी अपराध संहिता, २०७४ को दफा १०० बमोजिमको कसूरमा समेत पर्ने अवस्थामा सो दफा १०० मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसुची -१ मा समावेश नभएको हुँदा सो तर्फ आवस्यक संशोधन हुनु पर्ने,
- सामान्य कार्यविधि अनुसार मुद्धाको कारवाही हुने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसुची- १ मा समावेश भएका मुद्धाहरुको अनुसन्धानको सिलसिलामा आवस्यकता अनुसार संकितको सम्पत्ति रोक्का राख्ने व्यवस्था नभएकोले पीडितको अधिकार सुनिश्चित गरी फैसला कार्यान्वयनमा सहजताको लागि यो प्रावधान राख्न आवश्यक संशोधन हुनु पर्ने,
- मुलुकी अपराध संहिता, २०७४ को दफा २७७ को कीर्ते लिखत सद्दे सरह राख्न वा व्यबहारमा ल्याउन नहुने भन्ने कसूरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश हुनेगरी कानून संशोधन हुनुपर्ने,
- मुलुकी अपराध संहिता, २७४ को दफा ८५, दफा ८९, दफा ९० र दफा ९१ तथा परिच्छेद- २४ नापतौल सम्बन्धी कसूरलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ मा समावेश हुनेगरी कानून संशोधन हुनुपर्ने,
- मुलुकी अपराध संहिता, २०७४ को चोरी सम्वन्धी कसूरको हदम्याद सम्बन्धी व्यवस्थामा चोरीको सामान वरामद भएकोमा बरामद भएको मितिले भन्ने व्यवस्था नहुनुले हदम्याद नाघेपछि दशीसाथ कसूरदार फेला परेको अवस्थामा मुद्दा चल्न सक्ने अवस्था नभई कसूरदार उम्कने सम्भावना रहेकोले यस प्रावधानमा संशोधन हुनु पर्ने,
- मुलुकी अपराध संहिता, २०७४ को चोरी तथा डाँका सम्वन्धी कसूरमा चोरी तथा डाँका भै कसूरदारबाट बरामद भएको सामान तुरुन्त प्रकृया पुरा गरी धनीलाई फिर्ता गर्ने अधिकार सरकारी वकीलको अनुमतिले अनुसन्धान अधिकृतलाई हुनु पर्ने गरी कानून संशोधन हुनु पर्ने,
- मुलुकी अपराध संहिता, २०७४ को दफा २१४ मा थप सजाय हुने भन्ने शीर्षक अन्तर्गत उपदफा (१) मा अपहरण र शरीर बन्धक दुबै कसूर एउटै पीडित उपर भएमा सोही संहिताको दफा २१३ बमोजिम अपहरण वा शरीर बन्धक मध्ये कुनै एक कसूरमात्र भएको अवस्थामा हुने सजायमा दफा २१४ को उपदफा (१) को सजाय पनि थप हुने हो कि भन्ने अभियोजनकर्ता र न्याय निरूपण कर्तालाई द्विविधा हुने गरेकोले दफा २१४ को उपदफा (१) को प्रावधानलाई दफा २१३ को उपदफा (२) कायम हुने गरी कानून संशोधन हुनुपर्ने,
- विशेष कानूनहरूले कसूर कायम गरेका केही कसूरहरूलाई मुलुकी अपराध संहिता, २०७४ ले पनि कसूर कायम गरेका कारण कुन कानून बमोजिम अभियोजन गर्ने भन्ने कठिनाई हुने गरेकोले त्यसरी दोहोरो आपराधीकरण भएका कसूरहरूलाई मुलुकी अपराध संहिता, २०७४ बाट हटाउने गरी संशोधन हुनुपर्ने,
- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची-१ को कसूरको जाहेरी दरखास्त/सूचना दर्ता नगरेको उजुरी सम्बन्धमा सोही संहिताको अनुसूची -२ का कसूरको जाहेरी दरखास्त/सूचना दर्ता नगरेको उजुरी उपर प्रमुख जिल्ला अधिकारी वा गृह मन्त्रालयले दर्ता गर्ने/नगर्ने निर्णय गर्नसक्ने गरी सोही

संहिताको दफा ५ को उपदफा (५) मा भए सरहको व्यवस्था सरकारी वकील कार्यालयका हकमा पनि हुने गरी कानून संशोधन हुनुपर्ने।

कार्य पद्धतिमा सुधार

- प्रारम्भिक अनुसन्धान प्रतिवेदन प्राप्ति र अनुसन्धान अधिकारीलाई वस्तुपरक निर्देशन दिने अभ्यास बढाउनुपर्ने,
- भ्रमपूर्ण, झुठा र काल्पनिक जाहेरी दरखास्त/सूचना तामेलीमा राख्ने अभ्यास बढाउनुपर्ने,
- जरुरी पक्राउ पूर्जीलाई अपवाद र मुद्दा हेर्ने अधिकारीको अनुमित लिएर जारी गरिने पक्राउ पूर्जीलाई नियम बनाउनुपर्ने,
- अभियुक्त उपर गैर हिरासतीय तरिका अवलम्वन गरी कसूरको अनुसन्धान गर्ने अभ्यास बढाउनुपर्ने,
- अनुसन्धानको क्रममा गराइने अभियुक्तको बयानलाई सजाय छुटको मागदावी सम्बन्धी व्यवस्थासँग समेत आवद्ध गराइनुपर्ने,
- अनुसन्धानको क्रमको अभियुक्तको बयानमा कसूरको गंभीरता घटाउने बढाउने अवस्था, सजाय पूर्वको प्रतिवेदन तयार गर्न आवश्यक पर्ने विवरण र पीडितलाई विगो/क्षतिपूर्ति भराउन आवश्यक पर्ने अभियुक्तको आर्थिक विवरण खुलाइनुपर्ने,
- सरकारी वकीलले अनुसन्धानको मिसिल अध्ययन गर्न पाउने प्रत्येक विन्दुमा आवश्यक देखेको निर्देशन अनुसन्धान अधिकारीलाई दिने अभ्यास बढाइनुपर्ने,
- अभियुक्त उपर शंका गरिएको कसूर पुष्टि गर्न सक्ने प्रमाणको पर्याप्तता नभएको अवस्थामा अभियोजन नगर्ने अभ्यास बढाइनुपर्ने,
- अनुसन्धान प्रतिवेदन प्राप्त भएपछि पनि थप अनुसन्धान गर्नुपर्ने अवस्था देखिएमा हिरासतमा रहेको अभियुक्तलाई गैर हिरासतीय तरिका प्रयोग गरेर निगरानीमा राखी अनुसन्धान गर्ने अभ्यास बढाइनुपर्ने,
- प्रमाणको अभावमा अभियोजन नभएको मुद्दामा त्यस्तो मुद्दाको हदम्याद बाँकी छदैंको अवधीमा पछि कुनै महत्वपूर्ण प्रमाण प्राप्त भएमा पूनः अनुसन्धान गरी अभियोग पत्र दायर गर्ने अभ्यास गरिनुपर्ने,
- प्रमाणले पुष्टि गरेको कसूरको मात्रा अनुसारको कानून प्रयोग गरी अभियोजन गर्ने र प्रति व्यक्ति अभियोजन गर्ने अभ्यास बढाइनुपर्ने,
- अभियोगपत्र प्रस्तुतिमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३२ को उपदफा (१) मा उल्लिखित विवरण लगायत सजाय निर्धारण बहसका लागि आवश्यक पर्ने आधारहरू समेत उल्लेखन गर्ने अभ्यास बढाइनुपर्ने र यसका लागि आवश्यक विवरण संकलन हुने गरी अनुसन्धान गर्न अनुसन्धान अधिकारीलाई निर्देशित गर्ने अभ्यास बढाइनुपर्ने,
- कानूनले निर्धारण गरेका निश्चित अवस्था अनुसार छुट हुनुपर्ने सजायको मात्रा सहित सजाय कम गर्ने मागदाबी लिई अभियोग पत्र दायर गर्ने अभ्यास बढाइनुपर्ने,
- खास किसिमका सानातिना कसूरमा मुद्दा दायर नगर्ने अभ्यास बढाइनुपर्ने,
- आवश्यक परेमा कानूनी व्यवस्थाको अधिनमा रही अभियोग पत्र संशोधन गर्ने अभ्यास बढाइनुपर्ने,
- कसूर पीडितलाई कसूरको अनुसन्धानकै चरणमा पीडित प्रभाव प्रतिवदेन पेश गर्न लगाउन अनुसन्धान अधिकारी मार्फत उत्प्रेरित गरी अभियोग पत्रसाथ पेश गर्ने अभ्यास बढाइनुपर्ने,
- कसूर पीडित भन्ने पुष्टि भएको तर कुनै कारणले कसूरदार उपर मुद्दा नचलाइएको अवस्थामा अपराध पीडित संरक्षण ऐन,२०७५ को दफा ३० को उपदफा (४) र फौजदारी कसूर (पीडित राहत कोष) नियामवाली,२०७७ को नियम ११ बमोजिम कसूर पीडितलाई पीडित राहत कोषबाट राहत रकम उपलब्ध गराउनुपर्ने समेत निर्णय गरी त्यसका लागि सहजीकरण गर्ने कुरा अभियोजन नगर्ने निर्णयमा खुलाउने अभ्यास बढाइनुपर्ने,
- मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा ६५को उपदफा (१) बमोजिम फरार अभियुक्तको सेवा सुविधा रोक्नका लागि आवश्यक पर्ने विवरण खुल्ने गरी प्रमाण संकलन गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिई सो विवरण अभियोगपत्र साथ पेश गर्ने अभ्यास बढाइनुपर्ने,

- अदालतमा बयान गर्दा अनुसन्धानमा गरेको बयानमा भन्दा फरक जिकिर लिएमा त्यस्तो अभियुक्तले अदालतमा पेश गरेको प्रमाण वा जिकिरको बारेमा अदालतको अनुमति प्राप्त गरी वादी पक्षले पुनः अनुसन्धान गरी गराई अदालतमा थप सबुत प्रमाण पेश गर्न सक्ने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १२३ को उपदफा (२) को व्यवस्था बमोजिम थप अनुसन्धान गरी सबुत प्रमाण संकलन गर्न अनुसन्धान अधिकारीलाई निर्देशन दिई प्रमाण पेश गर्ने अभ्यास बढाइनुपर्ने,
- जिल्ला र उच्च सरकारी वकील कार्यालय तहका समन्वय समितिको सक्रियता बढाइनुपर्ने,
- साक्षीको बकपत्रमा सरकारी वकीलको उपस्थिति र प्रभावकारिता बढाइनुपर्ने,
- सजाय पूर्वको प्रतिवेदन पेश गर्दा र सजाय निर्धारण बहस गर्दा यथार्थतामा आधारित भई कसूरको मात्रा बमोजिम सजाय (कैद, जरिवाना, विगो/क्षतिपूर्ति) निर्धारण हुन माग गर्ने अभ्यास बढाइनुपर्ने।

१२. निष्कर्ष

फौजदारी न्याय प्रशासनका आधारभूत संरचनाहरुमध्ये अभियोजन पक्ष वा सेवा अत्यावश्यक संरचना हो ।अभियोजनको कार्य सम्पादन संविधानतः अभियोजकहरु अर्थात् महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरुबाट हुने गरेको छ ।अभियोजनको मूल उद्देश्य फौजदारी न्याय प्रशासनको लक्ष्य "उचित कानूनी प्रक्रियाका माध्यमबाट पीडितलाई न्याय कसूरदारलाई सजाय र कसूर नियन्त्रण" सँग प्रत्यक्ष सरोकार रहने भएकोले कानूनको शासनमा आधारित प्रभावकारी अभियोजनको कार्यसम्पादन बिना उक्त लक्ष हाँसिल गर्न संभव हुँदैन । कसूरजन्य कार्यमा फेरिएका प्रकृति- प्रवृत्ति, विश्वव्यापी रुपमा अवलम्वन हुंदै आएका न्याय प्रशासनमा विकसित नवीन मान्यताहरुको अनुशरण, कसूर पीडितका साथै अभियुक्तका मानव अधिकारको संरक्षण तथा अन्तराष्ट्रिय कानूनबाट सृजित दायित्वको निर्वाह गर्दै अभियोजन गर्ने र न्याय प्राप्तिको अनुभूति दिलाउने कार्य सरकारी वकीलका लागि चुनौतिपूर्ण रहेका छन्। अभियोजनको काम कारबाहीमा व्यावहारिक तथा कानून कार्यान्वयनका जटिलताहरु पनि देखिएका छन् ।यीनै चुनौति र जटिलताकाबीच अभियोजनमा प्रभावकारिता ल्याई समग्रमा फौजदारी न्यायको लक्ष्य हासिल गर्ने दायित्व सरकारी वकीलहरुमा रहेको छ । यो दायित्व कुशलतापूर्वक बहन गर्न कसूरको अनुसन्धान, अभियोजन र बहस पैरवी प्रतिरक्षालाई प्रभावकारी बनाउन सक्नुपर्छ । खासगरी अभियोजनलाई बस्तुनिष्ठ प्रमाणमा आधारित बनाउन सकिएमा तत् पश्चचातको बहस पैरवी प्रतिरक्षा स्वतः प्रभावकारी हुन सक्छ ।फौजदारी संहिता कानूनहरुले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस, पैरवी, प्रतिरक्षा तथा न्याय निरुपणलाई प्रभावकारी बनाउने उद्देश्यले विभिन्न नवीनतम् अवधारणालाई कानूनी औजारका रुपमा ल्याएका छन् । तथापि ती औजारलाई उचित रुपमा अभ्यास गर्न नसकेको कारण अभियोजन अपेक्षित रुपमा प्रभावकारी बन्न नसकेको यथार्थलाई हामी सरकारी वकीलहरुले मनन् गर्नै पर्दछ । यसै सन्दर्भमा फौजदारी न्याय प्रशासनमा विकसित नवीन मान्यताहरुलाई समेत आत्मसाथ गर्दै आएका यी संहिता कानूनहरुको कार्यान्वयनबाट व्यवहारमा केही नवीनता र सुधारका संकेतहरु पनि देखिएका छन् ।तथापी कानूनको व्यावहारिक कार्यान्वयनमा अपेक्षाकृत उपलब्धी हांसिल हुन नसकेको तीतो यथार्थ हाम्रा सामु छ । यी कानूनहरुको व्यावहारिक कार्यान्वयनबाट अभियोजनमा प्रभावकारीता अभिबृद्धि गरी फौजदारी न्यायको उद्देश्य हांसिल गर्न अनुसन्धान अभियोजनसंग सम्बन्धीत कतिपय अव्यावहारिक कानूनमा सुधारका साथै मूलतः अनुसन्धान अभियोजनमा संलग्न निकाय तथा पदाधिकारीहरुको क्षमता अभिबृद्धि र व्यवहारमा कानूनको प्रभावकारी कार्यान्वयन गर्ने कुरामा संवेदनशील हुन जरुरी छ । यस दिशामा समग्र अभियोजन पक्ष क्रियाशील हुनुपर्दछ ।अभियोजनकर्ताको भूमिका सम्बन्धी संयुक्त राष्ट्र संघीय मार्गदर्शन, १९९० ले अभियोजनकर्तालाई दिएको मार्गदर्शन, महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएका नीति/मार्गदर्शन/परिपत्र, हामी आफैले विभिन्न सम्मेलनका घोषणा पत्रमार्फत व्यक्त गरेको प्रतिबद्धता र सर्वोच्च अदालतबाट हाम्रा अभियोजन सम्बन्धी कारबाहीका सम्बन्धमा भएका न्यायिक टिप्पणीसमेतलाई आत्मसात गर्दै राज्यले हामीलाई सुम्पिएको यो महत्वपूर्ण जिम्मेवारीलाई पूरा गर्न संविधान र कानूनले प्रदान गरेको अधिकारको समुचित प्रयोग गरी अभियोजनलाई प्रभावकारी बनाउने हाम्रो कर्तव्य पूरा गरौं ।

sfo{kq g=+@

सरकारी वकीलको सेवाका शर्त र सुविधा सम्बन्धी कानूनको आवश्यकता [१]

१. परिचय

नेपाल अधिराज्यको संविधान २०४७ जारी हुनुपूर्व न्यायाधीशहरुको सेवा, शर्त र सुविधा अन्य सरकारी कर्मचारी सरह भए पनि सो संविधान जारी भएपछि न्यायाधीशहरुको सेवा, शर्त, सुविधा सम्बन्धी व्यवस्था छुट्टै ऐनबाट प्रदान गरिएको भएपनि सरकारी वकीलहरुका लागि यस सम्बन्धमा हालसम्म छुट्टै व्यवस्था छैन। फौजदारी न्याय प्रशासनको दृष्टिकोणबाट सरकारी वकीलको सेवालाई न्यायाधीश जत्तिकै वा सो भन्दा बढी संवेदनशील, स्वतन्त्र, स्वायत्त, निष्पक्ष, स्वच्छ, तटस्थ, निर्भिक, व्यवसायिक, पारदर्शी, उत्तरदायी, जवाफदेही, निष्ठावान, इमान्दार, दक्ष, क्षमतावान हुनुपर्ने ठानिन्छ। सरकारी वकीललाई अन्य कुरामा ध्यान नदिई निरन्तर राष्ट्र र जनताको सेवामा लाग्नसक्ने तुल्याउन सरकारी वकीलको नियुक्ति, सेवा, शर्त तथा सुविधाका सम्बन्धमा छुट्टै कानून निर्माण गर्न जरुरी छ।

विश्वका कतिपय मुलुकमा सरकारी वकीलको सेवा, शर्त, सुविधा न्यायाधीशहरुको भन्दा बढी र कतिपय मुलुकमा न्यायाधीश बरावर रहेको पाईन्छ। संयुक्त राष्ट्रसंघीय दस्तावेज तथा क्षेत्रीय संगठनहरुले जारी गरेका दस्तावेजहरुले पनि सरकारी वकीलको कार्यलाई व्यवसायिक बनाउन उनिहरुको सेवा, शर्त, सुविधालाई अन्य कर्मचारीभन्दा फरक गरी छुट्टै व्यवस्था गर्न दिशानिर्देश गरेका छन्।

नेपालमा सरकारी वकीलहरुको सेवा, शर्त, सुविधा सम्बन्धमा छुट्टै कानून तर्जूमा हुनु पर्ने कुरा २०४७ सालदेखि उठेको र सो सम्बन्धमा नेपालको संविधानमा उल्लेख भए पनि हालसम्म त्यस्तो कानूनको निर्माण हुन सकेको छैन। सरकारी वकील नेपाल सरकारका अन्य निजामती कर्मचारी भन्दा बढि काम गर्नु पर्ने अवस्थामा रहेका र उनिहरुले व्यवसायीक प्रकृतिको काम गर्नु पर्ने भएकोले उनिहरुको मनोबललाई अझ उच्च राखि कानून कार्यान्वयनको दिशामा थप बल पुऱ्याउन सरकारी वकील तथा मातहतका कर्मचारीको सेवा, शर्त, सुविधा सम्बन्धी कानून तर्जूमा हुनु आवश्यक देखिएको छ।

२. अवधारणा र केही देशहरुको अभ्यास

कानून व्यवसायको व्यापक परिभाषा भित्र न्यायाधीश, सरकारी वकील, निजी कानून व्यवसायी, कानूनको प्राध्यापन र अध्ययन अनुसन्धानमा संलग्न व्यक्ति, कानूनी सल्लाहकार, कानूनका परामर्शदाता, अनुसन्धानकर्ता, अभियोजनकर्ता समेतका विज्ञहरु पर्दछन्। कानून व्यवसायको संकुचित परिभाषभित्र सरकारी वकील र निजी कानून व्यवसायीहरु पर्दछन्। सरकारी वकील न्याय प्रशासनको अति जरुरी र अभिन्न अंग एवं कानूनी राज्य र लोकतान्त्रिक शासन व्यवस्थाको विज्ञ कानून व्यवसायी हो। फौजदारी न्याय प्रशासनको नेतृत्वदायी भूमिकामा महान्यायाधिवक्ता र बिभिन्न तहमा सरकारी वकील रहेका हुन्छन्। सरकारी वकीलको पेशा वा व्यवसाय कानून व्यवसायका अन्य क्षेत्रहरु जस्तोः कानूनको प्राध्यापन, अध्ययन अनुसन्धान, कानूनको मस्यौदा, न्याय निरुपण भन्दा भिन्न प्रकृतिको व्यवसाय हो।

---

१ प्रस्तुत कार्यपत्र नायव महान्यायाधिवक्ता पदमप्रसाद पाण्डेको अनुगमनमा सहन्यायाधिवक्ता खेमराज ज्ञवाली, सूर्यराज दाहाल, उद्धवप्रसाद पुडासैनी, चन्द्रकान्त खनाल, मोहनसागर बस्याल, उपन्यायाधिवक्ता शान्ति नेउपाने र कल्पना राई समेतले तयार पार्नुभएको हो।

सरकारी वकीलको पद र कार्यलाई विभिन्न कानून प्रणाली र देशहरुका फरक फरक रुपमा व्यवस्था गरिएको पाइन्छ। सार्क मुलुकहरु मध्ये भारतमा सरकारी वकीललाई पब्लिक प्रोसिक्युटर्स र ल अफिसर्स गरी दुई वर्गमा विभाजन गरिएको देखिन्छ। एटर्नी जनरल, सोलिसिटर जनरल, एडिसनल सोलिसिटर जनरल, एडभोकेट जनरल तथा तिनीहरुका सहायकहरु ल अफिसर्स अन्तर्गत पर्दछन। अभियोजन र प्रतिरक्षालाई नितान्त स्वतन्त्र र व्यवसायिक सेवाको रुपमा विकास गरी ल अफिसर्सलाई सरकारी मुद्दाको प्रतिरक्षा र सरकारको कानूनी सल्लाहकारको जिम्मेवारी दिईएको छ।

सरकारी वकीलका सम्बन्धमा भुटान र अफगानिस्तानमा नेपालमा जस्तै महान्यायाधिवक्ताको मात्र व्यवस्था गरिएको, मालदिभ्समा महान्यायाधिवक्ता र महाअभियोक्ता दुवैको व्यवस्था गरिएको, श्रीलंका र पाकिस्तानमा एटर्नी जनरल र सोलिसिटर जनरलको व्यवस्था गरिएको छ भने वंगलादेशमा एटर्नी जनरल, एडिसनल एटर्नी जनरल, डेपुटी एटर्नी जनरल तथा एसिस्टेन्ट एटर्नी जनरलको व्यवस्था गरिएको छ।

कमन ल प्रणाली अपनाउने मुलुकहरु बेलायत र अष्ट्रेलियामा एकै किसिमको अभियोजन र प्रतिरक्षा प्रणाली रहेको पाइन्छ। इङ्गल्याण्ड र वेल्समा प्रोसिक्युटर्स सर्भिस (सिपियस) गठन गरी त्यसलाई स्वतन्त्र अभियोजनको जिम्मेवारी सुम्पेको छ। स्कटल्याण्ड र उत्तरी आयरल्याण्डमा पनि क्रमशः क्राउन अफिस र पब्लिक प्रोसिक्युटर्स सर्भिसले सिपियस जस्तै भूमिका निर्वाह गर्दछ। वेलायतमा महान्यायाधिवक्तालाई सरकारको राष्ट्रिय र अन्तर्राष्ट्रिय कानूनको सल्लाहकार तथा सोलिसिटर जनरललाई एटर्नी जनरलको सहायकको भूमिकामा राखी दुवैलाई फौजदारी न्याय हेर्ने मन्त्रीको समेत जिम्मेवारी दिइएको छ। वेलायतको राष्ट्राध्यक्षलाई नै औपचारिक राष्ट्राध्यक्ष मान्ने अष्ट्रेलियामा पनि महान्यायाधिवक्तालाई संघीय सरकारको मन्त्रीको समेत जिम्मेवारी दिइएको छ भने सोलिसिटर जनरललाई सेकेन्ड ल अफिसर मानिन्छ। डाइरेक्टर अफ पब्लिक प्रोसिक्युटर्स एक्ट, १९८३ ले कमनवेल्थ डाइरेक्टर अफ पब्लिक प्रासिक्यूसनलाई अभियोजनको जिम्मेवारी सुम्पेको छ।

संयुक्त राज्य अमेरिकामा अभियोजन र प्रतिरक्षा सम्बन्धमा राज्य अनुसार फरक फरक व्यवस्था रहेको पाइन्छ। धेरैजसो राज्यहरुमा प्रोसिक्यूटरहरु निर्वाचित हुन्छन भने संघीय संरचनामा डिर्पाटमेन्ट अफ जस्टिसको नेतृत्व महान्यायाधिवक्ताको हुने र उनी सरकारको विभागीय मन्त्री हुने व्यवस्था रहेको छ। विभाग अन्तर्गत क्रमश एटर्नी जनरल, डेपुटी एटर्नी जनरल, एसोसियट एटर्नी जनरल, तथा सोलिसिटर जनरल रहने व्यवस्था छ।

नेपालमा नत अमेरिका, वेलायत, अष्ट्रेलियामा जस्तो महान्यायाधिवक्ता विभागीय मन्त्री हुने व्यवस्था छ, नत भारत, वंगलादेश, पाकिस्तान र श्रीलंकामा जस्तो एटर्नी जनरल र सोलिसिटर जनरलको छुट्टै व्यवस्था गरिएको छ। नेपालमा महान्यायाधिवक्तालाई नै सवै जिम्मेवारी (कानूनी राय, अभियोजन, बहस पैरवी, प्रतिरक्षा, मानव अधिकारको संरक्षक, सरकार पक्ष भएका मुद्दामा फैसला कार्यान्वयन भए नभएको अनुगमन समेत) दिइएको छ। नेपालमा महान्यायाधिवक्तालाई सर्वोच्च अदालतको न्यायाधीश सरहको हैसियत र सेवा सुविधा उपलब्ध गराइएको भए तापनि अन्य सरकारी वकीललाई अन्य सरकारी कर्मचारी सरहको मान्यता दिई संविधान र नेपाल पक्ष भएका अन्तर्राष्टिय महासन्धिका प्रावधान अनुरुप व्यवसायिक व्यक्तिले पाउनु पर्ने सेवा, शर्त र सुविधा उपलव्ध गराईएको छैन।

३. व्यवसायिक व्यक्तिको रुपमा सरकारी वकीलले अवलम्बन गर्नुपर्ने सिद्धान्तहरु

व्यवसायिक व्यक्तिको रुपमा रहने सरकारी वकीलको संवैधानिक र कानूनी जिम्मेवारीमा राज्यको सरोकारको संरक्षण गर्नु, कानूनी सल्लाहकारको भूमिका निभाउनु, कानूनको प्रतिरक्षकको जिम्मेवारी पूरा गर्नु, सरकारी निकायसंगको समन्वयकर्ताको भूमिका निभाउनु, संविधानको व्याख्या, जटिल कानूनी प्रश्न, सार्वजनिक सरोकार निहित रहेको मुद्दामा बहस पैरवी गर्नु, फौजदारी न्याय सम्पादनमा सहजकर्ताको भूमिका निर्वाह गर्नु, मुद्दा चलाउने वा नचलाउने निर्णय गर्नु, सरकारको हक हित वा सरोकार रहेको निहित रहेको र सरकार पक्ष वा विपक्ष रहेको

मुद्दामा बहस गर्नु, पीडितको हकहितको संरक्षण गर्नु, अभियुक्त र अपराध पीडितको अधिकारको संरक्षण गर्नु, न्यायपालिका र कार्यकारिणीसंगको सम्बन्धमा पुलको काम गर्नु, हिरासतमा रहेका व्यक्तिको मानव अधिकारको संरक्षण गर्नु, सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए नभएको अनुगमन गर्नु गराउनु रहेको देखिन्छ ।

सार्वजनिक पदमा आसिन अधिकारीले पालना गर्नुपर्ने नैतिक मापदण्डका रुपमा करिब तीन दशक अगाडि संयुक्त अधिराज्यको नोलान समितिले सात सिद्धान्तहरु सिफारिश गरेको थियो जसलाई बेञ्चमार्क वा मानकको रुपमा लिने गरिन्छ।[२] अन्य सार्वजनिक पदाधिकारी सरह सरकारी वकीलले पनि सार्वजनिक जीवनका सात सिद्धान्त अर्थात् नोलान प्रिन्सिपलको परिपालना गर्नुपर्ने हुन्छ। जसमध्ये पहिलो सिद्धान्त हो **निस्वार्थता**। सरकारी वकीलले निस्वार्थपूर्वक सार्वजनिक हितलाई विचार गरेर निर्णय लिने वा कार्य गर्ने गर्नुपर्छ। आफू, आफ्नो परिवारका सदस्य वा आफ्ना साथीभाइ वा मित्रजनका लागि वित्तीय वा अन्य भौतिक लाभ प्राप्त गर्नका लागि स्वार्थपूर्ण निर्णय वा कार्य गर्नु हुँदैन। दोस्रो सिद्धान्त हो **सत्यनिष्ठा**। सरकारी वकीलले अभियोजन, पुनरावेदन, पुनरावलोकन, मुद्दा दोहोऱ्याउने निवेदन, कानूनी राय समेतका निर्णय र सरकारी कार्य सम्पादनमा बाह्य व्यक्ति वा संगठनबाट वित्तीय वा अन्य कुनै बाध्यतामा परी वा कसैको जुनसुकै दवाव, प्रभाव र अभावमा परेर कार्य गर्नु हुँदैन। तेस्रो सिद्धान्त हो **वस्तुनिष्ठता**। सरकारी काम गर्दा, जसमा सार्वजनिक पदमा नियुक्त गर्ने, करार वा सम्झौतामा मञ्जुरी दिने, कुनै व्यक्ति विशेषलाई पुरस्कार वा लाभको सिफारिश गर्ने कुरा संलग्न हुन्छन्, सरकारी वकीलले उपयुक्तता वा योग्यताको आधारमा निर्णय गर्नु पर्छ। चौथो सिद्धान्त हो **जवाफदेहीता**। सरकारी वकीलले आफ्नो जिम्मेवारीमा रहेको सरकारी काम गर्दा वा निर्णयको सन्दर्भमा जनताप्रति जवाफदेही र उत्तरदायी हुनु पर्छ। अर्थात् आफूले गरेको काम वा निर्णयको आधार कारण सहितको चित्तबुझ्दो जवाफ जनतालाई दिन सक्नु पर्छ। पाँचौं सिद्धान्त हो **खुलापन**। सरकारी वकीलले आफूले गर्नुपर्ने सबै निर्णय र कार्यको बारेमा सकेसम्म खुला र पारदर्शी हुनु पर्छ। निजले आफूले गरेको निर्णय वा कार्यको चित्त बुझ्दो आधार र कारण बताउन सक्नु पर्छ र त्यतिबेला मात्र सूचनालाई प्रतिबन्धित गर्नु पर्छ जतिबेला यो व्यापक जनहित वा सार्वजनिक हितमा हुदैन। छैठौं सिद्धान्त हो **इमानदारीता**। सरकारी वकील आफ्नो काम र कर्तव्यप्रति सधै इमानदार रही सत्यवादी हुनु पर्छ। सरकारी वकीलले सार्वजनिक जिम्मेवारी निर्वाह गर्दा सरकारी कामसँग सम्बन्धित निजी हित वा स्वार्थ सार्वजनिक गर्नु पर्ने उसको कर्तव्य हुन्छ र आफ्नो स्वार्थ बाझिने विषय वा मामिलाको समाधानको लागि कदम उठाओस् जुन जनहित वा सार्वजनिक हितको रक्षा गर्नलाई साथ मिलोस्। सातौं सिद्धान्त हो **नेतृत्व**। सरकारी वकीलले आफ्नो कार्य वा व्यवहारमा उपर्युक्त सिद्धान्तको पालना गर्दै आफू अरुका सामू पथप्रदर्सक बन्न सक्नु पर्छ। निजले अरुलाई आदरपूर्वक व्यवहार गर्नु पर्छ र खराब व्यवहार जहाँ भए पनि ल्यसलाई चुनौती दिन पछि पर्नु हुँदैन।

व्यवसायिक विशेषज्ञ वा पेशाविदको हैसियतले सरकारी वकीलले अभियोजनकर्ताको व्यवसायिक **स्वायत्तता**को सिद्धान्त, **स्वच्छता**को सिद्धान्त, **मानव अधिकारको सम्मान**को सिद्धान्त, **उपयुक्त अभियोजन**को सिद्धान्त, **मुद्दाको विशिष्टता**को सिद्धान्त, **कानून बमोजिम कर्तव्य पालन**को सिद्धान्त, **प्रमाणको पर्याप्तता**को सिद्धान्त, **सार्वजनिक हित**को सिद्धान्त, **व्यवसायिक स्वतन्त्रता**को सिद्धान्त, **पारदर्शिता**को सिद्धान्त, **योग्यता**को सिद्धान्त, **निष्पक्षता**को सिद्धान्त, **गोपनीयता**को सिद्धान्त लगायतका न्यायका मान्य सिद्धान्तहरुको अक्षरस पालन गर्नु पर्छ।

४. अन्तर्राष्ट्रिय दस्तावेजमा सरकारी वकील सम्बन्धी व्यवस्था

सरकारी वकीलको व्यवसायिकता तथा व्यवसायिक स्वतन्त्रता, उन्मुक्ति र सुविधाहरु विश्वव्यापी बहसको विषय भएको छ। विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरु एवं न्याय र कानूनका सर्वमान्य सिद्धान्तहरुले सरकारी वकीललाई सक्षम, प्रभावकारी र स्वतन्त्र व्यवसायिक सेवाको रुपमा ग्रहण गरी विभिन्न सिद्धान्त प्रतिपादन गरेको पाइन्छ।

२ हेर्नुहोस्। https://www.gov.uk/government/publications/the-7-principles-of-public-life/the-7-principles-of-public-life—2 [Visited on 17th December 2022]

खासगरी अन्तर्राष्ट्रिय कानून, संगठित अपराधका नयाँ नयाँ तौरतरिका, आतंकवाद, मानव बेचविखन, लागू पदार्थ ओसारपसार, साइवर अपराध, सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी नियन्त्रण, भ्रष्टाचार, विद्युतीय कारोवार, विश्व व्यापार संगठन तथा अन्तर्राष्ट्रिय अदालत, अन्तर्राष्ट्रिय फौजदारी अदालत समेतका अन्य निकायहरुमा राज्यको तर्फबाट प्रतिनिधित्व र प्रतिरक्षा गर्ने सरकारी वकीलको दक्षता, ज्ञान, सीप, हैसियत तथा व्यवसायिक कौशलता अन्तर्राष्ट्रिय मापदण्ड अनुरुपको हुन नसकेमा अन्तर्राष्ट्रिय जगतमा राज्यको प्रस्तुति र हैसियत कमजोर हुने कुरामा दुईमत हुन सक्दैन।

संयुक्त राष्ट्रसंघले पारित गरेका सन्धि, सम्झौता एवं घोषणापत्रहरूलाई पालन गर्नु संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रको नैतिक दायित्व हुन्छ। संयुक्त राष्ट्रसंघको सदस्यको नाताले संयुक्त राष्ट्रसंघबाट पारित अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० (Guidelines on the Role of Prosecutors) नेपालका सरकारी वकीलहरूको लागि पनि मार्गदर्शक हुन्छ। उक्त मार्गदर्शन अपराधको रोकथाम र कसूरदारहरुप्रतिको व्यवहार (Prevention of Crime and Treatment of Offenders) सम्बन्धी क्युवाको हवानामा २७ अगष्ट देखि ७ सेप्टेम्वर १९९० मा सम्पन्न संयुक्त राष्ट्रसंघको आठौं महासभाबाट पारित गरिएको थियो। उक्त मार्गदर्शनले सदस्य राष्ट्रहरुलाई फौजदारी कारवाहीमा प्रभावकारिता, निष्पक्षता तथा स्वच्छता सुनिश्चत गर्न आ-आफ्नो राष्ट्रिय कानून मार्फत प्रत्याभूत गरी त्यसको अभ्यासमा अभियोजनकर्ता, न्यायाधीश, वकिल, सरकारका सदस्यहरु, व्यवस्थापिका र सर्वसाधारण जनताको ध्यानाकर्षण गराउन निर्देश गरेको छ। ती मार्गदर्शनहरुमा अभियोजनकर्ताको रुपमा योग्यता, तालिम र छनोट, हैसियत तथा सेवाका शर्तहरु, अभिव्यक्ति र संगठनको स्वतन्त्रता, फौजदारी कारवाहीमा भूमिका, स्वविवेकीय अधिकार, अभियोजनको वैकल्पिक उपाय, आचरण सम्बन्धी कारवाही तथा मार्गदर्शनको पालना जस्ता शीर्षकमा २४ वटा सिद्धान्त रहेका छन्।

अभियोजनकर्ताको सच्चरित्रता, सक्षमता तथा उपयुक्त तालिम प्राप्त र निश्चित शैक्षिक योग्यता हुनुपर्ने, राज्यले अभियोजनकर्ताको छनौटमा जाति, रङ्ग, लिङ्ग भाषा, धर्म, राजनीतिक आस्था, राष्ट्रियता, सामाजिक र जातीय उत्पत्ति, सम्पत्ति, जन्म, आर्थिक अवस्था आदिको आधारमा भेदभाव नगर्ने, अभियोजनकर्ताहरु न्याय सम्पादनका अत्यावश्यक प्रतिनिधि भएकाले आफ्नो पेशाप्रति सम्मान र मर्यादा कायम राख्ने, राज्यले अभियोजनकर्ताहरुलाई कुनै प्रकारको धम्की, अवरोध, हैरानी, अनुचित हस्तक्षेप तथा अनुपयुक्तरुपमा देवानी वा अन्य दायित्वको विना व्यवसायिक कार्य सम्पादनको प्रत्याभूति गर्नुपर्ने, अभियोजनकर्ता र निजका परिवारका सदस्यको भौतिक सुरक्षा, उचित सेवाका शर्तहरु, पर्याप्त पारिश्रमिक, कार्यकाल, निवृत्तभरण, अवकाशको उमेर कानूनद्वारा संरक्षित गरिनुपर्ने, उनीहरुको बढुवा वस्तुगत तत्वहरु, निश्चित व्यावसायिक योग्यता, सक्षमता, इमानदारिता र अनुभव जस्ता निष्पक्ष र स्वच्छ कार्यविधिका आधारमा हुनुपर्ने, अभियोजनकर्ताको कार्यालय न्यायिक कार्यबाट पृथक हुनुपर्ने, अपराधको अनुसन्धान, त्यसको रेखदेख र वैधानिकता, अदालती निर्णयको कार्यान्वयनको सुपरिवेक्षण र सार्वजनिक हितको प्रतिनिधिको रुपमा अन्य कार्यहरुको अभ्यासजस्ता फौजदारी कारबाहीमा अभियोजनकर्ताहरुले कानून र स्थानीय अभ्यासका आधारमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने, आफ्नो कार्यसम्पादनमा कानूनद्वारा निष्पक्षता, दृढता, शीघ्रता, मानव प्रतिष्ठा र मानव अधिकारको संरक्षण र सम्मान गर्नुपर्ने, जसले फौजदारी न्याय प्रणालीको सहज प्रवाहमा योगदान देओस्, अभियोजनमा छुट दिने, शर्त सहित वा विना शर्त समाप्त गर्ने, फौजदारी मुद्दाहरुलाई औपचारिक न्याय प्रणालीमा परिवर्तन गर्ने जस्ता अधिकार रहनुपर्ने, अभियोजनकर्ताहरु उपरको अनुशासनको कारवाहीले वस्तुगत मूल्याङ्कन र निर्णयसुनिश्चत गर्ने, ती कानून, व्यवसायिक आचारसंहिता, मान्यता प्राप्त स्तर र नैतिक सिद्धान्त प्रस्तुत यो मार्गदर्शनका आधारमा निश्चित गरिने जस्ता सिद्धान्तहरु प्रतिपादित भएका छन्।[३]

३ बिस्तृत जानकारीका लागि हेर्नुहोस्, Guidelines on the Role of Prosecutors, [यो दस्तावेज https://www.ohchr.org/en/instruments-mechanisms/instruments/guidelines-role-prosecutors बाट प्राप्त गर्न सकिन्छ।]

संयुक्त राष्ट्रसंघबाट पारित अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० (Guidelines on the Role of Prosecutors) मा उल्लिखित व्यवस्था हेर्दा अभियोजनकर्ताले आफ्नो पेशाको प्रतिष्ठा र मर्यादा कायम राख्नुपर्ने, आफ्ना कार्य निष्पक्षतापूर्वक समाप्त गर्ने र राजनीतिक, सामाजिक, धार्मिक, जातीय, सांस्कृतिक, लैङ्गिक वा अन्य कुनै किसिमको भेदभाव गर्न नहुने, अनुसन्धानबाट अभियोग निराधार देखिएमा कारबाही स्थगित गर्ने, सार्वजनिक अधिकारीहरूले गरेको भ्रष्टाचार, अख्तियारको दुरूपयोग, मानव अधिकारको गम्भीर उल्लंघन र अन्तर्राष्ट्रिय कानूनले पहिचान गरेका अन्य अपराधहरू उपरको अभियोजनमा ध्यान दिनुपर्ने, अपराध पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्त सम्बन्धी घोषणापत्र अनुसारको अधिकारबारे पीडितहरू सु-सूचित रहेको कुरा निश्चित गर्नुपर्ने, शंका गरिएका व्यक्तिहरूको मानव अधिकारको पक्षमा समेत ध्यान दिनुपर्ने, अभियोजनकर्ताहरूको पेशागत मापदण्डको दायरा नाघी काम गरेमा कारवाही चलाउने जस्ता प्रावधान रहेका छन्।

अभियोजनकर्ताको व्यवसायिक अधिकार र जिम्मेवारी सम्बन्धी अन्तर्राष्ट्रिय संगठनले तयार पारेको मापदण्ड, १९९९ (Standards of Professional Responsibility and Statement of the Essential Duties and Rights of Prosecutors, 1999) मा उल्लिखित व्यवस्था हेर्दा व्यवसायको मर्यादा राख्दै व्यवसाय प्रति सदैव इमानदार रहनु पर्ने, सदैव व्यवसायसँग सम्बन्धित ऐन, नियम, कानून र नैतिकता अनुकूलको आचारण र व्यवहार गर्नुपर्ने, सत्चरित्रता प्रति सदैव सावधान रहनु पर्ने, आफूलाई सदैव पूर्ण ज्ञानयुक्त बनाउदै समसामयिक कानूनी विकासका बारे जानकारी हासिल गर्नु पर्ने, पारदर्शिता, स्वतन्त्रता एवं निष्पक्षता कायम गर्न प्रयत्नरत र दृढ रहनु पर्ने र तदनुसार कार्य गर्नु पर्ने, राजनीतिक हस्तक्षेपबाट मुक्त रही स्वतन्त्रतापूर्वक कार्य सम्पादन गर्नु पर्ने, सार्वजनिक चाखको संरक्षण गर्ने, अभियोजनको कार्यलाई स्वच्छ र प्रभावकारी बनाउने, अभियोजनकर्ताले प्रहरी, अदालत, प्रतिपक्षी कानून व्यवसायी, सरकारका अन्य निकायहरूसँग सहयोगी व्यवहार गर्नु पर्ने जस्ता प्रावधानको उल्लेख भएको देखिन्छ।[४]

आइएपिले तयार गरेको अभियोजनकर्ताको अधिकार र कर्तव्य तथा व्यवसायिक उत्तरदायित्वको माथि उल्लेखित मापदण्डका अतिरिक्त अभियोजनकर्ताको भूमिका सम्बन्धी युरोपियन संघको मापदण्डमा पनि अभियोजनकर्ताका विभिन्न भूमिकाका बारेमा विस्तृत चर्चा गरिएको पाइन्छ। अभियोजनकर्ताहरुको सम्बन्धमा युरोपेली मापदण्ड र सिद्धान्तहरु (European Norms and Principles Concerning Prosecutors) लाई पनि दिशानिर्देशको रुपमा ग्रहण गर्ने प्रचलन आमरुपमा रहेको पाइन्छ।

उल्लेखित संयुक्त राष्ट्रसंघीय मार्गदर्शन संयुक्त राष्ट्रसंघका अन्य पक्ष राष्ट्रहरुलाई जस्तै नेपाललाई पनि लागू हुन्छ। उल्लेखित प्रकृतिका दस्तावेज जस्तै न्यायपालिकाको स्वतन्त्रता सम्बन्धी आधारभूत सिद्धान्त, १९८५ लाई नेपाललाई वि. सं. २०४७ सालदेखि नै अवलम्बन गरी जिल्ला तथा उच्च अदालतका न्यायाधीश समेतलाई संवैधानिक पद बनाई व्यवसायिक स्वतन्त्रताको प्रत्याभूति गरिएको छ भने अभियोजनकर्ताको संयुक्त राष्ट्रसंघद्वारा पारित सोही प्रकितको मार्गदर्शनको उपेक्षा गरिनु लोकतान्त्रिक मूल्य, मान्यता र स्वतन्त्र न्यायपालिकाकै अवधारणा विपरित रहेकोछ।

यसका अतिरिक्त युरोपेली परिषदको मन्त्री स्तरीय समितिका सदस्य राष्ट्रहरुलाई अभियोजनकर्ताको फौजदारी न्याय प्रणाली सम्बन्धमा दिइएको सुझाव (Council of Europe Committee of Ministers Recommendation 2002), तथा फार्क्वासन निर्देशिका (The Farquhaeson Guideline: The Role and Responsibility of the Prosecution Advocates 2002), को साथै युरोपका महाअभियोजनहरुको सम्मेलनबाट पारित बुडापेष्ट निर्देशिका (The Budapest Guideline

---

४ बिस्तृत जानकारीका लागि हेर्नुहोस्, Standards of Professional Responsibility and Statement of the Essential Duties and Rights of Prosecutors, 1999), [यो दस्तावेज https://www.iap-association.org/getattachment/Resources-Documentation/IAP-Standards-(1)/English.pdf.aspx बाट प्राप्त गर्न सकिन्छ।]

adopted by the Conference of Prosecutors General of Europe 2005) समेतले अभियोजनकर्ताहरुको उच्च हैसियतलाई सम्बोधन हुने गरी सेवा ,शर्त र सुबिधा सम्बन्धी कानून हुनपर्ने कुरामा जोड दिएको पाइन्छ।

रोमानियाको वुखारेष्टमा मार्च २३ देखि २५, २००९ मा महाअभियोजनकर्ता, महान्यायाधिवक्ता र प्रमुख अभियोजनकर्ताहरुको तेस्रो विश्व सम्मेलनले पनि सरकारी वकीलहरुको व्यवसायिक स्वतन्त्रता सम्बन्धमा संयुक्त राष्ट्रसंघीय कंग्रेस, युरोपियन युनियनका मापदण्डहरु, अफ्रिकन युनियनद्वारा अंगिकार गरिएका मापदण्ड लगायत अन्तर्राष्ट्रिय दस्तावेजहरुको सम्मान गर्नुपर्ने कुरा व्यक्त गरेको छ ।

तसर्थ उपर्युक्त सन्दर्भ समेतका आधारमा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको कार्य सम्पादनलाई सक्षम, व्यवसायिक, स्वतन्त्र, निष्पक्ष बनाई सरकारी वकील तथा अन्य कर्मचारीको मनोबल उच्च राख्न सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी कानूनी व्यवस्था गर्नुपर्ने देखिन्छ।

५. सरकारी वकीलको सेवा शर्त सुविधा सम्बन्धी कानूनको आवश्यकता

कानून व्यवसायीहरू सामाजिक अभियन्ता एवं अदालतका सहयोगी पनि भएकाले न्याय सम्पादनको कार्यमा अदालतको जिम्मेवार अफिसरको हैसियतले अदालतलाई सहयोग पुऱ्याउनु निजहरुको कर्तव्य हो। फौजदारी न्याय प्रशासन सञ्चालनको नेतृत्वदायी भूमिकामा पनि सरकारी कानून व्यवसायी वा सरकारी वकील रहेको हुन्छ। समाज सुधार र न्याय सम्पादनको कार्यमा सरकारी वकीलहरूको भूमिका गहन हुन्छ। व्यवसायिक रूपमा दक्ष हुनु पर्ने सरकारी वकील आफ्नो पेशामा कुशल, निपूर्ण र खारिएको हुन जरुरी हुन्छ।

कुशल सरकारी वकील हुनका लागि कानूनको सैद्धान्तिक ज्ञानको साथै कार्यविधि र प्रमाण कानूनको व्यवहारिक ज्ञान, व्यवसायिक नैतिकता, व्यवसायिक इमानदारीता, व्यवसायिक उन्मुक्ति, अनुशासन, वाकपटुता, अध्ययनशीलता, परिश्रम र लगनशीलता जस्ता गुणहरु हुनअपरिहार्य छ। उपर्युक्त कुराहरू नै सरकारी वकीलका लागि व्यवसायिक दक्षताका पूर्वशर्तहरू हुन्। जुनसुकै व्यावसायिक कार्य वा सेवालाई सफलतापूर्वक संचालन गर्नको लागि आवश्यक पर्ने विशेष प्रकारको ज्ञान, सीप, अनुभव र क्षमता नै व्यवसायिक दक्षता भए अनुरुप सरकारी वकीललाई कार्य प्रकृतिका दृष्टिकोणले विशेष खालको दक्षता, ज्ञान र सीपको आवश्यकता पर्दछ।

विषयवस्तुप्रतिको गहिरो अध्ययन, त्यसको तार्किक प्रयोग र वौद्धिक विश्लेषणबाट मात्र सरकारी वकीलको व्यवसायिक दक्षता पुष्टि हुन्छ। सरकारी वकीललाई कानूनद्वारा निर्दिष्ट महत्वपूर्ण अधिकारहरू प्राप्त छन् र उक्त अधिकारसंगै उपयुक्त ढंगबाट नियमन र नियन्त्रणका प्रावधानहरू पनि राखिएका छन्। ती प्रावधानहरूले सरकारी वकीललाई व्यवसायिक रूपमा जवाफदेही एवं उत्तरदायी वनाउन मद्दत गर्छन्।

सरकारी वकीलको पद पूर्णरूपमा व्यवसायिक पद हो। व्यवसायिकता विना सरकारी वकीलको कार्य (अभियोजन, वहसपैरवी र प्रतिरक्षा) मा पूर्णता आउन सक्दैन। निजामती कर्मचारीलाई कानून बमोजिम प्रदान गरिने सेवा सुविधा र वढुवा सम्बन्धी प्रावधानले मात्र उनीहरूको व्यवसायिक दक्षता वढ्न सक्दैन। सरकारी वकीलको व्यवसायिक दक्षता वृद्धि गराउन आवश्यक भौतिक सुविधाका अतिरिक्त पाठ्यसामग्रीहरूको पर्याप्तता, कानूनका नवीनतम् सिद्धान्तसंग परिचित हुने अवसरको उपलब्धता, नियमित रूपमा तालिम एवं प्रशिक्षणको व्यवस्था गरिनु पर्दछ ।

माथि उल्लेखित उद्देश्यहरु हासिल गर्न सरकारी वकीलहरु व्यावसायिक हुनु आवश्यक छ। सरकारी वकिलहरुलाई व्यावसायिक बनाउन निम्न कारणहरुले गर्दा उनिहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्थाको सुनिश्चतताको लागि छुट्टै कानूनको तर्जूमा हुनु आवश्यक छ;—

१. न्यायाधीश एवं न्यायाधिवक्ताहरु समान योग्यता, तालिम, हैसियत, नियुक्ति, पारिश्रमिक, सेवाका शर्तहरु तथा स्वतन्त्रताका हकदार हुने विश्वव्यापी मान्यता एवं स्वतन्त्र न्यायपालिका सम्वन्धी अवधारणाले अगांलेको सिद्धान्त अनुसार नेपालमा पनि महान्यायाधिवक्तको योग्यता सर्वोच्च अदालतको न्यायाधीश सरह हुने संवैधानिक व्यवस्था गरी सर्वेच्च अदालत तहमा समानताको विश्वव्यापी मान्यतालाई स्वीकार गरिएको छ तर त्यसभन्दा तल्लो तहमा न्यायाधीश र सरकारी वकील वीच ठूलो अन्तर रहेको छ। नेपालमा तीन तहका अदालतका न्यायाधीशहरुलाई संवैधानिक संरक्षण तथा विशेष सुविधा प्राप्त भएको सन्दर्भमा सरकारी वकीलहरुलाई पनि कानूनी संरक्षण प्रदान गर्न तथा न्यायपालिकाको हरेक तहका न्यायाधीश सरहको योग्यता, सेवा, सुविधा, पारिश्रमिक, भत्ता लगायतका सुविधा कम्तिमा पनि बराबर हुनु पर्ने कुरालाई सुनिश्चित गर्न,

२. सरकारी वकीलहरुको व्यावसायिक दक्षता, निष्पक्षता, सक्षमता, योग्यता, पारिश्रमिक, सेवाका शर्तहरु, मर्यादा, व्यवसायिक उन्मुक्ति, स्वतन्त्रता र विशेषाधिकार जस्ता पक्षहरुलाई समेटी स्वतन्त्र न्यायपालिकाको अवधारणा अनुरुप व्यवस्थापन गर्न,

३. नेपालको संविधानको धारा १६१ ले दिशानिर्देश गरेबमोजिमको संवैधानिक दायित्व र महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेको लक्ष्य र रणनीतिलाई कार्यरुपमा सार्थकता प्रदान गर्न,

४. संयुक्त राष्ट्र संघद्वारा जारी गरिएको अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९०; अभियोजनकर्ताको व्यवसायिक अधिकार र जिम्मेवारी सम्बन्धी अन्तर्राष्ट्रिय संगठनले तयार पारेको मापदण्ड, १९९९; अभियोजनकर्ताको भूमिका सम्बन्धी युरोपियन युनियनको मापदण्ड समेतका अन्तर्राष्ट्रिय दस्तावेजले दिशानिर्देश गरे अनुरुपको दायित्व पूरा गर्न,

५. सरकारी वकीलको व्यावसायिक सेवाको कदर गर्दै सेवाको संवेदनशीलतालाई विचार गरी अष्ट्रिया, जर्जिया, लात्भिया, नेदरल्याण्ड, रोमानिया, स्लोभेनिया लगायतका राष्ट्रमा सम्बन्धित तहको अदालतको न्यायाधीशको भन्दा सरकारी वकीलको पारिश्रमिक र सेवा सुविधा बढी दिइने गरेको हुँदा अन्तर्राष्ट्रिय अभ्यासलाई आत्मसात गर्न,[५]

६. सरकारी वकीलको व्यावसायिक सेवाको कदर गर्दै सेवाको संवेदनशिलतालाई विचार गरी अण्डोरा, बेल्जियम, बोस्निया हर्जगोविना, बुल्गेरिया, क्रोयशिया, फ्रान्स, जर्मनी, ग्रीस, हंगेरी, इटाली, लग्जेम्वर्ग, मोल्डोभा, मोनाको, मोण्टेनेग्रो, पोल्याण्ड, पोर्चुगल, सर्विया, स्पेन, टर्की लगायतका देशमा सम्बन्धित अदालतको न्यायाधीश सरह सरकारी वकीलको सेवा, सुविधा, पारिश्रमिक, भत्ता लगायतका सुविधा पारिश्रमिक एवं सेवा सुविधा दिइने गरेको हुँदा यस्ता अन्तर्राष्ट्रिय असल अभ्यासलाई नेपालमा पनि लागू गर्न,[६]

७. भारत, बंगलादेश लगायतका दक्षिण एशीयाली मुलुकहरुमा ल अफिसर्सलाई ब्यवसायिक रुपमा स्वतन्त्र र उच्च हैसियतको पारिश्रमिक दिने व्यवस्था भए बमोजिम नेपालमा पनि सोही प्रकृतिको व्यवस्था गर्न,

८. अन्य निजामती कर्मचारीले कार्यालय समयमा मात्र काम गरे पुग्नेमा सरकारी वकीलले कार्यालय समयमा अदालत, विशिष्टिकृत अदालत र अर्धन्यायिक निकायमा बहस पैरवी, प्रतिरक्षा, बयान, बकपत्र लगायतका कार्य गरी अभियोगपत्र, निवेदनपत्र, पुनरावेदनपत्र, मुद्दा दोहोऱ्याउने निवेदन, पुनरावलोकन, लिखित जवाफ लगायतका कानूनी लिखतहरुको तयारी तथा दर्ता समेतका कार्य गर्नु पर्ने भएकोले कार्यालय समय बाहेक अन्य समयमा घर परिवारलाई दिनुपर्ने समयमा भोलीको लागि मिशिल अध्ययन, विभिन्न प्रकारका लिखतका मस्यौदा तयार, कानूनी राय परामर्श, कारागारमा राखिएका कैदी बन्दीको मानव अधिकार रक्षाका लागि र तिनीहरुलाई गरिएको व्यवहारका सम्बन्धमा हिराशत अनुगमन, दैनिक प्रशासनिक कार्यका साथै सर्वोच्च अदालतबाट भएका फैसला कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्ने गराउने समेतका कार्य गर्नु परेको कारण निजि जिवनको अनुभूती गर्न नपाएको सरकारी वकीलहरुकोलागि क्षतिपूर्तिको व्यवस्था गर्न,

---

५ बिस्तृत जानकारीका लागि हेर्नुहोस्, Report "European judicial systems - CEPEJ Evaluation report - 2022 Evaluation cycle (2020 data): https://www.coe.int/en/web/cepej/special-file-report-european-judicial-systems-cepej-evaluation-report-2022-evaluation-cycle-2020-data?p_p_id=56_INSTANCE_Pec933yX8xS5&p_p_lifecycle=0&p_p_state=normal&p_p_mode=view&p_p_col_id=column-4&p_p_col_pos=1&p_p_col_count=2

६ ऐ.ऐ.

९. सरकारी वकीललाई बढी भन्दा बढी प्रतिस्पर्धी बनाउन एवं विज्ञान, प्रविधि र सूचनामा आएको परिवर्तन सँगसँगै विकसित नयाँ नयाँ अपराधको विकासलाई रोक्न सक्ने गरी अभियोजन, प्रतिरक्षा लगायतको कार्य गर्न स्वदेश तथा विदेशमा Updated Training, Continuing Legal Education को श्रृंखलाबद्ध व्यवस्था गरी सक्षम सरकारी वकीलको व्यवस्था गर्न वा वाहिरबाट सक्षम व्यक्ति भित्राउन सरकारी वकीललाई विशुद्ध व्यावसायिक र विशेषज्ञको रुपमा विकसित गर्न,

१०. सरकारी वकीलको व्यावसायिक दक्षता अभिबृद्धि गर्न, सरकारी वकीललाई आफ्नो पेशाप्रति इमान्दार, कर्तव्यनिष्ठ, जिम्मेवार र उत्तरदायी बनाउन, आफ्नो पेशाप्रति गौरवको अनुभूति दिलाउन, प्रभावकारी फौजदारी न्याय प्रशासनप्रति जिम्मेवार बनाउन र सरकारी वकीलको सेवालाई अझ बढी प्रभावकारी र उत्तरदायी बनाउन,

११. विश्वव्यापीकरणको वर्तमान युगमा विश्व व्यापार संगठनको सदस्य राष्ट्र एवं अन्य विभिन्न अन्तराष्ट्रिय समुदायको सदस्यको नाताले विश्वव्यापी प्रतिस्पर्धामा खरो रुपमा उत्रिन र विभिन्न प्रकारका अन्तर्राष्ट्रिय अदालतहरुमा मुद्दा दायर एवं प्रतिरक्षा समेतको कार्य गर्न सक्षम जनशक्तिलाई सरकारी वकीलको रुपमा विकसित गर्न,

१२. फौजदारी न्याय प्रशासनका अन्य सरोकारवालाहरु अपराध अनुसन्धानमा संलग्न प्रहरी, न्याय सम्पादनमा संलग्न न्यायाधीश र न्यायपालिकामा कार्यरत कर्मचारीहरुको सेवा, सुविधा र अवसर प्राप्तिको अवस्थालाई विचार गरी ती दुवै संस्थाका जनशक्तिले पाए सरहको पारिश्रमिक एवं सेवा शर्त र सुविधा दिलाई न्यायोचित व्यवहार गर्न,

१३. सरकारी वकील सरहका अन्य व्यावसायिक सेवा प्रदायकहरु डाक्टर, इञ्जिनियर, नर्स, लेखा, व्यवस्थापन, शिक्षक, अध्यापक लगायतका पेशाकर्मीहरुले आ-आफ्नो पेशा अनुरुपका सेवा तथा कन्सल्टेन्सी (Tax, Account, Audit, Procurement)को कार्यमा लागिरहन पाउने व्यवस्था गरिए बमोजिम नै सरकारी वकीललाई त्यस्ता प्रकारका सेवा र कन्सल्टेन्सीका काम गर्न अवसर र मौका प्रदान नगरिएको हुँदा र सरकारी वकीललाई Chamber Practice को सुविधा नदिइएको हुँदा निजहरुबाट राज्यलाई प्रदान हुने व्यावसायिक र विशेषज्ञ सेवाको सम्मान गर्न,

१४. सरकारी वकीलले विशेष र महत्वपूर्ण मुद्दामा प्रतिनिधित्व गरे वापत थप Incentive प्रदान गरिने व्यवस्था नभएको, व्यवसायिक/पेशागत बिशेषज्ञलाई मात्र सरकारी वकीलमा भर्ना गर्ने व्यवस्था हालसम्म पनि हुन नसकेको र निजहरुलाई विदेशमा अध्ययन, अवलोकन भ्रमण, Experience Sharing Program लगायतका गोष्ठी, सेमिनारमा भाग लिन पाउने व्यवस्था ज्यादै कम भएको हुँदा त्यसको सुनिश्चितता गर्न,

१५. देशको न्याय प्रणाली संचालन गर्ने जिम्मेवार सरकारी निकायहरु मध्ये न्यायपालिकाका न्यायाधीशहरुको लागि तीन दशक अघिदेखि अंगीकार गरिएको व्यवसायिकता एवं स्वतन्त्रताको सिद्धान्त सरकारी वकीलहरुको हकमा पनि लागू गर्न,

१६. सरकारी वकीलको राष्ट्रिय सम्मेलन, २०६७ तथा तत्पश्चात सम्पन्न भएका राष्ट्रिय सम्मेलनका अवसरमा प्रधान न्यायाधीश, कानून मन्त्री, महान्यायाधिवक्ता, मुख्य सचिव, नेपाल वार एशोसियन, सर्वोच्च अदालत वार एशोसियसनका अध्यक्ष लगायतले सरकारी वकीलको सेवा सुविधा सम्बन्धी ऐन ल्याउनमा सघाउने प्रतिवद्धता व्यक्त गरिसकेको हुँदा सो प्रतिवद्धतालाई पुरा गर्न,

१७. सार्वजनिक खरिद, सेवा परामर्श लगायतका कार्यमा देशले अन्य व्यावसायिक व्यक्ति, सल्लाहकार, परामर्शदाता, कन्सल्टेण्ट लगायतका व्यावसायिक व्यक्तिलाई प्रदान गर्ने पारिश्रमिक, सेवा, सुविधा सरह सरकारी वकीलले प्रदान गर्ने कानूनी राय परामर्श समेतका कार्य वापत उचित सेवा, सुविधा प्रदान गर्न,

१८. अपराध अनुसन्धानमा निर्देशन, अभियोजन, प्रतिरक्षा र कानूनी लिखतहरुको मस्यौदा तथा मुद्दा फिर्ता र मिलापत्र गर्ने गराउने कार्यमा सरकारी वकीलको भूमिकालाई प्रभावकारी बनाउन, सरकारी वकीलका काम कारवाहीमा अनुगमन र निरीक्षण गर्ने क्रममा तिव्रता ल्याउन, सरकारी वकीलहरूलाई व्यवसायिक संरक्षणको प्रत्याभूति दिलाउन, जागिरे मानसिकता एवं मनोवृत्तिबाट सरकारी वकीलहरुलाई अलग गराउन, निजी कानून व्यवसायीसँग प्रतिस्पर्धामा उत्रिन सक्ने बनाउन,

१९. सरकारी वकील फौजदारी न्यायप्रशासनसँग प्रत्यक्ष संवन्धित र विशुद्ध व्यावसायिक एवं विशेषज्ञको रुपमा सेवारत हुन्छन्। प्रभावकारी फौजदारी न्याय प्रशासनको अभावमा समाजमा दण्डहिनताले प्रश्रय पाई शान्ति

सुरक्षा कायम रहन नसक्ने भएकोले सरकारी वकीलको सेवालाई अझ बढी प्रभावकारी र उत्तरदायी बनाउन सरकारी वकीलको व्यवस्था कानूनमा नै उल्लेख गर्न,

२०. न्यायाधिवक्ताहरु सरकारको कानूनी सल्लाहकार हुनुको साथै सरकारवादी मुद्दा चल्ने नचल्ने निर्णय गर्ने, सरकारवादी भएको वा नेपाल सरकारको हकहित वा सरोकार निहित रहेको मुद्दामा सरकारको हकहितको प्रतिरक्षा गर्ने कार्यसँग सम्बन्धित व्यावसायिक र विशेषज्ञ पद भएकोले यसको व्यावसायिक संवेदनशीलतालाई हेरी सरकारी वकीलको व्यवसायिक दक्षता अभिबृद्धि गर्न, आफ्नो पेशाप्रति कर्तव्यनिष्ठ, जिम्मेवार बनाई गौरवको अनुभूति दिलाउन र फौजदारी न्याय प्रशासनप्रति थप जिम्मेवार बनाउन,

यसरी माथि उल्लेख भए बमोझिम सरकारी वकील सम्बन्धी अन्तर्राष्ट्रिय प्रचलन एवं मान्यताहरु, दक्षिण एसियाली मुलुकहरुले अवलम्वन गरेका अभ्यास, कमन ल प्रणाली अपनाउने अन्य मुलुकहरुमा प्रचलनमा रहेका व्यवस्था एवं अमेरिकी न्याय प्रणालीमा संघीय र राज्यस्तरमा अंगालिएका मान्यताहरु एवं अन्तर्राष्ट्रिय सन्धि, सम्झौता एवं दस्तावेजहरुद्वारा प्रतिपादित सिद्धान्त र तिनीहरुले निर्देशन गरेका मार्गदर्शनको अनुसरण गरी एक्काइसौं शताब्दीका न्यायपालिकाका नवीनतम् मूल्य र मान्यतालाई आत्मसात गर्दै विश्व न्यायप्रणालीसँग प्रतिस्पर्धा गर्नसक्ने सक्षम, प्रभावकारी, दक्ष, व्यवसायिक, स्वतन्त्र र मर्यादित सरकारी वकील सम्बन्धी व्यवस्थाको संवैधानिक दायित्व पूरा गर्न सरकारी वकीलको सेवा, शर्त, सुविधा सम्बन्धी कानूनको आवश्यकता रहेको छ।

६. छुट्टै कानूनी संरचनाको लागि भएका प्रयत्नहरु

सरकारी वकीलहरुको सेवाका शर्त सम्बन्धी कानून तर्जूमाको लागि बिगतदेखि प्रयत्न हुँदै आएको भए पनि हालसम्म सफल हुन सकेको छैन। सरकारी वकीलको काम गर्न न्याय सेवाका कर्मचारीहरु प्रायः अनिच्छुक रहेको, हाल बहाल रहेका अनुभवी र दक्ष सरकारी वकीलहरुमध्ये पनि धेरैजसो यथाशक्य न्याय सेवाको अन्य अंगमा सरुवा हुन प्रयत्नशील रहेको बुझिएको, सरकारी वकीलको ब्यावसायिक सुबिधा सम्बन्धी बर्तमान प्रखरता हासिल गरिसकेका कानून ब्यबसायी पनि यो सेवामा आकर्षित हुन सक्ने नदेखिएको भन्ने कुरालाई वि.सं. २०४० सालको तत्कालीन शाही न्याय सुधार आयोगको प्रतिवेदनमै औंल्याइको थियो। भारत, बेलायत र अष्ट्रेलियाका ल अफिसर्सहरुको लागि न्यायधीश सरह समान सुविधा रहने व्यवस्था रहेको भन्ने जस्ता आधारमा सरकारी वकीलहरुबाट विगत दुई दशकभन्दा अघि देखिनै सरकारी वकील र न्यायाधीशको योग्यता, हैशियत र सुविधा समान हुनुपर्ने आवाजहरु उठेका हुन। मुद्दा मामिला सम्बन्धी उस्तै र एकै प्रकृतिका कार्य गर्ने न्यायधीशहरुलाई एक किसिमको सेवा सुविधा हुने तर सरकारी वकीललाई त्यस्तो सुविधाबाट बन्चित गरिने कार्यबाट नीतिगत रुपमै विभेद सृजना भएको छ। सरकारी वकीलको पारिश्रमिक र सेवा, शर्त र सुबिधाको बिषयमा सम्बन्धी छुट्टै कानून बनाई सरकारी वकीलको पदलाई व्यवसायिक र प्रतिस्पर्धी पदको रुपमा बिकास गरिनुपर्ने कुरामा जोड दिइ सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ मा प्रस्ताव पारित गरी औपचारिकरुपमै सरोकारवालालाई घच्घच्याउने कामको थालनी गरिएको थियो।[७] तत्पश्चात सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलन, २०७५ मा समेत यो विषयमा व्यापकरुपमा छलफल गरी संविधानमा उल्लेखित सरकारी वकील र महान्यायाधिवक्ता अन्तरगतका अन्य कर्मचारीहरुको सेवा शर्त सम्बन्धी कानून प्राथमिकतापूर्वक तर्जूमा हुने अपेक्षा सहित प्रस्ताव पारित भएको थियो।[८]

पन्ध्रौ योजनाको दीर्घकालीन सोंचमा लोकतन्त्र र सुशासन अन्तरगत न्याय प्रणाली शीर्षकको रणनीतिक उद्देश्यमा अपराध अनुसन्धान, अभियोजन र प्रतिरक्षा प्रणालीलाई वैज्ञानिक र वस्तुगत प्रमाणमा आधारित बनाउने तथा संस्थागत सुदृढीकरण गर्ने, न्याय सेवाका कर्मचारी र सरकारी वकिलहरुको क्षमता अभिवृद्धि गर्ने भन्ने कुरालाई प्रार्थमिकताकासाथ लेखन गरिएको देखिन्छ ।[९] त्यसैगरी नेपाल सरकारको नीति तथा कार्यक्रम, २०७६ मा "तथ्य र बैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन प्रणालीको बिकास गरिनेछ। अनुसन्धान र अभियोजनमा संलग्न जनशक्तिको क्षमता बृद्धि गरिने छ"[१०] भन्ने उल्लेख भएको थियो। यो विषयलाई पुनः जोड

७ सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ मा पारित प्रस्ताव नं.१२

८ सरकारी वकीलहरुको दोश्रो राष्ट्रिय सम्मेलन, २०७५ मा पारित प्रस्ताव नं.१७

९ पन्ध्रौं योजना आ.व. (२०७६।७७ — २०८०।८१) परिच्छेद ८, पृ.१२१, नेपाल सरकार, राष्ट्रिय योजना आयोग

१० नेपाल सरकारको नीति तथा कार्यक्रम, २०७६ को दफा १९६

दिदै सरकारी वकीलहरुको तेस्रो राष्ट्रिय सम्मेलन, २०७७ मा पनि संबिधानको भावना अनुरुप सरकारी वकीलको सेवा र शर्त सम्बन्धी कानून शिघ्र तर्जुमा हुने बिश्वास लिएका छौं भनि प्रस्ताव पारित गरिएको[११] थियो भने सम्मेलनको अवसरमा प्रधान न्यायाधीश, कानून मन्त्री, महान्यायाधिवक्ता, मुख्य सचिव, नेपाल वार एशोसियन, सर्वोच्च अदालत वार एशोसियसनका अध्यक्ष लगायतले सरकारी वकीलको सेवा सुविधा सम्बन्धी ऐन ल्याउनमा सघाउने प्रतिवद्धता व्यक्त गर्नु भएको थियो। महान्यायाधिवक्ताको कार्यालयको तेश्रो रणनैतिक योजना (२०७८/७९-२०८२/०८३) मा सरकारी वकीलको पेशालाई ब्यबसायिक बनाउने लक्ष्य लिई सो लक्ष्य प्राप्तिका लगि सरकारी वकील तथा अन्य कर्मचारीको नियुक्ति, सेवा, शर्त सम्बन्धी कानूनको तर्जुमा गरी लागू गराउन पहल गर्ने भन्ने बिभिन्न रणनैतिक क्रियाकलापहरु उल्लेख गरिएको छ। सरकारी वकील र समग्र न्यायक्षेत्रबाट वारम्बारको माग र पयत्नका बाबजुद पनि यस सम्बन्धमा हालसम्म कानून तर्जूमा हुन सकेको छैन।

७. सरकारी वकीलको व्यावसायिकता विकासको वैधानिक शर्तको रुपमा सेवा शर्त सम्बन्धी कानून

अन्तर्राष्ट्रिय अभ्यास अनुरुप सरकारी वकीलको छुट्टै सेवा, शर्त र सुविधा सम्बन्धी कानून निर्माण गरी सरकारी वकीललाई व्यसायिक बनाउनु पर्ने आवाज २०४७ सालको संविधान जारी भएपश्चात उठ्दै आएको र त्यसको मस्यौदा समेत सोही समयमै तयार भएको थियो।

संविधानसभा अन्तर्गतको न्याय प्रणाली सम्बन्धी समितिले पेश गरेको अवधारणा पत्र सहितको संविधानको मस्यौदामा सरकारी वकीलको नियुक्ति, सेवा शर्त र सुविधा सम्बन्धी कानून निर्माण गर्ने व्यवस्था समितिबाट विवादरहितरुपमा सर्वसम्मत पारित भएको थियो।[१२] उक्त व्यवस्थालाई यथावत राख्ने कार्यमा महान्यायाधिवक्ताको कार्यालयको विशेष पहल हुन नसक्दा र केही स्वार्थी स्वभावका पदाधिकारीको कारण उक्त व्यवस्था संविधानमा आउन सकेन।

सोही प्रयासको निरन्तरतास्वरुप नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुने व्यवस्था रहेको छ। उक्त संवैधानिक व्यवस्था बमोजिम सरकारी वकीलको व्यवसायिकता विकासको वैधानिक शर्तको रुपमा सेवाका शर्त सम्बन्धी कानून निर्माण गर्नु पर्ने संवैधानिक दायित्व रहेको छ।

अन्य मुलुकमा प्रचलनमा रहेका असल अभ्यास र नेपाल पक्ष राष्ट्र भएका र नभएका अन्तर्राष्ट्रिय कानूनका प्रावधानलाई अवलम्बन गरी यथाशिघ्र कानून निर्माण गर्नुपर्ने टडकारो आवश्यकता छ।

महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको लक्ष्य ४ मा सरकारी वकील सेवालाई व्यावसायिक बनाउने कुरा उल्लेख छ भने त्यसैको रणनीति १ मा सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र सम्बर्द्धन गर्ने, सरकारी वकील तथा अन्य कर्मचारीको नियुक्ति, सेवा, शर्त सम्बन्धी कानून जारी गर्न पहल गर्ने, अभियोजनकर्ताको अन्तर्राष्ट्रिय संस्था **(IAP)** को क्रियाकलापमा सहभागिता र समन्वय गर्ने समेतका विषय समावेश गरिएको पाइन्छ।

८. सरकारी वकीलको सेवा शर्त सम्बन्धी कानूनमा राखिन उपयुक्त हुने आधारभूत संरचनाहरु

सरकारी वकीलको व्यवसायिकता विकासको लागि सेवा, शर्त, सुविधा सम्बन्धी कानूनमा समावेश हुनु पर्ने संरचना देहाय बमोजिम हुन उपयुक्त देखिन्छः

---

११ सरकारी वकीलहरुको तेश्रो राष्ट्रिय सम्मेलन, २०७७ मा पारित प्रस्ताव नं.१७

१२ संविधान सभा न्याय प्रणाली सम्बन्धी समितिको अवधारणापत्र सहितको प्रतिवेदन, २०६६ महान्यायाधिवक्ताको परिच्छेदको खण्ड १०

अभियोजनकर्ता, सच्चरित्रवान, सक्षम तथा उपयुक्त तालिम प्राप्त र सुयोग्य हुनुपर्ने, राज्यले अभियोजनकर्ताको छनौटमा जाति, रङ्ग, लिङ्ग, भाषा, धर्म, राजनीतिक आस्था, राष्ट्रियता, सामाजिक र जातीय उत्पत्ति, सम्पत्ति, जन्म, आर्थिक अवस्था आदिको आधारमा भेदभाव नगर्ने, अभियोजनकर्ताहरु न्याय सम्पादनका अत्यावश्यक प्रतिनिधि भएकाले आफ्नो पेशाप्रति सम्मान र मर्यादा कायम राख्नुपर्ने, राज्यले अभियोजनकर्ताहरुलाई कुनै प्रकारको धम्की, अवरोध, हैरानी, अनुचित हस्तक्षेप तथा अनुपयुक्तरुपमा आइलाग्ने देवानी वा अन्य दायित्वमुक्त व्यवसायिक कार्य सम्पादनको प्रत्याभूति गर्नुपर्ने, अभियोजनकर्ता र निजका परिवारका सदस्यको भौतिक सुरक्षा, उचित सेवाका शर्तहरु, पर्याप्त पारिश्रमिक, सुनिश्चित कार्यकाल, निवृत्तभरण तथा अवकाशको उमेर कानूनद्वारा संरक्षित गरिनुपर्ने, निजहरुको नियुक्ति, सरुवा बढुवा गर्दा निश्चित मापदण्ड तयार गरी उनीहरुको व्यावसायिक योग्यता, सक्षमता, इमान्दारिता र अनुभव जस्ता निष्पक्ष र स्वच्छ कार्यविधिका आधारमा हुनुपर्ने, अभियोजनकर्ताको कार्यालय पृथक हुनुपर्ने, अपराधको अनुसन्धान, त्यसको रेखदेख र वैधानिकता, अदालती निर्णयको कार्यान्वयनको सुपरीवेक्षण र सार्वजनिक हितको प्रतिनिधिको रुपमा अन्य कार्यहरुको अभ्यास, जस्ता फौजदारी कारवाहीमा अभियोजनकर्ताहरुले कानून र स्थानीय अभ्यासका आधारमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने, आफ्नो कार्यसम्पादनमा कानूनद्वारा निष्पक्षता, दृढता, शीघ्रता, मानव प्रतिष्ठा तथा मानव अधिकारको संरक्षण र सम्मान गर्नुपर्ने, जसले फौजदारी न्याय प्रणालीको सहज प्रवाहमा योगदान देओस्, अभियोजनमा छुट दिने, सशर्त वा निशर्त अभियोजनको अन्त्य गर्ने, फौजदारी मुद्दाहरुलाई औपचारिक न्याय प्रणालीमा परिवर्तन गर्ने जस्ता अधिकार रहनुपर्ने, अभियोजनकर्ताहरु उपरको अनुशासनको कारवाहीमा वस्तुगत मूल्याङ्कन र निर्णय सुनिश्चित गर्ने, तिनीहरु कानून, व्यावसायिक आचारसंहिता, मान्यता प्राप्त स्तर, नैतिक सिद्धान्त र संयुक्त राष्ट्र संघद्वारा जारी अभियोजनकर्ताको भूमिका सम्बन्धी मार्गदर्शन, १९९० का आधारमा सुनिश्चित गरिने जस्ता सिद्धान्तहरु प्रतिपादित भएका छन्। उल्लिखित संयुक्त राष्ट्रसंघीय मार्गदर्शन अन्य संयुक्त राष्ट्रसंघका सदस्य राष्ट्रहरुलाई जस्तै नेपाललाई पनि लागू हुने हुँदा पनि सरकारी वकीलको सेवा शर्त सम्बन्धी छुट्टै कानूनमा उपर्युक्त मापदण्ड वा सिद्धान्तहरु समावेश हुन अपरिहार्य हुन्छ।

नेपालको संविधानको धारा १६१ को संवैधानिक व्यवस्था बमोजिम सरकारी वकील तथा मातहतका अन्य कर्मचारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी कानून तर्जूमा गर्दा धारा १५५ बमोजिम संघीय न्याय सेवाका कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी कानून एकिकृतरुपमा निर्माण हुन उपयुक्त हुन्छ वा हुँदैन भन्ने विषयमा पनि छलफल गरी टुङ्गो लगाउनु आवश्यक हुन्छ।

९. सेवाका शर्त सम्बन्धी कानूनमा ट्रेड युनियनहरुको सरोकार

महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयमा कार्यरत कर्मचारीहरुको ट्रेड युनियनहरुले सरकारी वकील तथा कर्मचारीको सेवाका शर्त सम्बन्धी कानूनमा हुनुपर्ने बिषयका सम्बन्धमा चासो र चिन्ता व्यक्त गरेका छन्। मुलतः सरकारी वकील र कर्मचारीको समग्र हितमा कानून आउनु पर्ने, संविधानको धारा १६१ को मर्म बमोजिम सरकारी वकीलका अतिरिक्त महान्यायाधिवक्ता कार्यालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीको बिषयलाई संवोधन हुनु पर्ने, सरकारी वकीलको नियुक्तिको सिफारिस खुला तथा आन्तरिक प्रतिस्पर्धात्मक परीक्षा प्रणाली मार्फत हुनु पर्ने, नयाँ नियुक्ति तथा बढुवाद्वारा हुने नियुक्तिको सिफारिस सङ्घीय निजामती सेवा ऐनमा व्यवस्था भएबमोजिम गरिनुपर्ने, सरकारी वकीलको अवकाशको उमेर ६५ वर्ष हुने व्यवस्था प्रस्ताव गरिरहँदा अन्य कर्मचारीको बृत्ति बिकासको अवसरलाई ध्यान दिनुपर्ने, सरकारी वकीललाई सङ्घीय निजामती सेवा अन्तर्गतको न्याय सेवामा नै रहने गरी व्यवस्था गर्नुपर्ने, सेवाका शर्त सम्बन्धी बिषयको हकमा नायब महान्यायाधिवक्तालाई उच्च अदालतका मुख्य न्यायाधीश सरह, सहन्यायाधिवक्तालाई उच्च अदालतका न्यायाधीश सरह र

उपन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्तालाई जिल्ला न्यायाधीश सरह राखिनु पर्ने, सहायक न्यायाधिवक्ता र राजपत्र अनंकित तथा अन्य कर्मचारीको हकमा व्यावसायिक तथा प्रोत्साहन भत्ताको सुनिश्चितता हुनुपर्ने, संविधानको धारा १५५ मा न्याय सेवाका कर्मचारीको छुट्टै कानून ल्याउने गरी छलफल भइरहेकाले त्यसतर्फ समेत विचार गर्नुपर्ने, यथाशक्य छिटो सरकारी वकील तथा कर्मचारीको सेवा शर्त सम्बन्धी कानून ल्याइनुपर्ने भन्ने बिषयमा ट्रेड युनियनहरुले सरोकार देखाएका छन्।

१०. निष्कर्ष तथा सिफारिस

एकै सिक्काका दुई पाटोको रुपमा रहेका फौजदारी न्याय प्रशासनका महत्वपूर्ण निकाय मध्ये न्यायाधीशहरुलाई अन्तर्राष्ट्रिय दस्तावेजले सृजना गरेको दायित्व अनुरुप वि. सं. २०४७ मा जारी संविधानपश्चात् नै नियुक्ति, सेवा, शर्त, सुविधा सम्बन्धी कानूनबाट सुसज्जित गरिएको भए तापनि सरकारी वकीलका हकमा भने वि. सं. २०७२ सालमा जारी वर्तमान संविधानमा भएको प्रावधान बमोजिम संवैधानिक दायित्व र विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजले सृजना गरेको दायित्व अनुरुप सरकारी वकीलको लागि नियुक्ति, सेवा, शर्त, सुविधा सम्बन्धी कानून तर्जूमा गर्न ढिलो भैसकेको छ।

सरकारी वकीलको व्यवसायिकता विकासको लागि सेवा, शर्त, सुविधा सम्बन्धी कानून निर्माण भएपछि विशेष ज्ञान सीप दक्षता क्षमता र योग्यता भएका सरकारी वकीलले आफूले राष्ट्र र जनतालाई दिनु पर्ने सेवाको गुणस्तरमा स्तरीयता आउने, सरकारी कार्य सम्पादनमा उत्प्रेरणा पैदा भै संगठनको उद्देश्य प्रभावकारीरुपमा हासिल हुने, आफूले गर्नुपर्ने काममा उत्साहित हुने, वृत्ति विकासको पथमा रहेको अन्यौलताको अन्त्य भै दायाँबायाँ सोचविचार नगरी काममा एकलब्य दृष्टिकोणले निरन्तर लागिरहन पाउने वातावरणको सृजना हुने, सामान्य (Generalist) कर्मचारीको रुपमा नभै प्राविधिक (Specialist) र व्यावसायीक सरकारी वकीलको रुपमा कार्य सम्पादनमा लाग्ने, संविधान र विश्वमा प्रचलनमा रहेको असल अभ्यासलाई अवलम्बन गरी कार्य सम्पादनमा थप उत्साहित भै लागिरहने वातावरण बन्ने, व्यवसायिक आचार संहिताको अक्षरस र प्रभावकारीरुपमा पालना हुने, अत्यन्त सक्षम तर सरकारी वकीलको सेवा छाडी अन्यन्त्र आँखा लगाउने सरकारी वकीललाई सेवामै टिकाइ राख्न सहज हुने, अन्य सेवा, समूह र निकायका गुणस्तरीय जनशक्तिलाई सरकारी वकीलको सेवामा भित्राउन सकिने, सरकारी वकीलको सेवा छाडी अन्यत्र जाने सिलसिलाको क्रमभंगता हुने, सरकारी वकीलकोरुपमा सेवा प्रवाह गरिरहन पाउने, उमेर हद बढ्ने, अनुभवको विशेष महत्व हुने पेशाविद्ले बढी उमेरसम्म सेवा दिंदा राज्य र सरकारी वकील संस्था दुवैलाई फाइदा हुने, सेवा सुविधा बढ्ने, अनुभवको आधारमा मुद्दाको सफलता दर र कार्यको गुणस्तर र प्रभावकारितामा बृद्धि हुने हुन्छ।

तसर्थ अन्य मुलुकको असल अभ्यास र अन्तर्राष्ट्रिय दस्तावेज तथा संवैधानिक दायित्व समेतमा आधारमा कम्तिमा न्यायाधीश बराबरको सेवाका शर्त र सुविधा प्राप्त हुने गरी सरकारी वकील सम्बन्धी कानून जारी गर्नु जरुरी छ ।

अनुसूची १

Comparative, detailed table of judges and prosecutors salaries in 2006, in € (Q114)

Country	Country Gross annual salary of a first instance professional judge at the beginning of his/her career	Gross annual salary of a judge of Supreme Court or of the highest appellate court	Gross annual salary of the prosecutor at the beginning of his/her career	Gross annual salary of a public prosecutor of the Supreme Court or of the highest appellate court
Andorra	67 581	36 430	67 581	100 100
Austria	43 393	105 251	46 073	105 251
Belgium	56 487	122 196	56 487	122 169
Bosnia and Herzegovina	24 024	41 223	24 024	41 223
Bulgaria	5 676	11 136	5 676	11 136
Croatia	22 930	52 054	22 930	52 054
Czech Republic	21 838	42 760	18 438	39 579
France	35 777	105 317	35 777	105 317
Georgia	4 320	8 580	5 184	6 192
Germany	38 829	86 478	38 829	86 478
Greece	33 226	73 716	33 226	73 716
Hungary	30 430	42 154	30 430	42 154
Italy	37 454	122 278	37 454	122 278
Latvia	13 677	31 686	15 257	29 689
Lithuania	14 816	30 852	12 286	27 366
Luxembourg	76 607	140 201	76 607	140 201
Malta	27 524	32 480	24 873	32 630
Moldova	2 352	4 390	2 165	2 502
Monaco	41 238	Compensations	41 238	118 616
Montenegro	14 760	19 005	14 760	21 994
Netherlands	70 000	115 000	85 000	115 000
Poland	14 904	37 403	14 904	37 403
Portugal	33 477	80 478	33 477	78 134
Romania	6 936	34 082	7 936	28 153
Serbia	13 991	22 258	13 991	22 258
Slovakia	18 995	27 438	17 299	26 458
Slovenia	23 736	48 660	26 016	48 036
Spain	45 230	115 498	45 230	115 498
Sweden	96 500	152 000	64 500	143 500
Turkey	17 251	28 988	17 251	28 988
FYROMacedonia	12 165	14 870	12 165	14 870

तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्था[1]

१. विषय प्रवेशः

रणनीतिक योजना अनुशासनमा रहेर निरन्तर सुधार गर्ने व्यवस्थापकीय प्रक्रिया हो । निर्धारित परिदृष्य, परिलक्ष्य र मूल्य मान्यताका आधारमा कुनै पनि संगठनको उद्देश्य हासिल गर्न अवलम्बन गर्नुपर्ने उपाय तय गर्ने, ती उपायको कार्यान्वयन गर्न आवश्यक क्रियाकलाप निर्माण गरी कार्यान्वयनको लागि आवश्यक पर्ने स्रोत साधनको व्यवस्था तथा परिचालन लगायतको समग्र व्यवस्थापन रणनीतिक व्यवस्थापन भित्र पर्दछ । सिमित स्रोत साधनले अधिकतम लाभ लिन तथा नतिजामूलक कार्य सम्पादन गर्न योजनाले सहयोग गर्दछ । वर्तमान समयमा रणनीतिक व्यवस्थापन प्रायः सबै संगठनको उद्देश्य हासिल गर्ने एउटा महत्वपूर्ण पद्धत्तिका रुपमा स्थापित भएको छ ।

फौजदारी न्याय प्रशासनको महत्वपूर्ण अवयवको रूपमा रहेको महान्यायाधिवक्ताको कार्यालयले २०६८ साल साउन देखि पहिलो पञ्चवर्षीय रणनीतिक योजना तयार गरी कार्यान्वयनमा ल्याएकोमा हाल तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३) कार्यान्वयनमा रहेकोमा पहिलो बर्षको अवधि व्यतित गरी सकेका छौं । न्याय प्रशासन सम्बद्ध निकायका छुट्टै रणनीतिक योजनाको विकासको थालनी भने न्यायपालिकाले २०६१ सालमा पञ्चवर्षीय रणनीतिक योजनाको तर्जुमा र कार्यान्वयनबाट सुरू भएकोमा हाल न्यायपालिका चौथो पञ्चवर्षीय रणनीतिक योजना २०७६ साउन देखि कार्यान्वयनमा रहेको छ । महान्यायाधिवक्ताको नेतृत्वमा रहेको नेपाल कानून व्यवसायी परिषद्ले पनि २०७८ देखि कार्यान्वयनमा ल्याउने गरी पहिलो रणनीतिक योजना बनाई लागू गरेको छ ।

२. महान्ययाधिवक्ताको कार्यालयको विगतका योजनाको संक्षिप्त सिंहावलोकनः

➢ **पहिलो रणनीतिक योजना (२०६८/०६९-२०७२/०७३)**

❖ **परिदृष्यः** कानूनी शासनको सुनिश्चितता एवं मानव अधिकारको प्रवर्द्धनका लागि फौजदारी न्याय प्रशासनलाई स्वच्छ, निष्पक्ष एवं प्रभावकारी वनाई दण्डहीनताको अन्त्य, भरपर्दो अभियोजन प्रणालीको स्थापना, सुशासन, मानव अधिकारको संरक्षण र सामाजिक सुव्यवस्था सुदृढीकरण,

❖ **परिलक्ष्यः** संविधान, कानून र न्यायका मान्य सिद्धान्तका आधारमा स्वतन्त्र, स्वच्छ एवं निष्पक्ष अभियोजन प्रणालीको सुदृढीकरण गर्नु, फौजदारी न्यायको प्रभावकारी कार्यान्वयन गर्नु र सोका लागि सरकारको तर्फबाट भरपर्दो प्रतिनिधित्व गरी सेवा उपलब्ध गराउनु, राज्यको हक, हित एवं सरोकार निहित रहेका सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरूको कार्यान्वयन गराउनु र पीडित र हिराशतमा रहेका व्यक्ति प्रति मानवोचित व्यवहार सुनिश्चित गर्नु,

❖ **तत्कालिक लक्ष्यहरूः** व्यवसायिक कार्यदक्षता सुदृढ, आवश्यक संयन्त्रहरू, पद्धतिहरू र प्रक्रियाहरूलाई चुस्त, दुरूस्त, संस्थागत सुदृढीकरणका लागि स्मरणका संयन्त्रहरू र पद्धतिहरूको निर्माण गर्नु, अभियोजनलाई व्यवसायिक, स्वच्छ र निष्पक्ष बनाउन आवश्यक ज्ञान र सीपको विकास गर्नु, हिरासतमा रहेका र अपराध पीडितको मानव अधिकार संरक्षणको संस्कृतिको विकास र कानूनी शासनको पद्धतिलाई सुदृढ पार्नु भन्ने ६ वटा लक्ष्य निर्धारण गरिएको थियो ।

---

१. प्रस्तुत कार्यपत्र नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइरालाको अनुगमनमा, सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल, सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी, सहन्यायाधिवक्ता श्री शंकर खत्री, सहन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुषाल, सहन्यायाधिवक्ता श्री सोमकान्ता भण्डारी, उपन्यायाधिवक्ता श्री राधिका सुवाल, उपन्यायाधिवक्ता श्री विना दाहाल र उपन्यायाधिवक्ता श्री सविता शर्मा समेतको समूहद्धारा तयार गरिएको ।

- ❖ यो योजनामा आधारभूत मूल्य र मान्यताहरू उल्लेख गरी कार्य सम्पादन गर्दा यस्ता मूल्य र मान्यताहरू ग्रहण गर्ने संस्कृतिको विकास गर्ने भन्ने उल्लेख गरिएको थियो ।
- ❖ **संरचनाः** चार परिच्छेद र २ अनुसूचीमा विस्तारित प्रथम रणनीतिक योजनामाः
  - ✓ पहिलो परिच्छेद - संगठन, काम कर्तब्य र अधिकार, संभावना र चुनौति,
  - ✓ दोस्रो परिच्छेद – परिदृष्य, परिलक्ष्य, तत्कालिक लक्ष्यहरू र मूल्यहरू,
  - ✓ तेस्रो परिच्छेद - समस्या र चुनौतिको उल्लेखनका साथै वस्तुस्थिति विशलेषण (SWOT)
  - ✓ चौथो परिच्छेद- रणनीतिक कार्यहरू (२० वटा रणनीति भित्रका १८६ वटा क्रियाकलाप निर्धारण भएको) ।
  - ✓ योजना कार्यान्वयनका लागि रू. ५,७०,५९, ७३, ६२०।— बजेट निर्धारण गरिएको थियो ।
- ❖ **कार्यान्वयनको अवस्था र यसले पारेको प्रभावः**

प्रथम पञ्चवर्षीय रणनीतिक योजनाले निर्धारण गरेका विभिन्न २० वटा रणनीति भित्रका १८६ वटा क्रियाकलाप मध्ये ३८.७१ प्रतिशत क्रियाकलाप मात्र कार्यान्वयन भएको देखिन्छ। योजनाको तर्जुमा र कार्यान्वयन केन्द्रमा मात्र सिमित रहनु, कार्यान्वयन विधि, संयन्त्र तथा प्रक्षेपित बजेटको अभाव हुनु, योजनाबद्ध कार्य संस्कार र अनुभवको अभाव एवं योजना अनुसार कार्य संचालन गर्ने संस्कार तथा योजनाका सम्बन्धमा तल्लो तह तथा सरोकारवाला समक्ष जानकारी प्रवाह गर्न समेत नसक्दा यस योजनाले आशातित सफलता प्राप्त गर्न नसकेको देखिन्छ । तथापि महान्यायाधिवक्ताको कार्यालयको योजनाबद्ध विकास प्रक्रियाको थालनी र निरन्तरताका लागि सो योजना कोशेढुंगा सावित भएकोमा विवाद छैन । साथै सो योजनाले संस्थागत सुधारका लागि रचनात्मक भूमिका निर्वाह गरेको थियो। प्रथम पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट निम्न उपलब्धी हासिल भएका छन्ः

- **बजेटमा सुधारः** योजनाको सुरुमा कुल रु. ३६ करोड ४१ लाख ७८ हजार विनियोजन भएकोमा आ.व. ०७१।७२ का लागि कुल ६१ करोड ६३ लाख २४ हजार बजेट विनियोजन भएको देखिन्छ ।
- **भौतिक सुधारः** योजना अवधिमा उल्लेख्य संख्यामा सरकारी वकील कार्यालयको भवन निर्माण तथा जग्गा नभएका सरकारी वकील कार्यालयका लागि जग्गाको बन्दोबस्द भएको छ। जिल्ला सरकारी वकील कार्यालयहरूमा पीडित मैत्री कक्षहरूको निर्माण भएका छन् । कम्प्युटर, ल्यापटप, फोटोकपि मेसिन, प्रिन्टरको व्यवस्थापनमा सुधार भएको थियो ।
- **जनशक्ति विकासः** सबै जिल्ला तहका सरकारी वकील कार्यालयमा रा.प.द्वितीय श्रेणीको सरकारी वकील रहने व्यवस्था भएको थियो ।
- **सूचना प्रविधिको प्रयोगः** सूचना प्रविधिको विकासका लागि महान्यायाधिवक्ताको कार्यालयमा सूचना प्रविधि केन्द्रको स्थापना भएको छ । सूचना प्रविधिको प्रयोगलाई विस्तार गर्न आवश्यक पर्ने कम्प्युटर, ल्यापटप, प्रिन्टर लगायतका सामग्रीहरू सरकारी वकील कार्यालयहरू तथा सरकारी वकीलहरूलाई उपलब्ध गराइएको छ। कार्यसम्पादनसँग सम्बन्धीत केही सफ्टवेयरको निर्माण गरी प्रयोगमा ल्याइएको छ।
- **प्रोत्साहन व्यवस्थाः** सरकारी वकील तथा सहायकस्तरका कर्मचारीलाई सुरु तलबमानको ५० प्रतिशतमा नबढ्ने गरी कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था गरिएको थियो ।

- ➢ **दोस्रो रणनीतिक योजना (२०७३/०७४-२०७७ / ०७८)** संस्थागत सुदृढीकरण र व्यावसायिकता विकासमा केन्द्रित रहेको यो योजनाकोः
- ❖ **परिदृष्यः** व्यवसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रुपमा स्थापित भई कानूनको शासन प्रवर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ ,

- **परिलक्ष्यः** फौजदारी मुद्दाको अनुसन्धानमा नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन तथा सुदृढ प्रतिरक्षा प्रणाली एवम् व्यवसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रुपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ,

- **मूल्यहरूः कार्यसम्पादनो क्रममा अंगिकार गर्ने गरी; स्वच्छ सुनुवाई, कानूनको शासन, कानून र न्यायका मान्य सिद्धान्तहरूको अवलम्वन, मानव अधिकार, सार्वजनिक हित, पीडित मैत्री र न्यायमा सहज पहुँच, व्यावसायिक स्वायत्तता र उन्मुक्ति, उत्तरदायित्व र जबाफदेहिता, निरन्तर सुधार र सिकाई, नैतिकता र सदाचार।**
- **संरचनाः ८ वटा परिच्छेदमा विभक्त यो योजनाका ४ वटा लक्ष्य, २९ वटा रणनीति र २१८ वटा क्रियाकलाप रहेका,**
    - ✓ **परिच्छेद १,** परिचय
    - ✓ **परिच्छेद २,** संगठनलाई प्राप्त जिम्मेवारी
    - ✓ **परिच्छेद ३,** पहिलो योजनाको समिक्षा
    - ✓ **परिच्छेद ४,** वस्तुस्थिति विश्लेषण
    - ✓ **परिच्छेद ५,** परिदृष्य, परिलक्ष्य र मूल्यहरू
    - ✓ **परिच्छेद ६,** लक्ष्य र रणनीतिक उपायहरू
    - ✓ **परिच्छेद ७,** जोखिम र न्यूनिकरणका उपायहरू
    - ✓ **परिच्छेद ८,** बजेटको प्रक्षेपण (३,८२,८८,५४,०००।-)
    - ✓ **अनुसूची १,** योजना तर्जुमाको क्रममा गरिएका अन्तर्क्रियाका सहभागिहरूको नामावलीको उल्लेखन छ ।

- **दोस्रो रणनीतिक योजनाले पारेको सकारात्मक प्रभावः**

संस्थागत सुदृढीकरण र व्यावसायिक विकासमा केन्द्रित रही विभिन्न ४ वटा लक्ष्य, २९ वटा रणनीति र २१८ वटा क्रियाकलापका साथ तर्जुमा भएको दोस्रो रणनीतिक योजनाको निर्धारित विधि अनुरूप कार्य सम्पादनलाई मापनयोग्य सूचकका आधारमा समीक्षा गर्दा यो योजना ६७ प्रतिशत कार्यान्वयन भएको देखिएको छ । दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनले देहाय बमोजिम सकारात्मक प्रभाव पारेको छः

- **अभियोजन नीति तथा मार्गदर्शन जारीः** सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने समेतको लक्ष्य योजनाले लिएको थियो । वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने रणनीति अन्तर्गत अभियोजन सम्बन्धी मापदण्ड (Standard Guideline for Prosecution) तयार गर्ने क्रियाकलाप प्रक्षेपण गरिएको थियो । परिवर्तित फौजदारी कानून र यस क्षेत्रमा विकसित नवीन सिद्धान्त, विषय र धारणाहरु अनुसार फौजदारी न्याय प्रशासन संचालन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट २०७४ सालमा अभियोजन नीति तथा मार्गदर्शन जारी भएकोमा २०७७ सालमा परिमार्जन गरिएको थियो । दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनको अन्तिम वर्ष २०७७/०७८ लाई "अभियोजन सुधार वर्ष" को रुपमा घोषणा गरिएको थियो ।
- **अभियोजन परीक्षणः** महान्यायाधिवक्ताको कार्यालयबाट मातहतका सरकारी वकील कार्यालयहरूको काम कारवाहीको बारेमा नियमित अनुगमन गरिएको थियो । अभियोजन परीक्षण तथा कार्यालय अनुगमन सम्बन्धी निर्देशिका जारी गरी महान्यायाधिवक्ताको कार्यालयबाट मातहत सरकारी वकील कार्यालयको अनुगमन तथा अभियोजन परीक्षण गर्ने, प्रहरी प्रधान कार्यालयसँगको समन्वयमा सरकारी वकील र प्रहरी कार्यालयको अनुगमन गरी संयुक्त रूपमा अपराध अनुसन्धान र अभियोजनको अवस्था र सुधारका विषयहरूका बारेमा समेत छलफल गर्ने परिपाटीको थालनी गरिएको थियो । पछिल्लो समयमा विद्युतीय माध्यमबाट समेत अभियोजन सम्बन्धी निर्णयको अनुगमन गर्ने कार्य प्रारम्भ गरिएको छ ।

- **पीडित मैत्री व्यवहार र पीडित कक्षको स्थापनाः** न्यायमा पहुँच अभिवृद्धि गर्न पीडित र साक्षी संरक्षण गर्ने रणनीति अन्तर्गत जिल्ला सरकारी वकील कार्यालयहरूमा छुट्टै पीडित मैत्री कक्षको व्यवस्था गर्ने क्रियाकलाप प्रक्षेपण गरी योजना कार्यान्वयन अवधिमा ६९ ओटा जिल्ला सरकारी वकील कार्यालयमा पीडित मैत्री कक्षको स्थापना भएको थियो । पीडित र साक्षीको अभिलेख राख्नका लागि अलग्गै रजिष्टर तयार गरिएको थियो । पीडितलाई मुद्दाको कारवाही र परामर्श (काउन्सिलिङ्ग) का लागि हेल्लो साक्षी कार्यक्रम संचालन गरिएको थियो ।
- **सरकारी वकीलको विशिष्टीकरणः** दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने लक्ष्य लिएको थियो । सो लक्ष्य अन्तर्गत सरकारी वकीलहरुलाई विषयगत विशिष्टीकरण गर्ने रणनीति तय गरी योजनाले प्रक्षेपण गरे बमोजिम सरकारी वकीललाई विषयगत रूपमा विशिष्टीकरण गर्नका लागि मापदण्ड स्वीकृत गरिएको थियो । सो अनुसार नौ ओटा विभिन्न विषयका पाठ्यक्रम तयार गरी विषयगत रुपमा सरकारी वकीलहरुलाई विशिष्टीकरण गर्ने कार्य भएको थियो ।
- **वैदेशिक अध्ययन भ्रमणः** सरकारी वकीलहरुलाई विदेशी कानून र अभ्यासका सम्बन्धमा तथा विकसित नवीनतम् अवधारणाका बारेमा जानकारी प्रदान हुनु पर्दछ । योजना अवधिमा वैदेशिक अध्ययन भ्रमणमा उल्लेख्य संख्यामा सरकारी वकीलहरु सहभागी भएको देखिन्छ । यसले विभिन्न मुलुकको फौजदारी कानून, फौजदारी न्यायप्रशासनको जानकारी तथा अभ्यासका बारेमा ज्ञान हासिल गर्न र कार्यसम्पादनमा कार्यान्वयन गर्न उपयुक्त अवसर प्रदान गरेको अवस्था छ ।
- **क्षमता विकासः** सरकारी वकील तथा कर्मचारीलाई कार्यसम्पादनको विषयसँग सम्बन्धीत विषयमा निरन्तर प्रशिक्षण, तालिम प्रदान गरी क्षमता विकास गरिएको छ । सरकारी वकीलहरुलाई नियमित रुपमा तालिम प्रदायक निकायबाट प्रदान गरिने प्रशिक्षण वा तालिम कार्यक्रमका अतिरिक्त महान्यायाधिवक्ताको कार्यालयमा स्थापित अभियोजन प्रशिक्षण केन्द्रबाट नियमित रुपमा विभिन्न विधामा प्रशिक्षण कार्यक्रम संचालन भएका छन् । कोभिड १९ को संक्रमणको समयमा विद्युतीय माध्यमबाट समेत क्षमता विकासका कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिएको थियो ।
- **कार्यालय भवन निर्माणः** रणनीतिक योजनाले संस्थागत सुदृढीकरण गर्ने लक्ष्य अन्तर्गत कार्यालयको भौतिक पूर्वाधार विकास गर्ने रणनीति तय गरेको थियो । योजना अवधिमा महान्यायाधिवक्ताको कार्यालय १, उच्च सरकारी वकील कार्यालयहरु १० र जिल्ला सरकारी वकील कार्यालयहरु ५० गरी जम्मा ६१ ओटा सरकारी वकील कार्यालयहरुको कार्यालय भवन नयाँ निर्माण भएको अवस्था छ ।
- **जग्गाको बन्दोबस्तः** जग्गा नभएका सरकारी वकील कार्यालयहरूका लागि जग्गाको बन्दोबस्त गर्ने क्रियाकलाप प्रक्षेपण गरिएको थियो । जिल्ला सरकारी वकील कार्यालय इलाम र धनुषाका हकमा सम्बन्धीत उच्च सरकारी वकील कार्यालयको जग्गा व्यवस्थापन गरिएको छ । योजना अवधिमा जग्गा बन्दोबस्त गरिएको अवस्था योजनाले प्रक्षेपण गरे अनुसार रहेको छ । खासगरी विशेष तथा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंको भवन निर्माणका लागि जग्गा प्राप्ति हुनु उल्लेख्य उपलव्धिको रुपमा लिन सकिन्छ ।
- **सवारी साधनको व्यवस्थापनः** दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामा कार्यबोझ बढी भएका जिल्ला सरकारी वकील कार्यालयहरूमा क्रमशः सवारी साधन उपलव्ध गराउँदै लैजाने नीति लिइएको थियो । नियमित मोटर संचालन हुने प्रायः सबै (७० ओटा) जिल्ला सरकारी वकील कार्यालयहरुमा चार पाङ्ग्रे मोटर उपलब्ध भएको छ ।
- **संहिता कार्यान्वयनमा अग्रसरताः** २०७५ भदौ १ गते देखि लागू हुने गरी जारी भएका मुलुकी संहिताहरु कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयले अग्रसरता लिएको थियो । संहितामा गरिएका

नयाँ व्यवस्थाहरुका बारेमा जानकारी दिन र सो अनुसार कार्यसम्पादन गर्नका लागि सबै सरकारी वकील तथा सहायकस्तरका कर्मचारीहरुलाई महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा चरणबद्ध प्रशिक्षण संचालन गरिएको थियो । संहिताका व्यवस्थाका बारेमा जानकारी प्रदान गर्न स्रोत सामग्री तयार गरी प्रकाशन गरिएको थियो । मुलुकी संहिता कार्यान्वयनको संघारमा राष्ट्रिय कार्यशाला आयोजना गरिएको थियो । महान्यायाधिवक्ताको कार्यालयमा संहिता कार्यान्वयन सहजीकरण समितिको गठन गरिएको थियो ।

- **विभिन्न अध्ययन सामग्री तयार र प्रकाशनः** सरकारी वकील कार्यालयबाट सम्पादन हुने कार्यसँग सम्बन्धीत विभिन्न विषय तथा विधामा अध्ययन समूह निर्माण गरी अध्ययन गरिएको छ । ती अध्ययन सामग्री मुद्रण वा विद्युतीय माध्ययबाट प्रकाशन गरिएको छ । विभिन्न विषयमा स्रोत सामग्री तयार गरी प्रकाशन गरिएको छ । अभियोजन जर्नललाई नियमितता प्रदान गरिएको छ । सरकारी वकीलले बहस गर्ने विषयसँग सम्बन्धीत विषयगत नजिर संकलन र प्रकाशन गर्ने (प्रति वर्ष कम्तीमा पाँच विषयका) क्रियाकलाप प्रक्षेपण गरिएकोमा विषयगत विधा (भूमि, ज्यान, करणी, प्रमाण, सेवा कानून आदि) मा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु संकलन गरी अलग्गै प्रकाशन गरिएको छ ।
- **जनशक्ति थपः** महान्यायाधिवक्ता कार्यालयबाट गठित भएका संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसार विभिन्न समयमा नेपाल सरकारको निर्णय अनुसार दोस्रो पञ्चवर्षीय रणनीतिक योजना लागू भएपछि सरकारी वकील तथा कर्मचारीको दरबन्दी उल्लेख्य रुपमा थप भएको छ । यस अवधिमा राजपत्रांकित प्रथम श्रेणीको सहन्यायाधिवक्ताको पद ८, राजपत्रांकित द्वितीय श्रेणीको उपन्यायाधिवक्ता वा जिल्ला न्यायाधिवक्ताको पद ३० र राजत्रांकित तृतीय श्रेणीको शाखा अधिकृत पद ६८ थप भएको देखिन्छ । यसैगरी अन्य कर्मचारीहरुको थप दरबन्दी संख्या २१६ गरी समग्रमा दरवन्दी थप संख्या ३२२ भएको देखिन्छ ।
- **सरकारी वकील तथा कर्मचारी पुरस्कृतः** योजनाले उत्कृष्ट कर्मचारी घोषणा गर्ने प्रयोजनका लागि मापदण्ड निर्धारण गर्ने र सो मापदण्ड बमोजिम वार्षिक रूपमा उत्कृष्ट कर्मचारी घोषणा गरी पुरस्कार प्रदान गर्ने क्रियाकलाप प्रक्षेपण गरेको थियो । महान्यायाधिवक्ताको स्थापना दिवसको अवसर पारी महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूमा कार्यरत सरकारी वकीलहरू र कर्मचारीहरूलाई पुरस्कृत गर्ने कार्य प्रारम्भ गरी निरन्तरता प्रदान गरिएको छ । यसका लागि महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने पुरस्कार सम्बन्धी मापदण्ड, २०७५ स्वीकृत गरी लागू गरिएको छ । सो मापदण्डका आधारमा १० जना सरकारी वकील तथा कर्मचारीहरूलाई नगद पुरस्कार सहित उत्कृष्ट सरकारी वकील तथा कर्मचारीको रुपमा पुरस्कृत गर्ने गरिएको छ । साथै प्रत्येक वर्ष सर्वोत्कृष्ट सरकारी वकील (Attorney of the Year) घोषणा गरी पुरस्कृत गर्ने गरिएको छ ।
- **सूचना प्रविधिको प्रयोगः** योजनामा सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रविधि पद्धतिमा आबद्ध गर्ने रणनीति तय गरिएको थियो । सो रणनीति अन्तर्गत ई एटर्नी सम्बन्धी अध्ययन प्रतिवेदनका आधारमा आवश्यक सफ्टवेयर निर्माण गरी संचालन गर्ने, महान्यायाधिवक्ताको कार्यालयको वेभसाइटमा मातहतका सरकारी वकील कार्यालयहरूसँग समेत इन्ट्रानेट मार्फत लिंक गर्ने, सबै सरकारी वकीलहरूलाई आवासमा इन्टरनेटको सुविधा उपलव्ध गराउने आदि क्रियाकलाप प्रक्षेपण गरेको थियो । महान्यायाधिवक्ताको कार्यालय, उपत्यकाका सबै सरकारी वकील कार्यालय एवम् उपत्यका बाहिरका कार्यबोझ बढी भएका कार्यालयहरू समेत गरी ६० ओटा सरकारी वकील कार्यालयमा CCTV जडान गरी विद्युतीय माध्यमबाट कार्यालयको कार्यसम्पादन अनुगमन गर्ने कार्य प्रारम्भ भएको छ । सबै सरकारी वकीलहरूलाई ल्यापटप उपलव्ध गराउने रणनीति अनुसार क्रमश

ल्यापटप वितरण हुँदै आएको अवस्था छ । सबै सरकारी वकील कार्यालय र निवासमा इन्टरनेट उपलब्ध छ ।

- **समन्वयमा विकासः** योजना कार्यान्वयनको अवधिमा सरोकारवालाहरूसँग सहकार्य र समन्वयका लागि सरकारी वकीलहरुको केन्द्रीय सम्मेलन, अभियोजनकर्ता सरकारी वकील तथा अनुसन्धानकर्ता प्रहरीको प्रादेशिक तथा राष्ट्रिय सम्मेलन, विभिन्न विषय र चरणमा कार्यशाला, छलफल, अन्तरक्रिया र समन्वय बैठक सम्पन्न भएको छ । सरोकारवाला निकायहरुले महान्यायाधिवक्ताको कार्यालयसँग संस्थागत संवाद गरी पृष्ठपोषण संकलन गर्न प्रारम्भ गरेको छ । यसले समन्यव, सहकार्यमा सकारात्मक प्रभाव पारेको छ । सबै सरकारी वकील कार्यालयहरुका कार्यदिश सहित समन्वय समितिको गठन गरिएको छ ।
- **विधिविज्ञान प्रयोगशालाको स्थापनाः** महान्यायाधिवक्ताको कार्यालयको अग्रसरता र विशेष प्रयासमा राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको प्रादेशिक कार्यालय स्थापना भएको छ । मधेश प्रदेशमा महोत्तरी जिल्लाको बर्दिवासमा र सुदूरपश्चिम प्रदेशमा कैलाली जिल्लाको धनगढीमा गरी दुई ओटा प्रादेशिक कार्यालय स्थापना भएका छन् । पन्ध्रौं योजनामा समेत प्रादेशिक तहमा विधिविज्ञान प्रयोगशाला विस्तारको विषयलाई समावेश गरिएको छ । नेपाल सरकारको नीति तथा कार्यक्रममा पनि सबै प्रदेशमा विधिविज्ञान प्रयोगशाला निर्माण गर्ने विषय समावेश भएको छ ।
- **योजना कार्यान्वयन संयन्त्रको व्यवस्थाः** महान्यायाधिवक्ताको कार्यालयमा योजना विभाग अन्तर्गत सहन्यायाधिवक्ताको नेतृत्वमा योजना महाशाखा र उपन्यायाधिवक्ताको नेतृत्वमा योजना शाखा गठन गरिएको छ । दोस्रो योजना कार्यान्वयनको समयमा विभाग अन्तर्गत रही महाशाखा र शाखाले कार्य योजना निर्माण, स्वीकृत र कार्यान्वयन गर्ने तथा वार्षिक रुपमा योजना कार्यान्वयनको समीक्षा लगायतका कार्य गरेको छ ।

❖ **कार्यान्वयन हुन नसकेका कार्यहरु**

- **अभियोजनमा सुधारः** "संस्थागत सुदृढीकरण र व्यावसायिकता विकास" भन्ने दृष्टिकोणका साथ कार्यान्वयनमा आएको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट भौतिक विकास लगायतका क्षेत्रमा सकारात्मक प्रभाव पारेको थियो। तथापि सरकारी वकीलको मूल कार्यको रुपमा रहेको अभियोजनको निर्णय र अभियोगपत्र तयार एवं बहस पैरवी तथा प्रतिरक्षा गर्ने कार्यलाई प्रभावकारी बनाउने कार्यमा अपेक्षित सुधार हुन सकेको देखिँदैन । अझै पनि झण्डै २० प्रतिशत भन्दा बढी मुद्दामा कसूर कायम हुन नसकेको अवस्था देखिन्छ । अपराध अनुसन्धानलाई वस्तुनिष्ठ बनाई अभियोजनको निर्णय तथ्य, प्रमाण र कानूनका आधारमा गर्ने अभ्यास र वातावरण बनाउनु पर्ने आवश्यकता देखिन्छ । पुनरावेदन र दोहोर्याउने निवेदन गर्ने विगतको अभ्यासमा केही सुधार आएको देखिए पनि स्पष्ट मापदण्ड बनाएर अगाडि लैजान बाँकी नै रहेको छ । मुद्दा नचलाउने निर्णय एक प्रतिशत पनि नरहेको अवस्था छ । सरकारी पक्षबाट गरिएको पुनरावेदन र दोहोर्याउने निवेदनमा अपेक्षित रुपमा जिकिर पुगेको अवस्था छैन ।
- **हेल्पडेस्क र अभियोजन परीक्षणः** महान्यायाधिवक्ताको कार्यालयमा अभियोजनको सन्दर्भमा परेका समस्या समाधान गर्न स्थापना भएको हेल्पडेस्कले अपेक्षित सहजीकरण गर्न सकेको छैन । हेल्पडेस्कका तोकिएका सरकारी वकीलहरुलाई सरकारी वकीलको नियमित कार्यबोझ रहेका कारणले समेत आवश्यक समय दिन नसकेको अवस्था रहेको छ । यसैगरी महान्यायाधिवक्ताको कार्यालयमा स्थापना गरिएको अभियोजन परीक्षण शाखाले समेत नियमित रुपमा अभियोजन गरिएका मुद्दाको संकलन र भएका कमी कमजोरी पहिचान गर्ने कार्यलाई निरन्तरता दिन सकेको अवस्था छैन ।

- **रिट निवेदनको प्रतिरक्षाः** महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयबाट प्रतिनिधित्व गरिएका रिट निवेदनहरु मध्ये झण्डै पचास प्रतिशत रिट निवेदनहरुमा माग बमोजिम रिट जारी भएको देखिन्छ । सरकारले गरेका निर्णय उपर निवेदकले चुनौती दिएका यस्ता रिट निवेदन जारी हुनका मुख्य कारणहरुमा सरकारले कानूनी प्रक्रिया पूरा गरी कार्य गर्न नसकेको वा प्रतिरक्षाका लागि आवश्यक पर्ने कागजात वा सूचना सरकारी वकील कार्यालयलाई उपलब्ध हुन नसकेका कारण हुन सक्दछन् ।
- **अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापनाः** नेपालको संविधानमा नेपाल सरकार वादी भई चल्ने मुद्दामा भविष्यमा गरिनुपर्ने सुधार तथा अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने व्यवस्था गरिएको छ । सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा समेत यस केन्द्रको स्थापना र जिम्मेवारीका सम्बन्धमा उल्लेख गरिएको छ । अपराधको प्रवृत्ति, फौजदारी कानूनको कार्यान्वयनको अवस्था, विद्यमान दण्डनीतिको प्रभावकारिता लगायत अपराधका विभिन्न पक्षहरूको व्यवस्थित अध्ययन तथा अनुसन्धान गरी फौजदारी न्याय प्रणालीमा गरिनुपर्ने सुधार सम्बन्धी सुझाव दिनका लागि महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना गरी सुम्पिएको जिम्मेवारी अनुसार कार्य संचालन गर्न आवश्यक छ । यसका लागि भैरहेका जनशक्तिबाट मात्र अपेक्षित नतिजा आउन सक्ने अवस्था छैन । विशेषज्ञ/विज्ञ जनशक्ति परिचालिन गरी उक्त केन्द्रलाई प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।
- **अभियोजन प्रशिक्षण केन्द्रः** सरकारी वकील सम्बन्धी नियमावली, २०७७ मा यस केन्द्रको स्थापना र जिम्मेवारीका सम्बन्धमा उल्लेख गरिएको छ । महान्यायाधिवक्ताको कार्यालयबाट यस केन्द्रको नामबाट उल्लेख्य संख्यामा प्रशिक्षण संचालन भएका छन् । तथापि यस केन्द्रका लागि अलग्गै बजेट, जनशक्ति, भौतिक सामग्रीको प्रबन्ध हुन नसकेको अवस्था छ । यसलाई संस्थागत गर्दै नियमित रुपमा सरकारी वकील तथा कर्मचारीको प्रशिक्षण प्रदायक संस्थाको रुपमा विकास गर्नु पर्ने अवस्था छ ।
- **सरकारी वकील कार्यालय तथा सरकारी वकीलको सुरक्षाः** सरकारी वकीलहरुले फौजदारी न्यायप्रशासनको मूल प्रवाहमा रही नियमित कार्य संचालन गरिरहेका हुन्छन् । जघन्य, गम्भीर तथा संगठित रुपमा गरिएका अपराधमा अभियोजन गर्ने, अभियोगपत्र दायर गर्ने तथा बहस पैरवी र प्रतिरक्षा गर्ने कार्य गर्नु पर्ने हुन्छ । यी कार्य आफैमा चुनौतीपूर्ण रहेका छन् । अपराधको अनुसन्धान देखि नै संलग्न हुने सरकारी वकीलहरु र सरकारी वकील कार्यालयको सुरक्षाका सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयको प्रथम योजना देखि नै रणनीति तथा क्रियाकलापमा उल्लेख गरिए पनि सो सम्बन्धमा हालसम्म ठोस कार्य हुन सकेको देखिँदैन ।
- **सूचना प्रविधिको अधिकतम उपयोगः** महान्यायाधिवक्ताको कार्यालयबाट उपलब्ध गराइएका सूचना प्रविधिसँग सम्बन्धीत उपकरण, विद्युतीय सामग्री र सफ्टवेयरको कार्यसम्पादनमा अधिकतम उपयोग हुन नसकेको, सरकारी वकील कार्यालयमा रहेका मुद्दाको काम कारवाही र यसको प्रक्रिया सम्बन्धी विवरण समावेश गर्न तयार पारिएका सफ्टवेयर धेरैजसो प्रयोग हुन सकेको अवस्था छैन । त्यसका लागि दक्ष जनशक्तिको प्रवन्ध गर्न सकिएको छैन ।
- **उच्च सरकारी वकील कार्यालयको स्तरीकरणः** योजना अवधिमा उच्च सरकारी वकील कार्यालयका सहन्यायाधिवक्तालाई दोहोर्‍याउने निवेदन गर्ने वा नगर्ने अधिकार प्रत्योजन गरिएको छ । हिरासत तथा कारागार अनुमगन तथा मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुबाट सम्पादन हुने कार्यको अनुगमन गर्ने कार्य नियमित हुँदै आएको छ । तथापि उच्च सरकारी वकील कार्यालयलाई महान्यायाधिवक्ताको कार्यालय र जिल्ला सरकारी वकील कार्यालयको सम्पर्क कार्यालयको रुपमा

विकास गर्ने, उच्च सरकारी वकील कार्यालयमा कार्यरत सरकारी वकीलाई जिम्मेवारी र सुविधा थप गरी स्तरीरकरण गर्न सकिएको छैन ।

- **योजना कार्यान्वयन संयन्त्र र मूल्यांकन प्रणालीः** दोस्रो पञ्चवर्षीय रणनीतिक कार्यान्वयनको चरणमा पनि समग्र सरकारी वकील र कर्मचारीहरूले योजनाप्रति देखाउनु पर्ने अपनत्वभाव र सो अनुसार योजनाबद्ध रूपमा कार्य संचालन गर्नु पर्ने अवस्था अपेक्षित हुन सकेन । उच्च सरकारी वकील कार्यालयमा योजना कार्यान्वयन शाखा स्थापना गर्ने क्रियाकलाप योजनाले प्रक्षेपण गरे पनि सो अनुसार स्थापना हुन सकेन । नियमित र स्वचालित रुपमा योजनाको मूल्यांकन गर्ने प्रणालीको विकास गर्न सकिएको छैन ।
- **सेवा शर्त सम्बन्धी कानून निर्माणः** नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरूको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुने व्यवस्था गरिएको छ । तत्सम्बन्धी ऐनको मसौदा तयार गरी नेपाल सरकार समक्ष पेश भैसकेको छ । नेपालको संविधान जारी भएको पाँच वर्ष पूरा भैसक्दा पनि संविधानले गरेको व्यवस्था बमोजिम सरकारी वकीलको सेवा शर्तसम्बन्धी कानून बन्न सकेको छैन । साथै सो कानूनका सम्बन्धमा सरकारी वकील बीच समान धारणा बन्न सकेको अवस्था छैन । सरकारी वकीलको सेवालाई व्यावसायिक बनाउन, अन्य कर्मचारीहरूको मनोबल उच्च राखी कार्यमा प्रभावकारिता ल्याउन, व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति समेतका लागि सो कानून जारी गर्न आवश्यक छ ।
- **जनशक्तिको प्राप्ति हुन नसक्नुः** सरकारी वकील कार्यालयको जिम्मेवारीमा रहेका कार्यहरु प्रभावकारी सम्पादनका लागि सरकारी वकीलहरूको जनशक्ति कार्यबोझ अनुसार पर्याप्त छैन । सरकारी वकील कार्यालयहरुमा सरकारी वकील र कर्मचारीहरुको दरबन्दी निरन्तर वृद्धि भए पनि कार्यबोझ अनुरुप वृद्धि हुन सकेको छैन । बढ्दो कार्यबोझ र परिवर्तित सन्दर्भमा देखिएका चुनौतीहरूलाई सामना गर्न हालको जनशक्ति पर्याप्त देखिदैन । सरकारी वकील र कर्मचारीको जनशक्तिमा विभिन्न समयमा थप भए पनि समयमा पदपूर्ति हुन नसक्दा कार्यसम्पादन प्रभावित बनेको छ।

❖ **दोस्रो रणनीतिक योजना कार्यान्वयनका कठिनाईः**

- कार्यान्वयनमा अपेक्षित अपनत्व हुन नसक्नु,
- समयमै कार्ययोजनाको निर्माण र कार्यान्वयनमा तदारूखता नदेखाउनु,
- सिकाईलाई अभ्यासमा रूपान्तरण गर्न नसक्नु,
- कार्यबोझ अनुसार दरवन्दी पर्याप्त नहुनु (दरवन्दी थप, पदपूर्ति)
- सबै कार्यालयमा योजना कार्यान्वयन संयन्त्र नबन्नु,
- जोखिमको आँकलन र जोखिम न्यूनिकरणका उपाय अवलम्बन नगरिनु,
- प्रक्षेपित बजेट विनियोजन हुन नसक्नु, (प्रक्षेपित बजेटको ४९.०६ प्रतिशत प्राप्त)

३. तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३)

संविधान तथा अन्य प्रचलित कानूनले महान्यायाधिवक्ता र निज मातहतका सरकारी वकीललाई अभियोजन गर्ने मुख्य जिम्मेवारी दिएको छ । अपराध गर्ने शैलीमा आएको परिवर्तन, अपराधमा सहभागिता तथा स्वरुप समेतले अभियोजन र प्रतिरक्षाको कार्य चुनौतीपूर्ण बनाएको छ । नेपालको संविधान, मुलुकी संहिता तथा मौलिक हक कार्यान्यवन गर्ने कानून समेतले सरकारी वकीलको जिम्मेवारीमा बृद्धि गरेको छ । यसरी नै नेपाल सरकारलाई कानूनी राय दिने लगायतका थप जिम्मेवारी वहन गर्न र विद्यमान चुनौतीहरुको सामना गर्न हाम्रो कार्य शैलीमा परिवर्तन जरुरी देखिन्छ । सकारात्मक परिवर्तन र सुधारका लागि स्पष्ट मार्गचित्र निर्माण गर्न जरुरी छ । सो अनुसार कार्यसम्पादन गर्नु अपरिहार्यता रहेको छ । ती चुनौतीलाई सामना गर्न र संवैधानिक जिम्मेवारी पूरा गर्न

कानूनी शासनको सुनिश्चितता परिदृष्य र वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यावसायिक संस्थाको रूपमा स्थापित हुनु परिलक्ष्य सहित महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको छ । परिदृश्य योजना कार्यान्वयनबाट हासिल हुने गन्तव्य हो । परिलक्ष्य त्यो गन्तव्य हासिल गर्न गरिने प्रयत्न हो । मूलतः अभियोजनमा सुधार र व्यावसायिकता विकासमा केन्द्रित भएर योजनाबद्ध विकास प्रकृयालाई निरन्तरता दिदै योजनाबद्ध रुपमा कार्यसम्पादन गर्ने तर्फ तेस्रो रणनीतिक योजना अघि बढ्ने अपेक्षा लिइएको छ । रणनीतिक योजना तर्जुमाको क्रममा वस्तुस्थिति विश्लेषण गर्दा SWOT (Strength, Weakness, Opportunity and Threat) Analysis Method अवलम्बन गरिएको थियो । जुन निम्न रहेका छन् :

सबल पक्ष (Strength)	**कमजोर पक्ष** (Weakness)

• संवैधानिक तथा कानूनी व्यवस्था
• निर्धारित संगठनात्मक संरचना
• फौजदारी कानूनको आधुनिकीकरण र सरकारी वकीलको भूमिकामा वृद्धि
• पीडित संरक्षण गर्ने जिम्मेवारी
• सरकारी वकीलको विशिष्टीकरण
• सूचना प्रविधिको संजालीकरण
• भौतिक पूर्वाधारको विकास
• योजनाबद्ध कार्यसम्पादन र निरन्तरता
	• अभियोजनमा अपेक्षाकृत सुधार नहुनु
	• पीडित र साक्षी संरक्षण प्रभावकारी नहुनु
	• कार्यबोझ र जनशक्ति व्यवस्थापन सन्तुलन हुन नसक्नु
	• प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्व बन्न नसक्नु
	  • दक्ष जनशक्ति प्राप्ति र टिकाउन (Retention) नसक्नु
	  • भौतिक संरचना/साधनको व्यवस्थापन र संरक्षण हुन नसक्नु
	• सूचना प्रविधिको उपयोग र दिगो व्यवस्थापन गर्न नसक्नु
	• रणनीतिक योजनामा अपनत्व बोध हुन नसक्नु
	• आचार संहिताको पालना प्रभावकारी नहुनु

अवसर (Opportunity)	**चुनौती** (Threat)
• संविधान र कानूनी व्यवस्थाले गरेको विश्वास र जिम्मेवारी • फौजदारी कानूनको तर्जुमा र पुनरावलोकनमा सहभागिता • मानव अधिकारको संरक्षणको जिम्मेवारी • रणनीतिक योजनालाई राष्ट्रिय योजनामा सम्बोधन • सरोकारवालाहरू बीच समन्वय र सहकार्यमा वृद्धि • अन्तर्राष्ट्रिय अभियोजनकर्ताहरूको संगठनको सदस्यता प्राप्ति • कानूनी सचेतना र अभिवृद्धिमा सहभागिता	• संघीय शासन अनुसार सरकारको संरचना र प्रतिरक्षा • फौजदारी कानूनमा अपेक्षित सुधार नहुनु • अभियोजनमा स्वतन्त्रता र स्वायत्तताको प्रत्याभूति • सरोकारवालासँगको समन्वय र सहयोग अपेक्षित नहुनु • योजना अनुरुपको स्रोत प्राप्ति नहुनु • मानव संशाधन आपूर्ति नहुनु • सुधारात्मक दण्ड व्यवस्थाको प्रयोग र विकास नहुनु

➢ **तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको परिदृष्य, परिलक्ष्य, मूल्य र लक्ष्यहरु**

❖ **परिदृष्यः** कानूनी शासनको सुनिश्चितता

❖ **परिलक्ष्यः** वैज्ञानिक प्रमाणमा आधारित अभियोजन तथा प्रभावकारी प्रतिरक्षा गर्ने व्यावसायिक संस्थाको रूपमा स्थापित हुनु,

❖ **मूल्यहरुः**

- ✓ कानून र न्यायका मान्य सिद्धान्तको अवलम्बन
- ✓ स्वच्छ सुनुवाइ
- ✓ उत्तरदायित्व र जवाफदेहिता

- ✓ व्यावसायिकता
- ✓ मानव अधिकारको संरक्षण
- ✓ अपराध पीडितलाई न्याय
- ✓ बाल मैत्री तथा लैङ्गिक संवेदनशीलता
- ✓ सार्वजनिक हितको संरक्षण
- ✓ स्वामित्वबोध
- ✓ निरन्तर सिकाइ र सुधार

❖ **लक्ष्यहरु**

- ✓ लक्ष्य १: अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने
- ✓ लक्ष्य २: मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने
- ✓ लक्ष्य ३: संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा सम्पादन गर्ने
- ✓ लक्ष्य ४: सरकारी वकील सेवालाई व्यावसायिक बनाउने
- ✓ लक्ष्य ५: संस्थागत सुदृढीकरण गर्ने

४. योजनाले अख्तियार गरेका मूल रणनीति तथा कार्यक्रमहरूः

"अभियोजनमा सुधार र व्यावसायिकता विकास" मा केन्द्रित रही महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७८/०७९-२०८२/०८३) तर्जुमा गरेको छ । सो योजना २०७८ साउन १ गते देखि कार्यान्वयनमा आएको छ । यस योजनाले पाँच ओटा लक्ष्य, २९ ओटा रणनीति र २०४ ओटा क्रियाकलाप प्रक्षेपण गरिएको छ । सरकारी वकीलको मुख्य कार्यलाई नै केन्द्रमा राखेर प्रक्षेपण गरिएका क्रियाकलापलाई प्राथमिकताका आधारमा समयावधि किटान गरी कार्यान्वयन गर्ने जिम्मेवारी, कार्यसम्पादन सूचक र अनुगमनका साथै रणनीतिक क्रियाकलाप अनुरूपका कार्यक्रम सञ्चालन गर्न सालवसाली रूपको कार्यालयगत वार्षिक कार्ययोजना तर्जुमा र कार्यान्वयन गरिने व्यवस्था समेत गरिएको छ । योजनाले अख्तियार गरेका मुख्य रणनीतिक क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्;

❖ **अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउने** लक्ष्य १ अन्तर्गत ६ वटा रणनीति, ५७ वटा क्रियाकलाप रहेका छन् । जसमा अनुसन्धान र अभियोजन निर्देशिकाको तर्जुमा र कार्यान्वयन, प्रारम्भिक अनुसन्धान प्रतिवेदन कार्यको प्रभावकारिता, अनुसन्धान अधिकारी र सरकारी वकील बीच कार्य समिक्षा बैठक, अभियोजन लगायतका विषयमा सरोकारवाला बीच छलफल/अन्तरक्रिया, निर्देशिका परिमार्जन गरी अभियोजन तथा अनुसन्धान परीक्षण कार्यलाई प्रभावकारी बनाउने, स्वच्छ सुनुवाइ बारेमा सरोकारवाला निकायसँग त्रैमासिक रुपमा छलफल गर्ने, शंकितलाई कानून व्यवसायीसँग परामर्श र आफन्तसँग भेटघाटको व्यवस्था गर्न सहजीकरण गर्ने, सरकारी वकील तथा कर्मचारीको क्षमता विकास सम्बन्धी विषयगत विशिष्टिकरण प्रशिक्षण लगायत विभिन्न तालिम कार्यक्रम आयोजना गर्ने भन्ने महत्वपूर्ण क्रियाकलाप रहेका छन् ।

❖ **मुद्दा तथा रिटको प्रभावकारी प्रतिरक्षा गर्ने** लक्ष्य २ अन्तर्गत ५ वटा रणनीति र ३८ वटा क्रियाकलाप रहेका छन् । जसमा बहस पैरवी र प्रतिरक्षा कार्यलाई प्रभावकारी बनाउन समूहगत प्रतिनिधित्व गर्ने, रिटको प्रतिरक्षा र लिखित जवाफ तयारी सम्बन्धमा सरोकारवालाहरूसँग छलफल गर्ने, पुनरावेदन तथा निवेदन गर्ने, नगर्ने सम्बन्धी कार्य निश्चित **मापदण्डको आधारमा गर्ने र** मापदण्ड कार्यान्वयनको समीक्षा गर्ने, फरक मुद्दा व्यवस्थापन (DCM) पद्धति कार्यान्वयनमा सहजीकरण गर्ने, मुद्दा दायरी रजिष्ट्रर परिमार्जन गरी कार्यान्वयन गर्ने, सम्बद्ध न्यायिक निकायको अभिलेखसँग मेल खानेगरी मुद्दाको लगत व्यवस्थापन गर्ने भन्ने छन् ।

❖ **संवैधानिक तथा कानूनी जिम्मेवारी प्रभावकारी रुपमा व्यवस्थापन गर्ने** लक्ष्य ३ मा ५ वटा रणनीति र २७ वटा क्रियाकलाप रहेका छन् । ती क्रियाकलापमा कानूनी राय प्रदान गर्ने जिम्मेवारीलाई व्यवस्थित बनाउन

सरोकारवाला निकायहरुसँग छलफल गर्ने, हिरासत, निगरानी कक्ष, कारागार तथा बाल सुधार गृहको अनुगमन कार्यलाई प्रभावकारी बनाउने, निगरानी कक्ष स्थापना र विस्तारका लागि सहजीकरण गर्ने, स्थानीय तह, अनुसन्धान गर्ने निकाय, शिक्षण संस्था समेतमा साइन पोष्ट राख्ने, कार्यालयको वेवसाइट, सामाजिक सञ्जाल, आमसञ्चारका (स्थानीय भाषामा समेत) माध्यममा सूचना प्रवाह गर्ने भन्ने छन् ।

- **सरकारी वकील सेवालाई व्यावसायिक बनाउने** लक्ष्य ४ अन्तरगत ५ वटा रणनीति र २८ वटा क्रियाकलाप जसमा सरकारी वकील तथा कर्मचारीको आचारसंहिताको प्रभावकारी कार्यान्वयनको लागि अभिमुखीकरण र अनुगमन गर्ने, सरकारी वकील तथा कर्मचारीलाई कार्यादेश सहित जिम्मेवारी दिने, निश्चित पद्धतिको आधारमा कार्य सम्पादनको स्तर मापन गरी पुरस्कार तथा दण्ड दिने प्रणालीको विकास गर्ने, सेवाग्राहीको सन्तुष्टि सर्वेक्षण गर्ने वैदेशिक अध्ययन, अवलोकन समेतका लागि निश्चित मापदण्डका आधारमा मनोनयन गर्ने प्रणालीको विकास गर्ने, अन्तर्राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्न सक्ने सरकारी वकील तयार गर्ने,नवीनतम् कानून र न्यायिक दृष्टिकोणको बारेमा सरकारी वकीलहरूसँग छलफल गर्ने, बहस पैरवी र प्रतिरक्षा गर्नु पर्ने विषयमा सरकारी वकीलहरु बीच दैनिक छलफल गर्ने, अनुभवी सरकारी वकीलले अन्य सरकारी वकीललाई बहस लगायतका व्यावहारिक अभ्यासमा सहजीकरण (बहस पैरवी र प्रतिरक्षाका लागि) गर्ने आदि छन् ।
- **संस्थागत सुदृढीकरण गर्ने** लक्ष्य ५ मा ८ वटा रणनीति र ५४ वटा क्रियाकलाप छन् । सरकारी वकील कार्यालयका भवन निर्माण सम्पन्न तथा जग्गाको बन्दोवस्त गर्ने, सरकारी वकीलहरूका लागि सवारी साधनको व्यवस्था गर्ने, मुद्दाको संख्याको अनुपातमा उच्च सरकारी वकील कार्यालयहरूमा थप हलुका सवारी साधनको व्यवस्था , कार्यबोझका आधारमा फर्निचर, मेशिनरी औजार समेतका भौतिक सामग्रीको व्यवस्थापन गर्ने, सफ्टवेयरहरू निर्माण, परिमार्जन तथा एकीकृत (CMS, CTS, WDS, DMS..) गर्ने, मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरूलाई सूचना प्रविधि पद्धतिमा आबद्ध गर्ने, पुनरावेदन, दोहोर्‍याउने निवेदन र अन्तरकालीन आदेश उपरको निवेदन सम्बन्धी कारवाही विद्युतीय स्वचालित प्रणालीमा आबद्ध गर्ने, सवै सरकारी वकीलहरूलाई ल्यापटप उपलब्ध गराउने, सरकारी वकील कार्यालयहरू इन्ट्रानेटमा आबद्धता गराउने, सरकारी वकील तथा कर्मचारीलाई इन्टरनेटको उपलव्धता हुने, समुदायमा सरकारी वकील कार्यक्रम संचालन गर्ने, सबै कार्यालयमा नागरिक बडापत्रको व्यवस्थापन गर्ने, उजुरी, गुनासो प्राप्ति र व्यवस्थापन गर्ने, सरकारी वकील कार्यालयलाई बेरुजु शुन्य बनाउने, इ लाइब्रेरीको अवधारणा अनुसार सफ्टवेयरको परिमार्जन तथा विकास गरी अध्ययन सामग्री विद्युतीय माध्यमबाट समेत उपलब्ध गराउने, सवै कार्यालयमा योजना कार्यान्वयन समिति गठन गरी योजना कार्यान्वयनको अनुगमन र समीक्षालाई प्रभावकारी बनाउने, सबै सरकारी वकील कार्यालयहरुको वार्षिक कार्य योजना स्वीकृत र कार्यान्वयन गर्ने, योजना कार्यान्वयनको मध्यावधि मूल्याङ्कन र चौथो योजना तर्जुमा गर्ने भन्ने प्रमुख छन् ।
- उल्लिखित क्रियाकलाप कार्यान्वयनको सन्दर्भमा आईपर्ने **जोखीमको आँकलन र न्यूनीकरणका उपाय** अवलम्बन गरिने व्यवस्था गरी योजना कार्यान्वयनको क्रममा आईपर्ने सम्भावित जोखिमको रूपमा समयमा स्रोत साधनको उपलब्धता, कानूनी प्रवन्ध सहित अन्य निकायको सहयोग, कार्यको प्राथमिकीकरण, क्रियाकलापगत अन्तरप्रभाववाट पर्ने असर, बाह्य अडचन तथा प्रकृतिक प्रकोप, नेतृत्व लगायत सवै तहवाट अपनत्व ग्रहण, कार्यलाई योजनामा आबद्धता, कार्यान्वयन तथा मुल्याङ्कन संयन्त्र, आदिलाई कलन गरिएको छ भने जोखिम न्यूनिकरणका उपायमा समय मै बार्षिक कार्ययोजनाको तयारी गर्ने, स्रोतका सम्बन्धमा सरकारी एवं दातृ निकायसँग समन्वय/पहल गर्ने, उपलब्ध जनशक्ति र प्राप्त स्रोतलाई अधिकतम् उपयोग गरी नतिजामुखी कार्यमा सहभागितामूलक प्रयोग गर्ने, बैकल्पिक कार्य योजना तयार गर्ने, घटनाक्रमवाट हतोत्साहित र निराश नभई निरन्तरको प्रतिबद्ध प्रयास गर्ने, समान लक्ष्य र उद्देश्यका अरू निकायसंग समन्वय र सहकार्य गर्ने, कार्य समीक्षा र तत्काल सुधार गर्ने, कार्यको प्राथमिकीकरण गर्ने, सूचना प्रविधिको उपयोग, आदि उल्लेख गरिएको छ ।

- रणनीतिक योजना कार्यान्वयनका लागि अत्यावश्यक कार्यमा नियमित बजेट बाहेक लक्ष्य र क्रियाकलाप पिच्छे सालवसाली रूपको बजेटको आँकलन गरिएको छ । पाँच वर्षको अवधिको लागि जम्मा ४ अर्ब १७ करोड १० लाख ९४ हजारको वजेटको प्रक्षेपण गरिएको छ ।
- यो योजनाले प्रत्येक तहको सरकारी वकील कार्यालयमा योजना कार्यान्वयन अनुगमन संयन्त्रको व्यवस्था समेत गरेको छ । महान्यायाधिवक्ताको कार्यालयमा बरिष्ठतम् नायब महान्यायाधिवक्ताको संयोजकत्वमा प्रत्येक विभागका १/१ जना महाशाखा प्रमुख सदस्य र योजना शाखाका उपन्यायाधिवक्ता सदस्य सचिव रहेको केन्द्रिय स्तरको, प्रत्येक उच्च, विशेष तथा जिल्ला सरकारी वकील कार्यालयहरूमा समेत योजना कार्यान्वयन तथा अनुगमन समितिको व्यवस्था गरिएको छ । सुरू कार्यान्वयन तहले मासिक रूपमा योजना कार्यान्वय र उपलब्धीको समीक्षा गरी उच्च तहले मातहतको ३/३ महिनामा र केन्द्रमा मातहतको ६/६ महिनामा कार्यान्वयन तथा उपलब्धी (प्रभाव) को समीक्षा गर्ने ढाँचा र मापदण्डको निर्धारण गरिएको छ ।

५. हालसम्म भएको कार्यान्वयनको अवस्थाः

महान्ययाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले सरकारी वकीलबाट सम्पादन हुने मुख्य कार्यलाई समावेश गरी रणनीतिक क्रियाकलाप निर्धारण गरेको हुँदा सरकारी वकीलबाट प्रभावकारिताका साथ नियमित रूपमा कार्य सम्पादन गरिरहँदा स्वतः रणनीतिक क्रियाकलापको कार्यान्वयन हुने अवस्था छ । कतिपय रणनीतिक क्रियाकलाप सबै कार्यालयले कार्यान्वयन गर्नुपर्ने साझा प्रकृतिका छन् भने कतिपय क्रियाकलापको प्रकृति अनुसार कार्यालयगतरूपमा फरक छन्। त्यसैगरी योजनाले प्रक्षेपण गरेका कतिपय क्रियाकलाप निरन्तर रूपमा कार्यान्वयन गर्नुपर्ने प्रकृतिका छन् भने कतिपय क्रियाकलाप आवधिक रूपमा सम्पादन गर्नुपर्ने प्रकृतिका छन् । महान्ययाधिवक्ताको कार्यालय तथा मातहतका उच्च, विशेष, तथा जिल्ला सरकारी वकील कार्यालयहरूका लागि निर्धारित निरन्तर कार्यान्वयन गर्नुपर्ने, आ.व. २०७८/०७९ र २०७९/०८० को हालसम्मको रणनीतिक योजनासँग सम्बन्धीत क्रियाकलाप कार्यान्वयनको अवस्थालाई कार्यालय अनुगमनको क्रममा देखिएको अवस्था र कार्यालयहरूवाट प्राप्त विवरण तथा मिसिल अध्ययनका आधारमा देहायको तालिकामा उल्लेख गरिएको छ । पूर्ण रूपमा वा अधिकांश कार्यालयबाट कार्यान्वयन भएका क्रियाकलापलाई "भएको" केही हदसम्म वा केही कार्यालयबाट सम्पादन भएका क्रियाकलापलाई "आंशिक" र कार्यान्वयन नभएका क्रियाकलापलाई "नभएको" भनी कार्यान्वयनको अवस्थामा उल्लेख गरिएको छ ।

क. सबै सरकारी वकील कार्यालयले निरन्तर रूपमा सम्पादन गर्नुपर्ने साझा क्रियाकलाप

सि.नं.	क्रियाकलाप नं.	रणनीतिक क्रियाकलाप	कार्यान्वयनको अवस्था
१.	५.१.४.१	अपराध पीडित र साक्षी संरक्षण सम्बन्धी देहायका कार्य गरी निर्धारित ढाँचामा अभिलेख राख्ने • हेलो साक्षी कार्यक्रमलाई प्रभावकारी बनाउने, • सञ्चार माध्यमबाट जानकारी प्रवाह गर्ने, • साक्षीलाई सूचना तथा संचार प्रविधिको माध्यमबाट जानकारी दिने, • बकपत्रका लागि आवश्यक सहजीकरण गर्ने, • मुद्दाको काम कारबाहीको बारेमा अपराध पीडितलाई जानकारी दिने • अपराध पीडित र साक्षीको सुरक्षाको लागि सहजीकरण गर्ने,	आंशिक - १
२.	५.१.४.७	पीडितका अधिकार र कर्तव्यका बारेमा पीडितलाई जानकारी दिने • हाते पुस्तिका प्रकाशन र वितरण, • संचार माध्यमबाट स्थानीय भाषामा समेत सूचना प्रवाह गर्ने	नभएको - १

३.	५.१.४.८	सरकार वादी मुद्दाको फैसला तथा आदेश कार्यान्वयनमा पीडितलाई सहयोग र सहजीकरण गर्ने	आंशिक - २
४.	५.१.४.९	अपराध पीडितलाई मनोसामाजिक परामर्श उपलव्ध गराउन र पीडितको पुनर्स्थापना र सामाजिकीकरणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने	आंशिक - ३
५.	५.२.१.१	विषयको गम्भीरताका आधारमा विषयविज्ञ सरकारी वकीलको नेतृत्वमा समूहगत रूपमा प्रतिनिधित्व गर्ने • विषयगत विज्ञताका आधारमा सरकारी वकीलको वर्गीकरण • विषयगत गम्भीरताको आधारमा बहसपूर्व समूहगत छलफल • विषयवस्तु विभाजन गरी प्रतिनिधित्व	भएको - १
६.	५.२.२.१	अभियोग पुष्टि गर्ने साक्षी र प्रमाण मात्र अभियोगपत्रमा उल्लेख गर्ने	भएको - २
७.	५.२.२.४	भौतिक प्रमाणको परीक्षण प्रतिवेदन समयमै प्राप्त गर्न अनुसन्धानकर्ता र प्रयोगशालासँग समन्वय गर्ने	आंशिक - ४
८.	५.२.४.६	सबै तहका समन्वय समितिलाई प्रभावकारी बनाउन त्रैमासिक रुपमा बैठक गर्ने	भएको - ३
९.	५.२.४.१२	फरक मुद्दा व्यवस्थापन (DCM) पद्धति कार्यान्वयनमा सहजीकरण गर्ने	आंशिक - ५
१०.	५.२.४.१३	फैसला कार्यान्वयनमा सहजीकरण गर्ने	भएको - ४
११.	५.२.५.२	प्रतिरक्षा गर्नु पर्ने मुद्दा / रिट निवेदनमा आवश्यक पर्ने विवरण अद्यावधिक गर्ने	भएको - ५
१२.	५.२.५.६	सरकारी वकील कार्यालयको मुद्दाको लगत अभिलेखलाई सम्बन्धीत निकायको अभिलेखसँग मेल खानेगरी लगत व्यवस्थापन गर्ने	भएको - ६
१३.	५.३.१.४	कानूनी राय सम्बन्धमा वर्षको कम्तीमा एक पटक सरोकारवाला निकायहरूसँग छलफल गर्ने	भएको - ७
१४.	५.३.५.१	फौजदारी कानूनका बारेमा सचेतना अभिवृद्धि गर्न सरकारी वकील कार्यालय, स्थानीय तह, अनुसन्धान गर्ने निकाय, शिक्षण संस्था समेतमा साइन पोष्ट टाँस गर्ने गराउने	आंशिक - ६
१५.	५.३.५.२	फौजदारी कानूनका बारेमा सचेतना अभिवृद्धि गर्न, सरकारी वकील कार्यालयको वेवसाइट, सामाजिक सञ्जाल, आमसञ्चारका (स्थानीय भाषामा समेत) माध्यमबाट सूचना प्रवाह गर्ने	आंशिक - ७
१६.	५.३.५.३	फौजदारी कानूनको कार्यान्वयनका बारेमा सरोकारवाला निकायहरुसँग अन्तरक्रिया गर्ने	भएको - ८
१७.	५.४.२.४	सरकारी वकील तथा कर्मचारीलाई कार्यादेश सहित जिम्मेवारी दिने	आंशिक - ८
१८.	५.४.५.३	बहस पैरवी र प्रतिरक्षा गर्नु पर्ने विषयमा सरकारी वकीलहरु बीच छलफल गर्ने	भएको - ९
१९.	५.४.५.४	बहस पैरवी र प्रतिरक्षाका लागि अनुभवी सरकारी वकीलले अन्य सरकारी वकीललाई बहस सीप समेतका लागि व्यावहारिक अभ्यासमा सहभागी गराउने	आंशिक - ९
२०.	५.४.५.५	सरकारी वकीललाई अन्य देशको अभ्यासको जानकारी दिन अवलोकन भ्रमण, प्रशिक्षण एवं अनुभव आदान प्रदान गर्ने	आंशिक - १०
२१.	५.४.५.६	सरकारी वकीललाई अध्ययन सामग्री उपलब्ध गराउने	भएको - १०

२२.	५.५.४.२	प्रत्येक सरकारी वकील कार्यालयले वर्षमा दुई वटा समुदायमा सरकारी वकील कार्यक्रम संचालन गर्ने	भएको - ११
२३.	५.५.४.५	सबै कार्यालयमा प्राप्त उजुरी र गुनासो व्यवस्थापन गर्ने	भएको - १२
२४.	५.२.४.६	सरकारी वकील कार्यालयको कार्यसम्पादनका सम्बन्धमा छलफल गर्ने • कानून व्यवसायी • संचारकर्मी • पीडित तथा साक्षी	आंशिक - ११
२५.	५.५.८.४	प्रत्येक सरकारी वकील कार्यालयको कार्ययोजना स्वीकृत गराई कार्यान्वयन गर्ने	भएको - १३
२६.	५.६.३	योजना कार्यान्वयन सम्बन्धी देहायका कार्यहरू गर्नेः • सरकारी वकील कार्यालयको वार्षिक कार्य योजना तयार गर्ने • व्यवस्थापन समितिको निर्देशन बमोजिम वार्षिक कार्ययोजना स्वीकृत गर्ने • स्वीकृत कार्य योजना बमोजिम कार्यसम्पादन गर्ने • सम्पादित कार्यको अभिलेखीकरण	भएको - १४
२७.	५.६.४	योजना कार्यान्वयनको अवस्थामा वारेमा मासिक रूपमा समीक्षा गरी प्रगती विवरण सूचना प्रविधिको माध्यमबाट अपलोड गर्ने,	नभएको - २
२८.	५.६.७	कार्यान्वयन हुन नसकेका कार्य योजना बमोजिमका क्रियाकलाप कार्यान्वयन हुन नसक्नुको कारण र कार्यान्वयनको वैकल्पिक उपाय सहित वार्षिक कार्य योजना परिमार्जनका लागि योजना, अनुसन्धान तथा तथा अनुगमन विभागमा प्रतिवेदन गर्ने (प्रत्येक बर्ष चैत्र १५ भित्र)	नभएको - ३
२९.	५.६.९	आगामी आ.व. को वार्षिक कार्य योजना सम्बन्धी देहायका कार्य गर्ने • सरकारी वकील कार्यालयको वार्षिक कार्य योजना तयार गर्ने • व्यवस्थापन समितिको निर्देशन बमोजिम वार्षिक कार्ययोजना स्वीकृत गर्ने • स्वीकृत कार्य योजना बमोजिम कार्यसम्पादन गर्ने • सम्पादित कार्यको अभिलेखीकरण (प्रत्येक बर्ष जेष्ठ महिना भित्र)	भएको - १५
३०.	५.६.११	योजनाको कार्यान्वयनको प्रभावकारिता तथा प्रभावका वारेमा वार्षिक रूपमा अन्तरक्रिया गर्ने • अदालत • अनुसन्धान निकाय • वार एशोसियसन • स्थानीय निकाय • सञ्चारकर्मी	नभएको - ४

ख. महान्यायाधिवक्ताको कार्यालय र सबै मातहत कार्यालयले आ.व. २०७८ / ०७९ मा सम्पादन गर्नुपर्ने साझा क्रियाकलाप

सि.नं.	क्रियाकलाप नं.	रणनीतिक क्रियाकलाप	कार्यान्वयनको अवस्था
१.	५.५.४.४	सरकारी वकील कार्यालयबाट प्रवाह गरिने सेवा सम्बन्धमा नागरिक बडापत्र व्यवस्थित गर्ने	भएको - १
२.	५.५.५.३	पुस्तकालयमा पुस्तकको विद्युतीय प्रतिको अभिलेख राखी सरकारी वकीलहरुलाई सम्प्रेषण गर्ने	नभएको - १

ग. महान्यायाधिवक्ताको कार्यालय र सम्वन्धित मातहत कार्यालयले आ.व. २०७९ / ०८० मा सम्पादन गर्नुपर्ने साझा क्रियाकलाप

सि.नं.	क्रियाकलाप नं.	रणनीतिक क्रियाकलाप	कार्यान्वयनको अवस्था
१.	५.५.२.२	देहायका सरकारी वकील कार्यालयका भवन निर्माण सम्पन्न गर्नेः उ.स.व.का बुटवल, विशेष सरकारी वकील कार्यालय काठमाडौं, जि.स.व.का. पाँचथर, सर्लाही, रौतहट, काठमाडौं, चितवन, दाङ, बझाङ, डोटी	भएको - १
२.	५.५.१.१	महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयको संगठन र व्यवस्थापन सर्वेक्षण (O&M) गर्न कार्य समूह गठन गरी प्रतिवेदन लिने	नभएको - १
३.	५.५.१.२	संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन अनुरूप दरवन्दी स्वीकृतिका लागि नेपाल सरकार समक्ष पेश गर्ने	नभएको - २

घ. महान्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकील कार्यालयको साझा निरन्तर क्रियाकलाप

सि.नं.	क्रियाकलाप नं.	रणनीतिक क्रियाकलाप	कार्यान्वयनको अवस्था
१.	५.१.३.२	वार्षिक रुपमा महान्यायाधिवक्ताको कार्यालयबाट ४० वटा सरकारी वकील कार्यालय र उच्च सरकारी वकील कार्यालयबाट मातहतका जिल्ला सरकारी वकील कार्यालयको अभियोजन परीक्षण गर्ने	भएको - १
२.	५.२.१.४	रिटको प्रतिरक्षा र लिखित जवाफको तयारी सम्बन्धमा सरोकारवाला निकायसँग वर्षमा कम्तीमा दुई पटक छलफल गर्ने	भएको - २
३.	५.२.१.७	सरकारी निकायका सम्पर्क व्यक्ति मार्फत मिसिल कागजात र सूचना प्राप्त गरी अध्यावधिक गर्ने	भएको - ३
४.	५.३.३.२	हिरासत, निगरानी कक्ष, कारागार तथा बाल सुधार गृहको अनुगमन गर्ने • महान्यायाधिवक्ताको कार्यालयबाट कम्तीमा वर्षको ३० जिल्ला • उच्च सरकारी वकील कार्यालयबाट आफ्नो प्रादेशिक क्षेत्रभित्र	भएको - ४
५.	५.५.८.७	योजना कार्यान्वयनको नियमित अनुगमन गर्ने / गराउने	आंशिक - १

ङ. महान्यायाधिवक्ताको कार्यालय र उच्च सरकारी वकील कार्यालयले आ.व. २०७९ / ०८० मा सम्पादन गर्नुपर्ने साझा क्रियाकलाप

सि.नं.	क्रियाकलाप नं.	रणनीतिक क्रियाकलाप	कार्यान्वयनको अवस्था
१.	५.२.३.१	पुनरावेदन तथा निवेदन गर्ने, नगर्ने सम्बन्धमा मापदण्ड तर्जुमा गर्ने	नभएको - १

		• अन्तरकालीन आदेश उपरको निवेदन • पुनरावेदन • दोहोर्‍याउने निवेदन • पुनरावलोकनको निवेदन	

च. महान्यायाधिवक्ताको कार्यालयले सम्पादन गर्नुपर्ने निरन्तर र आ.व. २०७८/०७९ र २०७९/०८० का क्रियाकलापः

(१) जनशक्ति विभाग

सि.नं.	क्रियाकलाप नं.	रणनीतिक क्रियाकलाप	कार्यान्वयनको अवस्था
		निरन्तर	
१.	५.१.१.१	अनुसन्धान गर्ने निकायमा कसूरको अनुसन्धानका लागि आवश्यक विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्नका लागि सहजीकरण गर्ने	नभएको - १
२.	५.१.१.६	कसूरको अनुसन्धान गर्न प्रहरीको छुट्टै एकाइ गठन गर्न सहजीकरण गर्ने	नभएको - २
३.	५.१.२.१२	आवश्यक जनशक्ति व्यवस्था गरी अभियोजन सहजीकरण समितिको कार्यको अभिलेखीकरण गर्ने	भएको - १
४.	५.१.२.१५	अनुसन्धान र अभियोजनमा हुनसक्ने कमजोरी, असर र सुधारका सम्बन्धी अध्ययन प्रतिवेदन बमोजिम वार्षिक २ वटाका दरले सुधार गर्नुपर्ने विषयका सम्बन्धमा अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रशिक्षण दिने	नभएको - ३
५.	५.१.३.७	अनुसन्धान र अभियोजन परीक्षणको एकीकृत प्रतिवेदन उपर समन्वय समितिमा छलफल गरी सुधारका लागि निर्देशन दिने	नभएको - ४
६.	५.१.६.१	प्रत्येक सरकारी वकीललाई नियुक्ति भए पछि अभियोजन सम्बन्धी प्रशिक्षण दिने	भएको - २
७.	५.१.६.२	अनुसन्धान/जाँचबुझ कार्यमा वस्तुगत र वैज्ञानिक प्रमाण संकलन गर्ने तथा प्रमाण परीक्षणलाई प्रभावकारी बनाउने सम्बन्धमा प्रत्येक वर्ष ६० जना सरकारी वकीलहरूलाई प्रशिक्षित गर्ने	भएको - ३
८.	५.१.६.३	महिला, दलित, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरु संलग्न भएका मुद्दामा प्रति वर्ष ३० जना अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रशिक्षण प्रदान गर्ने	आंशिक - १
९.	५.१.६.४	स्वच्छ सुनुवाइको अवधारणाका बारेमा अनुसन्धानकर्ता र सरकारी वकीलको क्षमता अभिवृद्धि गर्न प्रति वर्ष ३० जनालाई प्रशिक्षण प्रदान गर्ने	भएको - ४
१०.	५.१.६.५	बाल न्याय सम्बन्धी विषयमा अनुसन्धानकर्ता र अभियोजनकर्तालाई प्रति वर्ष ३० जनालाई प्रशिक्षण प्रदान गर्ने	भएको - ५
११.	५.१.६.६	बन्द इजलासबाट सुनुवाइ सम्बन्धी विषयमा प्रति वर्ष ३० जनालाई प्रशिक्षण प्रदान गर्ने	भएको - ६
१२.	५.१.६.७	गोपनीयता सम्बन्धी कार्यसञ्चालन कार्यविधि (एसओपी) को बारेमा प्रति वर्ष ३० जनालाई प्रशिक्षण प्रदान गर्ने	नभएको - ५
१३.	५.१.६.८	विधिविज्ञान तथा मेडिको लिगलका विषयमा सरकारी वकीलहरुलाई प्रति वर्ष ३० जनालाई प्रशिक्षण प्रदान गर्ने	भएको - ७
१४.	५.१.६.९	सरकारी वकीललाई विषयगत विशिष्टीकरण प्रशिक्षणलाई निरन्तरता	भएको - ८

		दिने	
१५.	५.१.६.१०	अभियोजन सम्बन्धमा असल अभ्यास भएका मुलुकको अध्ययन भ्रमणमा वर्षमा ५० जना सरकारी वकील र कर्मचारीलाई सहभागी गराउने	आंशिक - २
१६.	५.१.६.११	कानूनमा स्नातक योग्यता नभएका सरकारी वकीललाई कार्य सम्पादन सम्बन्धमा विशिष्ट प्रशिक्षण प्रदान गर्ने	आंशिक - ३
१७.	५.१.६.१२	प्रति वर्ष १०० जना सहायक कर्मचारीहरुलाई सरकारी वकील कार्यालयबाट हुने सेवा प्रवाह सम्बन्धी विषयमा क्षमता विकास सम्बन्धी प्रशिक्षण प्रदान गर्ने	आंशिक - ४
१८.	५.१.६.१३	नयाँ नियुक्त भएका सहायक कर्मचारीहरुलाई प्रदेशगत रुपमा अभिमुखीकरण प्रशिक्षण प्रदान गर्ने	आंशिक - ५
१९.	५.२.१.३	प्रत्येक वर्ष कम्तीमा ६० जना सरकारी वकीललाई बहसकला सम्बन्धी प्रशिक्षण प्रदान गर्ने	आंशिक - ६
२०.	५.२.२.२	साक्षी प्रस्तुति र परीक्षण सीपका बारेमा (प्रत्येक वर्ष ६० जना सरकारी वकीलको लागि) प्रशिक्षण प्रदान गर्ने (२०७९ देखि निरन्तर)	आंशिक - ७
२१.	५.२.३.५	प्रत्येक वर्ष ६० जना सरकारी वकील तथा कर्मचारीलाई पुनरावेदन तथा निवेदनको सम्बन्धमा प्रशिक्षण प्रदान गर्ने	आंशिक - ८
२२.	५.२.४.४	वार्षिक रुपमा नेपाल सरकारका मन्त्रालय, विभाग लगायत सरोकारवाला निकायसँग कार्यशालाको आयोजना गर्ने	भएको - ९
२३.	५.२.४.७	वार्षिक रुपमा मुख्य न्यायाधिवक्तासँग कार्यशालाको आयोजना गर्ने	भएको - १०
२४.	५.२.४.९	मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलहरुको क्षमता विकास गर्ने	भएको - ११
२५.	५.२.४.१०	अन्य निकायमा कार्यरत रहेका सरकारी वकीलहरुसँग वार्षिक रुपमा अन्तरक्रिया गर्ने	नभएको - ६
२६.	५.२.४.११	न्यायपालिका, नेपाल प्रहरी तथा कानून व्यवसायी परिषदका रणनीतिक योजना कार्यान्वयनका सम्बन्धमा समन्वय तथा सहकार्य गर्ने	नभएको - ७
२७.	५.३.१.३	कानूनी राय सम्बन्धमा प्रति वर्ष ३० जना सरकारी वकीललाई प्रशिक्षण प्रदान गर्ने	आंशिक - ९
२८.	५.३.४.६	फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ र सजाय निर्धारणमा सरकारी वकीलको भूमिका विषयमा प्रति वर्ष ३० जना सरकारी वकीललाई प्रशिक्षण प्रदान गर्ने	आंशिक - १०
२९.	५.४.१.४	कार्यसम्पादनका आधारमा सरकारी वकील र कर्मचारीलाई व्यावसायिक भत्ता उपलब्ध गराउन पहल गर्ने	नभएको - ८
३०.	५.४.१.५	अभियोजनकर्ताको अन्तर्राष्ट्रिय संस्था (IAP) का क्रियाकलापमा सहभागिता र समन्वय गर्ने	भएको - १२
३१.	५.४.२.१	सरकारी वकील तथा कर्मचारीको आचारसंहिता, २०७५ को अभिमुखीकरण तथा कार्यान्वयनको अनुगमन गर्ने	आंशिक - ११
३२.	५.४.२.२	अनुगमन प्रतिवेदनको कार्यान्वयन गर्ने	नभएको - ९
३३.	५.४.२.३	कार्यसम्पादनका आधारमा सरकारी वकील तथा कर्मचारीलाई पुरस्कार तथा दण्ड दिने प्रणालीलाई सुदृढ गर्ने	भएको - १३
३४.	५.४.३.४	विवाद समाधान गर्ने अन्तर्राष्ट्रिय निकायमा प्रतिनिधित्व गर्न सक्ने सरकारी वकील तयार गर्ने	नभएको - १०

३५.	५.४.३.७	कानून अध्यापन गराउने शैक्षिक संस्थासँग समन्वय गरी इन्टर्नको सेवा लिने	भएको - १४
३६.	५.४.४.४	स्वीकृत पाठ्यक्रम अनुसारको प्रशिक्षण स्रोत सामग्री तयार गर्ने	आंशिक - १२
३७.	५.४.४.५	अन्य प्रशिक्षण प्रदायक संस्थाहरूसँग समन्वय गर्ने	भएको - १५
		बिषयमा विद्यमान रहेको अन्तराष्ट्रिय कानूनको अवस्था) Basic Structure & Sprit) र अन्तराष्ट्रिय मूलुकहरुले तर्जुमा गरेका कानूनहरुको अवस्था प्रभावकारिता समेत मूल्यांकन गरी नँया कानून निर्माणको आवश्यकता औल्यानुपर्ने / नपर्ने तथ्यप्रति एकिन गर्न अध्ययन गर्नुपर्ने। -सूचना प्रविधि पद्दति (IT System) को दुरुपयोग गरी एकै वारदातमा एकभन्दा वढी विषयका फौजदारी कानूनहरुको उल्लंघन हुने घटना वारदातहरु वढ्दो अवस्थामा छन । सूचना प्रविधिको दुरुपयोगवाट स्वयम् सूचना प्रविधि पद्दति विरुद्द र व्यक्ति तथा समाज विरुद्दका कसूरहरुको मात्रा पनि तिव्र रुपमा वृद्दि भैरहेको छ । सूचना प्रविधि कै अर्धउपयोग र दुरुपयोगबाट घट्ने वारदातवाट कतिसम्म नकरात्मक प्रभाव पुगेको मूल्यांकनका दृष्टिले कसूर मान्नुपर्ने र तर तत् विषयका कानून नै नभएको वा त्यस्तो समस्यालाई बिद्यमान कानूनले 'कसूर'को दायरामा परिभाषा गरी नसमेटिएको पनि हुन्छ। यस्ता समस्याहरु संवोधन गर्नाका लागि के कस्तो कानूनको निर्माण वा सुधार वा संहिताकरण (codification) गर्नुपर्दछ एकिन हुन जरुरी देखिन्छ । यसका लागि certain methodology अवलम्वन गरेको Empirical Research गर्नुपर्ने।	-अन्तराष्ट्रिय मूलुकहरुले तर्जुमा गरेका कानूनहरुको अवस्था प्रभावकारिता समेत मूल्यांकन गरी नँया कानून निर्माणको आवश्यकता औल्यानुपर्ने / नपर्ने तथ्यप्रति एकिन गर्न Need Based Survey तथा Empirical Research गर्नुपर्ने । -कानून नै नभएको वा त्यस्तो समस्यालाई बिद्यमान कानूनले' कसूर'को दायरामा परिभाषा गरी नसमेटिएका समस्याहरु संवोधन गर्नाका लागि के कस्तो कानूनको निर्माण वा सुधार वा संहिताकरण (codification) गर्नुपर्दछ एकिन हुन जरुरी देखिन्छ । लागि certain methodology अवलम्वन गरेको Empirical Research गर्नुपर्ने।	
६ .	**वार्षिक प्रतिवेदन** **(आफूले सम्पादन गरेको कामको वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपति समक्ष पेश गर्ने ।)**	सत्य र विश्वासनिय तथ्यांक संलग्न गरी Research का आधारभूत मान्यतालाई तथा निश्चित आधार, मापदण्ड र अनुसन्धान बिधि(Methodology) प्रयोग गरी Data लाई कम्तिमा एक तह सुद्दिकरण (Purification) गरेको Fact & Figure सहितको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने क्षमता राख्न आवश्यक हुन्छ । -सरकारवादी भै चलाइएका मुद्दाहरु अपेक्षाकृत कम सफलता प्रतिशत	-अपराधको प्रवृति विश्लेषण (Crime Trend Analysis) गर्दा उपयुक्त अनुसन्धान बिधी (Appropriate Methodology) छनौट गरी Empirical Research गर्नुपर्ने । -सरकारवादी भै चलाइएका मुद्दाहरु अपेक्षाकृत कम सफलता प्रतिशत रहनुका कारण पत्ता लगाउनको लागि Evaluation Survey र Causal-Comparative Survey	

		रहनुका कारण पत्ता लगाउन आवश्यक देखिन्छ । -सरकारवादी भै चलाइएका र चलाउने मुद्दाहरुको सफलता प्रतिशत वृद्दि गर्नलाई अनुसन्धान ,अभियोजन र प्रमाणहरुको प्रस्तुति साथै वहस पैरवी प्रतिरक्षा कार्यमा गर्नुपर्ने सुधारका क्षेत्रहरु पत्ता लगाउन अध्ययन आवश्यक देखिन्छ ।	गर्नुपर्दछ ।	
७ .	**मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अनुगमन गर्ने वा गराउने**	के कस्ता निर्णयाधारहरु कानून सरह मान्य हुने नजिर(सिद्दान्त) हुन? -के कस्ता नजिरहरु पालना गर्न बाध्यकारी हुन्छन? -के कस्ता नजिरहरुको प्रभाव अनुनयात्मक हुन्छ? -सर्वोच्च अदालतको एकै तहको इजलासवाट समान तथ्य भएको विवादमा फरक फरक व्याख्या वा नजिर सिद्दान्त प्रतिपादन भैरहेको अवस्थालाई सुधार गर्न के गर्नुपर्दछ ?	सर्वोच्च अदालतले गरेको कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्तको कार्यान्वयन भए वा नभएको अध्ययन गर्न Evaluation Research गर्नुपर्दछ ।	
८ .	**मानव अधिकार संरक्षण** **क. हिरासतमा रहेको व्यक्तिलाई संविधानको अधीनमा रही मानबोचित व्यबहार नगरेको वा त्यस्तो व्यक्तिलाई आफन्तसँग बा कानून व्यबसायी मार्फत भेटघाट गर्न नदिएको भन्ने उजुरी परेमा वा जुनसुकै तरिका वा माध्यमबाट जानकारी हुन आएमा छानबीन गरी त्यस्तो हुनबाट रोक्न सम्बन्धित अधिकारीलाई आवश्यक निर्देशन दिने।** **ख. महान्यायाधिवक्ता वा निजले तोकेको अधिकारीले प्रत्येक वर्ष कम्तीमा एक पटक कारागारको निरिक्षण गर्नु वा गराउनु पर्दछ ।**	थुनुवा तथा कैदीहरुको आधारभूत मानव अधिकार सम्वन्धि अन्तराष्ट्रिय कानून संयन्त्रहरुको व्यवस्थालई आधार विन्दु मानेर नेपालका हिरासत तथा कारागारमा रहेका थुनुवा तथा कैदीहरुले भोग गर्न पाइरहेका अधिकार तथा सुविधाहरुको अनुगमनबाट देखिएको वस्तुगत र विश्वसनिय तथ्यांकका आधारमा हिरासत तथा कारागार व्यवस्थापनमा सुधार सुझावहरु प्रस्तुत गर्न आवश्यक देखिन्छ । -थुनुवा कैदी वन्दीको चेतना स्तर वढाउन र हिरासत कारागार व्यवस्थापन पक्ष (कर्मचारी) र स्वयम नेपाल सरकारको दृष्टिकोण, कार्यशैली, आचरण र व्यवहार संस्कृति सुधार गर्नका लागि निर्देशिका, दिग्दर्शन जस्ता संयन्त्रहरुको निर्माण गर्नपनि अध्ययन आवश्यक देखिन्छ ।	नेपालका हिरासत तथा कारागारमा रहेका थुनुवा तथा कैदीहरुले भोग गर्न पाइरहेका अधिकार तथा सुविधाहरुको अनुगमनबाट देखिएको वस्तुगत र विश्वसनिय तथ्यांकका आधारमा हिरासत तथा कारागार व्यवस्थापनमा सुधार सुझावहरु प्रस्तुत गर्न Descriptive Research आवश्यक देखिन्छ । -थुनुवा कैदी वन्दीको चेतना स्तर वढाउन र हिरासत कारागार व्यवस्थापन पक्ष (कर्मचारी) र स्वयम नेपाल सरकारको दृष्टिकोण, कार्यशैली, आचरण र व्यवहार संस्कृति सुधार गर्नका लागि निर्देशिका, दिग्दर्शन जस्ता संयन्त्रहरुको निर्माण गर्न Policy Research (Program Evaluation) गर्नुपर्दछ ।	

	यसरी निरिक्षण गर्दा देहायका बिषयमा ध्यान दिनुपर्दछ। -कारागारमा रहेका वन्दीलाई मानविचित व्यवहार गरेको वा नगरेको , -वन्दीलाई आफन्त तथा कानून व्यवसायीसँग भेटघाट गर्न दिएको वा नदिएको , -कारागारका वन्दीले प्रचलित कानून वमोजिम कैद वा थुनामा बस्नुपर्ने अवधि पुरा भएपछि तत्काल थुनामुक्त हुने गरेको वा नगरेको , -वन्दीले पाउने सुविधा प्राप्त गरेको वा नगरेको ।			

५.२. सरकारी वकील कार्यालयको व्यवस्थापन तथा अन्य कार्यहरु सम्बन्धित अनुसन्धानको आवश्यकता

५.२.१. जनशक्ति व्यवस्थापन (दरबन्दी विकास तथा PIS System)

कार्यसम्पादनलाई प्रभावकारी बनाउन कार्यालयहरुमा कामको अनुपातमा कर्मचारीको दरबन्दी कायम गरी बिशेषज्ञता र दक्षता हासिल गरेको कर्मचारीलाई खटाउनु आबश्यक हुन्छ। महान्यायाधिवक्ताको कार्यालयले मासिक तथा बार्षिक प्रतिवेदनको आधारमा मुद्दाको संख्यात्मक अनुपात र कर्मचारीको बिशेषज्ञताको क्षेत्रको बारेमा नियमित अध्ययन तथा अनुसन्धान गर्न सकेमा एकातिर मुद्दाको अनुपात बढि भएका ठाउमा वढी कर्मचारी र कम भएको ठाउमा सोही बमोजिम कम कर्मचारी व्यवस्थापन गरी कामको प्रभावकारितामा वृद्दि गर्न सकिन्छ भने अर्कोतर्फ दक्षता हासिल गरेको र क्षमता बिकासका अवसर प्राप्त गरेको आधारमा कर्मचारी खटनपटन गर्न सके कार्यालयले प्रवाह गर्नेले समग्र सेवाको गुणस्तरमा वृद्दि हुन जान्छ।

५.२.२. अनुमानयोग्य वृतिपथ निर्माण

सरकारी वकील समुहमा कार्यरत कर्मचारीहरुले हासिल गरेका शैक्षिक योग्यता, सेवा प्रवेश पुर्व र प्रवेश पश्चातको कार्य अनुभव र सरुवा, वढुवा सहितको सबै अवस्थाको अध्ययनबाट व्यक्तिगत विवरण तयार गरी सोही बमोजिम सरुवा र पदस्थापन गर्न सकेमा कर्मचारीहरुमा कार्य उत्प्ररणा विकास गर्न सकिन्छ। जस्तै कुनै कर्मचारी सुगम ठाउका र आकर्षक मानिएका कार्यालयमा मात्रै सरुवा भइरहने र कुनै कर्मचारीको सधै उपेक्षित र दुर्गम स्थानका कार्यालयमा मात्रै सरुवा पदस्थापना भएको अबस्थामा सेवाको समान बितरणको अभावमा कर्मचारीको कार्यालयप्रतिको अपोनत्वबोधमा ह्रास हुन गई सेवाको गुणस्तर घट्न सक्ने भएकोले प्रत्येक कर्मचारीको विद्युतीय विवरण तयार वृतिपथलाइ अनुमान योग्य बनाउन आबश्यक छ।

५.२.३. कर्मचारीको वृति विकासको आवश्यकता पहिचान (Need Assessment)

कर्मचारीहरुको वृतिविकासको अवसरहरु (राष्ट्रिय तथा अन्तराष्ट्रिय तालिम, सेमिनार, गोष्ठी, अध्ययन भ्रमण, पदस्थापन, सरुवा आदि) लाई समान रुपले बितरण गर्न तथा थप नया क्षेत्र पहिचान गर्न सकेमा कर्मचारीको दक्षता र क्षमतामा वृद्दि हुन गई पेशाको व्यवसायिकतामा सुधार हुन जान्छ। यसका लागि अध्ययन गरी कर्मचारीहरुको दक्षता क्षमता र आवश्यकताको पहिचान गरी सो को संबोधनका लागि उपायाहरु अवलम्वन गर्न र राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा सहकार्यका क्षेत्र पत्ता लगाउन सहयोग पुग्दछ।

५.२.४. मुद्दा व्यवस्थापन

सामान्यातया ५०० भन्दा वढी मुद्दा भएका सरकारी वकील कार्यालयहरुमा अनुसन्धान निर्देशन, अभियोजन निर्णय, बहस पैरवी र प्रतिरक्षाका लागि मुद्दाको कार्यव्यवस्थापन प्रभावकारी रुपमा गर्न अध्ययन गरी कर्मचारीहरुबीच समानुपातिक रुपमा बितरण गर्न सकेमा सेवा प्रवाहको गुणस्तरमा सुधार हुने देखिन्छ। कुनै कर्मचारीलाई अधिक संख्यामा तथा कुनै कर्मचारीलाई कम मात्रामा मुद्दा त कर्मचारी बिशेषलाई लक्षित गरी एकैप्रकारका मात्र मुद्दा तोक्ने प्रवृतिको कारण कर्मचारीमा काम गर्ने सहज बातावरण हुदैन। तसर्थ, सवैलाई उत्प्रेरित गरी कार्य प्रति लगाव बढाउन तथा उच्च प्रतिफल प्राप्त गर्न समेत अनुसन्धान गरी ब्यबहारमा लागु गर्न आबश्यक देखिन्छ।

५.२.५. व्यवसायिकता विकासमा विश्वव्यापीकरणको प्रभाव विश्लेषण

सूचना प्रविधिको बर्तमान युगमा अनुसन्धान र अभियोजनको क्रममा विश्वले प्रयोग गर्दै आएका नयाँ नयाँ प्रविधिको प्रयोग र त्यसको प्रभावकारिता सम्बन्धमा अध्ययन अनुसन्धान गरी त्यसलाई व्यवहारमा प्रयोग गर्न सकेमा सरकारी वकीलहरुको व्यवसायिकतामा टेवा पुग्न जाने देखिन्छ।

५.२.६. फौजदारी कानून सुधारको सुझाव प्रस्तुत गर्ने क्रममा कसूर वारदातहरुको Modus Operendi र अनुसन्धानको Criminal Nexus पत्ता लगाउन।

५.२.७. अभियोजनको क्षेत्रमा बिकास भएका असल अभ्यासहरुलाई अवलम्बन गर्न

५.२.८. अपराध न्युनीकरण गर्न सघाउ पुर्याउन समुदायको संलग्नता बढाउने उपायको खोजी गर्न

५.२.९. अपराध पीडित र साक्षीको सुरक्षा गरी प्रतिकूल हुन बाट बचाउने उपायाहरुको पहिचान गर्न

५.२.१. जिम्मेवारी र उतरदायित्व निर्वाह गर्ने सन्दर्भमा सरकारी वकीलहरुबाट हुने त्रुटी र कमी कमजोरी पत्ता लगाई सुधार गर्ने उपायाको पहिचान गर्न

५.२.११. सम्बद्ध सरोकारवाला निकायहरुको बीचमा बिद्युतीय सूचना र तथ्यांकको आदानप्रदान गर्ने उपायहरुको पहिचान एवं कार्यान्वयन गर्न (Inter-agency compatibility and interconnectivity of ICT System)

५.२.१२. बिद्युतीय सूचना र तथ्यांकको बिश्लेषण गर्ने, भण्डारण गर्ने समय र लागत प्रवाभी (cost effective) प्रविधि र उपायहरुको पहिचान गर्न

५.२.१३. प्रभावकारी सेवा प्रवाह व्यवस्थापनको लागि अपरिहार्य हुने ICT System को विकास, सञ्चालन र दिगो व्यवस्थापन गर्न ।

सरकारी वकीलको व्यवसायिकताका लागि सूचना प्रविधिको उपयोग

* पुष्पराज वाँस्तोला[१]

१.१ सूचना प्रविधि (Information Technology) को परिचय

Information technology (IT) is the use of any computers, storage, networking and other physical devices, infrastructure and processes to create, process, store, secure and exchange all forms of electronic data. Typically, IT is used in the context of business operations, as opposed to technology used for personal or entertainment purposes. The commercial use of IT encompasses both computer technology and telecommunications.[२]

आजको युग सूचना प्रविधिको युग हो । सूचनाको संकलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रूपलाई नै सूचना तथा सञ्चार प्रविधि भनिन्छ । सूचना भन्नाले सम्बन्धित सरोकारवालालाई जानकारी दिने काम भन्ने बुझिन्छ । प्रविधिको अर्थ काम गर्दा अँगालिने प्रक्रिया वा तरिका हो। सूचना प्रविधि (Information Technology) भन्नाले ध्वनि, तस्वीर, अक्षर तथा अङ्कको रूपमा सूचनाहरूलाई विद्युतीय यन्त्रहरू, कम्प्युटर तथा दूरसञ्चार प्रविधिको प्रयोग गरी भण्डारण, सम्पादन, सम्प्रेषण, सङ्ग्रह र प्रवाह भन्ने बुझिन्छ। सूचना प्रविधि कम्प्युटर विज्ञानको एक शाखा हो, जसलाई प्रक्रिया, संरचना र विभिन्न प्रकारका डेटाको प्रशोधनको समग्र अध्ययनको रूपमा परिभाषित गर्न सकिन्छ। सूचना प्रविधि जुन दैनिक भाषामा कम्प्युटर सञ्चार प्रविधिसँग पर्यायवाची छ त्यसलाई सूचना चक्रलाई सजिलो बनाउने प्रविधिको रुपमा परिभाषित गर्न सकिन्छ । सूचना प्रविधिले स्वयं सेवा सुविधाहरू प्रदान गरेको छ जहाँबाट सेवाग्राहीहरू सजिलैसँग अनलाइनबाटै काम सम्पन्न गर्न र सेवा प्राप्त गर्न सक्दछन्। सूचना प्रविधिले मानव जीवनको सबै क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ त्यसैले सामाजिक प्रगति र प्रविधिमा जोडदार विकासको कारणले मानव जीवनको हरेक पक्षमा सूचनाको भूमिकालाई अत्यन्तै बढाएको छ।

सूचना प्रविधिले सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा विद्यमान परम्परागत कार्यशैली, संस्कृति र पद्धतिलाई चुनौति दिंदै सेवा प्रवाहलाई विद्युतिय स्वरुपमा परिणत गरिदिएको छ । प्रत्येक व्यक्तिको दैनिकी, सरकारको स्वरुप, सञ्चालन र सेवा प्रवाह, निजी कम्पनी तथा व्यवसायीहरुको कार्य सञ्चालन र व्यवस्थापन, उपभोक्ता र बजार विचको सम्बन्ध आदि समेत सूचना प्रविधिको उपयोगद्वारा विद्युतीय स्वरुप र गतिमा सञ्चालन भैरहेको छ । नेपाल जस्ता अल्पविकसित मुलुकको सार्वजनिक प्रशासन र व्यवस्थापनमा सूचना प्रविधिको उपयोगको लागि चाहिने स्रोत साधनको अभाव साथै सङ्गठनहरूको सञ्चार रणनीति पनि कमजोर छ। सूचना प्रविधिलाई सम्पत्तिका रूपमा स्वीकार्ने सूचना संस्कृति पनि छैन। ई-रेडिनेस (e-Readiness) विना नै पूर्वाधारहरू स्थापना गरिएकाले स्रोत त्यत्तिकै खेर गएको छ। विकासको द्वैध स्थितिमा रहेको नेपाली समाज सूचना प्रविधिकै कारण डिजिटल डिभाइडमा पुगेको छ। यसले विद्युतीय सूचना प्रति सरल पहुँच हुने र नहुने (Marginalized) बीच ठूलो खाडल सिर्जना गरेको छ। ICT को उपयोगिता विकासका सबै आयामहरुमा ICT उपयोगको अपरिहार्यता जस्ता सर्वस्वीकार्य तथ्य प्रति अनविज्ञता र आर्थिक विपन्नता समेतका कारण Digital divide सृजना हुन्छ ।संसारका अधिकांश मुलुकहरुले Digital divide को समस्याबाट माथि उठेर ICT related services and goods उत्पादन, उपभोग र वितरण सम्बन्धी व्यपारबाट आर्थिक र भौतिक सम्पन्नता प्राप्त गरिसकेका छन् । तर नेपालमा भने Digital divide नामको गहिरो खाडल परिरहेको महशुस हुन्छ । ICT System को दिगो व्यवस्थापन र Digital Information Security Mechanism प्रतिको अचेतनाका कारण डिजिटल अपराध (साइवर क्राइम)ले पनि नेपाली

१ उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

२ https://www.techtarget.com/searchdatacenter/definition/IT accessed on 1 December 2022

समाजलाई गाँज्दै लगेको छ। यसैका कारण वित्तीय क्षेत्रमा नयाँ नयाँ प्रकृतिका अपराधहरू देखिएका छन्। त्यसैले नेपाल जस्तो मुलुकका लागि डिजिटल युग (Digital age) को व्यवस्थापन आफैमा चुनौतीपूर्ण देखिएको छ। सूचना प्रविधि सूचकाङ्क (IT Readiness Index) का आधारमा नेपाल पछाडि नै छ। यसले प्रविधिको उत्पादन, प्रविधिको उपयोग र जनशक्तिको दक्षताको स्थिति कमजोर रहेको देखाउँछ।

१.२ Cross cutting बिषयका रुपमा सूचना प्रविधि

सूचना प्रविधिको द्रूततर विकासले नेपालजस्ता अल्पविकसित मुलुकहरूलाई शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापार लगायतका आर्थिक तथा सामाजिक क्षेत्रको सिघ्र विकास गर्ने सुअवसरहरू प्रदान गरेको छ । यस प्रविधिको व्यापक प्रयोगबाट कानूनको शासन, भ्रष्टाचारमूक्त र चुस्त प्रशासन, विकेन्द्रिकरण, आर्थिक अनुशासन तथा सार्वजनिक सेवा प्रवाह र स्रोतको कुशल व्यवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात गरी सर्वसाधारणले पाउनु पर्ने सेवा छिटो, छरितो तथा कम खर्चिलो ढंगबाट प्रदान गर्न सकिन्छ । यस अर्थमा सूचना प्रविधि नेपालको भौगोलिक विषमताबाट सिर्जित विकासका चुनौतीको सामना गर्न एउटा सशक्त पूर्वाधारको रूपमा समेत स्थापित हुन सक्ने देखिन्छ ।[३]

फौजदारी न्याय प्रणालीका तीन महत्वपूर्ण अवयवहरु मध्ये सर्वोच्च अदालतले र महान्यायाधिवक्ताको कार्यालयले मुद्दा तथा पेशी व्यवस्थापनलाई सूचना प्रविधिमार्फत कार्यान्वयनमा ल्याईसकेका छन् । नेपालको संविधानले न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष र प्रभावकारी बनाउने परिकल्पना गरेको छ। संविधानले न्याय प्रशासनलाई प्रभावकारी बनाउने अन्तिम जिम्मेवारी न्यायपालिकालाई सुम्पिएको छ। न्याय क्षेत्रमा काम गर्ने सबै निकाय र आमनागरिक सबैको सहयोग भएमा मात्र संविधानले परिकल्पना गरेको उद्धेश्य हाँसिल हुन सक्छ। सबैका लागि न्याय सुनिश्चितता गर्ने परिलक्ष्यका साथ न्यायापालिकाको चौंथो पञ्चबर्षीय रणनीतिक योजना जारी भई हाल चालू अवस्थामा रहेको छ। रणनीतिक योजनाले छिटोछरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिवृद्धि, न्यायिक सुशासनको प्रवर्द्धन, अदालत व्यवस्थापनको सुदृढीकरण र न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धि जस्ता लक्ष्य राखेको छ । रणनीतिक उद्देश्य प्राप्त गर्नको लागि विभिन्न रणनीतिक लक्ष्य तय गरिएको छ। जसमध्ये सूचना प्रविधिको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धी गर्ने रणनीतिक लक्ष्य रहेको देखिन्छ। अदालतमा प्रवेश गर्ने सबैका लागि समान पहुँचको सुनिश्चितता गरी समान कार्यविधिगत स्वच्छताको प्रत्याभूति गर्न सर्वोच्च अदालतले पनि सेवाग्राहीमैत्री न्यायप्रणालीको सुनिश्चितता गरी यसका कामकारवाहीलाई प्रविधियुक्त गराउने उद्देश्यका साथ प्रविधिको अधिकतम् प्रयोग गर्ने प्रयासको थालनी गरेको छ। यस कार्यका लागि विभिन्न एप्लिकेशनहरूको विकास गरी अदालती कामकारवाहीलाई स्वचालित (Automate) बनाउने प्रयास भइरेहको छ।

नेपालको न्यायपालिकाको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना,२०७२ ले वि.सं .२०८२ सम्ममा जनमुखी र कागजविहीन न्यायपालिका (People Centric and Paperless Judiciary) स्थापना गर्ने परिदृश्य लिएको छ। गुरुयोजनाले सूचना तथा प्रविधिको अधिकतम् प्रयोग गरी विद्युतीय न्यायालय (e-Judiciary) को माध्यमबाट प्रभावकारी, दक्ष र विश्वसनीय सेवा प्रवाह गर्ने उद्देश्य सहित हाल कार्यान्वयनमा रहेको छ।[४]

अबका दिनमा राज्यका विभिन्न अंगहरु र सरोकारवाला निकायहरुले सूचना सञ्चारको क्षेत्रमा विश्व समुदायमा विकसित प्रविधिको उच्चतम् रुपमा प्रयोग गरी आम नागरिकको सेवाप्रवाह प्रति बढ्दो आकांक्षा सम्बोधन गर्नु वर्तमान चुनौती हो। न्याय प्रशासनलाई छिटोछरितो, प्रभावकारी र जनमुखी बनाउनका लागि न्याय प्रशासनको क्षेत्रमा काम गर्ने निकायहरुबीच समन्वय अपरिहार्य रहन्छ। अन्तर निकायहरु बीच प्रभावकारी सूचना प्रविधि सञ्जाल भएमा आवश्यकतानुसार एक निकायमा भएका विद्युतीय स्वरुपका तथ्याङ्कहरु अर्को निकायलाई सुरक्षित एवं सहज रुपमा पहुचँ हुने भई एउटै कामको लागि फरक-फरक निकायले गर्ने कामको दोहोरोपनको अन्त्य हुन्छ। कुनै पनि फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन

---

३ https://lawcommission.gov.np/np/?p=15701 accessed on 10 December, 2022

४ न्यायपालिकाको सूचना तथा सञ्चार प्रविधि सम्बन्धी गुरुयोजना,२०७२

र मुद्दाको फैसला सम्मका हरेक प्रक्रियाहरु र सम्बन्धित कागज प्रमाणहरु न्याय क्षेत्रमा काम गर्ने निकायहरुको सहज पहुँच भएमा मुद्दाको काम कारबाही छिटोछरितो भई फैसलाको कार्यान्वयन सम्मको प्रकिया छिटोछरितो र प्रभावकारी हुन सक्दछ। जसको लागि न्याय क्षेत्रमा काम गर्ने निकायहरु सूचना प्रविधिको सञ्जालबाट जोडिनु अबको युगको आवश्यकता हो। कुनै पनि घटनाको उजुरी वा विवादको उठानदेखि विवादको निरुपण सम्मका प्रक्रियाहरुलाई छिटोछरितो र प्रभावकारी बनाउनको लागि सर्वोच्च अदालत, नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय, नेपाल बार काउन्सिल र नेपाल बार एशोशिएसन लगायतका निकायहरुमा सञ्चालनमा रहेको सफ्टवेयरमा एकरुपता हुनु वाञ्छनीय छ। यसरी एक निकाय र अर्को निकाय वीचमा सहकार्य गरी न्याय प्रशासनलाई चुस्त दुरुस्त बनाउन सूचना प्रविधिको प्रयोगले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

१.३ सार्वजनिक सेवा प्रवाहको प्रभावकारी व्यवस्थापनमा सूचना प्रविधिको उपयोग

सूचना प्रविधिको उपयोगले सार्वजनिक सेवा व्यवस्थापनलाई प्रभावकारी, पारदर्शी र जवाफदेही बनाउँदै लगेको छ। त्यसैले सार्वजनिक व्यवस्थापनका सबै क्षेत्रहरूमा 'ई' उपसर्ग जोडिन थालेको छ, जस्तो कि ई-सरकार, ई-सेवा, ई-फाइलिङ, ई-बैंकिङ, ई-टेण्डर आदि। त्यस्तै सूचना प्रविधिका कारण सार्वजनिक क्षेत्र जनमुखी, छरितो, मितव्ययी, मूल्यबोधी, अग्रगामी र संवेदनशील बन्नका लागि निरन्तर दबाब पर्दै गएको छ। साथै सूचना प्रविधिको प्रयोगले सर्वसाधारण र सरकारबीचको सम्बन्ध संरचना पनि बदलिरहेको छ।[५]

१.३.१ ई- गभर्मेण्ट (e-Government)

For one to understand the idea of E-government, must first understand government in general. Government is actually a dynamic mixture of goals, structures and functions.[६] E-government is more than a website, email or processing transactions via the internet. E-government becomes a natural extension of the technological revolution that has accompanied the knowledge society. The E-government added new concepts such as: transparency, accountability, citizen participation in the evaluation of government performance.[७]

It includes four stages: **Presence, Interaction, Transaction, and Transformation**. The implementation of the project of E-governance does not necessarily involve all four stages or start from stage one, the stage can be skipped on the basis of the need of the project. **Presence** is the first stage of development and is the establishment of a placeholder for delivering information in the future. It represents the simplest and least expensive entrance into e-government, but it also offers the fewest options for citizens. A typical example is a basic Web site that lists cursory information about an agency, such as hours of operation, mailing address, and/or phone numbers, but has no interactive capabilities. The second stage is **interaction**. Although interactive Web-based initiatives offer enhanced capabilities, efforts in this group are still limited in their ability to streamline and automate government functions. Interactions are relatively simple and generally revolve around information provision. The third stage in the evolution of e-government initiatives is **transaction**. These initiatives are more complex than simple information provision and embody the types of activities popularly associated with e-government. They enable clients to complete entire tasks electronically at any time of the day or night. The highest order of evolution for e-government initiatives is **transformation**. Initiatives at this level utilize the full capabilities of the technology to transform how government functions are conceived, organized, and executed. Such initiatives would have the robust customer relationship management capabilities required to handle a full range of questions, problems, and needs.[८]

ई-गभर्मेन्ट एप्लिकेशन सरल हुनुपर्छ, पछिल्ला सफलताका लागि अघिल्लो कामहरूले राम्रो नतिजा देखाएको हुनुपर्दछ, चेतना र बुझाइको स्तर विकास हुनुपर्छ, डिजिटल सुरक्षामा ध्यान दिनुपर्छ, डिजिटल डिभाइड हुनसक्छ, यसतर्फ पनि सचेत हुनुपर्छ। डिजिटल प्रयासका साथ परम्परागत सेवाहरू संरक्षित हुनुपर्दछ। यसको लागि पर्याप्त

५ https://www.aarthikdainik.com/view/7224/ accessed on 11 December, 2022

६ Theresa A. Pardo, "Realizing the Promise of Digital Government: It's More than building a Web Site", Center of Technology in Government, University of Albany, 2000.

७ Hiba Mohammad, Tamara Almarabeh, and Amer Abu Ali, "E-government in Jordan", European Journal of Scientific Research, Vol.35 No.2 (2009), pp.188-197.

८ Christopher Baum and Andrea Di Maio, Gartner's Four Phases of E-Government Model

साधनको आवस्यकता पर्दछ किनकी यो प्रणाली महँगो हुन्छ। समकालीन समाज 'आईटी सेभी '(IT Savvy) भएकाले यसका जोखिमबाट डराएर होइन कि क्षमता र पूर्वाधार विकास गरेर फाइदा बढाउन तत्पर हुनुको विकल्प छैन। नेपालमा सरकारी तथ्याङ्कहरूलाई प्रशोधन गर्न कम्प्युटर प्रविधिको प्रयोग गर्न थालिएको तीन दशक मात्र नाघेको छ। पछिल्ला दिनमा, विशेषतः उदारीकरणको नीति अवलम्बन गरिएपछि सार्वजनिक र गैरसरकारी क्षेत्रमा आफ्नो कार्य प्रभावकारिताका लागि सूचाना प्रविधिको प्रयोग गर्न थालिएको छ। सार्वजनिक क्षेत्रबाट सम्पादन गरिने विकास योजना र सेवा प्रवाह कार्यमा यसको उपयोगको लागि पूर्वाधार संरचना तयार पार्ने र क्षमता विकास गर्ने कार्य हुँदै आएका छन्। सरकारका विभिन्न संरचना एवं निकायमार्फत जनतासमक्ष प्रवाहित हुने अधिकार, सेवा, सुविधाहरूमा कम्प्युटरलगायत नयाँ प्रविधिको प्रयोगलाई सेवा प्रवाहमा आधुनिक प्रविधिको प्रयोग भनेर बुझिन्छ । नेपालको संविधानले समेत आधुनिक सेवा प्रवाहमा जोड दिएको यो विषयलाई प्रभावकारी बनाउन विद्युतीय कारोबार ऐन २०६३ को दफा ७९ अनुसार सरकारी निकायद्वारा सामाजिक सञ्जाल प्रयोग गर्ने कार्यविधि २०७५ जारी भएको छ ।

१.३.२ सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि प्रयोगका फाईदाहरु

- सेवा प्रवाहको लागत न्यूनीकरण गर्दछ ।
- समयमै सूचना प्रवाह हुन्छ ।
- सहकार्य, सहभागिता, सशक्तीकरण र समयमा प्रभावकारिता ल्याउँछ ।
- गुनासो सुनुवाई प्रभावकारी हुन्छ।
- सेवाग्राही र सेवाप्रदायकबीच अन्तरसंवाद बढ्छ ।
- ज्ञान तथा अनुभवको आदान-प्रदान हुन्छ ।
- जवाफदेहिता अभिवृद्धि हुन्छ ।
- सूचना संस्कृतिको विकास हुन्छ ।
- भ्रष्टाचार र अनियमितता न्यूनीकरण हुन्छ ।
- भनसुन र हेलो इफेक्ट कम हुन्छ ।
- सेवा प्रवाह निस्चित र सर्वस्वीकृत मापदण्डमा आधारित अन्तर्राष्ट्रिय स्तरको हुन्छ ।
- सूचना प्रविधिको क्षेत्रमा अन्तर्राष्ट्रिय लगानीकर्ताको आकर्षण बढ्छ ।

१.३.३ सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधि प्रयोगका चुनौतीहरु

- सूचना प्रविधिमा पहुँचको कमी हुनु (आर्थिक र प्रविधिक दृष्टिबाट) ।
- सरल प्रकृतिको भाषा तथा माध्यम छनौटमा कठिनाइ हुनु ।
- गलत सूचना तथा समाचार सम्प्रेषणलाई रोक्न कठिन हुनु ।
- साइबर सुरक्षा प्रतिको अचेतना ।
- विद्युतीय तथ्याङ्कहरु (Digital data) को व्यवस्थापनको समस्या ।
- मनोवैज्ञानिक त्रास र द्वन्द निवारण गर्नु ।
- अध्ययन, अनुसन्धान र अन्वेषण विकास गर्दै लैजानु।

- नागरिकको वास्तविक समस्याको सुनुवाई हुने वातावरण बनाउनु ।
- सूचना प्रविधिमैत्री नागरिक समाजको सृजना गर्न कठीन ।
- विद्युत् र उच्च गतिको इन्टरनेटलाई व्यवस्थित बनाउने समस्या ।
- मुलुकको सूचना प्रविधि क्षेत्रमा विदेशी लगानी आकर्षित गर्न यहाँ भएका आइटी कम्पनीको अन्तर्राष्ट्रिय स्तरमा बजारीकरण गर्नु ।
- उच्च सीपयुक्त जनशक्ति पर्याप्त मात्रामा विकास गराउने समस्या ।
- सूचना प्रविधि विकासका लागि आवश्यक वस्तु तथा सेवामा उच्च दरको कर।
- Brain drain control policy को अभाव ।

आजको सूचना प्रविधिमा आधारित आधुनिक युगमा नयाँ प्रविधिको उपयोगमार्फत सरकारी सेवालाई गुणस्तरीय, जनमैत्री र प्रभावकारी बनाउनैपर्दछ । यसवाट सेवा प्रवाहको समय र लागत घट्ने एवं गुणस्तर अभिवृद्धि हुन्छ । जनशक्तिलाई प्रशिक्षित गर्दै नागरिक चेतनाको विस्तार र आधुनिक प्रविधिको उपयोग बढाउनसके सेवा प्रवाहमा देखिएका अनियमितता घट्ने र समयमै सेवा वितरण हुने कुरामा कसैको दुईमत हुन सक्दैन ।[१]
डिजिटल प्रविधिहरू, सूचना र सञ्चार प्रविधिहरू, दुर्गम ग्रामीण क्षेत्रहरूमा मोबाइल फोन प्रविधिको प्रयोगले नयाँ अवसरहरू प्रदान गरेको पाईन्छ ।नेपालमा सूचना प्रविधिको प्रयोग गरेर सरकारले सर्वजनिक सेवाहरुको वितरणले सहरमा मात्रै नभएर ग्रामीण क्षेत्र हरुका लागि पनि विभिन्न फराकिलो विकास लक्ष्यहरू प्राप्त गर्न सुरु भईसकेको छ । सार्बजनिक सेवा सुविधाहरुलाई डिजिटल प्रविधिले नागरिकको पहुँच बढाउन सक्ने क्षमता राखेको छ । नागरिकहरू बीचको समन्वय सुधार, सार्वजनिक वस्तुहरूको राम्रो विनियोजन गर्न तथ्याङ्क सङ्कलनमा सहजीकरण र वित्तीय पहुँच सुधार गरी सार्वजनिक कोष बढाउन यसले मद्दत गरेको छ । विगत एक दशकमा सार्वजनिक सेवाहरूको वित्तपोषणको लागि धेरै डिजिटल सार्वजनिक सेवाहरुको पहलहरू भएका छन् ।[२]

१.४ सरकारी वकीलबाट प्रवाह हुने सेवाहरुको प्रभावकारी व्यवस्थापनका लागि सूचना प्रविधिको उपयोग

सबै सरकारी वकील कायार्लयमा सूचना प्रविधि सम्बन्धी आवश्यक पर्ने सामग्री तथा इन्टरनेट सेवा उपलब्ध छ। हालसम्म २८२ जना सरकारी वकीलहरुले ल्यापटप प्राप्त गरेका छन।महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयको एकीकृत वेभसाइट निर्माण गरी सञ्चालनमा रहको छ।सबै सरकारी वकील कार्यालयहरुको अलग्ग वेभसाइट निर्माण गरी सञ्चालनमा ल्याइएको छ। वेभसाइटमा आवश्यक ऐन, नियम तथा कानून सम्बन्धी समसामयिक र महत्वपूर्ण राजपत्रहरु, अध्ययन अनुसन्धानका प्रतिवेदनहरु, परिपत्र तथा सूचनाहरु अपलोड गर्ने कार्य गरिएको छ। सबै सरकारी वकील कार्यालयलाई सञ्जालीकरण गर्नका लागि सीसी टिभी र इन्ट्रानेट जडान भई कार्य सम्पादनमा प्रभावकारिता अभिबृद्धि भएको छ।यसबाट विधुतीय माध्यमबाट अनुगमन गर्न, मुद्दाका आवश्यक कागजातको विद्युतीय स्वरुपमा उपलब्धता र मुद्दाको कारवाहीको प्रकृयाको बारेमा जानकारी लिने कार्यमा सहजता भएको छ।

---

१ https://nayapatrikadaily.com/news-details/12504/2019-04-28 accessed on 11 December, 2022
२ https://www.elibrary.imf.org/downloadpdf/book/9781484315224/ch008.pdf accessed on 11 December, 2022

अदालती काम कारबाहीलाई थप प्रभावकारी, व्यवस्थित, वैज्ञानिक बनाउने सवालमा कार्य हुँदै आएको देखिन्छ । अदालतमा प्रयोग हुने कागजातलाई विद्युतीय माध्यममा आधारित बनाउने, कम कागजातको प्रयोग गर्ने, पेस भएका महत्वपूर्ण कागजातका डिजिटल कपीको प्रयोग गर्ने, ई-फाइलिङको व्यवस्था गर्ने, अटोमेटेड प्रणालीको विकास गर्ने, अभिलेख संरक्षणलाई व्यवस्थित बनाउने, आर्थिक कारोबारलाई बैकिङ प्रणालीमा आबद्ध गर्नेसमेतका कार्यबाट न्यायालय आफ्ना कामकारबाही सहज बनाई न्यायका उपभोक्तालाई प्रभावकारी सेवा व्यवस्थापनमा अग्रसर देखिन्छ । अदालतको काममा प्रत्यक्ष सरोकार र संलग्नता रहेको महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयले एकीकृत वेभसाइड र विभिन्न Application Software मार्फत सूचना प्रविधिको प्रयोग मार्फत सेवा प्रदान गर्दै आएको छ । महान्यायधिवक्ताको कार्यालयमा पनि साप्ताहिक एवं दैनिक पेसी सूची प्रकाशन, तथ्यांक संकलन, संरक्षणसमेतका कार्य सूचना प्रविधिमा आधारित भई सम्पादित हुँदै आएको छ । आधुनिकीकरणका सवालमा लेस पेपर हुँदै पेपर लेसमा जानका लागि सूचना प्रविधिको विस्तारमा भएका चरणबद्ध कार्य प्रभावकारीसमेत देखिएको छ । न्यायालयमा प्रविधिले फड्को मारेको सन्दर्भमा सूचना प्रविधिको उच्चतम प्रयोगतर्फ योजनाबद्दरुपमा महान्यायाधिवक्ताको कार्यालयले आफ्नो तेस्रो पञ्चबर्षिय रणनीतिक योजना मार्फत प्रभावकारी न्यायको प्रत्याभूति एवं पहुँचका लागि विभिन्न रणनीतिहरु अघिसारेको छ ।

१.४.१ विद्युतीय न्यायाधिवक्ता प्रणाली (e-Attorney System)

e-Attorney महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरुबाट प्रवाह हुने सबै प्रकारका सार्वजनिक सरकारी सेवाहरुको रुप तथा प्रकृयाहरुलाई ICT को उपयोगद्वारा विद्युतीय स्वरुपमा सञ्चालन र दिगो व्यवस्थापन गर्ने विद्युतीय सरकार नेपाल (e-Government in Nepal) को महत्वपूर्ण System tools हो ।

e-Attorney कार्यक्रम

- सरकारी वकीलको कार्यमा सूचना प्रविधिको अधिकतम र व्यवस्थित उपयोगको अवस्था नै e-Attorney हो ।
- सूचना प्रविधिको माध्यमबाट सरकारी वकीलको संगठन संरचना र न्याय प्रणालीका अन्य सहयात्रीहरूसँग सूचनाको आदानप्रदान नै e-Attorney हो ।
- २०७३ सालबाट प्रारम्भ गरिएको ।
- e-Attorney सम्भाव्यता अध्ययन प्रतिवेदन अनुसार केही कामहरु गरिएको ।
- शाखा अधिकृत सरह रा.प.तृतीय श्रेणीका सूचना प्रविधि ईन्जिनियर र उपसचिव सरह रा.प.द्धितीय श्रेणीका वरिष्ठ सूचना प्रविधि ईन्जिनियरबाट सुचारू गरिएको ।

महान्यायाधिवक्ताको कार्यालय अन्तरगत सरकारी वकील कार्यालयहरु विच सूचना सञ्चार प्रविधि मार्फत न्यायाधिवक्ता सेवाका सबै स्वरुप र तरिकाहरुलाई विद्युतीय स्वरुपमा सञ्चालन गरि समय तथा लागत प्रभावी (Time and Cost Effective) सेवा प्रवाहको व्यवस्थापन नै e-Attorney System को उद्देश्य हो ।हाल सम्म Office Automation पनि शैसव चरणमै रहेको छ तर e-Attorney System को Effective Application & Sustainable Management गर्नका लागि सरकारी वकील समाजमा रहेको Digital divide नामको खाडल पुरेर अगाडी बढ्नु पर्ने तथ्य सत्य रहेको प्रति मतैक्यता कायम गर्नै पर्ने देखिन्छ ।

e-Attorney system का फाइदाहरु

- Simplify Process
- Easy Access of Stakeholders
- Increase Staff Productivity
- Reduces Overhead
- Less Paper Management
- Improves Capacity
- Increase Transparency
- Embrace New Technology
- Improve Effectiveness and Efficiency
- आधुनिक प्रविधिको अवलम्बन हुन्छ ।
- सेवामा चुस्तता र प्रभावकारित ल्याउँछ ।
- Electronic process of procedures
- Digitization of document
- Electronic monitoring
- e-notification
- Calendar process automated
- Automated document production
- Integration with related systems
- e-reporting and access to data from concern office
- फौजदारी न्याय प्रणालीमा जनसहभागिता बढ्छ ।
- एउटै नेटवर्किङमा हुने कार्य सम्बन्धले निकटता बढाउँछ ।
- नीति निर्माणमा सहजता ल्याउँछ ।

के कस्ता चुनौतीहरू छन् ?

- आर्थिक, मानवीय र भौतिक स्रोत साधनको अभाव ।
- परम्परागत प्रक्रिया र पद्धति प्रति अभ्यस्त कर्मचारीहरु ।
- परम्परागत पद्धति र बिद्युतीय पद्धतिको सँगै प्रयोग ।
- सूचना चुहिने, विग्रने वा नासिन सक्ने खतरा ।
- उपलब्ध भौतिक पुर्वाधारहरुको (ICT Physical Infrastructure) प्रयोगको सूनिश्चितता, निरन्तरता र उचित मर्मत संभारमा समस्या ।
- ICT सम्बन्धी सचेतनामा कमी ।
- सरकारी वकीलहरु विचमा सूचना प्रविधिको प्रयोगमा खाडल रहेको ।

के कस्ता भ्रमहरू छन् ?

- यसले काममा दोहोरोपन र झन्झट थप्छ ।
- यसको अबलम्बन गर्न अत्यन्तै उच्चस्तरको जनशक्ती आवश्यक पर्छ र ज्यादै खर्च बढ्छ ।
- सफ्टवेयर एक पटक खरिद वा निर्माण गरे पछि सधैका लागि हुन्छ । त्यसमा थप केहि गरी रहनु पर्दैन ।
- एक जना सूचना प्रबिधि बिज्ञ वा प्राबिधिकले सबै किसिममका कार्य गर्न सक्छन) Hardware, Software and Networking)
- सफ्टवेयर बनाउन धेरै लगानी किन गर्ने ? त्यो त सानो काम हो । Hardware नै सबैभन्दा ठूलो कुरा हो ।
- सफ्टवेयरको Backend (Database) को बारेमा कुनै जानकारी वा वास्ता नहुनु ।

- Digital Information Security Mechanism आवश्यकता प्रतिको अर्धचेतना ।

e-Attorney अवलम्बनका क्षेत्रहरू के-के हुन्?

- मुद्दाको कारबाही, प्रतिरक्षा तथा कानूनी रायका सन्दर्भमा
- निरीक्षण, सुपरीवेक्षण र समन्वयमा
- अभिलेख ब्यबस्थापनमा
- तथ्याङ्क संकलन र प्रयोगमा
- कार्यालय ब्यबस्थापन र अन्य प्रशासनिक कार्यमा

e-Attorney अवलम्बन गर्नको लागि आधारभूत आवश्यकता

- भौतिक श्रोत साधनको अभिवृद्धि (कम्प्यूटर, प्रिन्टर, फोटोकपी, स्क्यानर, इन्ट्रानेट र इन्टरनेट आदि)
- प्राविधिक जन शक्तिको ब्यबस्था
  - सबै तहका कर्मचारीको क्षमता अभिवृद्धि (तालिम, अवलोकन भ्रमण आदि)
- ब्यबस्थित वेभसाईट निर्माण र संचालन
- आवश्यक वेभ एप्लिकेशनको बिकास र प्रयोग

के-कस्ता वेभ एप्लिकेशन आवश्यक पर्छ ?

- मुद्दाको कारबाही सम्बन्धी
- प्रतिरक्षा सम्बन्धी
- रिट निवेदन सम्बन्धी
- कानूनी राय सम्बन्धी
- कर्मचारी अभिलेख सम्बन्धी
- Document Management & Sharing System
- भौतिक ब्यबस्थापन
- पेशी र बहस ब्यबस्थापन
- पुस्तकालय ब्यबस्थापन
  - अभिलेख ब्यबस्थापन (रिट मुद्दाको फैसला समेत)
- दर्ता चलानी सम्बन्धी
- अन्य

१.४.२ महान्यायधिवक्ताको कार्यालयको e-Attorney System को अवस्था

महान्यान्याधिकावक्ताको कार्यालयकको मुख्य सफ्टवेयरको रुपमा मुद्दा व्यवस्थापन प्रणाली (CMS), पेशी व्यवस्थापन सफ्टवेयर (CTS), रिट र प्रतिरक्षा सफ्टवेयर (WDS), कर्मचारी व्यवस्थापन सफ्टवेयर (ERMS), पुस्तकालय सफ्टवेयर, कार्यालयको वेवसाईट (ag.gov.np), Centralize email system संचालनमा रहेका छन । महान्यान्याधिकावक्ताको कार्यालयको सफ्टवेयरहरु हाल राष्ट्रिय सूचना प्रविधि केन्द्र (GIDC) मा रहेको डाटा सेन्टरबाट संचालन गरिएको छ । उक्त डाटा सेन्टरमा महान्यान्याधिकावक्ताको कार्यालयको आफ्नै सर्भर / स्टोरेज तथा नेटवर्कीङ devices जडान गरिएको छ । सफ्टवेयरहरु Host गर्नका लागि, सफ्टवेयर र System मा आएका समस्याहरु समाधान गर्नका लागि Hypervisor Software (Vmware) बाट सर्भर तथा स्टोरेज व्वस्थापन गरिएको छ । त्यसै गरी सिस्टम Backup का लागि Veeam Backup and Replication सफ्टवेयर प्रयोग भएको छ । प्रत्येक सफ्टवेयरहरु एक-एक

वटा Virtual Machine (windows/linux) मा राखिएको छ र नेटवर्कीङको सन्दर्भमा राष्ट्रिय सूचना प्रविधि केन्द्रबाट Public IP (*gov.np) प्राप्त गरी Live गरिएको छ । सिस्टममा आईपर्ने Security समस्याहरु सहज गर्नका निम्ति Firewall Devices हरु Configure गरिएको छ । Intranet जडान भएका ७७ वटा कार्यालयहरुमा Intranet बाटै VPN (Virtual Private Network) प्रयोग गरी ८०० वटा HD CCTV, CMS लगायतका सफ्टवेयरहरु र File sharing गर्ने व्यवस्था गरिएको छ भने बाँकी २० वटा कार्यालयमा उक्त सफ्टवेयरहरु Publicly (Internet) प्रयोग गरेर चलाउने गरिएको छ । यस आर्थिक वर्षमा (२०७९/८०) २० वटा कार्यालयहरुलाई Intranet बाट सञ्जालिकरण गर्ने गरी टेण्डर भई कार्यदिश समेत दिई सकिएको छ ।

१.४.३ विद्युतीय न्यायाधिवक्ताको हालसम्मको अवस्था समस्याको पहिचान र समाधान

- केही Software (Web Application) निर्माण र प्रयोग सुरु भएको (म.न्या.का.मा सुरु भएको र छिट्टै मातहत कार्यालयमा विस्तार गर्ने कार्यक्रम रहेको)
- Computer तालिमको माध्यमबाट क्षमता अभिवृद्धि सम्बन्धी कार्य भईरहेको
- भौतिक श्रोत साधनको अभिवृद्धि तर्फ कार्य भई रहेको (ल्यापटप, डेस्कटप, कम्प्यूटर र फोटोकपी मेशिन आदिको ब्यबस्था र वितरण)
- देशै भरिका ७७ वटा कार्यालयहरुलाई महान्यायाधिवक्ताको कार्यालयमा ईन्ट्रानेट मार्फत सञ्जालिकृत गरिएको र बाँकी २० वटाको पनि टेण्डर गरेर कार्यदिश दिई सकिएको छ।

e-Attorney सफल बनाउनको लागि के चाहिन्छ ?

- Unified Software System
- Centralized Data System
- Nationwide Networking System
- Trained manpower
- Intra agency API configuration
- दृढ इच्छा शक्ति
- भौतिक र मानवीय पूर्वाधार
- क्षमता अभिवृद्धि
- प्रविधिको उपयोग
- समुचित प्रयोग, मर्मत, सुधार र संरक्षण

e-Attorney कार्यक्रम संचालन हुन अगाडि कस्तो थियो त महान्यायाधिवक्ताको कार्यालयको अवस्था ?

- कार्यालयको कार्यसम्पादन तथा अभियोजनसँग सम्बन्धित कामकारवाहीहरूको विवरण रेकर्ड फाईलमा सिमित रहेको ।
- कार्यालयको कामकारवाहीसँग सम्बन्धित कागजातहरू सबै हुलाक माध्यमबाट आदानप्रदान हुने गरेको
- कार्यालयको कार्यसम्पादन तथा अभियोजनसँग सम्बन्धित कागजातहरू ईमेल मार्फत आदानप्रदान गर्ने कार्य कार्यालयका सिमित कर्मचारीहरूबीच मात्र हुने गरेको ।
- कार्यालयका लागि आवश्यक कुनै पनि सफ्टवेयरहरूको निर्माण तथा संचालन हुन नसकेको ।
- कर्मचारीहरूलाई सूचना प्रविधिसँग आबद्ध गर्न सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण तालिम हुन नसकेको ।
- कार्यालयमा दक्ष जनशक्ति (कम्प्युटर अपरेटर) कर्मचारीहरू भएतापनि कम्प्युटरमा टाईपिङ्गको कामकारवाही मात्र हुने गरेको ।

e-Attorney कार्यक्रम संचालन भईसके पश्चातको अवस्था

- राष्ट्रिय सूचना प्रविधि केन्द्रमा निर्माण गरिएका सफ्टवेयरहरूको डाटा प्रविष्ट गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयको डाटा सेन्टर (Server/Storage) को निर्माण भईसकेको ।
- कार्यालयका लागि आवश्यक सफ्टवेयरहरू (मुद्दा व्यवस्थापन प्रणाली, पेशी व्यवस्थापन प्रणाली, ईमेल व्यवस्थापन, वेभसाईट, कर्मचारी व्यवस्थापन प्रणाली, महान्यायाधिवक्ताको कार्यालयको टेलिफोन एप) को निर्माण भई सञ्चालनमा रहेको।
- अभियोजनसँग सम्बन्धित कामकारवाहीहरूको विवरण डिजिटल अभिलेखीकरण गरी सफ्टवेयरमा प्रविष्ट गरिएको । हालसम्म ८०,००० मुद्दाहरूको डिजिटल अभिलेखीकरण तयार भईसकेको ।
- परम्परागत प्रक्रिया र पद्धति प्रति अभ्यस्त कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी अभिमुखीकरण तालिम प्रदान गरी सूचना प्रविधिसँग आबद्ध गरिएको ।
- ७७ वटा कार्यालयहरूमा ईन्ट्रानेट तथा सिसीटिभी सम्बन्धी नेटवर्क संजालिकरण गरी महान्यायाधिवक्ताको कार्यालयबाट सिसीटिभी निरीक्षण भईरहेको ।
- ईन्ट्रानेट जडान भएका कार्यालयहरूमा ईन्ट्रानेटको माध्यमबाट कार्यालयका लागि निर्मित सफ्टवेयरहरू संचालन गर्ने कार्य बाँकी रहेको ।
- महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका कार्यालयहरूलाई सूचना प्रविधिसँग आबद्ध गर्न सूचना प्रविधि सम्बन्धी उपकरणहरू खरिद गरी वितरण गरिएको ।
- कार्यालयको वेभसाईट तथा ईमेल व्यवस्थापन प्रणालीबाट सूचना प्रवाह गर्न सरल, सहज र छिटो छरितो भएको ।
- सरकारी वकील कार्यालयका काम कारवाहीमा सरोकारवाला निकाय तथा आम नागरिकको पहुँचलाई (मुद्दाको विषय, कार्यालयबाट प्रदान गरिने सेवाहरू) सुव्यवस्थित गरिएको ।
- कार्यालयको लागि निर्माण हुने आवश्यक सफ्टवेयर तथा कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि सूचना प्रविधि सम्बन्धी ICT Policy निर्माण भईरहेको ।

भविष्यमा e-Attorney कार्यक्रमको योजना

महान्यायाधिवक्ताको कार्यालयको तेस्रो पञ्चवर्षीय रणनीतिक योजना) आ.व.२०७८/७९-२०८२/८३ (को लक्ष्य नं. ४ मा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयको संस्थागत सुदृढिकरण गर्ने कुरा उल्लेख छ । जसको रणनीति नं. ४.३ मा सरकारी वकील कार्यालयहरुको कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रविधि पद्दतिमा आबद्द गर्ने कुरा उल्लेख गरि विभिन्न ८ वटा क्रियाकलापहरु तय गरि e-Attorney System लाई विकास गरि सरकारी वकीलहरुको कार्यसम्पादनलाई सूचना प्रविधिमा आबद्द गराउने योजना रहेको छ ।सो क्रियाकलापहरुलाई कार्यान्वयन गर्न देहायको कार्य गर्नुपर्ने देखिन्छ:-

- Intranet Connection हुन बाँकी रहेको २० वटा कार्यालयहरूमा ईन्ट्रानेट तथा सिसीटिभी जडान गरी महान्यायाधिवक्ताको कार्यालयबाट निरीक्षण गर्ने व्यवस्था मिलाउने ।
- नेपाल प्रहरी, महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालतसँग सहकार्य गरी API (Application Programming Interface) को माध्यमबाट सूचना आदानप्रदान गर्ने ।
- सरकारी वकील र कर्मचारीहरूलाई Paperless System मा आबद्ध गर्ने ।

- कार्यालयसँग सम्बन्धित सबै कामकारवाहीहरूलाई सूचना प्रविधिसँग आबद्ध गर्ने ।
- सरकारी वकील तथा कर्मचारीहरूलाई सूचना प्रविधि सम्बन्धी आवश्यक तालिम प्रदान गरी सूचना प्रविधिसँग आबद्ध गर्ने र कार्यालयलाई सूचना प्रविधिमैत्री बनाउने ।
- महान्यायाधिवक्ताको कार्यालयमा डाटा सेन्टरको स्थापना गर्ने र Disaster Recovery को लागि मातहतका कुनै एक कार्यालमा डाटा सेन्टरको स्थापना गर्ने ।

e-Attorney System कार्यान्वयनका समस्याहरु

- आवश्यक सफ्टवेयहरूको निर्माण भएतापनि कार्यालयहरूमा जनशक्ति अत्यन्त न्यून रहेको कारण e-Attorney कार्यक्रम प्रभावकारी रूपमा परिचालन हुन नसकेको ।
- सूचना प्रविधिको प्रयोग सरकारी वकीलको काममा र सूचना प्रविधि सम्बन्धी तालिम प्रदान गरिएका कर्मचारीहरूमा प्रभावकारी रूपमा हुन नसकेको ।
- सफ्टवेयरको प्रयोग र कार्यान्वयन अपेक्षित रूपमा हुन नसकेको ।
- सरकारी वकील र कर्मचारीहरू सूचना प्रविधिमैत्री बन्न नसकेको ।
- सूचना प्रविधि सामग्रीहरूको प्रयोगको अवस्था अधिकतम कमजोर रहेको ।
- सूचना प्रविधिको प्रयोग कम्प्युटर अपरेटरले मात्र गर्ने भन्ने अन्य कर्मचारहीको धारणा रहेको ।
- सूचना प्रविधिसँग सम्बन्धित विद्युतीय सामग्रीहरू पर्याप्त मात्रामा उपलब्ध हुन नसकेको ।

हाल e-Attorney अन्तर्गत भएका कामकारवाहीहरूको अबस्था

- Surveillance System (CCTV/Intranet all over 77 offices)
- Case Management System
- Website
- Employee Resource Management System
- Case Tracking System
- Mobile Application
- Library Management System
- SMS Gateway Service
- Learning Management System
- Centralized Email System

भविष्यमा e-Attorney अन्तर्गत गर्नुपर्ने कामकारवाही

- Upgradation of Case Management System
- Unified Software System
- Integration of Case Management System with Police, OAG and Supreme Court
- Document Management System
- Run all the System developed by OAG through Intranet
- Storage for CCTV Camera Backup of all the 97 offices
- Establishment of Server Room for OAG
- Data Center (DC)/Disaster Recovery (DR) Site
- Server and Networking Training to the ICT Department Employee for the security and support
- ICT Policy Development

१.५ अनुसन्धान तथा विकास (Research and Development) र सूचना प्रविधि वीच अन्तरसम्बन्ध

सूचना प्रविधिको विकासको लागि अनुसन्धान कार्य अपरिहार्य हुन्छ । सूचना प्रविधिजन्य सामग्रीमा सुरक्षाको चुनौती बढेसँगै उक्त चुनौतिहरुलाई समाधान गर्न बजार अनुसन्धानको आवश्यकता पर्दछ । दिन दुई गुणा र रात चौगुणा परिवर्तन हुने सूचना प्रविधिको विषयमा Research गरेर Digital Information Security Mechanism को

विकास गरेर मात्र यस्ता विषयहरुलाई सम्बोधन गर्न सकिन्छ । सूचना प्रविधिको क्षेत्रमा Advancement of Technology, Version of Technology, Technology Compalibilities लाई थाहा पाउन सूचना प्रविधिको बजारलाई Research Work को माध्यमद्वारा विकास गर्न सकिन्छ । साथै Research work लाई तथ्यपरक बनाई बास्तविक परिणाम प्राप्त गर्नको लागि फेरी सूचना प्रविधिको प्रयोग गर्नु पर्दछ ।सूचना प्रविधिका विभिन्न tools हरुको प्रयोग गरेर Research Work लाई सरल सहज र यथार्थपरक बनाई Actual Findings प्राप्त गर्न सकिन्छ । Research लाई प्रभावकारीरुपले सम्पन्न गर्न विभिन्न Tools and Software हरुको प्रयोग गर्न सकिन्छ:

REF-N-WRITE Academic Writing Tool.

- Free Online Statistical Testing Tools.
- Microsoft Excel.
- Google Scholar.
- ResearchGate.
- Plagiarism detection software tools.
- Project management tools.
- SPSS
- Bit.ai.
- elink.io.
- GanttPRO.
- Grammarly.
- Typeset.io.
- Scrivener.
- ProofHub.
- Google Scholar etc.
- AMOS

Classification of Types of Research

- Theoretical Research.
- Applied Research.
- Exploratory Research.
- Descriptive Research.
- Explanatory Research.
- Qualitative Research.
- Quantitative Research.
- Experimental Researc

जुनसुकै प्रकारको Research को हरेक चरणहरुमा सूचना प्रविधिको उपयोग गरि माथि उल्लिखित Research Tools को प्रयोग गरेर Research and Development लाई सम्पन्न गरी आगामी दिनको लागि Research Findings ले Way forward गर्न मद्दत गर्दछ । त्यसैले अनुसन्धान तथा विकास (Research and Development) र सूचना प्रविधि वीच अन्तरसम्बन्ध हुन्छ जुन अपरिहार्य पनि हो ।

१.६ अनुसन्धान र विकासका लागि सूचना प्रविधिको महत्व

विज्ञहरूका अनुसार एक्काइसौं शताब्दीको समाज ज्ञानमा आधारित हुनेछ। नवीन ज्ञानको स्रोत भनेकै वैज्ञानिक अनुसन्धान हो। विकसित र कम विकसित सबै राष्ट्रको यथोचित आर्थिक-सामाजिक विकासमा वैज्ञानिक अनुसन्धानको उत्तिकै महत्वपूर्ण भूमिका रहन्छ। तसर्थ राज्यले वैज्ञानिक अनुसन्धानको महत्व बुझेर देशका

अनुसन्धान केन्द्रहरूलाई सूचना प्रविधि लगायतका आवश्यक स्रोत र साधन उपलब्ध गराई अनुसन्धानकर्तालाई उत्पादकमूलक अनुसन्धानको अवसर प्रदान गर्ने र प्रतिभा पलायन रोक्ने नीति अवलम्बन गर्नु देशको हितमा हुनेछ। कुनै पनि विषयको अनुसन्धान गरेर मात्र विकासको रणनीति लिएको खण्डमा मात्र उक्त विषयको दिगोपना आउन सक्दछ । विकासको पूर्वशर्तको रुपमा अनुसन्धान रहेको हुन्छ । तर सूचना प्रविधिको प्रयोग विना प्रभावकारी अनुसन्धान सम्भव छैन । एकातिर अनुसन्धानमा र विकासमा सूचना प्रविधिको प्रयोगले सूचना तथा जानकारीलाई प्राथमिक डाटाकोरुपमा विकास गरी तथ्यपरक अनुसन्धानको निष्कर्षमा पुग्न मद्दत गर्दछ भने अर्कोतिर सूचना प्रविधिको विकास यसको बैज्ञानिक अनुसन्धान विना सम्भव छैन। Ultra Modern Technology को रुपमा रहेको सूचना प्रविधिको विकास गर्न विश्व बजारमा यसको तथ्यपरक आवश्यकताको पहिचान गरी नयाँ नयाँ प्रकृतिका प्रविधिजन्य सामग्रीको उत्पादन गर्नु आवश्यक हुन्छ ।

निर्दिष्ट मापदण्डको अभावका कारण वैज्ञानिक अनुसन्धानले कुनै देशको समग्र आर्थिक विकासमा गर्ने योगदानलाई ठीकसँग मापन गर्न नसकिए पनि अनुसन्धान र विकासका बीच गहिरो सम्बन्ध रहेको तथ्य विशेषगरी विकसित देशका प्रगति विवरणले पुष्टि गरेका छन्। यसै तथ्यलाई ध्यानमा राख्दै विकसित एवं कतिपय विकासोन्मुख देशले वैज्ञानिक अनुसन्धानको आवश्यकतालाई पूर्णरूपमा आत्मसात् गरिसकेका छन्। तर नेपालका नीति निर्माताले देशको विकासमा वैज्ञानिक अनुसन्धानको भूमिकालाई राम्ररी आत्मसात गर्न सकेका छैनन्। उनीहरूले वैज्ञानिक अनुसन्धान धनी र सक्षम देशका लागि मात्र हुन् भन्ने सोच राख्छन्। नेपालजस्ता विकासोन्मुख देशले भोगिरहेका सबै समस्याको समाधान विकसित देशमा भएका अनुसन्धानबाट प्राप्त गर्न सकिने भएकाले नेपालले छुट्टै अनुसन्धान गर्नु जरुरी नभएको कतिपय हाम्रा राजनीतिज्ञ एवं नीति निर्माता विश्वास गर्छन्। वास्तवमा यस प्रकारको सोच त्रुटिपूर्ण छन्। यस्तै सोचका कारण नेपाल वैज्ञानिक अनुसन्धानमा सबैभन्दा कम लगानी गर्ने विश्वका राष्ट्रमध्ये पर्छ।[१]

नेपालमा वैज्ञानिक अनुसन्धानको स्थिति कमजोर छ। वैज्ञानिक अनुसन्धानलाई केही सीमित व्यक्तिको बौद्धिक विलासका रूपमा पनि हेर्ने गरिन्छ। त्यसैले वैज्ञानिक अनुसन्धानको आवश्यकता र महत्वलाई राज्यले राम्ररी आत्मसात गर्न सकेको छैन। वैज्ञानिक अनुसन्धानका लागि राष्ट्रिय नीतिको अभाव छ। विज्ञान तथा प्रविधिजन्य अनुसन्धानलाई व्यापक विकास गर्न आवश्यक पर्ने राष्ट्रिय स्तरको प्रभावकारी संरचनाको अभाव छ। देशमा अनुसन्धानका पूर्वाधार, वातावरण एवं सुविधाको अभाव भएकाले नेपाली वैज्ञानिक विदेश पलायन हुने क्रम तीव्र छ ।

१.६.१ ICT System Design vs. Office Automation

Office Automation

Office automation is a general term that describes the different types of computer systems and software that are used to collect digitally, store, transfer, alter and utilize office information to execute tasks. In essence, office automation helps to manage data.[२] Office automation allows data to move without human intervention. Since humans are left out of the equation, there is no risk of manual error. What once began with a typewriter has evolved into a myriad of automation and electronic tools that have changed how people work.

---

१ https://nagariknews.nagariknetwork.com/opinion/40959-1364452512.html accessed on 10 December, 2022

२ https://www.solvexia.com/blog/what-is-office-automation-your-complete-guide accessed on 12 December, 2022

Office Automation: The Basics

There are a lot of different aspects of office automation, but they can be easily divided into the following categories:

- **Information storage:** This includes the recording of information, like forms, documents, files, images and spreadsheets. Information storage generally exists in formats of word processors or spreadsheets, but it can also be more sophisticated like records in a CMS or automation software tool like SolveXia.
  - Data exchange: Systems allow for the real-time exchange of information, such as fax machines or emails. Automation software tools also fit into this category as you can easily share information and send reports between people.
  - Data management: Office automation must also be easily manageable between different parties and relevant information. As such, office automation systems can handle short-term and long-term data, including financial plans, marketing expenditures, inventory management, etc.

Office Automation: The Benefits

Businesses rely on a little or a lot of office automation tools. Regardless of the extent, the benefits are expansive, namely:

- Reduction of manual effort to achieve tasks
- Minimization of human and manual errors
- Decreased processing time for task completion
- Enhanced transparency and process improvement abilities
- Better decision-making based on data and forecasts
- Enhanced metrics and key performance indicator KPI monitoring
- Increased employee satisfaction and communication
- Results in better customer service

System Design

System design is the process of defining the architecture, interfaces, and data for a system that satisfies specific requirements. System design meets the needs of your business or organization through coherent and efficient systems. Once your business or organization determines its requirements, you can begin to build them into a physical system design that addresses the needs of your customers. The way you design your system will depend on whether you want to go for custom development, commercial solutions, or a combination of the two.

System design requires a systematic approach to building and engineering systems. A good system design requires you to think about everything in an infrastructure, from the hardware and software,

all the way down to the data and how it's stored. Systems design is the process of defining elements of a system like modules, architecture, components and their interfaces and data for a system based on the specified requirements. It is the process of defining, developing and designing systems which satisfies the specific needs and requirements of a business or organization.[৩] A systemic approach is required for a coherent and well-running system. Bottom-Up or Top-Down approach is required to take into account all related variables of the system. A designer uses the modelling languages to express the information and knowledge in a structure of system that is defined by a consistent set of rules and definitions. The designs can be defined in graphical or textual modelling languages.

Some of the examples of graphical modelling languages are:

a. Unified Modelling Language (UML): To describe software both structurally and behaviorally with graphical notation.

b. Flowchart: A schematic or stepwise representation of an algorithm.

c. Business Process Modelling Notation (BPMN): Used for Process Modelling language.

d. Systems Modelling Language (SysML): Used for systems engineering.

Design methods:

1) Architectural design: To describes the views, models, behaviour, and structure of the system.

2) Logical design: To represent the data flow, inputs and outputs of the system. Example: ER Diagrams (Entity Relationship Diagrams).

3) Physical design: Defined as a) How users add information to the system and how the system represents information back to the user. b) How the data is modelled and stored within the system. c) How data moves through the system, how data is validated, secured and/or transformed as it flows through and out of the system.

Systems design is an interdisciplinary engineering activity that enables the realization of successful systems. A system may be denned as an integrated set of components that accomplish a defined objective. The process of systems design includes defining software and hardware architecture, components, modules, interfaces, and data to enable a system to satisfy a set of well-specified operational requirements.[৪]

In general, systems design, systems engineering, and systems design engineering all refer to the same intellectual process of being able to define and model complex interactions among many components that comprise a system, and being able to implement the system with proper and effective use of available resources. Systems design focuses on defining customer needs and required functionality early in the development cycle, documenting requirements, then proceeding with design synthesis and system validation while considering the overall problem consisting of:Operations

৩ https://economictimes.indiatimes.com/definition/systems-design accessed on 12 December, 2022

৪ https://www.sciencedirect.com/topics/computer-science/systems-design accessed on 12 December, 2022

- Performance
- Test and integration
- Manufacturing
- Cost and schedule
- Deployment
- Training and support
- Maintenance
- Disposal

Systems design integrates all of the engineering disciplines and specialty groups into a team effort forming a structured development process that proceeds from concept to production to operation. Systems design considerations include both the business and technical requirements of customers with the goal of providing a quality product that meets the user needs. Successful systems design is dependent upon project management that is being able to control costs, develop timelines, procure resources, and manage risks.

Information systems design is a related discipline of applied computer systems, which also incorporates both software and hardware, and often includes networking and telecommunications, usually in the context of a business or other enterprise. The general principals of systems design engineering may be applied to information systems design. In addition, information systems design focuses on data-centric themes such as subjects, objects, and programs.

१.६.२ महान्यायाधिवक्ताको कार्यालयमा सूचना प्रविधि प्रयोगमा समस्याहरु

- सबै सरकारी निकायमा प्रयोग गरिएको सूचना प्रविधिमा समानता नभएको,
- भिएपीटि Vulnerability Assessment and Penetration Testing (VAPT) गराउने नगरेको,
- यूजर लग अभिलेख व्यवस्थित गर्न नसकिएको,
- सूचना प्रविधि प्रणालीमा देखिने त्रुटी सम्बन्धमा त्रुटि वर्गीकरण गर्ने र सोही अनुरुप मेसेज दिने तथा समयमै त्रुटि पत्ता लगाउने नगरिएको,
- आवश्यक मात्रामा सूचना प्रविधि जनशक्तिको उपलब्धता नरहेको र उपलब्ध जनशक्तिको समूचित व्यवस्थापन हुन नसकेको,
- कमजोर सूचना प्रविधि पूर्वाधार रहेको,
- कार्यालयको आन्तरिक सूचना प्रविधि नीति तथा योजना नरहेको,
- सूचना प्रविधि अभिलेख तयार गर्ने नगरिएको,
- पूर्णरुपमा सूचना प्रविधि साक्षरता नभएको आदि ।

१.६.३ सूचना प्रविधिले सरकारी वकीलको व्यवसायिकता विकासमा कसरी टेवा पुर्याउदछ त ?

१. स्वचालित प्रक्रियाहरू

परम्परागत रूपमा सबै आन्तरिक कानुनी कार्यहरू म्यानुअल रूपमा गरिदै आएकोमा हालका दिनहरुमा अदालत र सरकारी वकील कार्यालयहरुले सूचना प्रविधिको प्रयोग गरी कार्य सम्पादन गर्न थालेका छन् । सरकारी वकीलको कार्य प्रकृति हेर्दा पनि म्याद तथा हदम्यादमा आधारित भएर काम गर्नुपर्ने अपरिहार्यता छ । यसको लागि सूचना प्रविधिको प्रयोगबाट सरकारी वकीलको काममा एकरुपता कायम गरी छिटो छरितो ढंगबाट कार्य सम्पन्न गर्न सकिन्छ । अबको समयमा कानूनी सफ्टवेयर जस्तै शब्द प्रोसेसर र eDiscovery सफ्टवेयरहरु प्रयोग गरेर स्वचालित रूपमा कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।यसको लागि सरकारी वकील कार्यालयहरु Automation System मा प्रवेश गरी कार्य सम्पादन र सञ्चालनको गतिलाई बढाउँदै समय सापेक्ष सेवा प्रदान गर्न आवस्यक छ ।

२. अनुसन्धानमा सहजता

सूचना प्रविधिको प्रयोग गरी सरकारी वकीलहरु आफ्नो अनुसन्धानात्मक कार्य र बहस पैरवीका लागि इन्टरनेट र त्यस्ता अन्य स्रोतहरू प्रयोग गर्न अभ्यस्त भइरहेका छन्। अन्तराष्ट्रिय कानूनी दस्ताबेज, संशोधित कानून र नियमहरू जस्ता कुराको प्राप्ति इन्टरनरेटबाट हुने गरेका छन् । महान्यायाधिवक्ताको कार्यालयले गरेको मुद्दाका निर्णयहरु आन्तरिक सफ्टवेयर प्रणालीबाट प्राप्त भईरहेको छ ।यसले मुद्दाको काम कारबाही छिटो छरितो ढंगबाट सम्पादन गर्न मद्दत पुगेको छ जसले गर्दा E-Attorney कार्यक्रममा प्रभावकारिता अभिबृद्दि गरेको छ ।

३. उचित स्रोत व्यवस्थापन

सरकारी वकील कार्यालयमा भएका विभिन्न स्रोत तथा साधनहरुको समुचित प्रयोग गरी उच्चतम प्रतिफल प्राप्त गर्न यस कार्यालयमा भएका विभिन्न सूचना प्रविधिका सामग्रीहरुको उपयोग गरेर नेपालका सरकारी वकीलहरुलाई विश्व बजारमा प्रतिष्पर्धा गर्न सक्ने अवस्थामा पुर्याउछ । यसले उपलब्ध स्रोतको उचित व्यवस्थापन गर्न र प्रभावकारी नतिजा प्राप्तिमा सहयोग गर्दछ ।

४. त्रुटिहरूको जोखिममा गिरावट

सूचना प्रविधिको प्रयोगले कुनै पनि तथ्य र आंकडालाई गलत व्याख्याको कारणले हुन सक्ने त्रुटिहरूको जोखिमलाई घटाउँछ जसले गर्दा निर्णयमा ठूलो परिवर्तन ल्याउँछ। सरकारी वकीलहरुले विभिन्न खाले अध्ययन र अनुसन्धान गर्दा सूचना प्रविधिको प्रयोग गरी तथ्यपरक र यथार्थपरक निचोड निकाल्न सकिन्छ ।

५. पारदर्शितामा अभिबृद्धि

सूचना प्रविधिको प्रयोग गरी सरकारी वकीलले आफ्नो कामहरु परदर्शी ढंगबाट सम्पादन गर्न सहज भएको छ । मुद्दा चल्ने निर्णय भएपछि तयार भएको अभियोग पत्रलाई अदालतमा मुद्दा दर्ता भएकै दिन सरकारी वकील कार्यालयको आधिकारीक वेभसाईडमा अपलोड गर्ने गरिएको छ । यसको अतिरिक्त महान्यायाधिवक्ताको कार्यालयबाट देशै भरिका सरकारी वकील कार्यालयहरुको ईन्ट्रानेट सञ्जाल मार्फत प्रत्यक्षरुपमा CCTV बाट अनुगमन र निरिक्षण कार्य भईरहेकोले कार्यालय सञ्चालनमा परदर्शिता बढेको छ । एकिकृत इमेल प्रणालीबाट रिट र मुद्दाका कागजातहरु तत्काल प्राप्त भई न्याय प्रकृयामा समेत सरल र पारदर्शीता अभिबृद्दि भएको छ ।

१.७ सरकारी वकीलको व्यवसायिकता विकासका लागि सूचना प्रविधिको प्रभावकारी उपयोग) Effective Application) र दिगो व्यवस्थापन (Sustainable Management) कसरी गर्न सकिन्छ ?

नेपालको संविधान २०७२ मा विकास सम्बन्धी नीतिमा राष्ट्रिय आवश्यकता अनुसार सूचना प्रविधिको विकास र विस्तार गरी त्यसमा सर्वसाधारण जनताको सहज र सरल पहुँच सुनिश्चित गर्ने तथा राष्ट्रिय विकासमा सूचना प्रविधिको उच्चतम उपयोग गर्ने उल्लेख गरिएको छ । यस्तै पन्ध्रौं योजनामा सूचना प्रविधिमा सबै नागरिकको पहुँच पुऱ्याउने लक्ष्य रहेको छ । सूचना प्रविधियुक्त राष्ट्र निर्माण गर्ने सोचका साथ आमसञ्चार, दूरसञ्चार तथा सूचना प्रविधिमा सबै नागरिकको पहुँच तथा उच्चतम उपयोग सुनिश्चित गरी आम नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने लक्ष्य पन्ध्रौं योजनामा रहेको छ ।

सार्वजनिक खर्च प्रणालीलाई सूचना प्रविधिमा आधारित बनाइ थप पारदर्शी बनाउने, सार्वजनिक काम कारबाहीलाई पारदर्शी, जबाफदेही, सदाचारयुक्त र प्रविधिमैत्री बनाइ जनसहभागिता र जनविश्वास अभिवृद्धि गर्दै कुल गार्हस्थ्य उत्पादनमा सञ्चार तथा सूचना प्रविधि क्षेत्रको योगदान आधार वर्ष २०७५/७६ को ०.८ प्रतिशतबाट २०८०/८१ मा १.६ प्रतिशत, अनलाइन मार्फत सरकारी सेवा प्रवाह आधार वर्ष २०७५/७६ को २० बाट २०८०/८१ मा ५५ पुऱ्याउने लक्ष्य लिएको छ ।[५] यसैगरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले जारी गरेको डिजिटल नेपाल फेमवर्कले ८ क्षेत्र र ८० पहलहरूको सफल कार्यान्वयनमार्फत डिजिटल विकास गर्दै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्य लिएको छ । समृद्ध नेपाल सुखी नेपालीको नारा साकार पार्न नेपाल सरकारले डिजिटल नेपालको अवधारणा अघि सारेको हो ।

महान्यायाधिवक्ताको कार्यालयले सूचना प्रविधिको प्रयोग गर्दा प्रणालीगत ढंगबाट system Design गरेर मात्र अगाडी बढ्नु पर्ने देखिएको छ । E-Attorney Program आईसकेपछी २०७३ साल देखि करोडौं रुपैयाँ खर्च भईसकेको छ ।तर आज सम्म पनि Systematic ढंगबाट सूचना प्रविधिको प्रयोग र त्यसबाट प्राप्तहुने उपलब्धीलाई दिगोरुपमा प्राप्ति र प्रयोग गर्न सकिएको छैन । यसका लागि महान्यायाधिवक्ताको कार्यालयले सूचना प्रविधिको नीति तयार गरी Package मा e-Attorney System Design गरेर त्यसको कार्यान्वयनको समयावधि निर्धारण गरेर Outcomes समेत तय गरेर अगाडी बढ्नु आवश्यक भै सकेको छ ।यसका लागि निम्न कार्य गर्नुपर्ने देखिन्छ: -

१. महान्यायाधिवक्ताको कार्यालय र मातहतको सरकारी वकील कार्यालयहरुको सूचना प्रविधिजन्य विषयको बृहत्तर अध्यायान गर्ने र आवश्यकताको पहिचान गर्ने।
२. महान्यायाधिवक्ताको कार्यालय र मातहतको सरकारी वकील कार्यालयहरुको सूचना प्रविधि सम्बन्धी System Design गर्ने ।
३. महान्यायाधिवक्ताको कार्यालय र मातहतको सरकारी वकील कार्यालयहरुको लागि IT Policy तयार गरी लागू गर्ने ।
४. महान्यायाधिवक्ताको कार्यालयमा Information Technology and Cyber Security Division स्थापना भएको सन्दर्भमा IT Security को बारेमा अध्ययन अनुसन्धान अनुभवको साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।
५. चलिरहेको Office Automation process को दिगो व्यवस्थापन कार्यनीति अबलम्वन गर्नुपर्ने ।
६. सरोकारवाला निकायहरु वीचमा सफ्टवेयरहरुको प्रयोगमा एकरुपताका लागि API को प्रयोग गर्न सकिने ।

१.७.१ सूचना प्रविधिको विकास र स्थिरता कायम गर्नको लागि निम्न कुरा हुन जरुरी छ ।[६]

---

५ https://www.prasashan.com/2021/11/15/275684/ accessed on 12 December, 2022

६ https://www.redhat.com/architect/sustainable-software-architecture accessed on 11 December, 2022

१. भौतिक डिजाइन (System Design)

यो प्रयोगकर्ता इन्टरफेस डिजाइन, प्रक्रिया डिजाइन, र डाटा डिजाइन संग सम्बन्धित छ। अनुसन्धानबाट इनपुट/आउटपुट मिडिया निर्दिष्ट गर्दै, डाटाबेस डिजाइन र ब्याकअप प्रक्रियाहरू निर्दिष्ट गर्दै योजना प्रणाली सहित system design गरेरमा स्थाईत्व प्राप्त हुन सक्दछ ।

२. डाटा डिजाइन, उपयोग, र भण्डारण (Storage and Backup)

डाटा भण्डारण र प्रयोगलाई पहिला वर्गीकरण गर्नु पर्दछ जस्तै , text, graphics, video , audio etc. Software मा कस्तो डाटा अपलोड हुन सक्छन पहिले नै त्यसको अनुसन्धान गर्नुपर्दछ जसको कारणले पछि सिस्टम र डाटा डिजाईनमा समस्या नआवोस । कुन डाटा भण्डार गर्ने, कति लामो र किन सबैको परिभाषित गर्नुपर्छ । उपभोग गरिएका स्रोतहरूमा डाटाको प्रभाव बुझ्नुपर्छ र डाटा जीवन-चक्र नीतिहरू प्रयोग गर्दा अनावश्यक डाटा मेटाउनुपर्छ ओभरप्रोभिजनिङ (over provising) भण्डारणलाई न्यूनीकरण गर्नुपर्छ, र सकेसम्म सञ्जाल सीमाहरूमा डाटा आवागमन रोक्नुपर्छ । स्थान-सचेत डाटा पुनः प्राप्ति र विभिन्न भण्डारण ढाँचाहरूलाई समर्थन गर्ने डाटा-पहुँच प्रविधिहरू प्रयोग गर्नुपर्छ ।

३. सफ्टवेयर डिजाइन (Application)

Application बनाउनु अगाडि उपयोग दिशानिर्देश (guideliness) बनाउनु पर्दछ । Ideally , केही चिज अथवा System "सधैं-अन" र ऊर्जा खपत हुने बनाउनु हुँदैन। समानान्तर र asyncros रूपमा काम गर्न स्रोतहरू सक्षम गर्न निश्चित गर्नुपर्दछ । कम-कार्बन बिजुली (low carbon electricity) उपलब्ध हुँदा चलाउनको लागि समय-महत्वपूर्ण नभएका कामहरू विभाजित र एसिन्क्रोनस रूपमा गणना गरिनुपर्छ। आवश्यकता अनुसार एप्लिकेसन पाट्र्स अनुसूचित गर्नको लागि डिजाईन शिफ्टिङ वा डिमाण्ड शेपिङ (design shifting and demand shapping) को प्रयोग गर्नुपर्छ । रनटाइम परिवर्तनहरू र स्थिरता प्रभावहरू ट्र्याक गर्न उपयुक्त अनुगमन तत्वहरू एकीकृत गर्नुपर्छ ।

४. प्लेटफर्म प्रयोग, उपयोग र मापन (Use of Platform, utility and scalable)

कार्यालयको आवस्यकता अनुरुप उपयुक्त प्लेटफर्मको छनौट अपरिहार्य छ ।कुन प्लेटफर्मको उपयोग गर्ने हो सो प्लेटफर्मको चयन गर्न अनुसन्धान र विकासको प्रयोग गरी प्रणालीगत स्थायित्व प्राप्त गर्न सकिन्छ ।कुन प्लेटफर्ममा कुन खाले software र hardware ले प्रभावकारी कार्य गर्दछ त्यसको बैज्ञानिक विश्लेषण गरेर मात्र System Development गर्नुपर्दछ अनि मात्र त्यसले स्थायित्व प्राप्त गर्दछ ।

१.७.२ IT system Security Mechanism

Security Mechanism in Information Security

A process (or a device compilation such a process) that is designed to identify, avoid, or restore from a security attack. The mechanisms are divided into those that are performed in a definite protocol layer, including TCP or an application-layer protocol. These mechanisms are known as specific security mechanisms.[७]

These can be integrated into the relevant protocol layer in order to support some of the OSI security services. There are some approaches for realizing security are as follows −

---

७ https://www.tutorialspoint.com/what-are-the-specific-security-mechanism-in-information-security accessed on 12 December, 2022

- **Encipherment** − This is the procedure of using numerical algorithms to change data into a form that is not freely intelligible. The transformation and subsequent recovery of the information based on an algorithm and zero or higher encryption keys.
- **Digital Signature** − A digital signature is an analytical approach which validates the authenticity and integrity of a message, application or digital records. It allows us to test the author name, date and time of signatures, and verify the message text.

  The digital signature supports far more basic security and designed to solve the problem of tampering and impersonation (deliberately copy another person's features) in electronic connection.

  Data or cryptographic transformation of an information unit is additional to the data, therefore that the recipient of the information unit is converted of the source and integrity of the information unit and this can also serve to secure the data against forgery (such as by the recipient).
- **Access Control** − Access control is an information security process that enables organizations to manage who is authorized to access corporate data and resources.

  Secure access control need policies that check users are who they claim to be and support proper control access levels are allowed to users. There are several structure are available that accomplish access rights to resources.
- **Data Integrity** − Integrity can use to a flow of messages, an individual message, or selected areas inside a message. In data integrity, it is a connection-oriented integrity service, it can handle with a flow of messages, and assure that messages are received as sent with no duplication, insertion, modification, reordering, or replays.

  There are several structure that can be used to encourage the integrity of a data unit or flow of data units.
- **Authentication Exchange** − This is a structure intended to provide the integrity of an entity by means of information exchange.
- **Traffic Padding** − The insertion of bits into gaps in an information flow is known as traffic padding. This provide to counter traffic analysis attempts.
- **Routing Control** − Routing control allows selection of specific physically secure routes for specific data transmission and enables routing changes, particularly when a gap of security is suspected.
- **Notarization** − This is the usage of a trusted third party to assure specific properties of an information exchange

१.७.३ API भनेको के हो ?

API भनेको Application Programming Interface हो ,जसको सहायताले गर्दा कुनै दुई सफ्टवेयर आ-आफू बीच डाटा आदानप्रदान गर्न सक्छन । API कुनै नौलो कुरो होइन किनभने हामीले प्रयोग गरिरहेको Social Media Apps हरु ,Streaming services (Netflix), Mobile Application ,Payment Gateway (eSewa, Bank

transfer) सबै सफ्टवेयर एप्लिकेसनहरुमा API को प्रयोग भएको छ । API Technology प्रयोग गरी हाम्रा कार्यालयहरु बीच पनि चाहिएको डाटा मात्रै आदानप्रदान गर्न सक्छौं ।

API मा डाटा अनुकूल र सुरक्षित कसरी गर्न सकिन्छ ?

API Services बनाउन कुनै पनि Programming Platform मा निर्भर हुनुपर्दैन । जस्तै कुनै कार्यालयले Python Programming मा सफ्टवेयर बनाएको हुन सक्छ तर Data exchange (Data लिने / Data दिने) कार्यालयहरुमा Programming Language Platform (Code Igniter, Dot Net, Laravel, Core PHP) अरु कुनैमा निर्माण भइसकेको हुन सक्छ । यसरी चलिरहेको सफ्टवेयरमा वर्षौं पहिलेको डाटा रहेको र Platform परिवर्तन गर्न नसकिने अवस्थामा API service प्रयोग गर्न सकिन्छ ।

तसर्थ ,API Services जुन सुकै Programing Platform मा बनाउन मिल्छ र अन्यत्रबाट लिइएको API Services पनि Supported हुन्छ । API को सुरक्षाको कुरा गर्दा हामीले RESTful-API भन्ने बुझ्छौं । यस RESTful API प्रयोग गर्दा हामीलाई चाहिने Permission, Authorization र Authentication हरु जस्तै Security Terms (Edit/Delete/View)हरु कुन डाटालाई दिने ,कुनलाई नदिने भनेर सफ्टवेयरमा मिलाउन सकिन्छ। प्रहरी प्रधान कार्यालय, महान्यायाधिवक्ताको कार्यालय र सर्वोच्च अदालतबीच सफ्टवेयरमा API Integration बाट कसरी Data Exchange गर्न सकिन्छ भनी तलको चित्रमा देखाईएको छ ।



१.७.४ अनुसन्धान तथा विकास कार्य र सूचना प्रविधिको उच्चतम उपयोगबाट कसरी सरकारी वकीलको व्यवसायिकता विकास हन्छ ?

सरकारी वकीलका कार्यहरु कतिपय अनुसन्धानमा आधारित रहेका हुन्छन् । अनुसन्धानबाट प्राप्त भएको result लाई कार्य सम्पादनको सिलसिलामा प्रयोग गरेर संस्थागत विकास गर्न सहयोग मिल्दछ । सूचना प्रविधिको प्रयोग गरेर त्यस्ता विकासका कार्यलाई कार्यान्वयन गर्नाले सरकारी वकीलहरुको व्यवसायिकता अभिबृद्धि हुन्छ । crime Trend Analysis गर्न, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको तुलनात्मक अध्यायान गर्न, अभियोजनको तुलनात्मक अध्यायान गर्न, नजिर र सिद्दान्तहरुको खोजी गर्न, अन्तराष्ट्रिय कानूनहरुको अध्यायान गर्न साथै समयमै सरकारी वकीलले प्रदान गर्ने सेवा दिन सूचना प्रविधिको प्रयोग गरी आफ्नो पेशागत व्यवसायिकतालाई विकास गर्न सकिन्छ । Research work गरेर Findings को आधारमा विभिन्न software र Hardware हरुको प्रयोग गरी कार्य सम्पादन गरेको खण्डमा सरकारी वकीलहरुको व्यवसायिकता विकास हुनेकुरामा दुई मत छैन ।

१.७.५ अनुसन्धान र विकास कार्यबाट समस्याको पहिचान र निष्कर्षमा आधारित समाधानका उपायहरुको अबलम्बन

अनुसन्धान र विकासका कार्यहरु मार्फत समस्याको पहिचान गरी त्यस्ता समस्याको समाधान गर्न सकिने विभिन्न उपायहरुको समेत Research Work बाट प्राप्तहुने भएकोले Research Work को Findings लाई संस्थागत विकासको आधारको रुपमा लिनुपर्दछ । कुनै पनि संस्थामा आईपर्ने समस्यालाई र सेवा विस्तार गरी बढीभन्दा बढी सेवा प्रवाह गर्न र दिनानुदिन आईपर्ने समस्या र चुनौतिहरुलाई निराकरण गर्न अनुसन्धान र विकासबाट प्राप्त उपायहरुको अबलम्वन गर्नु उपयुक्त हुन्छ ।

१.७.६ सूचना प्रविधिको उपयोग: समय र लागत प्रभावी न्यायाधिवक्ता सेवाहरु (Time and cost effective Attorney Services)

सूचना प्रविधियुक्त विद्युतीय मुनाफा) डिजिटल डिभिडेन्ड्स (को मुख्य प्रयोग भनेको यसले सूचना लागत घटाउने, व्यक्ति, फर्म र सार्वजनिक क्षेत्रको आर्थिक र सामाजिक कारोवार लागत घटाउने र नव निर्माणलाई प्रोत्साहित गर्ने हो । यसले कार्य क्षमतामा अभूतपूर्व प्रगति ल्याउनुको अलावा विगतको तुलनामा सस्तो रुपमा सेवा, छिट्टो सेवा र भरपर्दो सेवा उपलब्ध गराउने पनि हो । यद्यपि हाम्रो जस्तो विकासोन्मुख मुलुकमा सूचना प्रविधिलाई उपयुक्त ढङ्गले प्रयोग गर्न नसक्दा डिजिटल प्लेटफार्म हानीकारिक पनि ठहरिएको विश्व बैंकको निष्कर्ष छ ।[८]

सूचना प्रविधिको प्रयोग गरी smart सरकारी वकीलको विकास भई सेवा प्रवाह छिटो छरितो र कम लागतमा हुन सक्दछ । यसको लागि सबै सरकारी वकीलहरुले आफूलाई प्रविधि मैत्री बनाई अगाडी बढ्नु आजको आवश्यकता हो । सूचना तथा सञ्चार प्रविधिमा अभुतपूर्व प्रगति गरेका विकसित राष्ट्रका सरकारी वकीलसँग समकक्षी क्षमता देखाउन समेत प्रविधि मैत्री सरकारी वकील आजको आवश्यकता हो । सरकारी वकीलको काम सूचना प्रविधिमा जोड्न साथ सेवा प्रवाह पनि सरल, सहज, कम लागत र समयमा सम्पन्न गर्न सकिन्छ ।

८ https://oagnep.gov.np/wp-content/uploads/2018/04/IT-Audit.pdf accessed on December 16 2022

तृतीय खण्डः समसामयिक लेखहरू

अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन(IAP) को भूमिका र वार्षिक सम्मेलन तथा साधारण सभाका उपलब्धिहरु

कृष्णजीवी घिमिरे[१]
ईश्वरीप्रसाद ढकाल[२]

१. पृष्ठभूमि

फौजदारी न्याय प्रशासनमा अभियोजनकर्ताहरुको प्रमूख भूमिका रहेको हुन्छ । मानव अधिकार प्रतिको सम्मान र कानूनी शासनको सुदृढीकरणको लागि शक्तिशाली अनुसन्धान तथा अभियोजन प्रणाली हुन जरुरी छ । जबसम्म आपराधिक कृयाकलापको अनुसन्धान र अभियोजन स्वतन्त्र र निष्पक्ष बन्दैन तबसम्म समग्र न्याय प्रणालीको स्वतन्त्रता र निष्पक्षता माथि प्रश्न चिन्ह रही रहन्छ । त्यसैले अभियोजन गर्ने निकाय र त्यस अर्न्तगतका प्रत्येक अभियोजनकर्तालाई आफ्नो व्यावसायिक दायित्व, स्वतन्त्र, निष्पक्ष र वस्तुपरक ढंगले पूरा गर्न सक्ने गरी अधिकार दिनुपर्ने अन्तर्राष्ट्रिय मान्यता रही आएको छ । अभियोजनकर्ताहरुले आफ्नो पेशागत मर्यादा कायम राखी राख्नुपर्ने, कुनै डर, त्रास, बाधा, व्यवधान हैरानी, अनुचित हस्तक्षेप र अन्य कुनै दण्डको त्रास बिना नै आफ्नो व्यावसायिक जिम्मेवारी पूरा गर्नुपर्ने तथा सदासर्वदा पेशागत मान्य स्तर र आचरण अनुकूल कार्य गर्नु पर्ने हुन्छ । यसको लागि अभियोजनकर्ताहरुलाई आफ्नो हितको प्रतिनिधित्व गर्न, पेशागत तालिम प्रवर्द्धन र हैसियतको संरक्षण गर्न, पेशागत संघ संस्था स्थापना गर्न र उक्त संघ संस्थामा आबद्द हुन छुट दिनुपर्ने मूल्य मान्यता रहेको छ । पछिल्लो समयमा पेशागत संस्था मार्फत पनि अभियोजकर्ता सरकारी वकीलहरुलाई थप प्रतिस्प्रधि क्षमतावान, गुणसम्पन्न, जिम्मेवार, विश्वसनीय र योग्य बनाउन सहयोग पुग्ने मान्यता रहेको छ । यसै सन्दर्भमा अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (International Association of Prosecutors, IAP) मा अभियोजनकर्ताहरुको पेशागत आबद्धता र फौजदारी न्याय प्रशासनको सुदृढीकरणमा यस संस्थाको भूमिका माथि प्रकाश पार्दै संगठनको २७ औं वार्षिक सम्मेलन तथा साधारण सभाका उपलब्धिहरु बारेमा प्रस्तुत लेख केन्द्रित रहेको छ ।

२. अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (International Association of Prosecutors, IAP) को परिचय :-

अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (IAP) गैरसरकारी, गैरराजनीतिक रुपमा स्थापित विश्वव्यापी प्रकृतिको संगठन हो । यस संगठनको स्थापना ६ जुन १९९५ मा भई औपचारिक रुपमा पहिलो साधारण सभाको उद्घाटन १९९६ सेप्टेम्बर मा बुढापेस्टमा भएको हो । स्थापनाकालमा द्रुत रुपमा बढ्दो अन्तर्देशीय अपराध खासगरी लागू औषध, सम्पत्ति शुद्धीकरण र ठगी जस्ता अपराधहरुलाई न्यूनीकरण गर्ने तर्फ लक्षित रहेको थियो । अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान गर्ने सन्दर्भमा, मूलतः पारस्परिक कानूनी सहायता, सुपुर्दगी तथा गैरकानूनी सम्पत्ति असुलीको विषयमा अभियोजनकर्ताहरु बीचको सांगठनिक सम्बन्धले सकारात्मक भूमिका निर्वाह गर्ने कुराको आवश्यकता महसुस भएको देखिन्छ ।

---

१ नायब महान्यायाधिवक्ता ।

२ सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, पोखरा ।

स्थापनाकाल देखि नै यस संगठनले विश्वव्यापी रुपमा अभियोजनकर्ताहरु बीचको अन्तर्राष्ट्रिय सम्बन्धलाई सुधार र सबलीकरण गर्नको लागि महत्वपूर्ण र सूचनाहरुको आदानप्रदान र क्षमता अभिवृद्धिका कार्यक्रमहरु मार्फत अन्तर्राष्ट्रिय सहयोग गर्दै आइरहेको छ । यस समयावधिमा अभियोजनकर्ताहरुको व्यवसायिक आचारसंहिता, नैतिक मूल्य मान्यताहरुको मापदण्ड निर्धारण सहित विश्वव्यापी रुपमा कानूनको शासन, न्याय, निष्पक्षता र मानव अधिकारको स्थापनाको लागि यस संगठनले जोड दिँदै आएको देखिन्छ ।

आफ्नो लक्ष्य प्रति उन्मुख रही IAP ले आफ्ना स्रोत र साधनहरुलाई तीन प्रकारका कार्यक्रमहरु मार्फत अगाडि बढाएको छ ।

पहिलोः-IAP ले सक्रिय रुपमा अभियोजनकर्ताहरुको कार्यगत स्वतन्त्रता र कानूनी जवाफदेहिताको विषयमा बहस चलाउँदै आएको छ । अभियोजनकर्ताहरुको सुरक्षाको विषयमा व्यावहारिक रणनीतिको विकास गर्दै सो सम्बन्धी अनुगमन र सो सम्बन्धमा आवश्यक प्रतिक्रिया दिने साथै अभियोजनकर्ताहरु उपर परेका अप्ठ्याराहरुलाई समाधान गर्नको लागि विश्वव्यापी कार्यक्रमहरु संचालन गर्दछ ।

दोस्रोः- विश्वव्यापी रुपमा अभियोजनकर्ताहरु बीच रहेका अनुभवहरुको साटासाट, समस्याहरुको समाधान र विश्वसनिय व्यवसायिक वातावरण निर्माण गर्नको लागि IAP ले अभियोजन गर्ने निकायहरुलाई सहयोग र समर्थन गर्दछ । IAP ले यसको वार्षिक सम्मेलन र क्षेत्रीय बैठक, तालीम कार्यक्रम र कार्यशालाहरुको माध्यमबाट अभियोजनकर्ताहरु र अभियोजन गर्ने निकायका प्रमुखहरुलाई एकै ठाँउमा ल्याउने कार्य गर्दछ । अनलाइन नेटवर्क मार्फत अभियोजन समन्वयकर्ता र अभियोजनकर्ताहरुको डिजिटल डाटावेस उपलब्ध गराई विस्तारित अपराधका क्षेत्रहरुको पहिचान गर्दछ । IAP सदस्यताको search tool (खोज उपकरण) को माध्यमबाट अभियोजनकर्ताहरु आपसमा जोडिने र खोजी गर्ने गरी एकीकृत रुपमा अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय सहयोग मंचको निर्माण गर्ने कार्यलाई प्राथमिकतामा राखिएको छ ।

तेस्रो :- विभिन्न प्रकृतिका आपराधिक कृयाकलापहरुको सन्दर्भमा गरिने अभियोजन मार्गनिर्देशन सहित व्यावसायिक अभियोजन मापदण्ड निर्धारण, उत्कृष्ट अभ्यासहरुको पहिचान सहित विश्वका अग्रिणी अवधारणाहरु पत्ता लगाउने कार्य गर्दछ । अन्तर्राष्ट्रिय फौजदारी न्याय सम्बन्धी विशेषज्ञ तालिमको प्रबन्ध गर्दछ । पछिल्लो समयमा IAP ले पारस्परिक कानूनी सहायता, आतंकबाद प्रतिरोधि अनुसन्धान र अभियोजन, साइवर अपराध, वित्तिय अपराध, मानव बेचविखन तथा ओसार पसार तथा यौन हिंसाका विषयहरुमा केन्द्रित रही कार्य गर्दै आइरहेको छ ।[३]

३. अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (IAP) को संरचना[४]

यस संगठनको संरचनामा साधारण सभा, कार्यकारी समिती र सचिवालय रहेका छन । संगठनको साधारण सभा रहेक वर्ष गरिन्छ जसमा संगठनका सदस्यहरुले कार्यकारी समितिका प्रतिनिधिहरुको चयन गर्दछन । सदस्यहरुले अतिरिक्त संस्थागत विषयहरुमा समेत मत दिने तथा निर्णय दिने कार्य गर्दछन् । कार्यकारी समिति संगठनको शासकीय निकायको रुपमा रहन्छ । जसमा एकजना अध्यक्ष, ९ जनासम्म उपाध्यक्षहरु र बढीमा २१ जना साधारण सदस्यहरु रहन्छन । उक्त कार्यकारी समितिले IAP का कर्मचारीहरु तथा महासचिवको नियुक्ति गर्दछ ।

IAP को सचिवालयले दैनिक प्रशासनिक र व्यवसायिक कार्यहरु गर्दछ । सचिवालयको नेतृत्व महासचिवबाट हुन्छ । निजले प्रमुख कार्यकारी पदमा रहि सचिवालयको व्यवस्थापकिय जिम्मेवारी सम्हालेका हुन्छन, जस अन्तर्गत आर्थिक, प्राविधिक, संचार, सदस्यता सम्बन्धी व्यवस्थापन तथा सामुदायिक पहुँच सम्बन्धी कार्यक्रमहरु पर्दछन् । यसको सचिवालय नेदरलैण्डको राजधानी हेगमा रहेको छ ।

IAP को विधान मुताविक प्रत्येक वर्ष वार्षिक सम्मेलन तथा साधारण सभा गर्ने व्यवस्था रहेको देखिन्छ । यस वार्षिक सम्मेलनले विश्वभरीका अभियोजनकर्ताहरुलाई एकै ठाउँमा उपस्थित गराई अपराध अनुसन्धान, अभियोजन

---

३ IAP TBILISI 2022, 27th Annual Conference and General Meeting, Publication of the Prosecution Service of Georgia

४ IAP Annual Report 2021 p. 28

र कानून प्रणालीको विषयमा छलफल गर्ने मौका प्रदान गर्दछ । हाल सम्म IAP का २७ वटा वार्षिक सम्मलेन तथा साधारण सभा भई सकेका छन् । [५]

४. फौजदारी न्यायप्रशासनको विकासमा IAP को भूमिका :-

अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (IAP) मूलत : अभियोजनकर्ताहरुको व्यावसायिक आचार संहिता र नैतिक मूल्य कायम गर्न तथा विश्वव्यापी रुपमा फौजदारी न्याय प्रणालीको सुधार गर्नको लागि स्थापना भएको हो । विश्वव्यापी रुपमा कानूनको शासन, न्यायको स्वच्छता र निष्पक्षता तथा मानव अधिकारको सम्मान गर्दै अपराध नियन्त्रणको लागि अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान गर्ने कुरामा यो संगठन प्रतिबद्ध देखिन्छ । अभियोजनकर्ताहरुको एक मात्र विश्वव्यापी संस्थाको रुपमा ख्याति आर्जन गरेको यस संस्थामा विश्वका प्रत्येक क्षेत्रबाट प्रतिनिधित्व रहने गरी १५० वटा संस्थागत सदस्यहरु र १७०० भन्दा बढी वैयक्तिक सदस्यहरु रहेका छन । संयुक्त राष्ट्र संघ आर्थिक तथा सामाजिक परिषद्को विशेष परामर्श प्राप्त संस्था (Special consultative status) को रुपमा स्थापित भएको यो संस्थाले अन्य क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरु संग पनि सहकार्य गर्दै फौजदारी न्याय प्रशासनको विकास र अभियोजनका मूल्य मान्यतामा टेवा पुऱ्याउने कार्य गरेको छ ।[६]

अभियोजनकर्ताहरु न्याय प्रशासनका अत्यावश्यकीय एजेण्टहरु हुन् । जसले मानव मर्यादा र मानव अधिकारको रक्षाको लागि कानूनको उचित प्रकृया (Due Process) सहित फौजदारी न्याय प्रणालीको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । अभियोजनकर्ताहरुले दण्डहीनताको संस्कृति विरुद्ध समाजको रक्षा गर्ने र न्यायपालिकाको पहरेदार (Gatekeeper of the judiciary) को रुपमा आफ्नो जिम्मेवारी पूरा गरेका हुन्छन् ।[७] अपराध अनुसन्धान, अभियोजन र न्यायिक प्रकृयामा अभियोजनकर्ता सरकारी वकीलको सक्रिय सहभागीताबाट मात्र नागरिक स्वतन्त्रताको संरक्षण र पीडितको न्यायमा पहुँच सहित फौजदारी न्याय प्रशासनको लक्ष्य हासिल हुन सक्छ ।

यसै सन्दर्भमा स्वतन्त्र र सक्षम अभियोजन गर्ने निकायको स्थापना गर्नको लागि अन्तर्राष्ट्रिय रुपमा मान्य मापदण्ड र सिद्दान्तको विकास गरी सो को प्रर्वद्धन गर्ने मूल उद्देश्य सहित IAP को स्थापना भएको देखिन्छ । सो प्रयोजनको लागि IAP ले व्यावसायिक जवाफदेहिताको मापदण्ड र अभियोजनकर्ताहरुको अधिकार र कर्तव्य सम्बन्धी नियमहरु सहितको IAP मापदण्ड (Standard) तयार गरेको छ । उक्त मापदण्डले अभियोजन सम्बन्धी अन्तर्राष्ट्रिय सहयोग आदानप्रदान र अभियोजन कार्यको स्वतन्त्रता माथि जोड दिँदै फौजदारी न्याय प्रशासनमा अभियोजनकर्ताहरुको भूमिकालाई स्पष्ट पारेको छ । फलस्वरुप सन् २००८ मै अपराध नियन्त्रण र फौजदारी न्याय सम्बन्धी आयोगको संकल्प प्रस्ताव १७/२ मार्फत[८] अन्तर्राष्ट्रिय स्तरको अभियोजन मापदण्ड (IAP standard) लाई संयुक्त राष्ट्र संघबाट मान्यता प्रदान गर्दै अभियोजनकर्ताहरुको भूमिका सम्बन्धी दिशानिर्देशहरुलाई अनिवार्य शर्तको रुपमा स्वीकार गरी सदस्य राष्ट्रहरु मार्फत IAP Standard लाई विभिन्न मुलुकमा लागू गर्नको लागि प्रोत्साहन गरियो ।

IAP ले अन्तर्राष्ट्रियस्तरको अभियोजन मापदण्ड र मार्ग निर्देशनको माध्यमबाट मूलतः अभियोजन प्रणालीको विकास र समग्र फौजदारी न्याय प्रशासनको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ । नागरिक स्वतन्त्रता र समानता, मौलिक अधिकार, मानव अधिकार र कानूनको शासन, निष्पक्ष र स्वतन्त्र न्यायपालिका सहितको कानूनी राज्यको अवधारणालाई IAP ले आत्मसात गरेको छ । न्याय सम्पादन, मानव अधिकारको संरक्षण र दण्डहिनता

---

५ महान्यायाधिवक्ताको कार्यालय काठमाण्डौमा पेश गरिएको अभियोजनकर्ताहरुको अन्तराष्ट्रिय संगठन (International Association of Prosecutors, IAP) को २७ औं वार्षिक सम्मेलन तथा साधारण सभाको प्रतिवेदन,२०२२ ।

६ The International Association of Prosecutors (IAP), Commonwealth law Bulletin, vol. 38 No 2 (June 2012) p. 347-350

७ Report of the special Rapporteur on the Independence of judges and lawyers (A/HRC/20/19) para.93

८ UN Commission on Crime Prevention and Criminal Justice Resolution 17/2

निवारणमा अभियोजनकर्ताहरुको प्रमुख भूमिका रहन्छ नै साथै लोकतान्त्रिक समाजको सम्वर्द्धन र कानूनी शासनको कार्यान्वयमा समेत अभियोजनकर्ताहरुको अपरिहार्यता रहन्छ । अभियोजनकर्ताहरुले आफ्नो पेशागत जिम्मेवारी स्वतन्त्र र निष्पक्ष रुपमा बहन र सम्पादन गर्न सक्ने वातावरण राज्यले सुनिश्चित गर्न सक्नु पर्छ । सोको लागि समग्र फौजदारी न्याय प्रणालीका पहरेदार अभियोजनकर्ताहरुको भूमिका सम्बन्धी IAP standard ले फौजदारी न्याय प्रशासन को विश्वव्यापी विकासमा सकारात्मक भूमिका निर्वाह गरेको देखिन्छ ।

गंभीर प्रकृतिका संगठित अपराधहरु, सम्पत्ति शुद्धीकरण, ठगी, भ्रष्टाचार, विद्युतिय अपराध, मानव बेचबिखन, लागू औषधको कारोवार, बाल यौन दुरुपयोग जस्ता अन्तरदेशीय प्रकृतिका अपराधमा रहेका चुनौतीहरुको सामना गर्दै उल्लेखित अपराधहरुको नियन्त्रण गर्नको लागि अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता रहेकोले IAP ले यसमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।[९] अपराध नियन्त्रणको विषय कुनै एक राष्ट्रको मात्रै चासोको विषय होइन । अपराध गर्नेले फरक फरक मुलुकको फरक कानून प्रणालीको र सिमाक्षेत्रमा हुने फरक नियन्त्रण सम्बन्धी व्यवस्थाको फाइदा लिई अपराध गरी रहेका हुन्छन् । तसर्थ अपराध गर्नेलाई न्यायको दायरमा ल्याउनको लागी अपराध अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच अन्तर्राष्ट्रिय सहयोग आदान प्रदान गर्नु जरुरी देखिन्छ ।[१०] यसै सन्दर्भमा देहायका उद्देश्यहरु सहित स्थापना भएको IAP ले फौजदारी न्याय प्रशासनलाई विश्वव्यापी रुपमा विकसित तुल्याउन महत्वपूर्ण भूमिका निर्वाह गरेको छ ।

IAP का उद्देश्यहरु देहाय बमोजिम रहेका छनः-

१. फौजदारी कसूरको अभियोजनमा स्वच्छता, प्रभावकारीता, निष्पक्षता, र कार्य कुशलताको अभिवृद्धि गर्ने ।
२. मानव अधिकारको विश्वव्यापी घोषणापत्रमा उल्लेखित मानव अधिकारका सिद्दान्तहरुको सम्मान र संरक्षण गर्ने ।
३. फौजदारी न्याय प्रशासनका उच्चस्तरीय सिद्दान्तहरुको प्रवर्द्धन गर्दै कानूनको शासन र न्याय स्थापनामा जोड दिने ।
४. अभियोजनकर्तालाई आफ्नो व्यावसायिक दायित्व स्वतन्त्र, निष्पक्ष र वस्तुपरक ढंगले पूरा गर्न सक्ने अधिकार दिनुपर्छ भन्ने अन्तर्राष्ट्रिय सिद्दान्त र मान्यताहरुको प्रवर्द्धन गर्ने ।
५. संगठित अपराध र अन्य गंभीर प्रकृतिका अपराधको विरुद्धमा अन्तर्राष्ट्रिय रुपमा अभियोजनकर्ताहरुलाई आवश्यक सहयोग उपलब्ध गराउने ।
६. सार्वजनिक निकायमा हुने भ्रष्टाचारलाई उन्मूलन गर्ने उपायहरुको प्रवर्द्धन गर्ने ।
७. फौजदारी न्याय प्राप्तीमा अभियोजनकर्ताको महत्वपूर्ण भूमिका हुने विषयलाई जोड दिँदै अभियोजनकर्ताको व्यवसायिक हितको प्रवर्द्धन गर्ने ।
८. अभियोजनकर्ता र अभियोजन गर्ने निकायहरु बीच सुमधुर सम्बन्ध स्थापित गर्ने, सूचना, विशेषज्ञता र अनुभवको आदानप्रदान र प्रसारमा सहजिकरण गर्ने र सो को लागि सूचना प्रविधिको प्रयोगमा प्रोत्साहन गर्ने ।
९. तुलनात्मक फौजदारी कानून र कार्यविधिको परीक्षा संचालन गरी अभियोजनकर्ताहरुलाई न्याय प्रणाली सुधार परियोजनामा आबद्ध गराउने ।
१०. उल्लेखित उद्देश्यहरु प्राप्तिको लागि अन्तर्राष्ट्रिय रुपमा स्थापित न्यायिक निकायहरुसंगको सहयोग र सहकार्यलाई अगाडि बढाउने ।

---

९ Tackling Global Crime Together-Speech by Max Hill QC, DPP, to the International Association of Prosecutors, September 2019
१० http://www.penal.org>international association of prosecutors , accessed on13 December 2022

५. IAP को २७ औ वार्षिक सम्मेलन तथा साधारण सभाका उपलब्धिहरु :

IAP को २७ औ वार्षिक सम्मलेन तथा साधारण सभा जर्जियाको राजधानी तिवलिसी (Tbilisi) मा २०२२ को सेप्टेप्बर (२५-२९) मा सम्पन्न भएको थियो । उक्त सम्मेलनको आयोजना जर्जिया स्थित अभियोजन पक्षको कार्यालय (Prosecutor's office) ले गरेको थियो । उक्त सम्मेलनमा ६० देशका ३०० जना अभियोजनकर्ताहरु सहित संयुक्त राष्ट्रसंघका प्रतिनिधिहरु, युरोपियन युनियन, युरोपियन परिषद, संयुक्त राज्य न्याय विभाग र सम्बन्धित एकाईका फौजदारी न्याय सम्बन्धी विज्ञ तथा उच्चस्तरीय विज्ञ समूहको उपस्थिति रहेको थियो । उक्त सम्मेलनमा पाकिस्तान, सिंगापूर लगायतका केही मुलुकहरुबाट १० जना भन्दा बढी प्रतिनिधिहरुले भाग लिएका थिए । पाँच दिनसम्म चलेको उक्त सम्मलेनको मुख्य विषयवस्तुः "फौजदारी न्यायप्रणालीको पुनर्संरचना" (conference theme : Global phenomena: Reshaping the criminal justice system) भन्ने रहेको थियो । कार्यक्रमको दौरान विभिन्न कार्यपत्रहरुको प्रस्तुतीकरण भई सो माथि विहंगम् छलफल समेत भएको र अनौपचारिक कार्यक्रमहरुमा समेत विभिन्न देशका प्रतिनिधीहरु बीच आ-आफ्नो देशको कानून प्रणाली, अभियोजन सम्बन्धी व्यवस्थाको बारेमा आ-आफ्ना भनाईहरु आदानप्रदान भएको थियो ।

पहिलो दिन २५ सेप्टेम्बर २०२२ मा सामाजिक कार्यक्रम अन्तर्गत स्वागतार्थ सबै देशका प्रतिनिधिहरुलाई जर्जियाको राजधानी तिवलिसी स्थित सेरेमोनियल प्यालेसमा लगिएको थियो । उक्त कार्यक्रममा उपस्थित प्रतिनिधीहरु बीचमा परिचय तथा आपसी सौहार्द्धता सहित अभियोजन सम्बन्धी विषयबारे अनौपचारिक छलफल समेत भयो । कार्यक्रममा औपचारिक वक्ताको रुपमा जर्जियाका महाअभियोजनकर्ता (Prosecutor General) Irakli: Shotadze ले आफ्नो धारणा राख्नु भएको थियो । वहाँले अभियोजनकर्ताको भूमिकाको बारेमा प्रकाश पार्दै आन्तरिक र बाह्य स्वतन्त्रता कायम गर्न बैकल्पिक संयन्त्र समेतको खोजी गरिनुपर्ने कुरामा जोड दिनु भएको थियो भने उक्त कार्यक्रममा IAP का अध्यक्षले समेत सम्बोधन गर्नु भएको थियो ।

दोस्रो दिन (२६ सेप्टेम्बर २०२२)मा विभिन्न कार्यपत्र, प्रस्तुतीकरण र छलफल भयो । उक्त कार्यक्रममा उपसहायक महान्यायाधिवक्ता तथा अमेरिकी न्याय विभाग अर्न्तगत अन्तर्राष्ट्रीय मामिला सल्लाहकार Bruce Swartz ले कि नोट भाषण (Key note speech) दिनु भएको थियो । तत्पश्चात उदघाटन समारोह सुरु भयो । उदघाटन समारोहमा जर्जियाका प्रधानमन्त्री Irakli Gharibashvili, जर्जियाका महाअभियोजनकर्ता Iraklishotadze तथा IAP का अध्यक्ष Cheol-Kyu Hwang ले आफ्नो वक्तव्य प्रस्तुत गर्नु भयो । IAP सम्मेलनले प्रतिनिधि मुलुकहरुबाट उपस्थित अभियोजनकर्ताहरु बीच मित्रता र विश्वास कायम हुने साथै व्यावसायिकता र आपसी सम्बन्धको विकासमा टेवा पुग्ने भनी वक्ताहरुले आफ्नो धारणा राख्नु भएको थियो ।

विशेष सत्रको रुपमा "Independence of prosecution service" को विषयमा, संयुक्त अधिराज्य स्थित इंग्लैण्ड र वेल्सको लागि अभियोजन सेवा (DPP) को सार्वजनिक अभियोजन निर्देशक (Director of Public Prosecutor) Max Hill ले प्रस्तुतीकरण गर्नु भएको थियो । अभियोजन गर्ने निकायको स्वतन्त्रता, निष्पक्षता कार्य कुशलताको सम्बन्धमा प्रकाश पार्दै न्याय प्रशासनको प्रमुख अंगको रुपमा यो निकाय रहने कुरामा जोड दिनु भयो । मानव अधिकार प्रतिको सम्मान र कानूनी शासनको सुदृढीकरणका लागि शक्तिशाली अनुसन्धान र अभियोजन प्रणाली हुनु जरुरी छ । जबसम्म आपराधिक क्रियाकलापको अनुसन्धान र अभियोजन स्वतन्त्र र निष्पक्ष बन्न सक्दैन, त्यस देशको न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षता अपाङ्ग बन्दछ । त्यसैले अभियोजन गर्ने निकाय र त्यस अर्न्तगतका प्रत्येक अभियोजनकर्ताहरुलाई आफ्नो व्यावसायिक दायित्व स्वतन्त्र, निष्पक्ष र वस्तुपरक ढंगले पूरा गर्न सक्ने गरी अधिकार दिइनु पर्दछ भन्ने अन्तर्राष्ट्रिय मान्यता प्रबल हुँदै गई रहेको भनी आफ्नो प्रस्तुतीकरणलाई समापन गर्नु भयो ।

त्यसैगरी पहिलो प्लेनरी सत्रको प्रस्तुतीकरणमा "कोभिड, संस्थागत चुनौतीहरु र प्रतिक्रिया" (COVID Institutional challenges and Response) भन्ने विषयमा युगाण्डाका सार्वजनिक अभियोजन निर्देशक Jane Frances Abodoले प्रस्तुतकरण गर्नु भयो । यस विषय अन्तर्गत दुई वटा छुट्टाछुट्टै थप विषयहरु : फौजदारी न्याय प्रशासनमा डिजिटल रुपान्तरण" (Digital transformation Across criminal Justice system) र "अपराधमा सार्वजनिक स्वास्थ्यप्रतिक्रियाहरु" (Public Health Responses to the crime) भन्ने विषयमा कार्यशाला सम्पन्न भएको थियो । कोभिड -१९ को महामारीको कारणले गर्दा अदालत र फौजदारी न्याय प्रशासनलाई डिजिटल रुपमा लग्ने बारे

गहन छलफल भयो । त्यसैगरी "अपराधमा सार्वजनिक स्वास्थ्य प्रतिक्रयाहरु" भन्ने विषय अन्तर्गत अन्तर्राष्ट्रिय मानव अधिकार कानून बमोजिम जनताको स्वास्थ्य आपतकालको संरक्षण गर्ने वैध उद्देश्य पछ्याउन, देशहरुले विशेष अधिकारहरु प्रतिबन्ध लगाउन सक्छन् तर त्यस्ता प्रतिबन्धहरुले (Siracausa Principles) सिराकुसा सिद्दान्तहरुमा उल्लेखित मापदण्डहरुको पालना गर्नुपर्ने भन्ने विषयमा छलफल भएको थियो ।

अन्तिममा विशेष हित समूह सत्र अन्तर्गत "अभियोजन अधिकारीहरु मार्फत प्रत्यक्ष रुपमा अन्तर्राष्ट्रिय सहयोग" (International co-operation directly through prosecution authorities) भन्ने विषय र "अनुसन्धानकर्ता र अभियोजनकर्ताहरु बीच क्षमता विकास कार्यक्रमको वितरण"(Distribution of competences between investigators and prosecutors) भन्ने विषयका सत्रहरु संचालित भए । हालैका वर्षहरुमा अभियोजन अधिकारीहरु बिच प्रत्यक्ष सहयोगलाई अनुमति दिने एउटा उदियमान प्रवृत्ति भएको सन्दर्भमा सत्रका सहभागीहरुले अभियोजन सेवाहरु बीचको प्रत्यक्ष न्यायिक सहयोगसँग सम्बन्धित चुनौतीहरु र अवसरहरु बारे छलफलमा सहभागी भए ।

तेस्रो दिन (२७ सेप्टेम्बर २०२२)मा कार्यपत्र, प्रस्तुतीकरण र छलफल पहिलो सत्रको रुपमा : "युद्ध अपराधको प्रभावकारी प्रतिक्रिया"(Effective responses to the war crime) भन्ने विषयमा आतंकवाद प्रतिरोध र युद्ध अपराध विशेषज्ञ राष्ट्रिय समन्वय महाअधिवक्ता नेदरलैण्ड (National Coordinating Advocate – General specialized in counter terrorism and war crimes, the Netherlands) को Simon Minks ले अनलाइन प्रस्तुतीकरण गर्नु भयो ।

त्यसैगरी दोस्रो प्लेनरी प्रस्तुतीकरण अन्तर्गत "साइबर अपराध टाइपोलोजीको विकास" (Evolution of Cyber Crime Typologies) भन्ने शीर्षकमा अमेरिकी न्याय विभाग अन्तर्गत साइबर अपराध विशेषज्ञ लियाजो अभियोजनकर्ता Timothy Rank ले प्रस्तुतीकरण गर्नु भएको थियो । वहाले Ransomware, phishing, हिंस्रक अतिवाद र डार्कनेटमा हुने अपराधहरु तथा स्थापित र उदियमान साइबर अपराधहरुको अभियोजनमा रहेका चुनौतिहरु बारे प्रकाश पार्नु भएको थियो । तत्पश्चात दोस्रो कार्यशाला सत्र अन्तर्गत Prosecuting Crimes on Darknet (डार्कनेटबाट हुने अपराधको अभियोजन) भन्ने विषयमा समेत निज Timothy Rank ले नै प्रस्तुतीकरण गर्नु भयो ।

डार्कनेटबाट अपराधिक क्रियाकलाप गर्नेको पत्ता लगाउने कार्य कठिन हुन्छ । यो वेव ब्राउजर जस्तो देखिन्छ तर वेबसाइटमा गई हेर्दा वेबसाइट डार्कनेटबाट चली रहेको हुन्छ । डार्कनेट पछाडिको प्रविधि एकल कार्यक्रम वा स्थान होइन । धेरै अपराधहरु जस्तै लागू औषध, क्रेडिट कार्ड जालसाजी, खोटा चलन, डाटा लिक, नक्कली राहदानी, मालवेयर फोरम, वाल पोर्नीग्राफी लगायत धेरै अपराधहरु डार्कनेटबाट गरिन्छ । साइबर जोखिम विश्लेषण गर्ने र साइबर आक्रमण रोक्नको लागि, Cyber threat Intelligence (साइबर खतरा खुफिया) मार्फत समाधान गर्न सकिन्छ । डार्कनेट विश्लेषणको लागि फरेन्सिक विज्ञान महत्वपूर्ण साधन हुन सक्ने विषयमा प्रस्तुतीकरण र छलफल भयो ।

चौथो दिन (२८ सेप्टेम्बर २०२२) मा कार्यपत्र, प्रस्तुतीकरण र छलफलमा पहिलो सत्रको तेस्रो प्लेनरी सत्र प्रस्तुतीकरण अन्तर्गत "अन्तरदेशीय विद्युतीय प्रमाणका चुनौतिहरु (Challenges of E-Evidence Across Borders) भन्ने विषयमा युरोपेली परिषद्, साइवर अपराध कमिटिका उपाध्यक्ष Pedro Verdelho समेतले प्रस्तुतीकरण गर्नु भएको थियो ।

तत्पश्चात पत्रकारहरु विरुद्द हुने अपराधको अनुसन्धान र अभियोजन र वाक स्वतन्त्रता" (Investigation and Prosecution of crimes against Media Representatives and Freedom of Expression) भन्ने विषयमा सूचना तथा संचार शाखा युनेस्कोका वरिष्ठ कार्यक्रमविद् Kristjan Burgess समेतले प्रस्तुतीकरण गर्नु भयो ।

त्यसैगरी तेस्रो कार्यशाला प्रस्तुतीकरणमा सिमा बाहिरबाट डिजिटल प्रमाण प्राप्तिका चुनौतीहरु (Challenges obtaining Digital Evidences from Abroad) भन्ने विषयमा बेल्जियमका संघिय अभियोजनकर्ता (Federal Prosecutor) समेतले प्रस्तुतीकरण गर्नु भयो । त्यसैगरी वाक स्वतन्त्रता र पत्रकारिता (Freedom of expression and social Media) को विषयमा ब्राजिल स्थित Maranhao राज्यका सार्वजनिक मन्त्रालय अन्तर्गतका फौजदारी अभियोजनकर्ता Gerhard Jarosch समेतले प्रस्तुतीकरण गर्नु भएको थियो । प्रस्तुतीकरणको क्रममा अभियोजनकर्ताहरुको फरेन्सिक जाँच सम्बन्धी क्षमता विकास कानूनी र संगठनात्मक सुधारका क्षेत्रहरु डिजिटल प्रमाणहरुको संरक्षण र रिकभरीमा निजी क्षेत्रको भूमिका डिजिटल प्रमाणको लागि सिमा बाहिरको पहुँच तथा

पारस्परिक कानूनी सहायताको सन्दर्भमा वाक स्वतन्त्रता र निषेधित अभिव्यक्ति बीचका कानूनी सिमाहरु बारे प्रस्तुतीकरण भएको थियो ।

पाँचौ दिन (२९ सेप्टेम्बर २०२२)मा कार्यपत्र, प्रस्तुतीकरण र छलफलको पहिलो सत्रमा चौथो प्लेनरी सत्रको प्रस्तुतीकरण अन्तर्गत : "भर्चुअल सम्पत्तिको आधारमा सम्पत्ति शुद्धीकरण" (Money Laundering though Virtual Assets) भन्ने विषयमा संयुक्त अधिराज्यका पूर्व माइक्रोसफ्ट रणनितिका प्रमुख तथा साइवर कर्वका प्रबन्ध साझेदार र क्यानडास्थित युरोपेली परिषद्को प्राविधिक सल्लाहकार Bob Seeman समेतले प्रस्तुतीकरण गर्नु भएको थियो । सो पश्चात् चौथो कार्यशाला सत्र अन्तर्गत "व्यवहारमा समानान्तर वित्तीय अनुसन्धानको महत्व" (Importance of parallel Financial Investigations in Practice) भन्ने विषयमा एगमाउण्ट समूहका अध्यक्ष (Chair of Egmount Group) XolisileKhanyile ले प्रस्तुतीकरण गर्नु भयो । त्यसैगरी "भर्चुअल सम्पत्तिको ट्रेस, कब्जा र फ्रिज" (Tracing, seizing and freezing virtual assets) भन्ने विषयमा अमेरिकि न्याय विभागका राष्ट्रिय क्रिप्टो मुद्रा प्रवर्तन टोली निर्देशक Eun Young choi समेतले प्रस्तुतीकरण गर्नु भएको थियो ।

त्यसैगरी IAP विशेषज्ञ नेटवर्क सत्रको रुपमा "IAP को भ्रष्टाचार र वित्तीय अपराध विरुद्वको संजाल" (IAP's Anti-corruption and financial crime Network) भन्ने विषयमा अजरवैजान स्थित महाअभियोजनकर्ताको कार्यालयका विभागीय उपप्रमुख Isfandiyar Hajiyev ले सहजिकरण गर्नु भएको थियो । त्यसैगरी "IAP को मानव ओसार - पसार संजाल" (IAP's Traffcking in Persons Network) भन्ने विषयमा Gina Cabrejo, Acting Director, NAGTRI, center for International Partnership and Strategic Collaboration USA ले सहजिकरण गर्नु भएको थियो । त्यसै री "IAP को विद्युतीय अपराध संजाल" (IAP's E-crime Network) को विषयमा IAP का वरिष्ठ कानूनी सल्लाहकार तथा वरिष्ठ अभियोजनकर्ता -Edith van den Broeckले सहजीकरण गर्नु भएको थियो ।

यसरी कार्यपत्रहरुको प्रस्तुतीकरण र छलफल सम्बन्धी कार्यशालालको पाँचौ दिन अन्तिममा सम्मेलनको समापन सत्र सम्पन्न भएको थियो । समापन सत्रको सहजिकरण IAP को महासचिव Han Moraal ले गर्नु भयो । तत् पश्चात् आगामी २८ औं वार्षिक सम्मेलन तथा साधारण सभा बेलायतको राजधानी लण्डनमा २४ देखि २७ सेप्टेम्बरसम्म गर्ने गरी कार्यक्रमको समापन भएको थियो ।

६. IAP मा नेपालको उपस्थिति

सन् २०१९ मा मात्र महान्यायाधिवक्तको कार्यालय यस संगठनको सदस्य भएको हो । हालसम्म IAP का दुई वटा वार्षिक सम्मेलन तथा साधारण सभामा नेपालले भाग लिएको छ । पछिल्लो पटक नेपालको तर्फबाट नायब महान्यायाधिवक्ता १ जना र सहन्यायाधिवक्ता १ जना गरी २ जनाको उपस्थिति रहेको थियो । IAP विशुद्ध रुपमा अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन भएकोले यस संगठनबाट हुने समग्र क्रियाकलापहरुबाट महान्यायाधिवक्ताको कार्यालयले लाभ प्राप्त गर्न सक्ने अवस्था रहेको छ । अपराध अनुसन्धान र अभियोजनको क्षेत्रमा विकसित नवीनतम् मूल्य मान्यताहरुको साथै अपराधको परिवर्तित शैली र तरिकाको बारेमा विश्वव्यापी रुपमा गहन अध्ययन र छलफल गरी निष्कर्षमा पुग्नका लागि यस संगठनका क्रियाकलापहरुमा आबद्धता हुन जरुरी छ । सरकारी वकीलको सेवालाई व्यावसायिक, मर्यादित र विश्वासिलो बनाउने कार्यमा IAP standard ले महत्वपूर्ण भूमिका खेल्न सक्छ । अभियोजनकर्ताको पेशागत प्रतिष्ठा र मर्यादा कायम गर्ने, अभियोजनकर्तालाई कुनै डर, त्रास, हैरानी र अनुचित हस्तक्षेप विना नै व्यावसायिक कार्य गर्नमा योग्य हुने कुराको सुनिश्चितता आवश्यक हुन्छ । सोको लागि अभियोजकर्ता सरकारी वकीलले आफ्नो हितको प्रतिनिधित्व, पेशागत तालिम प्रवर्द्धन र हैसियतको संरक्षण गर्नको लागि खासगरी कानून, न्याय प्रशासन, मानव अधिकारको संरक्षण तथा अपराध अनुसन्धान तथा अभियोजनको क्षेत्रसँग सम्बन्धित पेशागत संस्थामा आबद्ध रहनुपर्ने हुन्छ ।

यसै सन्दर्भमा हेर्दा नेपालमा सपुर्दगी र पारस्परिक कानूनी सहायता सम्बन्धी कानूनलाई प्रभावकारी कार्यान्वयन गर्नको लागि सम्बन्धित मुलुकहरुसँग सन्धि/संझौता गर्ने सम्बन्धमा प्रयास कार्यहरु बाँकी नै रहेका छन् । IAP मूलत : अभियोजनकर्ताहरुको क्षमता विकास, व्यावसायिकताको प्रवर्द्धन, सूचनाहरुको आदानप्रदान गर्ने र फौजदारी न्याय प्रणालीकै विकासमा जोड दिने महत्वपूर्ण संगठन भएकोले यस संगठन मार्फत नेपालले पारस्परिक कानूनी सहायता, सपुर्दगी र गैरकानूनी सम्पत्ति असुली सम्बन्धी अनुसन्धान र अभियोजनमा रहेका चुनौतीहरुमा लाभ प्राप्त

गर्न सक्ने देखिन्छ । सो बाहेक गंभीर र विश्वव्यापी प्रकृतिका अन्तर्राष्ट्रिय अपराधको अनुसन्धान र अभियोजनमा रहेका चुनौतीहरुको सामना गर्दै अपराध गर्नेलाई कानूनको दायरामा ल्याउन नेपालले IAP मार्फत लाभ प्राप्त गर्न सक्ने अवस्था रहेको छ ।

७. निष्कर्ष :

मानव अधिकार, न्याय र दण्डहीनता विहिन समाज स्थापना गर्नका लागि अभियोजनकर्ताहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । लोकतान्त्रिक समाजको सम्वर्द्धन र कानूनी शासनको स्थापनाको लागि अभियोजनकर्ताहरुले स्वतन्त्र र निष्पक्ष रुपमा कसैको अनुचित प्रभाव विना जिम्मेवारी बहन गर्न र कार्य सम्पादन गर्न सक्ने वातावरण राज्यले सुनिश्चित गर्न सक्नु पर्दछ । सोही सन्दर्भमा अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (IAP) को स्थापना भई निरन्तर रुपमा अन्तर्राष्ट्रिय सहयोग, सदभावना सहित अनुभव र सूचनाहरुको आदान प्रदान र क्षमता अभिवृद्धिका कार्यक्रमहरु भई रहेको देखिन्छ । अभियोजन गर्ने निकाय न्याय प्रशासनको त्यस्तो निकाय हो जसले मानव मर्यादा र मानव अधिकारको रक्षाको लागि कानूनको उचित प्रकृया सहित फौजदारी न्याय प्रणालीको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अपराध अनुसन्धान, अभियोजन र न्यायिक प्रकृयामा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अभियोजनकर्ताहरुको अन्तर्राष्ट्रिय संगठन (IAP) ले संस्थागत रुपमा विश्वभरी रहेका कानून प्रणालीहरुको परम्परालाई कायमै राखी अन्तर्राष्ट्रिय अभियोजन मापदण्ड (IAP standard) तयार गरी लागू गरेको देखिन्छ । सो बाहेक वार्षिक सम्मेलन र क्षेत्रीय सम्मेलनको आयोजना, अभियोजनकर्तारुको लागि तालिम कार्यक्रमहरु तथा अन्य अन्तर्राष्ट्रिय संघ संस्थाहरु संगको सहकार्यबाट विश्वव्यापी रुपमा अभियोजनकर्ताहरुको क्षमता र फौजदारी न्याय प्रणालीको विकासमा महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । संयुक्त राष्ट्र संघ आर्थिक तथा सामाजिक परिषद्को विशेष परामर्श प्राप्त संस्थाको रुपमा स्थापना भएको IAP ले आफ्नो विधान मुताविक प्रत्येक वर्ष वार्षिक सम्मेलन र साधारण सभा गर्दै आई रहेको छ। पछिल्लो पटक सम्पन्न २७ औं वार्षिक सम्मेलन तथा साधारण सभा मा ६० देशका ३०० जना अभियोजनकर्ताहरु सहितको उपस्थिति रहेकोमा नेपालबाट समेत २ जनाको प्रतिनिधित्व रहेको थियो । पाँच दिवसीय उक्त सम्मेलनको मुख्य विषयवस्तु "फौजदारी न्याय प्रणालीको पुनः संरचना" भन्ने ध्येय (Theme) अन्तर्गत विभिन्न जल्दा बल्दा विषयहरुमा कार्यपत्रहरु प्रस्तुतीकरण भएका थिए । उल्लेखित सम्मेलन विश्वका सबै अभियोजनकर्ताहरुको लागि ज्यादै नै महत्वपूर्ण र गौरवशाली रहेको थियो ।

Data Protection Law and Policy Factor Impact on Public Trust in E-Government System in Developing Nations

***Dr. Tek Bahadur Ghimire**

Abstract:

The twenty-first century is known as the digital age. The application of ICT has become inevitable in the proper administration of public service delivery. The reasons why e-government systems fail in landlocked and developing nations have been analyzed in this article. In terms of ICT application, developing countries have distinct and indigenous issues when compared to developed countries. Citizens' faith in digital services is critical to the success of the e-government system. To earn citizens' trust, while managing electronic services in government sector, it should be ensured that there is no negative impact on the exercise of citizens' fundamental and legal rights, such as the Right to Privacy (Digital Privacy).

This article presents an example of a public trust crisis caused by the operation of Japan's Residents' Registry Network System (Jmin kihon daich nettowku) due to the government's lack of assurance on the citizens' right to digital privacy. Similarly, Australian Privacy Act 1999, the Korean Electronic Transaction Act 1999, the Singapore Electronic Transaction Act 1998, the Swedish Personal Data Act 1985, and the UNCITRAL Model Law on Electronic Signatures, 2001 have been presented as the success cases of the e-Govt. System. It is expected that the findings and recommendations offered for the success of the e-government system in developing nations would be useful for the success and sustainable management of the e-attorney system operated by the Office of the Attorney General Nepal.

1. INTRODUCTION

Rule of law, smart, efficient and effective corruption free administration, decentralization, transparent financial system, and effective management of public services and resources are basic norms for good governance. Maintaining good governance in a country is not possible without effective application and sustainable management of information and communication technologies (ICT) in public service sector.[1] ICT application helps to provide time and cost effective service, ubiquitous monitoring process and omnipresent public service for all. Because of these ICT provided services the e-Government system has gained immense popularity. E-Government is no longer an option; it is inevitable.[2] For governments, the question now is not whether they are going to provide electronic services, but how and when they are doing so. Effective implementation and sustainable management of e-Government is more important than applying ICTs in public service sector.

Governance that does not observe the rule of law cannot be even imagined. The rule of law refers to the principle of governance in which all stakeholders are accountable to laws that are publicly promulgated, equally enforced and independently adjudicated.[3] Supremacy of law, equality beforelaw, accountability to law, fairness in the application of law, participation in decision making process and legal certainty, avoidance of arbitrariness and procedural and legal transparency are basic norms of the rule of law. In short,

* **Deputy Attorney General, Office of the Attorney General Nepal**

1 S.A. Hazlett and F. Hill, "e-Government: The Realities of Using IT to Transform the Public Sector", 13(6) Managing Service Quality, 2003, pp. 445-452.

2 D. Patterson and W. Hanson, "21st Century Government: Principles for Transformation Government Technology", 2001, available at: http://www.erepublic.com/publications/ 21st Century/intro.phtml [accessed on December 13, 2022].

3 "Report of the General Secretary of United Nations on The rule of Law and Transitional Justice in Conflict and Post-conflict Societies", 2004, available at: http://www.undp.org/cpr/documents/jssr/ssr/rule%20of%20law%20and%20transitional %20justice.pdf[accessed on December 13, 2022].

rule of law centers on the fact that everything should be done in accordance with law[4]. Therefore, e-Government application cannot be immune from the application of the rule of law, which is a regulative ideal, not a mirror of what is done.[5]

2. E-GOVERNMENT SYSTEM

E-Government is an efficient use of Information and communication technology (ICT) by the government for the functioning and support of its operations. It facilitates interconnection between the government and its agencies (G2G), government and citizens (G2C) and government and businesses (G2B)[6]. It helps to reform the management of public administration,[7] boosts up government ability to reach to the downtrodden people, strengthens citizen participation and trust of government[8], and improves quality of service,[9] increases government efficiency and effectiveness by streamlining the process.[10] E-Government reduces the layers of bureaucracy and fosters transparency,"[11] and accountability helps in revenue growth,[12] and enhances the research capability by strengthening the digital resource management. It reduces corruption in several ways: "it takes away discretion, thereby curbing opportunities for arbitrary action.[13]After all, e-Government is imperative to maintain trustful relationship between the government and its constituencies.

2.1. E-Government in Developing Countries

Most of the developing countries have "deficient e-Government capacity" since they have differences with respect to geographical adversity, infrastructure availability throughout their territory, socio-economic standard and technology application managerial capacity.[14]Shin argues for the need of empirical studies to justify that the success and failure factors of e-Government projects in developing countries are uniquely different from those in developed countries.[15]

2.2. Success and Failure Story of E-Government System in Developing Countries

While some developing countries have taken initiation to transform the government into digital form, they often fail to meet their expectations in improving their governance system and achieving expected outcomes.[16]One of the reasons for such a failure is the lack of comprehensive regulatory framework and good coordination between regulation implementing agencies.[17]

According to Heeks, e-Government in developing countries fail with 35 percent being classified as total failures and 50 percent partial failures.[18] Different economic, social and political circumstances may have a determining effect on the realization of e-Government objectives.[19] Apart from failurecases, there are several

---

4 F. Schauer, "Rules and the Rule of Law", 14(3) Harvard Journal of Law and Public Policy 1991 at 645.
5 Jr. Fallon and H. Richard, "The Rule of Law As a Concept in Constitutional Disclourse" 97(1) Columbia Law Review, 1997, pp. 1-56.
  बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ५०(२) को प्रावधानलाई दफा १२ को सापेक्षतामा हेर्दा सजाय स्थगित गरिएकोमा सोही बालकले एक वर्ष नाघेपछि अन्य कुनै कसुर गरे वापत दोषी ठहरी कैदको सजाय पाएमा पनि पहिले ठहर भएको कैद सजाय (स्थगित भई एक वर्षको अवधि नाघेपछि कसुर गरेको अवस्थामा) कार्यान्वयन गर्नु पर्दैन, पटके पनि कायम हुँदैन; त्यस प्रकारको कैदको लगत सदाका लागि कट्टा गर्नु पर्ने देखिने ।

  कैद स्थगित भई एक वर्षको अवधि नाघिसकेको देखिँदा निज प्रतिवादीको अहिले उमेर पुगेको (अहिले वालिग भएको) कारणबाट सो सजाय असुल गर्नुपर्छ भन्नु बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा १२ तथा दफा ५० को उपदफा (२) समेतको प्रतिकूल हुन जान्छ । त्यसैले स्थगित गरिएको सजाय अब असुल (कार्यान्वयन) गर्ने सम्बन्धमा कुनै बेहोरा उल्लेख नगरी भएको पुनरावेदन अदालतको फैसला कानून एवम् बाल न्यायका मान्यता अनुकूल नै देखिन आउने ।[२४]

- धरौट माग गर्नु र धरौट दिन नसक्दा थुनामा पठाउनु निरोधात्मक दण्डको अवधारणालाई आत्मसात् गर्नु र सुधारात्मक अवधारणालाई इन्कार गर्नु हो । धरौट माग्नु पनि मुद्दा सुनुवाइको क्रममा ठहरे बमोजिम हुने आर्थिक दण्डको रूपमा लिइने पूर्व शर्तको एउटा रूप हो । बालकको हकमा यस्तो शर्तद्वारा बाध्यकारी नियमन भित्र पारी दण्डद्वारा अभिप्रेरित भई धरौट माग्ने कार्य बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ४०(१) समेतको अनुकूल नहुने ।

  बालबालिकाले गर्न पुगेको कुनै पनि कसूरजन्य कार्यमा निजको उमेरले नै दोषी मनोभावनाको कुनै भूमिका नरहने हुँदा त्यस्तो बालविज्याई प्रति तिनीहरूलाई सजायमुखीकरण गर्नु भन्दा सामाजिकीकरणमुखी गर्नु नै राज्यको प्रमुख दायित्त्व हुने ।

२४ रामुको जाहेरीले नेपाल सरकार विरूद्ध कुमारप्रसाद, ने.का.प. २०७५ अंक ११ निर्णय नं. १०१२७ ।

तोकिएको सजाय समेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयाधिकारीले निर्णय गर्न सक्ने अवस्थामा बालकलाई पूर्वशर्तको रूपमा धरौटी मागी धरौटी दिन नसकेबाट धरौटीको विकल्पको रूपमा थुनालाई लिएको कार्य नेपाल पक्ष भएको बालबालिका सम्बन्धी महासन्धि १९८९ को धारा ३(१) ३७(ख) र ४०(१) र बालबालिका सम्बन्धी ऐन, २०४८ को दफा ११ र ५० समेतविपरीत देखिने ।[२५]

- कुनै कसुरको अभियोग लागी मुद्दाको तहकिकात वा पुर्पक्षको निमित्त प्रचलित कानुन बमोजिम थुनामा बस्नपर्ने बालकलाई बाल सुधार गृहमा राखिने स्पष्ट व्यवस्था भई रहेको देखिएकाले मुलुकी ऐन अ.व. को ११८ (२) बमोजिम पुर्पक्षका लागि कारागार शाखामा थुनामा राख्ने गरेको आदेश र सो आदेशलाई सदर गरेको आदेश समेत कानुन सम्मत नदेखिँदा बदर भै बन्दीप्रत्यक्षीकरणको आदेशद्वारा निज बव्लु गोडीया कारागाराबाट मुक्त हुने[२६], अरु वयस्क साथमा कारागारमा बालबालिकालाई थुना वा कैदमा राख्न नमिल्ने हुँदा वालाबालिका सम्बन्धि ऐन २०४८ को दफा ४२(१) बमोजिम बालसुधार गृह स्थापना गरी सुधारगृहमा राख्नु पर्ने ।[२७]

- केवल माग भएको धरौटी रकम राख्न नसकेको हुदा थुनामा बस्नु परेको देखिन्छ । धरौट राख्न माग गरेको रकम बुझाउने हैसियत भएको भए उसले थुनामा बस्न नपर्ने रहेछ । यसरी रू.४००००।- निवेदकले धरौट राख्न नसक्ने कमजोर आर्थिक स्थितिको कारणबाट मात्र थुनामा बस्न परेको देखिन्छ । कुनै वयस्क व्यक्तिको लागि पनि उसको कमजोर आर्थिक अवस्थाको कारणले थुनामा बस्नुपर्ने बाध्यतालाई हुनेखानेको स्थितिको तुलनामा कानूनको आँखामा सबै समान हुने संवैधानिक प्रत्याभूति आर्थिक कारणले अवसरमा विभेदकारीको झलक दिलाउने प्रसङ्ग त्यसै त मानव अधिकार जस्तो संवेदनशील विषय प्रति चुनौतिपूर्ण छ भने त्यसमा पनि झन निवेदक १५ वर्षको नाबालक देखिएकाले मानव अधिकारको प्रश्न त झन् बढी जटिल भई यसलाई गम्भिरताका साथ संवेदनशील भई हेरिनु पर्ने ।

  पुर्पक्षको निमित्त माग गरेको धरौटी दिन नसकेको बालकलाई थुनछेकको प्रयोजनका लागि थुनाको विकल्पको रूपमा बालसुधार गृहमा राखेको कार्यलाई उचित र मुनासिव मान्न सकिन्न, बरू यसले उल्टै दण्डको सुधारात्मक अवधारणालाई इन्कार गरेको मान्न सकिन्छ । बालबालिकाको हकमा कानूनको द्वन्द्वमा परी निजले गरेको फौजदारी कसूरका सम्बन्धमा दण्ड निर्धारण गर्दासमेत उनीहरूको सर्वोत्तम हितलाई नजरअन्दाज गर्न सकिँदैन । प्रस्तुत मुद्दामा अन्तिम फैसला बमोजिम थुनामा बसेको अवस्था नभै चोरी मुद्दामा पूर्व शर्तको रूपमा धरौट माग गरी धरौट दिन नसकेको आधार बनाई थुनामा राख्ने गरी भएको कार्यलाई अन्तिम उपायको रूपमा मात्र थुनाको प्रयोग गरिने भन्ने बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा ३७(२) समेतको अनुकूल रहेको मान्न नमिल्ने ।

  बालबालिकालाई तोकिएको सजाय समेत स्थगन हुने वा भोग्न नपर्ने गरी निर्णयकर्ताले निर्णय गर्न सक्ने अवस्थामा धरौटीको विकल्पको रूपमा थुनालाई उपयोग गरिएको कार्यलाई "बालबालिकाको हक हितको संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्न" जारी भएको बालबालिका सम्बन्धी ऐन, २०४८ को मर्म र भावना विपरीत देखिन आउने ।[२८]

---

२५ रामेश्वर चौधरीको हकमा अधिवक्ता टिकाराम पोखरेल बिरूद्ध काठमाडौं जिल्ला अदालत समेत, ने.का.प. २०७०म अंक ११ निर्णय नं. ९०७४ ।

२६ पूर्वपाद टिप्पणी नं. ६ ।

२७ उही ।

२८ विरेन लामाको हकमा अधिवक्ता पुष्पराज पौडेल विरूद्ध काठमाडौं जिल्ला अदालत समेत, ने.का.प. २०७२ अंक ९ निर्णय नं. ९४६९ ।

- १२ वर्षका नाबालकलाई चोरी मुद्दामा कैद सजाय तोकी बालसुधार गृहमा पठाएको फैसला प्रथम दृष्टि मै त्रुटिपूर्ण हुँदा गैरकानूनी थुनाबाट मुक्त गरी अभिभावकको जिम्मा दिन आदेश जारी भएको ।[२९]

७. दिशान्तर सम्बन्धी कानून कार्यान्वयनको अवस्था

बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएपछि सो ऐनको दफा २७,२८,२९ तथा बाल न्याय सम्पादन (कार्यविधि) नियमावली, २०७६ को नियम ९ बमोजिम अनुसन्धान निकाय एवं सरकारी वकीलबाट नगण्य मात्र दिशान्तर सम्बन्धी निर्णय भएको देखिन्छ । बाल न्याय प्रशासन अन्तर्गत कसूरको अनुसन्धान गर्दा निगरानी कक्षमा नराखि अभिभावकको जिम्मा जमानीमा छाडेको विवरण रहेतापनि बालबालिका संलग्न कसूरमा अनुसन्धानकै क्रममा औपचारिक न्यायिक प्रक्रियामा प्रवेश नगर्ने गरी दिशान्तरको निर्णय गरेको पाइँदैन ।

सरकारी वकीलबाट पनि बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएको चार वर्ष बेतित भई सक्दा ज्यादै न्यून संख्यामा दिशान्तर गरेको भन्ने महान्यायाधिवक्ताको कार्यालयमा प्राप्त दिशान्तर सम्बन्धी निर्णयको अध्ययनबाट देखिन्छ । अदालतबाट मुद्दा सुनुवाइकै क्रममा दिशान्तर गरेको अभिलेख प्राप्त गरिएको छैन ।

महान्यायाधिवक्ताको कार्यालयमा रहेको अभिलेख अनुसार बालबालिका सम्बन्धी ऐन, २०७५ लागू भएपछि दिशान्तर सम्बन्धी निर्णयको विवरण यस्तो देखिन्छः[३०]

क्र. सं.	दिशान्तरको निर्णय गर्ने कार्यालय	निर्णय मिति	कसूरको प्रकृति
१	जिल्ला सरकारी वकील कार्यालय नवलपरासी पश्चिम	२०७६।३।२६	सार्वजनिक स्थानमा दुर्व्यवहार
२	जिल्ला सरकारी वकील कार्यालय, रूपन्देही	२०७६।४।२७	चोरी
३	जिल्ला सरकारी वकील कार्यालय, खोटाङ्ग	२०७७।२।२	जबर्जस्ती करणी उद्योग
४	जिल्ला सरकारी वकील कार्यालय, बारा	२०७७।६।२८	अवैध वन पैदावार चोरी
५	जिल्ला सरकारी वकील कार्यालय,	२०७८।२।२	बाल विवाह

जिल्ला सरकारी वकील कार्यालय नवलपरासी पश्चिमले सार्वजनिक स्थानमा दुर्ब्यवहार गरेको कसूरमा पाँच दिनसम्म २/२ घण्टा बाल क्लवमा रही प्रशिक्षित हुने शर्तमा, जिल्ला सरकारी वकील कार्यालय बाराले अवैध वन पैदावार हानी नोक्सानी कसूरमा २० दिनको अवधिको लागि कक्षा ६ को पुस्तक पढी ७/७ दिनमा स्थानीय शिक्षकलाई पाठ बुझाउने गरी, जिल्ला सरकारी वकील कार्यालय रूपन्दीले मोवाईल चोरी मुद्दामा संलग्न रहेका तीन जना बालबालिका मध्ये देवदह गलाई १० दिनसम्म २ घण्टाका दरले मठ मन्दिरमा सरसफाई गर्ने, देवदह कलाई १० दिनसम्म २ घण्टाका दरले मठ मन्दिरमा रंग लगाउने कार्य गर्ने र देवदह खलाई सार्वजनिक यातायातमा काम गर्ने बालबालिकालाई चेतना बढाउने भन्ने शर्तमा, जिल्ला सरकारी वकील कार्यालय खोटाङ्गले ६ वर्षकी बालिकालाई करणी गर्ने उद्योग गरेको कसूरजन्य कार्यमा अब आइन्दा नराम्रो काम नगर्ने अभिभावकको नियन्त्रण र निर्देशनमा रही राम्रो काम गर्ने शर्तमा अभिभावकको जिम्मा लगाउने र जिल्ला सरकारी वकील कार्यालय सल्यानबाट ११ वर्षकी बालिकालाई बाल विवाह गरेको कसूरजन्य कार्यमा नियमित अध्ययन गरी कक्षा ६ मा उत्कृष्ट अंक ल्याउने शर्तमा मामा नाताको व्यक्तिको निगरानीमा रहने गरी दिशान्तर गरेको देखियो ।

जिल्ला सरकारी वकील कार्यालयहरूबाट भएका दिशान्तर सम्बन्धी कार्यान्वयन र अनुगमनका बारेमा उल्लेख गरेको नदेखिएता पनि दिशान्तरको अभ्यासमा अभ्यस्त भई नसकेको वर्तमान अवस्थामा उल्लेखित व्यहोराबाट

२९ परिवर्तित नाम धादिङ २४(११७७) का हकमा अधिवक्ता अजयशंकर झा विरुद्द धादिङ जिल्ला अदालत समेत, ०७७- WH-०३२१, आदेश मिति २०७८।२।२ ।

३० स्रोतः बाल न्याय सम्बन्धी कानूनी व्यवस्थाको कार्यान्वयनको अवस्था र सुधारका क्षेत्रहरू, अनुसन्धानमूलक अध्ययन, २०७८, महान्यायाधिवक्ताको कार्यालय ।

भएका दिशान्तरबाट नियमित फौजदारी कारवाहीबाट भन्दा बालबालिकाको सर्वोत्तम हित हुने देखिँदा नकारात्मक टिप्पणी गर्नु पर्ने देखिँदैन ।

९. समस्याको पहिचान र निदान

दिशान्तरका लागि कानूनी अधार त चाहिन्छ नै तथापी दिशान्तर गराउने अधिकारीको सक्षमता र सकारात्मक धारणा पनि त्यत्ति कै जरूरी हुन्छ । दिशान्तरका शर्तका वैकल्पिक पर्याप्त अवस्थाको विद्यमानता पनि हुनु पर्दछ । हामी कहाँ बाल कल्याणकारी संस्था/निकाय र तिनले सम्पादन गर्ने कार्यहरू व्यवस्थित भई नसकेको अवस्था हुँदा दिशान्तर गर्न चाहेर पनि अभिभावकको जिम्मामा छाड्न उपयुक्त नहुने अवस्थामा दिशान्तर गर्न नसकिने यथार्थतालाई नकार्न सकिन्न । नेपालमा बालबालिका सम्बन्धी ऐन, २०७५ कार्यान्वयनमा आएको झण्डै चार वर्षको समयमा दिशान्तर गरेको शंख्या देश भरमा दुई अंकमा पुग्न नसक्नुका पछाडिको कारण खोज्नु र यसको निराकरण गर्नु जरूरी छ । कानून कार्यान्वयन गर्ने अधिकारीलाई सक्षम, उत्प्रेरित गराउन र बालबालिका प्रति सकारात्मक र जिम्मेबार बन्न जरूरी छ । नेपालमा दिशान्तर कार्यान्वयनमा देखिएका कानूनी र व्यावहारिक समस्याको पहिचान र यसको समाधान पहिल्याउने प्रयास गरिएको छः

९.१. कानूनी समस्या

- दिशान्तर गर्न सकिने निर्धारित सीमा ज्यादै कम र अव्यावहारिक छ । बालबालिका संलग्न हुने गरका कसूरको प्रकृति हेर्दा चोरी, यौनजन्य, लागू औषध, विवाह सम्बन्धी जस्ता कसूरको अधिकता रहेको[३१] हुँदा यी कसूरमा हुन सक्ने सजायलाई हेर्दा दिशान्तर गर्न कानूनले ठाउँ नै नदिएको हुँदा अनुसन्धान अधिकारीले चाहेर पनि दिशान्तर गर्न सक्दैनन् । सजाय सीमा हद बढाउनुपर्ने ।
- बालबालिका सम्बन्धी नियमावली बनाउनु पर्ने । बालबालिका सम्बन्धी ऐनको व्यवस्थालाई कार्यान्वयन गर्न, दिशान्तरका शर्त, सो को कार्यान्वयनको सुनिश्चितता, शर्त उल्लंघन गरे के हुने, पुनः दिशान्तर गर्ने वा अन्ततः फौजदारी कारबाही प्रारम्भ गर्नुपर्ने आदि जस्ता विषयमा कानूनी र कार्यविधिगत स्पष्टता जरूरी छ ।
- बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखी शर्त परिवर्तन गरेर भए पनि पटक पटक दिशान्तरमा लैजान सकिने व्यवस्था गर्नु पर्ने देखिन्छ ।
- दिशान्तर गर्ने अधिकारीको योग्यता कानूनले निर्धारण गर्नुपर्ने ।
- प्रोवेशन अधिकारीको नियुक्ति र बालमनोविज्ञको सेवा लिन पारिश्रमिक निर्धारण हुनुपर्ने ।

९.२ व्यावहारिक समस्या

- कानून कार्यान्वयन गर्ने अधिकारी दिशान्तर सम्बन्धी अवधारणागत पक्षमा स्पष्ट हुन र यसमा अभिप्रेरित गर्नु गराउनु पर्दछ । अभिमुखीकरण कार्यक्रम र प्रशिक्षण नै यसको उपाय हुन सक्छ ।
- बाल न्याय सम्पादन गर्ने विशिष्टीकृत जनशक्ति नभई हुँदैन । परम्परागत फौजी प्रहरी मानसिकता र जस्तोसुकै अवस्थामा पनि मुद्दा दर्ता गरे सुरक्षित बन्ने मानसिकताका सरकारी वकील र सजाय वा सफाई दिन रमाउने न्यायकर्मी बालमैत्री बन्न ज्यादै गाह्रो छ ।
- सामाजिक रूपान्तरण (कसूरमा संलग्न बालबालिका प्रति हेर्ने दृष्टिकोण) बदल्न प्रचार प्रसार र सचेतना कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

---

३१ महान्यायाधिवक्ताको कार्यालयको वार्षिक प्रतिवेदन ।

- बालबालिका सम्बन्धी कानूनले गरेको कल्याणकारी व्यवस्थाको कार्यान्वयन र विविध क्रियाकलाप सहितका बाल कल्याणकारी निकाय स्थापना र सञ्चालन हुन र यसका लागि सरकारले यथोचित व्यवस्था गरी महत्व दिनुपर्ने हुन्छ ।

१०. निष्कर्षः

बालबालिकाले मनसायपूर्वक वा जानी बुझिकन कानून विपरितका कार्य गर्दैनन् । सामाजिक, आर्थिक, संस्कारगत परिस्थिति वा खराब संगतका कारणले आपराधिक क्रियाकलापमा संलग्न हुन पुग्छन् भन्ने मानिन्छ । बालबालिका भविष्यका कर्णधार भएकाले यिनीहरूलाई बचाउनु पर्छ, सही बाटोमा लगाउनु पर्छ भन्ने मान्यताका साथ फौजदारी न्याय प्रणालीमा दिशान्तरको अवधारणको विकास भएको हो । बालबालिकाले गरेको अपराधलाई समाजले क्षमा पनि दिन्छ र गलत कार्य गरेको रहेछु भन्ने बुझेपछि बालबालिकाले आफू असल नागरिक बन्न उप्रेरित पनि हुन्छन् । सुधार गर्नै नसकिने वा किमार्थ नसुध्रने अवस्थामा बाहेक बालबालिकालाई आफ्नो कार्य प्रति पश्चाताप र सुधारको मौका दिने वा सुधार गर्ने उत्तम विकल्पको रूपमा दिशान्तर प्रक्रिया रहेको हुन्छ । बाल सुलभ आचरण अनुसार बालकले गल्ती महसूस गरी पीडितसँग मिलन गराईदिए पछि बालबालिकामा द्वेष नहुने हुँदा अत्यन्त मिल्ने साथी पनि बन्दछन् । त्यसैले दिशान्तर सामाजिक पुनर्मिलनको महत्वपूर्ण कडिको रूपमा रहन सक्छ । कतिपय अवस्थामा फौजदारी कार्यविधिका औपचारिकता पूरा गर्दा पीडितले समयमै परिपुरण नपाउने अवस्था पर्न सक्छ । त्यसैले दिशान्तर पीडित न्यायका दृष्टिले समेत उपयुक्त छ । दिशान्तरका धेरै राम्रा पक्ष छन् । यसले देशको फौजदारी न्याय प्रणाली अन्तर्गतको कार्य चापलाई समेत घटाउनुका साथै विवादमा कसैको हारजित नहुने सबैको जित मात्र हुने र सामाजिक सद्भाव कायम राख्न समेत मद्दत गर्दछ । यसको सबै भन्दा राम्रो पक्ष भनेको कुनै बालबालिकालाई दिशान्तर गर्न उपयुक्त हुँदैन भन्ने अवस्थामा दिशान्तर नगर्नु हो । दिशान्तर बाल न्याय प्रणालीको उत्तम विकल्प रहँदा रहँदै पनि माथि औंल्याइएका कतिपय कानूनी, आचरणगत र व्यावहारिक समस्या छन् । यीनलाई समाधान गर्दै बालबालिकाको सर्वोत्तम हित हुने कार्यमा लाग्नु बाल न्याय प्रशासनमा संलग्न हामी सबैको कर्तव्य हो ।

सरकारी वकीलले पुनरावेदन/निवेदन गर्नुपर्ने मुद्दाको फैसला / आदेशको प्राप्ति तथा पुनरावेदन निवेदन गर्ने म्याद सम्बन्धी कानूनी व्यवस्था र पुनरावेदन निवेदनमा उठाउनु पर्ने विषयहरु

लोकराज पराजुली[१]

१. विषय प्रवेश

नेपालको न्याय प्रणालीमा संविधानमा अन्यथा व्यवस्था भएकोमा बहेक कुनै अदालत वा न्यायिक निकाय वा अधिकारी समक्ष नेपाल सरकारको तर्फबहाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई हुने तथा महान्यायाधिवक्ताले आफ्नो काम, कर्तव्य र अधिकार तोकिएको शर्तको अधीनमा रही प्रयोग र पालना गर्ने गरी मातहतका सरकारी वकीललाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था संविधानले गरेको छ।[२] प्रचलित कानूनको अधीनमा रही महान्यायाधिवक्ताले आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार आफू मातहतका सरकारी वकीलले प्रयोग र पालना गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्ने व्यवस्था सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले पनि गरेको छ।[३] यिनै संवैधानिक तथा कानूनी व्यवस्था बमोजिम महान्यायाधिवक्ताबाट नेपाल सरकार वादी हुने मुद्दा चलाउने नचलाउने निर्णय गर्ने अधिकार विभिन्न शर्त तोकी मातहतका सरकारी वकीललाई प्रत्यायोजन भएको छ। सोही प्रत्यायोजित अधिकार बमोजिम सरकारी वकीलहरूबाट कार्य सम्पादन हुँदै आएको छ। तत् सम्बन्धमा थप प्रकृयागत व्वयस्था मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, मुलुकी देवानी कार्यविधि संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५, फौजदारी कसूरको अनुसन्धान सम्बन्धी नियमावली, २०७५ र सरकारी वकील सम्बन्धी नियमावली, २०७७ ले गरेका छन्। यी कानूनी व्यवस्थाबाट सरकारी वकीललाई प्रदान गरिएको अधिकार मध्ये भ्रष्टाचार बाहेकका अन्य नेपाल सरकार वादी हुने मुद्दामा पुनरावेदन तथा निवेदन गर्ने नगर्ने सम्बन्धमा गर्नुपर्ने कारबाही पनि एक हो।[४] सरकार वादी मुद्दामा पुनरावेदन/निवेदन गर्ने वा नगर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने सरकारी वकीलको (महान्यायाधिवक्ताको) अधिकारलाई मुद्दा चलाउने नचलाउने अन्तिम निर्णय गर्ने अधिकारकै रुपमा बुझ्नुपर्ने व्याख्या सर्वोच्च अदालतबाट भएको छ।[५] त्यसर्त यो अधिकारलाई सरकारी वकीलले सरकारवादी मुद्दा चलाउने/नचलाउने सरहकै अधिकारका रूपमा लिनुपर्दछ।

नेपाल सरकार वादी हुने मुद्दा अन्तर्गतका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को अनुसूची १ र २ का मुद्दा तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को अनुसूची २८ का मुद्दामा सरकारी वकीलले पुनरावेदन/निवेदन सम्बन्धी कारबाही गर्नुपर्ने भएकोले सो प्रयोजनार्थ फैसला र आदेशको प्राप्ति, पुनरावेदन/निवेदन गर्ने म्याद तथा पुनरावेदन/निवेदनमा उठाउनुपर्ने विषयका बारेमा कानूनी व्यवस्था र नजीर समेतलाई समेटी यो आलेख तयार गरिएको छ। सरकारी वकीलले पुनरावेदन/निवेदन सम्बन्धी कारबाही गर्दा व्यावहारिक रूपमा देखिएका द्विविधालाई हटाउनका लागि यसले सहयोग गर्नेछ भन्ने अपेक्षा राखिएको छ।

---

१ सहन्यायाधिवक्ता महान्यायाधिवक्ताको कार्यालय

२ नेपालको संविधानको धारा १५८ को उपधारा (२) र (७)

३ सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम ४२ को उपनियम (३)

४ नेपालको संविधानको धारा २३९ को उपधारा (३) बमोजिम भ्रष्टाचार मुद्दामा मुद्दा चलाउने/नचलाउने निर्णय र अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ को उपदफा (१) बमोजिम ती मुद्दामा पुनरावेदन / निवेदन सम्बन्धी कारबाही अख्तियार दुरूपयोग अनुसन्धान आयोगले गर्ने, सोही ऐनको दफा ३५ को उपदफा (२) बमोजिम उक्त मुद्दामा बहस पैरवी तथा प्रतिरक्षा मात्र सरकारी वकीलले गर्नुपर्ने व्यवस्था छ।

५ ए. कार्की वि. महान्यायाधिवक्ताको कार्यालय समेत, ०७१-WO-०७७०, मुद्दाः उत्प्रेषण, (सं.इ.),फैसला मिति २०७३। १।१०

२. सरकारवादी मुद्दामा सरकारी वकीलले नै पुनरावेदन/निवेदन सम्बन्धी कारबाही गर्नुपर्ने कानूनी व्यवस्था र नजीर

कानूनमा अन्यथा व्यवस्था भएमा बाहेक सरकारवादी मुद्दामा निम्न कानूनी व्यवस्थाका आधारमा सरकारी वकीलले नै पुरावेदन/निवेदन गर्नु पर्दछः-

- सरकारवादी फौजदारी मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८० (४) बमोजिम,
- सरकारवादी देवानी मुद्दामा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६३ (१) बमोजिम र सो बाहेकका नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह पक्ष वा विपक्ष भएका देवानी मुद्दामा सम्बन्धित अधिकारी वा कार्यालय प्रमुखबाट लेखी पठाएमा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६३(२) को प्रतिबन्धात्मक वाक्याशं बमोजिम,
- नेपाल सरकारको हक, हित वा सरोकारमा असर पर्ने गरी भएका कुनै न्यायिक वा अर्धन्यायिक निकायबाट भएको निर्णय वा आदेश उपर पुनरावेदन/निवेदन गर्न कानूनले कुनै आधिकारी नतोकेको अवस्थाका मुद्दामा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १८१ बमोजिम ।

उपरोक्तानुसार सरकारी वकीलले पुनरावेदन/निवेदन सम्बन्धी कारबाही गर्नुपर्ने मुद्दामा सो कारबाहीका प्रकृयाका बारेमा सरकारी वकील सम्बन्धी नियमावली, २०७७ को नियम २२ देखी २६ सम्म व्यवस्था भएको छ।

उपरोक्त कानूनी व्यवस्था अनुसार सरकारी वकिलले पुनरावेदन/निवेदन गर्नुपर्ने मुद्दामा अन्य निकायका अधिकारीले पुनरावेदन/निवेदन गरेमा सो पुनरावेदन/निवेदन खारेज हुने व्याख्या सर्वोच्च अदालतबाट निम्न मुद्दाहरूमा भएको छः

- श्री ५ को सरकार (विशेष प्रहरी विभाग वि.दिलबहादुर लामासमेत भएको भ्रष्टाचार मुद्दा[६]
- अख्तियार दुरुपयोग अनुसन्धान आयोग वि. लोकमानसिंह कार्कीसमेत भएको भ्रष्टाचार मुद्दा[७]

३. फैसला/आदेशको प्राप्ति र थाहा पाएको मानिने मिति

यहाँ आदेश भन्नाले फैसला सरहको अन्तिम आदेशलाई सम्बोधन गर्न खोजिएको हो। यस्ता फैसला/आदेश थाहा पाएको मानिने मिति सम्बन्धमा निम्न कानूनी व्यवस्थालाई ख्याल गरिनु पर्दछः

- विशेष कार्यविधि लागू हुने विशेष अदालतले गरेका फैसलाका हकमा विशेष अदालत ऐन, २०५९ को दफा १७,
- संक्षिप्त कार्यविधि लागू हुने मुद्दाका हकमा संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११क(३),
- सामान्य कार्यविधि लागु हुने मुद्दाका हकमाः
  - मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(३),
  - मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३२(४),
  - मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(४),
  - न्याय प्रशासन ऐन, २०७३ को दफा ११(४) र १२(३),
  - मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २०५, २१९(२) र २२०(३),
  - उपरोक्त कानूनी व्यवस्था बाहेक अन्य विशेष कानूनहरुमा छुट्टै व्यवस्था भएको भए सोही व्यवस्था ।

फैसला/आदेश थाहा पाएको मानिने मिति कहिलेबाट कायम हुने भन्ने सम्बन्धमा सर्वोच्च अदालतबाट निम्न अनुसार व्याख्या भएको छः

६ ने.का.प. २०५२, अंक ९, नि.नं. ६०६४, पृ.७५९, (पू.इ), फैसला मितिः२०५२।९।२०

७ ने.का.प. २०५६, अंक ८, नि.नं. ६७६४, पृ.५८५,(स.इ), फैसला मिति २०५६।१२।०४

- **श्री ५ को सरकार वि. ऋषिकेश शाह समेत भएको राजनीतिक उद्देश्यले संघ संस्था खोलेको मुद्दा,**[८]
  - सरकारवादी भई चलेको मुद्दा निर्णय हुने अवस्थामा वादी पक्षको प्रतिरक्षा महान्यायाधिवक्ताको कार्यालय अन्तर्गतका न्यायाधिवक्ताहरूद्वारा हुन्छ तापनि अन्य पक्ष सरह मुद्दामा रोहवरमा रही निर्णय सुन्ने र निर्णय सुनी पाएँ भनी राय किताबमा सही नगरिने र तारिखमा नरहेपछि नियम १२ (४) ले त्यसो गरिरहनु पर्ने प्रयोजन समेत नहुँदा मुद्दा मामिलामा निर्णय भएको सूचना प्राप्त गरेपछि मात्र जानकारीमा आउने भएबाट निर्णय हुँदाकै मितिमा श्री ५ को सरकारलाई थाहा भएको मान्न नमिल्ने,
  - सरकार वादी हुने मुद्दामा वादी पक्षको तर्फबाट कोही पनि तारिखमा नरहने तथा मुद्दाका अन्य पक्ष सरह निर्णय सुनि पाएको भनी राय किताबमा कसैको सहिछाप परेको नहुने तथा सरकारी मुद्दा सम्बन्धी नियमावली, २०१८ को नियम १२ (४) ले निर्णयको सूचना दिनुपर्ने समेत बाध्यात्मक कानुनी व्यवस्था रहेको हुँदा त्यस्तो श्री ५ को सरकार वादी हुने फौज्दारी मुद्दामा निर्णय भएको मितिबाटै सो म्याद शुरु हुन्छ भन्न नमिल्ने ।
- **नेपाल सरकार वि. लेखराज डाँगी समेत भएको वन पैदावर नोक्सान मुद्दा**[९]
  - पुनरावेदन गर्न पाउने हक कानूनी हक भएकाले मुद्दाका सम्बन्धित पक्षलाई कानूनबमोजिम पुनरावेदन गर्नु भनी कुनै पनि माध्यमबाट जारी गरिएको म्याद सम्बन्धित पक्षले प्राप्त गरेको छ भने सोही मितिबाट पुनरावेदन गर्ने म्याद सुरू हुन्छ । म्याद जारी नगरिएको अवस्थामा सम्बन्धित पक्षले अर्को माध्यमद्वारा फैसलाको नक्कल लिएको छ भने सो नक्कल लिएको मितिबाट पुनरावेदन म्याद सुरू हुने हुँदा पक्षले पहिला कुन माध्यमबाट जानकारी पाएको छ त्योबाट नै पुनरावेदन गर्ने दिनको गणना हुने,
  - पुनरावेदन गर्ने म्याद प्राप्त भएपछि नक्कल लिएको मितिलाई आधिकारिक मान्ने हो भने पुनरावेदनको म्याद जारी गर्नुको कुनै औचित्य नै नरहने र कानूनमा भएको पुनरावेदनसम्बन्धी कानूनी व्यवस्था नै पराजित हुन जाने हुँदा पक्षले जुन माध्यमबाट पहिला जानकारी प्राप्त गरेको छ । सो मितिबाट नै पुनरावेदनको म्याद सुरू हुने हो तर फैसलाको आधिकारिक जानकारी प्राप्त गरेपश्चात् पुनः फैसलाको नक्कल लिई पुनरावेदनको म्याद कायम गरी दायर हुन आएको वादी नेपाल सरकारको पुनरावेदन कानूनसम्मत देखिन नआउने ।

यस मुद्दामा जिल्ला वन कार्यलय ,बाँकेका नाममा जारी भएको पुनरावेदन म्याद मिति २०६०। १२।१६ मा बुझेकोमा सो दिनबाट म्यादभित्र पुनरावेदन नगरी प्रतिवादीहरुले पुनरावेदन अदालत नेपालगंजमा गरेको पुनरावेदनमा मिति २०६१।१०।१३ मा प्रत्यर्थी झिकाउने आदेश भई जिल्ला सरकारी वकील कार्यालय, बाँकेमा जानकारी आएपछि मिति २०६१।११।११ मा फैसलाको नक्कल लिई सोही मितिलाई फैसलाको जानकारी पाएको मिति कायम गरी जिल्ला सरकारी वकील कार्यालय, बाँकेलाई पुनरावेदन म्याद दिनुपर्नेमा जिल्ला वन कार्यालय, बाँकेलाई दिएको नमिलेको भन्दै वादी नेपाल सरकारका तर्फबाट पुनरावेदन सरकारी वकील कार्यालय , नेपालगञ्जबाट पुनरावेदन गरिकोमा सो पुनरावेदन पत्र खारेज भएको थियो।

उपरोक्त कानूनी व्यवस्था र नजीरका आधारमा सरकारी वकील कार्यालय वा अभियोगपत्र दायर गर्ने अन्य कार्यालयमा फैसला/आदेश जुनसुकै औपचारिक तरिकाबाट प्राप्त भएपछि सो फैसला/आदेश थाहा भएको मानिने र सोही मितिबाट पुनरावेदन/निवेदन म्यादको गणना शुरू हुने देखिन्छ ।

---

८ ने.का.प. २०४५, अंक १, नि.नं. ३३२२, पृ. १२, (पू.इ),फैसला मिति २०४५।१।७

९ ने.का.प २०७२, अंक १, नि.नं. ९३२८, पृ. ८, (सं.इ), फैसला मिति २०७०।१०।१२

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(४) ले फैसला भएको मितिले एक वर्ष अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने गरी गरेको व्यवस्थालाई पनि सरकारी वकीलले मध्यनजर गर्नुपर्दछ। यस कानूनी व्यवस्थाको रोहमा पुनरावेदन/निवेदन गर्ने प्रयोजनार्थ फैसला/आदेश थाहा पाएको मानिने/म्याद गणना शुरू हुने मिति सम्बन्धमा **गाण्डिव काफ्ले विरुद्ध उच्च अदालत ,पाटनसमेत भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा**[१०] सर्वोच्च अदालतबाट निम्न बमोजिम व्याख्या भएको छः

- मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४(४) ले फैसला भएको मितिले एक वर्ष पछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने हुँदा यस कानूनी व्यवस्था बमोजिम पक्षले वर्ष दिन भित्र नक्कल सारेको वा निजको वारेस वा कानून व्यवसायीले नक्कल उतारेको कार्यलाई पक्षले स्वीकारेको अवस्थामा बाहेक "एक वर्ष भित्र" पक्षले रितपुर्वक थाहा जानकारी नपाएमा सो एक वर्ष अवधि व्यतित भएका दिनदेखि सोही संहिताको दफा १३४(१) मा उल्लेखित व्यवस्था बमोजिम "स्वतः थाहा पाएको" मानिने भन्ने आधारमा म्याद गणना गरी पुनरावेदन गर्ने म्याद कायम गर्नुपर्ने देखिन आउँदा प्रस्तुत मुद्दामा निवेदकले मिति २०७६।०७।०५ मा प्रमाणिकरण भएको फैसला सोही संहिताको दफा १३४(१) र (४) ले व्यवस्था गरेको एक वर्ष मिति २०७७।०७।०४ गतेको अवधिपछि स्वतः थाहा पाएको भनी सो म्यादभित्रै दायर गर्न ल्याएको पुनरावेदन पत्रलाई यस अदालतको सह रजिष्ट्रारबाट मिति २०७७।०८।०३ मा गरिदिएको दरपिठलाई कानून सम्मत मान्न नमिल्ने ।

मुलुकी फौजदारी कार्यविधि संहिता ,२०७४ को दफा १३४)४(को व्यवस्था बमोजिम फैसला भएको एक वर्ष पछि स्वतः थाहा पाएको मानिने भन्ने सम्बन्धमा भएको यस व्याख्या अनुसार फैसला प्रमाणीकरण भएको मितिबाट उक्त एक वर्षको म्याद सुरु भई एक वर्ष नाघेपछि कानून बमोजिम थमाउन पाउने म्याद सुरु हुने देखिन्छ ।

४. उच्च अदालतको फैसला/आदेशको प्राप्ति पश्चात् सर्वोच्च अदालतमा पुनरावेदन वा दोहोर्‍याई हेरी पाउन निवेदन गर्ने विषयमा यकिन हुनुपर्ने मूख्य कुरा

उच्च अदालतको फैसला/आदेशको प्राप्ति पछि पुनरावेदन/निवेदन सम्बन्धी कारबाही गर्दा सवै भन्दा पहिले पुनरावेदनको विषय हो की दोहोर्‍याई हेरी पाउँ निवेदनको विषय हो भन्ने निक्यौंल गुर्नुपर्दछ। यसका लागि निम्न कानूनी व्यवस्था र नजीरका आधारमा यकिन गर्नुपर्दछः

- न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(क)(ख)(ग)(घ) र दफा १२ (१)(क)(ख)(ग)(घ),
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१९ (१)(क)(ख)(ग)(घ,
- **नेपाल सरकार वि. कीर्ती बहादुर चन्दसमेतको मुद्दामा भएको निम्न व्याख्याः** [११]
  - न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को "दश वर्ष भन्दा बढी कैदको सजाय भएको" मुद्दा भन्ने वाक्यांशलाई व्यक्तिलाई दश वर्ष कैद भएको अवस्थामा यस्तो व्यक्तिको हकमा मात्र पुनरावेदन लाग्ने हो भनी व्यक्तिलाई भएको कैदलाई पुनरावेदनको मापदण्ड बनाउने हो भने कुनै मुद्दामा धेरै प्रतिवादीहरु भई कसैलाई १० वर्ष भन्दा बढी कैद सजाय ठहर भएको र कसैलाई १० वर्ष भन्दा कम कैद सजाय ठहर भएकोमा एकै मुद्दामा प्रतिवादीहरुले आफूलाई भएको सजायलाई हेरी १० वर्ष वा वढी कैद भएकाले पुनरावेदन गर्नुपर्ने र सो भन्दा मुनि कैद भएको प्रतिवादीले दोहोर्‍याई पाउं भन्ने निवेदन दिनुपर्ने,

१० ०७८-WH-०१७६(स.इ.), आदेश मितिः- २०७९/०१/०८

११ ने.का.प., २०५९, अंक ३/४, नि.नं. ७०७०(पू.इ.),फैसला मिति २०५८।९।५

- अतः एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरुले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने ।

➢ **नेपाल सरकार वि. रत्न बहादुर के.सी.समेतको मुद्दामा भएको निम्न व्याख्याः** [१२]

- पुनरावेदकीय क्षेत्राधिकारमा प्रारम्भिक क्षेत्राधिकारको विस्तार (Extension of Original Jurisdiction) हुने भएको कारण सुरू अदालतसरह माथिल्लो तहको अदालतले पनि आवश्यकताअनुसार सबुत प्रमाण बुझ्नेलगायतका कार्यविधि पूरा गरी निर्णय गर्न सक्ने र दोहोऱ्याई हेर्ने निवेदनमा माथिल्लो अदालतले सुपरीवेक्षकीय क्षेत्राधिकार (Supervisory Jurisdiction) अन्तर्गत ऐनमा तोकिएको सीमित आधारमा हेरिनु पर्ने,
- एउटै मुद्दामा कुनै प्रतिवादीलाई पुनरावेदन वा उच्च अदालतबाट १० वर्षभन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्षभन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले न्याय प्रशासन ऐनको दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्न पाउने नै हुन्छ । उक्तबमोजिम पुनरावेदन गर्न पाउने वा नपाउने भन्ने कुरा पुनरावेदन अदालत वा उच्च अदालतको फैसलाले तोकेको सजायको आधारमा निर्धारण हुने, देखिन्छ । दश वर्षभन्दा बढी कैद सजाय हुने ठहरिएका प्रतिवादीले पुनरावेदन गरे वा नगरेको आधारमा मात्र अन्य प्रतिवादीको पुनरावेदन गर्ने कुरा निर्धारण गर्नु उचित नदेखिने,
- प्रतिवादीलाई १० वर्षभन्दा बढी कैद भएकोले निजको पुनरावेदन नपरेको भए पनि एउटै मुद्दामा कसैलाई १० वर्षभन्दा बढी कैद र कसैलाई १० वर्षभन्दा कम कैद भएको अवस्थामा कम कैद हुने प्रतिवादीहरूको हकमा समेत पुनरावेदन दर्ता गर्न मिल्ने ।

५. सरकार वादी मुद्दामा पुनरावेदन/निवेदन गर्ने म्यादः

मुद्दामा सामान्य ,विशेष र संक्षिप्त गरी तीन प्रकारका कार्यविधि प्रयोग हुने कानूनी व्यवस्था छ। यी कार्यविधिको आधारमा पुनरावेदन/निवेदन गर्ने म्याद पनि फरक फरक हुने व्यवस्था छ। यी प्रत्येक कार्यविधिका मुद्दामा पुनरावेदन/निवेदन गर्ने म्याद सम्बन्धी कानूनी व्यवस्था र नजीरका बारेमा तल उल्लेख गरिएको छः-

५.१ सामान्य कार्यविधिका मुद्दामा

➢ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, को दफा १३४ (१) अनुसार सरकारवादी फौजदारी मुद्दामा शुरु पुनरावेदन म्याद ७० दिन, नेपाल सरकारको हकहित वा सरोकार भएको अन्य फौजदारी मुद्दामा शुरु पुनरावेदन म्याद ३० दिन, थमाउन पाउने म्याद ३० दिन,

➢ कुनै विशेष ऐनहरुमा छुट्टै शुरु पुनरवोदन म्याद तथा थमाउने म्यादको व्यवस्था भएमा सोही म्याद (जस्तैः बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८१ मा बाल अदालतले गरेको निर्णय उपर ३५ दिनभित्र पुनरावेदन गर्नुपर्ने व्यवस्था भएको), ती ऐनहरुमा शुरू पुनरावेदन म्याद मात्र भएमा सो म्याद र थमाउने म्यादका हकमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३४ (१) को प्रतिबन्धात्मक वाक्यांशको ३० दिनको म्याद,

➢ मुद्दा दोहोर्याई हेरी पाउन निवेदन गर्ने सन्दर्भमा न्याय प्रशासन ऐन, २०७३ दफा १२(३) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१९(२) अनुसार मुद्दा फैसला भएको थाहा पाएको मितिले ४५ दिन, यसमा म्याद थमाउने व्यवस्था नभएको,

➢ पुनरावलोकन निवेदनको हकमा न्याय प्रशासन ऐन, २०७३ को दफा ११ (४) तथा मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२०(३) अनुसार फैसला प्रमाणीकरण भएको मितिले ६० दिन, यसमा पनि म्याद थमाउने व्यवस्था नभएको,

---

१२ ने.का.प., २०७६, अंक ८, नि.नं. १०३२०,(वृ.पू.इ) ,फैसला मिति २०७५।९।१९

- न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार थुनछेक आदेश वा अन्य अन्तरकालीन आदेश उपर तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ अनुसार थुनछेक आदेश उपर निवेदन दिन म्यादको व्यवस्था नभएको तर औचित्यका दृष्टिकोणबाट त्यस्ता आदेश उपर आदेश भएको मितिले १५ दिनभित्र निवेदन गरिसक्ने अभ्यास गर्नु उपयुक्त हुने,
- मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २६२ अनुसार सोही संहिताको दफा २५४ अनुसारका सरकारवादी देवानी मुद्दामा पुनरावेदन गर्ने शुरू म्याद फैसला भएको थाहा पाएको मितिले ७० दिन र थमाउन पाउने म्याद ३० दिन, सो बाहेक सरकारी वकीलले पुनरावेदन/निवेदन गर्नु पर्ने अन्य देवानी मुद्दामा सोही संहिताको दफा २०५ अनुसार फैसला भएको थाहा पाएको मितिले शुरु पुनरावेदन म्याद ३० दिन र सोही संहिताको दफा २२३ अनुसार थमाउन पाउने म्याद १५ दिन।

५.२ विशेष कार्यविधिका मुद्दामा

- विशेष अदालत ऐन, २०५९ को दफा १७ अनुसार विशेष अदालतको फैसला/अन्तिम आदेश उपर शुरु पुनरावेदन म्याद फैसला वा अन्तिम आदेश भएको मितिले ३५ दिन र सोही ऐनको दफा ११ अनुसार थमाउन पाउने म्याद १५ दिन,
- विशेष अदालत ऐन बाहेकका अन्य ऐनहरूमा विशेष कार्यविधि अपनाउनु पर्ने भनी उल्लेख भएका मुद्दाका हकमा सामान्य वा विशेष कार्यविधि कुन अपनाउने भन्ने बारेमा रामसुन्दर राय भर समेत वि. उच्च अदालत, पाटनसमेत भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा[१३] विशेष अदालतले मात्र विशेष अदालत ऐन, २०५९ अन्तर्गतको कार्यविधि अपनाउने, अन्य अदालतहरुले सोही ऐनको दफा १२ अनुसार सामान्य कार्यविधि अपनाउनु पर्ने भन्ने व्याख्या भएकोले विशेष अदालत बाहेकका अन्य अदालतले गरेका फैसला/आदेशका हकमा सामान्य वा संक्षिप्त कार्यविधि लागू हुने मुद्दा सरहकै पुनरावेदन म्याद लागू हुने देखिन्छ।

५.३ संक्षिप्त कार्यविधिका मुद्दामा

- संक्षिप्त कार्यविधि ऐन, २०२८ को दफा ११क(३) अनुसार शुरु पुनरावेदन म्याद ३० दिन र सोही ऐनको दफा ८(१)(क) अनुसार थमाउन पाउने म्याद १५ दिन ।

६ .पुनरावेदन निवेदन गर्ने म्याद सम्बन्धमा नजीर

- **श्री ५ को सरकार वि. पन्द घले समेत भएको वन्य जन्तु मुद्दा**[१४]
  - ७० दिन भित्र पुनरावेदन गर्न नसकेको कारण देखाई अ.वं. ५९ नं. अन्तर्गत उक्त ७० दिन गुज्रेको मितिले ३० दिन भित्र थमाइ पाउन निवेदन दिई म्याद थमाइ २०५१।५।९ मा मात्र प्रतिवादीहरुले पुनरावेदन दर्ता गराएको देखिन्छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३१(३) मा त्यस्तो फैसला उपर ३५ दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्ने व्यवस्था भइरहेको पाइन्छ । तर ७० दिनको पुनरावेदन म्याद दिएकोले ७० दिन भित्र पुनरावेदन लाग्ने हो कि भन्नेतर्फ विचार गर्दा कानूनद्वारा तोकिएको म्याद भन्दा घटि बढी हुने गरी पुनरावेदन गर्ने म्याद दिंदैमा त्यसरी दिएको म्याद भित्र पुनरावेदन लाग्ने नभई कानूनद्वारा निर्दिष्ट गरिएको म्याद भित्रै पुनरावेदन गर्नु पर्ने हुन्छ । विधायिकाबाट ऐनमा नै प्रष्टरुपले तोकि दिएको पुनरावेदन गर्ने म्याद अन्यथा हुने गरी घटी बढी उल्लेख गर्दैमा त्यस्तो घटी बढी कायम रहन सक्ने नभई कानूनद्वारा निर्दिष्ट म्याद नै कायम हुने हुँदा सम्बन्धित मुद्दाका पक्ष विपक्षले पनि कानूनद्वारा निर्दिष्ट म्यादलाई नै अनुशरण गरी सोही म्याद भित्रै पुनरावेदन गर्नुपर्ने,
  - राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ दफा ३१(३) द्वारा निर्दिष्ट ३५ दिन म्याद भित्र प्रतिवादीहरुले पुनरावेदन नगरी २०५१।२।२ मा तामेल भएको पुनरावेदन गर्ने म्यादबाट ३५ दिन र अ.वं. ५९ नं. ले थमाउन पाउने म्याद ३० दिन नघाई मिति २०५१।५।१९ मा

१३ ०७६-WH-०३७३, (सं.इ.), आदेश मिति २०७७।२।३२

१४ ने.का.प., २०५८, अंक ३/४, नि.नं. ६९९९

मात्र दायर भएको देखिँदा त्यस्तो पुनरावेदन पत्र ग्रहण गरी इन्साफ गर्न नमिल्ने भई पुनरावेदन नै खारेज गर्नुपर्नेमा सो नगरी इन्साफ गर्ने गरेको पुनरावेदन अदालत राजविराजको फैसला मिलेको नदेखिएकोले उल्टी हुने ।

- **विशेष अदालतबाट फैसला भएका सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ का मुद्दामा सोही ऐनको दफा २६ (१) बमोजिमको पुनरावेदन म्याद हुने कि विशेष अदालत ऐन, २०५९ को दफा ११ बमोजिमको पुनरावेदन म्याद हुने भन्ने बारेमा एकरूपता कायम गर्नका लागि सर्वोच्च अदालत कै प्रतिवेदनबाट कारबाही शुरू भइ इजलासमा पेश भएको लागू औषध मुद्दा**[१५]
  - विशेष अदालत ऐन, २०५९ को दफा ११ मा विषेश अदालतले हेर्ने वा हेरेको मुद्दामा म्याद तारेख थाम्ने सम्बन्धमा छुट्टै व्यवस्था गरिएको र त्यसमा विशेष अदालतमा परेको मुद्दामा र सो अदालतको फैसला उपर परेको पुनरावेदनमा म्याद तारेख थाम्न कावु वाहिरको परिस्थिति परेको कारण र आधार खुलाई निवेदन परेमा सो व्यहोरा मनासिव ठहरिएमा एक पटक वढीमा १५ दिन सम्मको म्याद तारेख थाम्न सकिनेछ भन्ने व्यवस्था गरेको देखिई ऐ ऐनको दफा १२ मा मुद्दाको कारवाही र किनारा गर्दा यस ऐनमा लेखिए जतिमा यसै ऐन बमोजिम र सो वाहेकका अन्य कुरामा विशेष अदालतले प्रचलित कानून वमोजिम जिल्ला अदालतलाई भए सरहको अधिकार र कार्यविधि प्रयोग गर्न सक्ने व्यवस्था भएको पाइदाँ विशेष अदालत ऐन, २०५९ मा व्यवस्था नगरिएको विषयमा मात्र अन्य प्रचलित कानूनमा भएको व्यवस्था लागु हुन सक्ने,
  - विधायिकाले विशेष अदालतले हेरे छिनेका मुद्दामा पुनरावेदनको म्याद र सो म्याद गुज्रेमा थमाउने समेतको छुट्टै व्यवस्था गर्न खोजेको मनसाय प्रष्ट भै विशेष अदालत ऐन, २०५९ को प्रस्तावनामा खास किसिमका मुद्दाहरुको कारवाही र किनारा छिटो, छरितो तथा प्रभावकारी ढंगले गराउन सो कानूनी व्यवस्था गरिएको भन्ने उल्लेख भएबाट पनि ऐनको उद्देश्य र भावना अनुरुप कानूनको प्रयोग र व्याख्या हुनु आवश्यक हुने,
  - विशेष अदालत ऐन, २०५९ मा पुनरावेदनको म्याद दिने र सो गुज्रेमा थमाउने छुट्टै व्यवस्था गरिएको, प्रस्तुत विशेष अदालत ऐन, २०५९ सालमा वनी लागू भएको र सरकारी मुद्दा समबन्धी ऐन, २०४९ सालमा वनी लागू भएको अवस्थाबाट पनि पछि वनेको ऐनको भिन्न व्यवस्थाले अघिको ऐनको व्यवस्थालाई प्रतिस्थापन गरेको मान्नु पर्ने हुन्छ । यस स्थितिबाट विचार गर्दा पनि सरकारी मुद्दा संवन्धी ऐन, २०४९ को दफा २६(२) प्रस्तुत विषयमा आकर्षित हुने अवस्था नदेखिने,
  - मुलुकी ऐनको प्रारम्भिक कथनको ४ नं ले छुट्टाछुट्टै वनेका कानूनमा लेखिए जतिमा सोही कानून वमोजिम हुने भन्ने सिद्धान्तलाई अंगिकार गरेको समेतबाट पुनरावेदनको म्याद थमाउने प्रसंगमा विशेष अदालत ऐन, २०५९ ले यस ऐन वमोजिम र अरु प्रचलित कानून वमोजिमको सुविधा समेत पाउन सक्ने भन्ने स्पष्ट व्यवस्था गरेको देखिन नआएको स्थितिमा विशेष अदालतले हेरे छिनेका मुद्दाहरुमा खास मुद्दाहरुको काम कार्यवाही छिटोछरितो किसिमले टुङ्गयाउने प्रयोजन र उद्देश्यवाट वनेको विशेष अदालत ऐन, २०५९ को दफा ११ को व्यवस्था वाहेक अरु प्रचलित ऐन कानूनको कार्यविधि समेत आकर्षित हुने भन्न नमिल्ने।
- **गुणाकर खरेल वि. चितवन जिल्ला अदालत समेत भएको वन मुद्दा**[१६]
  - कानूनले नै अनुसूचीमा परेको मुद्दामा मात्र ७० दिनको पुनरावेदनको म्याद पाउने स्पष्ट कानूनी व्यवस्था गरेको अबस्थामा सो कानूनी व्यवस्था विपरीत अनुसूचीमा नपरेको मुद्दामा समेत अदालतले ७० दिनको म्याद दिंदैमा सो म्याद कायम हुनुपर्ने भन्ने जिकिर मनासिव नदेखिने,
  - जिल्ला अदालत र पुनरावेदन अदालतको आदेश गैरकानूनी नदेखिदा ३५ दिन भित्र पुनरावेदनको म्याद पाउने भनी बोली सकेको अबस्थामा उपरोक्त निर्णय आदेशहरु समेतलाई निस्क्रिय पार्ने गरी निवेदकले पुनरावेदनको म्याद पाउने भन्न नमिल्ने हुँदा कानून बमोजिमको पुनरावेदन गर्ने

१५ ने.का.प., २०६०, अंक ५/६, नि.नं. ७२२०, पृ. ४०८

१६ ने.का.प., २०६०, अंक ११/१२, नि.नं. ७३०३, पृ. ९८१

म्याद नघाई दायर गर्न ल्याएको पुनरावेदन दर्ता गर्न नमिल्ने भनि दरपीठ गरेको आदेशमा कुनै कानूनी त्रुटी नदेखिने।

- **नेपाल सरकार वि. यादव दवाडी समेत भएको प्रतिलिपि अधिकार सम्बन्धी मुद्दा**[१७]
  - कानूनमा प्रष्ट कानूनी व्यवस्था भैरहेको स्थितिमा घटी वा बढी म्यादको समय उल्लेख गरी पक्षको नाममा पठाएको म्याद वा फैसलाले कानूनले प्रष्ट व्यवस्था गरेको म्यादलाई घटाउन वा बढाउन सक्ने अवस्था हुँदैन । कानूनमा स्पष्ट भैरहेको व्यवस्थालाई शुरु अदालतको फैसलामा उल्लेख भै अदालतले पठाएको म्यादले संशोधन गरी घटाउन वा बढाउन पनि सक्दैन र सो म्यादको आडमा मुद्दाका कुनै पनि पक्षले आफूले गरेको गल्तीबाट उन्मुक्ति पाउने अवस्था समेत नरहने,
  - कार्यविधिका हकमा जुन कानूनको अवलम्बन हुनु पर्छ भनी विधिकर्ताले तोकेको हुन्छ त्यसलाई अन्यथा रुपान्तरण गर्न कानूनसंगत नहुने,
  - कुनै अदालतले पुनरावेदनको म्याद दियो वा कुनै क्षेत्राधिकार तोकिदियो भन्दैमा त्यो कानूनसम्मत छैन् भने त्यसको कुनै अर्थ नहुने।

७. पुनरावेदन/निवेदन म्यादमा ध्यान दिनु पर्ने विषय

माथि उल्लिखित कानूनी व्यवस्था तथा नजीरहरूका आधारमा पुनरावेदन/निवेदन म्यादका सम्बन्धमा सरकारी वकीलले विशेषतः निम्न प्रश्नको उत्तर खोज्ने तर्फ ध्यान दिनु पर्दछः

- सामान्य, विशेष वा संक्षिप्त कुन कार्यविधि अन्तर्गतको मुद्दा हो र सो कार्यविधि अनुसार शुरु र थमाउने पुनरावेदन म्याद कति हुन्छ?
- पुनरावेदन म्याद प्राप्त भएका मुद्दाका बारेमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ बाहेक अन्य विशेष कानूनमा पुनरावेदन निवेदन म्याद सम्बन्धी छुट्टै व्यवस्था पो छ कि?
- त्यस्तो छुट्टै विशेष व्यवस्था भएर पनि कतै अदालतले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ कै म्याद उल्लेख गरी पुनरावेदन म्याद त दिएको छैन?
- सरकारी वकील कार्यालयबाहेक अन्य कार्यालयबाट अभियोग पत्र दायर भएका मुद्दामा अदालतले कतै अभियोगपत्र दायर गर्ने कार्यालयमा नै पुनरावेदन म्याद दिई सो म्याद बुझेर गुज्रिसकेको वा फैसलाको नक्कल लिएर म्याद गुज्रिसकेको अवस्था त छैन?

८. पुनरावेदन/निवेदनमा उठाउनु पर्ने विषयहरु

८.१ दोहोर्‍याई हेरी पाउने निवेदनमा

सर्वोच्च अदालतमा दायर हुने मुद्दा दोहोर्याई हेरी पाउने निवेदनमा मूख्यतः न्याय प्रशासन ऐन, २०७३ को दफा १२(१) र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २१९(१) अनुसारका निम्न कुराहरु उठाइनु पर्दछः

- उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटी भएको,
- सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,
- सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको,
- बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर गरेको।

---

१७ ने.का.प., २०६६, अंक ६, नि.नं. ८१७८, पृ. १०३३

८.२ पुनरावलोकन निवेदनमा

सर्वोच्च अदालतमा दायर हुने पुनरावलोकन निवेदनमा मूख्यतः न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२) र मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा २२०(२) अनुसारका निम्न कुराहरु उठाइनु पर्दछः

- मुद्दामा भएको इन्साफमा तात्विक असर पर्ने किसिमको कुनै प्रमाण रहेको तथ्य मुद्दाको किनारा भएपछि मात्र सम्बन्धित पक्षलाई थाहा भएको,
- सर्वोच्च अदालतबाट स्थापित नजीर वा कानूनी सिद्धान्तको प्रतिकूल फैसला वा अन्तिम आदेश भएको।

८.३ पुनरावेदन पत्रमा

सामान्यतया पुनरावेदन पत्रमा निम्न कुरा उठाउनु पर्दछः

- मुद्दामा मागदावी लिएको विषय,
- पहिले पनि फैसला र पुनरावेदन कारबाही भएको भए त्यसको विवरण,
- फैसलाबाट के कति दावी पुगेको र के कति नपुगेको विषय,
- के कति कुरा चित्त नबुझि पुनरावेदन जिकिर लिएको भन्ने विषय,
- दावी नपुगेको विषयमा फैसलामा लिइएका आधार,
- दावी नपुगेका विषयमा लिइएका आधार खण्डित गर्ने कुराहरु (तथ्य, प्रमाण, कानून, नजीर र कानूनका मान्य सिद्धान्त),
- पुनरावेदन म्यादसँग सम्बन्धित कानून,
- पुनरावेदन पत्रको ढाँचा सर्वोच्च अदालत नियमावाली, २०७४ को अनुसूची ४ लाई अवलम्बन गर्न उपयुक्त हुने ।

जिल्ला अदालतले पुनरावेदन सुनी गरेको निर्णय उपर उच्च अदालतमा पुनरावेदन गर्नुपर्ने भएमा न्याय प्रशासन ऐन, २०७३ को दफा ८ (३)(ख)(ग) मा उल्लिखित निम्न कुरा समेत उठाइनु पर्दछः

- न्यायिक निकाय, अर्धन्यायिक निकाय वा अधिकारीले गरेको शुरू निर्णय वा अन्तिम आदेश उपर जिल्ला अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरी निर्णय गरेको,
- जिल्ला अदालतले पुनरावेदनको रोहमा गरेको निर्णयमा सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको, कैद सजाय भएको वा एक लाख रूपैयाँभन्दा बढी जरिवाना वा पाँच लाख रूपैयाँभन्दा बढी विगो समावेश भएको।

बाल अदालत/इजलासले गरेको फैसला उपर उच्च अदालतमा पुनरावेदन गर्दा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ८१(२) अनुसारका निम्न कुरा उठाइनु पर्दछः

- कानूनको व्याख्या सम्बन्धी त्रुटि भएको,
- नजीरको गलत प्रयोग भएको,
- बुझ्नु पर्ने प्रमाण नबुझेको कारणबाट इन्साफमा फरक परेको ।

उच्च अदालतले गरेको फैसला उपर सर्वोच्च अदालतमा पुनरावेदन गर्दा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ख) र (ग) मा उल्लिखित निम्न कुरा समेत उठाइनु पर्दछः

- उच्च अदालतबाट दश वर्ष वा सो भन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा,
- तीन वर्ष भन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैंया भन्दा बढी जरिवाना वा पच्चीस लाख रूपैंया भन्दा बढी विगो भएको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पुरै वदर गरेको मुद्दा ।

कानूनले निर्धारण गरेका विशेष अवस्थामा मात्र पुनरावेदन गर्न पाइने कानूनी व्यवस्थाको समुचित कार्यान्वयनका लागि **सर्वोच्च अदालतबाट भएको निम्न व्याख्यालाई**[१८] समेत ध्यान दिनुपर्ने देखिन्छः

- पुनरावेदकीय अधिकार कानूनी अधिकार (Legal Right) हो । त्यस्तो अधिकार कानूनद्वारा नै व्यवस्थित गरिएको हुन्छ । कानूनद्वारा व्यवस्थित गरिएकोले नै यस अधिकारलाई कानूनी अधिकारको रुपमा ग्रहण गरिने,

---

१८ ने.का.प. २०६१, अंक ६, नि.नं. ७३९१, (पू.ई.),फैसला मिति २०६१।६।७

- ऐनले नै पुनरावेदन सम्बन्धी विषेश व्यवस्था गरी सो ऐन अन्तर्गतका कुन दफा अन्तर्गतको के कस्तो निर्णय उपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमा रेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्याएको विषयवस्तु भन्दा वढी कुरामा पुनरावेदन लाग्न नसक्ने,
- सम्बन्धित ऐनले नै कति कुरामा पुनरावेदन कहाँ लाग्ने हो भनी किटानी व्यवस्था गरिरहेको अवस्थामा सो भन्दा वाहेकका पुनरावेदन लाग्ने नभनिएको कुरामा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ८ पकडी पुनरावेदन लाग्न सक्छ भनी अर्थ गर्न नमिल्ने ।

८.४ बेरितको आदेश वा आन्तिरकालीन आदेश उपरको निवेदनमा

- उक्त आदेश वेरितको भएको वा कानून सम्मत नभएको भन्ने कानूनी, प्रमाणगत र सैद्धान्तिक आधार,
- बेरितको आदेश उपर सर्वोच्च अदालतमा गर्ने निवेदनमा न्याय प्रशासन ऐन, २०७३ को दफा १५)२) अनुसार कानूनी त्रुटी वा कार्यविधि सम्बन्धी अनियमितताको प्रश्न रहेको छ भन्ने कुरा (सोको कानूनी तथा नजीरगत आधार सहित),
- उक्त निवेदन लाग्ने कानूनी आधार (विशेष ऐनमा छुट्टै व्यवस्था भए सोही कानूनी आधार उल्लेख गर्नु पर्ने (जस्तैः मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ८)।

९. पुनरावेदन/निवेदनमा रहने गरेका मुख्य कमीकमजोरी

- पुनरावेदन/निवेदनमा उठाउनु पर्ने कानूनले नै निश्चित गरेका विशेष आधारहरु भन्दा अन्य तथ्यगत कुराहरु मात्र उल्लेख हुने गरेको,
- केही प्रतिवादीहरुका हकमा पहिलै फैसला भईसकेको अवस्थामा पछि फैसला भएका प्रतिवादीहरुको हकमा गरिने पुनरावेदन/निवेदनमा पहिले फैसला भईसकेका प्रतिवादीहरुका हकमा भएको पुनरावेदन/निवेदन सम्बन्धी कारवाहीको विवरण उल्लेख हुने नगरेको,
- पुनरावेदन/निवेदन गर्नुपर्ने विषयको पहिचान र खण्डन उचित रुपमा हुने नगरेको,
- दोहोर्याई हेरी पाउँने निवेदन गर्नुपर्नेमा पुनरावदेन र पुनरावेदन गर्नुपर्नेमा दोहोऱ्याई हेरीपाउँने निवेदन गर्ने गरेको ।

१०. सरकारी मुद्दाको पुनरावेदन निवेदन उपरको कारवाहीमा सफलताको अवस्था

सि.नं.	आ.ब	अदालत	अदालतको तह अनुसार कसूर ठहर प्रतिशत	समग्र कसूर ठहर प्रतिशत
१	२०७५/०७६	जिल्ला	८०.१७	६९.७०
		विशेष	८५.७८	
		उच्च	४०.२६	
		सर्वोच्च	४७.५२	
२	२०७४/०७५	जिल्ला	८४.५९	७४.९१
		विशेष	८१.७२	
		उच्च	४६.६६	
		सर्वोच्च	६८.९०	
३	२०७३/७४	जिल्ला	७९.५३	
		विशेष	८१.६१	
		उच्च	३८.९६	
		सर्वोच्च	६८.७९	

श्रोतः महान्यायाधिवक्ताको कार्यालायको सम्बन्धित आ.व का वार्षिक प्रतिवेदनहरुमा उल्लिखित तथ्यांक

११. पुनरावेदन/निवेदन गर्ने नगर्ने निर्णय उपर सरकारी वकीलको उत्तरदायित्व

पुनरावेदन गर्ने नगर्ने निर्णय उपर सरकारी वकीलको उत्तरदायित्व सम्बन्धमा सर्वोच्च अदालतका निम्न नजीरहरुबाट उत्तर खोज्नु पर्ने अवस्था देखिन्छः

- **बद्री बहादुर कार्की वि. अख्तियार दुरुपयोग अनुसन्धान आयोग भएको उत्प्रेषण मुद्दा**[१९]
    - महान्यायाधिवक्तालाई प्राप्त राय सल्लाह दिने अधिकार, श्री ५ को सरकारको प्रतिनिधित्व गर्ने अधिकार, जुनसुकै अदालत कार्यालय वा पदाधिकारी समक्ष उपस्थित हुने अधिकार, संसदमा उपस्थित हुन पाउने अधिकार, अभियोजन वा प्रतिरक्षाको अधिकार लगायत संविधान र कानून बमोजिम प्राप्त अधिकार प्रयोग गर्दा एउटा व्यवसायिक व्यक्ति वा निकायले प्राप्त गर्ने अधिकार, सुविधा वा उन्मुक्ति सबै प्राप्त हुन्छन् । महान्यायाधिवक्ताले सदाशयतापूर्वक आफ्नो विवेक प्रयोग गरी गरेका त्यस्ता कार्य उपर प्रश्न गर्ने कसैको अधिकार रहँदैन । त्यस सम्बन्धमा निजलाई व्यवसायिक उन्मुक्ति प्रदान गरिएको हुन्छ ।
- **अख्तियार दुरुपयोग अनुसन्धान आयोग वि.नरेन्द्र बहादुर चन्द भएको भ्रष्टाचार मुद्दा**[२०]
    - जिल्ला सरकारी न्यायाधिवक्तालाई महान्यायाधिवक्ताको काम, कर्तब्य मात्रै प्रत्यायोजन हुने, सो काम कर्तब्य निर्वाह गरे वापत श्रृजित दायित्वमा महान्यायाधिवक्ता सरह संरक्षण एवं कार्यगत स्वतन्त्रता प्राप्त नहुने भनि अर्थ गर्न कानून र न्याय सम्मत समेत नहुने,
    - सरकारी वकीलले सो बमोजिम वहस पैरवी गरेको कारणलाई मात्र आधार लिई निज उपर कुनै कारवाही गरिने वा गाली वेइज्जती मुद्दा चलाइने छैन भनि सरकारी वकिल सम्बन्धी नियमावली, २०५५ को नियम ३५ मा भएको ब्यबस्थाबाट सरकारी वकिलको अभियोजन र प्रतिरक्षा लगायतका सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ द्वारा प्रदत्त काम कर्तब्य र अधिकारहरु विशुद्ध ब्यबसायिक प्रकृतिका हुन भन्नेमा विवाद नरहने,
    - ब्यबसायिक आचरणको परिधि भित्र रही असल नियतबाट गरिएका त्यस्ता कार्यहरुमा सरकारी वकिललाई ब्यबसायिक उन्मुक्ति प्राप्त नहुने भन्न र अर्थ गर्न न्याय तथा कानूनसम्मत नहुने ।
- **ए. कार्की वि. महान्यायाधिवक्ताको कार्यालयसमेत भएको उत्प्रेषण मुद्दा**[२१]
    - महान्यायाधिवक्ताको मुद्दा चलाउने वा नचलाउने अन्तिम निर्णय गर्ने अधिकार भन्नाले पुनरावेन गर्ने वा नगर्ने सम्बन्धमा अन्तिम निर्णय गर्ने अधिकार समेत बुझ्नु पर्ने हुन्छ । संविधानको यहि व्यवस्थाको कार्यान्वयन सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २४(१)मा अनुसूची १ र २ मा लेखिएको मुद्दा र कुनै ऐनमा नेपाल सरकार वादी हुने भनी लेखिएको मुद्दामा पुनरावेदन वा पुनरावलोकन वा तत् सम्बन्धी कुनै निवेदन दिनु पर्दा सम्बन्धित सरकारी वकीलले दिनेछ भन्ने व्यवस्था रहेको पाईन्छ सरकारी वकील सम्बन्धी नियमावलीको नियम २०(१) मा ऐन को दफा २४ बमोजिमको मुद्दामा कुनै अड्डा अदालतबाट भएको फैसला उपर सम्बन्धित मिसिल संलग्न कागजातबाट पुनरावेदन गर्नु पर्ने अवश्यक नदेखिएमा पुनरावेदन नगर्ने कारण सहितको राय पुनरावेदन दायर गर्ने माथिल्लो सरकारी वकील कार्यालयमा पुनरावेदनको म्याद शरु भएको १० दिनभित्र पठाउनु पर्छ भन्ने व्यवस्था छ । त्यस्तै ऐ. को दफा उपदफा (२) मा उपनियम (१) अन्तर्गत पुनरावेदन नगर्ने प्रस्ताव प्राप्त भएपछि माथिल्लो सरकारी वकील कार्यालयले पनि पुनरावेदन गर्न नपर्ने वा उपयुक्त नहुने देखेमा निकासाका लागि महान्यायाधिवक्ता छेउ पेश गर्ने छ र भएको निकासाबमोजिम गराउने छ भन्ने व्यवस्था रहेको छ । यसरी उपर्युक्त अनुसारको संवैधानिक तथा कानूनी व्यवस्था हेर्दा नेपाल सरकारका तर्फबाट मुद्दा चलाउने वा नचलाउने पुनरावेदन गर्ने वा नगर्ने सम्बन्धमा तहगत रुपमा छलफल भई अन्तिम निर्णय गर्ने अधिकार महान्यायाधिवक्तालाई भएको स्पष्ट हुने,

---

१९ ने.का.प. २०५८, अंक ५/६, नि.नं. ७००१(पू.इ), पृ.३३९

२० ने.का.प. २०५९, अंक ३/४, नि.नं. ७०८२(स.इ), पृ.२१०

२१ पूर्वपाद ४

- यसरी महान्यायाधिवक्ता मुद्दा चल्ने वा नचल्ने र पुनरावेदन गर्ने वा नगर्ने अन्तिम निर्णय गर्न स्वायत्त र स्वतन्त्र भए पनि त्यस्तो निर्णय स्वेच्छाचारी तथा बदनियतपूर्वक गरेको हुनुहुदैंन । महान्यायाधिवक्ताले गर्ने निर्णय कानूनद्वारा निर्दिष्ट प्रकृया अनुरुप विवेकपरक तथा तर्क, प्रमाण र कानूनका आधारमा औचित्यता पुष्टि गर्न सक्ने गरिएको हुनु पर्छ । स्वेच्छाचारी तथा आत्मनिष्ठ आधारमा यस्तो निर्णय गरिएमा सो निर्णयलाई चुनौति दिन र त्यसको यस अदालतबाट परिक्षण हुन सक्ने नै हुन्छ । पुनरावेदन गर्ने आधार कारण नभएको देखी कानूनको प्रकृया अपनाई आफूले व्यवसायिक रुपमा संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग गरी भए गरेको निर्णय तथा सो सम्बन्धित कार्यलाई अन्यथा भन्न नमिल्ने।

उपरोक्त नजीरहरुमा भएको व्याख्याका आधारमा सरकारी वकीलले गरेको पुनरावेदन/निवेदन गर्ने नगर्ने निर्णय उपर सरकारी वकीलको निम्न उत्तरदायित्व रहने देखिन्छः

- निर्णय स्वेच्छाचारी र वदनियतपुर्वक भएको छैन,
- निर्णय कानूनद्वारा निर्दिष्ट प्रक्रिया अनुरुप विवेकपरक तथा तर्क, प्रमाण र कानूनका आधारमा औचित्यपूर्ण छ,
- निर्णय व्यक्तिगत स्वार्थकेन्द्रित नभई पूर्णतः व्यवसायिक रुपमा भएको छ ।

१२. नेपाल सरकारले आधारहीन पुनरावेदन/निवेदन गरेको बारे न्यायिक टिप्पणी भएका नजीर

सरकारी वकीलले गरेका पुनरावेदन/निवेदनमा भएका केही न्यायिक टिप्पणीहरुलाई यहाँ उल्लेख गरिएको छ । जसलाई आत्मसाथ गरी सरकारी वकीलहरुले पुनरावेदन/निवेदन सम्बन्धी कारवाहीलाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

- **श्री ५ को सरकार वि. कलावती सुवेदीसमेत भएको कर्तव्य ज्यान मुद्दा**[२२]
  - वारदात प्रतिवादीहरुको संलग्नतामा भएको भन्ने प्रत्यक्ष प्रमाण वा परिस्थितिजन्य वा कुनै अन्य प्रमाण पनि नभएको अवस्थामा मुद्दानै चल्न नसक्ने अवस्थाको प्रतिवादीहरुलाई मुद्दा चलाई पुनरावेदन सुन्ने अदालतबाट समेत सफाई दिए उपर वादी नेपाल सरकारले चित्त बुझाई बस्नु पर्नेमा अझ सजाय हुनुपर्छ भनी वादीले गरेको पुनरावेदन जिकिर उपर सहमती हुन नसकिने,
  - फौजदारी मुद्दामा वादी राज्य पक्ष हुने हुनाले राज्यले पुनरावेदन गर्ने अधिकारका सम्वन्धमा हाम्रो कानूनले वादी र प्रतिवादीलाई समान पुनरावेदन गर्ने अधिकार दिएको छ । पुनरावेदन गर्ने अधिकार कानूनले प्रदान गरेको छ भन्दैमा प्रमाण सुन्य मुद्दामा समेत पुनरावेदन गर्ने वर्तमान परिपाटी राज्यले अन्त्य गर्ने तर्फ ध्यान दिनुपर्ने ,
  - पुनरावेदन गरी मुद्दा लम्व्याउने भन्दा कहाँ के किन र कस्तो त्रुटीले गर्दा राज्यले मुद्दा हार्न गयो भन्ने तर्फ सुधार गरेपछि यस अदालत एवं राज्य दुवैको अमुल्य समय खेर नजाने ।

- **कुमार माहिला भन्ने हिम्मत बहादुर क्षेत्री वि. नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दा**[२३]
  - मिसिलका तमाम प्रमाणहरुबाट राम भण्डारी र इन्द्रकुमार खत्रीको प्रस्तुत वारदातमा कुनै किसिमको पनि संलग्नता रहेको नपाईएको प्रष्ट हुदाँ हुदै पनि निजहरुको हकमा भएको फैसलामा समेत चित्त नबुझाई बादी नेपाल सरकारले पुनरावेदन गरेको उत्तिकै दुखद हुन पुगेको छ । आधारहिन पुनरावेदन लिएर आउदा यस अदालतको कार्यबोझ बढने र न्यायका यर्थाथ आकांक्षीहरुले समयमा सही न्याय पाउन नसक्ने कुरामा नेपाल सरकारले विचार गर्नु आवश्यक

२२ ने.का.प. २०६३, अंक ९ नि.नं. ७७६८, पृ. १२४६, (स.इ.),फैसला मितिः २०६३।८।८

२३ स.अ.बु २०७४, कार्तिक-१, पृ.३१, (०६९-CR-०४६० र ०६९- CR-०५२७), (स.इ), फैसला मिति २०७२।१०।६

छ । मुलुकी ऐनको अ.व २०३ नं मा झुठ्ठा पुनरावेदन गर्ने लाई सजायको व्यवस्था भएको त्यो ठीकै थियो भन्नेहरुलाई वादी नेपाल सरकारको पुनरावेदनले मद्दत पुर्‍याएको देखिएको।

सम्मानित सर्वोच्च अदालतबाट भएका उपरोक्त न्यायिक टिप्पणी तथा उच्च र सर्वोच्च अदालतमा वादी नेपाल सरकारका तर्फबाट गरिएका पुनरावेदन एंव दोहोर्‍याई हेरी पाउने निवेदनमा वादी नेपाल सरकारले व्यहोर्नु परेको असफलतालाई मनन् गरी पुनरावेदन तथा दोहोर्‍याई हेरी पाउने निवेदन गर्ने सम्बन्धी कारबाहीमा ब्यापक सुधार गर्नुपर्ने अवस्था छ।

१३. पुनरावेदन/निवेदन गर्दा उचित ध्यान नदिएका कारण आउने परिणाम

- एउटै मुद्दामा पटक पटक असफलता व्यर्होनु परी मुद्दाको सफलताको दर घटने,
- पुनरावेदन/निवेदन खारेज हुने जस्तैः

नेपाल सरकार वि .ज्योति राई भऐको जीउ मास्ने बेच्ने मुद्दामा[२४] शुरू अदालतबाट दुई वर्ष कैद गरी भएको फैसला उपरको पुनरावेदनमा पुनरावेदन अदालतबाट शुरू सदर फैसला भएउपर नेपाल सरकारले सर्वोच्च अदालतमा पुनरावेदन पत्र दायर गरेकोमा सो पुनरावेदन पत्र खारेज गर्दै निम्न व्याख्या भएको छः

- सर्वोच्च अदालतको पुनरावेदकीय क्षेत्राधिकारलाई क्रमशः हलुका गर्दै लैजाने विधायिकाको मनसाय रहेको तथ्य विधायिकी इतिहासबाट स्पष्टै देखिएको अवस्थामा विधायिकाको उक्त मनसाय विपरीत हुने गरी न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाको प्रयोग गर्न नमिल्ने,
- न्याय प्रशासनसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्थाअनुसार शुरु अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने,
- पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज—जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को मनसाय भएकाले भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न नमिल्ने।

यसै गरी शरूले छ वर्ष कैद र रु .२५,००० -/जरिवाना गरेको फैसला उपरको पुनरावेदनमा पुनरावेदन अदालतबाट शुरु सदर फैसला भए उपर वादी नेपाल सरकारको पुनरावेदन परेको **नेपाल सरकार वि. पुष्पा तामाङसमेत भएको मुद्दामा**[२५] सो पुनरावेदन पत्र खारेज गर्दै निम्न व्याख्या भएको छः

- पुनरावेदन अदालत पाटनबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)(ग) अनुसार शुरु निर्णय केही वा पुरै उल्टी नभई शुरु सदर भएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ (१)(ग) अनुसार वादी नेपाल सरकारकोतर्फबाट दायर भएको प्रस्तुत पुनरावेदन पत्र यस अदालतमा लाग्न नसक्ने भएकोले प्रस्तुत पुनरावेदनपत्र अ.व१८० नं. अनुसार खारेज हुने ।

१४. सरकार वादी मुद्दाको पुनरावेदन/निवेदन सम्बन्धी कारबाहीमा हुनुपर्ने सुधारका पक्षः

- पुनरावेदन वा दोहोर्‍याई हेरी पाउने निवेदन के हो भनी यकिन भएर कारबाही गर्नु पर्ने,
- बस्तुनिष्ठ रुपमा व्यवसायिक तवरले पुनरावेदन/निवेदन गर्नुपर्ने,

---

२४ ने .का.प. २०६९, कार्तिक, नि.नं. ८८५८, पृ.१०५७

२५ स.अ.बु २०७३, कार्तिक—२, पृ.४९ (०७०-CR-११६३)

- पुनरावेदन/निवेदन गर्नुपर्ने आधार प्रमाण नभएका मुद्दामा एक तहका नाममा पुनरावेदन/निवेदन गर्ने परम्परा तोड्नु पर्ने,
- पुनरावेदन/निवेदन गर्न पाउने सम्बन्धमा कानूनले निर्धारण गरेका आधार भएमा वा सो आधार स्थापित गर्न सकिने अवस्था भएमा मात्र पुनरावेदन/निवेदन गर्नु पर्ने।

१५. निष्कर्ष

सरकारवादी मुद्दामा भएका फैसला/आदेश उपर पुनरावेदन/निवेदन गर्ने नगर्ने निर्णय गर्ने सरकारी वकीलको अधिकार सरकारी वकीलले त्यस्ता मुद्दा चलाउने नचलाउने निर्णय गर्ने सरहकै महत्यपूर्ण अधिकार हो । त्यसर्थ यो अधिकारको प्रयोग गर्दा सरकारी वकीलले फैसला/आदेशको प्राप्ति ,पुनरावेदन/निवेदन गर्ने म्याद सम्बन्धी कानूनी व्यवस्था ,पुनरावेदन/निवेदन लाग्ने आधार सम्बन्धी कानूनी व्यवस्था र सर्वोच्च अदालतबाट यस सम्बन्धमा प्रतिपादन भएका नजीरलाई विशेष ध्यान दिई कार्यसम्पादन गर्नुपर्दछ । तथ्याङ्कले देखाएअनुसार सरकारवादी मुद्दामा माथिल्लो तहमा सफलताको दर घट्दै गएकोले सरकारी वकीलबाट दायर भएका पुनरावेदन/निवेदनमा सर्वोच्च अदालतबाट भएका न्यायिक टिप्पणीलाई आत्मसाथ गरी प्रमाण तथा कानूनी आधार नभएका मुद्दामा पुनरावेदन/निवेदन नगर्ने अभ्यास बढाउनुपर्ने देखिएको छ । त्यसो भएमा प्रमाणको उचित मूल्याङ्कन र विश्लेषण भई वस्तुनिष्ठ प्रमाणमा आधारित भएर मात्र पुनरावेदन/निवेदन गर्ने र त्यस उपरको असफलता घट्ने कुरा विश्वास गर्न सकिन्छ । यस तर्फ सरकारी वकीलहरुले विशेष चनाखो हुनुपर्ने आवश्यकतालाई मनन गरी सरकारवादी मुद्दाको पुनरावेदन/निवेदन सम्बन्धी कार्यसम्पादनमा व्यावसायिकता प्रदर्शन गर्नुपर्ने जरुरी भएको छ ।

गोपनीयताको हक सम्बन्धी कानूनी व्यवस्था र अभ्यासः एक विवेचना

रमादेवी पराजुली[१]

१. विषय प्रवेश

मानव भएका नाताले मानवले जन्मसिद्द रुपमा पाउने अधिकार मानव अधिकार हो । मानव अधिकार हरेक व्यक्तिले कुनै भेदभाव विना उपभोग गर्न पाउनु पर्दछ । व्यक्तिका यी आधारभूत अधिकारलाई राज्यले मौलिक अधिकारको रुपमा संविधान र कानूनको माध्यमबाट सुनिश्चित गरी ती अधिकारको हनन भएको अवस्थामा उपचारको व्यवस्था गरेको पाइन्छ । नेपालको संविधानमा पनि व्यक्तिको गोपनीयताको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरिएको छ । साथै गोपनीयताको हक संविधानमा सुनिश्चित नभएका कतिपय देशमा त्यहाँको सर्वोच्च न्यायिक निकायले व्याख्याको माध्यमबाट गोपनीयताको हकलाई वैयक्तिक स्वतन्त्रताको एक प्रमुख आधारको रुपमा स्थापित गरेको पाइन्छ । सूचना तथा संचार प्रविधिमा भएको विकासले मानिसको जीवन यापनमा सहजता आएको भए पनि प्रविधिको दुरुपयोग हुन सक्ने संभावना बढ्दो रुपमा रहेको हुँदा वर्तमान समयमा राज्यले व्यक्तिको गोपनीयताको हकको सुनिश्चिता गरी सो हकको संरक्षण गर्नु पर्ने कुरामा पनि विशेष ध्यान दिनु पर्ने देखिएको छ ।

गोपनीयतालाई व्यक्तिको मर्यादा, आत्मसम्मान, स्वायत्तता र अस्तित्वसँग जोडेर हेर्ने गरिन्छ । 'गोपनीयता भनेको आफूले जानेको तर सारा विश्वले थाहा नपाएको र थाहा पाउन नमिल्ने कुरा हो' ।[२] प्रत्येक व्यक्तिको चाहना निजको व्यक्तिगत जीवनसँग सम्बन्धीत कुरा र विषयहरू सार्वजनिक रुपमा बाहिर नआउन् र यी विषय सार्वजनिक जानकारीका विषय नबनुन् भन्ने हुन्छ । व्यक्तिको निजत्व, स्वास्थ्य, सम्पत्ति, तथ्यांक, लिखत र सम्बन्ध सम्बन्धी कुरा अनावश्यक रुपमा खुलासा भएमा यसबाट उसको मर्यादितरुपमा सम्मानपूर्वक बाच्न पाउने हकमा आघात पुग्दछ । त्यसैले व्यक्तिको निजी स्वायत्ततालाई बढाउनका लागि व्यक्तिका कतिपय व्यक्तिगत कुरालाई राज्यले संरक्षण गर्नु पर्दछ । गोपनीयताको हकले व्यक्तिको जीवनको गोप्य क्षेत्रको संरक्षण गर्ने र यस किसिमका गोप्य कुरा निजको अनुमति विना सूचनामूलक हुन नसक्ने कुराको प्रत्याभूति गर्दछ ।[३] सम्मानपूर्वक बाँच्न पाउने व्यक्तिको आधारभूत अधिकारलाई प्रत्याभूति गर्ने विभिन्न आधारहरू मध्ये गोपनीयताको हकलाई एक महत्वपूर्ण आधारको रुपमा लिएको पाइन्छ ।

गोपनीयताको हकले व्यक्तिको निजत्व, स्वास्थ्य, सम्पत्ति र सम्बन्ध लगायतका कुराको प्रत्याभूति गरी यससँग सम्बन्धीत व्यक्तिका निजी सूचनालाई सुरक्षा प्रदान गर्दछ । यस किसिमको प्रत्याभूतिले व्यक्तिको व्यक्तिगत जीवनसँग सम्बन्धीत विषयमा सरकार तथा अन्य पक्षबाट अनावश्यक रुपमा हुने हस्तक्षेपबाट बचाउँदछ । तथापि गोपनीयताको हक निरपेक्ष हक भने होइन । यो हकमा तोकिएको अवस्थामा सीमा लगाउन सकिने गरी कानूनमा नै व्यवस्था गरी कसैले कसैको कानून प्रदत्त गोपनीयताको हकमा आघात पुऱ्याएमा त्यस विरुद्ध कानूनी उपचार प्राप्त गर्न सक्ने व्यवस्था गरिएको हुन्छ । गोपनीयताको हक लगायतका मानवका नैसर्गिक अधिकारलाई मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, मानव अधिकार सम्बन्धी विभिन्न सन्धि, महासन्धिहरूमा उल्लेख गरिएका छन् । साथै देशहरुले गोपनीयताको हकलाई सुनिश्चित गर्न यस सम्बन्धी कानून बनाई गरेको पाइन्छ ।

---

१ फ्याकल्टी (सहन्यायाधिवक्ता), राष्ट्रिय न्यायिक प्रतिष्ठान, नेपाल ।

२ लोकतान्त्रिक संविधानका आधारहरु, सारथी अध्ययन तथा अनुसन्धान केन्द्र काठमाण्डौं नेपाल, पृष्ठ १०५ ।

३ ऐजन, पृष्ठ १०६ ।

यसै सन्दर्भमा यस आलेखमा व्यक्तिको वैयक्तिक गोपनीयताको हकको सुनिश्चितता र संरक्षण गर्नका लागि रहेका अन्तर्राष्ट्रिय कानूनी संयन्त्र, नेपाल कानून र कानूनको प्रभावकारी कार्यान्वयनको लागि अपनाउनु पर्ने उपायाहरुको बारेमा चर्चा गर्ने जमर्को गरिएको छ ।

२. अन्तर्राष्ट्रिय कानूनी संयन्त्र

अन्तर्राष्ट्रिय कानूनहरुको रुपमा रहेका मानव अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, मानव अधिकार सम्बन्धी विभिन्न सन्धि र महासन्धिहरु समेतका दस्तावेजहरुमा मानवको नैसर्गिक अधिकारलाई समेटेको पाइन्छ । ती दस्तावेजहरुमा प्रत्येक व्यक्तिलाई मर्यादितरुपमा आत्मसंम्मानपूर्वक बाच्न पाउने अधिकार हुने कुरा उल्लेख छ । संयुक्त राष्ट्र संघले जारी गरेको मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ मा प्रत्येक व्यक्तिलाई जीवन, स्वतन्त्रता, समानता र सुरक्षाको अधिकार हुने, भेदभावरहित व्यवहार पाउने, अमानवीय व्यवहार नगरिने समेतका अधिकार हुने कुरा उल्लेख छ । यस घोषणा पत्रले उल्लेखित हक अधिकारको उल्लङ्घन भएमा सक्षम निकायबाट निष्पक्ष सुनुवाइ गरी प्रभावकारी उपचार पाउने समेतका व्यवस्था हुनु पर्ने मान्यता राखेको छ । यस घोषणापत्रको धारा १२ मा 'कुनै पनि व्यक्तिको गोपनीयता, परिवार, घर वा पत्राचारमा स्वेच्छाचारी रुपमा जथाभावी हस्तक्षेप र व्यक्तिको प्रतिष्ठा तथा ख्यातिमा गैर कानूनी अतिक्रमण गरिने छैन । हरेक मानिसलाई यस्तो हस्तक्षेप र अतिक्रमण विरुद्ध कानूनी संरक्षण पाउने अधिकार हुनेछ[४] भनी उल्लेख छ । साथै नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १७ ले पनि सोही घोषणापत्रको मान्यता अनुरुप नै व्यक्तिको गोपनीयताको हकलाई सुनिश्चित गरेको छ ।[५]

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ को धारा १६ मा बालबालिकाको निजिपना, घर, परिवार वा पत्राचार माथि बलजफ्ती वा गैरकानूनी हस्तक्षेप नगरिने, उनीहरुका मर्यादा र इज्जत माथि गैर कानूनी आक्रमण गरिने नगरिने र यस्तो आक्रमण विरुद्ध कानूनी संरक्षण पाउने बालबालिकाको अधिकार हुने[६] कुरा उल्लेख छ । अपराध तथा अख्तियारको दुरुपयोग पीडितका लागि न्याय सम्बन्धी आधारभूत सिद्धान्तको घोषणापत्र १९८५ को धारा ६ मा पीडितलाई हुने असुबिधा कम गर्न तथा आवश्यकता अनुसार तिनीहरुको गोपनीयताको संरक्षण गर्ने, बचाउ निश्चित गर्ने र पीडकबाट हुन सक्ने धाकधम्की र प्रतिशोधबाट तिनका परिवार र साक्षीहरुको सुरक्षाको प्रत्याभूति गर्ने[७] समेतका व्यवस्था गरेको छ । साथै बालबालिकाको बेचबिखन, बाल देहव्यपार र अश्लिल चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको ऐच्छिक प्रलेख, २००० मा उपयुक्तता अनुसार पीडित बालबालिकाहरुको गोपनीयता र पहिचानलाई संरक्षण गर्न र पीडित बालबालिकाहरुको परिचय खोल्ने खालका सुचनाको प्रवाहलाई रोक्न राष्ट्रिय कानून बमोजिम उचित उपायाहरु अपनाउनु पर्ने[८] समेतका व्यवस्था रहेका छन् । अपराध पीडित तथा साक्षी बालबालिका संलग्न रहेका मामिलामा न्याय सम्बन्धी मार्ग दर्शनको १० नम्वरमा गोपनीयताको अधिकार सम्बन्धी व्यवस्था रहेको छ । साथै बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र संघीय न्युनतम् मापदण्डको नियमावली, १९८५ (बेइजिङ नियमावली) मा नचाहिदो प्रचारप्रसार वा कलंकित पार्ने कुराबाट बालबालिकालाई हुन सक्ने हानिबाट बर्जित गर्नका लागि बालबिज्याइकर्ताको व्यक्तिगत गोपनीयताको अधिकारलाई

---

४ **The Universal Declaration of Human Rights, 1948, Article, 12 (No one shall be subjected to arbitrary interference with his privacy, family, home or correspondence, nor to attacks upon his honour and reputation. Everyone has the right to the protection of the law against such interference or attacks.**

५ **International Covenant on Civil and Political Rights, 1966, Article 17.) (1) no one shall be subjected to arbitrary or unlawful Interference With His Privacy, family, home or correspondence, nor to unlawful attacks on his honour and reputation. (2) Everyone has the right to the protection of the law against such interference or attacks.**

६ Child Right Convention, 1989, Article 16

७ Declaration of Basic Principles of Justice for Victims of crime and Abuse of Power, 1985, Article 6 (d)

८ Optional protocol to CRC on sale of children, child prostitution pornography and trafficking, 2000 -Article 8 (1) (E)

सबै चरणमा सम्मान गरिनेछ । यी बालबालिकाको हकमा रहेका दस्तावेजहरुले सिद्धान्तः बाल कसूरदारलाई चिनाउन सक्ने कुनै पनि जानकारीलाई प्रकाशमा ल्याइने छैन[९] भन्ने समेतका मान्यतालाई अघि बढाएको छ ।

त्यस्तै भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ को धारा ३२ मा उपयुक्तता अनुरुप साक्षी, विशेषज्ञको गोप्यता कायम राख्ने तथा उनीहरुको पहिचान र अवस्थितिको खुलासा गर्न सिमा तोक्न अनुमति दिने जस्ता कार्यबिधि स्थापित गर्नु पर्ने[१०] समेतका व्यवस्था रहेका छन् भने अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान[११] र यसको प्रकृया र प्रमाण सम्बन्धी नियमावलीको नियम ८७ मा पनि मुद्दाका पीडित र साक्षीको गोपनीयता कायम गर्नु पर्ने[१२] समेतका व्यवस्था रहेको छ । साथै महिला तथा बालबालिकाको बेचबिखनलाई रोकथाम गर्ने दबाउने र सजाय गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघीय अन्तरदेशिय महासन्धिको इच्छाधिन आलेखको धारा १६ मा यस अपराधका पीडितको पहिचान गोप्य राख्नु पर्ने र निजहरुलाई संरक्षण गर्नु पर्ने[१३] समेतका व्यवस्था रहेका छन् ।

केही देशहरुले संविधानमा नै गोपनीयताको हकलाई मौलिकहकको रुपमा समेत प्रत्याभूत गरेको पाइन्छ भने कतिपय देशमा त्यहांका सर्वोच्च न्यायिक निकायहरुले संविधानमा रहेका अन्य मौलिक हकको व्याख्याद्वारा गोपनीयताको हक र सो हकको महत्वलाई स्थापित गरेको समेत पाइन्छ । संयुक्त राज्य अमेरिकाको संविधानमा गोपनीयताको हकलाई स्पष्टरुपमा उल्लेखन भएको छैन । तथापी त्यहाको संविधानमा चौथो संशोधन गर्दा थपिएको अनुचित खानतलासी र बरामदी बिरुद्धको अधिकार (Right against Unreasonable search and seizures) को बारेमा अदालतबाट भएको ब्याख्याबाट त्यहा गोपनीयता सम्बन्धी अधिकारले मूर्तरुप पाएको देखिन्छ ।[१४] त्यसैगरी भारतको संबिधानमा पनि गोपनीयता हक मौलिक हकको रुपमा उल्लेख नभए पनि सो संविधानको धारा २१ मा रहेको जीवन र वैयक्तिक स्वतन्त्रताको हकको बारेमा व्याख्या गर्दै त्यहाको सर्वोच्च अदालतले Kharak Singh Vs. State of U. P.[१५] को मुद्दामा गोपनीयता व्यक्तिको सम्मानपूर्वक जीवन यापन गर्ने कुरासँग सम्बन्धीत रहेको भनी र Govind vs. State of M. P.[१६] को मुद्दामा जीवनको हक र वैयक्तिक स्वतन्त्रताको हक अन्तर्गत गोपनीयताको हक पनि अन्तर्निहित हुने भनी व्याख्या गरेको पाइन्छ । यसरी संयुक्त राज्य अमेरिका र भारतको संविधानमा गोपनीयताको हक मौलिक हकको रुपमा उल्लेखन नभए भए पनि अदालतबाट भएको व्याख्याबाट गोपनीयताको हक वैयक्तिक स्वतन्त्रताको एक प्रमुख आधारको रुपमा स्थापित भएको पाइन्छ ।

उल्लेखित अन्तर्राष्ट्रिय कानूनी दस्तावेजहरुका साथै न्यायिक अभ्यासबाट समेत व्यक्तिको गोपनीयताको हकलाई उच्चतम महत्व दिई सुनिश्चित गरेको पाइन्छ । साथै विशेष प्रकृतिका फौजदारी मुद्दामा पक्षको रुपमा संलग्न हुने महिला तथा बालबालिकाको अधिकार संरक्षण गरी सुरक्षाको प्रत्याभूति गर्न निजहरुको पहिचान गोप्य राखी आवश्यक संरक्षण गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

३. राष्ट्रिय कानूनी व्यवस्था

नेपाल अधिराज्यको संविधान, २०४७ ले पहिलो पटक संविधानमा नै गोपनीयताको हकलाई मौलिक हकको रुपमा सुनिश्चित गरेको थियो । तत् पश्चात नेपालको अन्तरिम संविधान, २०६३ र विद्यमान नेपालको संविधानले

---

९ UN Standard Minimum Rules for the Administration of Juvenile Justice (Beijing Rules), 1985 Rule 8.

१० The United Nations Convention against Corruption, 2003, Article 32

११ Rome Statute of the ICC 1998, (Art.57 para. 3(c) and Art.68 para.(1))

१२ Rule of Procedures and Evidence of the ICC, 2000 (Rule 87, para 3)

१३ Protocol to Prevent, Suppress and Punish Trafficking in Persons, Especially, Women, Children, Supplementing the UN Convention Against Transitional Organized Crime, 2000, Article, 16)

१४ लोकतान्त्रिक संविधानका आधारहरु, सारथी अध्ययन तथा अनुसन्धान केन्द्र काठमानण्डौं नेपाल, पृष्ठ १०७

१५ AIR 1963 SC 1295 (cited in मौलिक हक संबन्धी स्रोत सामाग्री, महान्यायाधिवक्ताको कार्यालय, काठमाण्डौं, नेपाल पेज नं. १२२)

१६ AIR 1975 SC 1378 (cited in लोकतान्त्रिक संविधानका आधारहरु, सारथी अध्ययन तथा अनुसन्धान केन्द्र काठमानण्डौं नेपाल, पृष्ठ १०७)

यसलाई निरन्तरता दिएको छ । नेपालको संविधानमा मौलिक हकको रुपमा रहेको सूचनाको हकमा 'प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुने छ तर कानून बमोजिम गोप्य राख्नु पर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन'[१७] भनी उल्लेख छ । त्यसै गरी मौलिक हकको रुपमा रहेको गोपनीयताको हक[१८] मा 'कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ' भनी उल्लेख छ । संविधानमा रहेको यस प्रावधानबाट राज्यले तोकिएको निश्चित अवस्थामा गोपनीयताको हकमा केही सीमा लगाउने गरी कानून बनाउन सक्ने र कानून बमोजिम मात्र व्यक्तिको गोपनीयता हनन हुन सक्ने देखिन्छ । तर सो प्रयोजनका लागि निर्माण गरिएका कानून संविधान सम्मत, उचित र न्यायसंगत हुनु पर्दछ । साथै नागरिकको सूचनाको हक र व्यक्तिको गोपनीयताको हकको बीचमा पनि निश्चित सीमा निर्धारण गरी यी दुई हकको बीचमा संतुलन कायम गर्नु पर्ने देखिन्छ ।

३.१ वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५

नेपालको संविधानको धारा २८ ले सुनिश्चित गरेको गोपनीयता सम्बन्धी हकको कार्यान्वयनको लागि वैयक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ निर्माण गरी लागू गरिएको छ । साथै ऐन कार्यान्वयनमा सहजता ल्याउनका लागि वैयक्तिक गोपनीयता सम्बन्धी नियमावली, २०७७ बनाई लागू गरिएको छ । यस ऐनले व्यक्तिको जीउ, आवास, सम्पति, लिखत, तथ्याङ्क, पत्राचार तथा चरित्र सम्बन्धी विषयको गोपनीयताको हकलाई सुनिश्चित गर्ने, सार्वजनिक निकायमा रहेका वैयक्तिक सूचनाको संरक्षण गर्ने तथा व्यक्तिको गोपनीयता अनतिक्रमण हुन नदिई मर्यादित जीवनस्तर प्रवर्धन गर्ने[१९] उद्देश्य राखेको छ । यस ऐनमा आवास, वैयाक्तिक सूचना, सार्वजनिक निकाय, संगठित संस्था समेतका शब्दावलीको परिभाषा गरिएको छ । साथै यस ऐनमा व्यक्तिका गोपनीयता कायम गरिनु पर्ने विषय र सो मा रहेका अपवादको बारेमा समेत उल्लेख छ ।

यस ऐनमा उल्लेखित व्यक्तिगत र पारिवारिक जीवनको गोपनीयता[२०] मा व्यक्तिको निजी जीवनसँग सम्बन्धीत जैविक वा आनुवांशिक पहिचान, लैंगिक पहिचान, यौनिकता, यौन सम्बन्ध, गर्भाधान, कुमारित्व, पुरुषत्व, शारिरिक रोग लगायतका व्यक्तिको शारीरिक तथा निजी जीवनको गोपनीयता कायम हुने विषयलाई समेटिएको छ । साथै यस अन्तर्गत फौजदारी कसूरको अनुसन्धान, शरीर वा स्वास्थ्य परिक्षण र आपत कालीन उद्दार कार्य गर्दाको अवस्थामा बाहेक व्यक्तिको मञ्जुरी विना शारिरिक गोपनीयता, परिवारिक गोपनीयता, प्रजनन स्वास्थ्य र गर्भावस्था सम्बन्धी गोपनीयता अनतिक्रम्य हुने भनी स्पष्ट रुपमा उल्लेख गरिएको छ ।

आवास सम्बन्धी गोपनीयता[२१] मा विपद् व्यवस्थापन तथा आपद्कालीन उद्दार गर्ने प्रयोजनको लागि बाहेक कुनै व्यक्तिको निजि जीवनको गोपनीयता भंग हुने गरी आवासमा प्रवेश गर्ने, गराउने, खानतलासी गर्न नहुने, सम्बन्धीत व्यक्तिको मञ्जुरी बेगर आवासमा सूचना संकलन हुने गरी सिसि क्यामेरा जडान गर्न नहुने, फौजदारी कसूरमा संलग्न रहेको व्यक्तिको आवासमा खानतलासी लिनु पर्ने भएमा लिखित सूचना दिनु पर्ने समेतका व्यवस्था रहेको छ ।

---

१७ नेपालको संविधान, धारा २७

१८ ऐजन, धारा २८

१९ वैयक्तिक गोपनीयता सम्बन्धी ऐन,२०७५, प्रस्तावाना

२० ऐजन, दफा ३ देखि ६

२१ ऐजन, दफा ७, ८, ९

सम्पति सम्बन्धी गोपनीयता[२२] मा व्यक्तिको सम्पत्तिको विवरण गोप्य राख्न पाउने अधिकार, सम्पत्ति धनीको मञ्जुरी विना निजको घर, जग्गा र सवारी साधन लगायतमा अनधिकृत प्रवेश गर्न नहुने समेतका व्यवस्था रहेका छन् । यसैगरी लिखत, तथ्यांक र पहिचान सम्बन्धी गोपनीयता[२३] मा व्यक्तिको सार्वजनिक निकायम रहेका लिखत निश्चित अवस्थामा बाहेक सार्वजनिक गर्न गराउन नहुने व्यवस्था रहेको छ । साथै यस ऐनमा पत्राचार सम्बन्धी गोपनीयता,[२४] चरित्र सम्बन्धी गोपनीयता,[२५] तस्वीर खिच्न वा बिक्री गर्न नहुने, [२६] अनसुन्धानको सिलसिलामा रहेको व्यक्तिलाई सार्वजनिक गर्न नहुने,[२७] कुरा उल्लेख छ । साथै दफा १८ मा व्यावसायिक गोपनीयतालाई संरक्षण गरिएको छ । विद्युतीय माध्यम र गोपनीयतालाई दफा १९ मा सार्वजनिक स्थलमा सूचना गरी शौचालय, स्नान गृह जस्ता स्थान बाहेकका स्थानमा सिसि टिभि क्यामेरा जडान गर्न पाइने,[२८] कुनै व्यक्तिको आवास, वा कार्यालयमा निगरानी वा जासुसी गर्न नहुने[२९,] संरक्षित वा सुरक्षा संवेदनशिल क्षेत्र वा कसैको निजि निवासमा ड्रोन प्रयोग गर्न नहुने[३०] र कानुन बमोजिम बाहेक वैयक्तिक सूचना सङ्कलन गर्न नहुने[३१] र दफा २५ मा संकलित सूचनाको संरक्षण गर्ने व्यवस्था रहेका छन् ।

यस ऐनले निषेध गरेका उल्लेखित कार्यलाई कसूर भनी घोषित गरी सो कसूर गर्न संलग्न हुनेलाई तीन वर्ष सम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय हुने र पीडितले क्षतिपूर्ति पाउने व्यवस्था रहेको छ । कुनै व्यक्तिको मञ्जुरी नलिई निजको जीऊ वा निजको साथमा रहेको वा निजले प्रयोग गर्ने कुनै वस्तुको तलासी लिने कार्य (दफा ५ (१)), कसैले कुनै व्यक्तिको चरित्र वा प्रतिष्ठामा क्षति पुग्ने गरी निजको मञ्जुरी विना तस्विर खिच्न वा निजको तस्विरसँग अरु कसैको तस्विर राखी वा एक व्यक्तिको तस्विरको केही अंश अर्को व्यक्तिको तस्विरको अर्को अंशसँग मिलाई अकै तस्विर बनाउन, प्रकाशन गरी गरेको कसूर (दफा १६), निगरानी वा जाससुी गरेको सम्बन्धी कसूर (दफा २१), ड्रोन प्रयोग गरेको सम्बन्धी कसूर (दफा २२), कानून बमोजिम बाहेक वैयक्तिक सूचना सङ्कलन गरेको सम्बन्धी कसूर (दफा २३ (१) र (३)), सहमति विना वैयक्तिक सूचनाको उपयोग गरेको सम्बन्धी कसूर (दफा २६ (१)) र संवदनशील सूचना प्रशोधन गरेको सम्बन्धी कसूर (दफा २७ (१)) समेतका कसूर मुलुकी फौजदारी कार्यविधि संहिताको अनसुची-१ मा समावेश भएको हुदा यी मुद्दा सरकार वादी फौजदारी मुद्दाको रुपमा रहेका छन् । यस किसिमका मुद्दाको अनुसन्धान प्रहरीले, अभियोजन निर्णय सरकारी वकीलले गरी मुद्दा सम्बन्धीत जिल्ला अदालतमा दायर हुन्छ । सो बाहेकका यस ऐन अन्तर्गतका अन्य कसूर गरेकोमा सरोकारवाला व्यक्तिले जिल्ला अदालतमा उजूर गर्न सक्ने व्यवस्था रहेको छ।

उल्लेखित वैयक्तिक गोपनीतयता सम्बन्धी ऐनको अतिरिक्त व्यक्तिको व्यक्तिगत गोपनीयता कायम गर्ने सम्बन्धमा प्रचलित कानूनहरुमा रहेका व्यवस्थाहरु यस प्रकार रहेका छन् ।

३.२ मुलुकी अपराध संहिता, २०७४

यस संहिताको परिच्छेद ३ मा वैयक्तिक गोपनीयता तथा प्रतिष्ठा विरुद्धको कसूर सम्बन्धी व्यवस्था रहेको छ । जसमा दफा २९३ देखि दफा ३०४ सम्म गोपनयीता विरुद्धको कसूरको बारेमा उल्लेख छ । उक्त दफाहरुमा

२२ ऐजन, दफा १०
२३ ऐजन दफा ५ र ६
२४ ऐजन दफा १४
२५ ऐजन दफा १५
२६ ऐजन दफा १६
२७ ऐजन दफा १७
२८ ऐजन दफा २०
२९ ऐजन दफा २१
३० ऐजन दफा २२
३१ ऐजन दफा २३

अर्काको कुरा सुन्न वा ध्वनी अंकन गर्न नहुने, व्यवसायिक कामको सिलसिलामा थाहा भएको गोप्य कुरा प्रकट गर्न नहुने, अनुमति विना कुनै व्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरुप बिगार्न नहुने र एकको तस्बीर अर्कोलाई दिन नहुने, चिठ्ठी खोल्न वा टेलिफोनमा गरेको कुरा सुन्न नहुने, विद्युतीय माध्यमबाट गोपनीयता भंग गर्न नहुने, छलकपटपूर्ण टेलिफोन वा सन्देश प्रवाह गर्न नहुने, हैरानी पार्ने बद्रनियतले चिट्ठीपत्र लेख्न नहुने, अरुको शरीर खानतलासी गर्न नहुने र अरुको आवासमा अनधिकृत प्रवेश गर्न नहुने समेतका विषयहरु उल्लेख रहेका छन् । यी कसूरहरु मध्ये अनुमतिविना कुनै व्यक्तिको तस्वीर खिच्न वा तस्वीरको स्वरुप बिगार्ने र एकको तस्बीर अर्कोलाई दिने र अरुको आवासमा अनधिकृत प्रवेश गर्ने कसूरमा तीन वर्षसम्म कैद वा तीस हजार रुपैंयासम्म जरिवाना वा दुवै सजाय हुने र सो बाहेकका अरू कसूरमा उल्लेखित सजाय भन्दा केही कम कैद र जरिवाना हुन्छ ।

यस प्रकृतिका कसूर सम्बन्धी मुद्दा मुलुकी फौजदारी कार्यविधि संहिताको अनसुची-४ मा समावेश भएको हुँदा फिरादपत्रको रुपमा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला व्यक्तिले सम्बन्धीत अदालतमा दायर गर्न सक्ने[३२] व्यवस्था रहेको छ ।

अपराध पीडित व्यक्ति वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो व्यक्ति वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जतमा प्रतिकूल प्रभाव पार्न सक्ने वा निजलाई अभियुक्त वा अन्य कुनै पक्षबाट अनुचित डर, त्रास वा भय हुन सक्ने वा निजको जीउ ज्यानको सुरक्षामा प्रतिकूल असर पर्न सक्ने देखिएमा त्यस्तो व्यक्ति वा साक्षीको नाम, थर, वतन वा निजको बाबुको नाम वा निजको परिचय हुन सक्ने अन्य कुनै हुलिया गोप्य राख्न अनुसन्धान अधिकारीले सरकारी वकील मार्फत अदालतलाई अनुरोध गर्न सक्ने[३३] समेतको व्यवस्था यस संहितामा रहेका छन् ।

३.३ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

कुनै खास कसूरबाट पीडित व्यक्ति वा साक्षीको व्यक्तिगत परिचय गोप्य राख्न अदालतले आदेश दिएको मुद्दामा कसूरको अनुसन्धान, अभियोजन, मुद्दाको कारबाही, सुनुवाइ, फैसला, फैसला कार्यान्वयन र सो पश्चात् समेत पीडित र साक्षीको नाम, थर, वतन हुलिया लगायतका निजको परिचय हुन सक्ने अन्य सम्बद्ध विवरणहरू गोप्य राख्नु पर्ने, सो विवरण थाहा पाउने कुनै पक्ष वा व्यक्तिले त्यस्तो विवरण प्रचार—प्रसार गर्न नहुने, गोप्य राखिएका विवरणलाई छुट्टै सांकेतिक नाम दिई सो विवरण र सांकेतिक नामलाई तोकिएको ढाँचामा राखी सिलबन्दी गरी मिसिल संलग्न गर्नु पर्ने र गोपनीयता कायम गरिएका विवरण, सोको सांकेतिक नाम र मुद्दाको नाम नम्बर छुट्टै रजिष्टरमा अभिलेख राख्नु पर्ने र व्यक्तिगत परिचय गोप्य राखिएका मुद्दाको सनुवाइ बन्द इजलासमा गर्नु पर्ने[३४] समेतका व्यवस्था रहेका छन् ।

३.४ मुलुकी देवानी संहिता, २०७४

यस संहितामा कानून बमोजिम बाहेक कसैले सम्बन्धीत व्यक्तिको मञ्जुरी नलिई कुनै व्यक्तिको बासस्थानमा प्रवेश गरेमा, कसैको चिठ्ठीपत्र खोलेमा वा त्यसको प्रयोग गरेमा, टेलिफोन वा अन्य प्रविधिको माध्यमबाट भएको कुराकानी बोली ध्वनीको टेप वा रेकर्ड गरेमा वा सुनेमा, कुनै व्यक्तिको निजी जीवनको व्यवहार आचरणको चियो चर्चा प्रकाशन प्रशारण वा प्रचार गरेमा, कसैको आकृति वा तस्बीर खिचेमा, अरुको नाम आकृति तस्बीर वा आवाजको नक्कल गरी सार्वजनिक गरेमा गोपनियताको अधिकार अतिक्रमण भएको मानिने व्यवस्था रहेको छ ।[३५] साथै कुनै पक्ष वा साक्षीको परिचय सार्वजनिक गर्दा त्यस्तो पक्ष वा साक्षीको सामाजिक प्रतिष्ठा वा इज्जत उपर

३२ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, दफा ४३
३३ ऐजन, दफा १८३(१)
३४ मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५, नियम ६४
३५ मुलुकी देवानी संहिता, २०७४ दफा २१

प्रतिकुल प्रभाव पर्न सक्ने वा निजको जीउ ज्यानको सुरक्षामा प्रतिकूल हुन सक्ने देखिएमा त्यस्तो पक्ष वा साक्षीको नाम थर वतन, बाबु आमाको नाम समेतका परिचय खुल्न सक्ने अन्य कुनै हुलिया विवरण गोप्य राख्न सम्बन्धीत पक्षले अदालतलाई अनुरोध गर्न सक्ने[३६] समेतका व्यवस्था छन् ।

३.५ मुलुकी देवानी कार्यविधि नियमावली, २०७५

मुलुकी देवानी संहिताको दफा २७६ बमोजिम मुद्दाको कुनै पक्ष वा साक्षीको व्यक्तिगत परिचय मुद्दाको सबै प्रकृया गोप्य राख्नु पर्ने[३७] व्यवस्था छ । साथै बन्द इजलासबाट हेरिने मुद्दाका कागजातको प्रतिलिपि वादी प्रतिवादी पीडित तथा निजको कानून व्यवसायी बाहेक अरुलाई दिनु नहुने, मुद्दाको पीडितको व्यक्तिगत परिचय खुल्ने गरी समाचार सम्प्रेषण गर्न व्यक्त गर्न नहुने,[३८] समेतका व्यवस्था रहेका छन् ।

३.६ सर्वोच्च अदालत नियमावली, २०७४

यस नियमावलीले जाससुी, बालबालिका, करणी सम्बन्धी, मानव बेचनबखिन, नाता कायम, सम्बन्ध विच्छेद मुद्दा वा अन्य कानूनले बन्द इजलासबाट सुनुवाई हुने भनी तोकिदिएका मुद्दा वा खुला इजलासबाट सुनुवाई गर्न मनासिब नभएकोले बन्द इजलासबाट सुनुवाई गर्ने भनी आदेश दिएका मुद्दाको सुनुवाइ बन्द इजलासबाट सुनुवाई हुने ब्यवस्था रहेको छ ।[३९] यस्तै व्यवस्था उच्च अदालत नियमावली, २०७३ को नियम १०८ मा समेत रहेको छ ।

३.७ प्रमाण ऐन, २०३१

प्रमाण लिन हुने नहुने कुराका साथै प्रमाणको मूल्यांकनको सम्बन्धमा बिस्तृतरुपमा उल्लेख भएको यस ऐनमा व्यक्तिको पारिवारिक सम्बन्ध र कार्यालयमा रहेको लिखतको गोपनीयता कायम गर्ने सम्बन्धमा समेत विशेष व्यवस्थाहरु गरिएका छन् । जसमा पक्षको आमाबाबुलाई गवाहदिन कर नलाग्ने,[४०] पति पत्नीका बीचको कुरा प्रकट गर्न नहुने,[४१] सरकारी कार्यालयमा रहेको अप्रकाशित सरकारी लिखतका कुरा प्रकट गर्न नहुने,[४२] सरकारी कर्मचारीलाई प्राप्त भएको जानकारी प्रकट गर्न कर नलाग्ने,[४३] प्रहरी कर्मचारीलाई अपराध घटेको कुराको जानकारीको स्रोत प्रकट गर्न कर नलाग्ने,[४४] कानून व्यवसायीले आफ्नो पक्षले दिएको जानकारी प्रकट गर्न नहुने,[४५] र कुनै व्यक्ति र निजको व्यावसायिक कानूनी सल्लाहकारको बीचमा भएको कुरा प्रकट गर्न पक्षलाई कर नलाग्ने[४६] समेतका विषयलाई समेटेको पाइन्छ ।

३.८ सूचनाको हक सम्बन्धी ऐन, २०६४

राज्यका काम कारबाहीलाई लोकतान्त्रिक पद्दति अनुरुप खुल्ला र पारदर्शी बनाई नागरिक प्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउने उद्देश्य रहेको यस ऐनमा पनि राज्यका केही महत्वपूर्ण र संवेदनशील कुराहरू गोपनीयताको हक अन्तर्गत पर्ने भनी सो सूचनाको गोपनीयता कायम राख्नु पर्ने ब्यवस्था रहेको छ । यस अन्तर्गत नेपालको

---

३६ ऐजन दफा २७६(१)
३७ मुलुकी देवानी कार्यविधि नियमावली, २०७५ नियम ६४(१)
३८ ऐजन नियम ६३(२)
३९ सर्वोच्च अदालत नियमावली, २०७४, नियम ८१
४० प्रमाण ऐन, २०३१, दफा ४०
४१ ऐजन दफा ४१
४२ ऐजन दफा ४२
४३ ऐजन दफा ४३
४४ ऐजन दफा ४४
४५ ऐजन दफा ४५
४६ ऐजन, दफा ४६

सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति सुव्यवस्था वा अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीर खलल पार्ने, अपराधको अनुसन्धान, तहकिकात तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक, व्यापारिक तथा मौद्रिक हित वा बौद्धिक सम्पत्तिको संरक्षण वा बैंकिङ्ग वा व्यापारिक गोपनीयतामा गम्भीर आघात पार्ने, विभिन्न जातजाति वा सम्प्रदाय बीचको सुसम्बन्धमा प्रत्यक्ष रुपमा खलल पार्ने र व्यक्तिगत गोपनियता र व्यक्तिको जीउ, ज्यान, सम्पत्ति, स्वास्थ्य वा सुरक्षामा खतरा पुर्‍याउने विषयहरु समेटेको छ ।[४७] साथै यस ऐनमा सूचना दिने सूचनादाताको पहिचान गोप्य राख्नु पर्ने[४८] समेतका व्यवस्थाहरु रहेका छन् ।

३.९ बालबालिका सम्बन्धी ऐन, २०७५

यस ऐनमा प्रत्येक बालबालिकालाई आवास सम्पत्ति लिखत तथ्याङ्क पत्राचार र चरित्र सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुने[४९] बालबालिकाको चरित्रमा आघात पार्ने वा निजलाई लाज ग्लानी वा अपहेलना हुने किसिमको निजको व्यक्तिगत सूचना विवरण फोटो भिडियोको सिर्जना सूचना प्रकाशन मुद्रण प्रदर्शन विक्री वितरण वा कुनै पनि माध्यमबाट प्रवाह गर्न गराउनु नहुने,[५०] बाल अधिकारको उल्लंघन नहुने गरी सूचना प्रकाशन गर्नु सञ्चार क्षेत्रको दायित्व हुने समेतका व्यवस्था रहेको छ । साथै पीडित बालबालिकाका अधिकार[५१] मा व्यक्तिगत परिचयात्मक विवरण गोप्य राख्न पाउने, बन्द इजलासबाट आफ्नो मुद्दाको सुनुवाइ हुने, कारबाहीका बखत आवश्यकता अनुसार प्रतिवादीको उपस्थितिलाई अप्रत्यक्ष तुल्याउन पाउने समेतका व्यवस्था रहेको छ । साथै बालबालिकाले बालन्याय सम्पादनको प्रक्रियामा कानूनको द्वन्द्वमा परेका बालबालिकाको गोपनीयता कायम गर्नु पर्ने[५२] र बाल अदालतमा विचाराधीन रहेको मुद्दासँग सम्बन्धीत बालबालिकाको परिचय खुल्ने कुनै पनि विवरण कुनै छापा वा विद्युतीय माध्यमद्वारा प्रकाशन वा प्रशारण गर्नु नहुने[५३] समेतका व्यवस्था रहेका छन् ।

३.१० मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

मानव बेचबिखन तथा ओसारपसारलाई नियन्त्रण गर्ने र पीडितलाई संरक्षण गर्ने उद्देश्य रहेको यस ऐनमा पनि जाहेरवाला तथा पीडितको संरक्षणका लागि व्यक्तिगत विवरण गोप्य राख्नु पर्ने व्यवस्था रहेको छ ।[५४] पीडितको स्वीकृति नलिई निजको वास्तविक नाम, तस्विर वा निजको चरित्रमा प्रतिकूल हुने कुनै विवरण प्रचार प्रसार गर्न नहुने[५५] र मुद्दाको कारबाही बन्द इजलासमा गरिने[५६] समेतका व्यवस्था रहेका छन् ।

त्यसैगरी घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६ मा पीडितले अनुरोध गरेमा उजूरी सम्बन्धी कारबाही र सुनुवाइ अदालतले बन्द इजलासमा गर्नु पर्न व्यवस्था रहेको छ । साथै कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२ र संगठित अपराध निवारण ऐन, २०७०, सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन,२०७५ र अपराध पीडित संरक्षण ऐन, २०७५ समेतका केही कानूनमा यस किसिमको व्यवस्था रहेको पाइन्छ ।

---

४७ सूचनाको हक सम्बन्धी ऐन, २०६४, दफा ३(३)
४८ ऐजन, दफा २९ (२)
४९ बालबालिका सम्बन्धी ऐन, २०७५, दफा ११(१)
५० ऐजन दफा ११(२)
५१ ऐजन दफा २५
५२ ऐजन दफा २६
५३ ऐजन, दफा ७८
५४ मानव बेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ दफा २०
५५ ऐजन दफा २५
५६ ऐजन दफा २६

४. न्यायिक दृष्टिकोण

व्यक्तिको गोपनीयताको हकलाई संरक्षण र प्रवर्धन गर्नका लागि सर्वोच्च अदालतबाट भएका केही प्रतिनिधिमूलक आदेशहरु निम्नानुसार रहेका छन् ।

(क) अन्नपूर्ण राणा वि. काठमाण्डौं जिल्ला अदालत समेत[५७]

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२ को गोपनीयताको हकको व्यवस्थाबाट व्यक्तिको निजी जीउ अङ्गको गोपनीयतामा अतिक्रमण गर्न नपाइने गरी गोपनीयताको हकको स्पष्ट व्यवस्था भएबाट अदालतकै आदेश भए पनि यदि शरीरको त्यस्तो गोप्य अङ्ग निजको मन्जुरी बेगर जाँच गर्न लगाइन्छ भने त्यसबाट व्यक्तिको गोपनीयताको हकबाट निजलाई वञ्चित गर्नु सरह नै हुने स्पष्ट देखिन आउँछ । यसर्थ निवेदिका अन्नपूर्ण राणाको योनी तथा पाठेघरको गाइनोक्लोजिष्टबाट परीक्षण गराउने भनी भएको आदेश नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २२ द्वारा प्रदत्त गोपनीयताको अनतिक्रम्य हकको उपेक्षा गरे सरह भई सो को विपरित हुन जाने र त्यसबाट व्यक्तिको गोपनीयताको हकबाट वञ्चित गर्नु सरह हुन जाने ।

(ख) निवेदक अधिवक्ता रोशनी पौड्यालसमेत र विपक्षी नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार समेत[५८]

"कोभिड-१९ र बन्दाबन्दीको अवस्थामा राज्यले महिलाका अधिकारको प्रत्याभूत, प्रचलन, संरक्षण तथा प्रवर्द्धन गर्न विपक्षीहरूका नाउँमा परमादेश, उत्प्रेषणलगायत उपयुक्त आज्ञा आदेश जारी गरिपाऊँ भनी दायर भएको यस निवेदनमा सर्वोच्च अदालतबाट महामारीले गर्दा निश्चित व्यक्ति, परिवार र समुदायका बीचमा लाञ्छना, घृणा द्वेषभाव, बहिष्करण, घृणाजन्य अपराधका घटनाहरू घटिरहेका छन् । भेदभाव र लाञ्छनाबाट संरक्षण गर्न गोपनीयता सम्बन्धी अधिकारको सुनिश्चितता हुनु जरूरी देखिन्छ । व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचनाहरू कुनै खास उद्देश्य र कानूनी प्रयोजनको लागि बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रूपमा व्यक्ति वा नागरिकको शोषण विरूद्धको हक, हिंसा विरूद्धको हक, गोपनीयताको हक, आत्मसम्मानका साथ बाँच्न पाउने हक र स्वास्थ्यको आधारमा विभेद नगर्ने हक सम्बन्धी स्थापित विधिशास्त्र, अन्तर्राष्ट्रिय कानून, नेपालको संविधान, वैयक्तिक गोपनीयताको हक सम्बन्धी ऐन, २०७५ को उद्देश्य एवम् ऐ. ऐनको दफा ३ र दफा ७ को समेत उल्लङ्घन हुन जाने" भनी व्याख्या भएको छ ।

(ग) निवेदक अधिवक्ता लुमासिंह विश्वकर्मा समेत वि. लोकेन्द्र बहादुर चन्द समेत[५९]

यस निवेदनमा सार्वजनिक ओहदामा बसेको व्यक्ति वा पदाधिकारीले आफ्ना परिवारका सदस्यका नाममा रहेको सम्पत्तिको विवरण सरकारलाई विश्वास गरेर दिएको हो । सार्वजनिक गराई माग्नलाई होइन । त्यस्तो विवरण सार्वजनिक गर्दा व्यक्तिको सम्पत्ति माथिको गोपनीयताको मौलिक हकमा गम्भिर असर पर्न जाने भनी उल्लेख छ।

(घ) निवेदक अधिवक्ता अच्युत प्रसाद खरेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को सचिवालय, सिंहदरबार समेत[६०]

स्वतन्त्रताको हकलाई सीमित तुल्याउने कानून उचित र तर्कसंगत छ छैन भन्ने जांच अदालतले गर्न सक्दछ । गोपनीयताको हक पनि राज्यले कानून बनाइ नियन्त्रण गर्न सक्ने हक हो । गोपनीयताको हकको निहुँमा अपराधको अनुसन्धान गर्न वा शंकित व्यक्तिलाई पक्राउ गर्नबाट रोक लगाउने हो भने समाजमा शान्ति कायम

---

५७ ने.का.प. २०५५ अंक ८ नि. नं. ६५८८

५८ ने. का. प. २०७७ अंक ६, नि. नं. १०५२६

५९ ने. का. प. २०६३ अंक ५, नि. नं. ७६९६

६० ने. का. प. २०६६ अंक १२, नि. नं. ८२७५,

गरी सुव्यवस्था बनाई राख्ने कार्य संभव नहुने हुनाले पक्राउ गर्दा गोपनियताको हक र वैयाक्तिक स्वतन्त्रता कुण्ठित हुने अर्थ गर्न नमिल्ने ।

(ङ) **बाबुराम अर्याल समेत वि. नेपाल सरकार समेत**[६१]

गोपनीयताको हक व्यक्तिको नितान्त गोप्य र नैसर्गिक अधिकार हो । व्यक्तिको निजी काम, कारबाही र गतिविधिहरूमा अनावश्यक रुपमा सरकार तथा तेस्रो पक्षबाट हस्तक्षेप नहुने प्रत्याभूति आधुनिक युगको गोपनीयताको हकको मुख्य उद्देश्य र विषय हो। गोपनीयता कुनै पनि व्यक्तिको एक्लै रहन पाउने अधिकार हो । यो Right to be alone सँग सम्बन्धीत छ । कुनै पनि व्यक्तिको जीवनमा सरकार तथा अन्य पक्षबाट हुने हस्तक्षेपलाई यसले पूर्णतः नकार्ने । कार्यपालिकाले पनि कानूनको अधीनमा रहेर मात्रै कार्य गर्न सक्ने हुनाले सूचनामा अनियन्त्रित पहुँच कार्यपालिकाको विशेषाधिकार हुन सक्दैन । कानून बमोजिम कुनै अपराध अनुसन्धानको सिलसिलामा जरुरी भै सूचनामा पहुँचको लागि कानूनमा अन्यथा नभए सम्म सम्बन्धीत जिल्ला अदालतबाट अनुमति लिने व्यवस्था मिलाउनु ।

(च) अधिवक्ता सपना प्रधान मल्ल विरूद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत[६२]

व्यक्ति वा नागरिकका अत्यन्त निजी सूचना कुनै खास कानूनी प्रयोजनका लागि खुला गर्नुपर्ने भएमा बाहेक खुला गर्न लगाइयो भने अनावश्यक रुपमा व्यक्ति वा नागरिक प्रतिरक्षा पंक्तिमा पुग्दछ र पूर्ण आत्मविश्वासका साथमा आफूले चाहेको काम गर्न नसक्ने अवस्था हुन सक्दछ । संविधानमा गोपनीयताको हकको व्यवस्था भएपनि कुन अवस्थाका व्यक्तिगत सूचना खुला हुने सो कानूनी व्यवस्था पनि आइसकेको छैन । उक्त कुरालाई हृदयङ्गम गर्दै उपयुक्त व्यवस्था समेटिएको विशेष प्रकृतिका मुद्दा मामिलामा पीडितको रुपमा संलग्न महिला, बालबालिका, पक्ष भएका वा एच.आई.भी. एड्स संक्रमित व्यक्ति पक्ष भएको मुद्दामा प्रहरीमा दर्ता हुने स्थितिदेखि फैसला गर्दा वा त्यसपछिको अवस्थामा समेत तोकिएको गोपनियताको स्तर कायम रहने गरी कानून निर्माण गर्न निर्देशन जारी हुने आदेश भै विशेष प्रकृतिका मुद्दाहरूको कारबाहीमा पक्षहरूको गोपनीयता कायम राख्ने सम्बन्धी कार्यविधि निर्देशिका, २०६४ समेत जारी भएको छ ।

(छ) ज्योति पौडेल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत[६३] भएको यस रिट निवेदनमा महिला पीडित भएका सबैखाले फौजदारी मुद्दा र खास गरी घरेलु हिंसा सम्बन्धी मुद्दा मात्र हेर्ने बेग्लै Fast Track Court गठन गर्न सर्वोच्च अदालतले नेपाल सरकारको नाममा आदेश जारी गरेको छ ।

उल्लेखित रिट निवेदनहरुमा सम्मानित सर्वोच्च अदालतबाट भएका आदेशहरुको अध्ययनबाट सम्मानित सर्वोच्च अदालतले व्यक्तिको जिउ, सम्पत्ति, तथ्यांक र सूचनाको गोपनीयता कायम गर्ने, संरक्षण गर्ने र विशेष प्रकृतिका फौजदारी मुद्दामा पक्षको रुपमा रहेका पीडित महिला तथा बालबालिकाको पहिचान र विवरणको गोपनीयता कायम गर्ने सम्बन्धमा ठुलो योगदान पुऱ्याएको देखिन्छ । साथै गोपनीयताको हकको प्रचलन गर्दा सार्वजनिक हितलाई मध्यनजर गर्नु पर्ने र व्यक्तिको गोपनीयताको हक र सार्वजनिक हितका बिचमा सन्तुलन कायम गर्नु पर्ने कुरामा विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

५. कानून कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपाय

व्यक्तिको गोपनीयताको हकको प्रत्याभूतिका लागि कतिपय देशहरुले अन्तर्राष्ट्रिय कानूनले सुनिश्चित गरेका आधारभूत कुरालाई समेटि संविधान र कानूनमा व्यवस्था गरेका छन् । नेपालले पनि संविधानमा नै मेलिक

६१ ने.का.प. २०७४, अंक १, नि. नं. ९७४०
६२ ने.का.प. २०६४, अंक ९, नि.नं. ७८८०
६३ ने.का.प. २०६७, अंक ९, नि. नं. ८४६४

हककोरुपमा व्यक्तिको गोपनीयताको हकलाई सुनिश्चित गरी यसको प्रभावकारी कार्यान्वयन समेतका लागि वैयाक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ का साथै अन्य केही कानूनमा यस सम्बन्धी व्यवस्था गरेको छ । उल्लेखित कानूनहरुमा व्यक्तिको वैयक्तिक गोपनीयता विरुद्धका तोकिएका केही कसूर सरकार वादी फौजदारी मुद्दाको रुपमा, केही कसूर दुनिया वादी फौजदारी मुद्दाका रुपमा तथा केही बिवाद देवानी मुद्दाको रुपमा समेत चल्न सक्ने व्यवस्था रहेको छ ।

वैयाक्तिक गोपनीयता सम्बन्धी ऐन, २०७५ विशेष कानून भएको हुँदा यस ऐनमा रहेका व्यवस्थाको हकमा सोही ऐनमा उल्लेखित व्यवस्था लागू हुन्छ भने यस ऐनमा उल्लेख भएका बाहेकका कुराको हकमा अन्य प्रचलित कानूनमा उल्लेखित व्यवस्था लागू हुने देखिन्छ । साथै माथि उल्लेखित केही विशेष कानूनहरुमा तोकिएको मुद्दाका पीडित पक्षका रुपमा रहेका महिला तथा बालबालिकाको पहिचान गोप्य राख्नु पर्ने व्यवस्था रहेको छ । सरकार वादी फौजदारी मुद्दाका पक्षका रुपमा रहेका महिला, बालबालिका र एच.आई.भी.एड्स प्रभावित व्यक्तिहरूको पहिचान गोप्य राख्ने सम्बन्धी कार्यविधि समेत सम्मानित सर्वोच्च अदालतबाट जारी भएको छ । यद्यापि उल्लेखित कानूनहरुको प्रभावकारी कार्यान्वयन हुन सकेको देखिँदैन । यस अवस्थामा सुधार ल्याई यी कानूनहरुको प्रभावकारी कार्यान्वयन गर्नका लागि निम्नानुसार गर्नु पर्ने देखिन्छ ।

(क) वैयक्तिक गोपनीयता कायम गर्ने सम्बन्धमा रहेका कानूनको बारेमा सम्बन्धीत सबै जानकार हुनु पर्दछ । व्यक्तिको गोपनीयताको हक, सो हकको हनन भएमा निजले पाउने उपचार, सो को प्रकृया तथा तोकिएका निश्चित मुद्दामा पक्षको रुपमा रहेका महिला तथा बालबालिकाको गोपनीयता कायम गर्ने व्यवस्था समेतका विषयमा व्यापकरुपमा कानूनी सचेतना कार्यक्रम संचालन गर्ने ।

(ख) वैयक्तिक गोपनीयताको संरक्षण र प्रवर्धन गर्ने जिम्मेवारी कानून कार्यान्वयन गर्ने, अभिलेख र सूचना ब्यवस्थापनको कार्य गर्ने संबद्ध पदाधिकारी, कर्मचारी र सम्बन्धीत सबैको जिम्मेवारीको विषय हो । गोपनीयताको हकसँग सम्बन्धीत कानूनको प्रभावकारी रुपमा कार्यान्वयन गर्न तत् तत् निकायमा कार्यरत कर्मचारी एवं कानून कार्यान्वयन गर्ने निकाय विशेष गरी अनुसन्धान गर्ने प्रहरी, सरकारी वकील र न्याय निरुपण गर्ने निकायमा कार्यरत जनशक्तिलाई केन्द्रित गरी दक्षता अभिवृद्धि तालिम संचालन गर्ने ।

(ग) नेपालको संविधानले गोपनीयताको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको र सो हकको कार्यान्वयन गर्नका लागि वैयाक्तिक गोपनियता सम्बन्धी ऐन, २०७५ जारी भएको भए पनि अन्य कानूनहरुमा पनि गोपनीयता सम्बन्धी प्राय एकै किसिमका विषयहरु समावेश भएको देखिदा ती कानूनको कार्यान्वयनमा कतिपय अवस्थामा दुविधा र कानूनको प्रयोगमा एकरुपकता समेत हुन सकेको छैन । तसर्थ उल्लेखित विभिन्न कानूनहरुमा छरिएर रहेका विषयहरुलाई समेटी वैयाक्तिक गोपनीयता सम्बन्धी सम्पूर्ण विषयलाई समेट्ने गरी छाता ऐन निर्माण गर्नु पर्ने आवश्यकता रहेको छ ।

(घ) वैयक्तिक गोपनीयताको विषय फौजदारी कानूनसँग पनि जोडिएको हुँदा सरकार वादी फौजदारी मुद्दामा संलग्न रहेका र गोपनीयता कायम राख्नु पर्ने गरी तोकिएका मुद्दाका पक्षको रुपमा रहेका महिला तथा बालबालिका संलग्न मुद्दाको कारवाही सबै चरणमा कानूनमा तोकिए बमोजिम निजहरुको पहिचान सहितको विवरण गोप्य राख्नु पर्दछ । तर यस किसिमका मुद्दाका पक्षको गोपनीयता कायम राख्न पालन गर्नु पर्ने कार्यविधिको प्रयोगमा एकरुपकता नरहेकोले अनुसन्धान गर्ने निकाय, अभियोजन गर्ने निकाय र मुद्दाको निरुपण गर्ने न्यायिक निकायमा कार्यरत जनशक्तिलाई यस सम्बन्धमा रहेको कानूनी व्यवस्था, गोपनीयता कायम गर्ने प्रकृया र कार्यविधि समेतलाई समेटि दक्षता अभिवृद्धि तालिम संचालन गर्ने । पीडित र बालबालिकामैत्री संचार र व्यवहार गर्ने कुरामा विशेष ध्यान दिने । साथै सम्बन्धीत निकायहरुमा पीडित र बालबालिकामैत्री भौतिक संरचनाको निर्माण गर्ने ।

सहअभियुक्तको पोल र जिरह सम्बन्धी कानूनी व्यवस्था र न्यायिक दृष्टिकोण

सोमकान्ता भण्डारी♦

"प्रमाण सिर्जना गरिदैन, संकलन गरिन्छ"

१. पृष्ठभूमि

न्याय प्रदान गर्नु भनेको सत्यको खोजी गर्नु हो। सत्यको खोजी वा पहिचानका लागि प्रमाणको भर पर्नु पर्दछ। प्रमाणलाई न्यायकर्ताको आँखाको रुपमा लिइन्छ। निर्णयको लागि न्यायिक निकायमा प्रस्तुत भएको विवाद समाधानका लागि मात्र नभई आफ्नो भनाइ ओजपूर्ण बनाउनका लागि समेत प्रमाणको संकलन, प्रस्तुतीकरण र मूल्यांकन अति महत्वपूर्ण हुन्छ। न्याय प्रदान गर्ने कार्य प्रमाणबाट पुष्टि भएको कुरालाई वैधानिकता दिने वा घोषणा गर्ने कार्य हो। विवादित विषयको सत्य, यथार्थको पहिचानका लागि प्रमाणको अपरिहार्यता भएको हुँदा प्रमाण सम्बन्धी व्यवस्था, प्रकृयालाई आधुनिक कानूनी व्यवस्थामा अत्यन्तै प्राथमिकतामा राखिएको पाइन्छ।

प्रमाण भनेको विवादित तथ्यलाई समर्थन वा खण्डित गर्न प्रस्तुत गरिने तथ्य वा वस्तु हो। अदालत वा न्यायिक निकाय समक्ष प्रस्तुत विवादित विषयलाई पुष्टि वा खण्डन गर्नका लागि प्रस्तुत गरिने तथ्य, साक्षी वा चिजवस्तु नै प्रमाण हो। प्रमाण मौखिक, लिखित वा दशीको रुपमा रहेको हुन्छ। जसले विवादित तथ्य र संवद्ध तथ्यलाई प्रमाणित वा खण्डन गर्नमा सहयोग पुर्‍याउँछ। यसरी प्रमाणले मुद्दाको तथ्यलाई प्रमाणित गर्ने वा खण्डन गर्ने कुरालाई बुझाउँदछ। प्रमाणले निर्णयकर्तालाई ठोस निर्णयमा पुग्न सघाउँदछ। त्यसकारण प्रमाण न्यायाधीशको पनि न्यायाधीशको रुपमा लिइन्छ। प्रमाणले कुनै कुराको अस्तित्व वा अनुपस्थितिको प्रमाणित गर्न मद्दत गर्दछ। न्यायिक सन्दर्भमा प्रमाण भन्नाले अदालत समक्ष उपस्थित तथ्यलाई प्रमाणित वा खण्डन गर्न प्रयोग गरिने साक्षीको बकपत्र वा लिखत, दसीलाई प्रमाणको उदाहरणको रुपमा लिन सकिन्छ। अदालत समक्ष विचाराधीन विषयसँग सम्बन्धीत तथ्यहरूका सम्बन्धमा व्यक्त गरिएको भनाई मौखिक प्रमाण हो। आफैले देखेको वा सुनेको वा अनुभव गरेको व्यक्तिले अदालतमा उपस्थित भई सो घटनाको बारेमा व्यक्त गर्दछ त्यो मौखिक प्रमाण हो। मौखिक प्रमाण प्रत्यक्ष हुनु पर्दछ। प्रत्यक्ष रूपमा देख्ने, सुन्ने, थाहा पाउने व्यक्ति स्वयंले अदालतमा उपस्थित भई व्यक्त गरेको हुनु पर्दछ। मौखिक प्रमाणमा व्यक्तिको भनाइ रहने हुँदा यसलाई गौण प्रमाण मानिन्छ। व्यक्तिले आफ्नो दिमाख प्रयोग गरी विषयवस्तुलाई आफू अनुकूल बनाई व्यक्त गर्न सक्ने वा कुनै दवाव, प्रभाव वा लोभ लालचमा परेर यथार्थ भन्दा भिन्न कुरा व्यक्त गर्न सक्ने संभावना रहने हुँदा यसलाई गौण प्रमाणको रूपमा लिने गरिएको हो। मौखिक प्रमाणमा व्यक्त गरिएका कुरा अन्य प्रमाणबाट समर्थन गरेको अवस्थामा यसको ग्राह्यता बढ्दछ।

सहअभियुक्त मुद्दामा अभियोग लगाइएको व्यक्ति हो। यस्तो व्यक्तिको भनाइ आफैमा मौखिक प्रमाण हो। समग्र मौखिक प्रणामालाई नै प्रमाणको ग्राह्यतामा प्रश्न चिन्ह लगाइन्छ। साथै मौखिक प्रमाण व्यक्तिले परिस्थिति अनुसार मनस्थिति बनाई बोल्न हुँदा सतर्कता साथ ती प्रमाण ग्रहण गरिनु पर्ने मानिन्छ। यस्तो अवस्थामा सहअभियुक्तको भनाइ के कस्तो अवस्थामा प्रमाणमा लिन सकिन्छ वा सकिँदैन। प्रमाणमा लिँदा के कस्ता कुरामा ध्यान पुर्‍याउनु पर्दछ। यसको ग्राह्यता कति रहन्छ। आदि विषयमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र प्रमाण ऐन,

♦ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

२०३१ मा भएका कानूनी व्यवस्था, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान समेतलाई मध्यनजर गरी सहअभियुक्तको पोल र जिरह साथै प्रामाणिक ग्राह्यताका सम्बन्धमा प्रस्तुत लेखमा समेट्ने प्रयास गरिएको छ।

२. मौखिक प्रमाण र परीक्षण

कुनै व्यक्तिले मुद्दाको सुनवाइको सिलसिलामा ठहर गर्नुपर्ने कुरा वा सम्बद्ध कुराको सम्बन्धमा अदालत समक्ष व्यक्त गरेको कुरालाई मौखिक प्रमाण भनिन्छ। मौखिक प्रमाणको प्रयोजनको लागि कुनै पनि व्यक्ति भन्नाले साक्षी, पक्षहरूले व्यक्त गरेका कुरा (साविती, स्वीकारोक्ति), विशेषज्ञ र विशेषज्ञ देखि बाहेक अरूको राय, मौकामा व्यक्त गरिएका कुरा, खास अवस्थामा व्यक्तिले व्यक्त गरेका खास खास कुराहरू, मृत्युकालीन घोषणा, वस्तुस्थिति मुचुल्का र अन्य मुचुल्कामा बुझिएका व्यक्ति आदि समेतलाई भन्न खोजिएको हो। यी सबै व्यक्तिलाई साक्षी भन्ने शब्द प्रयोग गर्न मिल्दैन र यिनीहरूलाई अदालतमा प्रमाण बुझ्दा अपनाउनु पर्ने कार्यविधिहरूमा केही अन्तरहरू छन्।[१]

फौजदारी मुद्दामा लिखित प्रमाणको तुलनामा दशी वा मौखिक प्रमाणको बाहुल्यता रहन्छ। दशी प्रमाण वैज्ञानिक रुपमा परीक्षण गरिने हुँदा ग्राह्यताका सबालमा समस्याको विषय हुँदैन। तर मौखिक प्रमाणलाई दशी प्रमाण सरह भरपर्दो प्रमाण मानिँदैन। व्यक्तिले सधैं सबै अवस्थामा सत्य बोल्दैन। नबोल्नुका कारण विभिन्न हुन सक्छन्। जस्तै दवाव, प्रभाव, परिस्थिति, प्रलोभव, आवश्यकता, बाध्यता आदि। यसलाई प्रमाणमा लिन मौखिक प्रमाण प्रत्यक्ष हुनु पर्ने मानिन्छ। मौखिक प्रमाण भित्र पीडित वा साक्षीको बकपत्र देखि सहअभियुक्तको पोल समेत पर्दछ। त्यस्ता व्यक्तिले घटनाका सम्बन्धमा आफूले देखेका, सुनेको वा थाहा पाएको कुरा स्वयं अदालतमा उपस्थित भई प्रमाण दिनु पर्दछ।

मौखिक प्रमाणलाई प्रमाणमा ग्रहण गर्न यसका कार्यविधिगत प्रकृयाहरु कानूनले निर्धारण गरेको छ। ती प्रकृयाहरु पूरा गरी लिइएका व्यक्तिका भनाइ मात्र प्रमाणमा लिन सकिन्छ। तथापि मौखिक प्रमाण मात्रै निर्णायक र अन्तिम प्रमाण हुन सक्दैन। मौखिक प्रमाणलाई अन्य लिखत वा दशी प्रमाणबाट समर्थन भएको हुनु पर्दछ । मौखिक प्रमाण प्रमाणमा लिनका लागि त्यस्तो व्यक्ति अदालतमा उपस्थित भई बकपत्र गर्नु पर्दछ। बकपत्र गर्नुभन्दा अघि शपथ गर्नु पर्दछ। विपक्षीलाई जिरह गर्ने मौका प्रदान गर्नु पर्दछ। अदालत स्वयंले निजले आफ्नो कुरा व्यक्त गर्दा गरेको हाउँ भाउ, ढाँचा काँचा हेर्नु पर्दछ। झुट्टा बकेमा निजलाई सजाय गरिन्छ। यी सम्पूर्ण प्रक्रियाहरू पूरा गरेर मात्र प्रमाणको रूपमा लिइन्छ। प्रमाण ऐन, २०३१ को दफा ३७ को उपदफा (२) ले मौखिक प्रमाण प्रत्यक्ष हुनुपर्ने अर्थात् कुनै कुरा देख्न, सुन्न वा कुनै इन्द्रियको सहयोगले थाहा पाउने खालको छ भने सो कुरा देख्ने सुन्ने वा आफ्नै इन्द्रियको सहयोगले थाहा पाउने व्यक्ति स्वयं अदालतमा उपस्थित भई प्रमाण दिनुपर्छ भन्ने उल्लेख छ।

३. सहअभियुक्त

एकै कसूरमा अभियोग लागेको व्यक्तिलाई अभियुक्त भनिन्छ (Person or people accused of same crime)।[२] कुनै कसूरजन्य कार्यमा संलग्न भएको भनी एक भन्दा बढी व्यक्तिहरू उपर अभियोग लगाइएको अवस्थामा ती अभियुक्तहरू मध्ये एक अर्काका लागि सहअभियुक्त हुन्छन्। कुनै फौजदारी अभियोगमा एक साथ धेरै व्यक्ति माथि एउटै अभियोगमा कारबाही चलाइएको छ भने ती व्यक्तिहरू एक अर्कामा परस्पर सहअभियुक्त हुन पुग्छन्। एकै कसूरमा मुख्य अभियुक्तका साथ फौजदारी अभियोग लागेको व्यक्ति सहअभियुक्त हो।[३] कुनै मुद्दामा एउटै अभियोगमा एकै पटक मुद्दा चलाइएका व्यक्तिहरू परस्पर सहअभियुक्त हुन्।[४] एकै वारदातमा एक भन्दा बढी व्यक्ति उपर अभियोग लागेकोमा उनीहरूको भूमिका अनुसार मुख्य अभियुक्त वा मतियारको रूपमा अभियोग लाग्न

---

१ प्रा.डा. रजितभक्त प्रधानाङ्ग, नेपाली प्रमाण कानूनको सामान्य परिचय, (२०७६), पैरवी बुक हाउस प्रा.लि. पृ. ५४ ।

२ https://www.google.com/search?q=meaning+of+Co-accused.

३ नेपाली बृहत् शब्दकोष, नेपाल प्रज्ञा प्रतिष्ठान, दशौं संस्करण ।

४ माधवप्रसाद आधार्य र रजितभक्त प्रधानाङ्ग, प्रमाण कानून, रत्न पुस्तक भण्डार, (२०५२), पृ. १०२–१०३ ।

सक्दछ। तथापि सहअभियुक्त मुख्य अभियुक्त वा मतियार दुवै हुन सक्दछन्। सहअभियुक्तहरू समानस्तरका अभियुक्त, मतियार र सरकारी गवाहको रूपमा रहेको विभिन्न किसिमका अभियुक्तहरू रहेका हुन सक्छन्।[५]

सहअभियुक्त हुन कुनै कसूरमा संलग्न रहेको भनी अभियोग लगाइएका व्यक्ति एक भन्दा बढी हुनु पर्दछ। त्यसमा कुनै एक अभियुक्त वा एक भन्दा बढी अभियुक्तले सो वारदातमा आफू वा अन्य अभियुक्तको संलग्नताका बारेमा उल्लेख गरेको अवस्थामा सहअभियुक्तको पोल हुन्छ। सहअभियुक्तको पोल हुनलाई समूहगत वा संगठित रुपमा कुनै वारदातमा सहभागिता आवश्कयता पर्दछ। सहअभियुक्तो विषयमा कुरा गर्दा मतियारको को हो ? मतियार र सहअभियुक्त बीचमा समानता र भिन्नता के के हुन्छन् ? आदिका विषयमा समेत स्षषट हुनु जरुरी हुन्छ ।

बृहत् अर्थमा सहअभियुक्त भित्र मतियार पनि पर्दछ। मतियार पनि सहअभियुक्त हो। मतियार र सहअभियुक्त दुवै हुन समूहगत वा संगठित रुपमा कसूरमा संलग्न भई वारदात घटाएको हुनु पर्दछ। कुनै एक व्यक्ति मात्र संलग्न भएको कसूरजन्य कार्यमा सहअभियुक्त वा मतियारको गुञ्जायस नै हुँदैन। सहअभियुक्त वा मतियार दुवै हुन वारदातमा कुनै न कुनै रुपमा संलग्नता वा सहभागिता हुनै पर्दछ।

सहअभियुक्त र मतियार बीच सुक्ष्म रुपमा हेर्दा शव्दगत भिन्नता रहेको देखिन्छ। यसका लागि मुख्य अभियुक्त मतियार बीचको भिन्नताबाट हेर्न अपराधमा संलग्न व्यक्तिहरू मध्ये को मुख्य र को सहायक अपराधी हो भनी छुट्टयाउने प्रमुख आधार उनीहरूले आपराधिक घटना घटाउनको लागि गरेको कार्य नै हो। जसको कार्य फौजदारी कानूनले अपराधको रूपमा परिभाषित गरेको हुन्छ सो व्यक्ति प्रमुख अपराधी (Principal Offender) को रूपमा नै दायित्वाधिन हुन्छ। फौजदारी कानूनले निषेधित अपराध भनी परिभाषित गरेको कुनै कार्य, जो प्रमुख अपराधीले गरेको आपराधिक कार्य घटाउनका लागि सहयोगी बन्दछ, त्यस्तो कार्यलाई सहयोगी कार्य र सो कार्य गर्ने व्यक्तिलाई मतियार वा सहयोगीको रूपमा लिनुपर्ने हुन्छ।[६] वारदातको परिणाममा प्रत्यक्ष संलग्न नभएको तर कुनै रूपमा अपराध गर्ने गराउने वा अपराधको वारदात वा प्रमाण दबाउन सहयोग पुर्‍याई मत सल्लाहमा परेका व्यक्ति चाहिँ मतियार हुन्। त्यसकारण सबै सहभागिताको स्तर र भूमिकाका आधारमा मतियार सहयोगी भूमिकामा रहेको हुन्छ। मुख्य अभियुक्त सो वारदातको केन्द्रमा रहेको हुन्छ। मुख्य अभियुक्तको वारदातमा संलग्नता नरहेको भए वारदात नै घट्ने अवस्था हुँदैन। तर सहअभियुक्त हुन मुख्य अभियुक्त नै हुनु पर्दैन। मतियार पनि सहअभियुक्त भित्रै पर्दछ।

मुलुकी अपराध संहिता, २०७४ को दफा ४७ मा कुनै कसूरदारले आफूले गरेको कसूर स्वीकार गरी त्यस्तो कसूरका सम्बन्धमा प्रमाण जुटाउन, अन्य अभियुक्त वा त्यसको गिरोह वा मतियारलाई पक्राउ गर्न वा अनुसन्धान वा अभियोजन पक्ष वा अदालतलाई सघाउ पुर्‍याएकोमा कानून बमोजिम हुने सजायको बढीमा पचास प्रतिशतसम्म सजाय छुट दिन सकिने कानूनी व्यवस्था गरिएको छ। यस प्रकृतिको कानूनी व्यवस्था अन्य विशेष ऐनहरूमा समेत गरिएको छ। यस प्रकृतिको कानूनी व्यवस्थाले एक अभियुक्तले अन्य अभियुक्त उपर पोल गर्ने र त्यसको लाभ लिन सक्ने अवस्था छ।

४. सहअभियुक्तको पोल र जिरह

फौजदारी न्याय प्रशासनमा शंकित वा अभियुक्तको बयान गरिन्छ। यस्तो बयान अनुसन्धानको चरणमा एक पटक र अदालतमा अभियोगपत्र दायर पश्चात् अदालतमा गरिन्छ। यस्तो बयान गर्दा शंकित वा अभियुक्तले आफ्ना संलग्नता रहे नरहेको स्पष्टता र सो सम्बन्धी प्रमाण वा साक्षी पेश गर्न सक्दछन्। साथै सो वारदातमा अन्य कुनै व्यक्तिको

---

५ महेश शर्मा पौडेल, सहअभियुक्तको पोल, जिरह र प्रमाणमा ग्राह्यता सम्बन्धी न्यायिक विधिशास्त्र, प्रतिपादन, वर्ष ८, अंक १, (२०७८), राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृ. ४९ ।

६ बलदेव पाण्डे वि. नेपाल सरकार, स.अ.बु. २०६९, वैशाख २, पृ. १७ ।

संलग्नता रहेको थाहा जानकारी भएको समेत उल्लेख गर्न सक्दछ। यसरी आफू बाहेक अन्य व्यक्तिको समेत वारदातमा संलग्नता रहेको उल्लेख गरी गरेको अभिव्यक्ति नै सहअभियुक्तको पोल हो। कुनै अभियुक्तले अनुसन्धान अधिकारी समक्ष वा अदालत समक्ष बयान गर्दा अर्को अभियुक्तलाई आरोपित कसूरका सम्बन्धमा दोषारोपण गरी वा आरोपित गरी बयान गर्दछ भने त्यस्तो आरोपित गरिएको व्यहोरालाई सहअभियुक्तको पोल भनिन्छ।[७] सहअभियुक्त आफू आरोपित कसूरमा साबित भई अरू अभियुक्तलाई पोलेमा प्रमाणमा लिन सकिन्छ। तर त्यसरी पोल गर्ने सहअभियुक्तको जसलाई पोल गरेको (जसका विरुद्ध बयान गर्दा वारदातमा संलग्नता रहेको भनी उल्लेख गरेको) हो सो व्यक्तिले जिरह गर्न पाउँदछ। यदि आफू इन्कारी भई अरूलाई मात्र पोल गरेकोमा त्यसको प्रामाणिक महत्व हुँदैन।

साक्षीलाई अदालतमा बकपत्र गराउँदा पक्षबाट सोधपुछ गरे पछि विपक्षीबाट जिरह गर्ने गरिन्छ। त्यसकारण जिरह साक्षी परीक्षणको दोस्रो चरणको प्रकृया हो। प्रमाण ऐन, २०३१ को दफा ५० को उपदफा (१) अनुसार साक्षी जुन पक्षले बोलाएको हो सो पक्षले सोधपुछ गरिसकेपछि अर्को पक्ष (विपक्ष) ले चाहेमा उक्त साक्षीलाई सोधपुछ गर्न सक्दछ। विपक्षले गर्ने सोधपुछलाई जिरह (Cross-examination) भनिन्छ। जिरह आफू विरुद्ध साक्षीका भनाइ खण्डन गर्न विपक्षीलाई दिइने अवसर हो। विपक्षीले जिरह नै गर्नु पर्छ भन्ने बाध्यता हुँदैन। विपक्षीले चाहेको अवस्थामा मात्र जिरह गर्न सक्छ। तर, जिरह नगर्दैमा वा गर्दैमा साक्षीको बकाइमा प्रामाणिक कुनै अन्तर आउने चाहिँ होइन। विपक्षीले चाहेको अवस्थामा मात्र जिरह गर्न सक्छ ।जिरह गर्ने अवसरलाई आफू विरुद्धका प्रमाणका सम्बन्धमा त्यसको असर पर्ने पक्षलाई खण्डन गर्न अवसर दिइने प्रकृया हो। त्यसरकारण यसलाई प्राकृतिक न्यायको सिद्दान्तको रुपमा लिइन्छ।

जिरहको मुख्य उद्देश्य आफू विरुद्धमा भनिएको वा आफ्नो विरुद्धमा विपक्षको साक्षीले भनिएका कुरालाई असत्य वा कमजोर गर्नु हो ।[८] कुनै साक्षी प्रमाणको सम्बन्धमा सत्य पहिचान गर्नका लागि जिरहलाई एक कानूनी औंजारका रुपमा लिइन्छ।[९] नजिरहलाई सत्यता जाँच्ने कसीको रूपमा लिइन्छ। यसले सत्य कुरा पत्ता लगाउन सहायता पुर्‍याउँदछ र असत्यको भन्डाफोर गरी सत्य कुरा प्रकाश गर्ने हतियारको रूपमा लिइन्छ। झुट्टो बोल्ने साक्षीको मुख सही जिरहले थुनिदिन्छ। अंग्रेजी कानूनविद् टेलरले जिरहको उद्देश्यको बारेमा व्यक्त गरेको अभिव्यक्ति ज्यादै मननीय छ। उहाँका शब्दमा "सत्य पत्ता लाउन कानूनले जिरहको आविष्कार गरेको हो। यही उपायद्वारा पक्षहरूले मुद्दाको विषयवस्तुमा साक्षीको स्थिति, निजको चाख, निजको उद्देश्य, झुकाव पक्षपात निजको चरित्र तथ्यको वास्तविक ज्ञान गर्न सक्छ र जिरहले साक्षीको स्मरणशक्ति पनि पत्ता लगाउन सक्छ। "यस्तै जिरहको उद्देश्य साक्षीले बयान दिई सकेका तथ्यहरू एक–एक विश्लेषण गर्नु, असंगति पत्ता लगाउनु वा भन्डाफोर गर्नु वा आफ्नो पक्षको हितमा रहेका दबिरहेका तथ्यहरूलाई पत्ता लगाउनु पनि हो।[१०]

जिरह ज्यादै शक्तिशाली भए तापनि यो ज्यादै खतरनाक यन्त्र पनि हो। यो दोहोरो धार भएको हतियार हो ।[११] जसले यसलाई राम्रोसँग प्रयोग गर्न सक्दछ उसले फाइदा लिन्छ। नजानेमा आफ्नो पक्षको प्रमाण समेत नष्ट गर्दछ। त्यसकारण जिरहबाट फाइदा लिन लामो अनुभव र जिरह कलाबाट निपूर्ण भएको कानून व्यवसायी हुनुपर्छ। कच्चा एवं अनुभव कम भएको कानून व्यवसायीको जिरहले सधैं आफ्ना भलाई भन्दा बेफाइदा नै गर्दछ।

---

७ महेश शर्मा पौडेल, सहअभियुक्तको पोल, जिरह र प्रमाणमा ग्राह्यता सम्बन्धी न्यायिक विधिशास्त्र, प्रतिपादन, वर्ष ८, अंक १, (२०७८), राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृ. ५२ ।

८ प्रा.डा. रजितभक्त प्रधानाङ्ग, नेपाली प्रमाण कानूनको सामान्य परिचय, (२०७६), पैरवी बुक हाउस प्रा.लि. पृ. २५४।

९ महेश शर्मा पौडेल, सहअभियुक्तको पोल, जिरह र प्रमाणमा ग्राह्यता सम्बन्धी न्यायिक विधिशास्त्र, प्रतिपादन, वर्ष ८, अंक १, (२०७८), राष्ट्रिय न्यायिक प्रतिष्ठान, पृ. ५३ ।

१० प्रा.डा. रजितभक्त प्रधानाङ्ग, नेपाली प्रमाण कानूनको सामान्य परिचय, (२०७६), पैरवी बुक हाउस प्रा.लि. पृ. २५४ ।

११ https://lawlex.org/lex-bulletin/understanding-cross-examination-part-ii/8992

५. सहअभियुक्तको पोल र जिरह सम्बन्धी कानूनी व्यवस्था

सबै सहअभियुक्तले अरु उपर पोल गरी बयान गर्दैनन्। आफू वारदातमा संलग्न रहेको साबित भई सो वारदातमा संलग्न अन्य अभियुक्त उपर पोल गरेमा मात्र जिरहको अवस्था आउने हो। त्यसकारण सबै मुद्दामा यस प्रकृतिको अवस्था सिर्जना हुँदैन। एक जना व्यक्तिले मात्र वारदात घटाएको अवस्थामा यस्तो अवस्था आउँदैन। समूहगत वा संगठित रुपमा वारदात घटाए पनि आफ्ना सहभागिता नभएको वा आफ्नो मात्र संलग्नता उल्लेख गरी अन्य व्यक्तिको बारेमा उल्लेख नगरेको अवस्थामा सहअभियुक्तको पोल हुँदैन। त्यसकारण यो नियम नभई अपवादको अवस्थामा आउने परिस्थित हो।

सहअभियसक्तको पोल हुने अवस्था र त्यसलाई प्रमाणामा ग्रहण गर्न जिरह गर्ने अवसर दिने सम्बन्धमा प्रमाण ऐन, २०३१ मा २०७७ सालमा भएको दोस्रो संशोधन तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा कानूनी व्यवस्था गरिएको हो। यस सम्बन्धमा गरिएका मुख्य मुख्य कानूनी व्यवस्थाहरु देहायमा उल्लेख गरिएको छ।

प्रमाण ऐन, २०३१ को दफा ९क ले दुई वा दुई भन्दा बढी व्यक्तिले कसूर गरेकोमा त्यस्ता व्यक्तिहरू मध्ये कुनै व्यक्तिले अदालतमा आफू साबित भई अन्य अभियुक्तलाई पोल गरेकोमा त्यस्तो पोल अन्य प्रमाणबाट पुष्टि भएमा प्रमाणमा लिन हुन्छ भन्ने कानूनी व्यवस्था गरेको छ।

यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १०३ मा ..."कुनै अभियुक्तले कुनै सहअभियुक्तलाई पोल गरेमा त्यसरी पोलेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तले जिरह गर्न सक्ने "उल्लेख छ। यसैगरी सो ऐनको दफा ३८ ले कलिलो उमेर, अति बृद्धावस्था वा शारीरिक वा मानसिक रोग वा अरू त्यस्तै कारणले गर्दा आफूलाई सोधिएको प्रश्न बुझ्न नसक्ने वा त्यसको युक्तियुक्त जवाफ दिन नसक्ने भनी अदालतले ठहऱ्याएको व्यक्ति बाहेक मतियार वा सहअभियुक्त लगायत अरू जुनसुकै व्यक्ति साक्षी हुन सक्ने कानूनी व्यवस्था गरेको छ।

यसैगरी सहअभियुक्तलाई जिरह गर्न सक्ने कानूनी व्यवस्थाका सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ५० को उपदफा (५क) कुनै अभियुक्तले बयान गर्ने क्रममा कुनै अर्को अभियुक्तलाई पोल गरेमा त्यसरी पोल गरेको कुराको हदसम्म त्यस्तो सहअभियुक्तलाई जिरह गर्ने अवसर दिन सकिने र (५ख) उपदफा (५क) बमोजिमको पोल गर्ने सहअभियुक्त साधारण तारिख, धरौटी वा पुर्पक्षका लागि थुनामा रहेको भए मुद्दाको फैसला हुनु भन्दा अघि निजलाई उपस्थित हुने गरी तारिख तोकी सोही तारिखका दिन त्यसरी पोल गरिएको अभियुक्तलाई जिरह गर्ने अवसर दिनु पर्ने उल्लेख छ।

यसैगरी मुलुकी फौजदारी कार्यविधि नियमावली, २०७५ को नियम ५५ मा अभियुक्तले पोल गरेको जानकारी दिनु पर्ने उल्लेख गरिएको छ। जसमा अदालतमा कुनै अभियुक्तको बयान गराउँदा निजको बयान हुनु अगावै कुनै सहअभियुक्तले निजलाई पोल गरेको भए त्यसरी पोल गरेको बयान बेहोरा निजलाई बयान गर्नु अगावै पढिबाची सुनाउनु पर्दछ। कुनै अभियुक्तले अर्को सहअभियुक्तलाई पोल गरी बयान गर्दा त्यस्तो सहअभियुक्त अदालतमा उपस्थित रहेको भए यथासम्भव सोही दिन निजलाई सो बयान पढिबाची सुनाउनु पर्दछ। यसैगरी दफा ५६ मा सहअभियुक्तको जिरह गर्न सक्ने कानूनी व्यवस्था गर्दै देहाय बमोजिम उल्लेख गरिएको छ।

(१) ऐनको दफा १०३ बमोजिम आफूलाई पोल गर्ने सहअभियुक्तको जिरह गर्न चाहने अभियुक्तले अदालत समक्ष जिरहको लागि निवेदन दिन सक्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पोल गर्ने सहअभियुक्तको जिरह गर्न पाउँ भनी अभियुक्तले बयान गर्दा जिकिर लिएमा निजले छुट्टै निवेदन दिनुपर्ने छैन।

(३) उपनियम (१) बमोजिम निवेदन परेमा वा उपनियम (२) बमोजिम अभियुक्तले बयानमा जिरहको जिकिर लिएको भएमा अदालतले त्यस्तो पोल गर्ने सहअभियुक्तको बयान बेहोरा समेतलाई विचार गरी जिरह गर्ने मौका दिने नदिने सम्बन्धमा आदेश गर्नेछ।

तर मुद्दा फैसला भइसकेपछि पोलमा पर्ने अभियुक्त अदालतमा उपस्थित भएको अवस्थामा निजले पोल गर्ने सहअभियुक्तलाई जिरह गर्न पाउने छैन।

(४) उपनियम (३) बमोजिम आदेश हुँदा जिरह गर्ने मौका दिने आदेश भएमा अदालतले त्यस्तो सहअभियुक्तको जिरह गर्ने प्रयोजनका लागि बकपत्र हुने दिन तोकी त्यस्तो सहअभियुक्त तारिखमा रहेको भए तारिखको दिनमा र थुना वा कैदमा रहेको भए कारागार मार्फत बकपत्रको प्रयोजनका लागि अदालतमा उपस्थित हुन जानकारी दिनु पर्नेछ र त्यस्तो सहअभियुक्तले तारिख गुजारी बसेको भए निजका नाममा समाह्वान जारी गर्नु पर्नेछ।

(५) पोलमा पर्ने अभियुक्तले पोल गर्ने सहअभियुक्तको जिरह गर्दा पोल गरेको विषयमा मात्र सीमित रही गर्नु पर्नेछ। साक्षी र मतियारको जिरह गर्ने प्रकृया केही फरह हुन्छ। साक्षीलाई साँचो बोल्ने शपथ लिन लगाएर मात्र बकपत्र गराइन्छ।[१२] बोलेको कुराको विश्वसनीयता जाँच्न जिरह गरिन्छ।[१३] निजले बकेको कुराको सच्चाइ जाँच्न निजको चालढाल समेत अदालतले हेर्दछ। यी सबै प्रक्रियाबाट प्रष्ट हुन आएको साक्षीको बकाइलाई पनि चुनौती दिन निजको चारित्रिक पक्ष, अभियुक्तसँगको निजको नाता वा मुद्दाको परिणामसँग गाँसिएको निजको स्वार्थ आदि अगाडि सारिन्छ। यी सबै प्रक्रिया मौखिक प्रमाणमा रहने कमजोरीलाई नियन्त्रण गर्न कानूनले बनाएको बन्देज हो र साक्षीले झुट्टा बकेमा सजाय समेत हुन्छ ।[१४] सहअभियुक्त र मतियारको बयानलाई अरू स्वतन्त्र साक्षीको समकक्षमा राख्न धेरै दृष्टिकोणबाट मिल्ने देखिँदैन। अभियुक्त, सहअभियुक्तको बयान गराउँदा शपथ गराइँदैन। सहअभियुक्त वा मतियारलाई झुट्टा बकेमा सजाय हुँदैन। वारदातका बारेमा बोल्दिन भन्ने अधिकार रहन्छ।

६. सहअभियुक्तको पोल र यसको ग्राह्यता

सहअभियुक्तको पोल आफैमा सारभूत प्रमाण होइन, यो त केवल न्याय निक्र्यौल गर्न वा कुनै प्रमाणित तथ्यलाई पुनः पुष्टि गर्ने वा अझ बल प्रदान गर्ने एउटा थप आधार मात्र हुने हो।[१५] सहअभियुक्त र मतियारको पोल मात्र प्रमाणमा ग्राह्य नै हुँदैन। अन्य प्रमाणबाट समर्थित भएमा मात्र प्रमाणमा लिन मिल्ने हुन्छ। सहअभियुक्तको पोल आफैंमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल गर्न एउटा थप आधार मात्र हो। यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन। सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ।[१६] ... कसूर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन। गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनु पर्ने हुन्छ।[१७] सहअभियुक्तको पोल प्रमाणमा ग्राह्य हुन अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ। समर्थित हुन नसकेमा प्रमाणमा लिन सकिँदैन। सर्वोच्च अदालतले सहअभियुक्तको पोललाई प्रमाण लिने वा लगाउने सम्बन्धमा उल्लेख गर्दै एकै साथ सहअभियुक्तहरु मुद्दामा पूर्पक्ष गरिएको अवस्था हुनुपर्ने, कसूरमा सावित भै अरुलाई सोही कसूरमा पोल गरेको हुनुपर्ने, एउटा कसूरमा सावित हुनेले अर्को कसूरमा अरुलाई पोल

---

१२ प्रमाण ऐन, २०३१ को दफा ४९ (१)।

१३ प्रमाण ऐन, २०३१ को दफा ५०।

१४ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ४४ ।

१५ रामशरण महत समेत वि. नेपाल सरकार, नेकाप २०६३, अंक ८, नि. नं. ७७४९ ।

१६ नेपाल सरकार विरूद्ध पदमबहादुर गुरूङसमेत, नेकाप २०७५ अंक ६, नि. नं. १००३७ ।

१७ नेपाल सरकार वि. कमल घर्ती मगर, नेकाप २०७५, अंक ९, नि.नं. १००९ ।

गरेको नमिल्ने, आफू कसूरमा इन्कार भै एक अर्कालाई पोल गरेको हुन नहुने, पोल गर्ने सहअभियुक्तको मृत्यु भएकोमा पनि निजको भनाइलाई विचार गर्न सकिने, सहअभियुक्तको पोललाई आधारभूत एवं सारभूत (Substantive) प्रमाणको रुपमा लिन नमिल्ने, मुद्दाको जग (Foundation) अर्थात् यसकै आँडमा कसूर प्रमाणित भएको मान्न नमिल्ने, अन्य आधारभूत स्वतन्त्र प्रमाणहरुबाट वारदात वा कसूर कायम हुन सक्ने स्थितिमा मात्रै सहअभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने, सहअभियुक्तको पोललाई समर्थनको (Supportive) रुपमा मात्र लिनुपर्ने, गैरन्यायिक साविती र न्यायिक निकाय समक्ष भएको साविताको पोललाई सोही अनुपातमा प्रामाणिक मूल्यलाई फरक राखी हेर्नुपर्ने आदि अवस्था र परिस्थितिको मूल्याङ्कन गरी सहअभियुक्तको पोललाई प्रमाणमा लिने वा नलिने निष्कर्षमा पुग्न सकिने सर्वोच्च अदालतले स्पष्ट पारेको छ।[१८]

सहअभियुक्तको पोल मौखिक प्रमाण भएको हुँदा आफैमा यसको प्रामाणिक मूल्य कमजोर हुन्छ। यस्तो पोल प्रमाणमा लिन अन्य वस्तुनिष्ठ प्रमाणले सो पोल समर्थित गरेको हुनु पर्दछ। साथै त्यस्तो पोल गर्ने अभियुक्तले आफू कसूरमा साबित भई अन्य अभियुक्तलाई पोल गरेको हुनु अनिवार्य हुन्छ। त्यस्तो पोल अनुसन्धान अधिकारी समक्ष मात्र हो वा अदालत समक्ष समेत हो भन्ने कुरा पनि महत्वपूर्ण हुन्छ। बयानमा कसूरमा आफ्नो संलग्नता रहेको स्वीकार गरी सो वारदातमा अन्य अभियुक्तहरूको पनि संलग्नता रहेको पोल गरेको अवस्था छ र त्यसलाई अन्य भौतिक एवम् स्वतन्त्र प्रमाणबाट समेत समर्थित गरेको छ भने त्यस्तो पोललाई प्रमाणमा लिन हुन्छ ।

यसरी सहअभियुक्तको पोल हुन आफू कसूरमा संलग्न रहेको कुरा सावित भई अन्य अभियुक्तको संलग्नता र भूमिकाका बारेमा उल्लेख गरेको हुनु पर्दछ। निजको त्यस्तो भनाइलाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित हुनु पर्दछ। यदि त्यस्तो अवस्था नभएमा प्रमाणको रुपमा लिन सकिँदैन र पूर्ण रूपमा परित्याग गर्नु पर्ने हुन्छ। सर्वोच्च अदालतले कतिपय मुद्दामा सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणबाट समर्थित नभएमा पोलाइ मात्र प्रमाणको रूपमा ग्राह्य गर्न इन्कार गर्ने गरेको छ।[१९]

अर्को मुद्दामा सर्वोच्च अदालतले मतियार र निजको पोलयुक्त प्रमाणका सम्बन्धमा स्पष्ट पार्दै मतियार वारदात घटाउन सहयोगी भूमिका खेल्ने व्यक्ति हो। समूहगत रूपमा गरिने कसूरजन्य कार्यमा मतियार रहन सक्ने हुन्छ। मतियार समेत साक्षीको रूपमा रहने गरी हाम्रो प्रमाण ऐनमा कानूनी व्यवस्था गरिएको छ। तथापि मतियार समेत अभियुक्त नै हो। मतियारले अन्य अभियुक्तका सम्बन्धमा पोल गरेको भनाइ अन्य प्रमाणबाट समर्थित नभएसम्म अभियोग पुष्टि हुँदैन। अभियुक्त दोषी हुने गरी कुनै मतियार सरहको सहयोगी अभियुक्तले बयान गरेमा सो कुरालाई अरु स्वतन्त्र प्रमाणद्वारा समर्थन भए मात्र कसूर वारदात एकिन हुन आउँछ भन्ने सर्वमान्य कानूनी सिद्धान्त हो[२०] उल्लेख गरेको छ।

समग्रमा सहअभियुक्तको पोल प्रमाणमा लिन पहिला त्यस्तो अभियुक्त आफू कसूरमा सावित हुन पर्‍यो। त्यसपछि अन्य सो कसूरमा सहभागी अभियुक्तको सो वारदात घटाउन रहेको सहभागिता वा संलग्नताको बारेमा पोल गरेको हुनु पर्‍यो। केबल नाम मात्रै उल्लेख गरी भूमिका वा संलग्नता के थियो उल्लेख नभएको अवस्थामा सो पोल ग्राह्य हुन सक्दैन। सहअभियुक्तले पोल गरेकोमा हालको कानूनी व्यवस्था बमोजिम पोल गर्नेलाई पोलिने (बयान गर्दा जसको वारदातमा संलग्नता रहेको भनी उल्लेख गरेको अर्को अभियुक्त) अभियुक्तले जिरह गर्न पाउनु पर्‍यो। साथै त्यस्तो पोल निरपेक्ष प्रमाण हुँदैन मिसिल संलग्न मुचुल्का, प्रतिवेदन, पीडित वा साक्षीका भनाइ, दशी प्रमाण आदिबाट समर्थित भएको हुनु पर्दछ। सहअभियुक्तको पोल विशेष गरी फौजदारी मुद्दामा प्रमाणमा लिने विषय

---

१८ रामशरण महत समेत वि. नेपाल सरकार, नेकाप २०६३, अंक ८, नि. नं. ७७४९।

१९ युवराज कोइराला वि. श्री ५ को सरकार, नेकाप (२०४१), पृ. ३८८ ।

२० रेशमलाल म्याकजु श्रेष्ठ वि. प्यारेलाल माडवारी समेत, नेकाप (२०२२), पृ. ५६ ।

हो। फौजदारी मुद्दामा कसैलाई दोषी ठहर गर्न प्रमाणको पर्याप्तता आवश्यक पर्छ। शंकारहित तरिकाले अभियोग पुष्टि गर्नु पर्दछ। त्यसकारण सहअभियुक्तको पोल आफैमा निश्चयात्मक प्रमाण होइन, मौखिक प्रमाण हो। जुन प्रमाण परिस्थिति अनुसार वदलाव हुन सक्दछ। यस्तो प्रमाणको आधारमा मात्रै कसूरमा दोषी ठहर गर्न सकिँदैन। तर पोल अन्य प्रमाणसँग समाञ्जस्यता कायम हुन्छ। पीडित र साक्षीको भनाइसँग मेल खान्छ। मिसिल संलग्न मुचुल्का र परीक्षण प्रतिवेदनसँग सामिप्यता राख्दछ भने यस्तो प्रमाणलाई पनि आधार लिन सकिन्छ। त्यसकारण सहअभियुक्तको पोल निर्णायक र एक मात्र प्रमाणको रुपमा ग्रहण गर्न सकिँदैन तर अन्य प्रमाणबाट समर्थित भएको अवस्थामा प्रमाणको प्रयाप्तताको लागि थप प्रमाणको रुपमा ग्रहण गर्न सकिन्छ।

७. सहअभियुक्तको पोल सम्बन्धमा सर्वोच्च अदालतको दृष्टिकोणहरूः

सहअभियुक्तको जिरह गर्न पाउने कानूनी व्यवस्था आए पश्चात् सर्वोच्च अदालतमा मुद्दा पुगी नजिर प्रतिपादन भएको अवस्था छैन। यस प्रसंगमा उल्लेख गरिएका नजिरहरु सहअभियुक्त र निजका भनाइ प्रमाणमा लिन सकिने वा नसकिने भन्ने कानूनी स्पष्टताको अभाव रहेको सन्दर्भमा आएका नजिरहरु हुन्। जसमध्ये रामशरण महत समेत वि. नेपाल सरकार, नेकाप २०६३ अंक ८, नि.नं. ७७४९) मा केही स्पष्ट उल्लेख गरियो। हाल कानूनमा सहअभियुक्त साक्षी हुन सक्ने, निजको जिरह गर्न अवसर दिनु पर्ने समेतको कानूनी व्यवस्था गरिएको छ। सर्वोच्च अदालतबाट सहअभियुक्तको पोल र प्रमाणमा ग्राह्यता सम्बन्धमा प्रतिपादित सिद्धान्तहरु उल्लेख गरिएको छ।

हिरा पासी वि. श्री ५ को सरकार[२१]

- कुनै अभियुक्तले अन्य व्यक्ति उपर समेत पोल गरी गरेको साविती बयान अन्य कुनै स्वतन्त्र र विश्वसनीय प्रमाणबाट समर्थित नभएमा निज पोलिएको व्यक्ति विरूद्ध प्रमाण लगाउन न्यायोचित नहुने ।
- कुनै मुद्दामा कुनै अभियुक्तले अन्य व्यक्तिहरूका उपरसमेत पोल गरी गरेको साविती बयान अन्य कुनै स्वतन्त्र र विश्वसनीय प्रमाणबाट समर्थित नभएसम्म ती पोलिएका व्यक्तिहरूका विरूद्ध प्रमाण लगाउन न्यायोचित हुँदैन ।

गंगामाया श्रेष्ठ वि. श्री ५ को सरकार[२२]

- मतियारा सरहको सहअभियुक्तले प्र.गंगामायालाई सो आगो लगाउने वारदातमा रहे भएको भनी पोल गरेता पनि उक्त पोल स्वतन्त्र प्रमाणबाट समर्थित छैन ।
- सहअभियुक्तको पोल यथार्थ रुपमा सबूत प्रमाणबाट समर्थित हुन नआएमा कसूर गरेको ठहराउन मिल्दैन ।
- प्र.हर्कबहादुर र प्र.हर्कमायाको पोल सबुत प्रमाणबाट समर्थित भएकोले त्यस्तोलाई आधारभूत प्रमाण मान्न नमिल्ने।

विष्णुबहादुर गिरीसमेत विरूद्ध श्री ५ को सरकार[२३]

- वारदातमा आफू सावित भई पोल गर्ने सहअभियुक्तहरूको बयानमा विश्वास गर्नुनपर्ने कुनै कारण देखिँदैन ।

२१ नेकाप २०२८ अंक १, नि.नं. ६१२ ।
२२ नेकाप २०४१, अंक ८, नि.नं. २०७७ ।
२३ नेकाप २०४२ अंक २, नि.नं. २२६६ ।

दिलीप सिंह ठाकुर विरुद्ध श्री ५ को सरकार[२४]

- अभियुक्तले प्रहरीमा दिएको तथ्यपूर्ण बयान परिस्थितिजन्य प्रमाण समेतबाट समर्थित भएको खण्डमा त्यस्ता बयानहरूलाई प्रमाणमा लिन नमिल्ने होइन ।

श्री ५ को सरकार विरुद्ध शुशिला शाहसमेत[२५]

- अपराधमा मुछिएका सबै सहअभियुक्तहरूले किटानीपूर्वक पोल उजूर गरेको र उक्त अपराधका पीडितहरूले समेत सिलसिलाबद्ध रुपमा सहअभियुक्तको बयानलाई पुष्टि हुने गरी बकी लेखिदिएबाट अभियोगमा संलग्नता थिएन भन्न मिलेन ।
- कसूरमा सावित भई पुनरावेदन समेत नगरी बस्ने यी प्रतिवादीहरूले यकीन गरी पोल्नु पर्ने कुनै कारण मिसिलबाट केही देखिँदैन अतः बिक्री गर्ने उद्देश्य लिई केटी भगाएको बौद्ध पुर्‍याई दिएको केटीहरू जान नमान्दा फकाई फुल्याई बसमा चढाई पठाउने काम समेत गरिएको तथ्यबाट केटी बेच्ने अपराधमा मूल अपराधीलाई सहयोग गर्ने मुख्य मद्दत गरेको रुपमा निज रहेको देखियो ।

चेतबहादुर रावत विरुद्ध श्री ५ को सरकार[२६]

- सहअभियुक्तको पोललाई अन्य स्वतन्त्र प्रमाणले पुष्टि हुनु गराउन सक्नु ज्यादै राम्रो कुरा हो तर त्यो छैन भन्दैमा सहअभियुक्तको पोललाई विचारै नगर्ने भन्ने होइन, यो कुरा मुद्दाको तथ्यमा भर पर्दछ । अन्य प्रमाणबाट समर्थन गराउनु वा समर्थन भएको छ छैन भनी केलाउनु एक कुरा हो तर यसैलाई अनिवार्य तत्व हो भनी सम्झनु हुन्न, यसलाई वाञ्छनीय तत्व हो भनी माने पनि अनिवार्य तत्व हो भनी यसलाई मान्न नसकिने ।

रामशरण महतसमेत विरूद्ध नेपाल सरकार[२७]

- मतियार साक्षीको रुपमा लिन सहअभियुक्तलाई सजायबाट छुट दिई वा अभियोग नलगाई सरकारी पक्षको गवाह (Approver) को रुपमा प्रस्तुत गरिएको हुनु पर्ने देखिन्छ । अन्यथा एकसाथ अभियोग लगाईएको सहअभियुक्तलाई सक्षम साक्षीको रुपमा राख्न र प्रमाणमा लिन नसकिने ।
- सहअभियुक्तको पोल आफैमा सारभूत प्रमाण होइन, यो त केवल न्याय निक्र्यौल गर्न वा कुनै प्रमाणित तथ्यलाई पुनः पुष्टि गर्ने वा अझ बल प्रदान गर्ने एउटा थप आधार मात्र हुने ।
- सहअभियुक्तको परीक्षण नगर्दैमा न्याय निष्पादनमा सारभुत रुपमा फरक नपर्ने हुनाले पनि प्रमाण कानूनसम्बन्धी सिद्धान्त र व्यवहारमा यसले अन्योल सिर्जना गर्ने भन्ने देखिन आउँदैन र मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय मान्यता र सिद्धान्तको प्रतिकूल मान्न पनि नमिल्ने ।
- सहअभियुक्तको पोललाई प्रमाणमा लिने सम्बन्धमा किटानी कानूनी व्यवस्थाको अभाव रहे पनि हाम्रो न्याय प्रणालीले मिसिल कागजातबाट खुल्न आएका तथ्य र व्यहोरालाई कुनै न कुनै रुमपा ग्रहण गर्ने वा स्वीकार गर्ने गरी आएको परिप्रेक्ष्यमा सहअभियुक्तको पोललाई प्रमाणको रुपमा ग्रहण गर्न सकिने मान्यतालाई स्वीकार गरिएको पाइने ।
- वस्तुतः न्यायलाई बढी निश्चितता र वस्तुगत धरातलमा उभ्याई भरपर्दो र विश्वसनीय बनाउन मिसिल कागजातबाट देखिन आएका र उपलव्ध भएका कुनै पनि सबूद प्रमाण जसले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा

---

२४ नेकाप २०४२ अंक १०, नि.नं. २५५१।
२५ नेकाप २०४३ अंक ६, नि.नं. २७६३।
२६ नेकाप २०४४ अंक ४, नि.नं. ३०६०।
२७ नेकाप २०७३ अंक ८, नि.नं. ७७४९ ।

धेरथोर विवाद सुनिश्चित गर्न प्रकाश पार्दछ ती सबैको सार (निचोड) बाट नै न्यायिक निष्कर्ष निकाल्नु वान्छनीय हुन्छ र त्यो वस्तुपरक पनि हुन्छ । कुनै पनि कुराले न्यायलाई सुनिश्चित प्रदान गर्न मद्दत वा बल प्रदान गर्छ भने त्यसलाई उल्लेख नगरी थप आधार नलिनु उपयुक्त नहुने ।

- सहअभियुक्तको पोललाई प्रमाण लिने वा लगाउने सम्बन्धमा निम्न बमोजिमको अवस्था र परिस्थितिको मूल्याङ्कन गरी विचार गर्नु उपयुक्त एवं वान्छनीय देखिने ।
  - एकै साथ सहअभियुक्तहरु मुद्दामा पूर्पक्ष गरिएको अवस्था हुनुपर्ने, (A statement made by one of two co–accused should not be used against the other, where later on their cases are trlied separatety.)
  - कसूरमा सावित भै अरुलाई सोही कसूरमा पोल गरेको हुनुपर्ने, (The expression as same offence" means the indentical offence and not an offence of the same kind. It means offences falling within the same definition and arising out of the same transaction.)
  - एउटा कसूरमा सावित हुनेले अर्को कसूरमा अरुलाई पोल गरेको नमिल्ने,
  - आफू कसूरमा इन्कार भै एक अर्कालाई पोल गरेको हुन नहुने,
  - पोल गर्ने सहअभियुक्तको मृत्यु भएकोमा पनि निजको भनाइलाई विचार गर्न सकिने,
  - सहअभियुक्तको पोललाई आधारभूत एवं सारभूत (Substantive) प्रमाणको रुपमा लिन नमिल्ने, मुद्दाको जग (Foundation) अर्थात् यसकै आँडमा कसूर प्रमाणित भएको मान्न नमिल्ने,
  - अन्य आधारभूत स्वतन्त्र प्रमाणहरुबाट वारदात वा कसूर कायम हुन सक्ने स्थितिमा मात्रै सहअभियुक्तको पोललाई थप निश्चयका लागि प्रमाणमा लिन सकिने हुन्छ ।
  - एउटा सहअभियुक्तको पोलले अर्को सहअभियुक्तको पोललाई समर्थन (Corroborate) गरेको मान्न नमिल्ने,
  - कसूर वा वारदात कायम गर्दा सहअभियुक्तको पोललाई अन्य प्रमाणले समर्थन गरेको भन्ने आधारमा हैन कि अन्य निश्चयात्मक प्रमाणको आधारमा वारदात वा कसूर कायम हुन सक्ने अवस्था भएमात्र सहअभियुक्तको पोललाई विचार गरिने ।
  - सहअभियुक्तको पोललाई समर्थनको (Supportive) रुपमा मात्र लिनुपर्ने,
  - अर्कालाई पोल गर्ने सहअभियुक्तको गैर न्यायिक (प्रहरीमा भएको) सावितीलाई निजका विरूद्ध प्रमाणमा लिए नलिएको आधारमा मात्रै निजको पोललाई विचार गर्नु पर्ने ।
  - गैरन्यायिक सावितीर न्यायिक निकाय समक्ष भएको सावितीको पोललाई सोही अनुपातमा प्रामाणिक मूल्यलाई फरक राखी हेर्नुपर्ने ।

नियामुल बन्जारा मुसलमान विरुद्ध नेपाल सरकार[२८]

- सह प्रतिवादीको पोल आफैले स्वतन्त्र प्रमाणको स्वरुप ग्रहण गर्न सक्दैन। त्यस्तो पोल अन्य स्वतन्त्र ठोस प्रमाणबाट समर्थित हुनुपर्ने।
- यी प्रतिवादीहरूको डाँका वारदातमा संलग्नता छ भन्ने कुरालाई शंकारहित तवरले पुष्टि गर्ने किसिमका तथ्ययुक्त ठोस एवं सवुद प्रमाण वादी पक्षले प्रस्तुत गर्न नसकेको अवस्थामा केवल सहअभियुक्तकै पोलको भरमा मात्र कसूरदार कायम गर्न न्यायोचित नहुने।

२८ नेकाप २०६४ अंक १०, नि.नं. ७८९३ ।

नेपाल सरकार वि. यज्ञबहादुर थापा[२९]

- प्रमाणहरूले परस्पर पोलापोल गरिएका बयान पुष्टि हुन् र त्यसको प्रामाणिकता स्थापित हुन नसकेको स्थितिमा सो पोल मात्रै निजहरू उपरको आरोप पुष्टि हुने निरपेक्ष प्रमाण हुन नसक्ने।

प्रभातकुमार कुशवाहा विरूद्ध नेपाल सरकार[३०]

- फौजदारी कसूर जस्तो गम्भीर किसिमको अपराधमा तथ्ययुक्त एवम् ठोस सबुद प्रमाणको आधारमा मात्र कसूरदार कायम गर्नुपर्ने हुन्छ। तथ्ययुक्त एवम् ठोस सबुद प्रमाणको अभावमा सहअभियुक्तले पोल गर्ने र सो पुष्टि नभएको र केवल हचुवाको आधारमा अभियोग लगाउने पक्षले अभियो लगाएकै भरमा मात्र कसुदार कायम गर्नु फौजदारी न्यायको सिद्धान्तको मर्म र भावना विपरीत हुने।

जोखबहादुर वि.क. विरूद्ध नेपाल सरकार [३१]

- सहअभियुक्तको पोललाई प्रमाणको रूपमा लिन मिल्ने नमिल्ने सम्बन्धमा प्रमाण ऐन, २०३१ को दफा ३८ को साक्षी हुन सक्ने व्यक्तिमा मतियारलगायत जुनसुकै व्यक्ति साक्षी हुन सक्ने भनी उल्लेख गरिएको हुँदा सहअभियुक्तको पोललाई प्रमाणको रूपमा ग्रहण गर्न मिल्ने देखिने ।

नेपाल सरकार विरूद्ध दलबहादुर प्रजासमेत[३२]

- सहअभियुक्तको पोल आफैंमा कुनै ठोस प्रमाण होइन । यो मिसिल संलग्न अन्य प्रमाणबाट समर्थित भएको खण्डमा मात्र प्रमाणयोग्य मानिने।

भाग्यनारायण बैठा विरूद्ध नेपाल सरकार[३३]

- सहअभियुक्तको पोललाई विभिन्न कोणबाट मूल्याङ्कन गर्दा, विश्वसनीय र वास्तविकता प्रकट गरेको देखिन आउँछ भने प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने ।

नेपाल सरकार विरूद्ध पदमबहादुर गुरूङसमेत[३४]

- सहअभियुक्तको पोल आफैंमा सारभूत प्रमाण होइन, यो न्याय निर्क्योल गर्न एउटा थप आधार मात्र हो। यसैलाई मूल प्रमाण मानी इन्साफ गरिने पनि होइन। सहअभियुक्तको पोल स्वतन्त्र प्रमाणबाट समर्थित हुनुपर्छ तब मात्र त्यसलाई प्रमाणको रूपमा लिन सकिन्छ। त्यसरी समर्थित नभएमा प्रमाणमा लिन मिल्ने देखिँदैन। सहअभियुक्तले अपराध गर्नमा समान दायित्व कवुल गरी पोल गरेको नदेखिएको अवस्थामा सहअभियुक्तको पोल कसूर कायम गर्ने आधारभूत प्रमाणको रूपमा स्थापित हुने नदेखिने।

तिर्थलाल राना वि. नेपाल सरकार [३५]

- सामूहिक क्रियाबाट भएको जबरजस्ती करणी जस्तो कसूरमा पीडित र प्रतिवादीहरूले मौकामा अधिकार प्राप्त अधिकारी समक्ष साथै अदालतमा गरेको कागज र बयान, प्रतिवादीहरूले एक अर्कामा गरेको पोल र वादी पक्षका साक्षीहरूसमेतले अदालतमा वारदातको तथ्य र त्यसमा प्रतिवादीहरूको संलग्नताको सम्बन्धमा गरेको बकपत्रहरू बीच देखिने बढीभन्दा बढी सामञ्जस्यतामा तथ्य र सत्य पहिल्याएर नै कसूरदार ठहर्‍याउनु पर्ने ।

---

२९ नेकाप २०६९, अंक २, नि.नं. ८७६४ ।
३० नेकाप २०७१ अंक १०, नि.नं. ९२६८ ।
३१ नेकाप २०७२ अंक २, नि.नं. ९३५२ ।
३२ नेकाप २०७५ अंक २, नि. नं. ९९४९ ।
३३ नेकाप २०७५ अंक ३, नि.नं. ९९८० ।
३४ नेकाप २०७५ अंक ६, नि. नं. १००३७ ।
३५ नेकाप २०७५, अंक ७, नि.नं. १००६२ ।

- अझ सामूहिक जस्ता क्रिया सबै वारदात र कसूरमा प्रत्यक्ष, ठोस एवं भौतिक प्रमाणहरू नै हुन्छन् भन्न सकिने अवस्था हुँदैन । प्रतिवादीले आफूलाई कसूरबाट निर्दोष साबित गराउन भरमग्दुर प्रयास गरे पनि निजहरूलाई कसूरदार ठहर्‍याउने यी यस्ता प्रकृतिका प्रमाणहरू नै पर्याप्त आधार हुने ।

नेपाल सरकार वि. कमल घर्ती मगर, नेकाप २०७५, अंक ९, नि.नं. १००९७

- कसूर प्रमाणित गर्न कसैले कसैलाई पोल गर्नु र सोका आधारमा नेपाल सरकारले कसैउपर अभियोग लगाउनु मात्र पर्याप्त हुँदैन। गरेको पोल र लगाएको अभियोग वस्तुनिष्ठ प्रमाणहरूबाट शङ्कारहित किसिमबाट समेत पुष्टि हुनु पर्ने ।

नेपाल सरकार विरूद्ध खेम खड्कासमेत, नेकाप २०७६ अंक १, नि.नं. १०१८४

- अनुसन्धान अधिकारी समक्ष र अदालतमा भएको बयानमा कसूरमा आफ्नो संलग्नता रहेको भनी साबित रही अन्य प्रतिवादीहरूलाई पनि पोल गरेको अवस्था छ र त्यसलाई अन्य भौतिक एवम् स्वतन्त्र प्रमाणबाट समेत समर्थित भइरहेको अवस्था छ भने त्यस्तो पोललाई प्रमाणमा लिन हुने ।

८. समस्या र समाधान

सहअभियुक्तको पोल मौखिक प्रमाण हो। यस्तो प्रमाण परिस्थित अनुसार परिवर्तन हुन सक्दछ। सिर्जना गरेर समेत बोल्न सकिने हुँदा यस्तो प्रमाण आफैमा ठोस र मुख्य प्रमाण होइन। यसका मुख्य मुख्य समस्याहरु देहाय बमोजिम उल्लेख गरिएको छ। ती समस्यालाई उचित सम्बोधन गर्न सकिएमा समाधान गर्न सकिने हुन्छ।

- सहअभियुक्तको पोलमा अन्य अभियुक्तको नाम उल्लेख भए पनि पहिचान (ठेगाना सहित) उल्लेख नभएका कारण प्रमाणको ग्राह्यतामा असर पारेको,
- नाम उल्लेख हुने तर काम (सहभागिता र संलग्नता के कस्तो थियो स्पष्ट नहुने) उल्लेख नगरी फलाना फलाना समेतले वारदात घटाएको उल्लेख हुने,
- सहअभियुक्तको पोलसँग अन्य अभियुक्तको भनाइ, मिसिल संलग्न मुचुल्का तथा पीडित वा साक्षीका भनाइ बीच एकरुपता नहुने, विरोधाभाष समेत हुने,
- बयान गर्दा सरकारी वकीलले उचित ध्यान दिन नसक्दा अन्य अभियुक्तको सो वारदातमा सहभागिताको कारण र स्तर स्पष्ट हुन नसक्ने, माथि उल्लिखित समस्या सिर्जना हुने गरेको,
- दावीको छुट सम्बन्धी कानूनी व्यवस्थाका बारेमा अभियुक्तलाई जानकारी नभएका कारण अन्य अभियुक्त उपर पोल गर्ने र त्यसको लाभ पोल गर्ने अभियुक्तले लिन नसकेको,
- सुरक्षा, दवाव, प्रभाव, प्रलोभन, धम्की, त्रास आदिका कारण अन्य अभियुक्तको बारेमा खुलेर भन्न सक्ने परिस्थिति सिर्जना नहुनु,
- सहअभियुक्तको पोल समूहगत र संगठित कसूरमा हुने तर यस प्रकृतिमा सहभागितमा अन्य कसूरदार उपर एक जना कसूरदार खुलेर बोल्न नसक्ने,
- अनुसन्धानकर्ता र अभियोजनकर्ता सहअभियुक्तको मौकाको पोललाई मुख्य आधार मानी अभियोगपत्र दायर गरेको अवस्थामा अभियुक्तले अदालतमा भनाइ फेर्ने तर अब थप अनुसन्धान गर्न नसकिने हुँदा मुद्दामा कसूरदारले सफाइ पाउने अवस्था हुने,

- सहअभियुक्तको पोल आफैमा निश्चयात्मक प्रमाण होइन, अन्य प्रमाणबाट समर्थित भएमा मात्र प्रमाणमा ग्रहण गर्न सकिन्छ। सहअभियुक्तको पोललाई समर्थित गर्ने अकाट्य प्रमाण पनि सँगै अनुसन्धानको चरणमा नै संकलन तर्फ ध्यान नपुग्नु,

८. निष्कर्ष

सहअभियुक्तको पोल भरपर्दो प्रमाण होइन। निश्चयात्मक प्रमाण होइन। ठोस प्रमाण पनि होइन। यसलाई मात्र आधार बनाई न्यायिक निष्कर्षमा पनि पुग्न सकिँदैन। यस्तो पोल यथार्थ भन्दा बाहिर गएर पनि गरिएको हुन सक्छ। साथै व्यक्तिले बोलीमा परिवर्तन गर्न सक्छ। परिस्थिति अनुसार मनस्थिति र मनस्थिति अनुसार बचन हुने हुँदा अभियुक्तको पोललाई आधार ग्रहण गर्न सकिँदैन। यसलाई ग्रहण नगर्दा फौजदारी वारदात घटाउँदा साक्षी प्रमाणको अभाव हुन जान्छ। कसैले पनि साक्षी प्रमाण रहने गरी सकेसम्म कसूर गर्दैन। कतिपय अवस्थामा घटनाका पीडित नहुने वा हुने भए पनि जिवित नहुने अथवा सम्पर्कमा आउन नचाहने हुन्छन्। धेरैजना सहभागी भई घटाएको वारदातमा प्रत्येक व्यक्तिको सो वारदातमा सहभागिता र भूमिका अलग अलग प्रमाणका आधारमा पहिचान गर्न समेत कठिन हुन्छ। प्रत्यक्ष प्रमाणको अभावमा परिस्थितिजन्य प्रमाणको सहारा लिई न्यायिक निष्कर्षमा समेत पुग्नु पर्ने बाध्यता सिर्जना हुन्छ। यस्तो अवस्थामा सो वारदातमा संलग्न मध्ये कुनै वा सबैले आफ्नो संलग्नता स्वीकार गरी सो वारदातमा संलग्न अभियुक्तको बारेमा उल्लेख गर्दछ भने त्यो प्रमाणमा ग्राह्य हुन्छ। किनकी पोल गर्ने व्यक्ति अभियुक्त मात्रै हैन, सो घटनाको प्रत्यक्षदर्शी पनि हो। त्यसकारण त्यस्ता व्यक्तिको भनाइ प्रमाणमा लिन हुन्छ। पर्छ। जरुरी हुन्छ। तर कहिलेकाहीँ त्यस्तो भनाइ खतरनाक पनि हुन सक्छ। आफू त फसे फसे। अरुलाई पनि फसाउँछु भनी नियतवश झुट्टा वा वनावटी कुरा गरी निर्दोष व्यक्ति पनि पर्ने संभावना हुन्छ। त्यसकारण सहअभियुक्तको पोललाई प्रमाणमा लिन हुन्छ। सकिन्छ। तर अन्य प्रमाणमा समर्थित भएमा मात्र। यसलाई मध्यनजर राखी अत्यन्तै होशियारी र सतर्कताका साथ सहअभियुक्तको पोललाई प्रमाणमा ग्राह्यताका सबालमा जोखु पर्दछ।

थुनछेक सम्बन्धी व्यवस्था र हाम्रो अभ्यास

हरिप्रसाद जोशी[१]
टेकराज भुसाल[२]

१. अवधारणागत पक्ष

व्यक्तिगत स्वतन्त्रता मानिसको अहरणीय अधिकार भएको तथ्यलाई विश्वव्यापी रुपमा मान्यता दिएको छ । तर केही यस्ता परिस्थितिहरु छन् जसमा मानिसका केही स्वतन्त्रताहरु सीमित गर्न आवश्यक पर्छ। व्यक्ति थुनामा वा पक्राउमा परेको अवस्थामा निजका स्वतन्त्रताहरुलाई सिमित गर्ने अधिकार राज्यलाई प्राप्त हुन्छ तर राज्यको त्यो कार्य बैध र ईमानदारीतापूर्ण हुनु पर्दछ। थुनछेक सरकारवादी फौजदारी मुद्दाको कानूनी कारवाहीका सिलसिलामा पक्राउ परेका शंकित आरोपीका केही स्वतन्त्रतालाई सिमित हुने गरी निज उपरको त्यस्तै एउटा कानूनी प्रक्रिया हो। आरोपीलाई मुद्दा पुर्पक्षका सिलसिलामा थुनामा राखी मुद्दाको कारवाही अगाडि बढाउने प्रक्रिया न्याय व्यवस्थाको निरोधात्मक उपाय (Preventive Measure) मा आधारित छ। यस्तो कारवाहीले अभियुक्तलाई अलग गर्ने, सुनुवाइ प्रक्रियामा अवाञ्छित प्रभाव रोक्ने, प्रमाण लोप वा नास गर्नबाट जोगाउने, अभियुक्तको उपस्थिति सुनिश्चित गर्ने, पीडितको सुरक्षा, फैसला कार्यान्वयन सरल र सहज बनाउने र पुनःअपराध गर्नबाट रोक्ने आदि उद्देश्य राखेको हुन्छ।

थुनछेक आदेश गर्दा फौजदारी न्यायका आधारभूत सिद्धान्तको अधिनमा रही गर्नुपर्ने हुन्छ। त्यस्ता सिद्धन्तहरु निष्पक्ष सुनुवाइ (Fair Trial) दोषी ठहर नभएसम्म निर्दोष मान्नुपर्ने (Presumption of innocent), कसूर गरेको पर्याप्त विश्वासयोग्य प्रमाण भएमात्र थुनामा राख्न सकिने, थुना अन्तिम विकल्प वा अस्त्रको (Last Resort) रुपमा प्रयोग गर्नुपर्ने, थुनामा राख्दा अभियुक्तको न्यूनतम मानव अधिकारको रक्षा हुनुपर्ने, थुनछेक गर्दा सक्षम अदालतबाट निष्पक्षतापूर्वक गरिनु पर्ने र धरौट लाग्ने मुद्दामा धरौट पक्षको अधिकार हुने जस्ता सिद्दान्तहरु रहेका छन्।

शंकित थुनामै राखी मुद्दाको पूर्पक्ष गर्ने कार्य अभियोजनात्मक प्रणाली (Adversarial System) को थुन र सुनको पुरातन मान्यतामा आधारित छ। फौजदारी न्यायका सम्बन्धमा विकसित नवीनतम अवधारणामा व्यक्तिगत स्वतन्त्रता र मानव अधिकार संरक्षणलाई व्यक्तिका अहरणीय अधिकारका रुपमा लिइने भएकाले मुद्दाको कारवाहीको सिलसिलामा थुनाको विकल्पको अनुसरण हुने गरेको छ। यस अनुरुप अभियुक्तलाई अनुसन्धान वा पूर्पक्षका क्रममा उपस्थितिको प्रत्याभूतिका लागि कतिपय अवस्थामा नगद, जेथा वा यस्तै सुरक्षण लिई वा नलिई पनि जिम्मा जमानत दिई थुनामुक्त गर्ने अभ्यास पनि रहेको पाईन्छ। मुद्दाको अनुसन्धान तथा पूर्पक्षका क्रममा गर्न सकिने यस्तो कारवाहीलाई धरौट / जमानत भनिन्छ। जमानतको प्रचलन अमेरिकी र वेलायती कानूनमा लामो समयदेखि प्रचलनमा छ भने हालका दिनहरुमा धेरैजसो मुलुकहरुले जमानतीय प्रवन्धलाई न्यायिक कारवाहीमा आत्मसाथ गरेको पाईन्छ।

जमानत स्वीकार गर्ने वा नगर्ने न्यायिक कार्य हो। यसका अवस्था र कारणहरु प्रत्येक मुलुकका कानूनद्वारा व्यवस्थित भएका हुन्छन्। जमानत व्यक्तिगत स्वतन्त्रतासँग सम्बन्धीत मानव अधिकार र फौजदारी न्यायका मान्य सिद्धान्तमा आधारित थुनाको वैकल्पिक अवधारणा हो। यसले जथाभावी पक्राउ नगर्ने र थुनामा नराखिने तथा अदालतमा आरोप प्रमाणित नभएसम्म निर्दोष मानिने जस्ता व्यक्तिका आधारभूत स्वतन्त्रता, न्याय तथा मानव

---

१ सहन्यायाधिवक्ता महान्यायाधिवक्ताको कार्यालय

२ जिल्ला न्यायाधिवक्ता जिल्ला सरकारी वकील कार्यालय नुवाकोट

अधिकार संरक्षणसँग सम्बन्धीत मान्यता बोकेको हुन्छ। जमानतको यस अवधारणालाई नवीन न्याय व्यवस्था मान्यता अवलम्बन गर्ने मुलुकहरुले व्यक्त (Expressly) वा अव्यक्त (Implidly) रुपमा न्यायिक कारवाहीमा स्वीकार गरिएको पाइन्छ।

प्रायःजसो मुलुकमा थुना वा जमानत माग्ने आधारमा अपराधको प्रकृति र गाम्भिर्यता, अपराध गरेको विश्वासिलो आधार, दण्ड कार्यान्वयनको सुनिश्चितता, अदालतमा उपस्थितिको सम्भावना, अभियुक्तको चरित्र, साक्षीलाई प्रभाव पार्ने संभावना, अन्य अपराध गर्ने संभावना, अभियुक्तले पहिले अपराध गरे वा नगरेको पटकको आधारमा, कसूर ठहर्न सक्ने संभावना, आदि रहेका हुन्छन् ।

थुनछेक सम्बन्धी विषयवस्तुले पुर्पक्षको लागि न्यायिक निकायबाट राखिने थुनाका अतिरिक्त प्रहरी लगायतका निकायमा अपराधको शंकित व्यक्तिलाई हिरासतमा राख्न वा जमानत माग गरिने आदेश समेतलाई समेटदछ। शंकितलाई तारेखमा राखेर वा धरौट वा जमानतमा वा हिरासतमा राखेर अनुसन्धान गर्ने भन्ने कुरा मुद्दा हेर्ने अधिकारीले आधार र कारण खुलाएर निर्णय गर्न सक्दछन्। अभियुक्तलाई पुर्पक्षको लागि धरौट, जमानत वा थुनामा राख्ने वा तारेखमा छाडी पुर्पक्ष गर्ने भन्ने सम्बन्धीका मापदण्ड तथा मुल्यांकनका आधारहरु अन्वेषणात्मक कानूनी व्यवस्था (Inquistorial System) र प्रतिद्वन्दात्मक कानूनी व्यवस्था (Adversarial Legal System) अबलम्बन गर्ने मुलुकहरुमा प्रायः समानता रहेको पाईन्छ। तथापि अन्वेषणात्मक पद्दतिमा जमानतीय मान्यताको अवलम्वन सामन्यतया हुँदैन भने अभियोजनात्मक पद्दतिमा थुनछेक सम्वन्धमा केही खुकुलो र प्रतिवादीको पक्षमा (Defendant sentric) अभ्यास रहने गरेको भन्न सकिन्छ। नेपाल कानूनले अभियुक्तलाई मुद्दा पूर्पक्षका क्रमा थुनामा राख्ने, धरौटी जमानतमा राख्ने सम्बन्धीको कानूनी व्यवस्था गरेको छ। कानूनी व्यवस्थाको व्यवहारिक भ्यास र थुना, जमानत वा साधारण तारेखमा राख्ने सम्बन्धीको कानूनी मापदण्डलाई न्यायिक टिप्पणी तथा अभ्यासका माध्यमबाट थप स्पष्ट पार्ने प्रयास भएको छ। यीनै सन्दर्भ समेतका सम्बन्धमा प्रस्तुत आलेखमा चर्चा गर्ने प्रयत्न गरिएको छ।

२. आवश्यकता/ महत्व /औचित्यताः

नेपालले मानव अधिकारसँग सम्बन्धीत थुप्रै अन्तराष्ट्रिय दस्तावेजहरुमा हस्ताक्षर गरी अनुमोदन गरिसकेको छ। नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुवन्ध,१९६६ र यातना तथा अन्य क्रुर अमानवीय अपमानजनक व्यवहार वा सजाय विरुद्ध अन्तराष्ट्रिय महासन्धि,१९८४ United Nations Standard Minimum Rules for Non Custodial Measures,१९९० (TOKYO Rules) यी प्रमुख अन्तराष्ट्रिय दस्तावेजहरु हुन् । नेपाल सन्धि ऐन, २०४७ को दफा ९ मा नेपालको संसदबाट अनुमोदन सम्मिलन स्वीकृति वा समर्थन भई नेपाल राज्य वा नेपाल सरकार पक्ष भएको कुनै सन्धिको कुरा प्रचलित कानूनसँग बाझिएमा सो सन्धिको प्रयोजनको लागि बाझिएको हदसम्म प्रचलित कानून अमान्य हुने र तत्सम्बन्धमा सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुनेछ भन्ने व्यवस्था गरिएको छ । नेपाल सन्धि ऐनको उक्त कानूनी प्रावधानको आधारमा नेपालले अनुमोदन गरेका हरेक अन्तराष्ट्रिय सन्धिको व्यवस्था नेपाल कानून सरह लागू हुने हुँदा ती सन्धिमा भएका व्यवस्थाहरुलाई प्रभावकारी रुपमा लागू हुनुपर्ने अवस्था छ ।

थुनछेकलाई पुर्पक्षको लागि थुनामा राख्ने काम (Imprisonment for judicial enquiry) भनी नेपाली कानूनी शब्दकोषमा उल्लेख भएको पाइन्छ[३]। फौजदारी न्याय प्रक्रिया (Criminal Justice Process) मा मुद्दाको अनुसन्धान पश्चात अभियोजन गर्ने निकायले अदालत वा मुद्दा हेर्ने निकाय वा अधिकारी समक्ष अभियोगपत्र पेश गरी सकेपछि अभियोगपत्रसाथ पेश गरिएका वा पछि उपस्थित भएका,गराइएका अभियुक्तलाई मुद्दाको अदालती कारवाही (Adjudication Process) मा थुनामा राख्ने वा धरौट जमानतमा छाडने वा साधारण तारेखमा राखी पुर्पक्ष गर्ने भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ । यो कुरा थुनछेक सम्बन्धी सैद्धान्तिक, कानूनी र व्यवहारिक प्रयोग र अभ्यासबाट

३ श्रेष्ठ डा शंकर कुमार, नेपाली कानूनी शब्दकोष, पैरवी प्रकाशन, पुतलीसडक, काठमाडौं, पृष्ठ २९७

तय गरिन्छ । थुनामा राख्दा अभियुक्तको वैयक्तिक स्वतन्त्रता धेरै हदसम्म कटौती गरिएको हुन्छ तापनि उसले गरेको आपराधिक कार्यको अनुपातसँग तुलना गरी अपराधको गम्भीरता र सजायको कठोरतालाई दृष्टिगत गरी निश्चित अपराधमा यसलाई पनि स्वीकार गरिन्छ । थुना अन्तर्गत अभियुक्तले कारागार वा बन्दीगृहमा बसी मुद्दाको पैरवी गर्ने कुरालाई जनाउँछ । कुनै व्यक्तिलाई पूर्पक्षका लागि थुनामा राखेर कारवाही गर्नुपर्ने एकमात्र प्रयोजन सो व्यक्तिलाई सजाय भएमा सो सजायको फैसला कार्यान्वयन हुन सकोस भन्ने हुन्छ[४] भनी सर्वोच्च अदालतबाट व्याख्या भएको पाइन्छ ।

थुनछेकको आवश्यकता तथा औचित्य यसको उद्देश्यले पुष्टी गर्दछ थुनछेकको उद्देश्य सुनुवाई प्रक्रियामा अवाञ्छित प्रभाव रोक्ने,प्रमाण लोप हुनबाट जोगाउने, अभियुक्तको उपस्थित सुनिश्चित गर्ने, पीडितको सुरक्षा, फैसला कार्यान्वयन सरल र सहज बनाउने र पुनःअपराध गर्नबाट रोक्ने आदी हुने भएकाले फौजदारी मुद्दाको न्यायिक प्रक्रियामा थुनछेक प्रक्रियाको आवश्यकता रहेको हुन्छ। थुद्दछेकका माध्यमबाट अभियुक्तले पीडित तथा साक्षीलाई पार्न सक्ने प्रभाव दवावमा नियन्त्रण पुन :अपराध नगर्ने वातावरण पीडितलाई पर्न गएको क्षतिको मनासिव परिपूर्ण हुन सकेमा थुनछेकको औचित्य स्थापित हुन्छ।

धरौट वा जमानत (Bail) अन्तर्गत अदालत वा मुद्दा हेर्ने निकाय वा अधिकारीलाई थुना बाहिर रहेर पनि मुद्दाको पैरवीमा सहभागी हुने विश्वास दिलाउने प्रतिबद्धता (Security for a prisoners appearance) व्यक्त गरेको हुन्छ। त्यसको लागि पक्राउ परेको व्यक्तिलाई निश्चित रकम वा जेथा वा बैंक ग्यारेण्टी वा माथवर मानिसको जिम्मामा छाडिन्छ। अभियुक्तले कावुबाहिरको परिस्थिति वेगर पैरवी छाडेमा त्यस्तो धरौट वा जमानत जफत हुने शर्त राखिएको हुन्छ। मुद्धा पेश भए पश्चात अभियुक्तको बयान कार्य सम्पन्न भएपछि संकलित प्रमाणबाट अभियोग लागेको व्यक्ति कसूरदार हो भन्ने विश्वास गर्ने आधार नदेखेमा मुद्धा हेर्ने अधिकारीले त्यस्तो व्यक्तिलाई साधारण तारेखमा राखी मुद्धाको पैरवी गर्ने आदेश दिने व्यवस्था छ। यी सबै कुराहरुलाई थुनछेक आदेशको चरणमा निर्कयौल गरिने हुनाले उक्त चरणमा प्रमाणहरु प्रस्तुत गर्ने र त्यसको सत्यता सम्बन्धमा मुद्धा हेर्ने अधिकारीलाई विश्वास दिलाउने जिम्मेवारी बहस गर्ने वकीलले पुरा गर्नु पर्ने हुन्छ।

२.१ थुनछेकको अर्थ र परिभाषाः

अड्डा ,अदालत वा अधिकार प्राप्त अधिकारीद्धारा निश्चित कसूरमा वात लागेको अभियुक्तलाई पुर्पक्षका निमित्त थुनामा राखी मुद्दाको कारवाही गर्न दिइने आदेश थुनछेक आदेश हो भनी कानूनी शब्दकोषमा अर्थ्याएको पाइन्छ[५]। कुनै व्यक्ति उपर अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दाको कारवाईका क्रममा निजलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी वा धरौट वा जमानत वा साधारण तारेखमा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्ने हुन्छ। यसरी कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई मुद्धाको पुर्पक्षका क्रममा मुद्धा हेर्ने निकायले थुनामा राख्ने वा धरौट जमानत वा तारेखमा राख्ने भन्ने आदेश दिने विषयलाई नेपाल कानून प्रणालीमा थुनछेक आदेशको नामले बुझ्ने गरिन्छ । जमानतलाई कानूनी शब्दकोषमा तोकेको स्थानमा तथा समयमा उपस्थित हुने र अदालतको अधिकारक्षेत्र तथा फैसलाप्रति आफूलाई समर्पित गर्नेछु भनी जिम्मा लिई कुनै व्यक्तिलाई कानूनी नजरबन्दी वा गिरफतारीबाट छुटाउनु वा छुटाउने कार्यलाई जमानत[६] भनी र न्याय शुल्क बुझाउने दायित्व भएका व्यक्तिले कसलाई कति बुझाउने भन्ने कुराको निर्धारण भई नसक्दा अड्डा अदालत वा बैंकमा हक वा म्याद कानूनी रुपमा सुरक्षित राख्न जम्मा गरिएको सम्पत्ति,तल्लो अदालतबाट कैद वा जरीवाना गरी गरिएको फैसलामा पुनरावेदन गर्नका लागि जरीवाना वा कैद वापतको बुझाउने रकमलाई धरौट[७] भनी उल्लेख गरिएको छ। पुर्पक्षका लागि थुनामा बस्ने वा नवस्ने कारणबाट कसूरलाई जमानत लिन मिल्ने (Bailable offences) र जमानत लिन नमिल्ने

---

४ मदैसा विरुद्ध भू. सु. वि. अ. बारा, नेकाप, २०२८,पृष्ठ १६९

५ सिह टोपबहादुर, कानूनी शब्दकोष, पैरवी प्रकाशन काठमाडौं, पृष्ठ, २३२

६ कानूनी शब्दकोष टोपबहादुरसिंह प्रथम संस्करण पृष्ठ २१५

७ ऐजन, पृष्ठ २८०

(Non-Bailable offence) को रुपमा बर्गीकरण गर्ने प्रचलन छ। अपराधको प्रकृति, गाम्भिर्यता समेतका आधारमा मुद्दाको पुर्पक्षका क्रममा मुद्दामा थुनामा बस्नु पर्ने कसूरलाई Non bailable र थुनामा बस्नुनपर्ने कसूरलाई Bailable कसूर मानिन्छ। के कस्तो मुद्धामा थुनामा राखी मुद्धाको पुर्पक्ष गर्ने वा के कस्ता मुद्धामा धरौट वा जमानत माग गर्ने भन्ने कुरा प्रत्येक मुलुकको कानूनद्धारा व्यवस्थित हुने विषय हो। सुनुवाइ प्रक्रियामा अवाञ्छित प्रभाव रोक्ने, प्रमाण लोप हुनबाट जोगाउने, अभियुक्तको उपस्थित सुनिश्चित गर्ने, पीडितको सुरक्षा, फैसला कार्यान्वयन सरल र सहज बनाउने र पुन:अपराध गर्नबाट रोक्ने आदि हुने भएकाले फौजदारी मुद्दाको न्यायिक प्रकृयामा थुनछेकको प्रक्रियाको आवश्यकता रहेको हुन्छ। थुनछेकका माध्यमबाट अभियुक्त पीडित तथा साक्षीलाई पार्न सक्ने प्रभाव र दवावमा नियन्त्रण पुन: अपराध नगर्ने वातावरण पीडितलाई पर्न गएको क्षतिको मनासिव परिपूरण हुन सकेमा थुनछेकको औचित्य स्थापित हुन्छ।

२.2. थुनछेकको सिद्धान्तः

निष्पक्ष सुनुवाई (Fair Trial) दोषी ठहर नभएसम्म निर्दोष मान्नुपर्ने (Presumption of innocent) कसूर गरेको पर्याप्त विश्वासयोग्य प्रमाण भएमात्र तोकिएको गम्भीर कसूरमा थुनामा राख्न सकिने,थुना अन्तिम विकल्प वा अस्त्रको (Last Resort) रुपमा प्रयोग गर्नुपर्ने, थुनामा राख्दा अभियुक्तको न्यूनतम मानव अधिकारको रक्षा हुनुपर्ने, थुनछेक गर्दा सक्षम अदालतबाट निष्पक्षतापूर्वक गरिनु पर्ने र धरौट लाग्ने मुद्दामा धरौट पक्षको अधिकार हुने यी मुख्य सिद्धान्तको रुपमा रहेका छन्।

२.३ .थुनाको प्रकारः

क) हिरासत (Custody)

अभियुक्तलाई अनुसन्धानको लागि राखिने थुनाको अवधि हिरासत अवधि हो। सामान्यतः अभियुक्तलाई बाटाका म्याद बाहेक पक्राउ गरेको २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराई अदालतको अनुमतिले २५ दिनसम्म[८] र केही विशेष प्रकारका मुद्दाका अभियुक्तलाई सो भन्दा बढी अवधिसम्म पनि थुनामा राख्न सकिने कानूनी प्रावधान छ । गैरकानुनी गिरफतार वा थुनामा रहेको व्यक्तिले उजुरी गर्न सक्ने व्यवस्था कानूनमा छ।[९] हिरासत अन्तर्गत प्रहरी हिरासत र वन कार्यालय, राष्ट्रिय निकुञ्ज कार्यालय लगायतका मुद्दा अनुसन्धान गर्न अख्तियार प्राप्त अन्य निकायका हिरासत समेत पर्दछन् ।

ख) न्यायिक हिरासत (Judicial Custody:

अनुसन्धान समाप्त भई अभियोगपत्र पेश गरी सकेपछि फैसला नहुञ्जेल मुद्दा सुनुवाईका क्रममा राखिने थुना न्यायिक हिरासत हो। अभियोगपत्र साथ दाखिला भएका, हाजिर भएका वा हाजिर गराइएका अभियुक्तलाई थुनछेक आदेश गर्दा थुनामा राखी पुर्पक्ष गर्ने आदेश भएमा राखिने थुना न्यायिक हिरासत हो। थुनुवालाई यस्तो हिरासतको अवधिमा कारागारमा थुनेर राखिन्छ र मुद्दाको फैसला नभएसम्म बस्नुपर्ने हुन सक्छ। यो चरणमा वकीलको अत्यन्त सक्रिय र बुद्धिमतापूर्ण भूमिका रहेको हुन्छ। यसमा अनुसन्धानको क्रममा संकलित प्रमाणको परीक्षण (Examination) भैसकेको हुँदैन तापनि मुद्दाको पुर्पक्ष गर्ने (Proceeding) को प्रयोजनका लागि ती प्रमाणलाई आधार मानिन्छ।

ग) कारावास (Jail/Imprisonment)

अदालतले फैसला गर्दा अभियुक्तलाई जेल सजाय ठहर गरेकोमा सो जेल सजायको कार्यान्वयनको लागि अपराधी घोषित भएको व्यक्तिलाई जेलमा राखिने अवस्था हो। यस्तोमा कैदको अवधि मुद्दाको प्रकृति अनुसार जीवित रहेसम्म जन्मकैद वा फैसलाले तोकेको अवधिसम्म हुनसक्छ। अदालतको फैसला अनुसार कारगारमा रहेका अभियुक्तलाई कैदी भनिन्छ।

---

८ मुलुकी फौजदारी कार्यविधि संहिता,२०७४ को दफा १४ को उपदफा (६)

९ मुलुकी देवानी संहिता २०७४ पृष्ठ ६ कानून किताव व्यवस्था समिति काठमाडौ

उपरोक्त थुनाका प्रकार वाहेक कतिपय मुद्दाहरुमा अभियुक्तलाई अनुसन्धानका क्रममा वा मुद्दा पूर्पक्षका क्रममा अभिभावक वा माथवर मानिसलाई जिम्मा दिने र कैदीलाई खुला कारागारमा वा सामाजिक कार्यमा लगाउने जस्ता सुधारात्मक सिद्धान्तका नवीन तरिकाहरुको अभ्यास रहेको पाईन्छ।

३. अन्तराष्ट्रिय तथा राष्ट्रिय कानूनी व्यवस्था :

३.१ अन्तराष्ट्रिय कानूनी व्यवस्थाः

- **मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८**

घोषणापत्रको धारा ९ मा कसैलाई पनि स्वेच्छाचारी रुपमा पक्राउ, थुनछेक वा देश निकालाको भागिदार नबनाउने भन्ने व्यवस्था गरिएको छ ।

- **नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्र, १९६६**

प्रतिज्ञापत्रको धारा ९ मा कुनै फौजदारी मुद्दामा पक्राउ गरिएको वा थुनीएको कुनै पनि व्यक्तिलाई न्यायाधीश वा कानूनद्वारा न्यायिक अधिकार प्रयोग गर्न पाउने अधिकारी समक्ष तुरुन्त उपस्थित गराउनुपर्ने र त्यस्तो व्यक्तिलाई मनासिव समयभित्र पुर्पक्ष हुने वा छुटकारा पाउने निजको अधिकार हुने, सुनुवाईको सिलसिलामा व्यक्तिलाई हिरासतमा राख्ने कुरा सामान्य नियम हुने छैन तर न्यायिक प्रक्रियाका कुनै पनि चरणमा सुनुवाईका लागि र अवस्था उत्पन्न भएमा फैसला कार्ययान्वयनका लागि उपस्थिती निश्चितताका अधिनमा निजको रिहाई हुन सक्नेछ भन्ने समेतका व्यवस्था रहेका छन । त्यसै गरी पक्राउ वा थुनछेकबाट बञ्चित भएको जोसुकै व्यक्तिलाई अदालतद्वाराबिलम्व नगरिकन निजको थुनछेकको कानून संगततावारे निर्णय गर्न र थुनछेक कानूनसँगत नभएमा निजलाई मुक्त गर्न आदेश दिनका लागि अदालत समक्ष कारवाही चलाउने हक हुने, कानून असङ्गत गिरफ्तारी वा थुनछेकवाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ भन्ने प्रावधान उक्त प्रतिज्ञापत्रमा रहेका छन् ।

- **मानव तथा जन अधिकार सम्बन्धी अफ्रिकी विधान,१९८१**

विधानको धारा ६ मा प्रत्येक व्यक्तिलाई व्यक्तिगत स्वतन्त्रता र उसको सुरक्षाको अधिकार हुनेछ । कसैलाई पनि पूर्व पारित कानूनद्वारा उल्लेख गरिएको कारण र अवस्थामा बाहेक उसको स्वतन्त्रताबाट वञ्चित गर्न सकिने छैन । कसैलाई पनि स्वेच्छाचारी रुपमा पक्राउ गर्न वा थुनामा राख्न सकिने छैन ।

- **मानव अधिकार सम्बन्धी अमेरिकी महासन्धि,१९६९**

महासन्धिको धारा ७ मा सम्बन्धीत सदस्य राष्ट्रका संविधान वा संविधान बमोजिम बनेका कानूनद्वारा पहिले नै स्थापित कारण र शर्त बमोजिम बाहेक कसैलाई पनि निजको मौलिक स्वतन्त्रताबाट बञ्चित गरिनेछैन ।

- **मानव अधिकार तथा मौलिक स्वतन्त्रताको संरक्षण सम्बन्धी युरोपेली महासन्धि,१९५०**

महासन्धिको धारा ५ मा थुना वा पक्राउका कारण स्वतन्त्रताबाट बञ्चित भएका प्रत्येक व्यक्तिलाई उक्त थुना बारे कारवाई चलाउने अधिकार हुनेछ । जसमा अदालतले थुनाको बैधतावारे छिटो गरी निर्णय लिन र यदी उक्त थुना अवैध भएमा थुनाबाट मुक्तिको आदेश दिनु पर्नेछ ।

- **बाल अधिकार सम्बन्धी महासन्धि,१९८९**

महासन्धिको धारा ३७ मा कुनै पनि बालबालिकालाई गैर कानूनी वा अनुचित तवरले तिनको स्वतन्त्रताबाट बञ्चित गरिने छैन,बालबालिकाको गिरफतारी, थुना वा कारावास कानून अनूरुप हुनेछ र सम्भव भएसम्म छोटो, उपयुक्त समयका लागि र अन्तिम उपायका रुपमा मात्र अपनाइने छ भन्ने व्यवस्था छ ।

बाल न्याय प्रशासन सम्बन्धी न्यून्तम मापदण्डका नियमहरु (वेइजिङ् नियमहरु) १९८५

कानूनसँग द्वन्दमा परेका वा विज्याईमा संलग्न बालबालिकाको न्याय प्रशासन र व्यवस्थापन उचितरुपले गरिनुपर्ने भन्ने समेतका मूल्य र मान्यता राखेको पाइन्छ ।

३.१.१ थुनछेक सम्बन्धी व्यवस्थाको सम्बन्धमा अन्य देशको अभ्यास:

अमेरिका

अमेरिकामा बेलायतको उपनिवेशबाट स्वतन्त्र नहुँदै र स्वतन्त्र भएको केही बर्षसम्म बेलायती कानून अनुरुप काम गरिन्थ्यो । अमेरिकामा सन् १७८९ मा The Judiciary Act बनेको र सो ऐनले मृत्युदण्ड हुने बाहेकका कसूरमा जमानत योग्य मानेको थियो। सन् १९६६ मा The Bail Act आयो । सन् १९८४ मा यसमा संशोधनसमेत भयो । हाल यो ऐन अनुसार हिंसाजन्य अपराध, जन्मकैद र मृत्युदण्डको सजाय हुने कसूर, १० बर्षभन्दा बढी कैद हुने लागू पदार्थ सम्बन्धी कसूर र भाग्ने, न्यायिक कारवाईमा अवरोध पुर्‍याउने वा साक्षीलाई प्रभाव पार्ने जस्ता कसूरमा थुनामा राख्नुपर्ने व्यवस्था छ । अमेरिकाका विभिन्न राज्यमा फरक फरक जमानत सम्बन्धी कानूनहरु छन्। कतिपय राज्यले Federal Model को कानून बनाएका छन् भने कतिपय राज्यमा मृत्युदण्ड हुने बाहेक अन्य कसूरमा जमानत हुने व्यवस्था छ ।

संयुक्त राज्य अमेरिकामा The Bail Reform Act of १९८४ को जमानत सम्बन्धी Section ३१४३, अन्तर्गत Relese or Detention of Defendent Pending Sentence or Appeal मा अदालतबाट फौजदारी अपराधमा कसूरदार ठहरिएको व्यक्तिलाई पुनरावेदन तहमा मुद्धा विचाराधीन रहेको अवस्थामा (Pending Appeal)जमानतको सुविधा प्राप्त हुनसक्ने व्यवस्था रहेको पाइन्छ । जस अन्तर्गत ज्यान वा जन्मकैदको सजाय, दश वर्षसम्म कैदको सजाय हुने निश्चित किसिमका लागू औषध सम्बन्धी अपराध तथा आतङ्क सम्बन्धी अपराधमा बाहेक विचाराधीन रहेको कसूरदार ठहरिएको व्यक्तिलाई जमानतमा छाड्दा भागि जाने सम्भावना छैन तथा समाजलाई खतरा छैन वा पुनरावेदन निवेदनमा तथ्य वा कानून सम्बन्धी महत्वपूर्ण प्रश्न उठाइएको छ जसबाट फैसला उल्टिने वा पुनः पुर्पक्ष सुरु गर्नुपर्ने अवस्था छ वा ठहर भएको कैद सजाय भुक्तान भइसकेको छ एवं मुद्दा ढिलाई गर्ने उदेश्यले पुनरावेदन दायर गरिएको होइन भन्ने अदालतलाई लागेमा पुनरावेदन तह मा जमानतको अधिकार प्राप्त हुने व्यवस्था रहेको पाइन्छ ।

बेलायत

बेलायतमा अभियोजनपूर्व प्रहरीबाट र अभियोजनपछि अदालतबाट जमानत लिने व्यवस्था छ । त्यहाँ थुनामा राख्ने अवधि समाप्त भएपछि वा जमानतमा राख्न नहुने पर्याप्त कारण नभएसम्म जमानतलाई अधिकारकै रुपम मानिन्छ । त्यहाँ जमानत इन्कार गर्ने आधारहरु फरार रहन सक्ने वा अर्को अपराध गर्न सक्ने वा साक्षीलाई प्रभाव पार्नसक्ने विश्वासिलो आधार भएमा, कैद सजाय हुने अपराधमा जमानत इन्कार हुन सक्ने व्यवस्था रहेको छ । यस्तो आदेश गर्दा अपराधको प्रकृति, अभियुक्तको चरित्र र समाजसंगको सम्बन्ध, प्रतिबादीको जमानत सम्बन्धी रेकर्ड र प्रमाणको पर्याप्तता जस्ता कुरामा पनि अदालतले ध्यान दिन्छ । त्यसैगरी प्रतिवादीकै सुरक्षा, अर्को कसूरमा सजाय भोगिरहेको, हालकै कारवाइका क्रममा फरार रहिसकेको, अर्को जमानत योग्य कसूरमा जमानत भएकोमा, जमानतबाट भागी पक्राउ परेको जस्ता अवस्थामा अदालतले जमानत इन्कार गर्न सक्ने व्यवस्था रहेको पाइन्छ । बेलायतमा कसूरदार ठहरिएका व्यक्तिलाई जमानतको सुविधा अदालतको स्वविवेकमा निर्भर रहेको पाइन्छ । त्यहाँको Bail Act 1976 को Section 4 मा Bail For accused person and others अन्तर्गत जमानतको अधिकार प्राप्त हुने अवस्थाको बारेमा उल्लेख भई केही अपवादका निश्चित अवस्थामा बाहेक कसूरदार ठहरिएका व्यक्तिलाई जमानतको अधिकार प्राप्त हुने व्यवस्था रहेको पाइन्छ ।

भारत

भारतमा त्यहाँको Criminal Procedure Code १९७३ को Section ३८९ मा उच्च न्यायालयले कसूरदार ठहर भइसकेको व्यक्तिको सजाय निलम्बन (Suspension) गरेर जमानतमा छोड्न सक्ने व्यवस्था भई जमानत योग्य मुद्दामा वा जमानतमा पुर्पक्षमा रहेको प्रतिवादीको हकमा तीन वर्षसम्म कैदको सजाय भएकोमा पुनरावेदन गर्ने अवधिसम्मलाई मात्र जमानतमा छाड्न पुनरावेदन तहको अदालतलाई अधिकार प्रदान भएको देखिन्छ । भारतमा जमानत योग्य र जमानत दिन नसकिने व्यवस्था छ । भारतको फौजदारी कार्यविधि संहिताको दफा २ को

उपदफा (क) मा सो फौजदारी कार्यविधि संहिताको अनुसूचि -१ मा उल्लिखित कसूरहरु तथा अन्य प्रचलित कानूनले जमानत योग्य भनेका कसूरहरु जमानत योग्य सो बाहेक अन्य जमानत अयोग्य भनी परीभाषित गरिएको छ ।

नेपाल

नेपालमा साविक मुलुकी ऐन,२०२० को अदालती बन्दोबस्त महलको ११८ नं. मा थुनछेक सम्बन्धी व्यवस्था रहेको पाइन्छ । उक्त ऐनको दफा ११८ अनुसार जन्मकैदको सजाय हुन सक्ने अपराध वा नेपाल सरकार वादी भै चलेको तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय हुने तथा त्यस्ता अपराधको उद्योग सम्बन्धी अपराध वा नेपालमा स्थायी बसोवास नभएको व्यक्तिलाई ६ महिना वा सो भन्दा बढी कैद सजाय हुनसक्ने अपराध, वा माग गरेको धरौट वा जमानत दिन नसकेको अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने व्यवस्था रहेको थियो । उपरोक्त थुनामा राख्ने अवस्थाका अपराधमा तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा थुनामा राखी मुद्धाको पुर्पक्ष गर्ने व्यवस्था थियो । सोही व्यवस्थालाई समय सापेक्ष केही परिमार्जन गरी निरन्तरता दिने कार्य मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको पाइन्छ। यस सम्बन्धी थप विवेचना तलका प्रकरणहरुमा गरिएको छ।

३.२ राष्ट्रिय कानूनी व्यवस्था

नेपालको संविधान:

नेपालको संविधानको धारा २० मा न्याय सम्बन्धी हकमा कारण सहितको सूचना नदिई थुनामा राख्न नहुने, थुनामा रहेका शंकितलाई कानून व्यवसायीको सल्लाह र आफन्तसँग भेटघाटको अवसर दिनुपर्ने, कसूर प्रमाणित नभएसम्म निर्दोषिताको अनुमान गरी व्यवहार गर्नु पर्ने, २४ घण्टा भन्दा बढी थुनामा राख्दा मुद्दा हेर्ने अधिकारीको आदेश लिनुपर्ने जस्ता व्यवस्थाहरु गरिएको छ । त्यसै गरी धारा २२ ले यातना विरुद्धको हकमा थुनामा रहेको व्यक्तिलाई मानवीय व्यवहार गर्नुपर्ने, शारीरिक मानसिक यातना दिन नहुने व्यवस्था गरेको छ । धारा १५८ को उपधारा (६) (ग) मा हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार गरे नगरेको,कानून व्यवसायी र आफन्तसंग भेटघाट गर्न दिए नदिएको सम्बन्धमा महान्यायाधिवक्ताबाट अनुगमन हुने व्यवस्था गरिएको छ । गैर कानूनी थुनामा राखेको अवस्थामा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुन सक्ने संवैधानिक प्रावधान संविधानको धारा १३३ को उपधारा (३) तथा १४४ र १५१ मा गरिएको छ ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४

क) थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने व्यवस्था:

मुद्धा हेर्ने अधिकारी समक्ष अभियुक्तको बयान कार्य सम्पन्न भइसकेपछि अभियुक्तलाई थुनामा राखी मुद्धाको सुनुवाई गर्ने वा धरौट वा तारिखमा राखी मुद्धाको सुनुवाई गर्ने भन्ने विषयमा दुवै पक्षको तर्फबाट बहस पैरवी भई मुद्धा हेर्ने अधिकारीले तत्काल प्राप्त प्रमाण एवं कानूनी आधारमा आदेश गर्न सक्ने हुन्छ । प्रमाण ऐनले सम्बन्धीत व्यक्ति अदालतमा उपस्थित भई बकपत्र गरी सकेको नभए तापनि थुनछेक प्रयोजनको लागि कानून बमोजिम अधिकार प्राप्त अधिकारीले संकलन गरेका कागजात,लिखत,मुचुल्का,दशी प्रमाण, कुनै विषयको परीक्षण प्रतिवेदन, विशेषज्ञको राय वा प्रतिवेदन,विधुतीय प्रमाण वा बयान आदी तत्काल प्राप्त प्रमाणको रुपमा प्रमाणमा लिन हुन्छ भन्ने व्यवस्था छ[१०] ।

मुलुकी फौजदारी कार्यविधि संहितामा भएको व्यवस्था अनुसार जन्मकैदको सजाय हुन सक्ने कसूर, तीन वर्षभन्दा भन्दा बढी कैद सजाय हुन सक्ने अनुसुची -१ वा अनुसूची -२ अन्तर्गतका कसूर, त्यस्ता कसूरको उद्योग,दुरुत्साहन वा आपराधिक षडयन्त्र गरेको वा त्यस्तो कसूरमा मतियार भएको कसूरको अभियोग लागेको

१० प्रमाण ऐन, २०३१ को दफा १८(ख)

अभियुक्तलाई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने कुनै मनासिव आधार भएमा मुद्दा हेर्ने अदालतले कारण खुलाई पुर्पक्षको लागि थुनामा राख्ने व्यवस्था गरिएको छ[११] । यस व्यवस्थामा मुद्धाको एउटा निश्चित हदभन्दा माथि कैद हुने कसूरको अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राख्न सकिने व्यवस्था गरिएको छ ।

तत्काल प्राप्त प्रमाणको विश्लेषण मुद्दा हेर्ने अधिकारीले गर्दछन् । प्रमाणित आधार बेगर आरोप लाग्नासाथ कुनै अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राख्नकोलागि तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको वा कसूरदार हो भन्ने विश्वास गर्न सक्ने मनासिव आधार भएको हुनुपर्ने भन्ने थुनछेक सम्बन्धी आदेशको पूर्व शर्तको रुपमा रहेको कानूनी व्यवस्थाबाटै वस्तुनिष्ठ र प्रमाणित आधार वेगर कसैलाई पनि आरोप लाग्नासाथ थुनामा राख्नु पर्ने वा मिल्ने आधारहरु नदेखिने भनी सर्वोच्च अदालतबाट सिद्धान्तसमेत प्रतिपादन भएको छ[१२] ।

यसका अतिरिक्त अभियुक्तले अदालतमा कसूर स्वीकार गरेको र मुद्दाको तथ्य र प्रमाणको मूल्याङ्कन गर्दा थुनामा राख्न मनासिव देखिएको, एक वर्ष वा सो भन्दा बढी सजाय हुन सक्ने कसूरको अभियोग लागेको अभियुक्तको नेपालमा स्थायी वसोवास नभएको र निजलाई थुनामा नराखेको खण्डमा निज भाग्ने र पछि पक्राउ पर्ने सम्भावना नरहेकोमा,जारी भएको पक्राउपूर्जि बमोजिम म्यादभित्र हाजिर नभई अभियुक्त पक्राउ भई आएको र निजले उजुरी साथ अदालतमा उपस्थित हुन नआउनुको कुनै सन्तोषजनक कारण देखाउन नसकेकोमा र अभियोग लाग्नु भन्दा तीन वर्ष अघिको अवधिभित्र अन्य कुनै कसूरको अभियोगमा निजले कैद सजाय पाउने ठहर भएको कैदको सजाय हुन सक्ने अभियुक्तलाई थुनामा राख्न सकिने व्यवस्था संहितामा गरिएको छ। थुनछेक सम्बन्धमा स्वदेशी र विदेशी नागरिकमा फरक व्यवस्था गरिएको छ। स्वदेशी सरहको सुविधा विदेशीलाई प्रदान गरिएको छैन। विदेशीलाई फरक व्यवहार गर्नुको कारण फैसला भएपछि सो कार्यान्वयन हुन सकोस् भन्ने उद्धेश्यले विधिकर्ताले यस किसिमको व्यवस्था गरेको देखिन्छ ।

थुनामा राख्ने सम्बन्धमा भएका व्यवस्थामा कमजोर वर्गहरुको हितका लागि अपवादात्मक व्यवस्था पनि गरिएको छ। जस अनुसार दश वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा बाहेक अभियुक्त बालबालिका वा शारीरिक वा मानसिक रोग लागि अशक्त भएको वा सात महिना भन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको बृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौटी वा जमानत लिई तारिखमा छोडनसक्ने विशेष व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट कमजोर वर्गलाई विशेष सहुलियत दिएको र सामाजिक न्यायका दृष्टीले पनि यो न्यायोचित देखिन्छ । नेपाल पक्ष भएको बाल अधिकार सम्बन्धी महासन्धिको मान्यता तथा संविधानले आत्मसात गरेका सकारात्मक विभेदको मान्यतालाई पनि प्रस्तुत व्यवस्थाले दृष्टिगत गरेको छ ।

ख) अभियुक्तसँग धरौट वा जमानत वा बैंक जमानत माग गरी पुर्पक्ष गर्ने व्यवस्थाः

मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६८ मा जमानतीय (Bailable) व्यवस्था गरिएको छ । यस दफामा गरिएको व्यवस्था अनुसार दफा ६७ बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरिने अवस्था बाहेक कुनै अभियुक्त उपरको अभियोग प्रमाणित हुने मनासिव आधार भएमा अदालतले निजसँग धरौटी,जमानत वा बैङ्क जमानत मागी तारिखमा राख्न सक्ने, त्यस्तो बैङ्क जमानत बिनाशर्तको र अदालतले तोके बमोजिमको अवधिसम्म अधावधिक हुनसक्ने हुनु पर्ने र धरौट, जमानत वा बैक जमानत नदिने अभियुक्तलाई अदालतले थुनामा राख्ने व्यवस्था गरिएको छ । मुद्दाको कारवाही जुनसुकै अवस्थामा पुगेको भएतापनि अदालतले प्रमाण बुझदैजाँदा अभियुक्तलाई अवस्था अनुसार थुनामा राख्न, धरौट जमानत वा वैक जमानत माग्न सक्नेछ ।

ग) बालबालिका, शारीरिक वा मानसिक रोग लागी अशक्त भएका वा गर्भवती महिला वा बृद्धलाई धरौट वा जमानतमा छाडने व्यवस्थाः

---

११ मुलुकी फौजदारी कार्यविधि संहिताको दफा ६७ (क)(ख)(ग)

१२ राजिव वास्तोला विरुद्ध जिल्ला वन कार्यालय काठमाडौं समेत नेकाप २०६६, अंक ८, नि.नं. ८२०२, पृष्ठ १२८१

थुनामा राख्ने सम्बन्धमा भएका व्यवस्थामा कमजोर वर्गहरुको हितका लागि अपबादात्मक व्यवस्था पनि गरिएको छ । जस अनुसार निजहरुको दश वर्ष भन्दा बढी कैद सजाय हुन सक्ने कसूरमा वाहेक अभियुक्त बालबलिका वा शारीरिक वा मानसिक रोग लागि अशक्त भएको वा सात महिना भन्दा बढीकी गर्भवती महिला वा पचहत्तर वर्ष माथिको बृद्ध भएमा त्यस्तो अभियुक्तलाई अदालतले धरौटी वा जमानत लिई तारिखमा छोडनसक्ने विशेष व्यवस्था गरिएको छ[१३] । यस व्यवस्थाबाट कमजोर वर्गलाई विशेष सहुलियत दिएको र सामाजिक न्यायका दृष्टीले पनि यो न्यायोचित देखिन्छ । नेपाल पक्ष भएको बाल अधिकार सम्बन्धी महासन्धिको मान्यता तथा संविधानले आत्मसात गरेका सकारात्मक विभेदको मान्यतालाई पनि प्रस्तुत व्यवस्थाले दृष्टिगत गरेको छ ।

ग) तारेखमा राख्नु पर्ने व्यवस्थाः

थुनामा राख्ने वा धरौटी जमानत लिने अवस्था बाहेकका कसूरमा अदालतले तारेखमा राखेर मुद्धाको पुर्पक्ष गर्नु पर्ने व्यवस्था संहिताको दफा ६९ मा गरिएको छ ।

घ) थप धरौट, जमानत वा बैङ्क जमानत माग्न सक्ने व्यवस्थाः

संहिताको दफा ७० मा कुनै अभियुक्तबाट लिएको धरौट जमानत वा बैङ्क जमानतको रकम पछि अपर्याप्त भएको देखिन आएमा अदालतले निजसँग थप धरौट जमानत वा बैंक जमानत माग्न सक्ने र सो थप धरौट जमानत वा बैक जमानत दिन नसकेमा त्यस्तो अभियुक्तलाई अदालतले थुनामा राख्नसक्ने व्यवस्था गरिएको छ ।

ङ) कारवाईको जुनसुकै अवस्थामा पनि थुनामा वा जमानतमा राख्न सकिने:

तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएको व्यक्ति अदालतमा मुद्धाको पुर्पक्षका क्रममा प्रमाण बुझदै जाँदा निज कसूरदार नभएको भन्ने खुल्न आउन सक्छ । यस अवस्थामा पहिले गरेको आदेश परिर्वतन गर्न सक्ने तजवीज अदालतलाई प्राप्त छ । यस अनुसार पहिले थुनामा वा धरौट वा जमानतमा नरहेकालाई थुना वा धरौट वा जमानतको आदेश वा पहिले थुनामा परेकालाई थुनाबाट छाड्न सकिने गरी संहीताको दफा ७१ मा व्यवस्था गरिएको छ । यस व्यवस्थाबाट थुनामा नरहनु पर्ने व्यक्तिलाई मुक्त गरी निजको व्यक्तिगत स्वतन्त्रताको संरक्षण हुन्छ । थुनामा वा जमानत हुनु पर्नेलाई नभएकोमा सो गर्न जुनसुकै समयमा सकिने भई दण्डहिनता हुन नदिने तथा थुनछेकको प्रयोजनलाई सार्थक बनाउन सकिने हुन्छ ।

च) धरौट जमानत वा बैक जमानतको रकम तोक्ने आधारः

संहिताको दफा ७२ मा धरौट वा जमानतको रकम तोक्ने वस्तुनिष्ठ,पारदर्शी र वैज्ञानिक आधारहरु निर्धारण गरिएको छ । संहितामा कसूरको प्रकृति र गम्भीरता, अभियुक्त वा कसूरदारको आर्थिक अवस्था तथा पारिवारिक स्थिति, अभियुक्त वा कसूरदारको उमेर र शारीरिक स्थिति, निजले पहिले कुनै कसूरमा कसूरदार ठहरी सजाय पाएको वा नपाएको, निजले एकै वारदातमा विभिन्न कसूर गरे वा नगरेको, निजलाई भएको वा हुन सक्ने सजाय र निजले व्यहोर्नुपर्ने क्षतिपूर्ति, कसूरबाट सृजित परिणाम, कसूरमा साविती भए वा नभएको, असहाय वा अशक्त व्यक्ति वा गर्भवती वा दुधे बालबालिका भएकी महिला अभियुक्त रहेको समेतका आधारमा धरौट वा जमानत अङ्क निर्धारण गर्ने गरी फराकिलो आधारहरु तय गरिएको छ ।

छ) पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सकिनेः

सुरु अदालतले मुद्दाको कारवाईका सिलसिलामा गरेको आदेश उपर चित्त नबुझ्ने पक्षले माथिल्लो अदालत अर्थात पुनरावेदन सुन्ने अदालतमा निवेदन गर्न सक्ने र त्यस्तो अदालतले सुरु अदालतसँग सो आदेशका सम्बन्धमा बुझी सो सदर वा बदर गर्ने आदेश दिनसक्छ। थुनछेक आदेश एक प्रकारको अन्तरकालीन आदेश (interlocutory order) हो। मुद्दा पुर्पक्षका क्रममा तल्ला तहका अदालतबाट भएका त्रुटीपूर्ण आदेशहरुलाई पुनरावेदकीय अधिकार भएका सम्बन्धीत अदालतहरुले त्रुटी सच्याउने (Correction) कार्य गर्दछन्। संहिताको दफा ७३ र न्याय प्रशासन ऐन, २०७३ को दफा १५ अनुसार यस किसिमको अन्तरकालीन आदेशको व्यवस्था रहेकोमा थुनछेक वा

---

१३ मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ दफा ६७ को उपदफा (३)

तोकिएको धरौट वा जमानत वा बैङ्क जमानतमा चित्त नबुझने पक्षले एक तहसम्म पुनरावेदन सुन्ने अदालतमा निवेदन दिन सकिने तर जन्मकैद वा दश बर्ष वा सोभन्दा बढी कैद सजाय हुनसक्ने कसूरमा भएको थुनछेकको आदेश वेरित भएको प्रश्नमा एक तहभन्दा माथिको पुनरावेदन सुन्ने अदालतमा पनि निवेदन दिन सकिने व्यवस्था गरिएको छ भने न्याय प्रशासन ऐनमा दश वर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने मुद्दामा प्रतिवादीलाई पुर्पक्षकोलागि तारिख, जमानत वा थुनामा राख्ने गरी भएको आदेश उपर कानूनी त्रुटी वा कार्यविधि सम्बन्धीत अनियमितताको प्रश्नमा सर्वोच्च अदालतमा निवेदन दिन बाधा पुर्याएको मानिने छैन भन्ने व्यवस्था गरिएको पाइन्छ । यस व्यवस्थामा गम्भीर प्रकृतिका अपराधहरुमा एक तहमाथि पनि निवेदन दिन सकिने र सामान्य प्रकृतिका मुद्धाहरु एक तहको पुनरावेदन तहबाट नै अन्त्य हुने व्यवस्था गरी सामान्य मुद्धामा पनि सर्वोच्च अदालतसम्म निवेदन दिई अनाबश्यक रुपमा कार्यबोझ बढाउने कुरालाई नियन्त्रण पनि गरेको छ ।

ज) धरौट वा जमानत लिंदा कागज गराउनुपर्ने व्यवस्थाः

मुद्दाको पुर्पक्षका लागि अभियुक्तसँग धरौट वा जमानतको आदेश भई त्यस्तो धरौट वा जमानत लिदा न्यायिक कारवाईमा सहयोग पुगोस् र भाग्ने उम्कने प्रयास नगरोस् भन्नाका लागि अदालतबाट तोकिएको समय र स्थानमा त्यस्तो व्यक्ति उपस्थित नभएमा धरौट जफत हुने सर्त उल्लेख गरी कागज गराउनुपर्ने व्यवस्था गरिएकोछ ।

झ) धरौटी जफत हुने व्यवस्थाः

धरौट वा जमानतमा पुर्पक्ष गर्न आदेश पाएको व्यक्तिले पुर्पक्षका क्रममा न्यायिक कारवाईमा संलग्न भई सहयोग गरोस् तथा सो प्रक्रियाबाट नभागोस भन्ने मनसायले संहिताको दफा ७५ मा यस सम्बन्धी व्यवस्था गरेको छ ।

ञ) धरौट फिर्ता र जमानत फुकुवा हुन सक्नेः

अनुसन्धानका सन्दर्भमा वा मुद्दाको पुर्पक्षका क्रममा राखिएको धरौट वा जमानत फिर्ता हुने अवस्थाका बारेमा संहिताको दफा ७६ मा व्यवस्था गरिएको छ । संहिताको दफा १५ मा अनुसन्धानको सिलसिलामा पनि धरौट वा जमानीमा छाड्न सकिने व्यवस्था गरिएको छ ।

ट) खास अबधिभित्र मुद्दा फैसला नभएमा थुनाबाट छोडन सकिनेः

संहितामा शीघ्र फैसला गरियोस र शीघ्र फैसला गर्न सकिएन भने लामो समयसम्म थुनामा कसैलाई पनि राख्न मिल्दैन भन्ने दृष्टिकोणबाट दफा ७७ मा यस सम्बन्धमा व्यवस्था गरिएको छ ।

ठ) थुनामा राख्न सकिने अधिकतम अवधिः

संहिताको दफा ७८ मा अभियुक्तलाई निज उपर लगाइएको अभियोग प्रमाणित भएमा हुन सक्ने अधिकतम कैदको सजायको अबधिभन्दा बढी अवधिसम्म थुनामा नराखिने व्यवस्था गरिएको छ ।

ड) पर्चा खडा गर्नुपर्नेः

कुनै पनि अभियुक्तलाई थुनामा राख्दा वा थुनामा राखिएको अभियुक्तलाई छोडदा वा कुनै अभियुक्तसंग धरौट वा जमानत माग गर्दा वा थपघट वा परिवर्तन गर्दा वा प्रमाण बुझन पहिलोपटक तारेख तोकिएको मितिले एक बर्षभित्र फैसला हुन नसकी थुनाबाट छाड्दा अदालतले कारण सहितको पर्चा खडा गर्नु पर्ने व्यवस्था संहिताको दफा ७९ मा गरिएको छ ।

ढ) थुनुवा पुर्जी दिनुपर्नेः

संहिताको दफा ८० मा जुनसुकै व्यहोराले हिरासतमा राख्दा हिरासतमा राख्नुपर्ने कारण र त्यसरी हिरासतमा राख्न सकिने कानूनी आधार र कारण खुलाई अधिकार प्राप्त अधिकारीले थुनछेकको आदेश गरी अनुसूची ३२ बमोजिम निर्दिष्ट ढाँचामा थुनुवा पूर्जी दिई थुनामा राख्नुपर्ने व्यवस्था गरिएको छ ।

विशेष अदालत ऐन, २०५९

यो ऐनको दफा ७ को खण्ड (ग) मा मुद्दाको कुनै पक्षलाई तारिखमा राखी पुर्पक्ष गर्ने वा आवश्यक परेका वखत झिकाउने वा खास समयमा हाजिर हुन आउने गरी तारिखमा नराखी पुर्पक्ष गर्ने व्यवस्था गरेको पाइन्छ भने

दफा ७ को खण्ड (घ) मा तत्काल प्राप्त प्रमाणबाट कुनै अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने नदेखिएमा निजसँग निजले हानी नोक्सानी गरेको विगो वा गैर कानूनी रुपमा लिएको रकम र निजलाई हुनसक्ने कैद वा जरीवाना समेतलाई दृष्टीगत गरी धरौटी वा जमानत माग्न सक्ने व्यवस्था छ भने सोही दफा ७ को खण्ड (ङ) मा तत्काल प्राप्त प्रमाणका आधारमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्नुपर्ने पर्याप्त र मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि निजलाई थुनामा राखी पुर्पक्ष गर्न सक्ने विशेष व्यवस्था छ ।

मानव वेचविखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४

प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि ऐनको दफा ४ को उपदफा (१) को खण्ड (घ) को (वेश्यागमन गर्ने) कसूरमा बाहेक यस ऐन अन्तर्गतको अन्य कसूर सम्बन्धी मुद्दामा कारवाही गर्दा तत्काल प्राप्त प्रमाणबाट अभियुक्तले कसूर गरेको हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी कारवाही गर्नु पर्ने व्यवस्था दफा ८ मा गरेको देखिन्छ ।

कालोवजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२

यस ऐनको दफा १९ मा तारिखमा हाजिर नहुने वा धरौटी वा जमानीमा छाड्दा अभियुक्त भागिजाने सम्भावना भएको वा निजले सवुत प्रमाणमा हस्तक्षेप गर्ने संभावना भएको वा निजले यस ऐन अन्तर्गत अर्को कुनै अपराध गर्ने संभावना भएको अवस्थामा अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरिने छ।

वन ऐन, २०७६

यस ऐन को दफा ६६ मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन बमोजिम पक्राउ गरिएको र एक वर्ष वा सो भन्दा बढी कैदको सजाय हुनसक्ने मुद्दाको अभियोग लागेको व्यक्ति तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिएमा वा त्यस्तो प्रमाणबाट कसूरदार देखिने मनासिव माफिकको आधार देखिएमा त्यस्तो व्यक्तिलाई पुर्पक्षका लागि थुनामा राखी कारवाई गर्नु पर्ने व्यवस्था गरिएको छ।

सोही दफाको उपदफा (१) मा लेखिएदेखि बाहेकका अरु व्यक्तिको हकमा निजलाई हुन सक्ने कैद वा जरिवानाको उपल्लो हदसम्मको नगद धरौटी वा जेथा जमानी दिए तारिखमा राखी र त्यस्तो धरौटी वा जमानी दिन नसकेमा थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नु पर्नेछ । तर पटके कसूर गरी छ महिना भन्दा बढी कैद हुने कसूरदारलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्नुपर्ने हुन्छ । अभियुक्तलाई पुर्पक्षको लागि थुनामा राखी कारवाही गर्दा निजलाई हुन सक्ने सजाय को उपल्लो हदभन्दा बढी अवधि थुनामा राख्न पाइने छैन ।

बालबालिका सम्बन्धी ऐन, २०७५ मा थुनछेक सम्बन्धी व्यवस्थाः

ऐनको दफा २४ मा पुर्पक्ष सम्बन्धी व्यवस्था छ । कुनै पनि बालबालिकालाई मुद्धाको पुर्पक्षको सिलसिलामा थुनामा नराखिने र निजसँग धरौटी वा जमानत नमागिने व्यवस्था गरिएको छ । तर देहायको अवस्थामा वाल अदालतले कसूरजन्य कार्यको अभियोग लागेको बालबालिकालाई कारण खुलाई पुर्पक्षको लागि बालसुधार गृहमा राखन सक्ने व्यवस्था छ :-

बालबालिकाको जिउज्यान जोखिममा पर्ने, निजद्धारा कसैलाई हानी नोक्सानी पुर्‍याउने, त्यस्तो बालबालिका भागी जाने वा अन्य कुनै कारणले अन्यत्र राख्न उपयुक्त नहुने पर्याप्त आधार भएमा, तीन वर्ष वा सोभन्दा बढी कैद सजाय गर्नु पर्ने कसूरजन्य कार्यको अभियोग लागेका बालबालिका तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने भएमा वा कसूरदार हो भन्ने विश्वास गर्ने मनासिव आधार भएमा बाहेक कसूरजन्य कार्यको अभियोग लागेका अन्य बालबालिकालाई चाहिएको बखत उपस्थित गराउने शर्तमा बावु, आमा परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हकहितको संरक्षण गर्ने संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिनेछ । तर बालबालिकाको शारीरिक तथा मानसिक अवस्था, उमेर, कसूर गर्दाको परिस्थितिलाई ध्यानमा राख्दा निजलाई बालसुधार गृहमा राख्न उपयुक्त नहुने भन्ने कुरा बाल अदालतलाई लागेमा शर्तहरु तोकी यस उपदफा बमोजिम निजको बाबु, आमा, परिवारको अन्य सदस्य वा संरक्षक र निजहरु नभए बालबालिकाको हकहितको संरक्षण गर्ने

संस्था वा व्यक्तिको जिम्मा लगाउन सकिन्छ । बालबालिका जिम्मा लगाउँदा जिम्मा लिने व्यक्ति र बालबालिकालाई तोकिएको शर्तहरु र तिनको पालना नगरेमा निजले व्यहोर्नु पर्ने परिणामको बारेमा जानकारी गराउनु पर्ने छ । कसैको जिम्मा लगाइएका बालबालिकाले बाल अदालतद्धारा तोकिएका शर्तको पालना नगरेमा निजलाई बालसुधार गृहमा राखी मुद्धाको पुर्पक्ष गर्न सकिनेछ ।

हातहतियार खरखजना ऐन, २०१९

यस ऐनको दफा २४ (क(मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गतको मुद्दाको अभियुक्तलाई तत्काल प्राप्त प्रमाणका आधारमा थुनामा राखी कारवाही गर्नुपर्नेछ भन्ने व्यवस्था गरिएको छ।

संगठित अपराध निवारण ऐन, २०७०

यस ऐनको दफा ४१ मा सङ्गठित अपराध मुद्दाको अभियुक्तले प्रमाण लोप वा नष्टगर्न सक्ने वा त्यस्तो अभियुक्त फरार हुनसक्ने मनासिव कारण भएमा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि अदालतले त्यस्तो अभियुक्तलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गर्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था छ।

ध्यागमन ऐन, २०४९

अध्यागमन ऐनको दफा ८ मा अध्यागमन अधिकृतले अभियुक्तलाई बयान गराई मनासिव आधार भएमा तारेखमा राख्न,धरौट वा जमानत लिई छाडन वा अदालतको अनुमति लिई पच्चीस दिनसम्म थुनामा राख्न सक्ने तर त्यसरी धरौट वा जमानत दिनु पर्ने अभियुक्तले धरौट वा जमानत दिन नसकेमा निजलाई थुनामा राख्न सकिने व्यवस्था छ ।

बैदेशिक रोजगार ऐन, २०६४

यस ऐनको दफा ६१ को उपदफा (३) मा अनुसन्धान तथा तहकिकात गर्दा अनुसन्धान अधिकृतले अभियुक्तलाई बयान गराई तत्काल प्राप्त प्रमाणबाट कसूरदार देखिने पर्याप्त आधार भएमा कारण खोली तारेखमा राख्न,धरौट वा जमानत लिई छाड्न वा धरौट वा जमानत दिन नसकेमा मुद्धा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राखी कारवाही गर्न वा एक पटकमा सात दिनमा नबढाई बढीमा तीस दिनसम्म मुद्धा हेर्ने अधिकारीको अनुमति लिई थुनामा राख्न सक्ने भन्ने कानूनी व्यवस्था गरिएको छ ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९

यस ऐनको दफा २४ (क) मा अनुसन्धान अधिकृतले थुनामा राख्न अनुमति मागेमा मुद्धा हेर्ने अधिकारीले सम्बन्धीत कागजातहरु हेरी तहकिकात संतोषजनक रुपमा भए नभएको विचार गरी सन्तोषजनक रुपमा तहकिकात भैरहेको देखिएमा एकैपटक वा पटक पटक गरी बढीमा पैतालीस दिनसम्म थुनामा राख्ने अनुमति दिन सक्ने व्यवस्था छ ।

सम्पत्ति सुद्धीकरण (मनी लाउण्डरिङ्ग निवारण ऐन) २०६४

यस ऐनको दफा १७ मा अनुसन्धानका लागि कसूरको आरोप लागेको वा कसूरमा संलग्न भएको व्यक्तिलाई लागेको अभियोग,त्यसको कारण तथा आधार,निजको बयान भएको भए बयानको व्यहोरा तथा निजलाई थुनामै राखी अनुसन्धान गर्नु पर्ने कारण समेत उल्लेख गरी अनुसन्धान अधिकारीले थुनामै राखी अनुसन्धान गर्न म्याद मागेमा मुद्धा हेर्ने अधिकारीले सम्बन्धीत कागजात हेरी अनुसन्धान सन्तोषजनक रुपमा भए वा नभएको विचार गरी अनुसन्धान सन्तोषजनक रुपमा भइरहेको देखिएमा एकै पटक वा पटक पटक गरी तीस दिनमा नबढने गरी नब्बे दिनसम्म थुनामा राख्न अनुमति दिन सक्ने व्यवस्था छ ।

४. सर्वोच्च अदालतबाट प्रतिपादित नजिर सिद्धान्तहरुः

थुनछेक आदेश गर्दा तत्काल प्राप्त प्रमाणको मूल्याँङ्कन विना अभियोग लाग्ने वितिकै थुनामा राख्नु पर्ने भन्ने कानुनी व्यवस्था संविधान सम्मत नहुने[१४] भनी एउटा विवादमा सिद्धान्त प्रतिपादन भएको छ भने थुनामा राखिएको कार्य गैर कानूनी देखिन आउँछ भने अन्य प्रश्नहरु तर्फ विचार नगरी त्यस्तो गैर कानूनी थुनाबाट मुक्त गर्न बन्दी

१४ नेकाप २०६६,नि.नं. ८१३९, पृष्ठ ७१५, अधिवक्ता कमलेश द्धिवेदी विरुद्ध प्र.म. तथा म.प.स.का समेत

प्रत्यक्षीकरण जारी हुने[१५] आदेश भएको देखिन्छ त्यस्तै थुनछेकको आदेश गर्दा प्रत्येक अभियुक्तले यो यस्तो अपराधजन्य कार्य गरेको भन्ने कुराको प्रति व्यक्ति तत्काल प्राप्त प्रमाण खुलाउनु पर्ने[१६] भनी सिद्धान्त प्रतिपादन भएको छ । फौजदारी मुद्दाका अभियुक्तले अदालतबाट भएको आदेशलाई स्वीकार गरी समर्पण गरेपछि मात्र निजको सुनुवाई हुने । First Surrender Than hear भन्ने सिद्धान्त कानूनले अंगिकार गरेको देखिने[१७] भनी सिद्धान्त प्रतिपादन भएकोमा थुनाको वैधता प्रमाणित गर्नु आदेश जारी गर्नेहरुको दायित्व हुने[१८] भनी थुनछेक सम्बन्धमा व्याख्या भएको पाइन्छ । तीन वर्षसम्म कैद हुन सक्ने अवस्थाको मुद्धामा मुद्धा हेर्ने जिल्ला अदालतले थुनामा राखी कारवाही गर्न सक्छ[१९] । ठगीको ५ नं को कसूरमा पाँचबर्षसम्म कैद हुने व्यवस्था रहेको छ । अ.वं. ११८ (२) मा श्री ५ को सरकार बादी भै चलेको ३ बर्ष वा सो भन्दा बढी कैदको सजाय हुन सक्ने अपराधमा अभियुक्तलाई थुनामा राखी पुर्पक्ष गर्न सक्ने प्रावधान रहेकोले अ वं ११८ (२) नं बमोजिम थुनामा राख्न सक्छ ।[२०] धरौटको अंक तोक्दा विचार गर्नुपर्ने कुरा अभियुक्तको वयान गराउँदा बयानमै खुलाउनु पर्छ ।[२१] अपराधसंग सम्बन्धीत कुनै तथ्य स्वीकार गर्नु र अपराध स्वीकार गर्नु एकै कुरा होइन । अभियुक्तले अपराधसँग सम्बन्धीत कुनै तथ्य स्वीकार गर्दैमा कसूरमा साविति भन्न मिल्दैन । कुनै वयान साविती हो वा होइन भन्ने निश्कर्षमा पुग्नको लागि सो बयानमा व्यक्त भएका सबै कुरालाई समष्टि रुपमा विचार गर्नुपर्छ । अभियुक्तले आफू उपरको अभियोग स्पष्ट रुपमा स्वीकार गरेको वा अपराध ठहरिनको लागि आवश्यक सबै तत्व वा तथ्यलाई सारत: स्वीकार गरेको भएमात्र निजलाई अपराध स्वीकार गरेको सम्झनु पर्छ ।[२२] प्रतिउत्तरपत्रमा हदम्याद अधिकारक्षेत्र हकदैया आदी खण्डन गर्नु पर्ने अवस्थामा खण्डन गर्नुपर्छ । प्रतिउत्तरपत्रमा प्रश्न नउठाएको कुरा पुनरावेदन तहमा उठाउन पाइदैन । बादी दावीको कुरामा प्रतिवादी मौन रहे गर्भित स्वीकृति (Implied admission)भनिन्छ । कानूनी सूत्र पनि छ - मौन रहनेले मञ्जुरी दर्शाएको अनुमान गरिन्छ । पक्षको मौनता निजको मञ्जुरी हो ।[२३] कुनै व्यक्तिलाई पुर्पक्षका लागि थुनामा राखेर कारवाई गर्नुपर्ने एकमात्र प्रयोजन सो व्यक्तिलाई सजाय भएमा सो सजायको फैसला कार्यान्वयन हुन सकोस भन्ने हुन्छ ।[२४] गिरफ्तार गर्दाको अवस्थामा गैरकानूनी रुपले थुनिएको भएपनि रीट निवेदनको सुनुवाई हुँदा कानून बमोजिम मुद्दा चलाई अदालतको आदेश अनुसार थुनामा रहेको स्थितिमा पूर्व अवधिलाई आधार बनाई निज उपर अदालतमा कानून बमोजिम चलिरहेको मुद्धामा अनूकुल वा प्रतिकूल असर पर्ने गरी रिट जारी गर्न नमिल्ने, यसमा मर्का पर्ने पक्षले वेरितसंग थुन्दाको कानून बमोजिम कारवाही चलाई उपचार लिन सक्ने कानूनी व्यवस्था रहेको हुँदा सो बमोजिम गर्न निजलाई स्वतन्त्रता रहेको राय अदालतले दिएको छ ।[२५] फौजदारी विधिशास्त्रको आधारभूत सिद्धान्तहरु मध्ये कुनै पनि अभियुक्तलाई उसको अभियोग प्रमाणित नभएसम्म निर्दोष मान्नु पर्दछ भन्ने सिद्धान्तलाई मूल आधार मानेर हरेक व्यक्तिलाई स्वतन्त्र राखेर उसलाई प्रतिरक्षा गर्ने अवसर प्रदान गरिनु पर्दछ भन्ने धारणा विकास भएको हो । कुनै पनि फौजदारी अभियोग लागेको व्यक्तिले थुनामा नरहेर जसरी आफ्नो मुद्धाको प्रतिरक्षा गर्ने उचित अवसर प्राप्त गर्दछ सो थुनामा रहेर प्राप्त गर्न नसक्ने भएकाले फौजदारी अपराधमा मुद्धा सुनुवाई गर्दा धरौट वा जमानतको अनुमतिलाई सामान्य नियम (General Rule) र थुनामा राख्ने अवस्थालाई

---

१५ नेकाप २०६३, नि.नं. ७६७२ पृ.३८८ ठाकूर गैरे समेत विरुद्ध गृह मन्त्रालय समेत

१६ नेकाप २०४९, नि.न. ४५९२, पृ.६९२ सेवकदासतत्मा विरुद्ध बारा जिल्ला अदालत बन्दिप्रत्यक्षीकरण

१७ नेकाप २०५८, नि.न. ७०१५ पृ. ३६६ मोफिसुद्धिन खाँ विरुद्ध नेपाल सरकार कर्तव्य ज्यान

१८ नेकाप २०६३, पृ. २९७ ,राजेन्द्र राइको हकमा शम्भु थापा वि. म.प.स.का समेत

१९ चन्द्र बहादुर विरुद्ध काजिअ समेत,नेकाप २०४८ पृ २४

२० सिद्धिरत्नको हकमा बुद्ध रत्न विरुद्ध पुवेअ रुपन्देही समेत नेकाप २०४८ पृ ६६४

२१ श्री ५ को सरकार विरुद्ध मचाकाजी नेकाप २०४७ पृ ४६५

२२ मिस माशकिल कास्की विरुद्ध त्रि वि भन्सार कार्यालय नेकाप २०३४ पृ १३४

२३ Jenk P.32,Case 64,Broom Maxim,138.787

२४ मदैसा विरुद्ध भु सु वि अ वारा,नेकाप २०२८ पृ १६९

२५ नेकाप २०४९पृ ३१ फु वे मा न्या ५ जना अम्वर बहादुर गुरुङ्ग विरुद्ध त्रिभूवन अन्तर्राष्ट्रि विमानस्थल

अपवाद (Exception)मान्नु पर्दछ भन्ने अवधारणा आधुनिक फौजदारी विधिशास्त्रले मूलभूत मान्यताको रुपमा अंगिकार गरेको पाइने[२६] बालबालिकालाई पूर्पक्षको निमित्त थुनामा नराखी बालसुधार गृहमा राख्नुपर्ने[२७]

५. कार्यान्वयन अवस्था:

फौजदारी मुद्दामा थुनछेक हुँदा कार्यान्वयनको अवस्था महान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन अनुसार तल प्रस्तुत तालिका बमोजिम रहेको देखिन्छ[२८]

आ. व.	मुद्दाको प्रकृति	मुद्दा	प्रतिवादी	पक्राउ प्रतिवादीको संख्या	फरार प्रतिवादीको संख्या	जम्मा	थुनछेक सम्बन्धी				
							थुनामा	धरौटिमा	बैङ्क ग्यारेन्टि	तारेखमा	जम्मा
२०७५\०७६	अनुसूची १	४६२८४	९०९२७	४३३२०	९४२२	५२७४२	१३१९५	३२०२४	३६८	६८३६	५२४२३
	अनूसूची २	२३३२	५७४६	२०९१	६३५	२७२६	४६७	१७३६	२	१३७	२३४२
	जम्मा	४८६१६	९६६७३	४५४११	१००५७	५५४६८	१३६६२	३३७६०	३७०	६९७३	५४७६५
०७६\०७७	अनुसूची १	५००३९	९५७४२	४१३७९	९१८८	५०५६७	१११५१	२९९०३	२९७	२२४२	४३५९३
	अनुसूची २	२२५०	५७४३	१९२९	६००	२५२९	२५५	१५६२	२	११२	१९३१
	जम्मा	५२२८९	१०१४८५	४३३०८	९७८८	५३०९६	११४०६	३१४६५	२९९	२३५४	४५५२४
०७७\०७८	अनुसूची १	५२९७०	१०३०५९	४२२६५	१०३४९	५२६१४	११९०७	२६६३८	२४	१८३९	४०४०८
	अनुसूची २	२७४९	६९९९	२८६८	७८४	३६५२	२१६	२६५०	६	८४	२९५६
	जम्मा	५५७१९	११००५८	४५१३३	१११३३	५६२६६	१२१२३	२९२८८	३०	१९२३	४३३६४

थुनछेक सम्बन्धी उपरोक्त तालिकामा मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ ले अनूसुची १ अन्तर्गत पर्ने जस्तै कर्तव्य ज्यान, चोरी, जवरजस्ती करणी, लागू औषध, ठगी, अभद्र व्यवहार सम्बन्धी कसूर समेतका अपराध र अनूसूची २ अन्तर्गत खाध पदार्थमा मिसावट,झुक्यानमा पारी खाध पदार्थ बिक्री वितरण, झुक्यानमा पारी कुनै वस्तु बिक्री वितरण, पानी दुषित पार्ने, वातावरण प्रदुषित पार्ने, सार्वजनिक बाटो नदी वा स्थलमा खतरा वा बाधा पुर्‍याउन नहुने कसूर का साथै व्यक्ति विशेषले सार्वजनिक घर जग्गा,सम्पदा आफ्नो बनाउन नहुने, प्राकृतिक सम्पदा माथि अतिक्रमण गर्न नहुने,सार्वजनिक भौतिक संरचनाको अनधिकृत कब्जा वा विनाश गर्न नहुने समेतका अपराध पर्दछन् ।

उपरोक्त तालिका अध्ययन गरी विश्लेषण गर्दा अनूसूची २ अन्तर्गत पर्ने मुद्दाको तुलनामा अनुसूची १ अन्तर्गत पर्ने मुद्दामा पुर्पक्षको लागि धेरै जना थुनामा पठाएको देखिन्छ । अनुसूची २ का मुद्दामा बढी मात्रामा धरौटीमा छाडेको पाइन्छ । अनूसुची १ अन्तर्गत पर्ने मुद्दामा पनि थुनामा भन्दा धरौटीमा बढी

२६ शशिकान्त तिवारी विरूद्ध सशस्त्र प्रहरी बल सुरक्षा वेस क्याप पिपरासमेतको जाहेरीले नेपाल सरकार नेकाप २०७४ अंक ७

२७ अधिवक्ता आशिष अधिकारी विरुद बाँके जिल्ला अदालत, २०५७ सालको रिट न. ३३९०

२८ महान्यायाधिवक्ताको बार्षिक प्रतिवेदन आ.व. २०७५\०७६ पृष्ठ ९२,आ. व. २०७६\०७७ पृष्ठ, १०२, आ. व. २०७७\०७८ पृष्ठ, ९०

छाडेको देखिन्छ । यस तथ्याङ्कबाट थुनछेक आदेश हुँदा तत्काल प्राप्त प्रमाणको कमजोरीका कारण थुनामा कम राखिएको हो वा सामान्य नियम जमानत अपबादमा थुना (Normal Rule Bail not Jail) को सिद्धान्तलाई अवलम्वन गरिएको हो यस सम्बन्धमा थप अध्ययन हुनुपर्ने देखिन्छ ।

६. समस्या \ चुनौती:

थुनछेक सम्बन्धी आदेशमा थुप्रै समस्या भएतापनि यहाँ केही प्रतिनिधिमूलक समस्या तथा चुनौती मात्र देहाय बमोजिम प्रस्तुत गरिएको छ:-

- उस्तै उस्तै तथ्य भएका मुद्दामा भएका आदेशमा एकरुपता नहुनु,
- गोश्वरा र सकेसम्म ठूला कसूरको अभियोग लगाउने प्रचलन कायम रहनु,
- पीडित र मुद्दाको पक्षलाई प्रभावमा पार्ने समस्या रहनु,
- प्रमाण संकलनमा समस्या हुनु,
- पर्याप्त समन्वय र पारस्परिक सहयोग नहुनु,
- केही कमजोर अवस्थाका अभियुक्तको न्यायिक प्रक्रियमा उचित प्रतिनिधित्व हुन नसक्नु ।

७. समाधान:

- अनुसन्धानकर्ता,अभियोजनकर्ता, न्यायाधीश र कानूनव्यवसायीलाई थुनछेक सम्बन्धी सैद्धान्तिक अवधारणा, प्रचलित कानून, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तहरु र प्रचलित अभ्यासहरु बारे जानकारी दिन तालिम समेतको व्यबस्था गरी आदेशमा एकरुपता हुने वातावरण बनाउनुपर्छ।
- मिसिल प्रमाणको सिलसिलेवार अध्ययन र तथ्यसंगत प्रमाण र कानूनको सम्बद्धता स्थापित गर्न प्रमाणको प्रकार(Physical, testimony & Document) बारेमा स्पष्टभै मुद्दाको तथ्यसंग तिनीहरुको सम्बन्ध पुष्टि हुने आधार अदालतमा पेश गर्ने गरी अदालतमा पक्षको प्रतिनिधित्व सुनिश्चित गर्नुपर्छ।
- प्रमाणको भार प्रतिवादीमा सार्न सकिने वा प्रतिवादीमा रहने (Shifting of burden of proof to the accused person) अवस्था छ छैन यकिन गर्नुपर्छ ।
- सवुद प्रमाणको पर्याप्तताका आधारमा थुनछेक आदेश हुन सक्ने परिस्थिति निर्माण गर्ने ।
- प्रमाण विवादसंग सम्बन्धीत हुनु पर्छ ।जसले जे कुरा भन्छ उसैले प्रमाण पुर्‍याउनु पर्ने कुरा, सुनी जान्ने प्रमाण प्रमाण होइन भन्ने कुरा, वहस गर्न उपस्थित भएको अदालतको तह र वेञ्च गठन, एकल, संयुक्त, पूर्ण, विशेष आदीको हेक्का राखी Issue प्रस्तुत गर्ने र सवै न्यायाधिशको जिज्ञासा संवोधन गर्दै व्यावसायिक वकील (Professional lawyer) ले पालना गर्नुपर्ने वहसकला र आचरणका नियमहरुको हेक्का राखी तत्काल प्राप्त प्रमाण र तिनीहरुले खडा गर्ने विश्वसनीय आधार पहिचान गरी मुद्दाको तथ्य संग जोडी पक्षको तर्फबाट प्रस्तुति हुनुपर्छ ।
- थुनछेक सम्बन्धी न्यायिक कारवाहीमा नेपाल सरकारको हित, न्यायको मर्म र आफूले राखेको अडानबाट विचलित नभई पीडितको हित र अभियुक्तको हकको संरक्षण र सम्मान तथा उचित प्रतिनिधित्वको सुनिश्चितताको प्रत्याभूति हुने वातावरण बनाउनु पर्छ ।
- अर्ध न्यायिक निकाय Quasi-Judicial body मा पनि पक्षको प्रतिनिधित्वको सुनिश्चितता गरी कारण सहितको निर्णय (Reasonable Decision) हुन मद्दत पुर्‍याउने संस्कार बसाउनुपर्छ ।

- कानून व्यवसायी राख्न नसक्ने अवस्थाका र असहज परिस्थितिका (Vulnerable Condition) का अभियुक्तहरुको प्रतिनिधित्व गर्ने वैतनिक र त्यस प्रकारका संस्थागत प्रतिनिधित्व गर्ने कानून व्यवसायीलाई थुनुवाका पक्षमा क्रियाशील गराउनुपर्छ।

८. निश्कर्षः

फौजदारी मुद्दाका अभियुक्तलाई मुद्दा पुर्पक्षका क्रममा हुने थुनछेकको कारवाही एउटा न्यायिक प्रक्रिया हो। यस्तो न्यायिक प्रक्रियामा सक्षम न्यायिक निकायबाट आरोपितलाई मुद्दाको प्रकृति र तत्काल प्राप्त ग्राह्य प्रमाणका आधारमा थुनामा राख्ने, निश्चित धरौट जमानतमा छोड्ने, साधारण तारेखमा छोड्ने वा माथवर मानिस जिम्मा लगाउने प्रकृतिका आदेशहरु हुने गरेको पाईन्छ। यस्ता आदेशहरुबाट अभियुक्तका लागि न्यायिक प्रक्रियामा अभिन्न पक्षको रुपमा दायित्व सृजना भएको हुन्छ। थुनछेक समान अर्थमा अजमानतीय (Non Bailable) प्रकृतिका मुद्दाहरुका अभियुक्तलाई थुनामै राखी मुद्दाको पूर्पक्ष गर्ने न्यायिक प्रक्रियालाई बुझिने भएपनि जमानतीय प्रकृतिका मुद्दमा धरौट जमानत माग्ने गरी हुने आदेशहरु र कतिपय मुद्दाहरुमा अनुसन्धानको सिलसिलामा न्यायिक निकायमा स्वीकृतिले हिरासतमा राख्ने, वा धरौट जमानत लिने गरी भएका आदेशहरु पनि आरोपीलाई दायित्व बहन गराउने थुनछेक प्रकृतिकै आदेश हुन्। थुनछेकको उद्देश्य पीडितलाई आरोपीको दवाब थुनछेक प्रभावबाट टाढा राख्ने, पुनः अपराध गर्नबाट रोक्ने, प्रमाण लोप वा नासमास हुनबाट रोक्ने, फैसलाले हुने सजाय वा दायित्व वहन गराउन सहयोग पुर्‍याउने लगायतको उद्देश्य रहेको हुन्छ। थुनछेक सम्बन्धी कानूनको विकासक्रम हेर्दा अभियुक्तलाई थुना मै राखी अर्थात् "थुन र सुन" को परम्परागत मान्यता न्यायिक प्रक्रियामा थुनालाई अन्तिम विकल्पका रुपमा मात्र अंगीकार गर्ने तहमा पुगेको (Shift) छ। केही गंभीर प्रकृतिका मुद्दा र खतरनाक आरोपीहरुका हकमा बाहेर जमानतीय (Bailable) पद्दतिलाई अधिकांश मुलुकका कानूनहरुले अनुशरण गरेका छन्। कतिपय मुलुकहरुले त जमानतलाई अभियुक्तको अधिकारकै रुपमा पनि स्थान दिएको छ। फौजदारी मुद्दाको न्यायिक प्रक्रियामा थुनछेक आदेशले व्यक्तिगत स्वतन्त्रतालाई सिमित गर्ने भएकोले यसको अभ्यास गर्दा आदेशकर्ताले संविधान र कानून बमोजिम बाध्यात्मक परिस्थितिमा मात्र व्यक्तिगत स्वतन्त्रता नियन्त्रण हुने गरी र मुद्दाका पक्षहरुलाई स्वच्छ न्यायको प्रत्याभूति तथा कानून र न्यायका क्षेत्रमा विकसित नवीन मान्यताका साथै प्रचलित अन्तराष्ट्रिय कानूनका परिपेक्षमा संवेदनशील भई आदेश गर्न जरुरी हुन्छ।

नेपालमा थुनछेक सम्बन्धीको व्यवस्थालाई नेपालको संविधान, फौजदारी संहिता कानूनहरु तथा विभिन्न विषयगत कानूनहरुले समेटेको पाईन्छ। समग्रमा हाम्रो कानूनी व्यवस्थालाई हेर्दा यसले फौजदारी न्याय तथा स्वच्छ सुनुवाइका पक्षमा विकसित मान्यता तथा अन्तराष्ट्रिय कानूनले सृजित दायित्व समेतलाई प्रचलित कानूनमा समावेश गरी कार्यान्वयनमा ल्याएको पाईन्छ। तथापि संहिता कानूनहरु कार्यान्वयनमा आएको ४ बर्ष व्यतित भईसकेतापनि कतिपय कानूनका व्ययवस्थाहरुको न्यायिक प्रक्रियामा व्यवहारिक अभ्यास संतोषजनक देखिदैन। थुनछेक प्रक्रियामा पक्षको स्वच्छ सुनुवाइको हक लगायत फौजदारी न्यायका पक्षमा कानूनमा व्यवस्था भएका प्रावधानलाई आरोपीको मानव अधिकार संरक्षण र स्वच्छ सुनुवाइको प्रत्याभूति र न्यायको सुनिश्चिताका सवालमा कार्य व्यवहारमा उतार्न सकिएको छैन। यस प्रकारका व्यवहारिक कमीकमजोरीहरु फौजदारी न्याय प्रशासनका अवयवहरु अनुसन्धान, अभियोजन, न्याय निरुपण तथा प्रतिपक्षी कानून व्यवसायी समेतबाट हुन गएका छन्। आरोप लागेपछि थुन्नुपर्छ भन्ने

अवधारणा (Mind Set) बाट निर्देशित हुने, थुनामा रहेका अभियुक्तको मानव अधिकार तथा स्वच्छ सुनुवाइको अधिकार संरक्षण लगायतमा अपेक्षाकृत संवेदनशील हुन नसकेको, जमानतीय प्रवन्धलाई आत्मसाथ हुन नसक्नु, उही तथ्य प्रमाण भएका अभियुक्तका हकमा थुनछेक आदेश हुँदा फरक फरक आदेश भई आदेशमा एकरुपता हुन नसक्नु, शंकित व्यक्तिलाई पक्राउ गरी हिरासतमा राख्ने प्रवृत्ति यथावत हुनु, बालक, बृद्ध, महिला लगायत कमजोर परिस्थितिका व्यक्तिहरुको न्यायिक विकास तथा कारवाहीमा अपेक्षाकृत प्रतिनिधित्व हुन नसक्नु संहिता कानून र विषयगत कानूनका थुनछेक सम्बन्धी व्यवस्थामा द्विविधा हुनु जस्ता कमीकमजोरीहरु थुनछेकको न्यायिक प्रक्रियामा रहेका छन्। थुनछेक सम्बन्धी कार्यविधिसँग सम्बन्धीत संहिता कानून र विषयगत कानूनका व्यवस्था वीचको अन्यौलता हटाई थुनछेक प्रक्रियामा संलग्न हुने हरेक निकाय तथा पदाधिकारीहरु बीच समन्वय र सहकार्यको व्यवहारिक अभ्यासबाट थुनछेक प्रक्रियामा देखिएका समस्या समाधान गरी स्वच्छ सुनुवाइको हकको रक्षा तथा न्यायको पक्षमा थुनछेक न्यायिक कारवाही गर्नेतर्फ सरोकारवाला सबै क्रियाशील हुन जरुरी छ।

फौजदारी न्यायका सिद्धान्त सम्बन्धी संवैधानिक व्यवस्था र न्यायिक दृष्टिकोण

दिनेशप्रसाद घिमिरे[१]

खडिन्द्रराज कटुवाल[२]

१. फौजदारी न्यायको अवधारणाः

फौजदारी कानून सार्वजनिक कानूनको एक शाखा हो जसले कुनै निश्चित कार्यलाई अपराध परिभाषित गर्ने र अपराधीको उमेर, अवस्था अनुसार सजायको व्यवस्था गर्दछ। फौजदारी कानूनले अपराध, अपराधी र दण्ड सजायसँग सरोकार राख्दछ । फौजदारी न्यायको सिद्धान्त कानून निर्माण, कार्यान्वयन, व्याख्या र पालनकर्ता सबैसँग सम्बन्धीत हुन्छ। कसूरमा व्यक्ति पक्राउ, अनुसन्धान, अभियोजन, सुनुवाई, कसूर, सजाय निर्धारण फैसला कार्यान्वयनका साथै फौजदारी कानूनमा हुनु पर्ने आधारभूत कुराहरुसँग पनि फौजदारी न्यायको सिद्धान्त सम्बन्धीत हुन्छ ।

यस्ता सिद्धान्तहरु कानून बनाउँदा अपनाउनु पर्ने आधारभूत कुराहरु वा व्याख्या गर्दा अपनाउनु पर्ने आधारभूत कुराहरु, कसूरदारलाई दोषी ठहर गर्न अपनाउनु पर्ने विधि पद्धतिहरु वा सुनुवाईको पद्धति कानूनको उल्लंघन भए पनि छुट पाउने अवस्था वा प्रतिरक्षाको अवस्था कसूरदार कायम गर्दा अपनाउन पर्ने स्वच्छ सुनुवाईका मान्यताहरु, विवादको सुनुवाइ गर्ने क्षेत्राधिकारसँग सम्बन्धीत हुन्छ। कसूरबाट पीडितको हकको पुनःस्थापना हुन पर्छ, कानून बनाउनेले पश्चातदर्शी असर हुने गरी कानून बनाउन हुँदैन भन्ने जस्तो विविध पक्षमा यस्ता सिद्धान्तहरुले निर्देशित गर्दछ। यदि यस्तो व्यवस्था वा सिद्धान्त नहुने हो भने समाजमा शान्ति सुव्यवस्था, स्वतन्त्रता, व्यक्तिको जीउ ज्यान सम्पत्ति वा इज्जतको सुरक्षा हुन सक्दैन। यसरी प्रत्येक सिद्धान्तका पछाडि आ-आफ्नै तर्क, विशेषता, महत्व रहेका हुन्छन्।

फौजदारी न्यायको सिद्धान्त सम्बन्धमा हेर्दा मानव अधिकारको विश्वव्यापी घोषणपत्र सन् १९४८ लगायत नेपालमा सर्वप्रथम कानूनी रुपमा व्यक्तिगत स्वतन्त्रता ऐन, २००६ ले न्याय सम्पादनको हकको व्यवस्था गरेको थियो । त्यस पछि नेपाल अधिराज्यको संविधान, २०१५ देखि यसलाई निरन्तरता दिँदै आएको पाइन्छ। फौजदारी न्यायका सिद्धान्त दस जना अपराधी छुटुन तर एक जना निर्दोष व्यक्तिले सजाय पाउनु हुँदैन भन्ने देखि लिएर अपराध अनुसारको सजाय वा अपराध सुहाउँदो सजाय गर्नुपर्छ भन्नेसम्म थुप्रै सिद्धान्तहरु छन्। ती सिद्धान्तहरु मध्ये संविधानमा उल्लेखित सिद्धान्तहरुलाई मूलभूत सिद्धान्त मान्नु पर्ने हुन्छ। संविधानमा उल्लेखित र संहितामा उल्लेखित सिद्धान्तहरुमा केही भिन्नता भए पनि एक अर्काका परिपुरक हुन्। संहितामा कसूर अपराधबाट छुट पाउने अवस्था, नाबालकको अपराधको, होस ठेगान नभएका व्यक्तिले गरेको अपराध कार्य, मन्जुरी, भलाई, डर त्रास, असल नियत, निजी रक्षासँग सम्बन्धीत कार्य र उन्मुक्ति, संगठनको आपराधिक दायित्व, स्ट्रिक लाइविलिटीमा मनसाय परीक्षण नहुने, समूहबाट भएको कसूरमा सबै सदस्यलाई सजाय हुने, अपराध पीडितलाई कारवाहीको जानकारी तथा क्षतिपूर्ति पाउने हक हुने भनी उल्लेख भएको पाइन्छ । अर्थात् मुलुकी अपराध संहिता, २०७४ मा Principle of Legality, Principle of Mistake of fact, Principle of double Jeopardy, fair hearing, principle of

१ सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

२ उपन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय

General Defence, Principle of Private Defence, Principle of Strict Liability तथा Principle of Corporate Criminal Liability, Principl of Victim Rights को सम्बन्धमा विशेष व्याख्या भएको हुँदा फरक व्यवस्था भए भनी संविधान र संहिताका व्यवस्था एक अर्काका परिपुरक हुन् भन्न सकिन्छ। संविधान तथा संहितामा स्पष्ट रुपमा यस्ता सिद्धान्तहरु उल्लेख भएबाट जनताको मौलिक हक, मानव अधिकार, स्वतन्त्रता संरक्षण हुने, यस्ता सिद्धान्तहरुको पालना र प्रयोगमा प्रभावकारिता आउने देखिन्छ। संविधानमा स्वच्छ सुनुवाइको सिद्धान्त जस्तै पक्राउको सूचना दिने, कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक, पश्चातदर्शी कानूनको सिद्धान्त, दोहोरो खतराको सिद्धान्तको सम्बन्धमा व्यवस्था भएको देखिन्छ। नेपालको संविधानको धारा २० मा दश वटा न्याय सम्बन्धी हक छन्। यो संविधान जारी गर्नु भन्दा अगाडि पनि तत्कालिन संविधान भित्र रहेका फौजदारी मान्यताको सीमा भित्र रहेर सर्वोच्च अदालतले विभिन्न नजिर वा न्यायिक सिद्धान्त विकास गरेको पाइन्छ। यिनै नजिरको माध्यमबाट संवैधानिक व्यवस्थाको प्रभावकारी कार्यान्वयन, नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय महासन्धि र सन्धिहरुको कार्यान्वयन तथा न्यायिक सर्वोच्चताको माध्यमबाट वास्तविक न्याय प्रदान गर्न भूमिका खेलेको पाइन्छ। यो लेखमा फौजदारी न्यायका आधारभूत सिद्धान्तहरु केही महत्वपूर्ण अन्तर्राष्ट्रिय महासन्धि र सन्धिका प्रावधानहरु तथा सर्वोच्च अदालतको दृष्टिकोण प्रस्तुत गरिएको छ।

२. अन्तर्राष्ट्रिय कानूनको दृष्टिमा फौजदारी न्यायः अन्तर्राष्ट्रिय महासन्धि र सन्धिले पनि फौजदारी न्याय सम्बन्धी सिद्धान्तहरुलाई आत्मसाथ गरेको छ। ति मध्ये नेपालले धेरैलाई अनुमोदन गरेको देखिन्छ। मुख्य प्रावधानहरु निम्नानुसार छन् ।

२.१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८[३]

- कसैलाई पनि यातना वा क्रुर अमानवीय वाअपमानजनक व्यवहार वा सजायको भागीदार बनाइने छैन।
- प्रत्येक मानिसलाई सर्वत्र कानून समक्ष व्यक्तिको रूपमा मान्यता पाउने अधिकार छ।
- कानूनको दृष्टिमा सबै समान र विना भेदभाव कानूनको समान संरक्षणका हकदार छन्।
- प्रत्येक मानिसलाई संविधान वा कानूनद्वारा प्रदत्त मौलिक अधिकारहरूको उल्लङ्घन गर्ने कार्यका विरुद्ध सक्षम राष्ट्रिय न्यायाधिकरणबाट प्रभावकारी उपचार पाउने अधिकार छ।
- कसैलाई पनि जथाभावी पक्राउ, थुनछेक वा देशनिकालाको भागीदार बनाइने छैन।
- प्रत्येक मानिसलाई उसका अधिकार र कर्तव्य तथा उस विरुद्ध कुनै फौजदारी अभियोगको निर्धारणका लागि स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट पूर्ण समानतामा स्वच्छ र खुला सुनवाइ हुने हक छ।
- दण्डनीय कसूरको आरोप लागेको प्रत्येक मानिसलाई उसको प्रतिरक्षाको आवश्यक सबै प्रत्याभूति सहितको कानून अनुसारको खुला पुर्पक्षबाट दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार छ।
- कसैलाई पनि निजले कुनै कार्य गरेको वा नगरेको बखत राष्ट्रिय वा अन्तर्राष्ट्रिय कानूनले सो कार्य वा अकार्यलाई दण्डनीय अपराध कायम नगरेको अवस्थामा दण्डनीय कसूरको दोषी बनाइने छैन। कसूर गर्दाको समयमा कायम रहेको भन्दा बढी सजायको भागीदार पनि बनाइने छैन।

३ मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरुको सँगालो, कानून न्यय तथा संसदीय व्यवस्था मन्त्रालय, काठमाडौं, २०६४,पृ.३०९-३१०

२.२. नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६[४]

- हरेक व्यक्तिलाई स्वतन्त्रता र व्यक्तिगत जीवनको सुरक्षाको अधिकार छ। कसैलाई पनि जथाभावी गिरफ्तारी थुनछेकको भागीदार बनाइने छैन।
- पक्राउ गरिएको हरेक व्यक्तिलाई गिरफ्तारीका समयमा निजको गिरफ्तारीको कारणबारे जानकारी दिइनेछ र निजविरुद्धका जुनसुकै आरोपको तुरुन्तै जानकारी दिइनेछ ।
- फौजदारी आरोपमा पक्राउ गरिएको र थुनामा राखिएको जोकसैलाई पनि न्यायाधीश वा न्यायिक अधिकार प्रयोग गर्न कानूनले अख्तियार दिएको अन्य अधिकारी समक्ष तुरुन्तै ल्याइनेछ र उचित समयभित्र पुर्पक्ष हुने वा छुटकारा पाउने निजको हक हुनेछ ।
- पक्राउ वा थुनछेकबाट स्वतन्त्रता वञ्चित भएको जोसुकै व्यक्तिलाई अदालतद्वारा विलम्ब नगरिकन निजको थुनछेकको कानून सङ्गतताबारे निर्णय गर्न र थुनछेक कानूनसङ्गत नभएमा निजलाई मुक्त गर्ने आदेश दिनका लागि अदालत समक्ष कारवाई चलाउने हक हुनेछ।
- कानून असङ्गत गिरफ्तारी वा थुनछेकबाट पीडित जोसुकै व्यक्तिलाई क्षतिपूर्तिको प्रचलनशील अधिकार हुनेछ।
- स्वतन्त्रताबाट वञ्चित सबै व्यक्तिलाई मानवता साथ र मानव व्यक्तिको अन्तर्निहित मर्यादाको आदर साथ व्यवहार गरिनेछ।
- अदालत र न्यायाधिकरणहरूका सामुन्ने सबै व्यक्ति समान हुनेछन् । हरेक व्यक्तिलाई निज विरुद्ध फौजदारी अभियोग वा कानून अनुसारको मुद्दामा निजका अधिकार र दायित्वको निर्धारणमा कानूनद्वारा स्थापित सक्षम, स्वतन्त्र र निष्पक्ष न्यायाधिकरणबाट स्वच्छ र खुला सुनवाइ हुने हकाधिकार रहनेछ
- फौजदारी कसूरको अभियोग लागेको हरेक व्यक्तिलाई कानून अनुसार दोषी प्रमाणित नभएसम्म निर्दोष मानिने अधिकार रहनेछ।
- हरेक मुलुकको कानून र दण्डविधि अनुसार अन्तिम रूपले सजाय ठेकिएको वा सफाइ पाइसकेको कसूरमा कसैलाई पनि फेरि पुर्पक्षका लागि दायित्व बहन गराइने वा सजाय गरिने छैन।
- त्यस्तो कार्य गर्दाका समयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून अन्तर्गत सो कार्य वा अकार्य कसूर कायम रहेको थिएन भने त्यसका आधारमा कसैलाई कुनै फौजदारी कसूरको दोषी बनाइने छैन। फौजदारी कसूर भएका समयमा लागू रहेको भन्दा बढी सजाय पनि गरिने छैन।

२.३ अन्तराष्ट्रीय फौजदारी अदालतको रोम विधान[५]

- कानून विनाको अपराध नहुने।
- कानून विनाको सजाय नहुने ।
- कानूनमा पश्चातदर्शी असर हुन नहुने।
- व्यक्तिगत फौजदारी दायित्व रहने।
- उमेर नपुगेका व्यक्ति उपर अदालतको क्षेत्राधिकार नरहने।
- तालुकवाला अधिकारी जिम्मेवार हुने।
- अदालतको क्षेत्राधिकार भित्रको अपराधहरुमा हदम्याद नलाग्ने।
- मनसाय तत्वको महत्वपूर्ण भूमिका हुने।
- आत्मरक्षाको लागि गरिएको कार्य अपराध नहुने।

---

४ मानव अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धिहरुको सँगालो, कानून न्यय तथा संसदीय व्यवस्था मन्त्रालय, काठमाडौं, २०६४,पृ.१११-११२

५ अन्तराष्ट्रिय फौजदारी अदालतको रोम विधान ।

- दूई पटक कारबाही र सजाय नगरिने।
- दोषी प्रमाणीत नभए सम्म निर्दोष मानिने।
- शंकाको सुविधा अभियुक्तले पाउने।

३. नेपालको संविधानहरुको दृष्टिमा फौजदारी न्याय: नेपालमा २००४ देखि हालसम्म सातवटा संविधान निर्माण गरियो। छ वटा कार्यान्वयनमा आए। २००४ र २००७ को संविधानमा राज्यका निर्देषक सिद्धान्त र निति भित्र फौजदारी न्याय सम्बन्धी केही प्रावधान समेटेको पाइन्छ। २०१५ देखिको संविधानहरुमा फौजदारी न्यायलाई मौलिक हकको रुपमा समावेश गरियो जसको समिक्षात्मक प्रस्तुति यसप्रकार छ।

३.१. नेपाल सरकार वैधानिक कानून २००४:[६] धारा ४ मा ऐन कानूनमा पूर्ण समानता रहने, छिटो र सुलभ साथ न्याय निसाफ पाइने।

३.२. नेपालको अन्तरिम शासन विधान २००७:[७] धारा १७(१) मा कुनै व्यक्तिलाई पनि त्यस समयमा जारि रहेको कुनै ऐन विरुद्ध केही काम गरेमा बाहेक कुनै अपराधको दोषि ठहराईने छैन र अपराध गर्दा जारी रहेको ऐनले तोकेको भन्दा बढी सजाय दिइने छैन। (२) कुनै व्यक्ति उपर त्यसै अपराधमा एक पटक भन्दा बढ्ता मुद्दा चलाइने र दण्ड सजाय गरिने छैन। (३) कुनै अपराधको बात लागेको मानिसलाई आफ्नो विरुद्ध साक्षी हुन कर लाग्ने छैन।

३.३. नेपाल अधिराज्यको संविधान, २०१५[८]

यसमा भएका मुख्य व्यवस्थाहरु:–

- कानून बमोजिम बाहेक कुनै व्यक्तिको पनि ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन।
- तत्काल प्रचलित कानूनले सजाय भागी नहुने कुनै काम गरेको बापतमा कुनै व्यक्ति सजाय भागी हुनेछैन र कुनै व्यक्तिलाई पनि कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी दण्ड सजाय दिइने छैन।
- कुनै व्यक्ति उपर अदालतमा त्यसै अपराधमा एकपटक भन्दा बढ्ता मुद्दा चलाइने र दण्ड सजाय गरिने छैन।
- कुनै अपराधको आरोप लागेको व्यक्तिलाई आफ्नु विरुद्ध साक्षी हुन कर लाग्ने छैन।
- कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना यथासक्य चाँडो नदिइ थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आफूले रोजेको स्वीकृत कानूनी व्यवसायीसँग सल्लाह लिने र उसद्वारा पुर्पक्ष गर्ने अधिकार इन्कार गरिने छैन।
- गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई गिरफ्तार भएकोठाउँबाट बाटाको म्यादबाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकार भएको सबैभन्दा नजिकको अधिकारीको समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारीको आदेशले बाहेक उक्त अवधि भन्दा बढी थुनामा राख्न हुँदैन।

---

६ टोपबहादुर सिंह, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरु, पैरवी प्रकाशन काठमाडौं, २०७६, पृ १७५ ।

७ टोपबहादुर सिंह, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरु, पैरवी प्रकाशन काठमाडौं, २०७६, पृ 206 ।

८ टोपबहादुर सिंह, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरु, पैरवी प्रकाशन काठमाडौं, २०७६, पृ 257-258 ।

३.४. नेपालको संविधान २०१९[९] :-

सार्वभौमसत्ता राजामा भएको ,राजनैतिक दल माथि प्रतिबन्ध लगाएको तथा निरंकुश संविधानको रुपमा परिचित यो संविधानमा मौलिक हकको भने व्यवस्था गरिएको देखिन्छ।

धारा ११ .स्वतन्त्रताको हक

- कानून बमोजिम बाहेक कुनै पनि व्यक्तिको ज्यान वा वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन।
- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेको वापतमा कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन।
- कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसूरमा एक पटक भन्दा बढ्ता मुद्दा चलाइने र सजाय गरिने छैन।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिले स्वेच्छाले बयान दिएमा बाहेक निजलाई आफ्नो विरुद्धमा बयान दिन कर लगाइने छैन।
- कुनै गिरफ्तार भएको व्यक्तिलाई गिरफ्तार भएको कारण सहितको सूचना, यथाशक्य चाँडो, नदिई थुनामा राखिने छैन र त्यस्ता व्यक्तिलाई आफूले रोजेको कानूनी व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने अधिकारबाट वञ्चित गरिने छैन।
- गिरफ्तार गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई गिरफ्तार भएको ठाँउबाट बाटाको म्याद बाहेक चौबिस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्ता अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राख्न हुँदैन।

३.५. नेपाल अधिराज्यको संविधान, २०४७[१०]

यो संविधानमा १३ वटा मौलिक हकको व्यवस्था गरिएको थियो।त्यो मध्यको एउटा हो **धारा १४ फौजदारी न्याय सम्बन्धी हक** तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन ।कुनै पनि व्यक्ति उपर अदालतमा त्यसै कसूरमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय गरिने छैन ।कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन कर लगाइने छैन ।अनुसन्धान, तहकिकात वा पुर्पक्षको सिलसिलामा वा अरू कुनै किसिमले थुनामा रहेकोकुनै पनि व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गरिने छैन । त्यस्तो व्यवहार गरिएको व्यक्तिलाई कानूनले निर्धारित गरे बमोजिम क्षतिपूर्ति दिइनेछ ।पक्राउ भएको व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना यथाशक्य चाँडो नदिई थुनामा राखिने छैन र त्यस्तो व्यक्तिलाई आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिने र निजद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन ।पक्राउ गरिएको र थुनामा राखिएको प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाँउबाट बाटाको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारीका समक्ष उपस्थित गराउनु पर्छ र कुनै पनि व्यक्तिलाई त्यस्तो अधिकारीको आदेशले बाहेक सो अवधिभन्दा बढी थुनामा राखिने छैन । शत्रुराज्यको नागरिकको हकमा र निवारक नजरबन्द राख्ने व्यवस्था गर्ने कुनै कानून अन्तर्गत पक्राउ भएको वा नजरबन्द रहेको व्यक्तिको हकमा लागू हुने छैन ।

३.६. नेपालको अन्तरिम संविधान, २०६३[११]

---

९ टोपबहादुर सिंह, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरु, पैरवि प्रकाशन काठमाडौं, २०७६, पृ ३०१ ।

१० टोपबहादुर सिंह, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरु, पैरवि प्रकाशन काठमाडौं, २०७६, पृ ४२८-४२९ ।

११ टोप बहादुर सिंह, नेपालको संवैधानिक इतिहास र संवैधानिक अभिलेखहरु, पैरवि प्रकाशन काठमाडौं, २०७६, पृ ५२१

यो संविधानले २१ वटा मौलिक हकको व्यवस्था गरेको थियो। जस मध्ये धारा २४ मा न्याय सम्बन्धी हकको व्यवस्था गरेको थियो । सो हक अन्तर्गत गरिएको व्यवस्थाहरु देहाय बमोजिम रहेका थिए :

- कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन ।
- पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयमा नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेका परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ र त्यस्तो व्यक्तिलाई आफ्नो कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हकबाट वञ्चित गरिने छैन।
- पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समयबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएका व्यक्तिलाई थुनामा राखिने छैन।
- तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे वापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन।
- कुनै अभियोग लगाईएको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन।
- कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन।
- कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन कर लगाइने छैन।
- प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ।
- कुनै पनि व्यक्तिलाई सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।
- असमर्थ पक्षलाई कानूनमा व्यवस्था भए बमोजिम निःशुल्क कानूनी सेवा पाउने हक हुनेछ।

घ।७। नेपालको संविधान[१२]

संविधानसभाबाट जारी भएको यो पहिलो संविधान हो। यसमा ३१ वटा मौलिक हकको व्यवस्था गरिएको थियो ।धारा २० मा न्याय सम्बन्धी हकको व्यवस्था गरी फौजदारी न्यायको सिद्धान्तलाई मौलिक हकको रुपमा आत्मसाथ गरेको पाइन्छ।जुन निम्नानुसार रहेका छन्:

(१) कुनै पनि व्यक्तिलाई पक्राउ भएको कारण सहितको सूचना नदिई थुनामा राखिने छैन।

(२) पक्राउमा परेका व्यक्तिलाई पक्राउ भएको समय देखि नै आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायी द्वारा पुर्पक्ष गर्ने हक हुनेछ।त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ।

> ➢ *पक्राउले व्यक्तिको स्वतन्त्रतामा आघात पार्ने भए पनि कतिपय अवस्थामा न्यायिक प्रकृयामा पक्राउ गर्नुपर्ने बाध्यता आइ पर्छ । यसरी पक्राउ गर्दा पनि व्यक्तिका कम भन्दा कम स्वतन्तत्रा हनन होस भन्ने र जथाभावी रूपमा पक्राउबाट जोगाउन आवश्यक हुन्छ । यसैले व्यक्तिको स्वतन्त्रता र सुरक्षाको सम्मान गर्न स्वेच्छाचारी एवं मनोमानी रूपले कसैलाई गिरफ्तार गर्न नपाइने गरी संबैधानिक र कानूनी रूपमा अधिकारको प्रत्याभुति गरिएको हुन्छ। प्रत्येक व्यक्तिलाई गिरफ्तारीको कारण थाहा पाउने अधिकार बेलायतको कानून प्रणालीको उपजको रूपमा बिकसित भएको मानिन्छ । कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रतामाथि किन हस्तक्षेप गरी गिरफ्तार गरियो सोको कारण थाहा पाउने र त्यसको प्रतिरक्षा गर्न पाउने हक रहन्छ । कुनै पनि कसूरको अभियोग लागेको*

१२ नेपालको संविधान, कानून किताब व्यवस्था समिति काठमाडौं, २०७२ पृ.९-११

व्यक्तिलाई आफू विरुद्ध लगाइएको अभियोगको कारण र प्रकृति जान्न पाउने अधिकार हुन्छ । कसूरको कारण र प्रकृतिको जानकारी प्राप्त गरेमा आफुलाई लगाइएको आरोप सही वा गलत थाहा यकिन गर्न सजिलो हुन्छ । त्यस्तो जानकारीले शंकित व्यक्तिले उचित प्रतिरक्षाको तयारी गर्न सक्छ । पक्राउको जानकारी नदिने हो भने किन कुन विषयमा पक्राउ गरिएको हो, कसूर अभियोग के हो थाहा हुँदैन, कहाँ कसरी राखिएको छ, पक्राउ विरुद्दको उपचार कहा कसरी खोज्ने वा पक्राउ विरुद्दको दायित्व कहाँ कसरी पुरा गर्ने, कहिले छुट्ने वा नछुट्ने आदी विविध विषयमा आघात भई व्यक्ती, परिवार अन्ततः समाज नै त्रासदीपूर्ण अवस्थामा पुग्नु पर्ने हुँदा पक्राउको सूचना दिनुपर्ने हुन्छ।

- *वैयक्तिक स्वतन्त्रताको अपहरण हुनु अति संवेदनशील विषय हो। यस्तो विषयमा अदालत गम्भीर हुन पर्दछ । कुनैपनि व्यक्तिलाई पक्राउ गरिसके पश्चात् के कुन कसूरमा पक्राउ गरिएको हो भन्ने जानकारी सहितको थुनुवा पूर्जी दिनुपर्ने कानूनी राज्यको न्यँनतम् मापदण्ड मात्र नभई त्यसरी पक्राउ गरी थुनामा राख्नुको कारणसहितको सूचनापाउनु पर्ने हरेक व्यक्तिको मौलिक हक नै हो। नेपालको अन्तरिम संविधानको धारा २४ ले यसलाई व्यक्तिको मौलिक हकको रूपमा प्रत्याभूत गरेको पाइन्छ। पक्राउमा परेका व्यक्तिलाई पक्राउ परेको समयदेखि नै आपूm ले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन पाउने तथा कानून व्यवसायीद्वारा पुर्पक्ष गर्ने हक हुनेछ। त्यस्तो व्यक्तिले आफ्नो कानून व्यवसायीसँग गरेको परामर्श र निजले दिएको सल्लाह गोप्य रहनेछ। तर शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन।*
- *पक्राउमा परेको व्यक्तिले कानून ब्यबसायीसँग परामर्श गर्न पाउने निजको अधिकारको कुरा हो । कुनै व्यक्ति पक्राउ परेकै बखतदेखि कानून व्यवसायीको सल्लाह लिन पाउने, त्यस्तो सल्लाह गोप्य रहने र कानून व्यवसायीबाट मुद्दाको प्रतिरक्षा गर्न पाउने मौलिक हकको औचित्य र प्रयोजन भनेको कानूनका ज्ञाताबाट प्रतिरक्षा गर्ने अवसर प्राप्त हुने अवस्था सृजना गर्नु हो । यसका साथै आफू कुनै आरोपमा पक्राउ परेमा प्राकृतिक न्यायको सिद्धान्त अनुसार व्यक्तिलाई आफैं वा कानून व्यवसायी मार्फत त्यसको कानूनी प्रतिरक्षा गर्न पाउने अधिकार हुने भएकाले त्यसको प्रत्याभूति गर्ने, कसूर वा आरोपका बारेमा जानकारी प्राप्त गरेपछि आफू उपरको आरोप सही वा गलत के हो भन्ने यकीन गर्न कानून व्यवसायीको सहयोगले मद्धत पुर्‍याउने र मुद्दामा यथोचित प्रतिनिधित्व भै दुवै पक्षका बीच समान व्यवहार गर्ने अवस्थाको सृजना गर्नु पनि हो।*
- *कानूनी सहायता पाउने अधिकारभित्र कुनै व्यक्तिले आफूले रोजेको कानून व्यवसायीसँग सल्लाह लिन तथा निजद्वारा पुर्पक्ष गर्न पाउछ भन्ने अधिकारको बारेमा थाहा नभएको व्यक्तिलाई निजले त्यस्तो अधिकारको उपभोग गर्न पाउँछ भन्ने कुराको जानकारी पाउने अधिकार समेत पर्दछ।*

३. पक्राउ गरिएको व्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनु पर्नेछ र त्यस्तो अधिकारीबाट आदेश भएमा बाहेक पक्राउ भएको व्यक्तिलाई थुनामा राखिने छैन । तर निवारक नजरबन्दमा राखिएका व्यक्ति र शत्रु देशको नागरिकको हकमा यो उपधारा लागू हुने छैन ।

- बन्दीलाई शुरुमा पक्राउ गरी प्रहरी हिरासतमा राख्दा अनुसन्धानको लागि हिरासतमा राखिएको र पक्राउ भएको चौबीस घण्टा भित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराएको नदेखिएकोले सो थुना गैरकानूनी हुन्छ।[१३]

१३ यज्ञमूर्ति वन्जाडे वि. बाग्मती विषेश अदालत (ने.का.प. २०२७ नि.नं. ५४७,पृ.१५७) ।

- प्रहरीद्वारा गिरफ्तार गरी चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित नगराई थुनमा राख्ने कार्यलाई संविधान तथा कानून संगत मान्न नमिल्ने।[१४]
- चौबिस घण्टाको अबधि गणना गर्दा सार्वजनिक विदालाई बाहेक नगरिएको अवस्थामा सैनिक ऐनमा सार्वजनिक विदाको दिनलाई चौबीस घण्टाको अबधिभित्र गणना नगरिने भनी गरिएको ब्यबस्था संबिधानअनुकुल देखिन नआउने।[१५]

(४) तत्काल प्रचलित कानूनले सजाय नहुने कुनै काम गरे बापत कुनै व्यक्ति सजायभागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन।

- कुनै पनि घटित अपराधको दोषी करार गर्नका लागी त्यस्तो क्रिया कानूनले निषेधित र प्रतिबन्धित भएको हुनुपर्छ। प्रचलित कानूनले सजाय नहुने कुनै काम गरेवापत कुनै व्यक्ति सजायको भागी हुने छैन र कुनै पनि व्यक्तिलाई कसूर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिए भन्दा बढी सजाय दिइने छैन भन्ने संवैधानिक सुरक्षा समेत नेपाल अधिराज्यको संविधान, २०४७ ले व्यक्तिको लागि सुरक्षित गरेको पाइन्छ । प्रस्तुत वारदातको प्रकृतिबाट वादी कथन अनुरूप सजाय हुनसक्ने प्रचलित कानूनी व्यवस्था रहे भएको नपाइने साविक ऐनले सजाय भागी नबनाएकोमा हालको ऐनले सजाय भागी बनाएको अवस्था प्रस्तुत मुद्दामा देखिन नआई दुवै ऐनले अपराध मानी सजायको व्यवस्था गरी राखेको र सजायको हकमा केही फरक देखिए पनि साविक ऐनले हुने कैद सजायको हद भन्दा कम गरेको देखिन आएकोले हालको ऐनको व्यवस्थाले मात्र प्रतिवादीलाई प्रतिकूल असर पारेको भन्ने अवस्था देखिन आएन।[१६]
- मुद्दाको दायरी, अभियोजन तथा प्रमाणको भारको निर्धारण लगयतका कार्यविधिगत कुरा मुद्दा कारवाही चल्दाको अवस्थामा विद्यमान रहेको कानून अनुसार हुने कुरा हो।
- प्रमाण सम्बन्धी विषयमा तथा कार्यविधिका सम्बन्धमा पश्चातदर्शी असर दिई बनाइएका कानूनलाई Ex Post Facto Law सम्बन्धी अवधारणा विपरीत निर्माण गरिएको मान्न नमिल्ने।[१७]
- कानून बन्नु भन्दा पहिले अपराध नमानिने कुनै कार्यलाई पछि कानून बनाई अपराध मानिएमा, पहिले सानो र कम गंभीर हुने कसूरलाई पछि ठुलो र बढी गंभीर कसूर कायम गरिएमा, पहिले कम सजाय हुने कसूरलाई बढी सजाय कायम गर्ने गरी कानून निर्माण गरिएमा, प्रमाण सम्बन्धी कानूनी नियमहरूमा फेरबदल गरी पहिले भन्दा कसूर प्रमाणित गर्न कम प्रमाण भएपनि पुग्ने गरी कानून निर्माण गरिएमा मात्र त्यस्तो कानूनलाई Ex Post Facto Law कानून मानिने हुँदा त्यस्तो कानूनलाई अदालतले अमान्य गर्न सक्ने । साबिक ऐनले पनि कसूरको संज्ञा दिई सजाय समेत निश्चित गरेको क्रियालाई हालको ऐनमा समेत निरन्तरता दिई साबिक ऐनभन्दा कम सजाय ब्यबस्था रहेकोमा एउटै क्रियालाई साबिक ऐन र हालको ऐनले फरक फरक नामाकरण गरेको भन्ने मात्रै आधारमा Ex Post Facto प्रसँग उठाउनु सान्दर्भिक नहुने।[१८]

(५) कुनै अभियोग लागेको व्यक्तिलाई निजले गरेको कसूर प्रमाणित नभएसम्म कसूरदार मानिने छैन।

---

१४ अम्बर गुरुङ वि.त्रि.वि.सुरक्षा प्रहरीगार्ड कार्यालयगौचरण समेत, नेकाप२०४९, नि.नं ४४५०,पृ ३१ ।

१५ माधवकुमार बस्नेत बिरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, नेकाप २०६६, नि.नं. ८१८४,पृष्ठ १०७० ।

१६ पासाङ दावा तामाङ वि. नेपाल सरकार, ने.का.प. २०५८, नि.नं. ६९९२, पृ १८८ ।

१७ उत्तम लामा वि. चरिमाया मोक्तानको जाहेरीले नेपाल सरकार ने.का.प. २०६१, नि.नं. ७४३२, पृ ११० ।

१८ नेपाल सरकार वि. इश्वर पोखरेल समेत ने.का.प. २०६६, नि.नं. ८२००, पृ १२३५ ।

- कुनै व्यक्तिले कसूर अपराध गरेको अवस्थामा पनि राज्यको न्यायिक परिक्षण पुरा भए पछि मात्र अभियुक्त कसूरदारमा परिणत हुन्छ। कसूरदार प्रमाणित नभएसम्म निर्दोष सरहरको व्यवहार, अधिकार पाउँछ जस्तै, अभियोग लागेका तर कसूर प्रमाणित नभएको व्यक्ति निर्वाचनमा उठ्न पाउने, थुनामा नरहेको अवस्थामा बाह्य विदेश यात्रामा रोक नलगाउने, सरकारी नियुक्ति पाउन, निर्वाचित हुन, सार्वजनिक पद धारन गर्न अयोग्य हुँदैन।
- कुनैपनि व्यक्तिलाई कुनै कसूरको अभियोग लाग्न सक्छ । त्यसरी कुनै कसूरको अभियोग लाग्दैमा निजले कसूर गरेको भनी भन्न मिल्दैन । सक्षम अदालतबाट त्यस्तो कसूर प्रमाणित वा ठहर नभएसम्म त्यस्तो व्यक्तिलाई निर्दोष मान्नु पर्छ । यसैलाई निर्दोषिताको अनुमान भनिन्छ । अदालतले प्रमाणित नगरेसम्म निर्दोष मानिने कुरा कमन ल प्रणालीमा आत्मसात गरिएको पाइन्छ । मानव अधिकारको विश्वब्यापी घोषणापत्रको धारा ११ तथा नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा १४ को उपधारा (२) ले दोषि प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरी पाउने हकको ब्यबस्था गरेको छ ।
- कुनै व्यक्तिको अभियोग प्रमाणित नभएसम्म निज बेकसूर मानिनेछ भन्ने फौजदारी न्यायको मूलभूत मान्यता रही आएको सन्दर्भमा अभियोग लाग्ना साथ कसूरदार मान्नु न्यायसंगत नहुने।[१९]

(६) कुनै पनि व्यक्ति विरुद्ध अदालतमा एकै कसूरमा एक प टकभन्दा बढी मुद्दा चलाइने र सजाय दिइने छैन।

- एक पटक अधिकार प्राप्त निकायबाट कानून बमोजिम अनुसन्धान गरी मुद्दा, चल्ने, नचल्ने वा अभियोगपत्र दायर भई निर्दोष वा कसूरदार ठहर भई सकेपछि पुनः सोही विषयमा सोही व्यक्ती उपर अनुसन्धान, अभियोजन, सजाय गर्न हुँदैन। यो अनुसन्धान, अभियोजन र कसूर, सजाय निर्धारणको सबै अवस्थामा लागू हुन्छ। तर, सो विषयमा पुनरावेदन, पुनरावलोकन गर्न भने यसले रोकिँदैन।
- फौजदारी न्यायको सिद्धान्तमा दोहोरो खतरा विरुद्धको संरक्षणको रूपमा परिचित यस मान्यताले फौजदारी कारवाही चलाई न्यायिक निकायले पुर्पक्ष गरी सजाय वा सफाइ दिएपछि सोही कुरामा कारवाही र सजायको पुनरावृत्तिलाई निषेध गर्दछ। यो सिद्धान्त अन्तिम कारवाही किनारा भएको मुद्दामा लागु हुने मापदण्ड हो। तर यसले पुनरावलोकन र पुनरावेदनको पक्षलाई भने निषेध गर्दैन। दोहोरो खतराको सिद्धान्त Principle of Double Jeopardy को सम्बन्धमा विचार गर्दा फौजदारी कानूनको यो सिद्धान्त पनि Common Legal System विकास भएको सिद्धान्त भएको र यसले एउटा व्यक्तिलाई एकै कसूरमा पटक पटक वा एक पटक भन्दाबढी पटक कारवाही र सजाय गर्नु हुँदैन भनी व्यक्तिलाई संरक्षण प्रदान गर्दछ। यो सिद्धान्तको दुई वटा अवस्था छन्। Autrefois acquit अर्थात पहिले सफाई पाईसकेको र Autrefois Convi अर्थात् पहिले नै दोषी ठहर भएको। एउटै कसूरमा पहिले कारवाही चली सफाई पाएको वा दोषी ठहर भै सजाय पाएको होस् सोही विषयमा पुनः कारवाही गर्न वा कसूर ठहर गर्न मिल्दैन। एउटै फौजदारी अपराधमा एकपटक भन्दा बढी अनुसन्धान तहकिकात गरी व्यक्ति उपर कारवाही चलाउन र सजाय गरी पटकपटक संकट सिर्जना गर्ने कार्य गर्नबाट दोहोरो खतराको सिद्धान्त (Principle of Double Jeopardy) ले सुरक्षा प्रदान गर्दछ । यो सिद्धान्तको आधारमा प्रतिरक्षा लिन पक्षहरू उही, विषयवस्तु उही र सक्षम अदालतबाट विधिपूर्वक सुनुवाइ भै अन्तिम निर्णय भएको हुन आवश्यक हुन्छ । व्यक्ति वा सरकार जसले मुद्दा

१९ रबिन्द्र भट्टराई वि. मं.प. सचिवालय, ने.का.प. २०५५, नि.नं. ६६२२, पृ ६१६ ।

चलाए पनि कुनै व्यक्ति उपर एउटै कसूरमा पटक–पटक मुद्दा चलाउने हो भने व्यक्तिको वैयक्तिक स्वतन्त्रतामा खतरा उत्पन्न भै उही व्यक्ति पटकपटक प्रताडित हुन पुग्ने ।[२०]

- एउटै वारदात उपर यी निवेदक समेत विरुद्ध ज्यान सम्बन्धीको १ र १३(३) नं. बमोजिम अभियोगपत्र दायर गरी सजाय भई सो भुक्तान समेत भई सकेपछि कर्तव्य ज्यान मुद्दा दायर भएपछि तीन वर्षको अन्तरालमा पुनः सोही वारदातलाई आधार बनाई मानिस अपहरण र बन्धकतर्फ पुनः अनुसन्धान गरी यी रिट निवेदक उपर अभियोगपत्र दायर गर्न र मुद्दा चलाउन उक्त अ.बं. ७३ नं. ले मिल्दैन। अपहरण गरिएको भनिएको घटना कर्तव्य ज्यानको वारदातको एक भाग मात्र हो, समष्टिगतमा उक्त घटना देखि ज्यान मारिएको घटनासम्म एउटै वारदात हो भनी माथिको प्रकरणमा विवेचना गरी सकिएको छ। तर त्यसको एक भागलाई आधार बनाएर अभियोगपत्र दायर गर्नु नै परेछ भने पनि त्यो कर्तव्य ज्यान मुद्दाको अभियोगको साथ साथै अधिकार प्राप्त अदालतमा दायर गर्नुपर्ने हुन्छ।[२१]
- कानून बमोजिम निषेधित कुनै कार्य गर्दा वा गर्नु पर्ने कुनै कार्य नगर्दा एक वा बढी कानून अन्तर्गतको कसूर हुन्छ भने त्यस्तो कसूरमा एक वा सो भन्दा बढी मुद्दा चल्न सक्छ ।[२२]
- एउटै आपराधिक क्रियाबाट सार्वजनिक अपराध र बालबालिकाको हक अधिकार विरुद्ध कसूर हुने रहेछ भने सो अनुसार कारबाही हुनु र सजाय हुनु दोहोरो खतराको सिद्धान्त विपरित नहुने।[२३]
- प्रतिवादीहरू समेतको मिलोमतोमा विभिन्न निकायका नक्कली छापहरू बनाई झुठा विवरणलाई साँचो व्यहोरा भनी उल्लेख गरी बैंकमा खाता खोली चोरीको अवैध ट्राभल्स चेकहरू रु १०,२८,८४८। ५० बराबरको रकम खातामा जम्मा गरेकोले कृत्रिम लेटरप्याडमा नक्कली छाप दस्तखत बनाउने कार्य, स्वीकृति नै प्राप्त नगरी विदेशी विनिमयको कारोबार गर्ने कार्य र बैंकलाई झुक्यानमा पारी ठग्ने तीन पृथक् कानूनद्वारा व्यवस्थित तीन स्वतन्त्र कसूर हुन् । कसूरका हकमा एक पटक भन्दा बढी मुद्दा चलाइने र सजाय नगरिने संविधानको धारा २४(६) ले समाहित गरेको दोहरो खतराको सिद्धान्त विविध कसूर भएबाट एउटै कसूर हो भनी अर्थ गर्न मिल्दैन ।[२४]
- अष्ट्रेलियामा भएको आपराधिक कार्यको लागि पुनः नेपालमा मुद्दा चलाउन सक्ने कानूनी व्यवस्थाको अभावमा प्रतिवादीहरूको हकमा अभियोग दाबी खारेज गरेको फैसला मनासिव ठहर्ने।[२५]

(७) कुनै कसूरको अभियोग लागेको व्यक्तिलाई आफ्नो विरुद्ध साक्षी हुन बाध्य पारिने छैन।

अभियोग लागेको व्यक्तिले बयान नगरेमा वा बयानमा सोधिएका प्रश्नको जवाफ नदिएमा, प्रतिरक्षा नगराएमा वा चुप लाग्ने अधिकारको प्रयोग गरेमा अन्य प्रमाणबाट कसूर अपराध पुष्टि भएको अवस्था बाहेक बयान नगरेको, चुप लागेको भन्ने आधारमा मात्र कसूरदार ठहर्याउन मिल्दैन। चुप लाग्ने व्यक्तिको आपराधिक कार्य र मनसाय पुष्टि गर्ने दायित्व वादी अभियोक्ता पक्षमा रहन्छ। संक्षेपमा भन्दा चुप लागेको आधारबाट कोही दोषी हुँदैन, बोल्दिन, जवाफ दिन्न भन्न पाउँछ। तर प्रमाणको भार कानून प्रतिवादी राखेको अवस्थामा प्रतिवादी चुप बसेमा निर्दोषिताको आधार बन्न सकिदैन, यस्तो अवस्थामा प्रमाण पुऱ्याई सफाईको दावी गर्ने भार प्रतिवादी माथि रहन्छ।

---

२० बालकृष्ण के.सी. समेत विरुद्ध जिल्ला प्रहरी कार्यालय, दैलेख समेत,ने.का.प. २०६७, नि.नं. ८४५९, पृ १५१४ ।
२१ किशोर श्रेष्ठ वि. जि.प्र.का. हनुमानढोका समेत, ने.का.प. २०५९, रिट नं. २८४५, आदेश मिति २०६०-२-१४
२२ दुर्गा उप्रेती समेत वि. नेपाल सरकार. का.प. २०६७, नि.नं. ८३२१, पृ ३०९
२३ तारक धिताल वि. जि.प्र.का. काठमाडौं समेत, ने.का.प. २०५४, रिट नं. ३१२३, आदेश मिति २०५८-२-८
२४ दुर्गा उप्रेती समेत वि. नेपाल सरकार, ने.का.प. २०६७, नि.नं. ८३२१, पृ ३०९
२५ नेपाल सरकार वि. बाबुराम थापा समेत,ने.का.प. २०५७, नि.नं ६८७२, पृ २०९ ।

- मानिस सामाजिक प्राणीका साथै स्वार्थी प्राणी पनि हो। मानिस आफूलाई हानि नोक्सानी, दुखः तकलिफ हुने कुरा कसैबाट नहोस, आफ्नो गल्ती कमजोरी कसैले थाहा नपाओस्, गल्ती वापत सकभर सजाय नपाई बच्न सकियोस् भन्ने अपवाद बाहेक अधिकांश मानिसको चाहाना हुन्छ। त्यसकारण आफू विरुद्द उसलाई बोल्न लगाउँदा उसलाई डर, धाक, धम्की, त्रासको पर्योग गर्नु पर्ने हुन्छ जसबाट थुनुवाको मानव अधिकारमा प्रत्यक्ष असर पर्न सक्ने हुँदा आफू विरुद्द साक्षी बन्न बाध्य पार्नु हुँदैन भन्ने मान्यता रहेको छ।कुनै अभियोग लगाइएको व्यक्ति निजले गरेको कसूर प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरिने, प्रमाणको भार अभियोग लगाउने पक्ष उपर हुने हुँदा अभियुक्तलाई आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अर्थात् चुप लाग्ने अधिकार (Right to remain silent) हुने फौजदारी विधिशास्त्रको प्रमुख सिद्धान्त बेलायतको कानून प्रणाली (Common Law System) बाट विकसित हुँदै आएको मानिन्छ । अभियुक्तलाई निज विरुद्ध प्रमाण दिन वा अपराध कबुल गर्न कर लगाइयो भने त्यसमा राज्य शक्ति दुरूपयोग भएको मानिन्छ र त्यसबाट निर्दोष व्यक्ति पनि दोषी ठहर हुन सक्ने भएकाले त्यसबाट जोगाउन यस मान्यताको विकास भएको हो । आफ्नो विरुद्ध आफैं साक्षी हुनु नपर्ने संवैधानिक प्रत्याभूतिले कुनै पनि व्यक्तिले स्वेच्छाले बाहेक आफ्नो विरुद्ध बोल्न बाध्य हुँदैन। अभियोग लागेको व्यक्तिले स्वेच्छाले कुनै कुरा भन्दछ भने सो कुरा निजको समर्थन वा विरुद्धमा प्रमाण लाग्ने सक्छ। कुनै व्यक्ति केही पनि नबोली चुप बस्दछ भने पनि उसलाई बोल्नै पर्ने भनी भन्न मिल्दैन। उसले नबोलेको आधारमा मात्र उसलाई दोषी बनाइदैन। विशेष परिस्थितिमा कुनै ऐनले विशेष व्यवस्था गरी प्रमाणको भारमुद्दाको कुनै पक्षलाई तोक्दैमा संविधानद्धारा प्रदत्त आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने सिद्धान्त विपरित हुन जान्छ भन्न मिल्ने नदेखिने।[२६]
- कुनै पनि व्यक्ति सङ्कलित प्रमाणबाट कसूरदार हो भन्ने देखिएको छ भने उसले केही कुरा नबोले पनि उसका विरुद्ध अपराध ठहर गर्न चुप लाग्ने अधिकारले कुनै छेकवार लगाउँदैन । प्रमाणको भार के कुन अवस्थामा पुर्‍याउन उचित हुन्छ भन्ने कुरा विधायिकीय नीतिभित्रको कुरा हो । विधायिकाले स्पष्ट रूपमा संविधानद्वारा कोरिएको रेखा ननाघेसम्म ऐनद्वारा व्यवस्थित कुरालाई अन्यथा अमान्य गर्न मिल्दैन।
- अभियुक्तले आफ्नो विरुद्ध साक्षी हुन कर नलाग्ने अधिकार परित्याग (Wave) नगरी त्यो अधिकार प्रयोग गरेमा अदालत वा Prosecution ले त्यसको उल्टो वा विपरित अर्थ गरी अभियुक्तका सम्बन्धमा केहि जवाफ नदिएकाले निर्दोष मान्न नमिल्ने भनी उल्टो अर्थ गरि दोषी ठहर गर्न नमिल्ने ।अदालतमा अभियोगपत्र दायर भएपछि मुद्दा हेर्ने अधिकारी समक्ष पनि अभियुक्तले आफ्नो मौन रहने वा Guilty Plea if Not Guilty Plea लिने हक उपभोग गर्न सक्छ । उसलाई बाध्य गरी जवाफ लिन नसकिने।[२७]
- मिरान्डा वि. एरिजोनाको उपर्युक्त विवादमा एरिजोना राज्यमा एक युवतीको अपहरण गरी बलात्कार गरेको प्रहरी समक्ष साबिती भएको भए तापनि एर्नेस्टो मिरान्डा (Ernesto Miranda) को साबिती बयान प्रमाणको रूपमा स्वीकार नगरी सुरु अदालतको फैसला बदर गरी पुनः सुनुवाइ गर्नुपर्ने अमेरिकी सर्वोच्च अदालतले ठहर गरेको थियो ।मिरान्डा वि. एरिजोना (१९६६) को विवादमा प्रतिपादित यस नियम बमोजिम प्रहरी वा अभियोक्ता समक्ष अभियुक्तले दिएको बयान निजले आफ्नो बयान दिनु भन्दाअघि निजलाई "मिरान्डा सतर्कता सूचना (Miranda Warning)" दिएको हुनु पर्दछ। मिरान्डा चेतावनी अभियुक्तलाई नदिई अभियुक्तबाट दिइएको बयान वा साबिती निजको विरुद्धमा प्रमाणको

२६ चन्द्र ब. नेपाली वि. म.प. सचिवालय, ने.का.प. २०५१, नि.नं. ४९६८, पृ ६६६ ।
२७ निलम पौडेल समेत वि. प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालय, ने.का.प. २०६७, नि.नं. ८४७३, पृ १६४१ ।

रूपमा लिन सकिन्न । मिरान्डा सतर्कतासूचनाको मान्यता अनुसार कुनै पनि आरोपित व्यक्तिबाट बयान लिनु अघि निजलाई देहायका कुरा जानकारी गराउनु पर्दछ:

- तपाइँलाई मौन रहने अधिकार हुनेछ।
- तपाइँले कुनै कुरा व्यक्त गर्नु भयो भने तपाइँले जे व्यक्त गर्नुहुन्छ त्यो तपाइँका विरुद्धमा अदालतमा प्रमाणको रूपमा लिन सकिन्छ।
- तपाइँलाई कुनै कानूनविद्सँग परामर्श गर्ने र तपाइँलाई प्रश्न गर्दाका बखत त्यस्तो कानूनविद् उपस्थित रहने अधिकार हुनेछ।
- तपाइँले प्रहरी अधिकृत समक्ष बयान दिनु हुने भएमा, कुनै पनि बखत आफ्नो बयान रोक्न सक्ने अधिकार तपाइँलाई हुनेछ ।[२८]

(८) प्रत्येक व्यक्तिलाई निज विरुद्ध गरिएको कारबाहीको जानकारी पाउने हक हुनेछ ।

निजको विरुद्ध कुन कानूनको उलंघनबाट कारवाही गरिएको हो त्यस कसूर सम्बन्धमा हुने सजाय, अभियोग, सजाय पुनरावेदन गर्ने म्याद अवधि अदालत सम्बन्धमा जानकारी दिनुपर्ने हुन्छ।

(९) प्रत्येक व्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनुवाइको हक हुनेछ।

कुनै कसूरको आरोप लागेको व्यक्तिले सो कसूर गरेको हो होइन भनी निष्पक्ष र स्वच्छ रूपमा परीक्षण गरिनुनै स्वच्छ सुनुवाइ हो। कसूरको अभियोग लागेको व्यक्तिलाई स्वच्छ सुनुवाइको हक रहन्छ ।स्वच्छ सुनुवाइ न्याय न्याय प्रणालीको आत्मा हो। स्वच्छ सुनुवाइको अवधारणाको प्रयोग विभिन्न चरणमा अनिवार्य रूपमा अबलम्बन गर्नु पर्छ। स्वच्छ सुनुवाइको हक सुनुवाइ अगाडीको चरण, सुनुवाइको चरण र सुनुवाइ पश्चात् पनि आवश्यक पर्छ।

➢ फौजदारी मुद्दामा अभियुक्त अदालतको आदेशले थुनामा रहन्छ । अदालत आफूले आदेश गरी पुर्पक्षका लागि अन्य कारागारमा पठाउने तर आफ्नै आदेशले थुनामा रहेको थुनुवालाई पेशीको जानकारी नदिने यो कार्य Fair Trail को मान्य सिद्धान्त विपरित हो । यस्तो कार्य ICCPR को धारा १४ र हाम्रो संविधानको धारा २४ समेत विपरित हो । यस्तो Trail, Fair Trail विपरितको Trial हो र यस्तो Trial कुनै मान्यता हुँदैन भनी सिद्धान्त कायम गर्दै स्वच्छ सुनुवाइका लागि निम्न तत्वहरू आवश्यक पर्ने पनि सिद्धान्त प्रतिपादन भएको छ।

क) मुद्दा हेर्ने अधिकारी वा अदालत कानूनद्वारा गठित हुनुपर्छ।

ख) मुद्दा हेर्ने अधिकारी (Competent, Independent/ Impartial)हुनुपर्छ

ग) अभियोग लागेको व्यक्तिलाई अभियोगको बारेमा उसले बुझ्ने भाषामा तुरुन्त जानकारी गराउनु पर्दछ।

घ) अभियुक्तलाई अभियोगको बारेमा उसले प्रतिरक्षालाई तयारीको लागि थुनामा रहेको अभियुक्तलाई पर्याप्त सहुलियत र समय प्रदान गरिदिनुपर्दछ।

ङ) अभियोग लागेको व्यक्तिले लागेको अभियोगको बारेमा आफूले चाहेमा आफूले रोजेको कानून व्यवसायीबाट प्रतिरक्षा गराउन पाउनु पर्दछ, तर त्यस्तो अभियुक्तले आर्थिक कमजोरीका कारण आफै कानून व्यवसायी राख्न सक्दैन भने राज्यले निःशुल्क कानून व्यवसायी उपलब्ध गराइदिनु पर्छ।

च) अभियोग लागेको व्यक्तिले मुद्दाको कार्वाहीमा आफै उपस्थित भै आफ्नो साक्षी प्रमाण अदालत समक्ष प्रस्तुत गर्न पाउनु पर्छ र आफ्नो साक्षी बकाउन र आफ्नो विरुद्धका साक्षीको जिरह गर्नपाउने मौका पाउनु पर्दछ।

---

२८ Paul Bergman J.B & Sara J. Berman J.B. The Criminal Law, Handbook USA, 2011 P.21

छ) अभियुक्त भाषा नबुझ्ने भए उसलाई भाषा बुझ्ने दोभाषे (Interpreter)उपलब्ध गराई दिनुपर्छ।[२९]

- स्वच्छ सुनुवाइ र कारण सहितको निर्णय न्यायका आधारभूत मान्यता हुन् र यही मान्यताका आधारमा अहरणीय रहेको स्वच्छ सुनुवाईंको विषयलाई संविधान र कानूनले समेत कटौती गर्न नमिल्ने । जघन्य र अमानवीय प्रकृतिको कसूर गरेको अभियोग लागेका अभियुक्तलाई पनि सुनुवाइको मौका प्रदान गरी आधार कारण सहितको निर्णयबाट दोषि ठहर गर्नु पर्ने। न्यायिक प्रकृया भन्ना साथ स्वच्छ सुनुवाइको अवसर र कारण सहितको निर्णय अनिवार्य रूपमा अगाडि आउँछन्।[३०]

४. समस्या

१. केही खास किसिमका मुद्दामा समयमा नै थुनुवा पुर्जी नदिएको, समयमा नै मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउने नगरेको, गुनासो रहेको छ।
२. म्याद थप माग गर्दा न्यायिक हिरासतमा राख्नै पर्ने न्यायोचित कारणहरुको स्पष्ट उल्लेखन र न्यायिक हिरासतमा राख्ने अनुमति माग गरिएको अवधीमा गरिने अनुसन्धान कार्य विवरण स्पष्ट उल्लेखन गर्ने नगरेको।
३. कानून व्यवसायीसँग भेटघाट, सरसल्लाहमा गर्न पाउने हकको प्रचलन गर्ने गराउने क्रममा व्यावहारिक र व्यवस्थापकीय समस्याहरु रहेका।
४. अनुसन्धान कार्य प्रगति र म्याद थपको कारण बीचमा औचित्य पूर्ण तालमेल हुन नसकेको ।
५. कानूनी सहायता सम्बन्धी हकको प्रचलन गर्ने गराउने कार्य व्यवस्थापन अप्रभावकारी महसुस भएको।
६. मुद्दा लगातार सुनुवाइ गर्नुपर्ने आवश्यकता र औचित्यता पुष्टि हुने गरी मुद्दाहरुको फछ्र्यौट हुन सकेको नपाइएको।
७. अपराध पीडितका मौलिक तथा कानूनी हक अधिकारको प्रचलन प्रवर्द्धन र संरक्षण सम्बन्धी कानूनी व्यवस्थाको कार्यन्वयन, कार्य व्यवस्थाको प्रभावकारितामा कमी।
८. पीडित तथा साक्षी संरक्षण कार्य अपेक्षाकृत अप्रभावकारी
९. हिरासत कक्ष भौतिक व्यवस्थापनमा दोभाषे अवस्थामा दोभाषे सम्बधी व्यवस्था व्याहारमा लागू गर्ने कठिनाई।
१०. सुन र थुन भन्दा सुनेर सुन भन्ने मान्यता प्रथाको रुपमा स्वीकृत ।
११. पीडित, साक्षी संरक्षण तथा सुरक्षा कानूनी व्यवस्थामा मात्रै सिमित भई विशेष योजना कार्यक्रम निर्माण भई कार्यान्वयन हुन सकेको छैन ।
१२. पीडितलाई तत्काल दिनु पर्ने अन्तरिम क्षतिपूर्ति सम्बन्धी कानूनी व्यवस्थाको प्रयोग पनि प्रभावकारी रुपमा हुन सकेको छैन ।

३.२. सुझाव

१. सबै मुद्दामा पक्राउ पर्ना साथ स्पष्ट आधार र कारण सहितको जानकारी, अर्थात थुनुवा पुर्जी दिनु पर्ने,
२. म्याद थप गर्दा आधार कारण खोल्ने र अनुमति प्राप्त अवधिमा सम्पन्न गर्ने गरी उल्लेख भएको अनुसन्धान सम्बन्धीमा कार्य अनिवार्य सम्पन्न गर्ने।
३. थुनुवाले कानून व्यवसायीसँग सहज रुपमा सरसल्लाह लिन पाँउने वातावरण निर्माण गर्नु पर्ने, भेटघाटको लागि छुट्टै कोठाको व्यवस्था गर्नु पर्ने।

---

२९ किशोर भन्ने रामबहादुर हमाल वि. कारागार व्यवस्थापन विभाग समेत, ने.का.प. २०६७, नि.नं. ८३४५, पृ ५७४ ।
३० ने.का.प. २०६६, नि.नं. ८१८३, पृ १०६३ ।

४. अनुसन्धानमा कुन काम गर्न बाँकी छ सो को मूल्याङ्कन गरे पछि मात्र म्याद थप गर्नु पर्ने,
५. मुद्दाको लगातार सुनुवाइको उद्देश्य अनुसार मुद्दा फछ्र्यौट गर्नु पर्ने।
६. पीडितको हक अधिकारको गरी पूर्ण रुपमा प्रचलन गर्नु गराउनु पर्ने।
७. मुलुकी फौजदारी कार्यविधि कानूनहरुको संशोधन वा सरलीकरण गर्ने ।
८. विभिन्न विषयगत फौजदारी कनूनहरुले अनुसन्धानका क्रममा न्यायिक हिरासतमा रहन पाउने अवधि जस्तै २५ दिन, ४५ दिन, ६० दिन र ९० दिन अनुसन्धान अधिकारी र अभियोजनकर्ताको अधिकार हो भन्ने बुझाइमा परिवर्तन हुनु पर्दछ।

निष्कर्ष

फौजदारी न्यायको मान्यता नेपाल कानून भन्दा पहिले अन्तर्राष्ट्रिय कानून अन्तर्राष्ट्रिय अभ्यासबाट सुरु भएको पाइन्छ। नेपालको संवैधानिक इतिहासमा नेपालको संविधान २०१५ बाट मौलिक हकमा रुपमा फौजदारी न्यायको हकलाई स्वीकार गरेको र नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३ हुँदै संविधान सभाद्वारा निर्मित २०७२ सालमा जारी भएको नेपालको संविधानसम्म आइपुग्दा विश्वव्यापी रुपमा स्वीकार र अभ्यास हुँदै नेपाल कानूनले समेत अंगीकार गरेको फौजदारी न्याय सम्बन्धी विभिन्न स्वरुपका नागरिक हकहरुको धारा २० अन्तर्गत विभिन्न १० वटा उपधाराहरुमा फौजदारी प्रकृयाको प्रारम्भ देखि अन्तिमसम्म आकर्षित हुने मौलिक हककै रुपमा उल्लेख भएको पाइन्छ। २०७२ मा नेपालको संविधान जारी हुनु पूर्व र पश्चात् पनि नेपालको सर्वोच्च अदालतबाट फौजदारी न्यायका मान्यताहरुको प्रचलन र संरक्षण सम्बन्धी विवादहरुको निरुपणका क्रममा विभिन्न सिद्धान्तहरु पाइन्छ। अन्तर्राष्ट्रिय कानून, संविधान र नेपाल कानूनमा उल्लेखित व्यवस्थाहरु आफै क्रियाशील भई फौजदारी न्याय सम्बन्धी हकहरुको प्रचलन र संरक्षण हुने होइन। कानून कार्यान्वयन निकायहरुको कार्य परिणाम र खासगरी फौजदारी न्याय प्रणालीका सबै अवयवहरुको जवाफदेहीपूर्ण निरन्तर कृयाशिलताको सकारात्मक परिणामले मात्र फौजदारी न्यायका सिद्धान्त तथा मान्यताहरुको औचित्यता सावित गर्न सक्दछ।

फौजदारी न्यायका सिद्धान्तहरुको प्रचलनका दृष्टिले हेर्दा नेपालको संविधान र कानूनले व्यवस्था गरे भन्दा ठूलो दायरामा मात्र समेटिन सक्ने अन्तर्राष्ट्रिय कानून र अभ्यासमा भएका कुराहरुको समेत व्याख्या गरी सर्वोच्च अदालतबाट जारी भएका आदेश र प्रतिपादन भएका सिद्धान्तहरुको निशर्त पालना नेपाल सरकार समेत फौजदारी न्याय प्रणालीका सबै अवयवहरुको दायित्व भित्र पर्दछ।

प्रस्तुत लेखमा फौजदारी न्यायका सिद्धान्त सम्बन्धी नेपालको संवैधानिक र कानूनी व्यवस्थाहरु कुन हदसम्म प्रचलन प्रवर्धन र मान्यता प्राप्त भएको छ भन्ने विश्लेषण अध्ययन गर्दै संविधानको धारा २० अन्तर्गत उपधारा (१) देखि (१०) सम्म उल्लेख भएका सबै प्रकारका सिद्धान्तहरु सम्बन्धीत देखिएका सर्वोच्च अदालतबाट भएका व्याख्याहरुको निर्णयाधारहरु समेत समावेश गरिएको छ। कसूरको अनुसन्धान, अभियोजन र न्याय निरुपण समेत सबै चरणहरुमा तत् चरणको कार्यसम्पादन गर्ने अधिकारीहरुले अन्तर्राष्ट्रिय कानून र नेपाली कानूनमा समावेश भएका फौजदारी न्यायाका सिद्धान्तहरुको आशय र उद्देश्य (Spirit and Objectivess) बुझेर तत् विषयमा सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिरहरुको समेत परिपालना गर्ने गराउने अभ्यास प्रारम्भ गरी एउटा संस्कृतिको विकास गर्न सके विधिको शासनको प्रत्याभूति सहज हुने देखिन्छ।

सार्वजनिक खरिदमा कालो सूचीमा राख्ने सम्वन्धी कानूनी व्यवस्था र प्रयोग

शम्भु कार्की[१]

विषय प्रवेशः

राज्यका निकायहरुबाट अधिकतम प्रतिश्पर्धाको आधारमा निर्माण कार्य वा मालसामान वा परामर्श सेवा वा अन्य सेवा प्राप्त गर्नुलाई सार्वजनिक खरिद भनिन्छ। राज्यकोषबाट जनतालाई सेवा सुविधा प्रदान गर्न सार्वजनिक खरिदको माध्यमबाट खर्च गरिन्छ। सार्वजनिक खरिदका सिद्धान्तहरु value for money, economy, integrity, fit for purpose, efficiency, transparency and fairness[२] रहेका छन र हरेक राज्यले आफ्नो देशको खरिद प्रणालीमा यी सिद्धान्तहरुको उल्लेख गरेको पाइन्छ। राज्य कोषको ठूलो हिस्सा सार्वजनिक खरिद मार्फत खर्च हुने भएकोले सार्वजनिक खरिद अन्यन्त संवेदनशील र महत्त्वपूर्ण रहेको हुन्छ। कुनै पनि राष्ट्रको विकास त्यस देशको सार्वजनिक खरिदको प्रभावकारितमा निर्भर गर्ने भएकोले सार्वजनिक खरिदमा पारदर्शिता, इमान्दारिता, जवाफदेहिता, स्वच्छता, प्रतिश्पर्धा, प्रभावकारिता, गुणस्तरीयता जस्ता मान्यताको साथै सार्वजनिक खरिदका सिद्धान्तहरुको अक्षरशः पालनाको आधारमा सार्वजनिक खरिद संचालन एंव कार्यान्वयन हुन्छन । Sustainable Development Goal, 12.7 मा "राष्ट्रिय नीति र प्राथमिकता अनुसार दिगो सार्वजनिक खरिदको अभ्यास गर्ने" लक्ष्य रहेको छ। दिगो सार्वजनिक खरिदको लागि Quality, Quantity लगायत कुनै पनि पक्षमा सम्झौता हुदैन फलतः सार्वजनिक खरिदले मूल्यको सार्थकता (Value for Money) कायम राख्दै जनविश्वास प्राप्त गर्दछ। विश्वबैंकको Procurement Guideline मा "The governance of procurement in IPF (Investment Project Financing) operations shall be managed through clear and transparent lines of accountability, and the clear definition of the roles and responsibilities of each party.[३]" उल्लेख भएको छ। कालो सूची बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनी विरुद्ध राज्यको तर्फबाट गरिने कारवाही हो, जसको मुख्य उद्देश्य इमान्दारिता तथा जवाफदेहितालाई प्रवर्धन गर्नुका साथै अनियमितताको अन्त गरी सुशासन कायम राख्नु हो। यसै सन्दर्भमा भारतिय सर्वोच्च अदालतबाट "*Suffice it to say that "debarment" is recognized and often used as an effective method for disciplining deviant suppliers/contractors who may have committed acts of omission and commission or frauds including misrepresentations, falsification of records and other breaches of the regulations under which such contracts were allotted. What is notable is that the "debarment" is never permanent and the period of debarment would invariably depend upon the nature of the offence committed by the erring contractor*[४]". *भनि उल्लेख गरेको धारणा सान्दर्भिक देखिन आउछ।*

कालो सूची अर्थ र परिभाषा (सार्वजनिक खरिदको सन्दर्भमा)

निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा प्रस्तावदाता वा सेवा प्रदायकलाई निश्चित अवधिको लागि सार्वजनिक खरिदको प्रकृयामा भाग लिन नपाउने गरी प्रतिवन्ध लगाउनु नै कालो सूचीमा राख्नु हो। Blacklisting or debarment is the

---

१ सहन्यायाधिवक्ता महान्यायाधिवक्ताको कार्यालय

२ The World Bank, Procurement Regulation for IPF Borrowers, 4th edition, 2020, Section i, Introduction, 1.3, available at: https://thedocs.worldbank.org/en/doc/178331533065871195-0290022020/original/ProcurementRegulations.pdf

३ IBID, Section iii, 3.1,

४ *Kulja Industries Limited vs. Chief Gen. Manager W.T. Proj. BSNL and Ors*, (2014) 14 SCC 731

procedure where companies and individuals are excluded fromparticipating or tendering projects.[५] Debarment', also known as 'blacklisting' or 'exclusion', is an administrative decision by which an individual or firm is ineligible from participating in a public tender for government contracts for specified reasons, such as corruption or other 'corporate integrity offences.' Debarment may be mandatory or discretionary.[६] Debarment means disqualification from federal contracting for a specified period, typically three years for firms, but longer if there are serious circumstances.[७] कालोसूचीमा राखिने निर्णय विशुद्ध प्रशासकीय निर्णय हो। कालो सूचीमा राखिने कानूनी तथा करारीय प्रावधानले भ्रष्टाचार नियन्त्रणमा सघाउ पुर्‍याउछ साथै नैतिकता, निष्ठा, इमान्दारिता र जवाफदेहिताको प्रवर्धन गरेको हुन्छ। निजी क्षेत्रमा प्रतिश्पर्धा गर्ने प्रस्तावदाताले राज्यले आव्हान गरेको खरिद प्रकृयामा सामेल हुन, सामेल भई छनौट भएमा खरिद सम्झौता गर्न र सम्झौता भएपछि करारका शर्तहरु पालना इमान्दारिताका साथ पालना गर्नु पर्छ। अनियमित कार्य गरेमा वा शर्तहरुको इमान्दारिताको साथ पालना नगरेमा त्यस्ता बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, वा निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले गरेको कसूरको गम्भिरताको आधारमा कानूनी प्रकृया पुरा गरी निश्चित अवधिसम्मको लागि सार्वजनिक खरिद प्रकृयामा भाग लिन नपाउने गरी प्रतिवन्ध लागाउनु नै कालो सूचीमा राख्नु हो।

सार्वजनिक खरिदमा कालो सूची सम्वन्धी केही देशको कानूनी व्यवस्थाः

भारतः भारतमा सार्वजनिक खरिदलाई व्यवस्थित गर्ने विधायिकी कानून रहेको पाइदैन। भारतमा संघीय स्तरमा General Financial Rule मार्फत सार्वजनिक खरिद नियमित र व्यवस्थित हुदै आएको पाइन्छ। General Financial Rule, 2017 को नियम १५१ मा कालो सूची सम्वन्धी निम्न व्यवस्था रहेको छः

Debarment from bidding[८]:

(i) A bidder shall be debarred if he has been convicted of an offence-
   (a) Under the prevention of Corruption Act, 1988; or
   (b) The Indian Penal Code or any other law for the time being in force, for causing any loss of life or property or causing a threat to public health as part of execution of a public procurement contract.

(ii) A bidder debarred under sub-section (i) or any successor of the bidder shall not be eligible to participate in a procurement process of any procuring entity for a period not exceeding three years commencing from the date of debarment. Debarment of Commerce (DGS&D) will maintain such list which will also be displayed on the website of DGS&D as well as Central Public Procurement Portal.

(iii) A procuring entity may debar a bidder or any of its successors, from participating in any procurement process undertaken by it, for a period not exceeding two years, if it determines that the bidder has breached the code of integrity. The Mistry/Department will maintain such list which will also be displayed on their website.

(iv) The bidder shall not be debarred unless such bidder has been given a reasonable opportunity to represent against such debarment.

United State America: अमेरिकामा Federal Acquisition Regulation[९] ले Debarment र Suspension लाई छुट्टा छुट्टै रुपमा उल्लेख गरिएको पाइन्छ। Both sets of standards are designed to protect the government's interests

---

५ Transparency International, available at: https://www.transparency.org/files/content/corruptionqas/Blacklisting in public procurement.pdf

६ Olivia Dixton, The Efficacy of Australia Adopting a Debarment Regime in Public Procurement, SAGE Journals, Vol. 49, Issue 1, available at: https://journals.sagepub.com/doi/full/10.1177/0067205X20973478

७ *Christopher Yukins & Michal Kania, Suspension and Debarment in the U.S. Government: Comparative Lessons for the EU's Next Steps in Procurement, Available at:* Suspension and Debarment in the U.S. Government: Comparative Lessons for the EU's Next Steps in Procurement by Christopher R. Yukins, Michal Kania :: SSRN

८ General Financial Rules, 2017, Ministry of Finance, Department of Expenditure. (India)

from potential harm posed by individuals or firms which present a lack of business honesty or integrity, or have a history of seriously poor performance[१०] उक्त Regulation को 9.406-1 (a) मा It is the debarring official's responsibility to determine whether debarment is in the Government's interest भनि कालो सूचीमा राक्ने जिम्मेवारी सार्वजनिक निकायलाइ मानेको छ। तर अनावश्यक रुपमा कालो सूचीमा राख्न नहुने कुरा सोही Subpart मा उल्लेख भएको पाइन्छ।

9.406-2 Causes for debarment.
The debarring official may debar-

(a) A contractor for a conviction of or civil judgment for-

(1) Commission of fraud or a criminal offense in connection with-
  (i) Obtaining;
  (ii) Attempting to obtain; or
  (iii) Performing a public contract or subcontract.

(2) Violation of Federal or State antitrust statutes relating to the submission of offers;

(3) Commission of embezzlement, theft, forgery, bribery, falsification or destruction of records, making false statements, tax evasion, violating Federal criminal tax laws, or receiving stolen property;

(4) Intentionally affixing a label bearing a "Made in America" inscription (or any inscription having the same meaning) to a product sold in or shipped to the United States or its outlying areas, when the product was not made in the United States or its outlying areas (see Section 202 of the Defense Production Act (Public Law102-558)); or

(5) Commission of any other offense indicating a lack of business integrity or business honesty that seriously and directly affects the present responsibility of a Government contractor or subcontractor.

(b) (1) A contractor, based upon a preponderance of the evidence, for any of the following-

(i) Violation of the terms of a Government contract or subcontract so serious as to justify debarment, such as-
  (A) Willful failure to perform in accordance with the terms of one or more contracts; or
  (B) A history of failure to perform, or of unsatisfactory performance of, one or more contracts.

(ii) Violations of 41 U.S.C. chapter 81, Drug-Free Workplace, as indicated by-
  (A) Failure to comply with the requirements of the clause at 52.223-6, Drug-Free Workplace; or
  (B) Such a number of contractor employees convicted of violations of criminal drug statutes occurring in the workplace as to indicate that the contractor has failed to make a good faith effort to provide a drug-free workplace (see 23.504).

(iii) Intentionally affixing a label bearing a "Made in America" inscription (or any inscription having the same meaning) to a product sold in or shipped to the United States or its outlying areas, when the product was not made in the United States or its outlying areas (see Section 202 of the Defense Production Act (Public Law102-558)).

(iv) Commission of an unfair trade practice as defined in 9.403 (see Section 201 of the Defense Production Act (Pub.L.102-558)).

(v) Delinquent Federal taxes in an amount that exceeds $10;000.
  (A) Federal taxes are considered delinquent for purposes of this provision if both of the following criteria apply:

---

९ विस्तृत विवरणको लागि हेर्नुहोस Federal Acquisition Regulation, Available at: https://www.acquisition.gov/sites/default/files/current/far/pdf/FAR.pdf#%5B%7B%22num%22%3A17685%2C%22gen%22%3A0%7D%2C%7B%22name%22%3A%22XYZ%22%7D%2C36%2C426%2Cnull%5D

१० *Christopher Yukins & Michal Kania, Suspension and Debarment in the U.S. Government: Comparative Lessons for the EU's Next Steps in Procurement,*

(1) The tax liability is finally determined. The liability is finally determined if it has been assessed. A liability is not finally determined if there is a pending administrative or judicial challenge. In the case of a judicial challenge to the liability, the liability is not finally determined until all judicial appeal rights have been exhausted.

(2) The taxpayer is delinquent in making payment. A taxpayer is delinquent if the taxpayer has failed to pay the tax liability when full payment was due and required. A taxpayer is not delinquent in cases where enforced collection action is precluded.

(B) Examples.

(1) The taxpayer has received a statutory notice of deficiency, under I.R.C. §6212, which entitles the taxpayer to seek Tax Court review of a proposed tax deficiency. This is not a delinquent tax because it is not a final tax liability. Should the taxpayer seek Tax Court review, this will not be a final tax liability until the taxpayer has exercised all judicial appeal rights.

(2) The IRS has filed a notice of Federal tax lien with respect to an assessed tax liability, and the taxpayer has been issued a notice under I.R.C. §6320 entitling the taxpayer to request a hearing with the IRS Office of Appeals contesting the lien filing, and to further appeal to the Tax Court if the IRS determines to sustain the lien filing. In the course of the hearing, the taxpayer is entitled to contest the underlying tax liability because the taxpayer has had no prior opportunity to contest the liability. This is not a delinquent tax because it is not a final tax liability. Should the taxpayer seek tax court review, this will not be a final tax liability until the taxpayer has exercised all judicial appeal rights.

(3) The taxpayer has entered into an installment agreement pursuant to I.R.C. §6159. The taxpayer is making timely payments and is in full compliance with the agreement terms. The taxpayer is not delinquent because the taxpayer is not currently required to make full payment.

(4) The taxpayer has filed for bankruptcy protection. The taxpayer is not delinquent because enforced collection action is stayed under 11 U.S.C. 362 (the Bankruptcy Code).

(vi) Knowing failure by a principal, until 3 years after final payment on any Government contract awarded to the contractor, to timely disclose to the Government, in connection with the award, performance, or closeout of the contract or a subcontract thereunder, credible evidence of-

(A) Violation of Federal criminal law involving fraud, conflict of interest, bribery, or gratuity violations found in Title 18 of the United States Code;

(B) Violation of the civil False Claims Act (31 U.S.C. 3729-3733); or (C) Significant overpayment(s) on the contract, other than overpayments resulting from contract financing payments as defined in 32.001.

(vii) Determination of a false certification under 52.209-13, Violation of Arms Control Treaties or Agreements- Certification. (2) A contractor, based on a determination by the Secretary of Homeland Security or the Attorney General of the United States, that the contractor is not in compliance with Immigration and Nationality Act employment provisions (see Executive Order12989, as amended by Executive Order13286). Such determination is not reviewable in the debarment proceedings. (c) A contractor or subcontractor based on any other cause of so serious or compelling a nature that it affects the present responsibility of the contractor or subcontractor. 9.406-3 Procedures.

(a) Investigation and referral. Agencies shall establish procedures for the prompt reporting, investigation, and referral to the debarring official of matters appropriate for that official's consideration.

(b) Decision making process.

(1) Agencies shall establish procedures governing the debarment decision making process that are as informal as is practicable, consistent with principles of fundamental fairness. These procedures shall afford the contractor (and any specifically named affiliates) an opportunity to submit, in person, in writing, or through a representative, information and argument in opposition to the proposed debarment.

(2) In actions not based upon a conviction or civil judgment, if it is found that the contractor's submission in opposition raises a genuine dispute over facts material to the proposed debarment, agencies shall also-

(i) Afford the contractor an opportunity to appear with counsel, submit documentary evidence, present witnesses, and confront any person the agency presents; and

(ii) Make a transcribed record of the proceedings and make it available at cost to the contractor upon request, unless the contractor and the agency, by mutual agreement, waive the requirement for a transcript.

(c) Notice of proposal to debar. A notice of proposed debarment shall be issued by the debarring official advising the contractor and any specifically named affiliates, by certified mail, return receipt requested-

(1) That debarment is being considered;

(2) Of the reasons for the proposed debarment in terms sufficient to put the contractor on notice of the conduct or transaction(s) upon which it is based;

(3) Of the cause(s) relied upon under 9.406-2 for proposing debarment;

(4) That, within 30 days after receipt of the notice, the contractor may submit, in person, in writing, or through a representative, information and argument in opposition to the proposed debarment, including any additional specific information that raises a genuine dispute over the material facts;

(5) Of the agency's procedures governing debarment decision making;

(6) Of the effect of the issuance of the notice of proposed debarment; and

(7) Of the potential effect of an actual debarment.

(d) Debarring official's decision.

(1) In actions based upon a conviction or civil judgment, or in which there is no genuine dispute over material facts, the debarring official shall make a decision on the basis of all the information in the administrative record, including any submission made by the contractor. If no suspension is in effect, the decision shall be made within 30 working days after receipt of any information and argument submitted by the contractor, unless the debarring official extends this period for good cause.

(2) (i) In actions in which additional proceedings are necessary as to disputed material facts, written findings of fact shall be prepared. The debarring official shall base the decision on the facts as found, together with any information and argument submitted by the contractor and any other information in the administrative record.

(ii) The debarring official may refer matters involving disputed material facts to another official for findings of fact. The debarring official may reject any such findings, in whole or in part, only after specifically determining them to be arbitrary and capricious or clearly erroneous.

(iii) The debarring official's decision shall be made after the conclusion of the proceedings with respect to disputed facts.

(3) In any action in which the proposed debarment is not based upon a conviction or civil judgment, the cause for debarment must be established by a preponderance of the evidence.

(e) Notice of debarring official's decision. (1) If the debarring official decides to impose debarment, the contractor and any affiliates involved shall be given prompt notice by certified mail, return receipt requested-

(i) Referring to the notice of proposed debarment;

(ii) Specifying the reasons for debarment;

(iii) Stating the period of debarment, including effective dates; and

(iv) Advising that the debarment is effective throughout the executive branch of the Government unless the head of an agency or a designee makes the statement called for by 9.406-1(c).

(2) If debarment is not imposed, the debarring official shall promptly notify the contractor and any affiliates involved, by certified mail, return receipt requested.

(f) (1) If the contractor enters into an administrative agreement with the Government in order to resolve a debarment proceeding, the debarring official shall access the website (available at https://www.cpars.gov, then select FAPIIS) and enter the requested information.

(2) The debarring official is responsible for the timely submission, within 3 working days, and accuracy of the documentation regarding the administrative agreement.

(3) With regard to information that may be covered by a disclosure exemption under the Freedom of Information Act, the debarring official shall follow the procedures at 9.105-2(b)(2)

(iv). तीन वर्ष भन्दा बढी हुन नहुने subpart 9.406-4 (a) ले गरेको पाइन्छ।

नेपालको कानूनी व्यवस्थाः सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा कालोसूचीमा राख्ने सम्वन्धी निम्न व्यवस्था रहेको छः (१) देहायको अवस्थामा बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई निजको कार्यको गम्भिरताको आधारमा सार्वजनिक खरिद अनुगमन कायालयले एक वर्ष देखि तीन वर्षसम्म कालो सूचीमा राख्न सक्नेछः

(क) दफा ६२ बमोजिमको आचरण विपरित काम गरेको प्रमाणित भएमा,

(ख) दफा २७ वा ३८ बमोजिम स्वीकृतिको लागि छनौट भएको बोलपत्रदाता वा प्रस्तावदाता खरिद सम्झौता गर्न नआएमा,

(ग) खरिद सम्झौता कार्यान्वयन गर्दा सारभूत रुपमा त्रुटी गरेको वा सम्झौता अनुरुपको दायित्व सारभूत रुपमा पालना नगरेको वा खरिद सम्झौता बमोजिमको कार्य सो सम्झौता बमोजिमको गुणस्तरको नभएको कुरा पछि प्रमाणित भएमा,

(घ) खरिद सम्झौतामा भाग लिन अयोग्य ठहरिने कुनै फौजदारी कसूरमा अदालतबाट दोषी ठहरिएमा,

(ङ) योग्यता ढाँटी वा झुक्यानमा पारी खरिद सम्झौता गरेको कुरा प्रमाणित हुन आएमा, वा

(च) तोकिए बमोजिमको अन्य कुनै अवस्थामा ।

(२) उपदफा (१) बमोजिम कालोसूचीमा राखिएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, व निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले सोही अवधिसम्म सार्वजनिक निकायको खरिद कारवाहीमा भागलिन सक्ने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बैंक वा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले कालो सूचीमा राखेको व्यक्ति, फर्म, संस्था वा कम्पनीले त्यस्तो सूचीमा कायम रहेको अवधिभर सार्वजनिक खरिद कारवाहीमा भाग लिन पाउने छैन।

(४) उपदफा (२) वा (३) बमोजिम सार्वजनिक खरिद कारवाहीमा भाग लिन नसक्ने व्यक्ति, फर्म, संस्था वा कम्पनीले सार्वजनिक निकायले गर्ने खरिदमा भाग लिएको पाईएमा निजको बोलपत्र वा प्रस्ताव उपर कुनै कारवाही हुने छैन।

(६) कालो सूचीमा रहेका बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता वा निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीबाट फुकुवा गर्ने सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको मापदण्ड अनुसार कालो सूचीबाट फुकुवा गरिनेछ ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ मा मा कालो सूचीमा राख्ने सम्वन्धी कार्याविधिलाई व्यवस्थित गरेको छ, जसमा

१. सार्वजनिक निकायले ऐनको दफा ६३ बमोजिम कुनै बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीमा राख्नु परेमा त्यस सम्बन्धी विस्तृत विवरण र कारण खुलाई सम्बद्ध कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।
२. सार्वजनिक निकायबाट लेखी आएपछि सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यस्तो विवरण, कारण र कागजातलाई जाँचबुझ गर्दा त्यस्तो बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवा प्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई तत्काल सार्वजनिक खरिदमा भाग लिनबाट रोक लगाउनु पर्ने देखिएमा यस नियम बमोजिमको कालोसूचीमा राख्ने सम्बन्धी प्रक्रिया पूरा नभएसम्मका लागि नयाँ खरिद कारबाहीमा सहभागी हुनबाट रोक लगाउन सक्नेछ ।
३. तत्काल रोक लगाउनु पर्ने अवस्थामा बाहेक कालो सूचीमा राख्नु नपर्ने आधारहरु भए त्यस्ता आधार र स्पष्टीकरण पेश गर्न तीस दिनको अवधिको लिखित सूचना निजको कार्यालय वा घरमा पठाउनु पर्नेछ ।
४. लिखित सूचना निजको कार्यालय वा घरमा पठाउदा निज फेला नपरेमा सो सम्बन्धमा राष्ट्रियस्तरको समाचारपत्रमा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ र त्यसरी सूचना प्रकाशन भएकोमा त्यस्तो सूचना रीत पूर्वक दिएको मानिनेछ ।
५. सूचना प्राप्त गरे पछि सम्बन्धीत बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले आफूलाई कालो सूचीमा राख्नु नपर्ने कुनै कारण र आधार भए सो खुलाई सम्बद्ध कागजात सहित आफ्नो स्पष्टीकरण सार्वजनिक खरिद अनुगमन कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।
६. स्पष्टीकरण पेश गर्दा सम्बन्धीत बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले निज र सम्बन्धीत सार्वजनिक निकायलाई सगै राखी संयुक्त सुनुवाइ गरी दिन सार्वजनिक खरिद अनुगमन कार्यालय समक्ष अनुरोध गर्न सक्नेछ ।

७. सुनुवाइको लागि अनुरोध भएकोमा र सार्वजनिक खरिद अनुगमन कार्यालयले त्यसरी सुनुवाइ गर्न उचित ठानेमा सम्बन्धीत सार्वजनिक निकाय र बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी र अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई त्यस्तो सुनुवाई हुने समय र स्थान बारे लिखित सूचना पठाउनु पर्नेछ ।

८. बमोजिमको सूचना प्राप्त गर्ने सार्वजनिक निकाय र बोलपत्रदाता, प्रस्तावदाता, सिलबन्दी दरभाउपत्रदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनी सोही उपनियममा तोकिएको अवधिभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयमा उपस्थित हुनु पर्नेछ ।

९. बमोजिमको अवधिमा दुवै पक्ष उपस्थित भएमा सार्वजनिक खरिद अनुगमन कार्यालयले दुबै पक्षलाई आ—आफ्ना लिखित वा मौखिक स्पष्टीकरण र भनाई राख्ने मौका दिनु पर्नेछ ।

तर कुनै पक्ष उपस्थित नभएको कारणबाट मात्र सुनुवाइ रोकिने छैन ।

१०. सुनुवाई भएकोमा सो सुनुवाइ उपर समेत विचार गरी र सुनुवाइ नभएकोमा सार्वजनिक निकाय र सम्बन्धीत बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले पेश गरेको कागजातको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले निजलाई कालो सूचीमा राख्ने वा नराख्ने निर्णय गर्नु पर्नेछ ।

११. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा राख्ने निर्णय गरेमा सोको जानकारी सम्बन्धीत सार्वजनिक निकाय र बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई लिखित रुपमा दिई राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१२. सार्वजनिक खरिद अनुगमन कार्यालयले कालो सूचीमा नराख्ने निर्णय गरेमा तत्काल रोक लगाईएको रहेछ भने त्यस्तो रोक स्वतः हट्नेछ र सोको व्यहोरा सो कार्यालयले सार्वजनिक रुपमा प्रकाशन गर्नु पर्नेछ ।

१३. तत्काल रोक लगाईएको बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीमा राख्ने निर्णय भएमा निजलाई कालो सूचीमा राख्ने समय गणना गर्दा त्यसरी रोक लगाईएको समयदेखि गणना गर्नु पर्नेछ ।

१४. सार्वजनिक खरिद अनुगमन कार्यालयले यस नियमावली बमोजिम कालो सूचीमा राख्ने कारबाही सो सम्बन्धी अनुरोध प्राप्त भएको मितिले छ महिनाभित्र गरी सक्नु पर्नेछ ।

भारतीय सन्दर्भमा हेर्दा, कालो सूचीमा भ्रष्टाचारजन्य कार्यमा, सार्वजनिक खरिद कार्यान्वयनको कारणवाट भारतीय दण्ड संहिता तथा अन्य प्रचलित कानून कार्यान्वयनको क्रममा जीवन र सम्पत्ति गुमाउन वा सार्वजनिक स्वास्थ्यमा चुनौति सिर्जना भएमा कालो सूचीमा राख्न सकिने देखिन्छ भने खरिद सम्झौताको शर्त उल्लंघन गरेमा कालो सूचीमा राख्ने व्यवस्था सम्झौताको शर्तमा नै रहेको हुन्छ। अमेरिकी सन्दर्भमा व्यापक र विस्तृत व्यवस्था रहेको देखिन्छ। नेपालमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ गरेको व्यवस्था बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयबाट जारी गरेको नमूना बोलपत्रमा स्ष्ट राखिएको छ।

कालो सूचीमा राखिने चरणहरुः बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीलाई कालो सूचीमा खरिद सम्झौता हुनु भन्दा अगाडी, खरिद सम्झौता कार्यान्वयनको चरणमा वा कार्यान्वयन भैसकेपछि त्रुटी संच्चाउने अवधिमा समेत कालो सूचीमा राख्न सकिन्छ।

सम्झौता हुनु भन्दा अगाडी कालो सूचीमा राखिने अवस्थाः सार्वजनिक निकायले प्रस्ताव आव्हान गरेपछि वोलपत्र सम्वन्धी कागजातको "Instructions To Bidder" अन्तर्गत उल्लेख भएका शर्तहरु पालना गरेर नै प्रस्ताव पेश गर्नु

पर्दछ। ठेक्का पाउँने उद्धेश्यले झुक्काई वा गलत विवरण लेखी लेखाई वा गतल कागजात तयार गरी प्रस्ताव पेश गर्नु हुदैन। सार्वजनिक खरिद नियमावलीको नियम ४० को उपनियम (१) खण्ड (ङ) मा "बोलपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धीत पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा" प्रस्तावदाताले पेश गर्नु पर्ने र उक्त लिखित घोषणा प्रस्तावको ग्राह्यता सम्वन्धी आधारहरु मध्ये एक हुने व्यवस्था रहेको छ।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा वोलपत्रदाता वा प्रस्तावदातको आचरणको उल्लेख भएको छ। उक्त आचरणहरु प्रस्ताव पेश गर्दा देखि नै पालना गर्नु पर्ने आचरण पालना नगरेमा[११] कालो सूचीमा राख्न सकिन्छ । सार्वजनिक खरिद अनुगमन कार्यालबाट तयार भएका बोलपत्र सम्वन्धी कागजातको "Instructions To Bidder" अन्तरगत Fraud and Corruption लाई महत्त्वपूर्ण शर्तको रुपमा राख्दै कालो सूचीमा राखिने शर्त Standard Bidding Documents ले गरेको छ। PPMO on the recommendation of the Employer may blacklist a Bidder for a period of one (1) to three (3) years for its conduct including the following grounds and seriousness of the act committed by the bidder:[१२]

(a) if convicted by a court of law in a criminal offence which disqualifies the Bidder from participating in the contract,

(b) if it is established that the contract agreement signed by the Bidder was based on false or misrepresentation of Bidder's qualification information,

(c) if it at any time determines that the firm has, directly or through an agent, engaged in corrupt, fraudulent, collusive, coercive, or obstructive practices in competing for, or in executing, a GoN/DP-financed contract.

(d) if the Successful Bidder fails to sign the Contract. (e) if the bidder fails to inform about the saturation of maximum number of contracts as per ITB 4.11. (Maximum number of running contracts)

Standard Bidding Documents को ITB मा उल्लिखित शर्तहरु सार्वजनिक निकायले परिमार्जन गर्न सक्दैन। अनुचित प्रलोभनको प्रस्ताव गरेमा, तथ्य बङ्गाई वा झुक्याई प्रस्ताव पेश गरेमा, भ्रष्टाचार वा जालसाजीपूर्ण कार्य गरेमा वा त्यस्तो कार्यमा संलग्न भएमा, प्रतिष्पर्धी वोलपत्रदाता वा प्रस्तावदाताको सहभागितामा हस्तक्षेप गरेमा, धम्की दिने वा करकापजन्य कार्य गरेमा, मिलोमतो वा गुटवन्दीमा संलग्न भएमा, सार्वजनिक निकायलाई अनुचित प्रभाव पारेमा वा पार्न खोजेमा खरिद सम्झौता हुनु अगाडी नै कालो सूचीमा राख्न सकिने व्यवस्था रहेको पाइन्छ।

प्रस्ताव पेश गर्ने प्रस्तावदाताहरुको मूल्याङ्कन गर्दा न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही प्रस्तावदाता छनौट गरी सम्झौता गर्न आउने सूचना सार्वजनिक निकायबाट प्राप्त भए पछि त्यस्तो प्रस्तावदाता आवश्यक कागजात सहित सम्झौता गर्न आउनु पर्छ[१३], सम्झौता गर्न आउने वारेको सूचना पाएर पनि सम्झौता गर्न नआउने प्रस्तावदातालाई कालो सूचीमा राख्न लेखी पठाउनु पर्ने व्यवस्था[१४] रहेको छ।

सम्झौता कार्यान्वयनको चरणमाः सार्वजनिक खरिदको महत्त्वपूर्ण चरण नै सम्झौता कार्यान्वयन हो। यस चरणमा सम्झौतामा उल्लिखित समय भित्र नै गुणस्तरयुक्त कार्य/मालसामान/सेवा सार्वजनिक निकायले पाप्त गर्दछ। तर निर्माण व्यवसायी वा परामर्शदाता वा आपूर्तिकर्ताले सम्झौतामा उल्लिखित शर्तहरुको इमान्दारिताका साथ पालना नगरी गुणस्तर कायम नराखेमा, निर्धारित समयमा कार्य पुरा नगरेमा, सारभूत रुपमा त्रुटी गरेमा, भ्रष्टाचार,

११ सार्वजनिक खरिद ऐम, २०६३ को दफा ६३(१)(क)

१२ Standard Bidding Document, Procurement of Works International Competitive Bidding (ICB) [Single Stage Two Envelope Bidding procedure] PPMO (Revised on July, 2022), clause, ITB 3.3

१३ सार्वजनिक खरिद ऐन, २०६३, दफा २७, ३८

१४ उही ऐनको दफा ६३(१)(ख)

जालसाजी वा अन्य अनियमित कार्य गरेमा त्यस्ता निर्माण व्यवसायी वा परामर्शदाता वा आपूर्तिकर्तालाई कालो सूचीमा राख्नु पर्ने कानूनी व्यवस्था रहेको पाइन्छ।

Standard Bidding Document को General Condition of Contract मा भएको व्यवस्था परिवर्तन वा परिमार्जन हुन सक्दैन। Standard Bidding Document[१५] को General Condition of Contract मा कालो सूची सम्वन्धी व्यवस्था (दृष्टान्त स्वरुप) यस प्रकार छः

Clause 74.1- Without prejudice to any other rights of the Employer under this Contract, GoN, Public Procurement Monitoring Office (PPMO), on the recommendation of procuring entity, may blacklist a Bidder for its conduct for a period of one (1) to three (3) years on the following grounds and seriousness of the act committed by the bidder:

(a) if it is established that the Contractor has committed substantial defect in implementation of the contract or has not substantially fulfilled its obligations under the contract or the completed work is not of the specified quality as per the contract.

(b) If convicted from a court of law in a criminal offense liable to be disqualified for taking part in procurement contract,

(c) If it is established that the Contractor has engaged in corrupt or fraudulent practices in competing for or in executing the Contract.

सम्झौताको अवधि समाप्त भएपछि त्रुटी सच्चाउने अवधिमा: निर्माण कार्यको हकमा निर्माण कार्य सम्पन्न भएछि निर्माण भएका संरचनामा कुनै त्रुटी देखिएमा सो त्रुटी सच्चाउने जिम्मेवारी निर्माण व्यवसायीको हुने गरी General Condition of Contract मा व्यवस्था गरी Particular Condition of Contract मा सो अवधि कति हुने भनी उल्लेख गरिएको हुन्छ।त्यसै गरी मालसामान खरिदको हकमा प्राप्त सामानमा त्रुटी देखिएमा सो सच्चाउने दायित्व आपूर्तिकर्तामा हुने गरी General Condition of Contract मा व्यवस्था गरी Particular Condition of Contract मा सो अवधि कति हुने भनी उल्लेख गरिएको हुन्छ । त्रुटी सच्चाउने अवधिभित्र निर्माण व्यवसायी वा आपूर्तिकर्ताले त्रुटी सच्चाउने दायित्व पुरा नगरेमा त्यस्ता निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई कालो सूचीमा राखिन्छ।

कालो सूचीको सन्दर्भमा अदालतको धारणाः

भारतीय अदालतको धारणाः

१. Indian Supreme Court in *Erusian Equipment & Chemicals Ltd. v. State of W.B.*[16], wherein the Hon'ble Supreme Court observed the following:

"Equality of opportunity should apply to matters of public contracts. The State has the right to trade. The State has there the duty to observe equality. An ordinary individual can choose not to deal with any person. ***The Government cannot choose to exclude persons by discrimination.*** *The order of blacklisting has the effect of depriving a person of equality of opportunity in the matter of public contract. A person who is on the approved list is unable to enter into advantageous relations with the Government because of the order of blacklisting. A person who has been dealing with the Government in the matter of sale and purchase of materials has a legitimate interest or expectation. When the State acts to the prejudice of a person it has to be supported by legality."*

" Blacklisting has the effect of preventing a person from the privilege and advantage of entering into lawful relationship with the Government for purposes of gains. The fact that a disability is created by the order of blacklisting indicates that the relevant authority is to have an objective satisfaction. ***Fundamentals of fair play require that the person concerned should be given an opportunity to represent his case before he is put on the blacklist."***

२. *Patel Engineering Limited vs. Union of India (UOI) and Ors.*[१७]

---

१५ Procurement of Works National Competitive Bidding (NCB), Single-Stage: Two-Envelope Bidding Procedure [Procurement of value above NRs. 20 Million] PPMO, (Revised on July 2022, यस्तो व्यवस्था अन्य नमूना बोलपत्रमा समावेश गरिएको छ।

१६ (1975) 1 SCC 70

"15. It follows from the above judgment in Erusian Equipment case [(1975) 1 SCC 70] that the decision of the State or its instrumentalities not to deal with certain persons or class of persons on account of the undesirability of entering into the contractual relationship with such persons is called blacklisting. The State can decline to enter into a contractual relationship with a person or a class of persons for a legitimate purpose. The authority of the State to blacklist a person is a necessary concomitant to the executive power of the State to carry on the trade or the business and making of contracts for any purpose, etc. ***There need not be any statutory grant of such power. The only legal limitation upon the exercise of such an authority is that the State is to act fairly and rationally without in any way being arbitrary—thereby such a decision can be taken for some legitimate purpose.*** *What is the legitimate purpose that is sought to be achieved by the State in a given case can vary depending upon various factors."*

३. *Kulja Industries Limited vs. Chief Gen. Manager W.T. Proj. BSNL and Ors*[१८]

" That apart, the power to blacklist a contractor whether the contract be for supply of material or equipment or for the execution of any other work whatsoever is in our opinion inherent in the party allotting the contract. There is no need for any such power being specifically conferred by statute or reserved by contractor. That is because "blacklisting" simply signifies a business decision by which the party affected by the breach decides not to enter into any contractual relationship with the party committing the breach. Between two private parties the right to take any such decision is absolute and untrammeled by any constraints whatsoever. The freedom to contract or not to contract is unqualified in the case of private parties. But any such decision is subject to judicial review when the same is taken by the State or any of its instrumentalities. ***This implies that any such decision will be open to scrutiny not only on the touchstone of the principles of natural justice but also on the doctrine of proportionality. A fair hearing to the party being blacklisted thus becomes an essential precondition for a proper exercise of the power and a valid order of blacklisting made pursuant thereto. The order itself being reasonable, fair and proportionate to the gravity of the offence is similarly examinable by a writ court."***

"Suffice it to say that "debarment" is recognized and often used as an effective method for disciplining deviant suppliers/contractors who may have committed acts of omission and commission or frauds including misrepresentations, falsification of records and other breaches of the regulations under which such contracts were allotted. What is notable is that the "debarment" is never permanent and the period of debarment would invariably depend upon the nature of the offence committed by the erring contractor."

१. *UMC Technologies Private Limited vs. Food Corporation of India and Ors*[१९]

" In light of the above decisions, it is clear that a prior show-cause notice granting a reasonable opportunity of being heard is an essential element of all administrative decision-making and particularly so in decisions pertaining to blacklisting which entail grave consequences for the entity being blacklisted. In these cases, ***furnishing of a valid show-cause notice is critical and a failure to do so would be fatal to any order of blacklisting pursuant thereto."***

" Thus, from the above discussion, a clear legal position emerges that for a show-cause notice to constitute the valid basis of a blacklisting order, such notice must spell out clearly, or its contents be such that it can be clearly inferred therefrom, that there is intention on the part of the issuer of the notice to blacklist the noticee. Such a clear notice is essential for ensuring that the person against whom the penalty of blacklisting is intended to be imposed, has an adequate, informed and meaningful opportunity to show cause against his possible blacklisting."

माथिका भारतीय अदालतबाट भएका केही फैसलाबाट कालो सूचीमा राख्दा प्रकृया पुरा नगरी राख्न हुदैन। प्राकृतिक न्यायको सिद्दान्तको परिपालना अनिवार्य रुपमा गर्नु पर्ने, कालो सूची सधैको लागि हुन नसक्ने तथा प्रतिनिधित्व गर्न पाउने अधिकारबाट विमुख गराउन नपाउने तथा कालोसूचीमा राख्ने कार्य प्रभावकारी हुने अवधि निर्धारण गर्दा वस्तुनिष्ठता र पारदर्शिताका लागि पालना गर्नुपर्ने बृहत् दिशानिर्देशहरू भएको देखिन्छ।

---

१७ (2012) 11 SCC 257
१८ (2014) 14 SCC 731
१९ (2021) 2 SCC 551

24 February, 2022 मा भारतीय सर्वोच्च अदालतबाट The State of Odisha vs M/S Panda Infra project Limited भएको मुद्दामा ओडिसा राज्यको भुवनेश्वरको बोमिखल जंक्शनमा रेलवे लेभल क्रसिङमा फ्लाईओभर निर्माणको काम हुदै गर्दा फ्लाईओभरको स्ल्याब भत्किदा धनजनको क्षति भएकोले निर्माण व्यवसायीलाई Chief Engineer ले कालो सूचीमा राखेको निर्णय विरुद्द निर्माण व्यवसायीको तर्फबाट उच्च अदालतमा निवेदन परेको थियो। उच्च अदालतले प्राकृतिक न्यायको सिद्दान्त विपरितको निर्णय भनी कालो सूचीमा राख्ने निर्णय वदर गरेको निर्णय वदर गराउन ओडिसा राज्यको तर्फबाट सर्वोच्च अदालतमा परेको निवेदनमा भारतिय सर्वोच्च अदालतबाट कालो सूचीको अवधि ५ वर्ष सिमित गराई उच्च अदालतको फैसला वदर गरेको पाइन्छ[२०]।

नेपालको सर्वोच्च अदालतको धारणाः

१. विनम्र निर्माण सेवा को प्रो. मैना शाही विरूद्ध सार्वजनिक खरिद अनुगमन कार्यालय समेत[२१]

आफूले के कुन स्तरको काम गर्न के कति रकम आवश्यक पर्दछ सो कार्य सम्पन्न गर्नको लागि आफ्नो कम्पनीको क्षमताले भ्याउँछ भ्याउँदैन जस्ता कुराहरूको पूर्वविचार गरेर मात्र बोलपत्र भर्नुपर्नेमा बोलपत्र स्वीकृत भई सम्झौता गर्न बोलाएको अवस्थामा आएर मात्र काम गर्न नसक्ने भनी जानकारी गराउने कार्य निर्माण व्यवसायीको आचरण अनुकूल समेत नदेखिने ।

२. वि.टी. / फ्रेण्डस / श्रेष्ठ जे.भी. को तर्फबाट अ.प्रा. अधिवक्ता जगदीश आचार्य विरूद्ध सार्वजनिक खरिद अनुगमन कार्यालय समेत[२२]

निवेदक कम्पनीले आफूले कार्य सम्पादन गर्दै आएको पुल निर्माणको ठेक्का अर्को कम्पनीलाई नदिन र दिइएमा आफूलाई क्षतिपूर्ति भराउन माग गरेको भए पनि सम्झौताबमोजिम कार्य सम्पादन नगरी कारबाहीमा परी कालोसूचीमा परेको कम्पनीले आफूले पूरा गर्न नसकेको जिम्मेवारी अरूलाई दिइए क्षतिपूर्ति तिर्नुपर्छ भनी लिएको निवेदन दाबी न्यायोचित नदेखिने

३. पप्पु लुम्विनी जे.भी.का अख्तियारप्राप्त प्रोपराइटर हरिनारायण प्रसाद रौनियार विरुद्ध भौतिक योजना तथा निर्माण मन्त्रालय समेत[२३]

"साँचो कागजपत्र पेश गरेर जिकीर लिन नसकी केवल कालोसूचीमा राख्ने कामकारवाही रीतपूर्वक भएन वा प्रक्रिया पूरा भएन भनी भन्दैमा सो कुराले खासै महत्व राख्ने देखिँदैन । आफू कालोसूचीमा पर्न नसक्ने यथेष्ट प्रमाण गुजार्न नसकेसम्म सम्बन्धीत निकायले कालोसूचीमा राखेको कार्य रीतपूर्वकको भएन भनी लिएको जिकीर मनासिव नदेखिने ।"

"बोलपत्रको सूचनामा उल्लेख भएका योग्यताहरू पूरा गर्न नसकेसम्म कुनै पनि फर्मले प्रतिष्पर्धामा भाग लिन पाउने हुँदैन । आवश्यक न्यूनतम् योग्यता पूरा गरेको नभई झूठा व्यहोराका कागज बनाई आवश्यक न्यूनतम् योग्यता पुऱ्याएको सम्बन्धमा उजूर परी छानबीन गर्दा आवश्यक न्यूनतम् योग्यता पुऱ्याउनको लागि नक्कली कागजात बनाएको पुष्टि हुन आएबाट कालोसूचीमा राख्ने र त्यस्तो फर्मसँग सम्झौता गर्न नहुने निष्कर्ष निकालेको अवस्थामा आवश्यक न्यूनतम् योग्यता पुऱ्याउनको लागि झूठा कागजात तयार गरी पेश गर्ने फर्मलाई नै ठेक्का प्रदान गर्नु पर्दछ भन्न नमिल्ने ।"

"ऐनले तोकेको आचारण एवं दायित्व पालना गर्न नसक्ने ठेकेदार कम्पनी वा फर्मको अधिकार सिर्जना भैसकेको मान्न नमिल्ने ।"

४. बडीमालिका जे.भी.कम्पनीको तर्फबाट अख्तियारप्राप्त विजय मल्ल विरुद्ध सार्वजनिक खरीद अनुगमन कार्यालय, ताहाचल समेत[२४]

---

२० https://indiankanoon.org/doc/40317410/
२१ ने.का.प. २०७७, अंकः २ निर्णय नं. १०४३३
२२ ने.का.प. २०७७, अंकः ७, नि.नं. १०५२९
२३ ने.का.प.२०६८, अंकः ७, निर्णय नं. ८६५७
२४ ने.का.प. २०६९, अंकः १० निर्णय नं. ८९००

२० महिनामा सम्पन्न गर्ने प्रतिवद्धतासहित सम्झौता गरिएको कार्य ५ वर्ष व्यतीत हुँदासम्म पनि सम्पन्न नगर्ने तथा पटकपटक काम छाडी हिड्ने र सम्बन्धीत कार्यालयले उपस्थित भई कार्य सुचारु गर्न पटकपटक मौका दिँदा समेत कामप्रति उदासीनता देखाउने कार्य प्रारम्भिक रूपमा नै गैरजिम्मेवारपूर्ण देखिन आउने ।

सार्वजनिक पूर्वाधारको निर्माण गर्ने जिम्मेवारी लिने पक्षले तोकिएको समयमा, तोकिएको गुणस्तर कायम गर्दै सम्झौताबमोजिमको कार्य गर्नु कानूनी र नैतिक दायित्व भएकाले भौतिक पूर्वाधारको अपर्याप्तता खड्किएको विकासोन्मूख मुलुकमा द्रुततर रूपमा भौतिक पूर्वाधार विकास गर्दै लैजानुपर्ने टड्कारो आवश्यकता रहेको वस्तुतथ्यलाई यस क्षेत्रमा संलग्न सबैले हृदयंगम गर्नुपर्ने ।

आफ्नो दायित्व निर्वाह गर्न हरसम्भव प्रयास गर्दागर्दै पनि काबूबाहिरको परिस्थिति पर्न गई कार्य सम्पन्न हुन नसक्नु अर्कै स्थिति हो तर यसको लागि प्रयास गरेको समेत पनि नदेखिनुलाई उचित मान्न नसकिने ।

कानूनी व्यवस्थाबमोजिम सम्झौताअनुरूपको दायित्व सारभूतरूपमा पालना नगरेको अवस्थामा कालोसूचीमा राख्ने गरी भएको निर्णय अन्यथा देखिन नआउने

५. बिल्डिङ कन्सल्ट्यान्स प्रा.लि. र आफ्नो तर्फबाट सरोज बस्नेत समेत विरूद्ध नेपाल सरकार, सहरी विकास मन्त्रालय सिंहदरबार, काठमाडौं समेत[२५]

कानूनले व्यवस्था गरेको प्रत्येक कुरा बाध्यात्मक हुन्छ । त्यसमा पनि म्याद सूचना र म्याद तामेल गर्नुपर्ने प्राकृतिक न्यायसम्बन्धी कार्यविधिको व्यवस्था स्वच्छ न्यायको आधारस्तम्भ भएकोले यसमा हुने सामान्य तलमाथि वा विचलन मनासिब हुँदैन । यस मुद्दामा विपक्षीहरूलाई निवेदकहरूको कार्यालय वा घरको ठेगाना थाहा रहेको अवस्थामा सो ठेगानामा सूचना जारी नगरी विपक्षीले नेपाल राष्ट्रिय दैनिक गोरखापत्रमा स्पष्टीकरण पेस गर्नका लागि प्रकाशित गरेको सूचनाबाट प्राकृतिक न्याय सिद्धान्तको परिपालन भएको मान्न नमिल्ने ।

५. इभान्सु इशा विल्डर्स का तर्फबाट अख्तियार प्राप्त व्यक्ति प्रबन्धक निर्देशक विभाकुमारी यादव समेत विरूद्ध सार्वजनिक खरिद अनुगमन कार्यालय समेत[२६]

मिति २०७१।३।३१ मा निवदेकको न्यूनतम भनिएको बोलपत्रलाई स्वीकार नगरी निवेदक भन्दा बढी रकम उल्लेख गर्ने अन्य बोलपत्र दातासँग सम्झौता गर्ने आशयको सार्वजनिक सूचना मिति २०७१।३।३१ मा जारी भएको उपर यी निवेदकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ बमोजिम सार्वजनिक निकायको प्रमुखसमक्ष निवदेन दिएको पनि देखिँदैन । त्रिभुवन विश्वविद्यालयबाट कालो सूचीमा राख्ने भनी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने प्रयोजनको लागि गरेको निर्णयलाई कालो सूची भई राखेको समेत अर्थ गर्न मिल्ने नदेखिने ।

अदालतसमक्ष न्याय माग गरी आउने हरेक पक्षले आफूले गरे बिराएको व्यहोरासमेत खुलाई तथ्य उजागर गरी सो तथ्यहरू बीच आफ्नो कानूनी अधिकारको संरक्षणको माग गर्नुपर्ने हुन्छ । निवेदकले पेस गरेका कर चुक्तासम्बन्धी प्रमाण कागजमा अंक थप भएको तथ्य आफैंले त्रिभुवन विश्वविद्यालयसमक्ष पेस गरेको मिति २०७१।२।१ को पत्र पत्रबाट प्रस्ट हुन्छ, उक्त गलत कागजातको दोष राजस्व कार्यालयमाथि थोपर्ने प्रयत्न गर्न मिल्ने हुँदैन । आफूले प्रचलित कानूनबमोजिम आह्वान गरिएको बोलपत्रमा उल्लेख गरेको विवरण र पेस गरेको कागजातको आधिकारिकताको जिम्मेवारी आफैंले लिनुपर्ने

६. मल्टी डिसिप्लिनरी कन्सल्टेन्ट्स प्रा.लि. को तर्फबाट अधिकारप्राप्त बदन लाल न्याछ्यो विरूद्ध सार्वजनिक खरिद अनुगमन कार्यालय समेत[२७]

राज्यको कुनै निकाय वा अधिकारीले आफ्नो कर्तव्य पालनको सन्दर्भमा कुनै कानूनविपरीतको कार्य भएको देखेमा र सो सम्बन्धमा कारबाही गर्न उक्त निकाय वा अधिकारीलाई क्षेत्राधिकार नभएमा साधिकार निकायमा कानूनी कारबाहीको लागि लेखी पठाउन नमिल्ने भन्ने देखिन आउँदैन तर उक्त सिफारिसलाई मात्र आधार लिई साधिकार निकायले निर्णय वा कारबाही गर्न मिल्ने भने हुँदैन । साधिकार निकायले उक्त निर्णय के कुन तथ्य, प्रमाण र

२५ ने.का.प. २०७१, अंकः ६, निर्णय नं. ९१९०

२६ ने.का.प.२०७४, अंकः २, निर्णय नं. ९७७१

२७ ने.का.प. २०७५, अंकः ६ निर्णय नं. १००२७

कानूनमा आधारित रहेर गरिएको हो भन्ने कुराको जवाफ उक्त निर्णयमार्फत दिनु नै पर्ने हुन्छ । यो मान्यता 'आधार र कारणयुक्त निर्णय (Reasoned Decision) हुनुपर्ने भन्ने प्राकृतिक न्यायको सिद्धान्त (Principle of Natural Justice) अन्तर्गतको सुनुवाइको सिद्धान्त (Theory of Hearing) सँग पनि सम्बन्धीत हुने ।

प्रशासकीय र न्यायिक निकायबाट कुनै व्यक्तिको हकाधिकारमा असर र प्रभाव पर्ने गरी निर्णय गरिन्छ भने त्यस्तो अधिकारीले स्वच्छ कारबाही गरी निर्णयमा पुगेको देखिनु पर्दछ । निर्णयमा यस किसिमको निष्पक्षता र स्वच्छता कायम गर्नको लागि जसका विरूद्ध कानूनी दायित्व बहन गराउने गरी निर्णय गरिन्छ उसलाई आफ्नो दाबी वा भनाइ राख्ने र प्रमाण पेस गर्ने समुचित मौका प्रदान गरिनु पर्दछ भन्ने प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गतको सुनुवाइको सिद्धान्तसँग सम्बन्धीत छ । यसले निर्णय प्रक्रियालाई स्वच्छ (Fair), न्यायिक (Just) र निष्पक्ष (Impartial) बनाउन मद्दत गर्ने हुन्छ । यसैलाई कानूनको उचित प्रक्रिया (Due Process of law) पनि भनिन्छ । कानूनको उचित प्रक्रिया (Due process of law or Procedure established by law) र प्राकृतिक न्याय सिद्धान्तको परिपालना नगरी गरिएका निर्णय उचित नभई मनोगत रूपमा भएको मानिने

निष्कर्षः

कालो सूचीमा राख्ने कार्य प्रशासनिक कार्य हो। बोलपत्रदाता, प्रस्तावदाता, परामर्शदाता, सेवाप्रदायक, आपूर्तिकर्ता, निर्माण व्यवसायी वा अन्य व्यक्ति, फर्म, संस्था वा कम्पनीले गरेको कसूरको आधारमा कालो सूचीमा राख्न सकिन्छ। कालो सूचीमा राख्ने व्यवस्थाले निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदातालाई इमान्दारीपूर्वक जिम्मेवारी वहन गर्न सचेत गराइरहेको हुन्छ। कालो सूचीमा राख्ने निर्णय गर्दा कानूनको उचित प्रकृया पुरा गरी आधार कारण सहितको निर्णय हुनु पर्दछ। मूलतः प्राकृतिक न्यायको सिद्धान्त परिपालना नगरेको आधारमा अदालतबाट कालो सूचीमा राख्ने गरी भएका निर्णयहरु वदर भएका छन।

नेपालको सन्दर्भमा सम्वन्धित सार्वजनिक निकायले कालो सूचीमा राख्न आधार कारण सहित सार्वजनिक खरिद अनुगमन कार्यालयमा पठाउनु पर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०७७।७८ मा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट १०४ वटा खरिदमा ९२ वटालाई कालो सूचीमा राख्ने निर्णय भएको, कालोसूचीमा राखिएका मध्ये १९ वटाले कालो सूची वदरको माग राखि अदालतमा गई १३ वटा खरिदमा ८ वटालाई अन्तरिम आदेश दिएको भनि सार्वजनिक खरिद अनुगमन कार्यालयको २०७७।७८ को वार्षिक प्रतिवेदनमा उल्लेख भएको पाइन्छ[२८]। कालो सूचीमा राख्ने निर्णय अदालतको अन्तरिम आदेशबाट स्थगन भएकोमा पछि फैसला हुँदाका बखत कालो सूचीमा राख्ने निर्णय वदर भएकोमा बाहेक अन्तरिम आदेश खारेज भएमा बाँकी अवधि हिसाव गरी पूर्व निर्णय अनुसारको कालो सूचीमा राख्ने निर्णय कार्यान्वयन हुने व्यवस्था सार्वजनिक खरिद नियमावलीको १२ औ संशोधनले गरेको छ[२९]।

सम्वन्धित सार्वजनिक निकायले कालो सूचीमा राख्न सिफारिस गर्ने निर्णय गर्दा आधार कारण खुलाउन नसक्नु, लामो समयसम्म काम नगर्ने निर्माण व्यवसायी वा आपूर्तिकर्ता वा परामर्शदातालाई सम्झौता उल्लंघन गरेतर्फ कारवाही गर्ने इमान्दारिता सम्वन्धित सार्वजनिक निकायले देखाउन नसकेको वास्तविकता रहेको छ। त्यसैगरी सार्वजनिक खरिद अनुगमन कार्यलयबाट छ महिना भित्र निर्णय गरिसक्नु पर्ने सार्वजनिक खरिद नियमावलीको व्यवस्था विपरित विना आधार छ महिना नघाएर भएका निर्णयहरु अदालतबाट वदर भएका दृष्टान्तहरु धेरै रहेका छन। सार्वजनिक खरिद प्रणालीलाई प्रभावकारी वनाई दिगो विकास गर्न महत्त्वपूर्ण भूमिका रहेको कालो सूचीमा राख्ने कानूनी व्यवस्थाको सम्वन्धित सार्वजनिक निकाय तथा सार्वजनिक खरिद अनुगमन कार्यालयवाट इमान्दारिताकासाथ पालना गर्दै कानूनको उचित प्रकृया पुरा गरेर आधार कारण सहितको निर्णय हुन जरुरी छ।

२८ आर्थिक वर्ष २०७७।७८ को बार्षिक प्रतिवेदन, सार्वजनिक खरिद अनुगमन कार्यालय, पृष्ट ३२

२९ सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १४२क.

बहिर्क्षेत्रीय कसूरको अनुसन्धान र अभियोजन

गोविन्द खनाल[1]

१. बहिर्क्षेत्रीय कसूर (Extra territorial 0ffence)

सिद्धान्तत राज्यको फौजदारी कानूनको प्रभावकारिता राष्ट्रिय सीमा भित्र मात्र रहेको मानिन्छ ।यसलाई प्रादेशिक क्षेत्राधिकार भनिन्छ।तथापि पछिल्ला समयमा प्रादेशिक क्षेत्राधिकारका अपवादका रुपमा अन्य क्षेत्राधिकार सम्बन्धी मान्यता विकास भएको छ ।जस मध्ये बहिर्क्षेत्रीय क्षेत्राधिकार हो ।यस क्षेत्राधिकारमा आफ्नो देशको नागरिकले आफ्नो इलाका भन्दा बाहिर बसी वा बाहिर रहँदा गरेको फौजदारी कसूरमा कसूरको अनुसन्धान र अभियोजन सम्बन्धमा क्षेत्राधिकार प्राप्त गर्दछ।क्षेत्राधिकार सम्बन्धी राष्ट्रियताको सिद्धान्त (Nationality principle) ले आफ्नो देशको नागरिकले आफ्नो मुलुक भन्दा बाहिर अर्थात् विदेशी भूमिमा गरेको फौजदारी कसूरमा पनि क्षेत्राधिकार कायम गर्न सकिने मान्यतालाई स्वीकार गरेको छ।ऐनको बहिर्क्षेत्रीय प्रयोग फौजदारी कानूनको स्वीकृत र स्थापित मान्यता हो।आफ्नो नागरिकले गरेको गम्भीर र जघन्य कसूरको आधारमा कुनै पनि मुलुकले आफ्नो इलाका भन्दा बाहिर भएको फौजदारी कसूरमा अनुसन्धान र अभियोजन गर्ने क्षेत्राधिकार प्राप्त गर्ने हुनाले यो फौजदारी कानूनको बर्हिक्षेत्रीय प्रयोगको अवस्था हो ।

फौजदारी कानूनमा यसप्रकारको क्षेत्राधिकार अन्तर्गत आफ्ना नागरिकले विदेशमा रहँदा आफ्नो राष्ट्रिय कानून अन्तर्गतको फौजदारी अपराध गरेमा त्यस्ता नागरिकलाई राज्यले आफ्नो क्षेत्राधिकारमा नै अपराध भए गरेसरह कारबाही र सजाय समेत गर्दछ । राज्यले आफ्नो नागरिकहरूलाई आफ्नो राष्ट्रिय कानूनलाई परिपालन गर्ने कानूनी दायित्व विदेशमा बस्दा पनि परिपालन गर्नुपर्ने हुन्छ । यसैको आधारमा केही व्यक्तिगत कानूनहरूलाई नागरिकले आफू सँगसँगै जुनसुकै मुलुक गएको भए पनि लिएर गएको मानिन्छ । विश्वका सबै मुलुकमा केही विषयगत कसूरजन्य कार्यमा बहिर्क्षेत्रीय (Extra territorial) अनुसन्धान र अभियोजन गर्ने अभ्यास हुँदै आएको पाइन्छ । नेपालको फौजदारी कानूनले मुख्यतः संगठित अपराध (Organized crime) ,मानव बेचबिखन तथा ओसारपसार (Human trafficking) ,विद्युतीय कसूर (Electronic Offence) ,सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तीय लगानी (Money Laundering and terrorist financing) ,सार्वजनिक भ्रष्टाचार (Public corruption) जस्ता कसूरहरुको अनुसन्धान तथा अभियोजनको क्रममा बहिर्क्षेत्रीय प्रयोगको सिद्धान्तलाई स्वीकार गरी केही अवस्थामा क्षेत्राधिकार ग्रहण गर्ने व्यवस्था गरेको पाइन्छ । मुलुकी अपराध संहिताले नेपाली नागरिकले नेपाली नागरिक विरुद्ध विदेशी भूमिमा गरेका कतिपय कसूरमा बहिर्क्षेत्रीय प्रयोग हुने नयाँ व्यवस्था पनि गरेको छ ।

२. फौजदारी कानूनको क्षेत्राधिकार (Jurisdiction of criminal law)

फौजदारी कानूनको क्षेत्राधिकारलाई यस कानूनमा फौजदारी कानूनको विस्तारलाई वुझिन्छ ।सिद्धान्तत क्षेत्राधिकार सम्बन्धी धारणा राष्ट्रको सार्वभौमिक सिद्धान्तमा आधारित छ ।Territorial jurisdiction को अपवादको रुपमा राज्यको सीमा बाहिर पनि फौजदारी कानूनको क्षेत्राधिकार विस्तार हुने प्रचलन पछिल्लो समयमा विकास भएको हो । फौजदारी कानूनको क्षेत्राधिकारलाई देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

---

१ सहन्यायाधिवक्ता, उच्च सरकारी वकील कार्यालय, धनकुटा

क. विश्वव्यापी क्षेत्राधिकार (Universal Jurisdiction)

विश्वव्यापी क्षेत्राधिकारको आधारमा अपराधी जुनसुकै राष्ट्रको नागरिक भए पनि जुनसुकै पनि राष्ट्रमा आफ्नो क्षेत्राधिकारको प्रयोग गर्न पाउँछ र अधिकारक्षेत्रको प्रयोग गर्न नचाहने राष्ट्रमा अपराधी विधमान रहेमा अपराधीको सुपुर्दगी गर्नुपर्ने हुन्छ[२] ।विश्वव्यापी क्षेत्राधिकार ग्रहण गरेका अन्तराष्ट्रिय महासन्धिहरुमा Un convention against Transnational organized crime 2000, UN convention against corruption 2003 लाई उदाहरणको रुपमा लिन सकिन्छ ।मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ४६ को खण्ड (ट) मा यस सम्बन्धमा व्यवस्था गरेको छ ।विश्वव्यापी क्षेत्राधिकारको व्यवस्था समुद्री डाँका, दास व्यापार, युद्ध अपराध, बायुयान अपहरण जस्ता अन्तराष्ट्रिय अपराधको सम्बन्धमा सन्धिको आधारमा तय गरिएको हुन्छ ।जेनेभा कन्भेन्सन १९४९ ले युद्धबन्दीहरुको सम्बन्ध, गैरसैनिक नागरिक, बिरामी र घाइतेहरुको सुरक्षाको विषयमा अन्तराष्ट्रिय क्षेत्राधिकारको ग्यारेन्टी गरेको छ ।

ख. बर्हिक्षेत्रीय क्षेत्राधिकार (Extra territorial Jurisdiction)

फौजदारी अधिकारक्षेत्रको प्रयोगको सम्बन्धमा समस्या तब उत्पन्न हुन्छ जब अपराध पूर्ण रुपले एउटै राष्ट्रको राज्य क्षेत्रमा घटित नभई एक भन्दा बढी राष्ट्रहरुको राज्यक्षेत्रमा घटित भएको हुन्छ ।राज्य सीमाभित्र र बाहिर गरिएको वा भएको वारदातमा प्रयोग हुने क्षेत्राधिकारलाई वर्हिक्षेत्रीय क्षेत्राधिकार भनिन्छ । सामान्य कानूनको रुपमा रहेको मुलुकी अपराध संहिताको दफा २ मा बर्हिक्षेत्रीय अधिकार सम्बन्धमा कानूनी व्यवस्था गरिएको छ । नेपालमा विशेष ऐनको रुपमा रहेका संगठित अपराध निवारण ऐन, २०७० र मानव बेचविखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ लाई उदाहरणको रुपमा लिन सकिन्छ । यस क्षेत्राधिकारको प्रयोग विस्तार हुनुको विधिशास्त्रीय मान्यता एक देशमा अपराध गरी अर्को देशमा गएर बस्न सक्छन साथै अपराधीहरु पूर्णरुपमै उम्कन सक्ने हुदाँ सर्पुदगी गरेर भएपनि सजाय गर्नु पछे भन्न् हो ।

ग. प्रादेशिक क्षेत्राधिकार (Territorial Jurisdiction)

क्षेत्रीय सर्वोपरिताको आधारमा राष्ट्रले आफ्नो राज्यक्षेत्रमा प्रयोग गर्ने अधिकारक्षेत्रलाई प्रादेशिक क्षेत्राधिकार भनिन्छ ।प्रादेशिक क्षेत्राधिकारको मुख्य आधार राष्ट्रको सार्वभौमसत्ता हो ।यो राज्यको सीमाक्षेत्र भित्र मात्र लागू हुने मान्यता हो । यस सम्बन्धमा दुईवटा सिद्धान्त रहेका छन । Subjective territorial principle अनुसार अपराध सम्बन्धी प्रमुख कार्यहरु जुनसुकै राष्ट्रमा घटित भएपनि क्षेत्राधिकारको प्रयोग त्यस राष्ट्रले गर्न पाउँछ जुन राष्ट्रमा अपराधीको थालनी भएको हो । Objective territorial principle अनुसार अपराधको थालनी जुनसुकै राष्ट्रमा भएपनि र अपराधी जुनसुकै राष्ट्रमा अवस्थित रहेपनि अधिकारक्षेत्रको प्रयोग त्यस राष्ट्रले गर्न पाउँछ जुन राष्ट्रमा अपराधको मुख्य कार्य वा प्रमुख कार्यहरु घटित भएका हुन्छन[3] । मुलुकी फौजदारी कार्यविधि संहिता २०७४ को दफा ४५ मा कुनै कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार त्यस्तो कसूर भएको अदालतलाई हुने छ भनेको छ ।

घ. व्यक्तिगत क्षेत्राधिकार (Personal Jurisdiction)

नागरिकताको आधारमा राष्ट्रले आफ्ना व्यक्तिहरुमाथि प्रयोग गर्ने अधिकारक्षेत्रलाई व्यक्तिगत अधिकारक्षेत्र भनिन्छ ।यस सिद्धान्तको आधारमा आफ्ना नागरिकहरुले विदेशमा रहँदा आफ्नो राष्ट्रिय कानूनको उल्लघंन गरेमा समेत ती नागरिकहरुलाई कारवाही गर्ने अधिकार राज्यलाई रहेको मानिन्छ ।Personal jurisdiction अन्तर्गत

२ डा गोपाल शर्मा, संक्षिप्त अन्तराष्ट्रिय कानून (२०६६) पैरवी प्रकाशन, काठमाडौं, पेज १४९

३ पूर्व पाद टिप्पणी पेज१४८

आफ्नो राज्यका नागरिकहरु, विदेशमा रहेका आफ्ना नागरिकहरु, आफ्नो राज्यमा रहेका विदेशी नागरिकहरु पर्दछन ।उदाहरणको रुपमा मुलुकी अपराध संहिता २०७४ को दफा २ को उपदफा ३ मा रहेका कसूरलाई लिन सकिन्छ ।

३. बहिर्क्षेत्रीय क्षेत्राधिकार प्रयोग हुन सक्ने सामान्य कानून

बहिर्क्षेत्रीय प्रयोगलाई मान्यता दिएको सामान्य कानूनमा मुलुकी अपराध संहिता २०७४ रहेको छ ।

३.१ मुलुकी अपराध संहिता, २०७४

सामान्य कानूनको रुपमा रहेको मुलुकी अपराध संहिताले बहिर्क्षेत्रीय क्षेत्राधिकार प्रयोगबाट दण्डहीनतालाई रोक्ने , नागरिकको संरक्षण गर्ने तथा कसूरदारलाई कानूनको दायरामा ल्याउने उद्देश्यले गरिएको देखिन्छ।[४] मुलुकी अपराध संहिता २०७४ ले निम्न कसूरमा कसैले नेपाल बाहिर गरेको कसूरको सम्बन्धमा नेपालभित्र नै कसूर गरे सरह सजाय हुने व्यवस्था गरेको छ ।[५]

- राज्य विरुद्धको कसूर
  - सार्वभौमसत्ता, अखण्डता वा राष्ट्रिय एकता उपर खलल गर्नु नहुने[६]
  - राजद्रोह सम्बन्धी कसूर[७]
  - राष्ट्रहित प्रतिकूल काम गर्न नहुने कसूर[८]
  - जाती हत्या सम्बन्धी कसूर[९]
  - नेपाल विरुद्ध युद्ध गर्न वा नेपालसँग युद्धमा संलग्न राजयका सेनालाई सहायता गर्ने सम्बन्धी कसूर[१०]
- सैनिक वा प्रहरीलाई भड्काउने सम्बन्धी कसूर[११]
- जासुसीसम्बन्धी कसूर[१२]
- राष्ट्रपति उपर आक्रमण सम्बन्धी कसूर[१३]
- राष्ट्रपति वा संसदलाई धम्की दिने सम्बन्धी कसूर[१४]
- नेपालबाट कुनै व्यक्तिलाई अपहरण वा शरीर बन्धक सम्बन्धी कसूर[१५]
- यातना सम्बन्धी कसूर[१६]
- लिखत किर्ते सम्बन्धी कसूर[१७]
- जालसाजीसम्बन्धी कसूर[१८]

---

४ संजिवराज रेग्मी, (२०७५) "मुलुकी अपराध संहिता, २०७४ को परिचय" लेखबाट, न्याय प्रशासनका आयामहरु, सम्पादन, श्यामकुमार भट्टराई, सोपान मासिक काठमाडौं पृ. १३५ ।

५ मुलुकी अपराध संहिता, २०७४ को दफा २

६ मुलुकी अपराध संहिता, २०७४ को दफा ४९

७ मुलुकी अपराध संहिता, २०७४ को दफा ५०

८ मुलुकी अपराध संहिता, २०७४ को दफा ५१

९ मुलुकी अपराध संहिता, २०७४ को दफा ५२

१० मुलुकी अपराध संहिता, २०७४ को दफा ५३

११ मुलुकी अपराध संहिता, २०७४ को दफा ५५

१२ मुलुकी अपराध संहिता, २०७४ को दफा ५६

१३ मुलुकी अपराध संहिता, २०७४ को दफा ५७

१४ मुलुकी अपराध संहिता, २०७४ को दफा ५८

१५ मुलुकी अपराध संहिता, २०७४ को दफा २११-२१८

१६ मुलुकी अपराध संहिता, २०७४ को दफा १६७

१७ मुलुकी अपराध संहिता, २०७४ को दफा २६७

१८ मुलुकी अपराध संहिता, २०७४ को दफा २७९

- नेपाल भित्र चलनचल्तीमा ल्याउने वा पैठारी गर्ने उद्देश्यले गरेको मुद्रा सम्बन्धी कसूर, टिकट सम्बन्धी कसूर
- नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा आंशिक स्वामित्व वा नियन्त्रणमा रहेको कुनै संगठित संस्थाको कुनै पदीय हैसियतमा कार्यसम्पादन गर्दा गरेको मुलुकी अपराध संहिता अन्तर्गतको कसूर
- कसैले नेपालमा दर्ता भएको वायुयान वा जलयान भित्र मुलुकी अपराध संहिता अन्तर्गतको कुनै कसूर नेपाल बाहिर रहँदाका बखत गरेमा निजलाई त्यस्तो कसूर नेपाल भित्र नै गरेसरह सजाय हुने
- कुनै नेपाली नागरिक वा अन्य कसैले नेपाल बाहिर कुनै नेपाली नागरिक विरुद्ध ज्यान लिएको वा ज्यान लिने उद्योग, दुरुत्साहन वा षड्यन्त्र गरेको कसूर, असहाय व्यक्तिलाई परित्याग गरेको कसूर, अंगभंग गरेको कसूर, अपहरण, शरीर बन्धक वा गैरकानूनी थुनामा राखेको कसूर, जवर्जस्ती करणी वा हाडनाता करणी गरेको कसूर, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण वा अधिकांश स्वामित्व वा नियन्त्रण भएको संगठित संस्था विरुद्ध आपराधिक उपद्रव, आपराधिक लाभ, आपराधिक विश्वासघात, किर्ते, ठगी, डाँका वा सम्पत्तिको आपराधिक उपयोग गरेको कसूर, धर्म परिवर्तन गराउने कसूर, विवाह सम्बन्धी कसूर, नेपालभित्र पैठारी गर्ने उद्देश्यले खाद्य पदार्थ वा औषधीमा मिसावट गरेको कसूर, इलाज सम्बन्धी कसूर र गाली बेइज्जत सम्बन्धी कसूर गरेमा निजलाई नेपालभित्र नै त्यस्तो कसूर गरेसरह मुलुकी देवानी संहिता बमोजिम सजाय हुने व्यवस्था गरेको छ।

मुलुकी अपराध संहिता, २०७४ ले माथि उल्लिखित केही निश्चित कसूरहरुमा[१९] बहिर्क्षेत्रीय प्रयोगलाई कानूनी मान्यता दिएको नयाँ व्यवस्था हो ।

३.२ मुलुकी फौजदारी कार्यविधि संहितामा नेपाल बाहिर भए गरेको कसूरको अनुसन्धान अभियोजन

एक राष्ट्रबाट अर्को राष्ट्रको भौगोलिक क्षेत्राधिकार भित्र घटे घटाएको घटना वारदातको अनुसन्धान गर्ने गराउने कार्य सामान्य र सहजै हुने काम होइन । अनुसन्धानलाई वस्तुनिष्ट, वैज्ञानिक एवम् तथ्यको सत्यता पुष्टि गराउन अनुसन्धानको तरिका, अनुसन्धानकर्मीको योग्यता, दक्षता, अनुभव एवम् वारदात भएको क्षेत्रमा पनि निर्भर रहन्छ ।नेपालका अतिरिक्त विदेशी राज्यमा भएको अनुसन्धानलाई वैधानिकता दिने कार्य पनि पेचिलो विषय हो। नेपालमा केही विशेष ऐन र पछिल्लो समयमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ३० ले नेपाल बाहिर भए गरेको कसूरको अनुसन्धानलाई व्यवस्थित गरेको छ ।

- नेपाल बाहिर भए गरेको कसूरको सम्बन्धमा नेपालको अदालतमा मुद्दा चल्ने कानूनी व्यवस्था भएमा यस मुलुकी अपराध संहितामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको रीत पुर्‍याई भएको त्यस्तो कसूरको अनुसन्धान यसै संहिता बमोजिम रीतपूर्वक भए गरेको मानिनेछ[२०] :

(क) नेपालका अदालतमा मुद्दा चल्न सक्ने फौजदारी कसूरको अनुसन्धान एक अर्का मुलुकमा अधिकार प्राप्त अनुसन्धान अधिकारीबाट हुन सक्ने गरी कुनै मुलुकसँग कुनै सन्धि भएको रहेछ भने त्यस्तो सन्धिको व्यवस्था बमोजिम भएको अनुसन्धान,

१९ मुलुकी अपराध संहिता, २०७४ कव दफा २ ।

२० मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ की दफा ३० (१)

(ख) खण्ड (क) बमोजिमको सन्धि भएको रहेनछ भने कुटनैतिक माध्यम मार्फत कसूर भएको मुलुकको अनुमति प्राप्त गरी त्यतो मुलुकको अधिकार प्राप्त अधिकारीको सहयोगमा नेपाल सरकारले तोकेको अनुसन्धान अधिकारीले गरेको अनुसन्धान ,

(ग) खण्ड (क) वा (ख) बमोजिम अनुसन्धान हुन सक्ने अवस्था रहेनछ भने जुन मुलुकमा कसूर भएको हो सोही मुलुकको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान,

(घ) खण्ड (ग) बमोजिम पनि सम्भव नभएको अवस्थामा जुन इलाकामा अभियुक्त फेला परेको छ सोही इलाकामा वा अभियुक्त फेला नपरेकोमा निजको स्थायी बसोबास भएको इलाकाको अधिकार प्राप्त अनुसन्धान अधिकारीले गरेको अनुसन्धान ।

- अनुसन्धानको प्रतिवेदन वा त्यससँग सम्बन्धीत लिखतहरु नेपाली भाषा बाहेकको अन्य भाषामा भएका रहेछन् भने त्यस्ता लिखतको नेपाली भाषामा प्रामाणिक अनुवाद गरी अदालतमा पेश गर्नु पर्नेछ ।
- अनुसन्धानबाट कुनै व्यक्ति उपर मुद्दा दायर गर्नु पर्ने देखिएमा सम्बन्धीत सरकारी वकीलले अभियोगपत्र तयार गरी अदालतमा मुद्दा दायर गर्नेछ ।

४. बहिर्क्षेत्रीय क्षेत्राधिकार प्रयोग हुन सक्ने विशेष फौजदारी कानूनहरु

बहिर्क्षेत्रीय क्षेत्राधिकार प्रयोग भएका विशेष फौजदारी कानूनहरुमा हुलाक ऐन, २०१९, विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९, राजश्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२, भ्रष्टाचार निवारण ऐन, २०५९, वैदेशिक रोजगार ऐन, २०६४, सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ्ग) निवारण ऐन, २०६४, बैंकिङ कसूर तथा सजाय ऐन, २०६४, जातीय तथा अन्य सामाजिक छुवाछूत तथा भेदभाव (कसूर र सजाय)ऐन, २०६८, संगठित अपराध निवारण ऐन, २०७० र संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को दफा १ को उपदफा (२), विद्युतीय (इलेक्ट्रोनिक) कारोवार ऐन, २०६३ र मानव वेचविखत तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १ को उपदफा (३) तथा लागू औषध (नियन्त्रण) ऐन,२०३३ को दफा २ ले व्यवस्था गरेका छन्। उल्लिखित विशेष कानूनहरु मध्ये देहायका कानूनहरुको सामान्य जानकारी सहित बहिर्क्षेत्रीय क्षेत्राधिकारको बारेमा विवेचना गरिएको छ ।

४.१ संगठित अपराध निवारण ऐन, २०७०

संगठित अपराध (Organizational Crime) को परिचय

यो फौजदारी अपराधको Postmodern concept हो । संगठित अपराध दुई वा दुई भन्दा बढी व्यक्तिहरूले संगठित रूपमा सञ्चालन गरेका त्यस्ता गैरकानूनी गतिविधिहरू हुन्, जसको सञ्चालनबाट उनीहरूले मुनाफा आर्जन गर्ने उद्देश्य राखेका हुन्छन् र यस्ता गतिविधिहरू राष्ट्रिय वा अन्तर्राष्ट्रिय दुवै स्तरमा भएका हुन सक्छन् । वर्तमानमा संगठित अपराध सबैभन्दा प्रचलित नाम भए पनि यसलाई Professional crime, criminals careers, planned crime, Gang crimes, underworld crime, कहिलेकाहीं त Private government of the criminals भन्नेसमेत गरेको पाइन्छ । कुनै पनि अपराध सुदृढ किसिमले वा व्यवस्थित तवरले संगठनात्मक रूपमा घटित हुन्छ भने त्यसलाई संगठित अपराध

भनिन्छ । संगठित अपराध व्यावसायिक रूपमा अपराधीहरूको समूहद्वारा लाभको उद्देश्यले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा घटाउने गम्भीर किसिमका गैरकानूनी कार्य हो । यसले राज्यको सीमा नाघेर अन्तर्राष्ट्रिय शान्ति सुरक्षामा गम्भीर चुनौती दिई रहेको छ । यो मानव अधिकार र व्यक्तिको मौलिक हकमा ठूलो खतरा हो । फौजदारी न्याय प्रणालीमा यसले विभिन्न किसिमका समस्याहरू खडा गरिरहेको छ ।

संगठित अपराधका लक्षणहरू

- निरन्तर अपराध

- गैरकानूनी दबाब
- संगठनमा केन्द्रीकरण
- आवश्यक सम्बन्धको विकास
- दुई वा दुईभन्दा बढी सदस्य
- श्रेणीबद्ध व्यवस्था
- अपराधको विशेषीकरण
- नियोजित अपराध
- संगठनको नेतृत्व
- गोपनीयताको रक्षा
- उच्च पदस्थ व्यक्तिको संरक्षण ।

संगठित अपराध निवारण ऐन, २०७० को दफा २ को उपदफा (६) अनुसार संगठित अपराध भन्नाले परिच्छेद २ बमोजिम अपराध सम्झनु पर्दछ भन्ने उल्लेख छ । परिच्छेद २ मा संगठित अपराध सबन्धी व्यवस्था गरेको छ ।

- कसैले संगठित अपराध गर्न वा गराउन हुँदैन ।
- कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानीजानी कुनै गम्भीर अपराध गरेमा निजले संगठित अपराध गरेको मानिन्छ ।देहायको कसूरलाई गम्भीर अपराध मानेको छ

– प्रचलित कानूनबमोजिम तीन वर्ष भन्दा बढी कैद सजाय हुने कसूर

– परिच्छेद ३ को कसूर (आपराधिक समूह स्थापना गर्न नहुने, न्यायिक कारबाहीमा अवरोध गर्न नहुने, विध्वंसात्मक कार्य गर्न नहुने, आपराधिक लाभ लिन नहुने)

- कसैले कुनै आपराधिक समूहलाई संगठित अपराध गर्न वा संगठित अपराध गर्न सघाउ पुर्‍याउन कुनै काम जानी जानी गरी वा नगरी सो समूहको काम कारबाहीमा सहभागी हुने वा सघाउ पुर्‍याउने वा सञ्चार साधन वा सूचना प्रविधि उपलब्ध गराउने वा आर्थिक सहयोग गर्ने वा कुनै साधन उपलब्ध गराउने वा संगठित अपराध गर्ने व्यक्तिलाई आश्रय दिने, लुकाउने वा भगाउने कार्य गर्न वा गराउन हुँदैन ।
- संगठित अपराधको तयारी, उद्योग, षड्यन्त्र गर्न वा दुरुत्साहन दिन वा मतियार हुन नहुने ।

अन्तराष्ट्रिय प्रयास

- Single convention on Narcotics drugs - 1961
- International Narcotics control board गठन
- SAARC convention on Narcotics drug and psychotropic substances 1990, OAS, ASEAN
- United convention against transnational organized crime 2ooo

संगठित अपराध निवारण ऐनमा बहिर्क्षेत्रीय क्षेत्राधिकारको प्रयोग

यस ऐनको दफा १ को उपदफा (२) ले यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर रही बसी नेपाल वा नेपाली नागरिक विरुद्ध संगठित अपराध गर्ने व्यक्तिको हकमा समेत लागू हुनेछ भनी बहिर्क्षेत्रीय क्षेत्रधिकारलाई स्वीकार गरेको छ । साथै यो ऐनले राहदानी रोक्का राख्न सक्ने उल्लेख गरी दफा ३९ ले संगठित अपराध सम्बन्धी मुद्दामा विदेशी मुलुकको अदालत वा सो मुलुकको आधिकारिक निकायबाट संकलन गरिएको वा परीक्षण गरिएको सबुत प्रमाणलाई अदालतले प्रमाणमा लिन सक्ने व्यवस्था गरेको छ। ऐनको दफा ५२ ले फरार रहेको व्यक्तिको सम्बन्धमा विशेष व्यवस्था गरेको छ। फरार व्यक्ति नेपाल बाहिर रही बसेको जानकारी प्राप्त हुन आएमा वा नेपाल सरकार पक्ष रहेको सन्धि वा प्रचलित कानून बमोजिम सपुर्दगी गर्न सकिने व्यवस्था रहेछ भने सो सम्बन्धी

कारवाही र त्यस्तो अवस्था नभएमा कसूरको गम्भीरता हेरी निजलाई पक्राउ गर्न कुटनीतिक माध्यम मार्फत सम्बन्धीत मुलुक वा सम्बद्द अन्तराष्ट्रिय संस्थालाई अनुरोध गर्न सकिने व्यवस्था गरेको छ। संगठित अपराधको मुद्दा सरकार वादी हुने र अनुसन्धानको क्रममा प्रमाण बुझ्ने ,फरार व्यक्ति पक्राउ गर्ने र अभियोग लगाउने सम्बन्धमा बहिर्क्षेत्रिय क्षेत्राधिकारको अभ्यास गरेको छ।

४.२ सम्पत्ति शुद्धीकरण (Money laundering) निवारण ऐन, २०६४

सम्पत्ति शुद्धीकरणको परिचय

पछिल्ला दिनहरुमा Money laundering को प्रयोग संगठित अपराधका रूपमा वित्तीय क्रियाकलापमा लगानीका रुपमा समेत देखा परेको छ। सम्पत्ति शुद्धीकरण Financial Intelligence भित्रको अन्तर्राष्ट्रियस्तरको अपराध बन्न पुगेको छ। स्रोत नखुलेको, अवैध तरिकाले आर्जन गरिएको, करको दायरा नसमेटिएको कुनै आपराधिक कार्यबाट आर्जन गरिएको कालो सम्पत्तिलाई सेतो बनाई, बैधता पाउन व्यक्ति, समूह वा संगठनले अपनाउने कृत्रिम तरिका वा प्रक्रिया नै सम्पत्ति शुद्धीकरण हो। सम्पत्ति शुद्धीकरणको माध्यमले अवैध सम्पत्तिलाई क्रमशः स्थापित, एकीकृत र कारोबारयुक्त बनाइन्छ। आपराधिक क्रियाकलापबाट आर्जित सम्पत्तिलाई वास्तविक स्रोत लुकाई कानूनी स्रोतबाट नै कमाएको जस्तो देखिने गरी अवैध सम्पत्तिलाई वैधमा रूपान्तरण गर्नु हो। यो अपराधमा विशेष गरी सम्पत्तिको वास्तविक स्रोत, प्रकृति र स्वामित्व परिवर्तन गरेर गैरकानूनी सम्पत्तिलाई कानूनी आवरण दिइन्छ। समाज र कानूनबाट बच्न अवैध तरिकाले कमाएको सम्पत्तिलाई वैधता दिन त्यस्तो सम्पत्तिलाई स्रोत देखाउन मिल्ने गरी अन्य कुनै वैध रोजगार वा पेसामा समावेश गराएर सम्पत्ति शुद्धीकरण गरिन्छ।

सम्पत्ति शुद्धीकरण गर्ने तरिका

- अचल सम्पत्तिको खरिद बिक्री गर्ने,
- गैरकानूनी सम्पत्तिलाई कानूनी सम्पत्तिमा मिसाउने,
- वित्तीय संस्थाहरूको प्रयोग गर्ने,
- बहुमूल्य वस्तुहरूको खरिद बिक्री गर्ने,
- क्यासिनो प्रयोग गर्ने,
- तस्करी गर्ने,
- सरकारी नीति (स्वैच्छिक कर घोषणा) गर्ने,
- सेयर बिक्री गर्ने,
- बैंकमा जम्मा (स्वदेशी तथा विदेशी) गर्ने,
- ठेक्कापट्टाबाट भएको आय देखाउने,
- उद्योगधन्दामा लगानी गर्ने आदि ।

सम्पत्ति शुद्धीकरणका चरणहरू

सम्पत्ति शुद्धीकरण गर्ने तरिका देशको नीति, कानून र व्यवस्था अनुसार फरक फरक हुन्छ । सम्पत्ति शुद्धीकरण गर्न अवैध धनलाई क्रमिक रूपमा वैध बनाउन कानून बमोजिम संस्थापित गरिएका संस्थाको प्रयोग गरिन्छ । कालो धन आर्जन गर्न लागूऔषध, अवैध हातहतियार, महिला बेचबिखन तथा ओसारपसार, वेश्यावृत्ति र ओखेटोपहार लगायतका अवैध धन्दाबाट कमाएको सम्पत्तिलाई देखाउन मात्र प्रयोग गरिएको संस्थाबाट कमाएको हुने बनाइन्छ । समग्रमा सम्पत्ति शुद्धीकरणलाई तीन चरणबाट हेर्न सकिन्छ ।

(क) स्थानीयकरण (Placement)

- अवैध धनलाई विभिन्न आर्थिक क्रियाकलापमा लगानी गर्ने,
- घरजग्गा खरिद गर्ने,
- वित्तीय संस्थाहरुको सेयर खरिद
- मुद्रा परिवर्तन गर्ने,
- मूल्यवान भौतिक चीजवस्तु खरिद

(ख) तह सृजना (Layering) गर्ने

- सम्पत्तिको अवैध स्रोत ढाकछोप गर्ने
- सेयर, ट्राभल चेक, गलत कागजको सिर्जना गर्ने
- एक पटक किनेकोलाई सम्पत्ति पुनः बिक्री गर्ने आदि ।

(ग) एकीकृत गर्ने (Integration) गर्ने

- वैध र अवैध स्रोतबाट प्राप्त सम्पत्ति एकीकृत गर्ने

सम्पत्ति शुद्धीकरणको सम्बन्धमा अन्तर्राष्ट्रिय प्रयासहरू

UN convention against illicit traffic in Narcotic Drugs and Psychotropic substance 1998. यस महासन्धिको धारा ७ ले सम्पत्ति शुद्धीकरणमा जोड दिएको छ । पारस्परिक कानूनी सहयोग प्रदान गर्ने, द्विपक्षीय, बहुपक्षीय सन्धि सम्झौता गर्ने व्यवस्थासमेत महासन्धिले गरेको छ । सेप्टेम्बर ११ को अमेरिकी आक्रमणपछि सुरक्षा परिषद्ले प्रस्ताव नं. १३७३ पारित गरी सबै सदस्य राष्ट्रहरूलाई आतंकवाद सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौतालाई अनुमोदन गरी लागू गर्न आह्वान गरेको छ ।भ्रष्टाचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि, २००३ मेक्सिकोको मेरिडामा सम्पन्न २००३ डिसेम्वर ११ मा भएको थियो । महासन्धिको प्रस्तावना र धारा–१४ ले सम्पत्ति शुद्धीकरणको सम्बन्धमा उल्लेख गरेको छ ।

प्रत्येक राज्य पक्षले (क) मुद्रा र मूल्यको प्रसार गर्नका लागि औपचारिक र अनौपचारिक सेवा प्रदान गर्ने प्राकृतिक वा कानूनी व्यक्तिहरू र सबै किसिमका सम्पत्ति शुद्धीकरण कार्यलाई दुरुत्साहित गर्न र पत्ता लगाउनका लागि आफ्नो कार्यक्षेत्रभित्र आवश्यकताअनुरूप, खासगरी सम्पत्ति शुद्धीकरणसँग संवेदनशीलता राख्ने अन्य निकायहरू, लगायत बैंक र गैरबैंकजन्य वित्तीय संस्थाहरूका लागि समग्र प्रकृतिको आन्तरिक नियमन र सुपरिवेक्षण गर्ने पद्धति स्थापना गर्नेछन्, त्यस्तो पद्धतिले उपभोक्ताका आवश्यकता र उपयुक्तता अनुरूप, लाभ प्राप्त गर्ने, धनीको पहिचान गर्ने, अभिलेख राख्ने र शंकास्पद कारोबारहरूको सूचना दिने कार्यलाई बढावा दिनेछ । (ख) यस महासन्धिको धारा ४६ को प्रतिकूल नहुने गरी, सम्पत्ति शुद्धीकरणको प्रतिरोध गर्न प्रतिबद्ध रहेका प्रशासनिक, नियामक, कानून कार्यान्वयन गर्ने र अन्य निकायहरूसँग (आफ्नो मुलुकको कानून बमोजिम उपयुक्तता अनुसार न्यायिक निकायहरू समेत) आफ्नो मुलुकको कानूनद्वारा व्यवस्था गरिएका सर्तहरू भित्र रही राष्ट्रिय र अन्तर्राष्ट्रिय तहमा सहयोग गर्ने र सूचना आदानप्रदान गर्ने क्षमता सुनिश्चित गर्नेछन् र त्यस उद्देश्यका लागि सम्भावित सम्पत्ति शुद्धीकरणसँग सम्बन्धीत सूचना संकलन गर्ने, विश्लेषण गर्ने र प्रवाहित गर्ने र राष्ट्रिय केन्द्रको रूपमा कार्य गर्न वित्तीय निगरानी एकाइ स्थापना गर्नुपर्ने व्यवस्था गरेको छ।

राज्य पक्षहरूले वैध पुँजीको ओहोर–दोहोरमा कुनै पनि किसिमले अवरोध नगर्ने गरी र सूचनाको समुचित प्रयोगलाई सुनिश्चित गर्ने सुरक्षा व्यवस्थाहरूको अधीनमा रही, आफ्ना सीमाहरूभित्र नगद र समुचित विनियोजन अधिकारपत्रको ओहोरदोहोर पत्ता लगाउने र निगरानी गर्ने सम्भाव्य उपायहरू लागू गर्न विचार गर्नेछन्।यस्तो उपाय अन्तर्गत व्यक्ति तथा व्यवसायहरूले उल्लेखनीय परिमाणमा नगद र समुचित विनियोजनपत्रहरूको हुने सीमा वारपार स्थानान्तरणको बारेमा सूचना दिनुपर्ने कुरा पर्न सक्ने व्यवस्था गरेको छ। राज्य पक्षहरूले मुद्रा विप्रेषक लगायतका वित्तीय संस्थाहरूको लागि आवश्यक पर्ने उपयुक्त र सम्भाव्य उपायहरू अवलम्बन गर्न निम्नानुसार विचार गर्ने व्यवस्था गरेको छ।जसमा

- विद्युतीय माध्यमबाट रकम कलम स्थानान्तरण गर्न सम्बन्धीत फर्ममा उद्गमकर्ताबाट एकदमै सही र सारभूत सूचना एवं सम्बन्धीत जानकारीहरू समावेश गर्नुपर्ने,
- भुक्तानीका शृंखलाबद्ध तहभरि नै यस्ता सूचना कायम राख्ने
- सम्पूर्ण सूचना प्राप्त नभएका उद्गमकर्ताबाट रकम कलम स्थानान्तरण भएकोमा बढी सतर्कता अपनाउने ।

यस महासन्धिका अन्य धाराहरूको प्रतिकूल नहुने गरी आन्तरिक रूपमा नियामक र सुपरिवेक्षणीय प्रणाली स्थापना गर्ने क्रममा राज्य पक्षहरूलाई सम्पत्ति शुद्धीकरणविरुद्ध कार्यरत क्षेत्रीय, अन्तरक्षेत्रीय र बहुपक्षीय संगठनहरूका

सम्बद्ध प्रयासहरूलाई मार्गदर्शनको रूपमा प्रयोग गर्न आह्वान गरिन्छ । राज्य पक्षहरूले सम्पत्ति शुद्धीकरणको प्रतिरोधका लागि न्यायिक, कानून कार्यान्वयन र वित्तीय नियामक निकायहरू बीच विश्वव्यापी, क्षेत्रीय, उपक्षेत्रीय र द्विपक्षीय सहयोगको विकास र प्रवर्द्धन गर्न प्रयास गर्ने व्यवस्था गरेको छ । सम्पत्ति शुद्धीकरण सम्बन्धी अन्तराष्ट्रिय महासन्धिले बहिर्क्षेत्रीय क्षेत्राधिकारको प्रयोगमा सहयोग र समन्वयमा जोड दिएको छ ।

सम्पत्ति शुद्धीकरण ऐनमा बहिर्क्षेत्रीय क्षेत्राधिकारको प्रयोग

यस ऐनको दफा १ को उपदफा २ मा यो ऐन नेपाल भर लागू हुनेछ र सम्पत्ति तथा आतङ्कवादी कृयाकलापमा वित्तीय लगानी सम्बन्धी कसूर गर्ने नेपाल भित्र वा नेपाल बाहिर जहाँसुकै रहे बसेको व्यक्ति समेतलाई लागू हुनेछ भनी उल्लेख छ । यस आधारमा के वुझिन्छ भने यसको क्षेत्राधिकार नेपाल बाहिर पनि हुने कुरामा स्पष्ट दिशानिर्देश गरेको छ । साथै सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तिय लगानी सम्बन्धी कसूर गर्ने व्यक्ति नेपाल भित्र र नेपाल बाहिर जहाँसुकै रहे बसेको भए पनि सम्पत्ति शुद्धीकरण ऐनको दफा २ बमोजिम बहिर्क्षेत्रीय क्षेत्राधिकार लागू हुने उल्लेख छ। यस ऐनले सन् 1999 मा सम्पन्न भएको आतंकवादमा वित्तीय लगानीको दमन सम्बन्धी महासन्धी ,सन् 1963 मा सम्पन्न भएको वायुयान भित्र भएका कसूर तथा अन्य केही कार्य सम्बन्धी टोकियो महासन्धि ,सन् 1987 मा सम्पन्न भएको आतंकवादको दमन सम्बन्धी सार्क क्षेत्रिय महासन्धि अन्तर्गतका कसूर आतंकवाद पर्ने उल्लेख छ। यस ऐनले विदेशी उच्च पदस्थ व्यक्तिलाई समेत क्षेत्राधिकारमा समेटेको छ। साथै*सीमापार करेस्पोण्डिङ्ग बैंकिङ सम्बन्ध* सम्बन्धी विषय भित्र वित्तिय संस्थाको पहिचान ,जानकारी लिने व्यवस्था गरेको छ। सम्पत्ति शुद्धीकरण तथा आतंकवादी क्रियाकलापमा वित्तीय लगानी सम्बन्धी कसूरको अनुसन्धान गर्दा सम्पत्ति रोक्का राख्न वा नियन्त्रणमा लिनु पर्ने देखिए कसूरबाट प्राप्त सम्पत्ति वा कसूरसँग सम्बन्धीत साधन विदेशमा भएको देखिएमा सम्पत्ति शुद्दिकरण अनुसन्धान विभागले त्यस्तो व्यक्तिको सम्पत्ति रोक्का राख्न वा नियन्त्रणमा लिन सम्बन्धीत मुलुकमा प्रचलित कानून बमोजिम तत्काल लेखी पठाउने छ। यस ऐनले राहदानी वा ट्राभल डकुमेन्ट रोक्का राख्न सक्ने अधिकार समेत रहेको छ।

४.३ भ्रष्टाचार निवारण ऐन, २०५९

भ्रष्टाचारको परिचय

आजको एक्काइसौं शताब्दीको समयमा भ्रष्टाचारलाई सार्वजनिक अपराधीको कसीमा राखिनु पर्छ लोकतान्त्रिक राजनीतिक व्यवस्थाको मुख्य गुण सुशासन हो भने सुशासनको प्रमुख तत्व भनेको भ्रष्टाचारमुक्त समाज हो। यसमा निर्वाचित, मनोनीत र नियुक्त पदाधिकारी देखि लिएर समाजको हरपक्षको प्रतिनिधित्व गर्नेहरूबाट सदाचारको उपेक्षा गरिन्छ। भ्रष्टाचारलाई सामान्य अपराधका रूपमा नहेरी पूरै समाजले यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्दै जान आवश्यक छ। लोकतन्त्रमा जनता नै सर्वोपरी हुने सत्यलाई स्वीकारेर व्याप्त भ्रष्टाचारलाई न्यूनीकरण गर्नु जननिर्वाचित सरकारको दायित्व हो। सरकारले समन्वयात्मक पद्धति अवलम्बनद्वारा भ्रष्टाचार सम्बन्धमा भएको जनगुनासोलाई दृष्टिगत गरी न्यूनीकरण गर्न आवश्यक कानूनी, संगठनात्मक तथा प्रक्रियागत सुधार आवश्यक छ। सर्वसाधारणको सुख, शान्ति र आर्थिक हितका निमित्त समाजमा आर्थिक अनुशासन, नैतिकता र सदाचार कायम राख्न भ्रष्टाचार निवारणका सम्बन्धमा समयानुकूल कानूनी व्यवस्था गर्न भ्रष्टाचार निवारण ऐन आएको हो।

भ्रष्टाचार नियन्त्रणका लागि संयुक्त राष्ट्रसंघको प्रयास

भ्रष्टाचार नियन्त्रणका लागि भएका क्षेत्रीय प्रयासलाई अन्तर्राष्ट्रियस्तरमा विस्तार गर्न संयुक्त राष्ट्रसंघमार्फत् सन् १९९६ मा दुई वटा महत्वपूर्ण लिखतहरू International Code of Conduct for public Officials / United National Declaration Against Corruption and Bribery in International Commercial Transaction जारी गरेको थियो। पहिलो आचारसंहिता सार्वजनिक पदाधिकारीप्रति र दोस्रो घोषणापत्र सार्वजनिक तथा निजी दुवै क्षेत्रसँग सम्बन्धीत थिए ।

संयुक्त राष्ट्रसंघद्वारा भ्रष्टाचार विरुद्धको बाध्यात्मक प्रकृतिको अन्तर्राष्ट्रिय लिखत निर्माणका क्रममा सन् २००० मा United Nations Convention Against Transitional Organized Crime पारित भयो। यसले सम्पत्ति शुद्धीकरण तथा भ्रष्टाचार नियन्त्रण लगायतका सांगठनिक अपराधको नियन्त्रणको सम्बन्धमा व्यवस्था गरेको थियो। पुनः भ्रष्टाचार नियन्त्रणलाई अझ प्रभावकारी र व्यापक प्रावधान राखी अन्तर्राष्ट्रिय लिखतको आवश्यकता महसुस गरी संयुक्त

राष्ट्रसंघको ५८ औं महासभाले भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि United Nations Convention Against Corruptions लाई 31 oct, 2003 मा पारित गरेको थियो यो महासन्धिलाई United Nations का सबै सदस्य राष्ट्रलाई हस्ताक्षरका लागि खुला राखिएअनुसार १५ डिसेम्बर २००५ देखि लागू भएको छ। UN को महासभाद्वारा पारित प्रस्तावअनुसार प्रत्येक वर्ष डिसेम्बर ८ तारिखका दिनलाई भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवसका रूपमा मनाउने गरिन्छ। यो महासन्धिको पक्षमा नेपाल सरकारले हस्ताक्षर गरिसकेको छ। यस महासन्धिको धारा–१ मा निम्न उद्देश्य गरिएको छ

(क) भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध सम्बन्धी उपायहरू अझ दक्षतापूर्वक प्रभावकारी रूपमा विकसित र सुदृढ गर्ने ।

(ख) भ्रष्टाचार निवारण तथा त्यसको प्रतिरोध लगायत सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा अन्तर्राष्ट्रिय सहयोग र प्राविधिक सहायताको अभिवृद्धि, सहजीकरण र समर्थन गर्ने ।

(ग) इमान्दारिता, जवाफदेहिता तथा सार्वजनिक कार्य र सार्वजनिक सम्पत्तिको उचित व्यवस्थापन र जिम्मेवारी अभिवृद्धि गर्ने ।

भ्रष्टाचार नियन्त्रण गर्न कुनै एक प्रकारको उपायमात्र पर्याप्त नहुँदा विभिन्न उपायहरूलाई समष्टिगत रूपमा प्रयोग गर्नुपर्छ भन्दै महासन्धिले निम्न कार्य क्षेत्र समेटेको छ

(क) निवारणात्मक उपायहरू अपनाउने (Preventive measures)

(ख) भ्रष्टाचारजन्य कार्यलाई अपराधीकरण गर्ने (Criminalization)

(ग) अन्तर्राष्ट्रिय सहयोगको आदानप्रदान गर्ने (International cooperation)

(घ) भ्रष्टाचारजन्य सम्पत्ति विदेशबाट फिर्ता ल्याउने र फिर्ता दिने सम्बन्धी (Assets recovery)

(ङ) प्राविधिक सहयोग र सूचनाको आदानप्रदान गर्ने (Technical assistance) कार्य क्षेत्रलाई समेटिएको देखिन्छ। भ्रष्टाचार निवारणका क्रममा ट्रान्सपरेन्सी इन्टरनेसनल, संयुक्त राष्ट्रसंघ विकास कार्यक्रम र विश्वबैंक आदि संस्थाले समेत एक्लो र संयुक्त प्रयास जारी राखेका छन्।

भ्रष्टाचार निवारण ऐनमा बहिर्क्षेत्रीय क्षेत्राधिकारको प्रयोग

भ्रष्टाचार निवारण ऐनको दफा १को उपदफा) २ (ले यो ऐन नेपालभर लागू हुनेछ र नेपाल वाहिर जहाँसुकै रहे बसेका नेपाली नागरिक ,राष्ट्र सेवक र यस ऐन अन्तर्गत भ्रष्टाचार गरेको मानिस कुनै काम गरी विदेशमा बस्ने गैरनेपाली नागरिक समेतलाई समेटेको छ। यसको पछाडिको कारण सार्वजनिक सम्पत्ति दुरुपयोग गरी विदेशमा फरार भए भनि अनुसन्धान तथा अभियोजन गरी कारवाही गर्न सक्ने व्यवस्था गरेको छ। यो ऐनले व्यक्तिको राहदानी जारी नगर्न वा रोक्का राख्न सक्ने ,विदेशी व्यक्तिको सम्पत्ति रोक्का राख्न आदेश दिन सक्ने व्यवस्था छ। तसर्थ यो ऐनलाई के कसरी विदेशमा रहेका व्यक्तिको अनुसन्धान र अभियोजन गर्ने भन्ने स्पष्ट व्यवस्था नगरेता पनि बहिर्क्षेत्रीय कसूरलाई स्वीकार गरेको छ। क्षेत्राधिकारको दायरालाई फराकिलो बनाएको छ।

४.४ विधुतीय कसूर (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी ऐन २०६३

विधुतीय कसूर परिचय

Computer र Internet मार्फत गरिने आपराधिक क्रियाकलापलाई साइबर अपराधको रुपमा बुझिन्छ। Cyber crime र computer crime सामान्यतया एकै अर्थमा बुझिन्छ। Cyber crime भन्नाले Cyber space को ज्ञानको प्रयोग गरी गरिने अपराधलाई बुझिन्छ। कम्प्युटरलाई माध्यम बनाई गरिने आपराधिक क्रियाकलाप कम्प्युटरलाई नै लक्षित गरी गरिने आपराधिक क्रियाकलाप जसमा Computer system मा अनाधिकृत पहुँच पुऱ्याई सेवा प्रयोगमा प्रतिबन्ध लगाउने कार्य, Data लाई नष्ट गर्ने काम, E-mail सँग सम्बन्धीत अपराध जसलाई विशुद्ध साईबर अपाराधको रुपमा लिइन्छ।

अन्तर्राष्ट्रिय प्रयास

संगठित आपराधिक समूहको संलग्नताको कारण यो अपराधको प्रकृति अन्तरदेशीय हुँदै गइरहेको अवस्थामा संयुक्त राष्ट्रसंघबाट समग्र विषयवस्तुलाई समेट्ने गरी अन्तर्राष्ट्रिय महासन्धिको कार्य हालसम्म हुन सकेको

छैन। European union ले यस सम्बन्धमा सन् २००१ मा Convention on cyber crime नामक महासन्धि सन् २००४ देखि लागू गरेको अवस्था छ। जसले निम्न अपराधलाई Cyber crime अन्तर्गत समावेश गरेको छ।[२१]

(क) कम्प्युटर तथ्यांक र प्रणालीको उपलब्धता, गोपनीयता र अखण्डताविरुद्धको अपराध
- गैरकानूनी पहुँच
- गैरकानूनी रोकावट
- तथ्यांकीय हस्तक्षेप
- प्रणालीमा हस्तक्षेप
- उपकरणमा हस्तक्षेप

(ख) कम्प्युटरसँग सम्बन्धीत अपराध
- कम्प्युटर जालसाजी
- कम्प्युटर ठगी

(ग) विषयबस्तुसँग सम्बन्धीत अपराध
- अश्लील चित्र प्रदर्शन

(घ) कपिराइट सम्बन्धी अधिकारको उल्लंघनसँग सम्बन्धीत अपराधलाई समावेश गरेको छ ।

नेपालमा विद्युतीय (इलेक्ट्रोनिक) कारोवार सम्बन्धी ऐन, २०६३ रहेको छ ।

विधुतीय कारोवार सम्बन्धी कसूरमा वर्हिक्षेत्री क्षेत्राधिकारको प्रयोग

विद्युतीय) इलेक्ट्रोनिक (कारोवार सम्बन्धी ऐनको दफा १ को उपदफा) ३ (मा यो ऐन नेपाल राज्यभर लागू हुनेछ र यो ऐनको उल्लघंन गरी कसूर गर्ने जहाँसुकै रहे बसेको व्यक्ति समेतलाई लागू हुने भनेको छ। यस सम्बन्धी व्यवस्था नेपाल बाहिर रहेवसे पनि क्षेत्राधिकर ग्रहण गर्न सक्ने देखिन्छ। यस ऐन बमोजिमको कसूरको प्रकृति नै बहिर्क्षेत्रीय हुन्छ। विद्युतीय) इलेक्ट्रोनिक (कारोवारसम्बन्धी कसूरको अनुसन्धान प्रहरीबाट र अभियोजन सरकारी वकीलबाट हुने कानूनी व्यवस्था छ।

४.५ मानव बेचबिखन तथा ओसारपसार)नियन्त्रण(ऐन, 2064मा बहिर्क्षेत्रीय क्षेत्राधिकारको प्रयोग

यस ऐनमा बेच्ने वा किन्ने उद्देश्यले मानिसलाई विदेश लैजाने कार्यलाई निषेध गरेको छ। बालबालिकाको हकमा संरक्षकको मञ्जुरी नलिई विदेश लगेमा थप सजाय समेतको व्यवस्था गरेको छ। ऐनको दफा १ को उपदफा) ३ (मा यो ऐन नेपालभर लागू हुनेछ र नेपाल बाहिर बसी नेपाली नागरिक विरुद्ध यस ऐन बमोजिमको कसूर गरे जुनसुकै व्यक्तिको हकमा समेत लागू हुनेछ भनिएको छ। यस आधारमा यस ऐनले बहिर्क्षेत्रीय क्षेत्राधिकार ग्रहण गरेको पाउन सकिन्छ ।

४.६ लागू औषध)नियन्त्रण(ऐन,२०३३ मा बहिर्क्षेत्रीय क्षेत्राधिकारको प्रयोग

यस ऐनले कुनै व्यक्तिले नेपालबाट वा नेपाल भई अन्य देशमा लागू औषध पठाएमा त्यस्तो लागू औषध जाने अन्तिम स्थान र लागू औषध प्राप्त गर्ने व्यक्ति समेत ऐनको दायरामा पर्ने कानूनी व्यवस्था गरेको छ । ऐनको दफा २ ले ऐनको वर्हिक्षेत्री प्रयोग हुने ग्यारेन्टी गरेको छ। साथै दफा २ को उपदफा) १ (मा यो ऐन यस ऐन अन्तर्गत बनेका नियम वा आदेशका विरुद्ध हुने गरी नेपालबाट वा नेपाल भित्र कुनै लागू औषध निकासी वा पैठारी गरी विदेशम बसी व्यापार गर्ने नेपाली नागरिक वा विदेशीलाई समेत यो ऐन लागू हुनेछ भन्ने व्यवस्था गरेको छ। यस आधारमा यस ऐनले बहिर्क्षेत्रीय क्षेत्राधिकार ग्रहण गरेको पाउन सकिन्छ।

४.७ पारस्परिक कानूनी सहायता ऐन, २०७०

पारस्परिक कानूनी सहायता ऐन न्यायिक कारबाहीका विषयमा नेपाल र विदेशी राज्य बीच पारस्परिक कानूनी सहायता प्रदान गर्न आएको हो। यसको क्षेत्र व्यापक छ। पारस्परिक कानूनी सहायता प्राप्त गर्न सन्धि अनिवार्य हुन्छ। यदि सन्धि छैन भने पारस्परिक कानूनी सहायता प्रदान गर्ने आश्वसन दिई कूटनीतिक माध्यम मार्फत अनुरोध गर्नु पर्छ। देहायका कामका लागि पारस्परिक सहायताको आदानप्रदान हुन सक्छ ।

---

२१ राजेश कुमार कटुवाल (२०७५), "संगठित अपराध" लेखबाट, न्याय प्रशासनका आयामहरु, सम्पादन, श्याम कुमार भट्टराई, सोपान मासिक, काठमाडौं, पृ. ५८३ ।

- अनुसन्धान गर्न
- अभियोजन गर्न
- न्यायिक कार्यविधि प्रयोग गर्न
- प्रमाण प्राप्त गर्न
- प्रमाण परीक्षण गर्न
- सूचना प्राप्त गर्न
- फैसला कार्यान्वयन गर्न

४.७.१ नेपालमा पारस्परिक कानूनी सहायतासम्बन्धी कानून र कार्यविधिहरू

पारस्परिक सहायताको सम्बन्धमा United Nations को तत्वावधानमा Manual on mutual legal assistance and extradition 2012 निर्माण भएको छ। नेपालमा अन्तर्राष्ट्रिय प्रतिबद्धता अनुसार ढिलै भए पनि पहिलो पटक पारस्परिक कानूनी सहायता ऐन, २०७० कार्यान्वयनमा आएको छ । ऐनको परिच्छेद–२ मा पारस्परिक कानूनी सहायता प्राप्त गर्ने अवस्था र विषय परिच्छेद–३ मा पारस्परिक कानूनी सहायता प्राप्त गर्न प्रक्रिया र परिच्छेद–४ मा विदेशी राज्यले पारस्परिक कानूनी सहायताका लागि अनुरोध गर्ने प्रक्रियाबारे उल्लेख गरिएको छ । अतः पारस्परिक कानूनी सहायता प्राप्त गर्ने प्रक्रिया देहाय बमोजिम रहेका छन्

- प्रमाण उपलब्ध गराउन अनुरोध गर्न सक्ने
- व्यक्ति उपस्थित गराउने तथा व्यक्ति रहेको स्थान पत्ता लगाउन अनुरोध गर्न सक्ने
- म्याद वा न्यायिक लिखित तामेल गर्न अनुरोध गर्न सक्ने
- प्रमाण बुझ्न अनुरोध गर्न सक्ने
- साक्षी परीक्षण र बन्द सवाल जारी गर्न अनुरोध गर्न सक्ने
- सम्पत्ति रोक्का वा जफत गर्न अनुरोध गर्न सक्ने
- फैसला कार्यान्वयन गरी दिन अनुरोध गर्न सक्ने जस्ता प्रक्रिया पर्दछन ।

पारस्परिक कानूनी सहायता ऐनमा बहिर्क्षेत्रीय क्षेत्राधिकारको प्रयोग

Klaus Meyer-Cabri, another participant for the discussion, provided a basic idea of the working model of EUROJUST with agencies across borders. Klaus compared the working model of EUROJUST with that of building a house, where he mentioned the need of experts in particular works of house. For Klaus, working on a case is just the same, wherein to build a strong case against anyone communication with a trusted partner is needed. Here, trust is the most important element and Klaus emphasized that EUROJUST is all about building trust.

Klaus stated that,"Building trust through agencies helps to foster cooperation."Klaus added that this was the European model of cooperation, wherein cooperation can take place even without having any agreement.

As the last participant to speak in the Plenary Discussion, Veli Unal provided recent developments with regards to international cooperation and MLA in Turkey. Veli mentioned that nearly six million Turks live outside of Turkey and that four million tourists are expected to visit Turkey in the year of 2019, which really makes international cooperation a necessity for Turkey. Veli mentioned that until 2016, there was no specific law to regulate the whole process of MLA in Turkey. There were certain laws but they were not sufficiently covering the entire issues. Then to fill the gap "Law for the International Cooperation for Criminal Matters"

was introduced. Additionally, reforms in legal assistance have been introduced by having established the European Convention on Legal Assistance. Furthermore, the Third Additional Protocol of European Convention on Human Rights (ECHR) have been adopted in the Turkish Law.

Veli further added that reforms in transfer, investigation and prosecution could be conducted under the European Convention on Transfer of Sentenced Persons.

5. Questions from the Audience

a. Are there any databases that we can use to tackle cyber crime?
(Question from a researcher on cyber crime)

Reply by Gina Cabrejo: For cases of human trafficking, there are databases where one can find details of big organizations. In these databases one can find judgements and different cases. One can also find contact details of the liaison person.

Reply by Mary Rodriguez: We are also developing networks to fight cyber crime. Must of the crime today have cyber component like child pornography and we are looking forward to see how we can cooperate with other states.

Reply by Akram Alkhatteb: We work with the Egmunt Group to follow up on these issues. At a national level we have to work in combination with several agencies and we must create more agile relationship with these agencies. At a national level if we have good relationship, we can have good relationship in international level.

b. Was there any room in legislation to use video links in taking evidence from cooperating witness?
(Question from DPP of Jamaica to Yuval Kaplansky)

Reply by Yuval Kaplansky: We could have done it legally. There was no legal restriction. However, what we really needed at that time was the physical presence of the cooperating witness. Video conferencing might not have the same impact as physical presence.

c. As the Brazilian representative just mentioned, cooperation takes time, do we fight so that the terms for investigation are increased, what could you say about it?
(Question from audience to Almeida Edson)

Reply by Almeida Edson: In our legal system, we have so many cases. Having hundred million cases is a challenge. It is not easy to have longer period of time for investigation.

Reply by Klaus Meyer-Cabri: We, at EUROJUST strive to speed things up. What we try to do is use a speedy process. Sometimes speed is essential and if you have established trust with each other then you can do it. For me judicial cooperation is not about lengthy process but it can also be done in speedy process and EUROJUST is all about it.

Reply by Mary Rodriguez: When I was working with INTERPOL, I learnt that when prosecutors brought their investigations and they knew that they had evidences outside of their jurisdiction, they could request for time extension. They could file a petition for MLA.

Reply by Gina Cabrejo: Regarding how to make the process more speedy, in countries of latin America, there are opportunities to suspend the limitation of time for investigation. For example in cases of cyber crime, investigation can take a long time. Here, we can make use of principle of opportunity, that is to suspend the time of investigation owing to the fact that the evidence is on its way and that the investigators are doing their work.

d. I have a strong feeling that INTERPOL is becoming more bureaucratic and more costly. Many states use bilateral and sub-regional mechanisms in order to get more quick cooperation. Do you have such concerns in this respect?
(Question from Vladimir from Russia to Mary Rodriguez)

Reply by Mary Rodriguez: It all depends on how you define bureaucracy. We have communication systems with many countries including Palestine. Regional mechanisms is effective in some cases but you need to be able to contact someone in the other part of the region or world. Certainly I am biased but INTERPOL remains to be relevant.

Annex II

Part of Report Submitted to the IAP

Findings

After completion of the program, following findings were made in line with the objectives and expected outcome:

a. In relation to the Practice of Plea Bargaining or Resolution Agreement

   i. The practice of plea bargaining or resolution agreement is different in law and in practice in Canada and Nepal.

   ii. In Canada, resolution agreement is reached between the Crown Attorney and Defense Counsel, wherein the Crown Attorney agrees to remove certain charges in return for confession and acceptance of other charges by the Defendant. In Nepal however, plea bargaining takes the form of discount in the demand for punishment (i.e., up to 25% discount, up to 50% discount or complete immunity) made by the Government Attorneys in the charge sheet.

   iii. In Canada, there is an open and cordial conversation between Crown Attorneys and Defense Counsel for the purpose of reaching at a resolution agreement. This is however a practice yet beyond imagination in context of Nepal. In Nepal, the provision of plea bargaining depends on the level of assistance provided by the Defendant in the process of investigation. There is also a provision of 25% discount in sentence for providing a confession. This legal provision is however not practiced yet.

   iv. In Canada, it appears that there is a wide range of discretion in the hands of Crown Attorneys while practicing resolution agreement. As mentioned earlier, these discretions are guided by case laws. In context of Nepal, such case laws are absent till date and there is also no guidelines or directives to help the Government Attorneys implement plea bargaining.

b. In relation to the relationship between Crown Attorneys and Defense Counsel

   i. In Canada, there appears to be a healthy relation between the Bar and the Prosecution Service. We did not receive any negative image of Bar from the Prosecution Services and neither about the Prosecution Service from the Bar (Defense Counsel). In Nepal however, the relationship is filled with frictions. There is a high level of mistrust among each other. It appears that building trust between the two can help in the effective implementation of the practice of plea bargaining in Nepal.

c. In relation to the Role of Judges in Criminal Cases

   i. In Canada, the role of judges appears to be that of a neutral umpire. In Nepal, the role of judges is more vibrant and intervening. The Nepali judges are involved in giving orders to present witnesses, examine evidences and to collect documents from reporting entities. The judges in Nepal do not appear to be a neutral umpire unlike in Canada. While it would be an early conclusion to relate the intervening role of judges to the inefficacy of plea bargaining in Nepal at this moment, the Canadian system nevertheless encourages study on this topic.

d. In relation to the role of Investigators in Plea Bargaining or Resolution Agreement

   i. In Canada, it is apparent that there is no role of Investigators in resolution agreement. It is completely in the domain of Crown Attorneys and Defense Counsel after the charges are laid by the Investigators. In Nepal however, plea bargaining (literal translation from Nepali as Discount in Sentence) is based on the level of help provide by the Defendant. In Nepal therefore, the level of help must be seen in papers. It is an investigator who investigates the case and prepares these documents. Investigators in Nepal therefore hold a de facto principal role for plea bargaining. Government Attorneys can nevertheless reject the investigators recommendations as charges are laid by Government Attorney in Nepal. The Nepali Government Attorneys can also propose (authoritatively) a plea bargaining during investigation even in the lack of a recommendation from the investigators.

e. In relation to traditional punishment system or therapeutic justice instead of incarceration

   i. We found the Canadian practice of Healing Circles to be a remarkable one. This method looks at crime as a disease and criminal as a patient. It aims to heal the trauma, the root cause of the crime. It is important to revive Nepali traditional practices in the justice system as well. It appears that these traditional practices have one thing in common with resolution agreements or plea bargaining, which is to speed-up the judicial process.

   ii. We found the Canadian practice of Wellness Court to be remarkable. Nepal could benefit from such a practice as the number of substance abuse cases is one of the highest in Nepal. This practice could formally introduce aspects of therapeutic justice in Nepal's legal system. The prevailing Narcotics Drugs (Control) Act of Nepal provides space for such a "wellness" element in our judicial process. It appears that the Government Attorneys need to push for an implementation of this practice in Nepali courts.

Conclusion

Even though popularly referred to as "plea bargaining", the literal Nepali to English translation of the legal term comes as "may demand a discount in sentence". In Nepal, prior to the criminal law reform of 2017, the practice of plea bargaining or discount in sentence persisted in the legal system as a part of *lex specialis.* The Narcotics Drugs (Control) Act, 1976 can be regarded as such special legislation containing the first provision regarding "discount in sentence" in Nepal. The tradition set by the Narcotics Drugs (Control) Act, 1976 was followed by the Organized Crime Prevention Act, 2013, Corruption Prevention Act, 2002 and the Human Trafficking and Transportation (Control) Act, 2007. These special legislations contained similar provisions regarding "discount in sentence". The criminal law reform of 2017 introduced "discount in sentence" into the *lex generalis*, making the practice of "discount in sentence" available for all other crimes under the *Muluki* Criminal Code, 2017.

It is noteworthy that the Canadian practice of resolution agreement is fundamentally different compared to the "discount in sentence" prevailing in the Nepalese legal system. While the Canadian system of resolution agreement aims to reduce the number of charges and thus the demands of sanction by obtaining confession and help from the defendant in best possible manner, the "discount in sentence" under the Nepalese legal system is aimed at reducing the charges by a certain percentage depending on the level of assistance given by the defendant during investigation. The "discount in sentence" for confession is provided under the *lex generalis,* providing up to 25% discount, which is however not practiced as of writing this report. The Nepalese legal system also differs in the aspect that there are rules regarding restrictions in the application of "discount in sentence" in certain contexts. Such restrictions are provided in both *lex specialis* and *lex generalis.*

The fundamental distinction in the two legal systems also lies in the role of investigators in the practice of resolution agreement or "discount in sentence". In Nepal, investigators play a crucial role alongside Government Attorneys. As "discount in sentence" is based on the level of help/information provided during investigation, for example to identify a bigger culprit, many times investigators will be in a better place to assert the level of help provided by the Defendant to the investigators. Also, as Government Attorneys remain as the commander of criminal investigation in Nepal, the role of Government Attorneys also becomes crucial. Such a role of investigators is absent in the Canadian legal system.

In the other hand, the role of Defense Counsels seemed quintessential in the Canadian legal system, with open and cordial conversations between the Crown and the Defense Counsel. From nowhere in our conversations it appeared that the Defense Counsel in Canada was interested to elongate the process just for fee consumption. In Nepal however, while there is no comfort felt in having an open conversation between the Government Attorney and Defense Counsel, the Defense Counsel is seen with huge mistrust, widely thought to be treating their clients as money-machine and therefore interested in elongating the process rather than bringing it to a closure through channels such as resolution agreement.

Generally therefore, growing and developing legal systems like Nepal can benefit from the practice of "discount of sentence" or "resolution agreement" in two ways: i) by obtaining support in investigation to identify bigger culprits, and ii) reduce the workload on courts and judges by bringing cases to closure soon through confession. The Canadian example shows that while resolution agreement might have benefits, the aspects of inter-generational trauma and healing must be a part of the judicial process for communities that have suffered systemic abuse and persecution. The ideal objective of any legal system is to address the root

cause of any social problem. The Canadian practice shows that the aspects of healing (through healing circles) and therapy (through wellness courts) can be helpful to address the root cause. These examples can be of great importance for Nepal as Nepal also shares similar historical persecutions targeted towards certain communities and the huge number of substance abuse among primarily youth population. It thus appears that Nepal should learn from the Canadian practice of accepting the values of traditional practices and recognize them through formal judicial process as Nepal continued to settle disputes through such traditional practices before the introduction of the modern form of judicial system only seven decades ago.

Recommendations

After a thorough analysis and scrutiny of the events, conversations and findings made during the program, following recommendations to bring effectiveness in the Nepalese legal system:

a. Recommendation in relation to the practice of plea bargaining

- Recommendation 1: As already many cases end up with confessions, Government Attorneys should start invoking confession based "discount in sentence" to bring dual benefit, i) for the defendant by providing discount in sentence and ii) to the court and Government Attorneys by reducing their workload on small and petty issues
- Recommendation 2: The Office of the Attorney General, Nepal should frame a Directive to guide the practice of "discount in sentence" by Government Attorneys. While there cannot be a "discount" unless i) there is a confession, and ii) the defendant provide assistances in investigation. In addition to the Directive, the Office must provide trainings to Government Attorneys with practical examples of reaching a resolution agreement. The hands on experience we received while observing Crown Attorney William Mathers conducted his resolution agreement with the Defense Counsel could provide a road map for such a practical learning methodology.

b. Recommendation in relation to relationship between Government Attorneys and Defense Counsel

- Recommendation 1: There should be frequent communication between the Office of the Attorney General and the Bar Association/Public Defenders Society regarding plea bargaining or "discount in sentence".
- Recommendation 2: As the Attorney General is also the head of the Nepal Bar Council, responsible for maintaining an ethical legal practice, the Attorney General through the Council must introduce stringent directives and code of conduct to target issues such as malpractices associated with hampering the interest of the defendant by ignoring the factor of resolution agreement.

c. Recommendation in relation to the Role of Investigators

- Recommendation 1: As Government Attorneys in Nepal play a role as commander in the process o of investigation, Government Attorneys need to regularly communicate with the Investigators about the support that the case can get from the Defendant. Such a paradigm shift in our mode of work must be facilitated by the Headquarters through circulars encouraging the Government Attorneys and Investigators to consider the practice.

d. Recommendation in relation to Therapeutic justice system

- Recommendation 1: In cases under the Narcotics Drugs Control Act, the Act provides opportunities for therapeutic justice. While the role of court is central in the implantation of the provision, Government Attorneys can nevertheless push for its implementation during pleadings in such cases.
- Recommendation 2: The Government of Nepal should take initiatives towards establishing a Wellness Court, with the powers to enforce therapeutic justice. This could be commenced by recognizing a bench within the court as Wellness Court, which could focus on cases requiring healing and treatment rather than incarceration.

सरकारी वकील संगठनमा रणनीतिक योजनाको अन्तर्राष्ट्रिय अभ्यास

ज्ञानप्रसाद भुसाल[१]

१. पृष्ठभूमिः

कुनै पनि संगठनको व्यवस्थित प्रयासले मात्र कार्य शिघ्र र प्रभावकारी रुपमा सम्पन्न हुने कुरामा दुईमत हुन सक्दैन। उपलब्ध साधन स्रोतलाई व्यवस्थित परिचालन गरेमा सकारात्मक परिणाम प्राप्त गर्न सकिन्छ। त्यसैले यही व्यवस्थित प्रयासलाई रणनीतिक योजनाको नाम दिएको भन्न सकिन्छ। किनकी संगठनको लक्ष्य तथा सो लक्ष्य प्राप्त गर्न गरिने कार्यहरु निर्धारण गर्ने र परिभाषा गर्ने माध्यम नै रणनीतिक योजना हो। यसले संगठनको सबल तथा दुर्बल पक्ष र अवसर र चुनौतीको पहिचान गरी संगठनलाई प्रभावकारी बनाउन मद्दत गर्दछ। प्रभावकारी रणनीतिक योजनाले संगठनको लक्ष्य तथा उद्देश्यलाई स्पष्टता दिई कार्यान्वयन गर्न केन्द्रीकृत गर्दछ। संगठनलाई प्रभावकारी रुपमा लक्ष्यमा हिडाउन र गतिशील बनाउन रणनीतिक योजना आवश्यक छ। यसले आवधिक र सामयिक कार्यान्वयनका सूचकहरुको समेत सुझाएको हुन्छ। रणनीतिक योजनाले निम्न बमोजिमका पाँचवटा विषयहरुलाई आधार बनाएको हुन्छः



रणनीतिक योजनाले प्रत्येक सरोकारवालाई साझा उद्देश्यभित्र समाहित गरेको हुन्छ। रणनीतिक योजनाले; [२]

- दर्शनद्वारा निर्देशित जसले संस्था वा निकायको परिलक्ष्यलाई परिभाषित गर्दछ,
- भविश्यको लागि पुनरुत्थान गर्ने अवसर हो किनकी यसले संस्था वा निकायको पूर्वानुमान र क्षमतामा ध्यान दिन्छ,
- सार्वजनिक मूल्य सिर्जना गर्ने मार्गचित्र हो,
- संगठनको हरेक क्षेत्रसँग सम्बन्ध हुने हुँदा यो व्यापक हुन्छ,
- यसको दिर्घकालीन वैद्यता हुने, सामान्यतया यो ३ वा ५ वर्षसम्मका लागि हुने,
- सञ्चार गरिएको र सहमति गरिएको हुन्छ,

---

१ सहन्यायाधिवक्ताउच्च सरकारी वकील कार्यालय ,सुर्खेत

२ Strategic Planning of the Justice Sector Institutions, JUSTICE SECTOR FACILITY PROJECT LAW AND JUSTICE DIVISION, MOLJPA, Bangladesh, p-4, (2014). This Handbook has defined a Strategic Plan as: A Strategic Plan is - guided by a philosophy which is defined in the vision of the agency - an opportunity to rejuvenate for future as it takes note of forecasts and capabilities - is a road map to create public value - comprehensive as it touches all spheres of an agency - long-term as its validity normally continues for 3-5 years - communicated and agreed upon - flexible as it may change as the organization learns and context changes over time.

- लचिलो हुन्छ किनभने यो संगठनले सिक्ने र समयसँगै सन्दर्भ परिवर्तनको रुपमा परिवर्तन हुन सक्छ।

तसर्थ ,सक्रिय रुपमा निर्धारित उद्देश्यहरुले संगठनलाई कता लैजाने हो भन्ने सम्बन्धमा दिशानिर्देश गर्दछ।त्यसलाई टेवा दिनका लागि दिर्घकालीन तथा लघुकालीन लक्ष्यको प्रक्षेपण समेत गर्दछ।संगठनको बलियो अवस्थालाई पहिचान गरी त्यसलाई कायम बनाई राख्ने ,कमजोर पक्ष निराकरण गर्ने ,अवसरहरु पहिल्याई संगठनमा प्रचलनमा ल्याउने तथा चुनौतीहरुको समाना गर्ने व्यवस्थित उपाय सुझाउँछ।यसबाट संगठनले सेवाग्राहीलाई सन्तुष्टी दिई समाजप्रति सकारात्मक संदेश प्रवाह गर्ने र वैद्यता र सान्दर्भिकता पुनर्पुष्टि गराउँदछ।विभिन्न देश तथा संगठनको सरकारी वकीलको संस्थामा रणनीतिक योजनाको अभ्यास गरिएको पाइन्छ।के कुन विषयमा केन्द्रीत भई रणनीतिक योजना कार्यान्वयनमा ल्याइएको छ सो अवलोकनले नेपालको सरकारी वकीलको संगठनमा समेत सारभूत सहयोग हुन सक्छ।तसर्थ ,महत्वपूर्ण कानूनी प्रणाली अपनाउने केही देशका अभ्यासहरुलाई यहाँ विवेचना प्रस्तुत गरिएको छ।

२. रणनीतिक योजनाको वैदेशिक अभ्यासः

२.१ बेलायतः[३]

बेलायतले सन् २०२५ सम्मका लागि पाँच वर्षे रणनीति बनाई कार्यान्वयनमा ल्याएको पाइन्छ।सन् २०२५ सम्म संगठन कस्तो देखिन्छ भन्ने हेर्न चाहेको सार्वजनिक अभियोजन संस्थाका निर्देशक र प्रमुख कार्यकारीको भनाई रहेको पाइन्छ।न्याय कसरी सम्पादन हुन्छ भन्ने कुरा स्वतन्त्र र स्वच्छतालाई केन्द्रमा राखेर हेरिने भन्ने उल्लेख गरिएको छ।फौजदारी न्याय प्रशासनका अतिरिक्त कानूनी विज्ञतामा अपूर्व योगदान गर्ने र विद्युतीय रुपान्तरणमा नेतृत्वदायी भूमिका खेल्ने विश्वास लिएको देखिन्छ।

जनतालाई सुरक्षित बनाउन र विविध समुदायहरुको विश्वास निर्माण गर्न कानूनी विशेषज्ञता र डिजिटल क्षमता प्रयोग गरेर फौजदारी न्याय प्रणालीलाई रुपान्तरण गर्ने परिदृष्य राखिएको छ।[४] स्वतन्त्र र निष्पक्ष अभियोजन मार्फत न्याय प्रदान गर्ने परिलक्ष्य राखिएको देखिन्छ।[५] प्रत्येकलाई सम्मानपूर्वक व्यवहार गर्ने ,स्वतन्त्र र स्वच्छ रहने ,व्यवसायिक व्यवहार अवलम्बन गर्ने र उत्कृष्टताका लागि प्रयत्न गर्ने ,इमान्दार र खुल्ला रहने भन्ने मूल्यहरु राखिएको छ।[६] जनतालाई केन्द्रविन्दुमा राख्ने ,विद्युतीय सामर्थ्य ,रणनीतिक साझेदारी ,मुद्दासम्बन्धी कार्यको गुणस्तर उच्चस्तरको बनाउने र सार्वजनिक विश्वास आर्जन गर्ने रणनीतिक अवधारणा रहेको देखिन्छ।[७] यिनै पाँचवटा रणनीतिक अवधारणासँग सम्बन्धित रणनीतिक उद्देश्य र उपलब्धीहरु समेत प्रक्षेपण गरिएको पाइन्छ।रणनीतिक उद्देश्यहरु कार्यान्वयनका लागि स्पष्ट बजेट र निर्धारण गरिएको समय सहितको सालबसाली व्यवसायिक योजना बनाई कार्यान्वयन गरिने उल्लेख छ।

---

३ https://www.cps.gov.uk/sites/default/files/documents/publications/CPS-2025-strategy.pdf.

४ OUR VISION: We are a leading voice in transforming the criminal justice system, using our legal expertise and digital capability to make the public safer and build the confidence of our diverse communities. यो परिदृय पृष्ठ ४ मा उपलब्ध छ।

५ OUR MISSION We deliver justice through independent and fair prosecutions. यो परिदृय पृष्ठ ४ मा उपलब्ध छ।

६ पादटिप्पणी नं २।

७ पादटिप्पणी नं २ पृष्ठ ५।

उल्लिखित रणनीतिक योजना हेर्दा जनतालाई केन्द्रविन्दुमा राखिएको पाइन्छ भने विद्युतीय सामर्थ्यको प्रयोग गरी सफलता प्राप्त गर्ने भनिएको छ। साथै अभियोजनलाई उत्कृष्ट)Excellence(बनाउने समेत रहेको पाइन्छ। यो रणनीतिक उद्देश्य हासिल गर्नका लागि उपयुक्त अपराधका लागि उपयुक्त व्यक्तिलाई अभियोजन गरिने ,समयलाई मध्यनजर गर्दै मुद्दाहरुलाई गति दिइने ,मुद्दाहरुलाई प्रभावकारी रुपमा व्यवहार गरिने र साझेदारी कार्यका आधारमा मुद्दा सम्बन्धी कार्यको गुणस्तरलाई परिष्कृत गरिने भन्ने उत्कृष्ट र केन्द्रीकृत रणनीतिक कार्यहरु निश्चित गरिएको देखिन्छ।

२.२ संयुक्त राज्य अमेरिकाः

संयुक्त राज्य अमेरिकाको न्याय विभागले सन् २०२२ देखि २०२५ सम्मका लागि रणनीतिक योजना बनाएको देखिन्छ[८]। यस रणनीतिक योजनामा न्याय विभागको परिदृष्य कानूनको शासन कायम राख्नु र देशलाई सुरक्षित राख्न र नागरिकको सुरक्षा गर्नु रहेको छ।[९] यस्तै गरी स्वतन्त्रता र निस्पक्षता , इमान्दारिता र नैतिकता ,सम्मान र उत्कृष्टतालाई यो योजनाको मूल्यका रुपमा राखिएको छ।[१०]

यस रणनीतिक योजनाका निम्न पाँचवटा लक्ष्य र उपलक्ष्य रहेको देखिन्छः[११] साथै उपलक्ष्य र सो कार्यान्वयन गर्न उपलक्ष्य अनुसारको रणनीतिक कार्य बनाएको देखिन्छ।[१२]

१. कानूनको शासनलाई बचाई राख्ने (Uphold):

यसमा लोकतान्त्रिक संस्थाको संरक्षण गर्ने र असल सरकारको अवधारणालाई संरक्षण गर्ने भन्ने उपलक्ष्यहरु रहेका छन्।

२. देशलाई सुरक्षित राख्नेः

यो लक्ष्य कार्यान्वयन गर्न ६ वटा उपलक्ष्य र विभिन्न रणनीतिका कार्यहरु रहेका छन्। उपलक्ष्यहरुमा राष्ट्रिय सुरक्षाको संरक्षण ,वैदैशिक र आन्तरिक आतंकबाद विरुद्ध प्रतिकार्य गर्ने ,हिंसात्मक अपराध र बन्दुकीय अपराधसँग सामना गर्ने ,साइबर सुरक्षा बढाउने र साइबर अपराध विरुद्ध लड्ने ,लागू औषध ओसारपसारको सामना गर्ने र लागू औषधको अधिकमात्रा प्रयोगबाट हुने मृत्यु निवारण गर्ने ,कमजोर समुदायको संरक्षण गर्ने उपलक्ष्यहरु रहेका छन्। यसका विभिन्न रणनीतिक कार्यहरु समेत तोकिएका छन्।

३. नागरिक अधिकारको संरक्षणः

मताधिकारको संरक्षण गर्ने ,विभेद र घृणित अपराधहरु सामना गर्ने ,फौजदारी तथा बालन्याय प्रणालीको सुधार र मजवुत बनाउने ,समान न्यायको पहुँचलाई विस्तार गर्ने ,वातावरणीय न्यायलाई अग्रगति दिने र जलवायु संकटलाई रोक्ने आदि उपलक्ष्यहरु रहेको रणनीतिक योजना देखिन्छ।

---

८ FYs 2022-2026 Strategic Plan, U.S.Department of Justice,P-6.

९ ऐ ऐ पृष्ठ ४।

१० ऐ ऐ ।

११ ऐ पृष्ठ २।

१२ पादटिप्पणी नं ७ पृष्ठ १०।

४. सबैका लागि आर्थिक अवसर र स्वच्छताको सुनिश्चित गर्नेः

यो चौथो लक्ष्य रहेको छ। यसमा एकाधिकारी व्यापार विरोधी कार्यान्वयनलाई पुनर्जिवित गर्ने र उपभोक्ताको संरक्षण गर्ने ,भ्रष्टाचार ,वित्तीय अपराध र ठगीजन्य अपराधसँग सामना गर्ने दुईवटा उपलक्ष्य रहेको पाइन्छ।

५. न्यायपूर्ण अदालत र सुधारात्मक प्रणालीलाई कार्यान्वयन (Administer) मा लैजानेः

यो पाँचौ र अन्तिम लक्ष्य हो। यो लक्ष्य कार्यान्वयन गर्न समन्यायिक र सक्षम अध्यागमन अदालत प्रणालीको प्रबन्ध गर्ने र सुरक्षित र मानवोचित कारागार प्रणाली बनाई राख्ने रहेका छन्।

यी लक्ष्यहरु कार्यान्वयनका लागि विभिन्न आवश्यक उप लक्ष्य र रणनीतिक कार्यहरु निश्चित गरिएका देखिन्छ।

२.३ क्यानाडाः

क्यानाडाले विभागीय योजना)Departmental Plan(का रुपमा रणनीतिक योजना बनाई लागू गरेको पाइन्छ। यो योजना सन् २०२२ देखि २०२३ का लागि लागू गरिएको छ। क्यानाडामा न्याय मन्त्रालयका मन्त्री र महान्यायाधिवक्ता एकै व्यक्ति हुने व्यवस्था रहेको छ। यो योजनाका आधारमा Public Prosecution Service of Canada's (PPSC) ले गर्ने सेवा र सार्वजनिक सुरक्षा उपलब्धीहरुमा समर्थित रहेको छ भन्ने यो योजनामा उल्लेख गरिएको छ। गतसालको भन्दा विभागीय प्राथमिकतामा केही फरक तरिकाले नविकरण गरेको भन्ने देखिन्छ। यस योजनाका निम्न प्राथमिकताहरु राखिएको देखिन्छः[१३]

- विश्वास र कामको संस्कृतिलाई पालना गर्ने जसमा कर्मचारीलाई सम्मान, प्रतिष्ठा र स्वच्छताको व्यवहार गर्ने। वाह्य सरोकारवाला र अदालतका सहभागी मार्फत सार्वजनिक विश्वासलाई प्रवर्द्धन गर्ने।
- कार्यस्थलमा समन्याय, विविधता, समावेशी र पहुँचयोग्यतालाई अग्रगती दिने। संगठनलाई पहुँचयोग्य, समावेशी, विविधता र समन्यायिक वातावरण कार्यस्थलमा बनाउने।
- फौजदारी न्याय प्रणालीमा विद्यमान भेदभाव र जातीयता विरुद्ध अभियान चलाउने।
- नवप्रवर्तनका माध्यमबाट कार्य संस्कृतिलाई आधुनिक बनाउने। यसमा अभियोजनात्मक नीतिहरु तथा अभ्यासहरुलाई आधुनिक बनाउने रहेको छ।

उल्लिखित प्राथमिकताहरु कार्यान्वयनका लागि मुख्य गतिविधिहरु ,महत्वपूर्ण जिम्मेवारीहरु ,नतिजा ,स्रोत साधन र मूख्य जोखिमहरु तोकिएको पाइन्छ।

२.४ केन्याः

सरकारी वकीलमा रणनीतिक योजना बनाई कार्यान्वयन गर्ने र सरकारी अभियोजनलाई प्रभावकारी बनाउने कार्य केन्यामा समेत अभ्यासमा रहेको पाइन्छ। केन्यामा २०१० मा नयाँ संविधान जारी भए पछि २०११-२०१५का लागि पहिलो र २०१६-२०२१ सम्मका लागि दोस्रो रणनीतिक योजना कार्यान्वयनमा रहेको पाउँछौं।[१४] यो रणनीतिक योजना Mashtaka yenye haki na usawa (Fair and equitable prosecution) नारा सहित कार्यान्वयनमा आएको देखिन्छ। आपराधिक मामिलाहरु र यससँग सम्बन्धित अन्य सबै पक्षहरुको स्थापना र अभियोजन गर्ने अख्तियारी दिएको देखिन्छ। यसको परिदृष्यमा न्यायपूर्ण ,निष्पक्ष ,स्वतन्त्र र गुणस्तरीय सार्वजनिक अभियोजन सेवा रहेको छ। यसै गरी केन्याली जनता सबैलाई निष्पक्ष ,प्रभावकारी र सक्षम अभियोजन सेवा प्रदान गर्ने भन्ने परिलक्ष्य रहेको पाइन्छ। यस

---

१३ Departmental Plan 2022-2023, Public Prosecution Service of Canada, p-7 (2021).

१४ https://www.odpp.go.ke/wp-content/uploads/2018/02/ODPP-STRATEGIC-PLAN-2016-2021-FINAL.pdfiVisited on 3rd December, 2022. STRATEGIC PLAN 2016-2021, P-II, P-XIII, P-1.

रणनीतिक योजनाले पारदर्शिता ,निष्ठा ,जवाफदेहिता ,व्यवसायिकता ,स्वतन्त्रता र समूहकार्य जस्ता मूल्यहरु राखिएको छ।[१५] यस रणनीतिक योजनाका रणनीतिक लक्ष्यहरु निम्न रहेको पाइन्छः[१६]

- प्रवाह गरिने सेवाहरु र अभियोजन सेवाहरुको विश्वसनीयतामा सुधार गर्ने,
- फौजदारी न्याय प्रणालीलाई थप सक्षम र प्रभावकारी बनाउन सक्रिय सहभागी हुने,
- संस्थागत क्षमता अभिवृद्धि गर्ने,

यस रणनीतिक योजनाले निम्न बमोजिमका रणनीतिक **उद्देश्यहरु** लिएको पाइन्छः[१७]

१. गुणस्तरीय अभियोजन सेवाहरु उपलब्ध गराउन,
२. साझेदारी र सहकार्य सुदृढ गर्न,
३. सार्वजनिक अभियोजनको लागि नीति र कानूनी ढाँचाको समीक्षा गर्न,
४. आफ्नो अख्तियारी सम्पादन गर्न ODPP को क्षमता अभिवृद्धि गर्न,
५. ODPP का प्रकृयाहरु र कार्यविधिहरु आधुनिकीकरण गर्न,

यो रणनीतिक योजनामा रणनीतिक उद्देश्य ,रणनीति र कार्यक्रम गरी तीन वुँदै र महले ढाँचा प्रयोगमा ल्याइएको पाइन्छ। Quality Prosecution Service का लागि चारवटा रणनीति लिएको पाइन्छ। सबै तहहरुमा धेरै सक्षम ,दक्ष र विशिष्टिकृत कर्मचारीको विकास गर्ने ,नविन र उदियमान अपराधहरु तह लगाउन कर्मचारीको क्षमता अभिवृद्धि गर्ने, स्वतन्त्र ,स्वच्छ र प्रभावकारी अभियोजन प्राप्त गर्न उच्च अभियोजन स्तर कायम राख्ने ,अभियोजन सेवामा गुणात्मक सुनिश्चितता वृद्धि गर्ने जस्ता उपयुक्त रणनीतिहरु राखिएको पाइन्छ। अन्य लक्ष्यहरुमा समेत यसै गरी रणनीति तथा गतिविधिहरु राखी लक्ष्यहरु हासिल गर्नका लागि कर्मचारी र साझेदारी लगायतका लक्ष्यहरुलाई महत्वका साथ हेरिएको छ।

रणनीतिहरुको कार्यान्वयनका लागि समन्वय संरचनाहरु समेत तयार गरिएको देखिन्छ।[१८]अनुगमन तथा मूल्यांकन संरचना समेत तयार गरिएको पाइन्छ।

२.५ अन्तर्राष्ट्रिय फौजदारी अदालतको अभियोजकको कार्यालयः

Office of the Prosecutor of the International Criminal Court ले पनि २०१६ देखि २०१८ का लागि त्रिवर्षीय रणनीतिक योजना कार्यान्वयन गरी हाल २०१९देखि २०२१ सम्मका लागि छ वटा रणनीतिक लक्ष्य सहितको त्रिवर्षीय रणनीतिक योजना लागू गरेको देखिन्छ। रोम विधानको व्यवस्था अनुसार अधिकारक्षेत्र अन्तर्गतका अपराधहरुमा प्रभावकारी र सक्षम तरिकाले प्रारम्भिक परीक्षण गर्ने ,अनुसन्धान गर्ने ,अभियोजन गर्ने कार्यले नै यस कार्यालयको परिदृष्यलाई सहयोग पुग्ने देखिन्छ। यस कार्यालयका निम्न रणनीतिक लक्ष्यहरु रहेको पाइन्छः[१९]

कार्यालयको मुख्य गतिविधिहरुको सम्बन्धमा कार्यसम्पादन सुधार गर्नेः

रणनीतिक लक्ष्य १ :अदालतमा सफलताको उच्च दर प्राप्त गर्ने,

रणनीतिक लक्ष्य २ :प्रारम्भिक परीक्षण ,अनुसन्धान र अभियोजनको गति ,दक्षता र प्रभावकारिता वृद्धि गर्ने,

रणनीतिक लक्ष्य ३ :वाँकी रहेका ICC गिरफ्तारी वारेन्ट अनुसार व्यक्तिहरुको गिरफ्तारी दर बढाउनका लागि राज्यहरुका लागि परिष्कृत रणनीति र विधिहरु विकास गर्न ,

---

१५ ऐ पृष्ठ ३।
१६ ऐ ऐ पृष्ठ १६।
१७ ऐ ऐ।
१८ ऐ ऐ पृष्ठ ५५।
१९ Strategic Plan 2019-2021, International Criminal Court Office of the Prosecutor, (2019), p-13-28.

रणनीतिक लक्ष्य ४ :पीडितहरु विशेष गरी यौन र लैङ्गिकतामा आधारित अपराध) SGBC(र बालबालिका विरुद्ध वा असर गर्ने अपराधहरुका पीडितहरुका लागि आफ्नो दृष्टिकोणलाई परिष्कृत र सुदृढ पार्ने , उत्कृष्ट व्यवस्थापकीय अभ्यासहरुसहितको सुशासनको सुनिश्चितता गर्ने,

रणनीतिक लक्ष्य ५ :प्रभावकारी ,जिम्मेवारी र जवाफदेही ढंगले आफ्ना स्रोतहरु व्यवस्थापन गर्न कार्यालयको क्षमता बढाउने,

रोम विधान प्रणालीको प्रभावकारी कार्यसञ्चालन वृद्धि गर्न,

रणनीतिक लक्ष्य ६ :दण्डहिनताको खाडल बन्द गर्न कार्यालय र यसका साझेदारहरुको क्षमतालाई बलियो बनाउन,

यस अभियोजकको कार्यालयको रणनीतिक योजनाको परिदृष्यमा राष्ट्रिय क्षेत्राधिकारको पूरक र क्षेत्रात्मक प्रबन्धलाई पूर्ण सम्मान गर्दै नरसंहार, मानवता विरुद्धको अपराध, युद्ध अपराध र आक्रमणको अपराधका अभियुक्तहरु विरुद्ध प्रारम्भिक परीक्षण, अनुसन्धान र अभियोजन प्रभावकारी र सक्षमतापूर्वक सञ्चालन गर्न र यस्ता अपराधहरुमा दण्डहिनता अन्त्य गर्ने, यी अपराधहरुबाट पीडित तथा प्रभावित समुदायको पीडालाई संवोधन गर्ने र यसरी भविश्यमा यी अपराधहरुको निवारण गर्ने कार्यमा योगदान गर्ने भन्ने यो रणनीतिक योजनाको परिदृष्य रहेको पाइन्छ।[२०]

यस्तैगरी अभियोजनकर्ताको कार्यालयले देहायको परिलक्ष्यका आधारमा आफ्नो परिदृश्य हासिल गर्ने उल्लेख छ :[२१]

क. न्याय प्रदान गर्न र न्याय प्रदान गरे जस्तो देखिनका लागि स्वतन्त्र, निस्पक्ष र वस्तुनिष्ठ रुपमा कार्य गरेर,

ख. पीडित, साक्षी, शंकास्पद र अभियुक्तको अधिकारको पूर्ण सम्मान गर्दै पीडित र साक्षी, अन्तरक्रिया हुने ती व्यक्तिहरु र कार्यालयका कर्मचारीहरुको सुरक्षा र कल्याणमा विशेष ध्यान दिएर,

ग. कार्यसम्पादनमा उत्कृष्टताको लागि निरन्तर प्रयास गर्दा कर्मचारीको उन्नति हुने अवस्थाको वातावरण सृजना गरेर,

घ. रोम विधानले अधिकार सुम्पे बमोजिमको कार्य सम्पादन गर्न उपलब्ध गराइएका स्रोतहरुको सबैभन्दा असल र जिम्मेवारीपूर्वक प्रयोग गरेर,

यस योजनाले निम्न मूल्यहरु लिएको पाइन्छः[२२]

क. समर्पण,

ख. निष्ठा,

ग. सम्मान,

२.६ स्कटल्याण्डः

स्कटल्याण्डमा HM Inspectorate of Prosecution in Scotland (IPS) २००३ मा स्थापना भएको रहेछ। जसमा Lord Advocate बाट IPS को प्रमुखका रुपमा HM Chief Inspector of Prosecution नियुक्त हुने व्यवस्था रहेको पाइन्छ। यसले Crown Office and Procurator Fiscal Service (COPFS) को कार्य सञ्चालनलाई निरीक्षण गर्ने कार्य क्षेत्र रहेको देखिन्छ।[२३]

---

२० ऐ ऐ पृष्ठ ९।

२१ ऐ ऐ।

२२ ऐ ऐ पृष्ड ९।

२३ https://www.gov.scot/publications/hm-inspectorate-prosecution-ips-strategic-plan-2022-2025/pages/4

२०२२ देखि २५ सम्मका लागि बनाइएको रणनीतिक योजनाले निम्न उद्धेश्यहरुमा केन्द्रीकृत हुने उल्लेख गरिएको पाइन्छ ।[२४] यस रणनीतिक योजनाको परिदृष्यमा स्वतन्त्र ,प्रमाणमा आधारित जाँचवुझ मार्फत स्कटल्याण्डको अभियोजन सेवालाई उत्कृष्टता र विश्वास अभिवृद्धि गर्ने रहेको देखिन्छ।[२५] यसका मूल्यहरु पनि राखिएका छन् जसमा स्वतन्त्रता ,विश्वसनीयता ,प्रयोगकर्ता केन्द्रित ,सम्मान र साझेदारी रहेका छन्।[२६]

यस रणनीतिक योजनाका पाँचवटा रणनीतिहरु रहेका छन्। त्यसमध्ये[२७]

- COPFS को सञ्चालन निरीक्षण गर्ने र सार्वजनिक रुपमा रिपोर्ट गर्ने,
- निरीक्षण गतिविधिमा जागरुकता बढाउने र संलग्नता र विश्वास बढाउने,
- संगठनात्मक लचिलोपना बढाउने र मानिसहरुमा लगानी गर्ने,
- निरन्तर सुधारमा लगानी गर्ने,
- कामको प्रभावलाई अधिकतम बनाउन साझेदारहरुसँग काम गर्ने,

उल्लिखित रणनीतिक उद्देश्यहरु हासिल गर्ने कार्यमा सहयोग गर्नका लागि तीन वर्षमा कार्यान्वयनका लागि अगाडी बढाइने विशेष कार्यहरुको पहिचान गरिएको छ। कार्यहरुको प्रवाह र उद्देश्यहरुको व्यापक निगरानी गरिने समेत उल्लेख भएको पाइन्छ।

३. अवलम्बन गर्नु पर्ने उत्तम अभ्यासहरुः

जनकेन्द्रित ,जनविश्वास र जनस्वीकृतिः

रणनीतिक योजना जनकेन्द्रीत हुनु भएमा कार्यान्वयन संभव हुने ,संगठनको औचित्यता र विश्वसनीयता वृद्धि हुने हुन्छ। सार्वजनिक निकायको काम कारवाहीले जनतालाई नै लाभ पुग्नु पर्ने हुँदा सो अनुसार प्राथमिकिकरण हुनु पर्दछ। कार्य सम्पादनका आधारमा जनताबाट विश्वास प्राप्त भई जनताले कार्यान्वयनलाई स्वीकृत गरेमा मात्र सांगठनिक उद्देश्य प्राप्त हुने हुन्छ। तसर्थ संगठनको कार्यलाई जनकेन्द्रित बनाउने ,संगठनको औचित्यता पुष्टि गर्ने र कार्य सन्तुष्टि बनाई राख्ने विषयहरु रणनीतिक योजनामा प्राथमिक रुपमा राखी कार्यान्वयनमा ल्याउनु पर्ने अभ्यास उपयुक्त हुन्छ।

कर्मचारी तथा संगठनको व्यवहारः

कुनै पनि संगठनको अग्रगामी सुधार कार्यरत कर्मचारीको कार्यसम्पादनबाट संभव हुन्छ। संगठनले कर्मचारीका पीरमर्का अप्ठ्यारा र समस्याहरु पत्ता लगाई संगठनको क्षमता र कानूनी आधारमा संवोधन गर्ने व्यवस्थालाई आत्मसात गरेमा संगठनको मानवस्रोत एक पूँजीको रुपमा परिणत हुन्छ। कार्य सम्पादनमा कर्मचारी तथा समग्रमा संगठनको कार्यसम्पादन उत्कृष्ट हुन्छ। तसर्थ ,कर्मचारीले संगठनप्रति गर्ने व्यवहार र संगठनले कर्मचारीप्रति गर्ने व्यवहार असल भएमा कर्मचारी र संगठन विचको सम्बन्ध सुमधुर भई कार्य सम्पादनको संख्या र गुणस्तरमा सकारात्मक वृद्धि भई लक्षित रणनीतिक योजनाका उद्देश्य कार्यान्वयनमा आउन सक्ने हुन्छ।

उत्कृष्ट कार्यसम्पादनः

कार्यसम्पादन उत्कृष्टता र प्रभावकारी आवश्यक छ। हरेक कोणबाट उत्कृष्टता हुनु पर्छ। सरकारी वकीलको काम कर्तव्य र अधिकारका हरेक पहलुमा कानून बमोजिमको उत्कृष्ट सम्पादनले रणनीतिक योजनाको उद्देश्य कार्यान्वयन संभव देखिन्छ। त्यसका लागि प्रभावकारिता र उत्कृष्टताको सूचक पहिचान

---

२४ Independence • Credibility • User-focus • Respect • Partnership.

२५ ऐ ऐ। **Our vision:** Our vision is to promote excellence and confidence in Scotland's prosecution service through independent, evidence-based scrutiny.

२६ ऐ ऐ।

२७ ऐ ऐ।

गरी कार्यान्वयन मूल्यांकन हुनु पर्ने देखिन्छ। अमेरिकी न्याय विभाग) महान्यायाधिवक्ताको कार्यालय (ले समेत अपेक्षित उपलब्धी सूचक बनाई कार्यान्वयनमा ल्याएको देखिन्छ। तसर्थ कार्यसम्पादनलाई उत्कृष्ट बनाउन वास्तविक कार्य र सो अनुसारको उपलब्धी सूचक पहिचान गरी कार्यान्वयनमा ल्याएमा रणनीतिक योजनाको सफलताको दर उचो हुन्छ। यही नै रणनीतिक योजनाको सार हो भन्न सकिन्छ।

स्रोत साधनको सुनिश्चता र महत्तम प्रयोगः

रणनीतिक योजना स्रोत साधनले सुनिश्चित हुनु पर्दछ। साथै स्रोत साधनको दुरुपयोग र अनियमित प्रयोग निषेधित हुन्छ। स्रोत साधनको अभावमा रणनीतिक योजनालाई कार्यान्वयनमा ल्याउन हुदैन। त्यसको लागि राज्यले सुनिश्चितता प्रदान गर्नु पर्दछ। विकास साझेदारको साझेदारी गर्नु पर्ने भएमा राज्य तहबाट नै अगाडी बढाउनु पर्ने हुन्छ। स्रोत साधनको सुनिश्चतता विना रणनीतिक योजना कार्यान्वयनमा लैजाने कार्यले संगठनलाई यथास्थितिमा राख्दछ। परिणाम स्वरुप रणनीतिक योजना बनाई कार्यान्वयनमा लग्नुको औचित्यता समाप्त हुन्छ। तसर्थ रणनीतिक योजनालाई सरकारबाट समर्थित गरी पर्याप्त साधन स्रोतको सुनिश्चितता भएमा संगठनको रणनीतिक लक्ष्य तथा कार्यनीति र कार्यक्रम कार्यान्वयन भई लक्षित उद्देश्य प्राप्त हुने कुरामा दुई मत हुन सक्दैन।

कानूनी निश्चितता र स्वच्छ कार्यान्वयनको सुनिश्चितताः

कार्यसम्पादनका लागि चाहिने नीतिगत र कानूनी संरचना निश्चित र कार्यान्वयनयोग्य हुनु आवश्यक छ। यसले कार्यसम्पादनलाई सहज बनाई कार्यान्वयन दर बढाउने र कार्य सम्पादनको गुणस्तरमा पनि वृद्धि हुन्छ। तसर्थ नीतिगत तथा कानूनी संरचनाको निश्चितता र कार्यान्वयनयोग्य भई त्यसको कार्यान्वयनले सकारात्मक परिणाम प्राप्त हुने वैदेशिक अभ्यासबाट देख्न सकिन्छ।

व्यवस्थापकीय स्थिरताः

राज्य प्रशासन तथा कार्यान्वयन संयन्त्र तथा अधिकारीको स्थिरताले व्यवस्थापकीय र कार्यान्वयन पक्षमा निरन्तरता प्राप्त हुन्छ। यसले संगठनलाई सकारात्मक प्रभाव पार्दछ। सांगठनिक लगावको दरमा पनि वृद्धि हुन्छ। अस्थिरता संगठनको प्रगतिको वाधक भएको हुँदा राज्य व्यवस्थामा कानून कार्यान्वयन अधिकारी तथा संरचनाको व्यवस्था र स्थिरता भएमा रणनीतिक योजनाको कार्यान्वयन सुनिश्चित हुन्छ।

विद्युतीय प्रयोग र रुपान्तरणः

कार्यसम्पादनका लागि विद्युतीय माध्यमको प्रयोग अत्यावश्यक छ। यसले कार्यसम्पादको गुण र दरलाई सकारात्मक वृद्धि गर्दछ। दण्ड र पुरस्कारको पद्दति बसाउन मद्दत गर्दछ। समय ,दुरी ,लागत ,प्रकृया घटाई कार्यान्वयन सुनिश्चित बनाउँछ। तसर्थ,रणनीतिक योजना कार्यान्वयनका वैदेशिक अभ्यासबाट समेत हामीले सरकारी वकीलको संस्थालाई अग्रगामी सुधार र विकास सुनिश्चित गर्न विद्युतीय कार्यसम्पादन संस्कृति अवलम्बन गरेमा संगठनलाई अग्रगामी रुपान्तरण दिन सकिन्छ।

प्रतिवद्धता र स्वामित्वपनाः

कार्यान्वयनमा सरोकारवाला तथा अधिकारीहरुको प्रभावकारी संलग्नताले कार्यान्वयनलाई सुनिश्चता प्रदान गर्दछ। यसले स्वामित्वपना समेत सुनिश्चित गर्दछ। कार्यान्वयनबाट प्राप्त हुने लाभ र हानीको वाँडफाँड पनि सोही मुताविक हुन्छ। यसबाट सरोकारवाला र सम्बन्धित सबै पक्षलाई नै जिम्मेवार बनाउँछ। तसर्थ,राजनीतिक ,आर्थिक ,सामाजिक तवरबाट कार्यान्वयनमा प्रतिवद्धता आएमा रणनीतिक योजनाको उत्कृष्ट कार्यान्वयन संभव हुने देखिन्छ।

४. उपसंहारः

रणनीतिक योजनाले संगठनको स्रोत साधनलाई प्रभावकारी उपयोग गर्ने व्यवस्थित कार्यपद्दति अवलम्बन गराउँदछ। संगठनलाई जनविश्वासयोग्य र राज्यको सफल संस्थाको रुपमा उभ्याउने माध्यमका रुपमा कार्य गर्दछ। विभिन्न राष्ट्रहरुले सरकारी वकीलको कार्यसम्पादनलाई उत्कृष्ट गराई जनविश्वास प्राप्त

संस्थाको रुपमा मान्यता प्राप्त गर्नका लागि रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयनमा ल्याएको पाइन्छ। यस किसिमका रणनीतिक योजना वार्षिक रुपमा तथा आवधिक तथा दिर्घकालीन समेत देखिन्छन्। ती रणनीतिक योजनाको कार्यान्वयनमा विद्युतीय माध्यमको उपयोग गरी सार्वजनिक अभियोजनलाई उत्कृष्टता प्रदान गर्ने र जनताको विश्वसनीयता प्राप्त गर्दै जनताको सुरक्षालाई सुनिश्चितता प्रदान गर्ने कार्यमा केन्द्रीकृत भएको पाउछौं ।यसका अतिरिक्त संगठनले कर्मचारीप्रति गर्ने व्यवहारले पनि रणनीतिक योजनाको कार्यान्वयनमा असर पर्ने समेत उल्लेख भएको पाइन्छ। यी रणनीतिक योजना कार्यान्वयनका लागि मानवीय तथा भौतिक स्रोत साधनको सुनिश्चितता भए मात्र कार्यान्वयन हुने र संगठनको लक्ष्य तथा उद्देश्य हासिल हुने ती अभ्यासहरुले देखाएको पाइन्छ। महान्यायाधिवक्ताको कार्यालयले हाल कार्यान्वयनमा रहेको रणनीतिक योजनाको कार्यान्वयनमा उल्लिखित विषयहरुको सुनिश्चितता गरी अभ्यास गरेको खण्डमा रणनीतिक योजना सरकारी वकील संगठनको विकासको प्रभावकारी माध्यम हुन सक्ने विश्वास गर्न सकिन्छ।

चतुर्थ खण्डः अनुसूचीहरू

अनुसूची : १

सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलनको घोषणापत्र, २०७७

प्रस्तावना

नेपालको संविधानले महान्यायाधिवक्तालाई प्रदान गरेको संवैधानिक काम, कर्तव्य र अधिकारहरूको व्यावहारिक प्रयोग मार्फत कसूरदारलाई सजाय र पीडितलाई न्याय दिलाउन अग्रसर रहँदै,

संविधान र कानूनले सरकारी वकीललाई सुम्पिएको दायित्व व्यावसायिक रूपमा सम्पादन गर्ने कटिबद्धता प्रकट गर्दै,

अपराध अनुसन्धानलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउनका लागि अनुसन्धानको प्रारम्भिक चरणदेखिनै उपयुक्त मार्गदर्शन गर्नु पर्ने सरकारी वकीलको जिम्मेवारीलाई प्रभावकारीरूपमा सम्पादन गर्ने प्रण गर्दै,

संविधान र कानूनले प्रत्याभूत गरेको अपराध पीडितको हकलाई कार्यान्वयनमा ल्याई व्यावहारिक रूपमा अनुभूति गर्ने अवस्था निर्माण गर्नु पर्ने सरकारी वकीलको भूमिकालाई जिम्मेवारीपूर्वक निर्वाह गरी न्यायमा सहज पहुँच कायम हुने दिशामा विशेष क्रियाशीलता देखाउने विश्वास दिलाउँदै,

मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेतका मुलुकी संहिताहरूको कार्यान्वयनमा एकरूपतापूर्ण अभ्यास गर्ने र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने तर्फ उन्मुख हुदै,

महान्यायाधिवक्ताको कार्यालयले घोषणा गरेको "अभियोजन सुधार वर्ष" लाई सफल बनाउन क्रियाशील रहँदै,

इमान्दारिता, स्वच्छता, निष्पक्षता, सदाचार जस्ता सार्वजनिक जीवनका आदर्श मूल्यहरूलाई सरकारी वकीलको सेवामा रूपान्तरण गरी जनविश्वास प्राप्त र भरोषायुक्त कार्यालयको रूपमा सरकारी वकील कार्यालयलाई स्थापित गर्ने अठोट प्रकट गर्दै,

सरकारी वकीलहरूको पहिलो र दोस्रो राष्ट्रिय सम्मेलनबाट जारी गरिएका घोषणापत्रप्रति पुनः प्रतिबद्धता व्यक्त गर्दै,

संबत् २०७७ साल पौष ८ गतेदेखि १० गतेसम्म अनलाइन मार्फत आयोजना गरिएको सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलनका हामी सहभागी सरकारी वकीलहरू यो घोषणापत्र जारी गर्दछौं।

आभार प्रकट

१. महान्यायाधिवक्ताको कार्यालयको नवनिर्मित भवनको समुद्घाटन एवम् सरकारी वकीलहरूको तेस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटनसहित सरकारी वकीलहरूलाई मार्गदर्शन गर्नु हुने उदघाटन समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, विशेष अतिथि सम्माननीय प्रधानन्यायाधीशज्यू, समापन

समारोहका प्रमुख अतिथि माननीय गृह मन्त्रीज्यू, विशेष अतिथि माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यू, उदघाटन तथा समापन समारोहमा विशिष्ट पदाधिकारीको गरिमामय उपस्थिति र वहाँहरूबाट भएको सम्बोधनप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

२. महान्यायाधिवक्ताको कार्यालयको नयाँ भवन निर्माणका लागि प्रारम्भदेखि उदघाटनको चरणसम्म योगदान दिनु हुने माननीय महान्यायाधिवक्ताज्यूहरू, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण एवम् सो कार्यमा संलग्न अन्य निकाय एवम् पदाधिकारी समय अगावै भवन उपलव्ध गराउने निर्माण व्यवसायी तथा उक्त कार्यका लागि स्रोत उपलव्ध गराउने नेपाल सरकारप्रति हार्दिक आभार प्रकट गर्दछौं।

संहिताहरूको कार्यान्वयन

३. नेपालको फौजदारी न्याय प्रणालीलाई आधुनिकीकरण गर्ने उद्देश्यले जारी भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनी व्यवस्थाको कार्यान्वयनको हालसम्मको अभ्यासको समीक्षा गर्दै उक्त कानूनी व्यवस्थाको प्रयोगमा एकरूपता कायम हुने गरी कार्यान्वयन गर्ने प्रतिबद्धता प्रकट गर्दछौं । ती कानूनहरूको कार्यान्वयनमा देखिएका समस्याहरूलाई सम्बोधन गर्ने गरी कानूनी एवम् संरचनागत पक्षमा आवश्यक सुधार हुने अपेक्षा राख्दछौं । अपराध कानूनको सुधार गर्दा ती कानूनको कार्यान्वयनको प्रभावका बारेमा अनुसन्धानमूलक रूपमा अध्ययन गरिनु पर्ने र त्यस्ता कानूनको सुधारमा अध्ययनको निष्कर्षलाई आधार लिने र सरकारी वकीलहरूको सुझाव समेत लिने व्यवस्था सुनिश्चित गराउन तर्फ सम्बन्धीत निकायको ध्यानाकर्षण गराउँदछौं ।

४. मुलुकी अपराध संहितामा गरिएका व्यवस्था र विशेष कानूनमा भएका कतिपय कानूनी व्यवस्थामा एकरूपता नदेखिएकोले कार्यान्वयनमा जटिलता आएको महसुस गर्दै एउटै विषयमा भिन्नभिन्न कानूनले गरेका व्यवस्थाहरूको पुनरावलोकन गरी एकरूपता कायम गर्नु पर्ने आवश्यकता औंल्याउँदछौं ।

५. सरकारी वकीलको राय लिई वा सरकारी वकीलबाट अभियोजनको निर्णय भई अन्य निकायले अभियोजन गर्ने अभ्यासमा पुनरावलोकन गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले गरेको कानूनी व्यवस्थासँग मेल खाने गरी संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक सबै प्रकारका सरकार वादी मुद्दाहरूको अभियोगपत्र पेश गर्ने कार्य सरकारी वकीलबाट हुने गरी विभिन्न कानूनहरूमा शीघ्र संशोधनको आवश्यकता महसुस गर्दछौं ।

७. मुलुकी अपराध संहिता, २०७४ समेतका विभिन्न कानूनले गरेको वर्हिक्षेत्रीय अधिकार सम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि सम्बन्धीत मुलुकहरूसँग सपुर्दगी र पारस्परिक कानूनी सहायता सम्बन्धी सन्धि संझौता गर्ने सम्बन्धमा नेपाल सरकारबाट यथाशीघ्र आवश्यक प्रक्रिया अघि बढ्ने अपेक्षा राख्दछौं ।

८. अपराध अनुसन्धान र अभियोजनमा सुधार गर्न झुट्टा वा भ्रमपूर्ण वा काल्पनिक जाहेरीलाई तामेलीमा राख्ने, कसूरको गम्भीरताका आधारमा हिरासतमा नराखी धरौटी, जमानत वा तारिखमा राखी अनुसन्धान गर्न सकिने, सजायको मागदावीमा छुट दिन सकिने समेतका मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अंगिकार गरेका प्रावधानहरूलाई कार्यान्वयनमा ल्याउन प्रतिबद्ध रहेका छौं । सो

प्रयोजनका लागि सरोकारवाला निकायहरूसँग समन्वय गरी आवश्यक पर्ने मापदण्ड, कार्यविधि एवम् निर्देशिका शीघ्रतापूर्वक जारी हुने अपेक्षा गर्दछौं ।

९. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ मा सार्वजनिक हितका दृष्टिकोणबाट मुद्दा चलाउन उपयुक्त नदेखिएको अवस्थामा खास किसिमका सानातिना कसूरमा अभियोजन नगर्ने सिद्धान्तलाई आत्मसात गरिएको भए पनि सजाय सीमाका कारण उक्त कानूनी व्यवस्थाको सार्थक प्रयोग हुन नसकेको यर्थाथतालाई दृष्टिगत गरी सोसम्बन्धी सजायको सीमा पुनरावलोकन हुनु पर्ने आवश्यकता औंल्याउँदछौं ।

१०. नेपालको संविधानले अपराध पीडितको हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको सन्दर्भमा सरकार वादी फौजदारी मुद्दाका पीडितहरूलाई अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादनको क्रममा सहभागी गराउने, आवश्यक जानकारी दिने, उचित सहायता र संरक्षण गर्ने लगायत अपराध पीडित संरक्षण ऐन, २०७५ ले गरेका व्यवस्थाको कार्यान्वयनका लागि उच्च प्रतिबद्धता व्यक्त गर्दछौ । सो प्रयोजनका लागि साक्षी संरक्षण सम्बन्धी कानून, अपराध पीडित संरक्षण नियमावली लगायतका कानूनी प्रबन्ध प्राथमिकतापूर्वक हुने अपेक्षा गर्दछौ । पीडित राहत कोष सञ्चालन तथा व्यवस्थापनमा पीडितका तर्फबाट प्रतिनिधित्व गर्ने सरकारी वकीलको संलग्नता नरहेको तर्फ गम्भीर ध्यानाकर्षण गराउँदछौं । अपराध पीडितलाई सहयोग र पुनस्थापनाका लागि मनोसामाजिक परामर्श समेतका सेवाहरू उपलव्ध गराउन आवश्यक पर्ने दक्ष जनशक्तिसहितको संरचनाको निर्माण हुनु पर्ने आवश्यकता महसुस गर्दछौं ।

सुधारात्मक दण्ड व्यवस्थाको कार्यान्वयन

११. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले कसूरदारको पुनस्थापना तथा सुधारका लागि गरेका व्यवस्थाहरू अझै पनि पूर्णरूपमा लागू हुन सकेका छैनन् । सर्वोच्च अदालतले समेत सो ऐनका लागू नभएका व्यवस्थाहरू लागू गर्नका लागि आदेशसमेत गरेको सन्दर्भमा प्रोवेसन, प्यारोल, सामुदायिक सेवा, रात्रीकालीन कारावास, सप्ताहन्त कारावास, कैद वापतको श्रम समेतका सम्पूर्ण व्यवस्थाहरू लागू गर्नु पर्ने र कारागारको भौतिक अवस्थामा सुधार हुनु पर्ने आवश्यकता

औंल्याउदछौं । यसका लागि प्राथमिकतापूर्वक कानूनी एवम् भौतिक पूर्वाधार र स्रोत साधनको उचित प्रबन्ध हुने विश्वास प्रकट गर्दछौं ।

अभियोजन नीति

१२. महान्यायाधिवक्ताको कार्यालयले आ.व. २०७७।०७८ लाई अभियोजन सुधार वर्ष घोषणा गरेको सन्दर्भमा अभियोजन सम्बन्धी कार्यलाई थप वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन विद्यमान अभियोजन नीति र मार्गदर्शनलाई पुनरावलोकन गरी पछिल्लो समयमा जारी भएका कानूनी व्यवस्थासमेतसँग मेल खाने र सरकारी वकीललाई मार्गदर्शन गर्ने गरी यथाशीघ्र अभियोजन नीति तथा मार्गदर्शन जारी हुने अपेक्षा राख्दछौं ।

सेवा शर्त सम्बन्धी कानून

१३. नेपालको संविधानको धारा १६१ ले सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने कर्मचारीहरूको सेवा शर्त र सुविधा सम्बन्धी कानून बनाउनु पर्ने व्यवस्था गरेको सन्दर्भमा सो

कानून बनाउन विगतदेखि नै सम्मेलनका घोषणापत्रमा उल्लेख गर्दै आइएको विषयलाई स्मरण गर्दै सरकारी वकीलको व्यावसायिकता विकासका लागि सो ऐन प्राथमिकतापूर्वक जारी हुनेछ भन्ने विश्वास व्यक्त गर्दछौं ।

१४. निरन्तर रूपमा बहस पैरवी र प्रतिरक्षामा संलग्न रहने सरकारी वकीलहरू निजामती कर्मचारी मात्र नभई व्यावसायिक वकील पनि भएकोले सरकारी वकीलको रूपमा गरिएको कार्य अनुभवलाई कानून व्यवसाय गरेको अनुभवको रूपमा समेत गणना हुने व्यवस्था गर्न आग्रह गर्दछौं ।

समन्वय

१५. अपराध अनुसन्धानमा सुधार भएमा मात्र अभियोजनमा सुधार गर्न सम्भव हुने यथार्थलाई आत्मसात गरी अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूको समन्वयलाई अझ प्रभावकारी बनाउनु पर्ने आवश्यकताबोध गर्दछौं । त्यसैगरी न्याय क्षेत्रका सबै सरोकारवालाहरूको आपसी समन्वयलाई प्रभावकारी बनाई अपराध अनुसन्धान, अभियोजन र न्याय सम्पादन कार्यमा सुधार गर्न हामी प्रतिबद्ध रहेका छौं ।

मुद्दाको व्यवस्थापन

१६. न्याय सम्पादन प्रक्रियामा सुधारका लागि न्यायालयले अगाडि बढाएको फरक मुद्दाको फरक व्यवस्थापन समेतका कार्यक्रमहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउने र समयमा मुद्दा मामिलाको किनारा गर्ने कार्यमा सरकारी वकीलहरूको सदैव सहयोग रहनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

स्वीकृत मापदण्ड पालना

१७. सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान तथा अभियोजन विशुद्ध व्यावसायिक कार्य भएकोले सो कार्यमा कुनै पनि प्रकारको हस्तक्षेप वा अनुचित प्रभाव स्वीकार्य हुने छैन । अभियोजनकर्ताका लागि सर्वस्वीकृत अन्तर्राष्ट्रिय मापदण्ड, राष्ट्रिय कानून एवम् न्यायिक अभ्यासबाट विकासित भएका सिद्धान्त र मान्यता एवम् सरकारी वकीलको आचार संहितालाई अझ प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउनका लागि प्रतिबद्ध रहेका छौं ।

विधिविज्ञान प्रयोगशालाको सुदृढीकरण

१८. महान्यायाधिवक्ताको कार्यालयको प्रयत्नसमेतबाट राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको दुई वटा प्रादेशिक कार्यालयहरू स्थापना भएकोमा खुशी प्रकट गर्दै सबै प्रदेशमा दक्ष जनशक्ति र आधुनिक उपकरण सहितको विधिविज्ञान प्रयोगशालाको शीघ्र स्थापना हुनु पर्ने आवश्यकता औंल्याउँदछौं । विधिविज्ञान र मेडिको लिगल क्षेत्रलाई नियमन गर्नका लागि छुट्टै कानूनको आवश्यकता महसुस गर्दै प्राथमिकतापूर्वक त्यस्तो कानून तर्जुमा हुने विश्वास प्रकट गर्दछौं ।

सार्वजनिक हितको संरक्षण

१९. सार्वजनिक हित र सार्वजनिक सम्पत्ति सम्बन्धी विवादमा नेपाल सरकारको तर्फबाट प्रतिनिधित्व गर्दा तथा कानूनी राय उपलब्ध गराउँदा संविधान र कानूनले निर्धारण गरेको परिधिभित्र रही सार्वजनिक हित र सार्वजनिक सम्पत्तिको संरक्षणको पक्षमा प्रस्तुत हुने अठोट प्रकट गर्दछौं ।

दिशान्तर सम्बन्धी व्यवस्थामा सुधार

२०. बाल न्यायको अवधारणालाई अंगिकार गरी जारी भएको बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरेको दिशान्तर सम्बन्धी व्यवस्थामा निर्धारण गरिको विगो वा जरिवानाको सीमाका कारण उक्त व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन नसकिएको हुँदा सो कानूनी व्यवस्थालाई पुनरावलोकन गरी प्रभावकारी रूपमा कार्यान्वयनयोग्य बनाउन आवश्यकता दर्शाउँदछौं ।

रणनीतिक योजना सम्बन्धी

२१. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनबाट सरकारी वकील कार्यालयको संस्थागत सुधार र सरकारी वकीलको व्यावसायिकता विकासका लागि उल्लेख्य सहयोग पुगेको महसुस गर्दै आगामी तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाको प्राथमिकता अपराध अनुसन्धान र अभियोजनमा सुधार, पीडित तथा साक्षी संरक्षण र सरकारी वकीलको व्यावसायिकता प्रबद्र्धन तथा सबै तहका जनशक्तिलाई उत्प्रेरित गर्ने दिशामा केन्द्रित हुनु पर्ने धारणा प्रकट गर्दछौं। आगामी योजनाको निर्माण र कार्यान्वयनका लागि हामी सक्रियतापूर्वक सहभागी हुनेछौं ।

घोषणापत्रको कार्यान्वयन

२२. सरकारी वकीलहरूको प्रथम र दोस्रो राष्ट्रिय सम्मेलन तथा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको पहिलो र दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित भएका घोषणापत्रमा उल्लिखित धेरै विषयहरू कार्यान्वयनको क्रममा आएकोमा सन्तोष प्रकट गर्दै कार्यान्वयनमा आउन बाँकी विषयहरू समेत प्राथमिकतापूर्वक कार्यान्वयन गरी संस्थागत सुधार र व्यावसायिकता विकासका लागि प्रकट भएका हाम्रा अपेक्षा पूरा हुने विश्वास व्यक्त गर्दछौं ।

कृतज्ञता ज्ञापन

२३. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधारका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलप्रति यो सम्मेलन हार्दिक कृतज्ञता ज्ञापन गर्दछ । यो सम्मेलनको आयोजना र व्यवस्थापनमा संलग्न रहनु भएका सबै सरकारी वकील तथा कर्मचारीहरू एवम् सहयोग पुर्‍याउनु हुने सबैमा यो सम्मेलन हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

इति संवत् २०७७ साल पौष १० गते रोज ६ शुभम् .....।

अनुसूची : २

नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७५

प्रस्तावना

विधिको शासन लोकतन्त्रको प्रमुख आधारशीला हो भन्ने मान्यतामा आस्था प्रकट गर्दै मुलुकको सम्बृद्धिका लागि विधिको शासन कायम गर्न विद्यमान कानूनको प्रभावकारी कार्यान्वयन गर्न आफ्नो क्षेत्रबाट क्रियाशीलता प्रदर्शन गर्ने प्रतिबद्धता जनाउदै,

नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकारको रूपमा महान्यायाधिवक्तालाई संविधानले सुम्पिएको जिम्मेवारीलाई थप प्रभावकारी बनाई कानूनको शासनको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्नु पर्ने आवश्यकता महशुस गर्दै,

फौजदारी न्याय प्रणाली मुलुकको शान्ति सुव्यवस्था र अमनचयनसँग अन्योन्याश्रित रहेको र नागरिकको स्वतन्त्रता र समाजमा सुव्यवस्था कायम राख्न समक्ष र प्रभावकारी फौजदारी न्याय प्रशासन स्थापित हुनु पर्दछ भन्ने मान्यतालाई केन्द्रमा राख्दै,

नेपालको कानून प्रणालीको आधुनिकीकरण गर्दै जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरूको प्रभावकारी कार्यान्वयन गरी अपराध अनुसन्धानलाई औचित्यका आधारमा मार्गदर्शन गर्ने र अभियोजनसम्बन्धी निर्णय गर्ने अधिकारको प्रयोग गर्दा स्वतन्त्रतापूर्वक वैज्ञानिक र बस्तुनिष्ठ आधारमा गरिनु गर्ने र स्वच्छ सुनुवाइ र मानव अधिकारका आधारभूत मूल्य मान्यताको प्रभावकारी कार्यान्वयन हुनु पर्दछ भन्ने मान्यतालाई अंगिकार गर्दै,

सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षा एवम् सार्वजनिक हितको संरक्षणमा सरकारी वकीलले नेतृत्वदायी भूमिका निर्वाह गर्न व्यावसायिकता विकास गर्न अग्रसर हुनु पर्दछ भन्ने मान्यतालाई मनन् गर्दै,

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको कार्य सम्पादनलाई वस्तुगत, उत्तरदायी, पारदर्शी, सहभागितामूलक एवम् कानून तथा न्यायका मान्य सिद्धान्त बमोजिम सञ्चालन गरी सेवा प्रवाहलाई अझै बढी प्रतिस्पर्धी, प्रभावकारी र जनविश्वासयोग्य बनाउनु पर्ने आवश्यकताबोध गर्दै,

सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलनमा जारी भएको घोषणापत्रको कार्यान्वयनबाट सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुधारमा सकारात्मक योगदान पुगेको महशुस गरी सो घोषणापत्रमा समावेश भएका विषयमा पुनः प्रतिबद्धता व्यक्त गर्दै,

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित भई कानूनको शासन प्रबद्र्धन गर्ने महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य (Vison) हासिल गर्ने उद्देश्यले वि.सं. २०७५ साल पौष ८ गतेदेखि १० गतेसम्म काठमाडौंमा आयोजना गरिएको नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनमा सहभागी हामी सरकारी वकीलहरू यो घोषणापत्र जारी गर्दछौं ।

आभार प्रकट

१. "वैज्ञानिक र बस्तुनिष्ठ अभियोजन, अपराध संहिताको प्रभावकारी कार्यान्वयन" भन्ने मूल नाराका साथ आयोजना गरिएको नेपालका सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटन गरी सरकारी वकीलको कार्य सम्पादनमा दिशानिर्देश गर्ने गरी गर्नु भएको सम्बोधनका लागि सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी

भण्डारीज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।उदघाटन समारोहका विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यूबाट सरकारी वकीलको व्यावसायिकता विकास र सरकारी वकील कार्यालयको संस्थागत सुदृढीकरणका लागि व्यक्त भएको प्रतिबद्धताप्रति हार्दिक आभार प्रकट गर्दछौं ।सम्मेलनमा उपस्थित भई मन्तव्य व्यक्त गरिदिनु हुने सम्मानीय प्रधान न्यायाधीशज्यू, राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू तथा अन्य विशिष्ट पदाधिकारीहरूको गरिमापूर्ण उपस्थिति एवम् समापन समारोहका प्रमुख अतिथि माननीय गृह मन्त्रीज्यू तथा माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्रीज्यूको उपस्थिति तथा सम्बोधनका लागि हार्दिक आभार प्रकट गर्दछौं ।

२. सरकारी वकीलहरूलाई अन्तर्राष्ट्रिय अनुभवसँग परिचित गराउन र अन्तर्राष्ट्रिय मञ्चमा पहुँच अभिवृद्धि गर्नका लागि International Association of Prosecutors (IAP) को सदस्यता लिने प्रक्रिया अगाडि बढाइएको र नेपाल सरकारबाट सो प्रयोजनका लागि स्वीकृति समेत प्राप्त भएको जानकारीले सबै सरकारी वकीलहरू उत्साहित भएका छौं । यसका लागि सम्मानीय प्रधानमन्त्रीज्यू तथा नेपाल सरकारप्रति हार्दिक आभार प्रकट गर्दछौं ।

नयाँ संहिताको कार्यान्वयन

३. नेपालको कानून प्रणालीलाई आधुनिकीकरण गर्दै जारी भएका मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरू लागू भएकोमा हर्ष प्रकट गर्दछौं । फौजदारी न्यायका आधारभूत सिद्धान्त र मूल्य मान्यता एवम् सभ्य समाजले अवलम्बन गरेका मानव अधिकार संरक्षणका सफल अभ्यासलाई समेत एकीकरण गरी संहिताबद्ध गरिएका ती कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारी वकीलहरू अग्रसर रहेका छौं ।संहिताहरूले फौजदारी न्याय प्रणालीमा सरकारी वकीलको भूमिकामा विस्तार गरी थप गरिदिएका जिम्मेवारी उत्तरदायित्वपूर्वक पालना गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।संविधानमा अन्यथा व्यवस्था गरिएकोमा बाहेक सबै प्रकारका सरकार वादी मुद्दाको अभियोजन सरकारी वकीलबाट गरिनु पर्ने गरी संविधान र संहितामा गरिएका व्यवस्थासँग मेल खाने गरी सम्बन्धीत कानूनहरू संशोधनका लागि नेपाल सरकारबाट यथाशीघ्र कार्य अगाडि बढाउने अपेक्षा राख्दछौं ।

४. मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहितामा भएका व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि प्रारम्भ गरिएको पुनरावलोकनको प्रक्रिया छिट्टै निष्कर्षमा पुग्ने विश्वास प्रकट गर्दछौं ।मुलुकी अपराध संहिताले बहिक्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गरी क्षेत्राधिकार विस्तार गरेको सन्दर्भमा सोको प्रभावकारी कार्यान्वयनका लागि सपुर्दगी र पारस्परिक कानूनी सहायता प्राप्त गर्न सकिने गरी आवश्यक प्रबन्ध हुनका लागि नेपाल सरकारबाट प्रक्रिया प्रारम्भ हुनु पर्ने आवश्यकताबोध गर्दछौं ।

५. मुलुकी अपराध संहिताको कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयबाट भएको अग्रसरताले पारेको सकारात्मक प्रभावको उचित मूल्यांकन गरी फौजदारी न्याय प्रशासनसँग सम्बन्धीत नयाँ कानूनहरूमा समावेश भएका नयाँ विषयवस्तुहरूका बारेमा कानून कार्यान्वयन गर्ने जिम्मेवारी रहेका सरकारी वकीलहरूलाई निरन्तर प्रशिक्षण र अभिमुखीकरण गरी जनशक्ति विकास गर्ने कार्यक्रमहरू सञ्चालन हुने अपेक्षा राख्दछौं ।अपराध अनुसन्धानका लागि समेत सोही अनुसार विशिष्टीकृत जनशक्तिको विकास गर्नु पर्ने आवश्यकता दर्शाउँदछौं ।

अपराधको अनुसन्धान तथा अभियोजन

६. अपराध अनुसन्धान र अभियोजनको स्वच्छता र विश्वसनीयता अभिवृद्धिका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको सदाचार र निष्ठापूर्ण योगदान आवश्यक पर्दछ । असल नियतले गरिएका कानून बमोजिमका कार्यहरूलाई कानूनले संरक्षण गरेको अवस्था छ । अपराध अनुसन्धान र अभियोजनका लागि कानूनले दिएको अख्तियारीको दुरूपयोगको संरक्षणका लागि कुनै पनि कानूनी व्यवस्था रक्षाकवच हुन सक्दैन । अपराध अनुसन्धान र अभियोजनमा हुने लापरवाही र जिम्मेवारीमा बसेका व्यक्तिहरूबाट गरिने बद्रियतपूर्ण कार्यको प्रभाव सिंगो राज्य व्यवस्थाले व्यहोर्नु पर्ने हुन्छ । यसको नकारात्मक प्रभाव सिंगो फौजदारी न्याय प्रशासन उपर नै पर्न सक्ने अवस्था रहन्छ । यसले कानून कार्यान्वयन गर्ने निकायको विश्वसनीयतामा समेत प्रश्न उठाउन सक्ने अवस्था सिर्जना हुने हुँदा त्यस्ता कार्यलाई छानविन गरी कारवाहीको दायरामा ल्याउने र राज्य व्यवस्थाप्रति जनविश्वास अभिवृद्धि गर्नेतर्फ क्रियाशील हुन सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं ।

७. फौजदारी न्याय प्रशासनको प्रभावकारिताका लागि अपराधको अनुसन्धान र अभियोजन बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित हुनु पर्ने मान्यतामा अटुट विश्वास प्रकट गर्दै प्रमाणको वैज्ञानिक परीक्षण गर्नका लागि अनुसन्धानकर्ताको पहुँचमा प्रयोगशालाको विस्तार र आधुनिकीकरण गरी विश्वसनीयता अभिवृद्धि गरिनु पर्ने विषयलाई प्राथमिकतापूर्वक कार्यान्वयनमा ल्याउन विशेष ध्यानाकर्षण गर्दछौं । साथै अपराध अनुसन्धानको क्रममा आवश्यक पर्ने राज्यको कुनै पनि निकायसँग रहेका सबै प्रकारका सूचना तथा जानकारी एवम् अभिलेख सहज र सुलभ तरिकाले अनुसन्धानकर्तालाई उपलव्ध हुने व्यवस्था हुन आवश्यक प्रबन्ध हुने विश्वास प्रकट गर्दछौं ।

८. अपराध अनुसन्धान र अभियोजनलाई वैज्ञानिक र बस्तुनिष्ठ बनाउन विधिविज्ञानको महत्व रहन्छ। अपराध अनुसन्धानको क्रममा विधिविज्ञानको प्रयोगलाई अझ प्रभावकारी बनाउनु पर्ने आवश्यकता देखिएको छ । सोका लागि आवश्यक पर्ने संरचना, कानून, जनशक्ति एवम् स्रोत साधनको उचित व्यवस्था हुने र वैज्ञानिक परीक्षणको विश्वसनीयता अभिवृद्धि हुने गरी सरकारबाट प्राथमिकतापूर्वक आवश्यक प्रबन्ध हुने कुरामा जोड दिन्छौं ।

९. अपराधका स्वरूप र प्रवृत्तिमा देखिएका नयाँ नयाँ आयामहरू एवम् अपराधमा प्रविधिको उच्च प्रयोग गर्ने अभ्यासले अनुसन्धान र अभियोजनमा चुनौती सिर्जना भएको छ । यस्ता चुनौतीलाई सम्बोधन गर्न अपराध अनुसन्धान र अभियोजन गर्ने जनशक्तिको विशिष्टीकरण गर्नु पर्ने र अनुसन्धान गर्ने एकाईहरूलाई स्रोत साधन र प्रविधियुक्त बनाई क्षमता अभिवृद्धि गर्नु पर्ने आवश्यकताबोध गर्दछौं ।

१०. फौजदारी न्याय प्रशासनका लागि अनुसन्धान र अभियोजन अन्योन्याश्रित रहेको यथार्थतालाई मनन् गर्दै अनुसन्धान अधिकृतको स्वायत्तता र विशेषज्ञताको सम्मान गर्दै अभियोजनकर्ताबाट अनुसन्धान प्रक्रियाको वैधतामा प्रश्न उठ्न नसक्ने तर्फ विशेष ध्यान दिँदै मुलुकी फौजदारी कार्यविधि संहिताले अपराध अनुसन्धानका समयमा सरकारी वकीललाई सुम्पिएको दायित्व प्रभावकारी रूपमा पालना गरी अनुसन्धानलाई बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउनका लागि निर्देशन दिने र अनुसन्धानकर्तालाई राय प्रदान गर्ने विषयमा उचित अभ्यास गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।

११. फौजदारी कसूरमा सजाय निर्धारणका लागि जारी भएको नयाँ कानूनी व्यवस्थाको अभ्यास र यसले बोकेका मूल्यको बारेमा अनुसन्धानकर्ता र अभियोजनकर्तालाई समेत प्राथमिकतापूर्वक अभिमुखीकरण गर्नु पर्ने र अन्य मुलुकमा भएका सफल अभ्यासको बारेमा जानकारी दिनु पर्ने आवश्यकता बोध गर्दछौं । कसूरदारलाई सुधार

गर्नु पर्ने आधुनिक सर्वस्वीकार्य मान्यतामा आधारित भई आएको यस कानूनको उचित र सफल कार्यान्वयन हुने कुरामा आशावादी छौं । यसका लागि सजाय निर्धारण सुझाव समितिले आवश्यक मार्गदर्शन गर्ने अपेक्षा राख्दछौं । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले गरेको व्यवस्था मुताविक प्रोवेसन, प्यारोल, सामुदायिक सेवा, खुला कारागार तथा पीडित राहत कोष जस्ता नवीन मान्यताहरू प्राथमिकतापूर्वक कार्यान्वयनमा आँउने अपेक्षा राख्दछौं ।

१२. कुनै पनि प्रकारको यातनालाई अस्वीकार गर्ने राज्यको प्रतिबद्धता संविधानमा प्रत्याभूत गरिएको यातना विरुद्धको मौलिक हक र मुलुकी अपराध संहितामा यातनालाई कसूर घोषणा गरेकोबाट स्पष्ट भैसकेको छ । संयुक्त राष्ट्र संघले अभियोजनकर्ताका लागि जारी गरेको मार्गदर्शनमा समेत यातना वा यस्तै अन्य गैरकानूनी तरिकाबाट प्राप्त भएका शंकित विरुद्ध संकलित प्रमाण अस्वीकार गर्नु पर्ने भनिएको छ । उक्त संवैधानिक तथा कानूनी व्यवस्था र अन्तर्राष्ट्रिय मापदण्ड विरुद्ध अपराध अनुसन्धानमा हुने यातनालाई अभियोजनकर्ताहरू अस्वीकार गर्दछौं । र, संविधानले न्याय सम्बन्धी हकमा प्रत्याभूत गरेका स्वच्छ सुनुवाइको अधिकारको प्रभावकारी कार्यान्वयन गर्ने तर्फ प्रतिबद्धता व्यक्त गर्दछौं ।

मौलिक हकको कार्यान्वयन

१३. नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हकको कार्यान्वयनका लागि बनेका कानूनहरूले संविधानवादको आदर्शलाई व्यवहारमा रूपान्तरण गर्न सहयोग पुर्‍याएको अनुभूत गर्दै ती कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि आफ्नो क्षेत्रमा क्रियाशील रहने छौं । खासगरी अपराध पीडितको संरक्षण र बालबालिकासम्बन्धी ऐनले गरेका नयाँ व्यवस्था मुताविक अपराध अनुसन्धान र अभियोजनको कार्यलाई अझै प्रभावकारी बनाउने प्रयत्न गर्नेछौं । अपराध पीडितलाई न्याय प्रदान गर्ने जिम्मेवारी र अभिभारा अनुसन्धान र अभियोजनमा संलग्न रहने निकायको प्राथमिकताको विषय हो ।अपराध अनुसन्धान र अभियोजनका क्रममा पीडितका अधिकारको संरक्षण गर्नु पर्ने जिम्मेवारीप्रति दृढतापूर्वक क्रियाशील हुने प्रतिबद्धता प्रकट गर्दै अपराध पीडितको उद्धार, उपचार, संरक्षण, क्षतिपूर्ति र पुनस्थापनाका लागि आवश्यक पूर्वाधार प्राथमिकतापूर्वक निर्माण गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

१४. बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि समेतका अन्तर्राष्ट्रिय मापदण्ड र नेपालले व्यक्त गरेका प्रतिबद्धता अनुरूप मुलुकी अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता र बालबालिका सम्बन्धी ऐनको कार्यान्वयनका लागि बाल सुधार गृहको विस्तार र आवश्यक पूर्वाधार निर्माणको लागि प्राथमिकतापूर्वक कार्य सम्पादन हुने विश्वास व्यक्त गर्दछौं ।

१५. सरकार वादी फौजदारी मुद्दाको सफलताको मापन कसूरदारलाई सजाय र पीडितलाई न्याय प्रदान गरी मात्र गर्न सकिन्छ । सो प्रयोजनका लागि सरकार वादी मुद्दाका साक्षीको संरक्षणका लागि प्राथमिकतापूर्वक छुट्टै कानून निर्माण गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।साक्षीको समुचित संरक्षण हुन नसकेका कारण गम्भीर प्रकृतिका मुद्दाका कसूरदारहरूले उन्मुक्ति पाउन सक्ने जोखिमलाई न्यूनीकरण गर्नका लागि लगातार सुनुवाइको प्रक्रियालाई अझ प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याउन क्रियाशील हुनेछौं ।

व्यावसायिकता विकास र विशिष्टीकरण

१६. सरकारी वकीलको व्यावसायिकता विकास आजको आवश्यकता हो । व्यावसायिकता विकासका लागि राज्यको लगानी र सरकारी वकीलको अग्रसरता दुवै सँगसँगै क्रियाशील हुनु पर्ने आवश्यकता पर्दछ । निरन्तर अध्ययन अनुसन्धानबाट आफ्नो दक्षता र क्षमतामा गुणात्मक वृद्धि गर्दै सरकारी वकीलको सेवालाई

व्यावसायिक बनाउन प्रयत्नशील रहनेछौं । त्यसका लागि आवश्यक स्रोत साधन र पूर्वाधारको प्रबन्ध गरी उचित कार्य वातावरण निर्माण गर्ने कार्यमा सरकारले प्राथमिकता प्रदान गर्ने अपेक्षा राख्दछौं ।सरकारी वकीलको व्यावसायिक स्वतन्त्रता र उन्मुक्तिका प्रावधानहरू पेशागत र व्यावसायिक कार्यको संरक्षणका लागि गरिएको हो भन्ने विषयलाई आत्मबोध गर्दै ती विषयहरू कुनै गैरकानूनी र गैरव्यावसायिक कार्यको संरक्षणका आधार हुने छैनन् भन्ने मान्यताप्रति अटुट विश्वास प्रकट गर्दछौं ।

१७. सरकारी वकीलको विशिष्टीकरण व्यावसायिकता विकासको आधार हो ।महान्यायाधिवक्ताको कार्यालयबाट विषयगत आधारमा सरकारी वकीलको विशिष्टीकरण गर्ने कार्य प्रारम्भ भएको विषयलाई सकारात्मक रूपमा लिँदै सरकारी वकीलको कार्यक्षेत्रका विषयवस्तुको विविधतालाई सम्बोधन गर्ने गरी उत्तराधिकार योजना सहित इच्छुक सबै सरकारी वकीलहरूले विशिष्टीकरणको प्रक्रियामा सहभागिता जनाउन पाउने गरी आवश्यक प्रबन्ध हुने अपेक्षा गर्दछौं ।संविधानले मार्गदर्शन गरे बमोजिम सरकारी वकील र महान्यायाधिवक्ता अन्तर्गतका अन्य कर्मचारीहरूको सेवा शर्त सम्बन्धी कानून प्राथमिकतापूर्वक तर्जुमा हुने अपेक्षा राख्दछौं ।

सरकारको प्रतिनिधित्व र प्रतिरक्षा

१८. पछिल्लो समयमा विवादको विषयसँग सम्बद्ध नभएका सरकारी निकायहरूलाई समेत विपक्षी बनाउने प्रचलन बढ्दै गएको र कुनै निर्णय वा काम कारवाही नगरिकनै मुद्दाको पक्षको रूपमा प्रतिवाद गर्ने प्रक्रियामा सहभागी हुनु पर्ने अवस्थाले न्यायालय एवम् अन्य सरोकारवाला निकायको कार्यबोझमा अनावश्यक विस्तार गरेको छ।यस विषयलाई गम्भीरतापूर्वक विचार गरी सरोकारवाला निकाय र निर्णय वा काम कारवाहीसँग प्रत्यक्ष सम्बन्धीत निकायहरूलाई मात्र प्रतिवादी वा प्रत्यर्थी बनाउने अभ्यासको विकास गर्न सम्बद्ध सबैमा हार्दिक अपिल गर्दछौं ।

१९. सार्वजनिक र सरकारी सम्पत्तिको अभिभावकीय भूमिका सरकारको रहेको हुँदा त्यस्ता सम्पत्ति सम्बन्धी विवादमा सरकारी वकील सँधै सार्वजनिक वा सरकारी सम्पत्ति संरक्षणको पक्षमा क्रियाशील रहिआएका छौं ।आगामी दिनमा पनि सोही अनुरूप क्रियाशील हुने र उक्त मान्यता विपरीत सार्वजनिक र सरकारी सम्पत्तिको संरक्षणको विरुद्धमा भएका कुनै पनि निर्णय तथा काम कारवाहीको पक्षमा प्रतिनिधित्व गर्न नसकिने व्यहोरा यसै घोषणापत्र मार्फत सार्वजनिक गर्दछौं ।

२०. नेपालको संविधानले महान्यायाधिवक्तालाई सरकारको प्रमुख कानूनी सल्लाहकारको जिम्मेवारी दिएको सन्दर्भमा महान्यायाधिवक्ताको पूर्व सहमति बेगर अन्य निकाय वा व्यक्तिसँग कानूनी राय लिई गरिएका निर्णय र देखादेखी कानूनी त्रुटि गरी भएका सरकारी निर्णयको सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने पहिलो सम्मेलनको घोषणापत्रको व्यवस्था पुनः स्मरण गराउन चाहन्छौं ।

२१. सरकारी पक्षलाई प्रत्यर्थी बनाई दायर हुने रिट निवदेनमा प्रतिरक्षाका लागि सम्बन्धीत निकायले सरकारी वकीललाई आवश्यक सूचना, जानकारी, निर्णय र कागजात उपलव्ध गराएको अवस्थामा प्रभावकारी रूपमा प्रतिरक्षा र प्रतिनिधित्व गर्न सहज भएको र सम्बन्धीत निकायबाट त्यस्तो सहयोग हुन नसक्दा प्रतिनिधित्व गर्न असहज हुने गरेको यथार्थता दर्शाउदै सबन्धित निकायबाट प्रतिनिधित्व र प्रतिरक्षाका लागि आवश्यक सूचना, जानकारी र निर्णय एवम् कागजात उपलव्ध नभएको अवस्थामा सरकारी वकीलले प्रतिरक्षा गर्न नसक्ने बाध्यात्मक अवस्था आइपर्ने व्यहोरा सम्बद्ध सबैमा अनुरोध गर्दछौं ।

कानूनको आधुनिकीकरण

२२. समाजको गतिशीलतासँगै कानूनी व्यवस्थामा पुनरावलोकन गर्नु पर्ने आवश्यकता पर्दछ । सोही मान्यताका आधारमा हाल कार्यान्वयनमा रहेका फौजदारी कानूनहरूको आधुनिकीकरण गर्नु पर्ने आवश्यकता अझै देखिएको छ ।महान्यायाधिवक्ताबाट पेश गरिएका वार्षिक प्रतिवेदनमा समेत कानूनको आधुनिकीकरण र पुनरावलोकनका लागि सुझावहरू प्रस्तुत हुँदै आएका छन् । सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धीत कानूनको पुनरावलोकनको क्रममा सरोकारवालाको रूपमा सरकारी वकीलको सहभागिता कायम हुने व्यवस्था हुने अपेक्षा राख्दछौं ।

२३. लागू औषध, आखेटोपहार, विदेशी मुद्राको अवैध कारोवार, बैंकिङ कसूर, मानव बेचबिखन जस्ता संगठित अपराधको रूपमा विकसित हुँदै गरेका गम्भीर अपराधको नियन्त्रणका लागि सम्बन्धीत कानूनको आधुनिकीकरण गर्नु पर्ने आवश्यकता बोध गर्दछौं । विद्युतीय माध्यमको प्रयाग गरी वा विद्युतीय माध्यमलाई लक्षित गरी गरिने अपराधको मात्रामा भएको वृद्धि र यसको गहनतालाई दृष्टिगत गरी सो सम्बन्धी कानूनको पुनरावलोकन गर्नु पर्ने र सहज पहुँच कायम हुने गरी सूचना प्रविधि न्यायाधिकरणको स्थापना गर्नु पर्ने आवश्यकताबोध गर्दछौं ।

सरकारी वकीलको संगठन संरचना र दरबन्दी

२४. यसै वर्ष सरकारी वकीलहरूको संगठन संरचना र दरबन्दीमा केही पुनरावलोकन भएको छ । सरकारी वकील र सहायक एवम् सहयोगीस्तरका केही दरबन्दी थप पनि भएका छन् ।तर सरकारी वकीलको कार्यबोझको तुलनामा कायम भएको दरबन्दी पर्याप्त रहेको छैन ।अधिक कार्यबोझले कार्य सम्पादनको गुणात्मकतालाई नकारात्मक प्रभाव पारिरहेको अवस्था छ ।विगत पाँच वर्षमा सरकारी वकीलले प्रतिनिधित्व र प्रतिरक्षा गर्नु पर्ने मुद्दाको संख्या ४० प्रतिशतले वृद्धि भएको छ ।मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरू तथा नयाँ कार्यविधिले सरकारी वकीलको कार्यक्षेत्रलाई निक्कै विस्तार गरेको अवस्था छ ।कतिपय नयाँ विषयहरू अपराध घोषित भएका छन् । गम्भीर प्रकृतिका मुद्दाको संख्या पनि क्रमशः बढ्दो रूपमा रहेको छ ।कतिपय मुद्दामा समूहगत रूपमा सरकारी वकीलले प्रतिनिधित्व गर्नु पर्ने आवश्यकता समेत देखिएको छ ।सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलनले प्रति दुई सय मुद्दाको अनुपातमा एक जना सरकारी वकीलको दरबन्दी कायम हुने गरी दरबन्दी संरचनाको पुनरावलोकनको आवश्यकता दर्शाएकोमा संहिताका व्यवस्था कार्यान्वयनका लागि शुरु तहको सरकारी वकील कार्यालयमा प्रति एक सय पचास मुद्दाका लागि एक जना सरकारी वकीलको अनुपात कायम हुने गरी आवश्यकता र औचित्यका आधारमा संगठन संरचना र दरबन्दीको प्राथमिकतापूर्वक पुनरावलोकन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

आचरणका नियमहरूको पालना

२५. व्यावसायिक निष्ठा र नैतिक आचरणको पालना बेगर सरकारी वकीलको व्यावसायिक जिम्मेवारीले पूर्णता प्राप्त गर्न सक्दैन । सदाचार, नैतिकता र निष्ठामा कुनै विचलन देखिएमा त्यस्ता घटनालाई संस्थागत रूपमा तिरस्कार गर्दै आफू कार्यरत संस्थाको गरिमा र प्रतिष्ठालाई उचो बनाउन प्रयत्नशील हुनेछौं र सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरूका लागि जारी गरिएको आचार संहिताको स्वागत गर्दै सो आचार संहिताको पूर्ण पालना गर्ने प्रतिबद्धता प्रकट गर्दछौं ।

समन्वय

२६. सरकारी मुद्दामा बस्तुगत प्रमाणमा आधारित अनुसन्धान, अभियोजन एवम् प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वका लागि अनुसन्धान, अभियोजन र न्याय सम्पादन गर्ने निकायहरू बीच पारस्परिक सहयोग, समन्वय र सहकार्यको आवश्यकता पर्दछ ।मुलुकी फौजदारी कार्यविधि संहिताले समेत समन्वयको आवश्यकता दर्शाएको छ ।सोही व्यवस्थाको कार्यान्वयनका लागि माननीय महान्यायाधिवक्ताज्यूको संयोजकत्वमा रहेको समन्वय समितिको निर्णयानुसार गठन भएका सबै तहका समन्वय समितिलाई क्रियाशील तुल्याउने बचनबद्धता व्यक्त गर्दछौं ।

हिरासत तथा कारागार सुधार

२७. कारागार तथा हिरासत अनुगमन गरी थुनुवा र कैदी उपर मानवोचित व्यवहार भए नभएको अनुगमन गर्ने जिम्मेवारी महान्यायाधिवक्तामा रहेको र सो प्रयोजनका लागि महान्यायाधिवक्ता र सरकारी वकीलहरूबाट अनुगमन गरी सुधारका लागि नियमित रूपमा सुझाव सहितको प्रतिवेदन नेपाल सरकार समक्ष प्रस्तुत गरी सार्वजनिक समेत गर्ने गरिएको छ । ती सुझावहरूको प्रभावकारी कार्यान्वयन गरी हिरासत तथा कारागारको विद्यमान अवस्थामा सुधार ल्याउन नेपाल सरकार समक्ष सादर अनुरोध गर्दछौं ।

रणनीतिक योजना कार्यान्वयन

२८. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधार र सरकारी वकीलको व्यावसायिकता विकासमा केन्द्रित भई कार्यान्वयनमा आएको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको मध्यावधि मूल्यांकन गरी मुलुकी अपराध संहिता समेतका नयाँ कानूनहरू जारी भएको सन्दर्भमा सो सम्बन्धी व्यवस्थाको कार्यान्वयनलाई समेट्नका लागि योजनाका कार्यक्रमहरूमा आवश्यक पुनरावलोकन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२९. मुलुकमा शान्ति र विकासको आधार कानूनको शासन हो । यसका लागि कानूनको आधुनिकीकरण र सोको प्रभावकारी कार्यान्वयन गर्न अनुसन्धान र अभियोजन गर्ने तथा यससँग सम्बन्धी अन्य निकायको प्रभावकारिता अभिवृद्धि गरिनु आवश्यक हुन्छ । सो प्रयोजनका लागि अपराधको अनुसन्धान र अभियोजन तथा सरकारी पक्षको प्रभावकारी प्रतिरक्षा र प्रतिनिधित्वको विषयलाई पन्ध्रौं राष्ट्रिय योजनामा प्राथमिकतापूर्वक सम्बोधन हुने अपेक्षा राखिएको छ ।

धन्यवाद ज्ञापन

३०. नेपालका सरकारी वकीलहरूको पहिलो राष्ट्रिय सम्मेलन आयोजना गरी सरकारी वकीलको संस्थागत सुधारका लागि महत्वपूर्ण योगदान गर्ने पूर्व महान्यायाधिवक्ता श्री रमनकुमार श्रेष्ठ र दोस्रो सम्मेलनको आयोजना गरी संस्थागत विकासलाई अझ बढी प्रभावकारी बनाउन नेतृत्वदायी भूमिका निर्वाह गर्नु हुने माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलप्रति हार्दिक आभार प्रकट गर्दछौं । सम्मेलनको आयोजना र व्यवस्थापनमा सहयोग पुर्‍याउनु हुने सबै पदाधिकारी, संघ सँस्था, निकाय र महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

इति सम्बत २०७५ साल पौष १० गते ३ रोज शुभम् ।

अनुसूची : ३

नेपालका सरकारी वकीलहरूको पहिलो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३

प्रस्तावना

नेपालको संविधानले संविधानवादका मूल्यहरूलाई अंगिकार गरी नागरिक स्वतन्त्रता, मानव अधिकार र मौलिक अधिकार एवम् कानूनको शासनको अवधारणाप्रति प्रतिबद्धता प्रकट गरेको एवम् मुलुकमा सुशासन कायम गर्ने अपेक्षा राखेको विषयलाई मनन् गर्दै,

संविधान र कानूनले निर्धारण गरेको अख्तियारीको सीमाभित्र रही सरकार वादी मुद्दाको अभियोजन तथा प्रतिनिधित्व र सरकारको सरोकारका मुद्दाको प्रतिरक्षा गर्न सरकारी वकीलको महत्वपूर्ण भूमिकालाई आत्मसात गर्दै,

अपराधको अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा सरकारी वकीलको सक्रिय सहभागिताबाट मात्र फौजदारी न्याय प्रशासनले पूर्णता पाउने कुरालाई केन्द्रमा राख्दै,

कानूनी राय सल्लाहको माध्यमबाट सरकारका निर्णयहरूलाई कानूनले निर्धारण गरेको सीमा र परिधिमा राख्न सहयोग पुग्ने कुरालाई दृष्टिगत गर्दै,

सर्वोच्च अदालतबाट प्रतिपादन गरिएका सिद्धान्तको कार्यान्वयन तथा हिरासतमा रहेका व्यक्ति उपर मानवोचित व्यवहार भए नभएको वा आफन्तसँग भेटघाट गर्न दिए नदिएको सम्बन्धमा अनुगमन गर्नु पर्ने तथा नेपाल सरकारको तर्फबाट दायर भएका मुद्दा फिर्ता सम्वन्धमा राय दिनु पर्ने महान्यायाधिवक्ताको दायित्वलाई बोध गर्दै,

उल्लिखित जिम्मेवारी निर्वाह गर्न सक्ने व्यावसायिक, प्रभावकारी र जनविश्वासप्राप्त संस्थाको रूपामा महान्यायाधिवक्ताको कार्यालयलाई स्थापित गरी कानूनको शासन प्रवद्र्धन गर्ने उद्देश्य हासिल गर्नका लागि सम्वत् २०७३ साल पौष ८ गतेदेखि १० गतेसम्म आयोजना गरिएको नेपालका सरकारी वकीलहरूको पहिलो राष्ट्रिय सम्मेलनमा सहभागी हामी सरकारी वकीलहरू यो घोषणापत्र जारी गर्दछौं।

आभार

१. नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनको समुद्घाटन गरिदिनु हुने प्रमुख अतिथि सम्मानीय राष्ट्रपतिज्यू, समापन समारोहका प्रमुख अतिथि सम्माननीय उपराष्ट्रपतिज्यू, उद्घाटन समारोहका विशिष्ट अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, सम्माननीय प्रधानन्यायाधीशज्यू, सम्माननीय सभामुखज्यू तथा अन्य विशिष्ट पदाधिकारीहरूको गरिमामय उपस्थिति र सरकारी वकीलको संस्थागत सुधार र व्यावसायिकता विकासका सम्वन्धमा उहाँहरूबाट भएको सम्बोधनका लागि सम्मेलनमा सहभागी सरकारी वकीलहरू हार्दिक आभार प्रकट गर्दछौं ।

सरकारी वकीलहरूको संगठन संरचना र कार्यप्रणालीका सम्बन्धमा

२. संविधानमा महान्यायाधिवक्ता नेपाल सरकारको मुख्य कानूनी सल्लाहकार हुनेछ भनी उल्लेख गरेको कारणले राज्यका केही निकायलाई द्विविधा हुने गरेको परिप्रेक्ष्यमा महान्यायाधिवक्ता भनेको राज्यका सबै निकायको कानूनी सल्लाहकार हुने अन्तर्राष्ट्रिय अभ्यास रहेको र हाम्रो मुलुकको अभ्यास समेत रहेको हुँदा

राज्यका हरेक निकायलाई कानूनी राय दिने महान्यायाधिवक्ताको प्रमुख तथा महत्वपूर्ण कर्तव्य हो भन्ने विषयमा द्विविधा मान्नु पर्ने देखिदैन । तसर्थ यो सम्मेलन त्यस तर्फ सम्बद्ध निकायको ध्यानाकर्षण गर्दछ ।

३. नेपालको संविधानले महान्यायाधिवक्तालाई संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक अभियोजनको अन्तिम जिम्मेवारी दिएको सन्दर्भमा नेपाल सरकार वादी हुने सबै प्रकारका मुद्दाहरू महान्यायाधिवक्ता र सरकारी वकीलको निर्णयबाट मात्र अभियोजन हुनु पर्ने कानूनी व्यवस्था र अभ्यास स्थापित हुनु पर्दछ । सरकारी वकील बाहेकका निकाय वा जनशक्तिबाट अभियोजन गरी सरकारी वकीलले प्रतिरक्षा गर्दा सिर्जना भएका जटिलता र असहजताको अपजस सरकारी वकीललाई किमार्थ दिइनु हुदैन । तसर्थ अभियोजनको अधिकार सरकारी वकीलको विशिष्ट कार्यक्षेत्र भित्रको विषय हुँदा सोही अनुसारको कानूनी व्यवस्था हुनु पर्दछ ।

४. सरकारी वकीलको पद व्यावसायिक पद हो भन्ने विषयलाई गम्भीरतापूर्वक लिई सरकारी वकीलहरूको कार्यबोझ, कार्यप्रकृति र सम्पादन गर्नु पर्ने जिम्मेवारी समेतका आधारमा सरकारी वकीलको दरबन्दी संरचना पुनरावलोकन गर्नु पर्ने आवश्यकता छ । प्रत्येक सरकारी वकील कार्यालयमा रहनु पर्ने न्युनतम दरवन्दीका अतिरिक्त प्रति २०० मुद्दाका लागि कम्तीमा एक जना सरकारी वकीलको अनुपातमा सरकारी वकीलको दरबन्दी कायम गरी अन्य कर्मचारीहरूको व्यवस्था समेत सोही आधारमा गरिनु पर्दछ ।

५. नेपालको संविधानले महान्यायाधिवक्तालाई दिएको जिम्मेवारी र भूमिका एवम् उत्तरदायित्व समेतका आधारमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको विद्यमान संरचना कायम राखी संस्थागत सुधार गरिनु पर्दछ । संघीय प्रणालीको कार्यान्वयनको क्रममा प्रादेशिक तहको कानूनी सल्लाहकारको भूमिकामा रहेका मुख्य न्यायाधिवक्ताको संगठन संरचना र कार्य सम्पादन गर्ने प्रक्रिया प्रदेश कानूनबाट निर्धारण गरिने संवैधानिक व्यवस्था रहेको छ । संविधान बमोजिम सरकारी वकीललाई र मुख्य न्यायाधिवक्तालाई सुम्पिएको जिम्मेवारी, कार्यक्षेत्र, उत्तरदायित्व समेतका विषयमा तात्विक भिन्नता भएकोले प्रत्येक प्रदेशमा छुट्टै मुख्य न्यायाधिवक्ताको कार्यालयको स्थापना गरिनु पर्दछ ।

६. स्वच्छ सुनुवाई, कानूनको शासन, कानून र न्यायका मान्य सिद्धान्तहरूको अवलम्वन, मानव अधिकार र वैयक्तिक स्वतन्त्रताको सम्मान, संरक्षण र प्रबद्र्धन, सार्वजनिक हितको संरक्षण, पीडित मैत्री र न्यायमा सहज पहुँच, व्यावसायिक स्वायत्तता र उन्मुक्ति, उत्तरदायित्व र जवाफदेहिता, निरन्तर सुधार र सिकाइ, नैतिकता र सदाचार, लैंगिक मैत्री र समावेशितालाई महान्यायाधिवक्ताको कार्यालयले आफ्नो मूल्यको रूपमा अंगिकार गरेको छ । यी मूल्यहरूसँग मेल नखाने गरी सरकारी निकायबाट देखादेखी कानूनको उल्लंघन गरी भएका निर्णयको प्रतिरक्षा सरकारी वकीलले गर्न नसक्ने र गर्नु नहुने विषयमा हाम्रो एक मत रहेको छ ।

७. न्याय सम्पादनको क्रममा सरकारी पक्षको प्रतिनिधित्व गर्नु सरकारी वकीलको जिम्मेवारी हो तर प्रतिनिधित्व गरिनु पर्ने त्यस्ता निकायबाट आवश्यक सूचना, जानकारी, विवरण तथा कागजातहरू समयमा उपलव्ध नगराइँदा अदालतमा प्रतिनिधित्व गर्न सरकारी वकीलहरूलाई कठिनाइ परेको छ । खास गरी अन्तरिम आदेशको छलफल तथा रिटमा सरकारी पक्षको प्रतिनिधित्व गर्ने सम्वन्धमा यस्ता समस्याहरू देखिएका छन् । सरकारी वकीलहरू फितलो, कमजोर वा उपस्थितिका लागि मात्र इजलासमा उपस्थित हुने गर्दैनौं । प्रतिस्पर्धीरूपमा प्रस्तुत हुनका लागि आवश्यक सूचना, जानकारी, विवरण र कागजात नै सरकारी वकीलका सहयोगी हुन्छन् । त्यस्तो सहयोग प्राप्त हुन नसकेमा सरकारी पक्षको प्रतिनिधित्वलाई सरकारी वकीलले इन्कार गर्नु सरकारी वकीलको बाध्यता हुने कुरा सबै सम्बद्ध निकायलाई स्मरण गराउन चाहन्छौं ।

८. सरकारी निकायलाई कानूनी राय सल्लाह दिनु र न्यायिक निकायमा सरकारी निकाय तथा पदाधिकारीको प्रतिनिधित्व गर्नु सरकारी वकीलको कर्तव्य रहेको विषयमा हामी सचेत र सम्वेदनशील रहेका छौं ।महान्यायाधिवक्ताको अनुमति बेगर न्यायिक निकायमा सरकारी पक्षको प्रतिनिधित्वका लागि वैकल्पिक प्रबन्ध गरिएको वा वैकल्पिक तवरबाट कानूनी राय सल्लाह लिई सरकारी निकायबाट निर्णय भएको अवस्थामा त्यस्तो सरकारी निकायको प्रतिरक्षा र प्रतिनिधित्व सरकारी वकीलबाट गर्नु व्यावसायिक दृष्टिले अनुपयुक्त हुने भएकोले त्यस्ता विषयमा सरकारी वकीलको प्रतिनिधित्व हुने छैन।

९. कानूनको शासन र सुशासनका लागि प्रतिबद्ध रहने सरकारी वकीलहरूबाट सार्वजनिक हित विपरीत भएका सरकारी निर्णयको प्रतिरक्षा हुन नसक्ने विषय सम्बद्ध सबैमा स्मरण गराउन चाहन्छौं ।

१०. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत विकासमा योगदान गर्ने पूर्व महान्यायाधिवक्ताज्यूहरूलाई सम्मान गर्ने कार्यको थालनी भएको छ । सरकारी पक्षको प्रतिनिधित्वमा वहाँहरूबाट मानार्थ महान्यायाधिवक्ताको रूपमा पुर्‍याउनु भएको सहयोगको सम्मान गर्दै आगामी दिनमा समेत यस्ता सहयोगहरू निरन्तररूपमा प्राप्त हुने अपेक्षा गर्दछौं ।

सरकारी वकीलको व्यावसायिकता विकास र विशिष्टीकरण

११. सरकारी वकीलको पद व्यावसायिक विज्ञको पद हो र यसले विषयगत विज्ञता अपेक्षा राख्दछ । पछिल्लो समयमा मुद्दा तथा रिटमा संख्यात्मक वृद्धि भएको छ भने न्याय सम्पादन प्रक्रिया पनि क्रमशः जटिल एवम् विशिष्टीकृत हुँदै गइरहेको छ । अब सबै मुद्दा तथा रिटमा एउटै सरकारी वकीलबाट सरकारी पक्षको प्रभावकारी प्रतिनिधित्व गर्न सम्भव देखिदैन । विषयगत विशिष्टताका लागि अवसरहरू समेत खोजी गर्दै सरकारी वकीलहरूलाई उत्तराधिकार योजना सहितको विशिष्टीकरण गरी दक्षता विकास गर्ने नीति अविलम्व अंगिकार गरिनु पर्दछ । महान्यायाधिवक्ताको कार्यालय र विशेष सरकारी वकील कार्यालयबाट विशिष्टीकरणको अभ्यास तत्काल प्रारम्भ गरी क्रमशः उच्च सरकारी वकील कार्यालय र आवश्यकता अनुसार जिल्ला सरकारी वकील कार्यालयमा समेत विशिष्टीकृत सरकारी वकीलको विकास गर्दै लैजानु पर्दछ ।

१२. सरकारी वकीलको पद सरकारी सेवाको पद हो र हाल सरकारी वकीलहरू निजामती सेवा ऐनबाट सञ्चालित र व्यवस्थित रहेको अवस्था छ । यो पदले सम्पादन गर्नु पर्ने कार्य निजामती कर्मचारीको कार्य सम्पादन पद्धति भन्दा धेरै भिन्न र विशिष्ट प्रकृतिको रहेको छ । त्यसैले सरकारी वकीलहरूलाई कार्य सम्पादनमा उत्प्रेरित गर्न र व्यावसायिक रूपमा क्रियाशील हुनका लागि व्यावसायिक भत्ता र अन्य कर्मचारीहरूका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था संस्थागत गरिनु पर्दछ । विगतदेखि नै सरकारी वकीलको पदमा कार्यरत जनशक्तिको व्यावसायिक स्वतन्त्रता र उन्मुक्ति, पारिश्रमिक, सेवाका शर्त र सुविधाहरू तथा वृत्ति विकासका लागि छुट्टै व्यवस्था हुनु पर्दछ भनी आवाज उठाउदै आएको विषयलाई स्मरण गर्दै यो सम्मेलन सरकारी वकीलको पारिश्रमिक र सेवा, शर्त र सुविधाको विषयमा छुट्टै कानून बनाई सरकारी वकीलको पदलाई व्यावसायिक र प्रतिस्पर्धी पदको रूपमा विकास गरिनु पर्नेमा जोड दिन्छ । सरकारी वकीलको सेवामा देखिएको अनाकर्षण र किनारामा पारिएको अनुभूतिलाई हटाई व्यावसायिकता प्रबद्र्धन हुने गरी सरकारी वकीलको सेवा, शर्त र सुविधा सरकारी वकीलले सम्पादन गर्नु पर्ने कामको प्रकृति, कार्य बोझ र जिम्मेवारी अनुकूल हुनु पर्नेमा सम्मेलन सम्बद्ध सबै पक्षको गम्भीर ध्यानाकर्षण गर्दछ ।

सरकारी वकीलको आचार संहिता र उत्तरदायित्व

१३. सरकारी वकीलहरूको आचरण र व्यवहार सम्वन्धमा अन्तर्राष्ट्रिय स्तरमा विकसित भएका सिद्धान्त, अभ्यास एवम् राष्ट्रिय कानून, प्रचलन, व्यवहार र न्यायिक संस्कृतिका विभिन्न पक्षलाई समेटी सरकारी वकीलको

सेवालाई व्यावसायिक, मर्यादित र विश्वासिलो बनाउन जारी भएको सरकारी वकीलको आचार संहिता, २०७३ को पालना गर्न सबै सरकारी वकीलहरू प्रतिबद्ध रहेका छौं । आचार संहिता आलंकारिक दस्तावेज नभई सरकारी वकीलको व्यावसायिक कार्य सम्पादन र सदाचारसँग समेत जोडिने विषय हो । उक्त आचार संहिताको पालनाबाट सरकारी वकीलको कार्य सम्पादनलाई उत्तरदायी बनाउन मद्दत पुग्ने र यो विषय दण्ड र पुरस्कारसँग आबद्ध हुनेछ भन्ने हाम्रो विश्वास छ ।

१४. उत्कृष्ट कार्य सम्पादन गर्ने सरकारी वकील कार्यालय, सरकारी वकील र कर्मचारीहरूलाई पुरस्कृत गर्ने अभ्यास प्रारम्भ भएको छ । बस्तुगत आधारमा कार्य सम्पादनको मूल्यांकन गरी दण्ड र पुरस्कार प्रदान गर्नु पर्दछ भन्नेमा एक मत छौं । यो अभ्यासलाई हरेक वर्ष निरन्तरता दिइनु पर्दछ ।

१५. आफ्नो कार्य सम्पादनसँग असम्वन्धित विषयमा हामी सरकारी वकीलहरू कुनै गैरसरकारी संस्थाको कार्यक्रममा सहभागी हुने छैनौं । आफ्नो कार्यक्षेत्रसँग प्रत्यक्ष सम्वन्धित कार्यक्रममा सहभागी हुनै पर्ने अवस्थामा आफूभन्दा माथिल्लो निकाय वा पदाधिकारीको पूर्व अनुमति लिएर मात्र सहभागी हुने कुरामा हामी प्रतिबद्धता व्यक्त गर्दछौं ।

सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजन

१६. फौजदारी न्याय प्रशासनका लागि अनुसन्धान र अभियोजन अन्योन्याश्रित रहेको यथार्थतालाई मनन् गर्दै, अनुसन्धान अधिकृतको स्वायत्तता र विशेषज्ञताको सम्मान गर्दै अभियोजनकर्ताबाट अनुसन्धान प्रक्रियाको कानूनी वैधताको सम्बन्धमा प्रश्न नउठ्ने गरी अनुसन्धानलाई बस्तुगत, वैज्ञानिक र प्रमाणमा आधारित बनाउनका लागि निर्देशन दिने र राय प्रदान गर्ने विषयको उचित अभ्यास गर्ने मान्यतामा हामी विश्वस्त छौं ।

१७. अनुसन्धान अधिकृत, विधि विज्ञान विज्ञ र सरकारी वकीलका बीचमा नियमित संवाद, समन्वय र सहकार्यबाट मात्र परस्पर विश्वासको वातावरण सिर्जना हुने र फौजदारी मुद्दाको सफलता एवम् कानून र व्यवस्था कायम राख्न सहयोग पुग्ने हुँदा हाम्रा प्रयासहरू सोही दिशामा केन्द्रित हुनेछन् । सबै तहका सरकारी वकील कार्यालयहरूले समन्वय संयन्त्रलाई क्रियाशील पारी कार्य सम्पादनलाई प्रभावकारी बनाउने छन् ।

१८. सरकारी वकीलबाट गरिने अभियोजन सम्वन्धी निर्णय बस्तुगत आधारमा गरिनेछ । प्रमाणको पर्याप्तता र सार्वजनिक हित समेतका आधारमा अभियोजनको निर्णय गर्न सक्ने गरी अभियोजन नीति लागू गरी सोही अनुसारको कानूनी व्यवस्था गर्नु पर्ने आवश्यकता महशुस भएको छ । तत्काल संकलित प्रमाणबाट नै कसूर ठहर हुन नसक्ने देखिएको अवस्थामा मुद्दा नचलाउने गरी निर्णय गर्न तत्पर छौं । अपुरो अनुसन्धान, पर्याप्त प्रमाण विनाको अभियोजनले सरकार वादी मुद्दाको सफलतामा नकारात्मक परिणाम ल्याउने, संस्थागत विश्वसनीयतामा प्रश्न उठ्ने, व्यक्तिका वैयक्तिक अधिकारमा गम्भीर असर पर्ने तर्फ हामी संवेदनशील छौं ।

न्यायमा पहुँच सम्वन्धी

१९. फौजदारी न्याय प्रशासनमा महिला, बालबालिका, दलित, असहाय र पछाडि परेका वर्ग वा समुदायको पहुँच र प्रतिनिधित्व प्रभावकारी र सुनिश्चित हुनु पर्नेमा जोड दिँदै कानूनी सहायतालाई प्रभावकारी र लक्षित वर्ग केन्द्रित बनाउन प्रयत्नशील रहने छौं । सरकार वादी फौजदारी मुद्दाका पीडित एवम् साक्षीको सहायता र संरक्षण सरकारी वकीलको जिम्मेवारी भएको कुरा आत्मसात गर्दै पीडित तथा लैङ्गिक मैत्री कार्यालयको रूपमा सरकारी वकील कार्यालयलाई विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अपराध पीडित र साक्षीको अधिकार संरक्षण, सम्वद्र्धन र प्रबद्र्धनका लागि सम्वन्धित सेवा प्रदायक, सरोकारवाला निकाय र संस्थाहरूका बीचमा समन्वय र सहकार्यको संस्कृतिलाई प्रवद्र्धन गर्नेछौं ।

संस्थागत सुधार

२०. फौजदारी न्याय प्रशासनका अन्य सरोकारवाला निकायहरूको तुलनामा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको भौतिक पूर्वाधारको अवस्था कमजोर रहेको कारण कार्य सम्पादनमा अप्ठेरो परेको कुरा दर्शाउदै यो सम्मेलन संवैधानिक तथा कानूनी जिम्मेवारी सहजताका साथ निर्वाह गर्न आवश्यक पर्ने आधुनिक पूर्वाधार सहितको भौतिक संरचना निर्माण, सरकारले निर्धारण गरेको मापदण्ड बमोजिमको सवारी साधनको व्यवस्था र पर्याप्त साधन स्रोतको विनियोजनका लागि नेपाल सरकार समक्ष हार्दिक आग्रह गर्दछ । सो क्रममा भूकम्प प्रभावित महान्यायाधिवक्ताको कार्यालय लगायतका उपत्यकाका सरकारी वकील कार्यालयहरू निर्माण गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्न समेत अनुरोध गर्दछ ।

२१. सरकारी वकीलहरूको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणमा केन्द्रित भई जारी भएको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि हामी प्रतिबद्ध छौं । नेपाल सरकारको नीति तथा कार्यक्रम एवम् चौधौं योजनाको आधारपत्रमा व्यक्त प्रतिबद्धता मुताविक उक्त योजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने प्रक्षेपित बजेट निकाशाका लागि नेपाल सरकारसँग अनुरोध गर्दछौं । योजना कार्यान्वयनका लागि आवश्यक वित्तीय तथा प्राविधिक स्रोतको प्राप्ति र उपयोगका लागि नेपाल सरकार, विकास साझेदार निकाय तथा अन्तर्राष्ट्रिय सरकारी एवम् गैर सरकारी संस्थाहरूसँगको सहयोग र सहकार्यका लागि समेत आवश्यक पहल गर्न ध्यानाकर्षण गराउदछौ ।

२२. महान्यायाधिवक्ता तथा सरकारी वकीलहरूको संवैधानिक तथा कानूनी जिम्मेवारी सम्पादन गर्नका लागि आवश्यक पर्ने नीतिगत मार्गदर्शन तथा निर्देशनहरू जारी गरी सोको कार्यान्वयनका लागि आवश्यक स्रोत साधन उपलव्ध गराउन र त्यस्ता मार्गदर्शन र निर्देशनहरूको कार्यान्वयनका लागि अभिमुखीकरण गरी सोको प्रभावकारी अनुगमन गर्न समेत महान्यायाधिवक्ताको कार्यालयलाई अनुरोध गर्दछौं ।

२३. कार्यालयको कार्य सम्पादन र व्यवस्थापनका लागि आधुनिक सूचना तथा सञ्चार प्रविधि पद्धतिको अवलम्वन अपरिहार्य भैसकेको परिप्रेक्ष्यमा महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूका काम कारवाहीलाई सूचना प्रविधिमा आबद्ध गर्नका लागि तयार पारिएको इ-एटर्नीको अवधारणालाई व्यवहारमा रूपान्तरण गर्न गुरु योजना तयार गरी दिगो व्यवस्थापन हुने आधार सहित सोका लागि आवश्यक पर्ने वित्तीय तथा प्राविधिक स्रोत र जनशक्तिको प्राथमिकतापूर्वक व्यवस्थापन गर्न अनुरोध गर्दै हामी सरकारी वकीलहरू आफ्नो काम कारवाहीलाई सो पद्धतिसँग अभ्यस्त तुल्याउदै जाने प्रतिबद्धता प्रकट गर्दछौं । फौजदारी न्याय प्रणालीका अन्य अवयवहरूमा प्रयुक्त सूचना प्रविधि पद्धतिको समेत विस्तृत अध्ययन गरी अन्तरनिकाय Connectivity Integrated Data Management, Information System Security तथा System Integration सम्बन्धमा बृहद् विश्लेषण गरी दीगो व्यवस्थापन योजना तयार गर्न महान्यायाधिवक्ताको कार्यालयलाई आग्रह गर्दछौं ।

२४. अपराधको रोकथाम र नियन्त्रण तथा फौजदारी कानूनको प्रभावकारी कार्यान्वयनका लागि अपराधका कारण, प्रकार, संलग्नता, शैली र तरिका, अपराधको प्रवृत्ति तथा अपराधले समाजमा पारेको प्रभाव र ल्याउने परिणामहरू जस्ता विभिन्न पक्षहरूको अध्ययन अनुसन्धान गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना भइसकेको कुरा स्मरण गर्दै सो केन्द्रका लागि आवश्यक स्रोत साधन, पूर्वाधार र जनशक्तिको व्यवस्थापनको अपेक्षा गर्दछौं ।

२५. निरन्तर सिकाइको रूपमा क्रियाशील रहनु पर्ने सरकारी वकीलहरूको क्षमता तथा दक्षता बृद्धि हुने कुरालाई महशुस गरी महान्यायाधिवक्ताको कार्यालयमा स्थापना गरिएको अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत क्षमता विकास गर्दै सो केन्द्रलाई पूर्णकालीन रूपमा काम गर्न सक्ने बनाउन आवश्यक स्रोत

साधन र जनशक्तिको व्यवस्थापन गरी प्रत्येक सरकारी वकीलले वर्षमा कम्तीमा एउटा प्रशिक्षण प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्न आग्रह गर्दछौं ।

२६. अन्य मुलुकमा प्रचलित अभ्यासलाई समेत दृष्टिगत गरी सबै अदालतका इजलासमा बहस गर्ने रोस्टममा सरकारी वकीलहरूका लागि अलग्गै स्थानको व्यवस्था गर्न अनुरोध गर्दछौं ।

फौजदारी कानूनको कार्यान्वयन

२७. विद्यमान फौजदारी न्याय प्रणालीलाई रूपान्तरण गर्ने दृष्टिले संसदमा विचाराधीन अपराध संहिता, फौजदारी कार्यविधि संहिता र कूसर तथा सजाय निर्धारण ऐन यथाशक्य छिटो पारित गर्नका लागि आग्रह गर्दै सरकारी वकील संलग्न हुनु पर्ने नयाँ फौजदारी कानूनहरू जारी हुँनासाथ सरकारी वकीलहरूलाई त्यस्तो कानूनको बारेमा अभिमुखीकरण गरी सो कानूनको कार्यान्वयनका लागि सरकारी वकीलहरूको क्षमता विकास र सरकारी वकील कार्यालयको संस्थागत सुधार गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२८. मुलुक संक्रमणकालबाट गुज्रिरहेको अवस्थामा द्वन्द्वकालीन मुद्दाहरूलाई संविधान र कानून, पीडितको सरोकार, बृहत शान्ति सम्झौता, अन्तर्राष्ट्रिय मानव अधिकार र मानवीय कानून, संक्रमणकालीन न्याय, राष्ट्रिय आवश्यकता तथा अदालतबाट भएका फैसलाहरूलाई मध्यनजर गरी बेपत्ता पारिएका व्यक्तिहरूको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गरी व्यवस्थापन गर्नका लागि र द्वन्द्वकालीन मुद्दाहरू हेर्ने विशेष अदालत गठन गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं । संक्रमणकालीन न्याय सम्पादन गर्ने कार्यमा सरकारी वकीलहरूको तर्फबाट सक्दो सहयोग हुने प्रतिबद्धता व्यक्त गर्दछौं

२९. नेपालको संविधानको कार्यान्वयन राज्य र यसका निकायहरूको मूल लक्ष्य, दायित्व र जिम्मेवारी रहेको कुरा सबैमा विदितै छ । संविधानको कार्यान्वयनका लागि आवश्यक पर्ने कानूनहरू प्राथमिकतापूर्वक तर्जूमा हुनु पर्ने आवश्यकता बोध गर्दै आफ्नो कार्यक्षेत्रका विषयमा संविधान कार्यान्वयनका लागि प्रतिबद्धता प्रकट गर्दछौं ।

३०. नेपालका सरकारी वकीलहरूको यो ऐतिहासिक पहिलो राष्ट्रिय सम्मेलनको आयोजना र व्यवस्थापन गर्न सहयोग गर्नु हुने सबै पदाधिकारीहरू, संघ, संस्था, निकाय र महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं । सरकारी वकीलहरूको चासो र सरोकार रहेका विषयमा साझा दृष्टिकोण विकास गर्न गराउन यो सम्मेलन प्रभावकारी माध्यम बनेकोले यस प्रकारको राष्ट्रिय सम्मेलनको निरन्तरताको कामना गर्दछौं ।

अनुसूची : ४

सरकारी वकील तथा सरोकारवाला निकायहरु बीचको प्रदेशिक कार्यसमिक्षा (सम्मेलन) २०७९ को प्रतिवेदन

"अभियोजनमा सुधार र व्यावसायिकता विकास "भन्ने मूल नाराका साथ २०७९ सालमा सिराहाको लाहान , कास्कीको पोखरा र कैलालीको धनगढीमा सरकारी वकील तथा सरोकारवाला निकायहरु बीचको प्रदेशिक कार्यसमिक्षा (सम्मेलन) सम्पन्न गरियो। उक्त कार्यक्रमहरुको सञ्चालन ,व्यवस्थापन र उपलब्धी सम्बन्धी प्रतिवेदनहरुको सार संक्षेप यसप्रकार रहेको छ।

परिचय

महान्यायाधिवक्ताको कार्यालयले संस्थागत सुदृढीकरण ,वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अभियोजन ,कार्य सम्पादनमा प्रभावकारीता ल्याई व्यावसायिकता विकास गर्ने उद्देश्यले तर्जुमा भएको तेश्रो पञ्चवर्षिय रणनीतिक योजना कार्यान्वयन चरणमा छ। तेस्रो पञ्चवर्षीय रणनीतिक योजनाले सरकारी वकील तथा कर्मचारीहरुको क्षमता विकासलाई महत्वपूर्ण रणनीतिको रूपमा अवलम्वन गरी व्यवसायिक सरकारी वकील बन्न/बनाउन निरन्तर सिकाई विधि अवलम्बन गर्ने कुरालाई जोड दिएको छ। संविधान तथा प्रचलित कानून बमोजिम सरकारी वकीलले सम्पादन गर्नुपर्ने जिम्मेवारी बृद्धि हुँदै जानुका साथै चुनौतिपूर्ण समेत रहेका छन्। प्रविधिको द्रुततर विकास र यसको उच्चतम प्रयोगबाट अपराधहरुको विकसित स्वरुपहरु समाजमा देखापर्न थालेका छन्। नयाँ मुलुकी संहिता लागु भएको चार बर्ष भन्दा बढि समय बेतित भईसकेको र समय समयमा संशोधन समेत भएको छ। यस बीचमा मौलिक हक कार्यान्वयनसँग सम्बन्धित विभिन्न कानून तर्जुमा भइ लागु भएका छन्। नेपाल सरकारवादी हुने मुद्दाको प्रकृति थपिदै गएका छन्। जटिल सामाजिक परिवेश र नँया कानूनको आवश्यक्ता ,अपराध अनुसन्धान एवं अभियोजनको क्षेत्रमा विकसित नविनतम अवधारणा तथा न्यायिक प्रक्रियाहरु नयाँ मान्यताले सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान ,दायरी र प्रतिरक्षाको प्रक्रियाहरू परिमार्जन हुँदै गएका छन्।

पछिल्लो समयमा विवादको विषयसँग सम्बद्ध नभएका सरकारी निकायहरुलाई समेत विपक्षी बनाउने प्रचलन बढ्दै गएको र कुनै निर्णय वा काम कारवाही नगरिकनै मुद्दाको पक्षको रुपमा प्रतिवाद गर्ने प्रक्रियामा सहभागी हुनुपर्ने अवस्थाले सरकारी वकील एवम् अन्य सरोकारवाला निकायको कार्यबोझमा अनावश्यक विस्तार गरेको छ। सरकारी वकीलबाट सम्पादन भई रहेका कामकारबाहीलाई व्यवसायिक ,त्रुटीरहित ,परिष्कृत र एकरूपको बनाउन आवश्यक देखिएको छ। सरकारी वकील तथा सरोकारवाला निकायहरुबीचको समन्वयात्मक कार्यसम्पादनको प्रभावकारितामा अभिवृद्धि गर्ने समेत उद्धेश्यले सरकारी वकील तथा सरोकारवाला निकायहरु बीचको प्रादेशिक कार्यसमिक्षा सम्मेलनको आयोजना गरिएको थियो।

कार्यक्रमको उद्देश्य

सरकारको फौजदारी मुद्दाको अनुसन्धान, दायरा र प्रतिरक्षाको प्रक्रियालाई जटिल सामाजिक परिवेश, नयाँ कानुनको आवश्यकता, अपराध अनुसन्धान र अभियोजनको क्षेत्रमा निवनतम् विचारहरू र न्यायिक प्रक्रियाहरूको आधारमा समायोजन गरिएको छ। विवादसँग सम्बन्धित नभएका सरकारी संस्थाहरूलाई विपक्षीको रूपमा तोक्ने चलन पछिल्ला वर्षहरूमा बढ्दै गएको छ र यी संस्थाहरूले कुनै निर्णय नगरी वा कुनै कारबाही नगरी मुद्दामा पक्षको रूपमा भाग लिनुपर्ने आवश्यकताले सरकारी वकिलहरू र अन्य निकायहरुको कार्य बोझ अनावश्यक रूपमा

बढाएको छ। सरकारी वकिलको कामलाई विज्ञ, निर्दोष, परिष्कृत र सुसंगत बनाउनु अत्यावश्यक छ। सरोकारवाला निकायहरुबीचको समन्वयात्मक कार्यसम्पादनको प्रभावकारितामा अभिवृद्धि गर्ने मुल उद्देश्यले यस प्रादेशिक कार्यसमिक्षा कार्यक्रमको आयोजना गरिएको हो। यस कार्यक्रम आयोजना गर्नका विशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- सरकारी वकीलहरुलाई आफ्नो कर्तव्य र उत्तरदायित्व राम्रोसँग निर्वाह गर्न सहज जानकारी गराई सरोकारवाला निकायहरुसँगको समन्व्यात्मक भूमिका निर्वाहमा जोड दिन,
- कसूर र न्याय प्रशासनमा विकसित भएका नविनतम् अवधारणा ,सम्बन्धित कानूनहरुको संशोधन , अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा विकसित भएको मान्यताहरु उपर छलफल गरी जानकार गराउन,
- सरकारी वकीलको काम कारवाहीमा देखिएका समस्या र समाधानका उपायहरु माथि जोड दिई काम कारवाहीलाई थप पारदर्शी ,उत्तरदायी र समन्वयात्मक बनाउन,
- सर्वोच्च अदालतबाट प्रतिपादित सरकारी वकीलहरूको काम कारवाहीसँग सम्बन्धित नविनतम् दिशानिर्देशहरू बारे जानकारी गराउन,
- अनुसन्धान अधिकारी लगायत अन्य सरोकारवाला सरकारी निकायसंगको समन्वय तथा सहकार्यमा सरकारी वकीलको भूमीका माथि प्रकाश पार्न।

कार्यक्रमको स्वरुप र सहभागीहरुको जिज्ञाशाहरु

उक्त कार्यक्रममा अवधारणा पत्र बमोजिम महान्यायाधिवक्ताको कार्यालय, उच्च सरकारी वकिल कार्यालय ,जिल्ला सरकारी वकील कार्यालय ,अदालत ,अनुसन्धान अधिकारी ,बार अध्यक्ष ,मुख्य न्यायाधिवक्ता समेतको सहभागीता गराइएको थियो। यसमा विभिन्न शिर्षकका कार्यपत्रहरु प्रस्तुत गरिएको थियो र सो कार्यपत्रहरु माथी सहभागीले टिप्पणी समेत गर्नु भएको थियो।

प्रत्येक दिनको प्रशिक्षण कार्यक्रमको अन्तिम सत्रमा सामूहिक छलफल कार्यक्रम संचालन भएको थियो। उक्त छलफल कार्यक्रममा सहभागिहरुले राख्नु भएको जिज्ञाशा ,सुझाव र छलफलमा उठेका विषयहरु मुख्य गरेर देहाय बमोजिम रहेका थिए:

- मुख्य न्यायाधिवक्ताको कार्यलयको जिम्मेवारी अन्य निकाय सरह हो वा महान्यायाधिवक्ताको कार्यालयको मातहत कार्यलय सरह हो थप स्पष्ट पार्न जरुरी देखिएको,
- उच्च अदालतमा परेका रिट निवेदनको फैसला उपर पुरनावेदन सम्बन्धि स्पष्ट व्यवस्थाको आवश्यक्ता,
- अनुसन्धान अधिकारीले कुनै अमुक मुद्दाका विषयमा माग गरेको राय दिने व्यवस्था र अन्य विषयमा प्रदान गरिने कानूनी राय सम्बन्धी व्यवस्थामा भिन्नता स्पष्ट खुलाउनुपर्ने
- प्रचलित संहिताले चोरी मुद्दामा चोरि गर्ने भन्दा चोरीको धनमाल खरिद गर्ने व्यक्तिलाई बढी सजायको भागिदार बनाएको छ। उक्त कानूनी व्यवस्था उपर छलफल गरी केही परिमार्जन गर्नुपर्ने देखिन्छ।
- धेरै मुद्दा भएका जिल्लाहरुमा म्याद थपको प्रकृयाले धेरै समय व्यतित हुने गर्दछ। Video Conference मार्फत म्याद थप हुने व्यवस्था भए अनुसन्धानकर्ता, अभियोजनकर्ता र न्यायकर्ता समेतको समयको सदुपयोग हुन सक्थ्यो। कार्यविधिगत व्यवस्था समेत हुनुपर्ने,
- तत्कालीन अवस्थामा वन ऐन अन्तर्गतका अधिकांश मुद्दाहरु अदालतमा जाने गरेका छन्। स्पष्ट कानूनी व्यवस्था भए वन कार्यालयले नै त्यस्ता मुद्दाहरु उपर फैसला गरी अदालतलाई मुद्दाको भार कम हुन गई समयको पनि सदुपयोग हुने थियो,
- अभियोजनकर्ताले क्षतिपूर्तिको दावी लिँदा मनासीव क्षतिपूर्ति दिलाई भराई पाँऊ भनि लिएको हुन्छ। तर मनासिब क्षतिपूर्ति भनेको कति हो सो कुरा कानूनमा उल्लेख छैन। क्षतिपूर्ति निर्धारण सम्बन्धि मापदण्डको मार्गदर्शन बनाउन आवश्यक देखिएको,

- अभियुक्तले अनुसन्धानमा साबित भएकै भरमा मात्र सजायमा छुटको दावीको लिनु कति जायज हो? यस सम्बन्धी स्पष्ट विभागीय धारणा सहितको मार्गदर्शन बनाउन आवश्यक रहेको,
- तीन जना प्रतिवादी हुँदैमा डाँका मुद्दा लगाउनु पर्ने संहिताको व्यवस्ता आपत्तीजनक छ। डाँका जस्तो गम्भीर प्रकृतिको फौजदारी कसूरमा कसूरदारको संख्या मात्र नभई कसूरको गम्भिरता र कसूर गरेको तरिका हेरी अभियोजन हुने व्यवस्था हुनुपर्छ।
- गोपनीयाता कायम गर्नुपर्ने मुद्दाहरुमा पक्ष, पक्षको बुबा आमा र ठेगाना सम्म गोपनीयता कायम गरेको पाईन्छ। तर स्थानिय साक्षीको कागज गर्दा उक्त कुराको अनुसरण गरेको पाईदैंन। यो सम्बन्धि स्पष्ट नीति हुन अत्यावश्यक छ।
- साक्षीको तत्काल बकपत्र गर्ने व्यवस्ता हुनुपर्ने, विदेशमा रहेको वा विदेश जाने साक्षीको बारेमा कानूनमा स्पष्टता हुनुपर्ने।
- फैसला कार्यान्यवनको जानकारी सम्बन्धित सरकारी वकील कार्यालय मार्फत पक्षलाई प्रदान गर्ने व्यवस्था हुनुपर्ने,
- मालपोत कार्यालयले गरेको निर्णय उपर निर्णय बदरका सन्दर्भमा कानूनी स्पष्टता हुन जरुरी देखिन्छ,
- अनुसन्धान अधिकारीले कुनै अमुक मुद्दाका विषयमा माग गरेको राय दिने व्यवस्था र अन्य विषयमा प्रदान गरिने कानूनी राय सम्बन्धी व्यवस्थामा भिन्नता स्पष्ट खुलाउनुपर्ने
- प्रचलित संहिताले चोरी मुद्दामा चोरि गर्ने भन्दा चोरीको धनमाल खरिद गर्ने व्यक्तिलाई बढी सजायको भागिदार बनाएको छ। उक्त कानूनी व्यवस्था उपर छलफल गरी केही परिमार्जन गर्नुपर्ने देखिन्छ।
- प्रादेशिक रिटको क्षेत्राधिकार — निर्णाय गर्ने हो वा कार्यान्वयन गर्ने हो, स्पष्ट हुनुपर्यो,
- अनुसूची ३ का मुद्दाहरु सँग सम्बन्धित कार्यविधिमा थप सरलता र स्पष्टताको आवश्यक्ता रहेको,
- अन्तरिम आदेश बदरको घोषणा कहिले, कसले, कसरी गर्ने?
- प्रतिवादी नखुलेको मुद्दामा सरकारी वकीलले ध्यान दिनुपर्ने विषयहरु उपर प्रकाश पार्न आवश्यक रहेको

कास्की, पोखराको कार्यसमिक्षा सम्मेलनको समुद्घाटन गर्नुहुँदै मा. महान्यायाधिवक्ता श्री खम्मबहादुर खातीज्यू

धनगढी ,कैलालीको कार्यसमिक्षा सम्मेलनमा माननीय महान्यायाधिवक्ता खम्मबहादुर खातीज्यू तथा नायब महान्यायधिवक्ता श्री पद्म प्रसाद पाण्डेय र डा .टेकबहादुर घिमिरे ज्यू

सिराहा लाहानको कार्यसमिक्षा सम्मेलनमा नायब महान्यायधिवक्ता श्री कृष्णजीवी घिमिरे र श्री विश्वराज कोइराला ज्यू

लाहान, सिराहाको कार्यसमिक्षा सम्मेलनमा सहभागीहरु

कार्यक्रमको समापन

सरकारी वकीलहरुलाई आफ्नो कर्तव्य र उत्तरदायित्व राम्रोसँग निर्वाह गर्न सहज जानकारी गराई सरोकारवाला निकायहरुसँगको समन्वयात्मक भूमिका निर्वाहमा जोड दिन ,कसूर र न्याय प्रशासनमा विकसित भएका नविनतम् अवधारणा ,सम्बन्धित कानूनहरुको संशोधन ,अन्तर्राष्ट्रिय तथा राष्ट्रिय स्तरमा विकसित भएको मान्यताहरु उपर छलफल गरी जानकार गराउन ,सरकारी वकीलको काम कारवाहीमा देखिएका समस्या र समाधानका उपायहरु माथि जोड दिई सरकारी वकीलको काम कारवाहीलाई थप पारदर्शी ,उत्तरदायी र समन्वयात्मक बनाउन ,सर्वोच्च अदालतबाट प्रतिपादित सरकारी वकीलहरूको काम कारवाहीसँग सम्बन्धित नविनतम् दिशानिर्देशहरू बारे जानकारी गराउन तथा अनुसन्धान अधिकारी लगायत अन्य सरोकारवाला सरकारी निकायसंगको समन्वय तथा सहकार्यमा आवश्यक छ भन्दै कार्यक्रमको उद्धेश्य पुर्ति गर्ने लक्ष्य सहित महान्यायाधिवक्ताको कार्यालयबाट संचालित यस कार्याक्रममा आतित्यथा ग्रहण गर्नुभएका व्यक्तिहरु ,प्रस्तुतकर्ता ज्यूहरु तथा सहभागी ज्यूहरुलाई सक्रिय छलफल तथा सहभागीताको लागी हार्दिक कृतज्ञता व्यक्त गर्दै कार्यक्रम समापन भएको थियो।

लाहान ,पोखरा र धनगढी गरि तीन स्थानमा सञ्चालित कार्यक्रमहरुमा विभिन्न विषयका ४ वटा कार्यपत्रहरु प्रस्तुत भएका थिए। उपरोक्त उल्लिखित कार्यक्रमका उद्देश्यहरु अनुरुप छलफलमा सहभागिहरुबाट उठेका समस्यामूलक सवालहरुको सम्बोधन गर्न कानून र नीति सुधारको आवश्यकता भएको हकमा दीर्घकालिन र विद्यमान निति तथा कानून कार्यान्वयनका क्रमा देखिएका द्विविधा ,कार्यशैलीमा सुधारको आवश्यकता र आन्तरिक कार्य व्यवस्थापन सम्बन्धी समस्याको हकमा अल्पकालिन गरी दुवै प्रकारको समस्या समाधान गर्ने उपायहरु समेत सिफारिस गर्ने निष्कर्षहरु पारित भएका छन्।

अनुसूची : ५

नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७३

प्रस्तावनाः

नेपालको संविधानले न्याय सम्बन्धी हक, अपराध पीडितको हक, यातना विरूद्धको हक, सूचनाको हक र गोपनीयताको हक लगायतका मौलिक हक तथा मानव अधिकारको प्रत्याभूति गरेको विषयलाई हृदयंगम गर्दै, नागरिक तथा राजनीतिक अधिकार सम्वन्धी अन्तर्राष्ट्रिय अनुबन्ध लगायतका नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले मानव अधिकार, वैयक्तिक स्वतन्त्रता, स्वच्छ सुनुवाइ

को सम्मान, संरक्षण र प्रत्याभूति गरेको विषयलाई स्मरण गर्दै, अपराध र आतंकवाद विरूद्ध लडी समाज र राष्ट्रलाई शान्ति सुरक्षा र अमनचयनको प्रत्याभूति गर्ने राज्यको दायित्व तथा कानून कार्यान्वयन अधिकारीहरूको कर्तव्यलाई मनन् गर्दै, अपराधको स्वरूप र प्रवृत्तिमा देखिएका नयाँ नयाँ आयामहरू एवम् अपराधमा प्रविधिको प्रयोग गर्ने अभ्यासले सिर्जना गरेका चुनौतीहरूलाई अनुसन्धानकर्ता र अभियोजनकर्ताले वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अनुसन्धान र अभियोजन मार्फत संबोधन गरी कानून र व्यवस्था कायम राख्न क्रियाशील हुनु पर्ने आवश्यकता महशुस गर्दै, सुदृढ फौजदारी न्याय प्रशासनको माध्यमवाट दण्डहीनतालाई अन्त्य गरी अपराध पीडितलाई न्याय र अभियुक्तलाई सजाय दिलाई कानूनी राज्यको अबधारणालाई सबल बनाउने कुरालाई केन्द्रमा राख्दै, संविधान र कानूनको दायराभित्र रही सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान गर्ने कार्य नेपाल प्रहरीको र अभियोजन गर्ने कार्य सरकारी वकीलको हो भन्ने मान्यतालाई पुनपुष्टि गर्दै, फौजदारी अपराधको अनुसन्धान र अभियोजनमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको ज्ञान, दक्षता, व्यावसायिकता एवं आपसी समन्वयवाट फौजदारी न्याय प्रशासन सुदृढ हुने कुरालाई हृदयंगम गर्दै सो अनुकूलको वातावरण निर्माणका लागि, सम्वत् २०७३ साल माघ १४, १५ र १६ गते काठमाडौंमा आयोजना गरिएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनमा सहभागी हामी अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरू यो घोषणापत्र जारी गर्दछौं ।

१. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनको समुदघाटन गरिदिनु हुने प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, समापन समारोहका प्रमुख अतिथि माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीज्यू लगायत उदघाटन समारोह, समापन समारोह र समुहगत छलफलमा आमन्त्रित अतिथिहरू तथा विशिष्ट पदाधिकारीहरूको गरिमामय उपस्थिति र प्रहरी तथा सरकारी वकीलको संस्थागत सुधार, व्यावसायिक क्षमता विकास र सकारात्मक समन्वयका सम्वन्धमा उहाँहरूबाट भएको महत्वपूर्ण सम्बोधनका लागि हामी हार्दिक आभार प्रकट गर्दछौं ।

२. अपराध अनुसन्धान र अभियोजन कार्य स्वतन्त्र, स्वायत्त र हस्तक्षेपरहित ढंगबाट सञ्चालन हुनु पर्दछ । यदाकदा अनुसन्धान कार्यमा अनुसन्धानकर्ताको अधिकारक्षेत्रमा हस्तक्षेप हुन सक्ने गरी कुनै पनि बेसरोकारवाला व्यक्ति वा निकायबाट हुने व्यवहारलाई हामी अस्वीकार गर्दछौं । यस्ता हस्तक्षेपले फौजदारी न्याय प्रशासन कदापि प्रभावकारी बन्न सक्दैन । बरू अपराध गर्ने प्रवृत्ति र कानून उल्लंघनकर्ताहरूको मनोबल बढी यसले दण्डहीनतालाई मलजल गर्न मद्दत पुग्दछ भन्नेतर्फ सबैको ध्यान जान आवश्यक छ । पछिल्लो चरणमा अपराधलाई राजनीतिकरण गर्ने प्रवृत्ति बढ्दै गएको कारणले गर्दा

अपराधको अनुसन्धान गर्ने, अपराधीलाई कानूनको दायरामा ल्याउने, अपराधको अभियोजन गर्ने र अपराधीलाई दण्ड सजाय दिने कार्यमा समेत समस्या सिर्जना हुने अवस्था देखापरेको हुँदा अपराधलाई राजनीतिकरण गर्ने यस्तो कार्यलाई निरूत्साहित गर्न यो सम्मेलन हार्दिक आह्वान गर्दछ ।

३. अपराध अनुसन्धान र अभियोजनको निष्पक्षता र स्वायत्तताले मात्र अपराध पीडितको न्याय पाउने, अभियुक्तले सजाय पाउने र कानूनको कार्यान्वयन हुने कुरामा सुनिश्चितता हुन्छ । अपराध अनुसन्धान र अभियोजनमा स्वच्छ सुनुवाइ र मानव अधिकारप्रति सम्मान र परिपालनालाई निरन्तर शिरोधार्य गरिएको छ । यी सिद्धान्तको परिपालनामा अविछिन्नता कायम राख्दै आगामी दिनमा पनि अनुसन्धानकर्ताबाट स्वच्छ सुनुवाइ र मानव अधिकारको संरक्षण र पालनालाई विशेष प्राथमिकतामा राखिने छ । हामीले अपराध अनुसन्धान र अभियोजनको कुनै पनि चरणमा यातना जस्ता अमानवीय व्यवहारलाई विगतदेखि नै अस्वीकार गर्दै आएका छौं र आगामी दिनमा पनि यस्ता कार्यलाई कुनै पनि स्थान दिइने छैन ।

४. सरकार वादी फौजदारी मुद्दामा प्रहरीद्वारा गरिने अपराध अनुसन्धानमा पीडित, साक्षी, नागरिक समाज, स्वास्थ्य सँस्था, विधि विज्ञान प्रयोगशाला, सरकारी वकील लगायतका व्यक्ति तथा निकायहरूको सकारात्मक सहयोगको आवश्यकता पर्दछ। तसर्थ, अपराध अनुसन्धान लगायतका कामहरूमा प्रहरीलाई सम्बद्ध सबै व्यक्ति तथा निकायले इमान्दारिताकासाथ सहयोग गर्नु पर्ने र अपराधका विरूद्धमा सहजरूपमा काम गर्ने वातावरण बनाउनु पर्ने अपेक्षा राख्दछौं । फौजदारी न्याय प्रशासनका विभिन्न चरणमा अनुसन्धानकर्ता र अभियोजनकर्तालाई सहयोग नगर्ने व्यक्ति तथा निकायहरूलाई आवश्यक कारवाही हुने कानूनी व्यवस्था गर्नु पर्ने आवश्यकता महसुस गर्दछौं । अपराध अनुसन्धानको लागि "अपराधको सूचना "पहिलो आवश्यकता हो । अपराध पीडित र अपराधबाट प्रभावित समुदाय नै सूचनाको महत्वपूर्ण स्रोत हुन् । समयमा अपराधको सूचना उपलब्ध गराई अनुसन्धान र अभियोजनमा सम्बद्ध पक्षबाट सहयोगको अपेक्षा राखिएको छ । सूचनादाता र अनुसन्धानमा सहयोग गर्नेको सुरक्षा र संरक्षण गर्नका लागि आवश्यक कानुनी र सँस्थागत प्रबन्ध गर्नु पर्ने आवश्यकता महसुस गर्दछौं।

५. अपराध अनुसन्धान तुलनात्मकरूपमा एक जटिल, कठिन र चुनौतीपूर्ण कार्य हो । व्यावसायिक र प्राविधिक प्रकृतिको यो कार्यका लागि निरन्तर लगनशीलता, इमान्दारिता, वफादारिता र पूर्ण समर्पित भावले काम गर्नू पर्ने हुन्छ । यसका लागि अपराध अनुसन्धान र अभियोजनसँग सम्बन्धीत निकायहरूको सँस्थागत सुधार र जनशक्तिको क्षमता विकासमा प्राथमिकतापूर्वक ध्यान दिनु पर्ने आवश्यकता छ । यस्ता कार्यहरूमा संलग्न जनशक्तिलाई थप सेवा सुविधा उपलब्ध गराई उत्प्रेरित गर्न सकिएमा अपराध अनुसन्धानमा सकारात्मक प्रभाव पर्ने हुन्छ । यसै मर्मलाई मध्यनजर गर्दै अनुसन्धान कार्यमा अहोरात्र खटिने प्रहरी कर्मचारीहरूलाई उत्प्रेरित गर्न थप सेवा, सुविधा र प्रोत्साहन दिन सम्बन्धीत निकायको ध्यानाकर्षण गर्दछौं । व्यावसायिकता विकास गरी आफ्नो सक्षमता विकास गर्ने कार्यमा हामी आफै पनि अग्रसर र प्रयत्नशील रहने छौं ।

६. परम्परागत ढंगबाट गरिने अपराधको अनुसन्धान र अभियोजनबाट अव अपराध नियन्त्रण गर्न र सरकार वादी फौजदारी मुद्दामा सफलता प्राप्त गर्न सकिने अवस्था छैन । अपराध गर्ने पद्दति र प्रकृति बदलिएको छ । विज्ञान र प्रविधिको विकासले भौतिक उपस्थिति विना नै अपराध गर्न सक्ने अवस्था सम्भव बनाएको छ । एक देशमा बसी अर्को देशमा अपराध गर्ने, अपराधबाट आर्जित रकमलाई प्रयोग गरी अपराधको उद्योग व्यापार गर्ने, अपराध र अपराधीको क्षेत्रीय, राष्ट्रिय, अन्तरदेशीय र अन्तर्राष्ट्रिय सञ्जाल खडा गर्ने कार्य भइरहेको सन्दर्भमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलले अनुसन्धान र अभियोजन गर्ने पद्दति र प्रक्रियालाई समयानुकूल परिवर्तन गर्दै सक्षम र सबल हुनु पर्दछ भन्ने आह्वान गर्दछौं । त्यसका लागि प्राविधिक, आर्थिक, भौतिक स्रोत साधन सम्पन्न बनाउन र यस्ता प्रकारका अपराधको नियन्त्रणका लागि

सम्बन्धीत देशहरूसँग सपुर्दगी र पारस्परिक कानूनी सहायता सम्वन्धी द्विपक्षीय तथा बहुपक्षीय सन्धिसम्झौता गर्न नेपाल सरकारलाई हार्दिक अनुरोध गर्दछौं ।

७. बयानमुखी अनुसन्धान प्रणालीबाट अबको फौजदारी न्याय प्रशासनमा अपेक्षित उपलव्धि हासिल हुन सक्ने अवस्था छैन। अपराधको अनुसन्धान र अभियोजनलाई बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित भएर मुद्दा चलाउनु पर्ने अवस्था आइसकेको छ । सोही क्रममा वैज्ञानिक परीक्षणका नयाँ नयाँ प्रविधिहरूको अवलम्बन गर्न प्रारम्भ गरिएको छ । विधि विज्ञान प्रयोगशालाको विस्तार गर्ने प्रयत्न पनि भएको छ । त्यस्ता प्रयोगशालाहरूलाई स्रोत, साधन, जनशक्तिको व्यवस्था गरी विश्वसनीय बनाउनका लागि प्राथमिकतापूर्वक कार्य हुनेछ भन्ने विश्वास प्रकट गर्दछौं ।

८. अपराध अनुसन्धान एक विशिष्टीकृत क्षेत्र हो । यो सेवालाई अझ बढी विशिष्टीकृत गर्दै अपराध अनुसन्धानमा संलग्न रहने प्रहरी कर्मचारीहरू व्यावसायिक, मर्यादित विश्वासिलो र विवादरहित हुनु पर्ने तर्फ हामी सजग रहेका छौं । यथासम्भव अपराध अनुसन्धानमा संलग्न हुने प्रहरी कर्मचारीहरूलाई यसै क्षेत्रमा कार्यरत रहने र वृत्ति विकास समेतका आवश्यक संस्थागत व्यवस्था गर्नेतर्फ सम्बद्ध पक्षमा आग्रह गर्दछौं । अपराध अनुसन्धानलाई आधुनिक, वस्तुनिष्ठ, प्रमाणमुखी र वैज्ञानिक बनाउन प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागद्वारा लागु गरिएको अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजना, २०७१ (CAP) लाई विशेष प्राथमिकतासाथ अगाडि बढाउन आवश्यक पर्ने विभिन्न श्रोत साधन, जनशक्ति र वैज्ञानिक उपकरण सम्बद्ध पक्षहरुबाट यथासम्भव शीघ्र उपलब्ध हुने अपेक्षा गर्दछौं ।

९. बढ्दो गम्भिर प्रकृतिको प्राविधिक तथा विद्युतिय अपराध अनुसन्धानको लागि Call by pass, CDR Analysis, BTS Analysis जस्ता विद्युतिय र संचार सम्बन्धीत क्रियाकलापहरुको अध्ययन र विश्लेषण गर्नु पर्ने हुन्छ । यसका लागि अनुसन्धान कर्ताले तत्काल अभिलेख प्राप्त गर्ने तर्फ आवश्यक व्यवस्था हुने अपेक्षा गर्दै सवारी दर्ता अभिलेख, अध्यागमन अभिलेख, नापी तथा मालपोत कार्यालयका अभिलेख अनुसन्धानलाई आवश्यक परेका बखत तत्काल प्राप्त गर्न सक्ने गरी आवश्यक व्यवस्था गर्ने अपेक्षा गर्दछौं । यसैगरी पछिल्लो समयमा विभिन्न सामाजिक संजाल (Social Network) को उपयोगद्वारा बिभिन्न अपराध हुने वा अपराधका लागि सहयोग पुग्ने तथ्यलाई मध्यनजर गर्दै विभिन्न अन्तराष्ट्रिय तथा राष्ट्रिय सामाजिक संजालसँग प्रत्यक्ष सम्पर्क गरी आवश्यक अभिलेख प्राप्त गर्ने आवश्यक कानूनी तथा व्यवहारिक प्रबन्ध गर्न नेपाल सरकार समक्ष अनुरोध गरिन्छ ।

१०. फौजदारी मुद्दाको आरोपमा पक्राउ परी हिरासतमा रहेका व्यक्तिलाई आफूले रोजेको कानून व्यावसायीसँग सल्लाह लिन पाउँने र कानूनी व्यावसायीद्वारा पूर्पक्ष गर्न पाउँने मौलिक हक प्रत्याभूत गरिएको सन्दर्भमा त्यस्ता व्यक्तिलाई निजले रोजेको कानूनी व्यवसायीसँग सहजरूपमा भेटघाट गर्न दिने, आफन्तसँग भेटघाट गर्न दिने सहज व्यवस्था मिलाउनु पर्ने संवैधानिक दायित्वप्रति हामी सचेत छौं । त्यसै गरी अभियोग लागेको व्यक्तिलाई कसुर प्रमाणित नभएसम्म कसुरदार नमानिने संवैधानिक व्यवस्था प्रति सचेत हुँदै अपराध अनुसन्धानको क्रममा पक्राउ परेका अभियुक्तहरूलाई कसुरदारको रूपमा सार्वजनिक गर्नु नहुने कुरामा हामी सजग छौं ।

११. सरकारवादी मुद्दा जथाभावी दर्ता हुने गर्दैनन् । अपराध नगरी मुद्दा चल्दैन, चलाइदैन । मुद्दा फिर्ता लिने कार्य राज्यको अति अपवादको पमा अभ्यास गरिने विषय हो । अदालतले पनि सोही मान्यता स्थापित गरेको छ । मुद्दा फिर्ता लिदा यसले दण्डहिनतालाई प्रश्रय दिने सम्भावनातर्फ गम्भिर हुन सम्बन्धीत निकायलाई आग्रह गर्दछौ ।

१२. फौजदारी न्याय प्रणालीको आधुनिकीकरणका लागि प्रस्तावित अपराध संहिता र फौजदारी कार्यविधि संहिता समेतका कानुनहरू जारी हुनु आवश्यक रहेको छ । ती संहिताले समेटेका कतिपय प्रावधानहरू अपराध

अनुसन्धानमा संलग्न अधिकारीहरूलाई आफ्नो कार्य क्षेत्रमा हतोत्साही गराउने खालका रहेको भनी सँस्थागत धारणा प्रस्तुत गरिएको स्मरण गराउँदै उक्त कानूनलाई अन्तिम रूप प्रदान गर्दा ती विषयलाई संवोधन हुने अनुसन्धानकर्ताहरूको अपेक्षा रहेको छ । ती कानूनहरूको कार्यान्वयनका लागि प्रहरी र सरकारी वकीलहरूलाई यस्ता कानूनले गरेका व्यवस्था र समेटेका मूल्य र मान्यताको बारेमा अभिमुखीकरण गरी सम्बन्धीत जनशक्तिको क्षमता विकास र सँस्थागत सुधार गर्नु पर्ने आवश्यकता महसुस गर्दछौं ।

१३. अनुसन्धानलाई विधिसम्मत बनाउन आवश्यक र हरसंभव सबै उपायहरूको अवलम्बन गरिनेछ । अभियोजनकर्ताबाट विधिसम्मत रूपमा प्रभावकारी निर्देशन, राय तथा पृष्ठपोषण दिई अनुसन्धानलाई मार्गदर्शन हनेछ र अनुसन्धानबाट देखिएका विषयहरू अभियोजनमा समेत प्रतिविम्बित हुनेछन् । अनुसन्धान तथा अभियोजनको क्रममा प्रभावकारी संचार, समन्वय, उत्तरदायित्व, जवाफदेहिता, नैतिकता, सदाचार आदि मूल्य मान्यतालाई केन्द्रमा राखी कार्य सम्पादन गर्ने तर्फ हामी प्रतिबद्ध रहेका छौं ।

१४. नेपाल पक्ष भएका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूले अनुसन्धान र अभियोजनका क्रममा स्वच्छ सुनुवाइ, वैयक्तिक स्वतन्त्रता र मानव अधिकारको प्रत्याभूत गरेका छन् । विशेष गरी न्यायसम्वन्धी हक, अपराध पीडितको हक, यातना विरूद्धको हक, सूचनाको हक, गोपनीयता सम्बन्धी हक आदि मौलिक हकहरू नेपालको संविधानले प्रत्याभूत गरेको सन्दर्भमा त्यस्ता मौलिक हक तथा मानव अधिकारलाई सम्मान र संरक्षण गर्न अनुसन्धान, अभियोजन र मुद्दाको पूर्पक्षको क्रममा अनुसन्धानकर्ता र अभियोजनकर्ता क्रियाशील रहने प्रतिबद्धता प्रकट गर्दछौं| ।

१५. अपराध अनुसन्धान नै अभियोजन र न्यायिक कारवाहीको मूल आधार हो । कमजोर अनुसन्धानले अभियोजनलाई बलियो बनाउन संभव छैन । अनुसन्धान र अभियोजनलाई वस्तुनिष्ठ र प्रभावकारी बनाई फौजदारी कानूनको कार्यान्वयनमार्फत विधिको शासन कायम गराउने राज्यको उद्देश्यप्रति हामी सचेत छौं । व्यक्तिगत स्वार्थ र संकीर्ण सीमाबाट बाहिर रही व्यावसायिक सम्बन्ध र समन्वयमार्फत अपराध अनुसन्धान र अभियोजनको कार्य थप प्रभावकारी बन्न सक्दछ । यसले समग्र फौजदारी न्याय प्रशासन सबल बन्न सक्दछ भन्ने हाम्रो दृढ विश्वास रहेको छ ।

१६. सरकारी वकीलबाट गरि ने अभियोजन सम्वन्धी निर्णय अनुसन्धानकर्ताबाट विधिपूर्वक संकलित बस्तुगत प्रमाणका आधारमा गरिनु पर्छ । संकलित प्रमाणबाट कसुर ठहर हुन सक्ने अवस्थामा मात्र अभियोजन गर्ने कुरामा सरकारी वकील तयार हुनुपर्ने हुन्छ । पर्याप्त प्रमाणको आधारमा अभियोजन हुन सकेमा मात्र सरकारवादी मुद्दाको सफलतामा सकारात्मक परिणाम ल्याउने, संस्थागत विश्वसनीयता कायम हुने, पीडितले न्याय पाउने, अभियुक्तले सजाय पाउने र अन्ततः फौजदारी न्याय प्रशासन प्रभावकारी बन्न सक्ने तर्फ हामी संवेदनशील रहेका छौं ।

१७. फौजदारी न्याय प्रशासनमा महिला, बालबालिका, दलित, जेष्ठ नागरिक, असहाय र पछाडि परेका सीमान्तकृत वर्ग वा समुदायको पहुँच र प्रतिनिधित्व सुनिश्चित हुनु पर्नेमा जोड दिँदै महिला, बालबालिका, दलित, जेष्ठ नागरिक, असहाय पीडित भएका अपराधको अनुसन्धानर अभियोजनलाई प्रभावकारी बनाउने कुरामा अनुसन्धानकर्ता र अभियोजनकर्ता संवेदनशील रहेका छौं । अपराधबाट पीडित र प्रभावित हुने त्यस्ता वर्गको विशेष आवश्यकतालाई सम्वोधन गर्ने गरी अपराध अनुसन्धान र अभियोजन गर्नु पर्ने आवश्यकता बोध गर्दछौं । विशेष प्रकृतिका मुद्दाका पक्षको गोपनीयता कायम राख्नका लागि हामी साझा प्रतिबद्धता प्रकट गर्दछौं ।

१८. अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच सम्मानपूर्ण सहअस्तित्व कायम राख्ने र अपराध अनुसन्धानलाई स्वतन्त्र रूपमा सञ्चालन गर्न सक्ने वातावरण कायम गर्नेतर्फ हामी क्रियाशील हुने छौं । यस सन्दर्भमा नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनले अनुसन्धान अधिकृतको स्वायत्तता र विशेषज्ञताको

सम्मान गर्ने घोषणा गरेकोमा सोही अनुसारको व्यवहार गर्ने प्रतिवद्धता प्रकट गर्दछौं । अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरू कानूनले निर्धारण गरेको कार्यगत स्वतन्त्रता र स्वायत्ततालाई सम्मान गर्दै अपराधको अनुसन्धानलाई प्रमाणमुखी र अभियोजनयोग्य बनाउने कुरामा र न्यायिक कारवाहीसम्मका चरणमा आपसी समन्वय र सहयोग विस्तार गर्ने कुरामा प्रतिवद्ध छौं । यस कार्यमा विधि विज्ञान विज्ञ तथा मेडिको लिगल विज्ञ लगायत अन्य विशेषज्ञसँगको सहयोग अपरिहार्य हुन्छ भन्ने कुरामा हामी सचेत छौं । अब यसका लागि सबै तहका समन्वय संयत्रलाई क्रियाशील पारी कार्य सम्पादनलाई प्रभावकारी बनाउने प्रतिवद्धता व्यक्त गर्दछौं ।

१९. नेपालको संविधानले महान्यायाधिवक्तालाई मुख्य अभियोजनकर्ताको भूमिका प्रदान गरेको छ । तर कतिपय मुद्दामा सरकारी वकीलको निर्णय विना मुद्दा अभियोजन गर्ने, कुनैमा सरकारी वकीलको निर्णय भई नेपाल सरकारका विभिन्न अधिकारीले अभियोजन गर्ने कानुनी व्यवस्था विद्यमान छन् । एकातिर महान्यायाधिवक्तालाई मुख्य अभियोजनकर्ताको नामकरण गर्ने र अर्कोतिर सो जिम्मेवारीबाट अलग गराउने दोहोरो कानुनी व्यवस्थाले फौजदारी न्याय प्रशासनको उपलब्धी अपेक्षाकृत हुन नसकेको विषयलाई मनन् गर्दै एकल अभियोजनकर्ताको अवधारणा र सिद्धान्तलाई अवलम्बन गर्नु पर्ने आवश्यकता दर्शाउदछौं ।

२०. फौजदारी मुद्दाको अनुसन्धान कार्य प्रहरीको जिम्मेवारीको विषय हो । यद्यपि सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसुची १ मा समावेश मुद्दा वाहेक अन्य मुद्दाहरू विभिन्न अधिकारीहरूले अनुसन्धान गर्ने व्यवस्था रहेको छ । नेपाल प्रहरी अनुसन्धान कार्यको व्यावसायिक सँस्था हो भन्नेमा हामी विश्वस्त छौं । तसर्थ, सरकार वादी हुने फौजदारी मुद्दा नेपाल प्रहरीबाट अनुसन्धान हुने गरी आवश्यक कानुनी व्यवस्था गर्नु पर्ने आवश्यकता औंल्याउदछौं ।

२१. सरकारवादी फौजदारी मुद्दाका पीडित एवम् साक्षीप्रतिको सहायता र संरक्षण एवम् मनोपरामर्श को व्यवस्था गर्न प्रहरी र सरकारी वकीलको जिम्मेवारी भएको कुरा आत्मसात गर्दै पीडितमैत्री तथा लैगिक मैत्री कार्यालयको रूपमा प्रहरी र सरकारी वकील कार्यालयलाई विकास गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं । अपराध पीडित र साक्षीको सहायता, संरक्षण, सम्वद्र्धन र प्रबद्र्धन एवम् पुनस्थापनाका लागि सम्बन्धीत सेवा प्रदायक, सरोकारवाला निकाय र संस्थाहरूका बीचमा समन्वय र सहकार्यको संस्कृतिलाई प्रवद्र्धन गर्नेछौं । अपराध पीडितलाई सहायता, संरक्षण र पुनस्थापना गर्न हामी साझा रूपमा क्रियाशील हुनेछौं । अपराध पीडितको सहायता र संरक्षण गर्न तथा समयान्तरका कारण अनेकानेक पक्षबाट हुने प्रतिकुल बकपत्रलाई निरूत्साहित गर्न अपरहण तथा शरीर बन्धक, जवरजस्ती करणी जस्ता गम्भीर प्रकृतिका मुद्दामा अनुसन्धानको चरणमा तत्कालै पीडितको बयान लिई अदालतबाट प्रमाणित गराउने गरी साक्षी संरक्षणसम्वन्धी एकीकृत कानुनी व्यवस्था गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२२. सुदृढ फौजदारी न्याय प्रशासनको लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताले एक आपसमा राख्ने अपेक्षाहरूलाई दुवै पक्षले व्यावसायिक रूपमा सम्बोधन गर्ने प्रयास गर्ने छौं । संयुक्त रूपमा जवाफदेहिता लिने, अनुसन्धान र अभियोजनका कमजोरीको पहिचान गरी सुधार गर्ने, जिम्मेवारी र दायित्वलाई आत्मबोध गरी संयुक्त रूपमा सम्पादित कार्यको स्वामित्व लिने छौं । अपराध अनुसन्धानको कार्य अभियोजनको प्रस्ताव गरेर मात्र टुंगिदैन । न्यायिक कारवाहीका हरेक चरण खास गरी फैसला कार्यान्वयनसम्मका न्यायिक काम कारवाहीमा अनुसन्धानकर्ता र अभियोजनकर्ताको उपस्थिति र सहकार्य आवश्यक छ । यसका लागि साक्षी प्रमाणको प्रस्तुति र फैसलाले लागेको दण्ड जरिवाना असुली एवम् विगो र क्षतिपूर्ति भराउने कार्य समेतमा अनुसन्धानकर्ता, अभियोजनकर्ता, विधिविज्ञान विशेषज्ञ र न्यायिक निकायका बीचमा सहकार्य र समन्वय हुनु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२३. गम्भीर र संवेदनशील प्रकृतिका मुद्दामा निरन्तर सुनुवाइको अभ्यासले सकारात्मक सन्देश दिएको छ । छिटो छरितो न्याय सम्पादन गर्न र सहज रूपमा पीडित र साक्षीको सहयोग प्राप्त गर्न एवम् न्यायमा सहज पहुँच कायम गराउनका लागि हामी निरन्तर सुनुवाइको अभ्यासमा सहयोगी हुनेछौं र सोही अनुसार अभियोजन एवम् साक्षी प्रमाण प्रस्तुत गरी शीघ्र न्याय सम्पादन प्रक्रियाको सहयोगी बन्ने छौं । विदेशी नागरिक पीडित वा साक्षी भएको वा विदेश गई न्यायिक प्रक्रियाको क्रममा वकपत्र गर्न उपस्थित हुन नसक्ने अवस्थाका साक्षीहरूलाई अभियोग पत्र पेश हुँदाकै अवस्थामा वकपत्रका लागि पेश गर्न सकिने गरी कानुनी व्यवस्था हुनु पर्ने आवश्यकता देखिएको छ ।

२४. अनुसन्धानको क्रममा कसुरमा संलग्न देखिएका तर पक्राउ हुन नसकेका र पहिचान गर्न सक्ने गरी पूर्ण विवरण नखुलेका व्यक्तिहरूलाई पक्राउ परेपछि वा पहिचानको पूर्ण विवरण खुले पछि अनुसन्धान पुरा गरी अभियोजन गर्न सकिने गरी आवश्यक कानुनी व्यवस्था गर्नु पर्ने आवश्यकता महशुस गर्दछौं ।

२५. फौजदारी न्याय प्रशासनका महत्वपूर्ण सरोकारवालाको रूपमा रहेका अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूलाई फौजदारी कानूनको तर्जुमा र संशोधन गर्दा सहभागिता कायम गरिनु पर्ने आवश्यकता दर्शाउछौं । त्यसै गरी नयाँ बनेका फौजदारी कानूनको कार्यान्वयनका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूलाई यथासमयमा अभिमुखीकरण गरी दक्षता विकास गर्ने कार्य प्राथमिकतापूर्वक गरिनु पर्नेमा जोड दिन चाहन्छौं । अनुसन्धानकर्ता र अभियोजनकर्ताह?ले अवलम्बन गरेका असल अभ्यासहरू आदान प्रदान बारेमा क्षेत्रीय तहमा समेत अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीचमा अन्तरक्रिया गर्नु पर्ने आवश्यकता समेत महशुस गर्दछौ ।

२६. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको यो ऐतिहासिक पहिलो राष्ट्रिय सम्मेलनको आयोजना गर्नु हुने माननीय महान्यायाधिवक्ता श्री रमन कुमार श्रेष्ठज्यू र नेपाल प्रहरीका महानिरीक्षक श्री उपेन्द्रकान्त अर्यालज्यूप्रति यो सम्मेलनका सहभागीहरू हार्दिक आभार प्रकट गर्दछौं । सम्मेलनको सञ्चालन तथा व्यवस्थापन गर्न सहयोग गर्नु हुने सबै पदाधिकारीहरू, संघ, संस्था, निकाय र महानुभावहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै प्रत्येक दुई वर्षमा यस्तो सम्मेलन आयोजना गनु पर्ने आवश्यकता महशुस गर्दछौं ।

सम्वत २०७३ साल माघ १६ गते

अनुसूची : ६

नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्र, २०७६

प्रस्तावना

सार्वजनिक शान्ति र व्यवस्था नै न्यायको आधार हो भन्ने मान्यतामा विश्वास प्रकट गर्दै अपराध नियन्त्रणका लागि बनेका कानूनहरूको प्रभावकारी कार्यान्वयनमार्फत मुलुकमा कानूनको शासन स्थापना गर्ने संवैधानिक मूल्यप्रति उच्च प्रतिबद्धता प्रकट गर्दै,

नेपालको कानून प्रणालीमा आधुनिकीकरण गर्ने उद्देश्यले निकै लामो समयको प्रयासपछि जारी भएका मुलुकी अपराध संहिता समेतका फौजदारी न्याय प्रशासनसँग सम्बन्धीत कानूनहरूको प्रभावकारी कार्यान्वयन गरी समाजमा शान्ति, सुव्यवस्था, अमन चैन कायम गर्ने राज्यको जिम्मेवारीप्रति समर्पित रहदै,

नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हकको कार्यान्वयन, मुलकले प्रतिबद्धता प्रकट गरेका मानव अधिकारसम्बन्धी दस्तावेजहरु, स्वच्छ सुनुवाइ र फौजदारी न्यायका मान्य सिद्धान्तको पालना गरी वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित अपराध अनुसन्धान र अभियोजन गर्ने कार्यमा अझ बढी उत्तरदायी भई क्रियाशील हुने बचनबद्धता प्रकट गर्दै,

सुदृढ फौजदारी न्याय प्रशासनको माध्यमबाट मुलुकमा दण्डहीनताको अन्त्य गरी पीडितलाई न्याय र कसूरदारलाई सजाय दिलाउन अनुसन्धानकर्ता र अभियोजनकर्ताले व्यावसायिक रुपमा कार्य सम्पादन गर्नु पर्ने र आपसी समन्वय र सहकार्यबाट मात्र वैज्ञानिक प्रमाणमा आधारित निष्पक्ष अनुसन्धान र अभियोजन सम्भव हुने मान्यतामा पुनः प्रतिबद्धता प्रकट गर्दै,

नागरिक स्वतन्त्रताको संरक्षण गर्ने, पीडितको न्यायसम्मको पहुँच सहज बनाउने, समाजमा शान्ति सुव्यवस्था कायम राखी सभ्य समाज निर्माण गर्ने आधारभूत दायित्वलाई हाम्रो फौजदारी न्याय प्रणालीभित्र अझ बढी संस्थागत हुनुपर्दछ भन्ने मान्यतालाई केन्द्रमा राख्दै,

नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित भएका प्रस्तावको कार्यान्वयनबाट फौजदारी न्याय प्रशासनमा सुधारका लागि मार्गदर्शन भएको र अपराध अनुसन्धान र अभियोजनमा समन्वय र सहकार्यको सँस्कृति संस्थागत हुँदै आएको सकारात्मक अनुभव एवम् सिकाइलाई आत्मसात गरी उक्त घोषणापत्रमा समावेश भएका विषयप्रति पुनः प्रतिबद्धता व्यक्त गर्दै,

सम्बत् २०७६ साल पुस ४ गतेदेखि ६ गतेसम्म आयोजना गरिएको नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनका सहभागी हामी सरकारी वकील र प्रहरी अधिकृतहरू यो घोषणापत्र जारी गर्दछौं ।

१. नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको दोस्रो राष्ट्रिय सम्मेलनको समुद्घाटन गरिदिनुभएकोमा प्रमुख अतिथि सम्माननीय प्रधानन्यायाधीशज्यू, समापन समारोहका प्रमुख अतिथि माननीय गृहमन्त्रीज्यू एवम् सम्मेलनमा आमन्त्रित विशिष्ट अतिथिज्यूहरूको गरिमामय उपस्थिति र अपराध अनुसन्धान तथा अभियोजन एवम् फौजदारी न्याय प्रशासनको सुधारका लागि उद्घाटन तथा समापन समारोहमा भएका सम्बोधनका लागि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं । सम्मेलनको उद्घाटन समारोह, समूहगत छलफल कार्यक्रम र समापन समारोहमा आमन्त्रित विशिष्ट पदाधिकारीहरुको उपस्थिति र अपराध अनुसन्धान र अभियोजनलाई मार्गदर्शन गर्ने दिशामा भएका सम्बोधनका लागि हार्दिक आभार प्रकट गर्दछौं ।नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको यो सम्मेलन आयोजनाका लागि माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यू र प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालज्यूप्रति यस सम्मेलनका

सहभागी एवम् पर्यवेक्षकहरू हार्दिक आभार प्रकट गर्दछौं । यस सम्मेलन सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्ण पदाधिकारी, संघ, संस्था, निकाय एवम् महानुभावहरूप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

२. वि.सं. २०७३ सालमा सम्पन्न प्रथम राष्ट्रिय सम्मेलनबाट पारित भएको घोषणापत्रको कार्यान्वयनको समीक्षा गर्दै उक्त सम्मेलनले अपराध अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाउन अनुसन्धानकर्ता र अभियोजनकर्ता साझा रुपमा क्रियाशील हुने वातावरण विकास गरेको अनुभूत गर्दै त्यसपछि भएका प्रादेशिक सम्मेलनहरूले पारित गरेका घोषणापत्रको कार्यान्वयनबाट अपराध अनुसन्धान र अभियोजन कार्यमा समन्वय र सहकार्य विस्तार गरी कार्यसम्पादनमा थप सहज बनाएको महसुस गर्दछौं । ती सम्मेलनहरुबाट पारित भएका घोषणापत्रप्रति पुनः प्रतिबद्धता व्यक्त गर्दै प्रभावकारी कार्यान्वयनको अपेक्षा गर्दछौं । समन्वय र सहकार्यको सँस्कृतिलाई सँस्थागत गर्न यस्ता सम्मेलनहरुको निरन्तरता हुने विश्वास प्रकट गर्दछौं ।

३. लोकतान्त्रिक शासन व्यवस्थामा विचार तथा अभिव्यक्तिको स्वतन्त्रता समेतका नागरिक स्वतन्त्रताको गहन मूल्य हुन्छ भन्ने मान्यतामा अगाध आस्था प्रकट गर्दै नागरिक स्वतन्त्रताको संरक्षण र सार्वजनिक शान्ति र व्यवस्था कायम गर्ने विषयलाई समन्वयपूर्वक अगाडि बढाउनु पर्ने राज्यको दायित्वप्रति सबै पक्षबाट सकारात्मक सहयोग पुग्नेछ भन्ने विश्वास प्रकट गर्दै अपराध अनुसन्धान र अभियोजनका क्रममा नागरिकका संविधानप्रदत्त मौलिक हकहरुको हनन् नहुनेतर्फ हामी सचेत, सजग एवम् प्रतिबद्ध रहेको पुनःस्मरण गराउन चाहन्छौं ।

४. नेपालको फौजदारी न्याय प्रणालीमा सारभूत परिवर्तन गर्दै निकै लामो समयको प्रयासपछि जारी भएका मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका फौजदारी कानूनको कार्यान्वयनमा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील साझा रुपमा तत्परताका साथ क्रियाशील रहेका छौं । ती कानूनहरूले आत्मसात गरेका व्यवस्थाहरुका बारेमा साझा रुपमा प्रशिक्षित हुने यस अवसरले कार्यसम्पादनमा सहयोग पुगेको अनुभव गर्दछौं ।

५. मुलुकी फौजदारी कार्यविधि संहिताले अपराध अनुसन्धानको क्रममा हिरासत मा राखी रहनुपर्ने आवश्यक र उपयुक्त नदेखिएको अवस्थामा शंकित व्यक्तिबाट धरौटी वा जमानत लिई वा हाजिर जमानीमा छाडी वा तारिखमा राखी अनुसन्धान गर्न सक्ने व्यवस्थालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न प्रयत्नशील रहने प्रण गर्दछौं । संहिता कार्यान्वयनको प्रारम्भिक अभ्यासलाई मूल्यांकन गरी सरोकारवाला निकायसँग छलफल गरी आवश्यकता र उपयुक्तताका आधारमा ती संहिताहरुमा आवश्यक परिमार्जन एवम् संशोधन हुनुपर्ने सुझाव प्रस्तुत गर्दछौं । संहिता कार्यान्वयनका लागि आवश्यक पर्ने नियम निर्देशिकाहरु समयमा जारी हुने विश्वास प्रकट गर्दछौं । अपराध अनुसन्धान, अभियोजन र न्यायसम्पादन कार्यमा सहयोग गर्ने अभियुक्तलाई सजायमा छुट दिन सकिने गरी मुलुकी अपराध संहिता र मुलुकी फौजदारी कार्यविधि संहिताले गरेको व्यवस्थालाई एकरुपतापूर्वक कार्यान्वयनमा ल्याउनका लागि स्पष्ट मार्गदर्शनको आवश्यकता महशुस गर्दछौं ।

६. अपराध अनुसन्धानको कार्य अनुसन्धानकर्ता प्रहरीको व्यावसायिक कार्य हो । यसलाई मार्गदर्शन गर्ने र प्राप्त प्रमाणका आधारमा अभियोजन गर्ने सरकारी वकीलको व्यावसायिक जिम्मेवारी हो । अपराधको बारेमा जानकारी दिने र आवश्यकताअनुसार अपराध अनुसन्धान, अभियोजन तथा न्याय सम्पादन गर्ने कार्यमा सहयोग गर्ने नागरिकको कर्तव्य पनि हो । अपराध अनुसन्धान तथा अभियोजन कार्यमा अपराध पीडित, साक्षी, नागरिक समाज, प्रमाण परीक्षण गर्ने निकाय लगायत सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा राख्दछौं । अपराध अनुसन्धानमा अवरोध खडा गर्ने वा अनुसन्धान र अभियोजनको कार्यमा असहयोग गर्ने व्यक्ति तथा निकायलाई समेत कानूनी कारवाहीको दायरामा ल्याउने गरी कार्य सम्पादन गर्न क्रियाशील हुनेछौं ।

७. कार्यविधि कानूनको महत्वपूर्ण आधारको रुपमा रहेको प्रमाण कानून सारवान कानून कार्यान्वयनमा ल्याउने प्रमुख आधार हो । मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ एवम्

संगठित अपराध निवारण ऐन, २०७० र अपराध पीडित संरक्षण ऐन, २०७५ लगायतका कानूनहरू जारी भएको सन्दर्भमा ती कानूनी व्यवस्थासँग मेल खाने गरी वैज्ञानिक, विद्युतीय तथा वस्तुगत प्रमाणको संकलन र प्रस्तुतीकरणका लागि विद्यमान प्रमाण ऐनको पुनरावलोकन गर्नुपर्ने आवश्यकता महसुस गर्दछौं । खासगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को परिच्छेद ११ मा प्रमाण परीक्षण सम्बन्धी आत्मसात गरिएका नयाँ व्यवस्थालाई कार्यान्वयन गर्ने गरी अनुसन्धान र अभियोजन गर्ने तर्फ प्रतिबद्ध रहेका छौं ।

८. जघन्य, संगठित एवम् जटिल अपराधको अनुसन्धान गर्न अपनाइने अण्डर कभर अपरेशन, कन्ट्रोल डेलिभरी, दूर सञ्चार अभिलेख र विशेष प्रक्रियाबाट गरिने प्रमाणको संकलनका विषयमा वैयक्तिक स्वतन्त्रता र गोपनीयताको अधिकारको संवैधानिक व्यवस्थाको सम्मान गर्दै अन्य मुलुकका अनुसन्धान निकायले समेत प्रचलनमा ल्याएका असल अभ्यासलाई प्रयोगमा ल्याउन नीतिगत, कानूनी र प्रविधिगत प्रबन्ध हुने अपेक्षा राख्दछौं ।अपराधको अनुसन्धानको कार्य अव परम्परागत रुपमा मात्र गरेर सम्भव हुने अवस्था छैन । अपराधको गम्भीरताका आधारमा विशेष प्रकृतिका कसूरको अनुसन्धानमा विशेष प्रविधिको प्रयोग गर्नुपर्ने आवश्यकता कानूनले नै औंल्याइसकेको छ । यसका लागि जनशक्तिको दक्षता, कार्यबोझका आधारमा जनशक्तिको व्यवस्थापन र प्रविधिको प्रयोग एवम् स्रोत साधनको पर्याप्तता आवश्यक पर्दछ । अपराध नियन्त्रण विना शान्ति, शान्ति विना न्याय र न्याय विना सम्बृद्धि हासिल हुन सक्दैन । कसूरको प्रकृतिका आधारमा नयाँ कानूनहरू कार्यान्वयनमा आएको सन्दर्भमा ती कानूनहरूको प्रभावकारी कार्यान्वयनका लागि अपराध अनुसन्धानको कार्य सरकारको प्राथमिक जिम्मेवारी समेत हो । अपराध अनुसन्धान र अभियोजनको कार्यलाई अनुत्पादक क्षेत्रको रुपमा व्यवहार गरिनु हुँदैन । समाजमा सुरक्षाको प्रत्याभूतिबाट मात्र विकास निर्माण र व्यावसायिक वातावरण कायम गर्न र औद्योगिक शान्ति सुनिश्चित भई वैदेशिक लगानीको वातावरण निर्माण गर्न सकिन्छ । यो क्षेत्रलाई राष्ट्रिय उत्पादकत्वको आधारका रुपमा लिई राज्यको तर्फबाट विशेष व्यवहार हुनु पर्दछ । त्यसका लागि महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना र नेपाल प्रहरीको अपराध नियन्त्रण तथा अनुसन्धान कार्ययोजनाको कार्यान्वयनका लागि आवश्यक पर्ने स्रोत साधनको समुचित व्यवस्था हुनेमा विश्वस्त छौं । उक्त दुवै योजना कार्यान्वयन गर्न साझा प्रतिबद्धता प्रकट गर्दछौं ।

९. अपराध अनुसन्धान र अभियोजनको कार्य बहुआयामिक र चुनौतीपूर्ण व्यावसायिक कार्य हो । यस कार्यमा संलग्न रहने जनशक्तिलाई उत्प्रेरित गरी सेवामा टिकाइ राख्न र दक्ष जनशक्तिलाई यस क्षेत्रमा आकर्षित गर्नका लागि व्यावसायिक भत्ता र कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था हुने अपेक्षा प्रकट गर्दछौं । अपराध अनुसन्धानमा संलग्न जनशक्तिले खटिनु पर्ने समय र बहन गर्नुपर्ने जोखिमको आधारमा उपयुक्त जोखिम भत्ताको व्यवस्था हुने अपेक्षा राख्दछौं । अपराध अनुसन्धानमा क्रियाशील जनशक्तिले यो कार्यमा गर्व गर्न सक्ने अवस्था सिर्जना हुनु पर्दछ । यसका लागि वृत्ति विकासका आधार सहितको योजना बन्नेछ भन्ने विश्वास प्रकट गर्दछौं ।

१०. अपराध अनुसन्धानका क्रममा संकलन गरिएका प्रमाणहरुको वैज्ञानिक परीक्षणका लागि पहुँचयोग्य रुपमा प्रयोगशालाको आवश्यकता महसुस भइरहेको सन्दर्भमा यस वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा प्रत्येक प्रदेशमा विधि विज्ञान प्रयोगशालाको विस्तारका लागि गरिएको प्रतिबद्धता र बजेट विनियोजनलाई सकारात्मक प्रयासको रुपमा ग्रहण गर्दै यसै वर्षदेखि त्यस्ता प्रयोगशालाहरू कार्यसम्पादन गर्न सक्ने गरी स्थापना हुन प्रारम्भ हुने र भैरहेका प्रयोगशालाहरुको क्षमता अभिवृद्धि समेत हुने विश्वास व्यक्त गर्दछौं । प्रयोगशालाहरुको विस्तार एवम् विकासले समयमा अनुसन्धान र अभियोजनको कार्य गर्न र भौतिक सबुदहरुको समयमै परीक्षण गर्न समेत सहयोग पुग्ने अपेक्षा राखेका छौं । हालसम्मको अभ्यासबाट मेडिको लिगल क्षेत्र कम प्राथमिकतामा परेको देखिँदा सोको संस्थागत व्यवस्थापनका लागि स्वास्थ्य मन्त्रालयले नेतृत्वदायी भूमिका लिनेछ भन्ने अपेक्षा राख्दछैं । वैज्ञानिक प्रमाणको आधारको रुपमा रहने मेडिको लिगल क्षेत्रमा विशेषज्ञ जनशक्तिको व्यवस्था प्राथमिकतापूर्वक गर्नु पर्ने आवश्यकताबोध गर्दछौं । अनुसन्धानकर्ता र अभियोजनकर्ता एवम् प्रमाण परीक्षण गर्ने विज्ञहरु बीच समन्वय र सहकार्यको अभ्यास

विकास गर्न प्रयास हुने अपेक्षा गर्दछौं । विधि विज्ञान र मेडिको लिगल क्षेत्रलाई नियमन गर्न छुट्टै ऐन निर्माण हुनु उपयुक्त हुने सुझाव प्रस्तुत गर्दछौं ।

११. एक पटकको कसूरदार सधैंको कसूरदार हुँदैन भन्ने मान्यतालाई विभिन्न अध्ययन र आधुनिक दण्ड प्रणालीले अंगिकार गरेका छन् । यसै विषयलाई मध्यनजर गरी नेपाललेदण्ड व्यवस्थामा सुधारात्मक दृष्टिकोणसहित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ जारी गरेको छ । सो ऐनले आत्मसात गरेका आधुनिक दण्ड प्रणालीका सुधारात्मक उपायहरु क्रियाशील गर्नुपर्ने आवश्यकता महसुस गर्दछौं । सो क्रममा हालसम्म कार्यान्वयनमा आउन नसकेका सामुदायिक सेवा, खुला कारागार, सप्ताहन्त कैद, श्रमसहित कैद, प्रोवेसन, प्यारोल, रात्रीकालीन कारावास लगायतका सुधारात्मक व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक पर्ने पूर्वाधार, संरचना निर्माण एवम् कार्यविधिगत व्यवस्थाका लागि प्राथमिकतापूर्वक कार्य गर्नुपर्ने आवश्यकता औंल्याउदछौं । फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले परिकल्पना गरेको पीडित राहत कोषको स्थापनाका लागि नेपाल सरकारले बजेट समेत छुट्याएर उक्त ऐनको कार्यान्वयनका सम्बन्धमा जनाइएको अग्रसरताको हार्दिक स्वागत गर्दछौं । सो ऐनको कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यविधिगत प्रबन्ध यथाशक्य छिटो हुनेछ भन्ने विश्वास प्रकट गर्दछौं ।

१२. नेपालले बाल अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिप्रति प्रतिबद्धता प्रकट गरेको अवस्था समेतलाई दृष्टिगत गरी जारी भएको बालबालिकासम्बन्धी ऐन, २०७५ ले आत्मसात गरेका बाल न्यायका मान्यताको प्रभावकारी कार्यान्वयनमा उच्च प्रतिबद्धता प्रकट गर्दछौं । बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धान र अभियोजनका क्रममा बाल न्यायसम्पादन कार्यविधिले निर्धारण गरेका विधि र प्रक्रियाहरुको प्रभावकारी कार्यान्वयन गर्न थप अग्रसर हुने प्रतिवद्धता प्रकट गर्दछौं । बाल सुधार गृहलाई पहुँचयोग्य हुने गरी थप विस्तार हुने अपेक्षा राख्दछौं । बालबालिका संलग्न भएका मुद्दामा पीडितको सहमतीमा मुद्दाको दिशान्तर (डाइभर्सन) गरी वैकल्पिक मार्ग अवलम्बन गर्न सकिने गरी कानूनी व्यवस्था भएको सन्दर्भमा कसूरको प्रकृति र गम्भीरता समेतलाई आधार बनाई औचित्य र आवश्यकताका आधारमा दिशान्तर गरी बैकल्पिक मार्ग अवलम्बन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

१३. आर्थिक, सामाजिक परिवर्तन र सूचना प्रविधिको विकाससँगै अपराधको प्रवृत्तिमा परिवर्तन आएको छ । खासगरी महिला विरुद्ध हुने हिंसाजन्य अपराधको प्रवृत्तिमा देखिएका केही उदाहरणहरूले अनुसन्धानकर्ता र अभियोजनकर्तालाई समेत गम्भीर बनाएको छ । कुनै घटना विशेषले समेत सिंगो राज्य व्यवस्थामा नकारात्मक प्रभाव पार्न सक्नेतर्फ विशेष संवेदनशीलता प्रकट गर्दै करणीसम्बन्धी कसूर, मानव बेचविखन तथा ओसार पसार, रसायनिक चिज वस्तु (केमिकल) प्रहार जस्ता अपराध विरुद्धका कानून कार्यान्वयनमा थप प्रभावकारिताकोआवश्यकता महशुस गर्दछौं ।

१४. मानव मर्यादा विपरीतका कार्यहरु कुनै पनि सभ्य समाजका लागि शोभाका विषय हुँदैनन् । कानूनले दण्डनीय बनाई सक्दा पनि हाम्रो समाजमा मानव मर्यादा विपरीतका कार्यहरु भइरहेको अवस्था छ । यस्ता कुरीति र गलत अभ्यासलाई निर्मूल गर्न सचेत नागरिकको अग्रसरता र कानून कार्यान्वयन गर्ने निकायको प्रभावकारिता आवश्यक पर्दछ । कानूनले कसूरका रुपमा परिभाषित गरेको जातीय छुवाछुततथा भेदभावसम्बन्धी कसूर, बोक्सी एवम् छाउपडी लगायतका भेदभावजन्य कसूरको अनुसन्धान र अभियोजनलाई वस्तुगत प्रमाणमा आधारित बनाउन नागरिक समाज र पीडितहरूको समेत विशेष अग्रसरताको आवश्यकता महशुस गर्दछौं । मानव मर्यादा विपरीत हुने यस्ता अपराधका विरुद्धमा सबै तहका सरकारी निकाय, गैरसरकारी क्षेत्र र नागरिक समाजको साझा क्रियाशीलता र सहकार्यका लागि हार्दिक आह्वान गर्दछौं ।

१५. कानूनको अनभिज्ञता क्षम्य हुँदैन भन्ने कानूनी सिद्धान्तलाई व्यवहारमा कार्यान्वयनमा ल्याउनका लागि कानूनको बारेमा उचित प्रचार प्रशार गर्नु पर्ने राज्यको दायित्व हो । मुलुकी अपराध संहिता समेतका कानूनहरूका बारेमा आमसमुदायलाई सूचित गर्न ए एवम् सरकार वादी मुद्दाको अनुसन्धान, अभियोजन र न्याय सम्पादनसँग सम्बन्धीत काम कारवाहीका बारेमा जानकारी दिन विगत वर्षदेखि अभ्यास गरिएको समुदायमा सरकारी वकील कार्यक्रम र समुदाय प्रहरी साझेदारी कार्यक्रमलाई संयुक्त रुपमा सञ्चालन गर्ने अभ्यासले सकारात्मक प्रभाव पारेको अनुभूति भएको छ । समुदायमा आधारित यसप्रकारका कार्यक्रमलाई

सबै तहका सरकारी निकाय, सार्वजनिक संस्था एवम् गैरसरकारी क्षेत्रसमेतसँग समन्वय गरी अभियानका रुपमा लैजान हामी प्रतिबद्ध छौं । यस प्रयोजनका लागि आवश्यक स्रोत साधनको समुचित प्रबन्ध हुने विश्वास प्रकट गर्दछौं ।

१६. समाजमा दिन प्रतिदिन बढ्दै गइरहेको अन्तरदेशीय स्वरुपको संगठित अपराधलाई निवारण गर्न राज्यले विशेष प्राथमिकता दिनु पर्ने देखिएको छ । यस्तो अपराधलाई नियन्त्रण गर्नका लागि तर्जुमा गरिएको संगठित अपराध निवारण ऐन, २०७० को कार्यान्वयनका लागि अपराध अनुसन्धान र अभियोजन गर्ने निकायको संस्थागत क्षमता र जनशक्ति विकासका लागि थप प्रयास हुनुपर्ने आवश्यकता महशुस गर्दछौं । खासगरी यस्ता अपराधको अनुसन्धान पद्धतिको आधुनिकीकरणका लागि अन्य मुलुकका सफल अभ्यासहरूका बारेमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरू परिचित हुनुपर्ने आवश्यकता छ । सम्पत्ति शुद्धीकरणसम्बन्धी कसूरका सम्बन्धमा अन्य सम्बद्ध कसूरको अनुसन्धान गर्दा समेत विचार गर्नुपर्ने हुँदा यस्ता विषयमा अनुसन्धानकर्ता र अभियोजनकर्ताहरूलाई विशेष प्रशिक्षण र सफल अभ्यासको बारेमा परिचित तुल्याउन आवश्यक प्रबन्ध हुने अपेक्षा राख्दछौं ।

१७. अपराधको संख्या र स्वरुपमा विस्तार भइरहेको सन्दर्भमा अपराध अनुसन्धान तथा अभियोजनमा संलग्न जनशक्तिको संख्यात्मक एवम् गुणात्मक विस्तार गर्नुपर्ने आवश्यकता महशुस गर्दछौं । यसका लागि अपराध अनुसन्धानमा संलग्न जनशक्तिलाई सोही प्रयोजनमा मात्र परिचालन गर्ने र आवश्यकताका आधारमा विषयगत रुपमा विशिष्टीकरण गर्दै लैजाने दिशामा थप अग्रसरताको आवश्यकता महशुस गर्दछौं । सरकारी वकीलको जनशक्तिलाई विषयगत विशिष्टीकरण गर्न प्रारम्भ भैसकेको सन्दर्भमा यसलाई निरन्तरता दिदै अनुसन्धानकर्ता र अभियोजनकर्ताको व्यावसायिक एवम् पेशागत सुरक्षा र क्षमता विकास गरी सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन आवश्यक रहेको छ । सो प्रयोजनका लागि संविधानको भावना अनुरुप सरकारी वकीलको सेवा र शर्तसम्बन्धी कानून शीघ्र तर्जुमा हुने विश्वास लिएका छौं ।

१८. अपराधको प्रबृत्तिगत विश्लेषण गरी अपराध रोकथाम गर्ने विषयमा नीतिगत तथा कानूनी प्रबन्ध गर्न अपराधशास्त्रीय अनुसन्धान अपरिहार्य हुन्छ । महान्यायाधिवक्ताले प्रस्तुत गर्नु पर्ने वार्षिक प्रतिवेदनमा पनि अपराधको प्रबृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने संवैधानिक व्यवस्था समेत रहेको छ । फौजदारी न्याय प्रणालीको प्रभावकारिताका विषयमा अपराधशास्त्रीय अनुसन्धान गरी फौजदारी कानूनको पुनरावलोकन गर्ने आधार तय गर्न महान्यायाधिवक्ताको कार्यालय र प्रहरी प्रधान कार्यालयले सहकार्य गर्नुपर्ने आवश्यकता महशुस गर्दै उक्त कार्यका लागि साधन र स्रोतको समुचित प्रबन्ध हुने अपेक्षा गरेका छौं ।

१९. अपराधिक गतिविधिमा विद्युतीय प्रणाली र उपकरणको प्रयोग बढ्दो रुपमा रहेको छ । विद्युतीय कारोवार ऐनले परिभाषित गरेका विद्युतीय अपराधको सुनुवाइका लागि २०६४ सालमा काठमाडौं जिल्ला अदालतलाई तोकी मुद्दाको सुनुवाइ हुँदै आएकोमा पछिल्लो समयमा उक्त कसूरको संख्यामा उल्लेख्य बृद्धि भई अपराध अुनसन्धानको क्रममा म्याद थप र पीडितको पहुँच लगायतका विषयमा व्यावहारिकताको दृष्टिले असहज भएकोे सबै पक्षबाट अनुभूत भएको छ । त्यस्ता कसूरको सुनुवाइमा सहजताका लागि सर्वसाधारणको पहुँच पुग्ने स्थान एवम् निकायबाट मुद्दाको कारवाही र किनारा हुने गरी उपयुक्त व्यवस्था हुन र विद्युतीय अपराधका आयामहरुको विश्लेषण गरी कानूनमा आवश्यक पुनरावलोकन हुन उपयुक्त हुने सुझाव प्रस्तुत गर्दछौं ।

२०. मुलुकी अपराध संहिताले बहिक्षेत्रीय क्षेत्राधिकारको व्यवस्था गरेको सन्दर्भमा सो व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि सपुर्दगी र पारस्परिक कानूनी सहायतासम्बन्धी कानूनको कार्यान्वयन प्रभावकारी हुने गरी नेपाल सरकारबाट आवश्यक व्यवस्था हुन आवश्यकताबोध गर्दछौं । विदेशमा रहेका नेपालीहरू उपर हुन सक्ने आपराधिक गतिविधिहरूको अनुसन्धान गरी कानूनी दायरामा ल्याउने कार्यलाई सहजीकरण गर्नका लागि हाललाई पचास हजारभन्दा बढी नेपाली नागरिक बसोबास गरेका देशमा अपराध अनुसन्धान र अभियोजनकर्ताहरू रहने गरी सहचारीको व्यवस्था गरिनु उपयुक्त हुने धारणा प्रकट गर्दछौं ।

२१. बैंकिङ् कसूर तथा सजाय ऐनले गरेको व्यवस्था बमोजिम चेक सटही नभएको विषयमा पर्ने वैकिङ कसूरसम्बन्धी मुद्दाको संख्या बढ्दै गएको र यसले उच्च अदालतमा मुद्दाको चाप अत्यधिक मात्रामा थपिदै जानुका साथै गम्भीर प्रकृतिका कसूरमा केन्द्रित भई कार्यसम्पादन गर्न अपराध अनुसन्धान र अभियोजनमा संलग्न रहेका जनशक्तिको कार्यसम्पादनमा समेत गम्भीर प्रभाव पारेको हुँदा उक्त मुद्दा सम्बन्धीत जिल्ला अदालतबाट हेरिने गरी अधिकारक्षेत्रको पुनरावलोकन हुन उपयुक्त हुने सुझाव प्रस्तुत गर्दछौं ।

२२. अपराधको कुनै राजनीतिक आवरण हुँदैन भन्ने मान्यतामा विश्वास प्रकट गर्दै फौजदारी कसूरको अनुसन्धान र अभियोजन कानूनले परिभाषित गरेको विधि र प्रक्रियाबाट सञ्चालन हुने विषयमा सम्बद्ध सबै विश्वस्त रहन हार्दिक आह्वान गर्दछौं । अनुसन्धान र अभियोजनमा नियतबस गरिने कुनै पनि किसिमका काम कारवाहीहरू संस्थागत संरक्षणका विषय हुने छैनन् भन्ने विश्वास दिलाउन चाहन्छौं । कानूनको सर्वोच्चताको मान्यताप्रति समर्पित हुँदै कानूनले परिभाषित गरेको कसूरमा संलग्न जो कोही कानूनको समान कार्वाहीको विषय हुनेमा साझा धारणा प्रकट गर्दछौं । अनुसन्धान र अभियोजनको कार्य नितान्त व्यावसायिक जिम्मेवारीको विषय भएकोले आफ्नो जिम्मेवारीको विषयमा उत्तरदायित्वपूवर्क कार्यसम्पादन गर्ने प्रतिबद्धता व्यक्त गर्दै कुनै पनि प्रकारको हस्तक्षेप वा अवाञ्छित प्रभावलाई अस्वीकार गरिने विषयमा हामी प्रतिबद्धता प्रकट गर्दछौं ।

२३. मुलुकी फौजदारी कार्यविधि संहिताले साक्षीको संरक्षण गर्नुपर्ने कानूनी दायित्व प्रहरीलाई सुम्पिएको छ । त्यसैगरी अपराध पीडितको सुरक्षा र सहायताको विषय पनि प्रहरीको जिम्मेवारीको विषय हो । सरकारका तर्फबाट गर्नु पर्ने कसूरबाट पीडित व्यक्तिको सहायता र साक्षीको सुरक्षा एवम् संरक्षण गर्ने कार्यमा कानूनले सुम्पिएको दायित्व पूरा गर्न अनुसन्धानकर्ता र अभियोजनकर्ताको साझा प्रतिबद्धता एवम् अग्रसरता अत्यावश्यक रहन्छ । यसका लागि आवश्यक पर्ने कानूनी व्यवस्था, संरक्षण गृह समेतका पूर्वाधार, संरचना एवम् स्रोत साधनको व्यवस्थापन समयमै हुनेछ भन्ने विश्वास प्रकट गर्दछौं । जघन्य र गम्भीर प्रकृतिका फौजदारी मुद्दाको कारवाही र किनारा समयमा गर्न एवम् पीडित र साक्षीको सुरक्षा र संरक्षण गर्नका लागि अवलम्बन गरिएको लगातार सुनुवाइसम्बन्धी व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि अनुसन्धानकर्ता र अभियोजनकर्ताको साझा प्रतिबद्धता पुनः प्रकट गर्दछौं । हेलो साक्षीको अभ्यासबाट प्रारम्भिक रुपमा देखिएको सकारात्मक प्रभावलाई मध्यनजर गरी अभियानको रुपमा यो कार्यक्रमलाई विस्तार गर्न प्रतिबद्ध छौं ।

२४. सूचना प्रविधिको विकाससँगैअधिकांश मानिसहरु विद्युतीय माध्यमद्वारा सामाजिक सञ्जालमा आवद्ध भएका र सामाजिक सञ्जालका माध्यमबाट सकारात्मक सन्देश प्रवाहका अलावा व्यक्तिको वैयक्तिक गोपनियता, व्यक्तिगत प्रतिष्ठा एवम् सार्वजनिक शान्ति र व्यवस्थामा खलल पुऱ्याउने खालका काम कारवाहीमा समेत अधिक रुपमा वृद्धि भएको देखिएको छ । यस्ता सञ्जालहरू कतिपय अवस्थामा अपराध गर्ने माध्यमका रुपमा पनि प्रयोग भएको देखिएको छ । कतिपय अवस्थामा अपराधका लागि उक्साउने र अपराधीलाई संरक्षण गर्ने साधनको रुपमा प्रयोग गर्ने अवस्था समेत देखिएको छ ।सामाजिक सञ्जालहरुलाई विचार तथा अभिव्यक्ति स्वतन्त्रताको वाञ्छित सीमाभित्र रही नियमन गर्नुपर्ने र अपराध अनुसन्धानको क्रममा सूचनामा आवश्यक पहुँच कायम हुने गरी व्यवस्थापन हुन सम्बन्धीत सबैको ध्यान आकृष्ट गराउन चाहन्छौं ।

२५. कतिपय अवस्थामा सूचनाको हकको प्रयोगबाट अपराध अनुसन्धानको संवेदनशीलतामा ध्यान नपुगेको अनुभव भएको छ । लोकतन्त्रमा नागरिक स्वतन्त्रताको अधिकाधिक सम्मान हुनुपर्दछ भन्ने विषयमा प्रतिवद्ध हुँदै स्वतन्त्रता निरपेक्ष हुन नसक्ने तथ्य समेतलाई मनन् गरी अपराध अनुसन्धानको गम्भीरता, यसको संवेदनशीलता र अनुसन्धानमा पर्न सक्ने नकारात्मक प्रभावप्रति सबै पक्ष गम्भीर हुनुपर्दछ । आमसञ्चारमाध्यमहरुलाई नियमन गर्न बनेका कानून एवम् आचार संहिताहरुले गरेका विशेष व्यवस्थाहरुप्रति सम्मान गर्दै सार्वजनिक शान्ति, कानून र व्यवस्था कायम गर्ने कार्यमा नागरिकको कर्तव्य समेतलाई मनन् गरी अपराधसँग सम्बन्धीत सूचनाको प्रवाह गर्दा त्यसले समाजमा र अपराधको अनुसन्धान तथा अभियोजनमा पार्न सक्ने प्रभावलाई दृष्टिगत गरी संवेदनशीलता अपनाउन सम्बन्धीत सबैमा हार्दिक अपिल गर्दछौं ।

२६. वैदेशिक रोजगारीको विस्तार एवम् विकसित मुलुकमा आप्रवासन गर्ने चाहना जस्ता कुराहरुले गर्दा मानव तस्करीका घटनाहरू निरन्तर वृद्धि हुँदै गएका छन् । हाम्रो मुलुकमा समेत यसका नकारात्मक परिणामहरू

देखा पर्न थालेका छन् । गैरकानूनी रुपमा हुने मानव तस्करीलाई नियमन गर्ने कानूनी व्यवस्थालाई प्राथमिकतापूर्वक तर्जूमा गर्नु पर्ने आवश्यकता औंल्याउदछौं ।

२७. असल नियतले गरेका काम कारवाहीहरू अपराधको कोटीमा पर्दैनन् भन्ने फौजदारी कानूनको सिद्धान्तलाई मुलुकी अपराध संहिताले समेत सम्बोधन गरेको छ । राज्यको दायित्व र सार्वजनिक हितको संरक्षणका लागि निजी जीवन छोडी चौवीसै घण्टा क्रियाशील रहनु पर्ने अनुसन्धानकर्ता र अभियोजनकर्ताको उत्प्रेरणा र मनोवल विस्तार गर्नेतर्फ विशेष सम्बोधन हुने अपेक्षा राख्दछौं । सीमित स्रोत साधन र विभिन्न प्रतिकूल परिस्थितिमा अपराध अनुसन्धान र अभियोजन गर्ने कार्य सहज नहुँदा नहुँदै पनि सो जिम्मेवारीलाई कटिबद्धतापूर्वक बहन गर्न प्रतिबद्ध छौं । उक्त जिम्मेवारी बहन गर्ने सिलसिलामा असल नियतले गरेका काम कारवाहीलाई लिएर अनावश्यक रुपमा फौजदारी दायित्व व्यहोर्नु पर्ने छैन भन्ने कुराको सुनिश्चितताको अपेक्षा राख्दछौं ।

२८. अपराधको अनुसन्धान र फौजदारी मुद्दाको फैसला कार्यान्वयनसँग जोडिएको महत्वपूर्ण क्षेत्र कारागार र हिरासत कक्ष हो । मुलुकी अपराध संहिता समेतका कानूनहरूको कार्यान्वयनपछि मुद्दाको प्रकृति र संख्यामा वृद्धि भएसँगै थुनुवा र कैदीको संख्यामा वृद्धि भएको यथार्थ सबै सामु छर्लङ्ग छ । विभिन्न समयमा भएका अुनगमन प्रतिवेदनहरूले समेत कारागार र हिरासत कक्षको अवस्थामा सुधार गर्नुपर्ने आवश्यकता औंल्याएका छन् । मुलुकी संहिताहरूसँगै जारी भएको फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐनले समेत दण्डको सुधारात्मक प्रणाली अंगिकार गरेको सन्दर्भमा कारागार तथा हिरासत कक्षलाई प्राथमिकतापूर्वक सुधार गर्नुपर्ने आवश्यकता औल्याउछौं । बालबालिकासम्बन्धी ऐन, २०७५ जारी भई बाल न्यायका स्वीकृत मान्यताहरूलाई आत्मसात गरिसकेको अवस्थामा बाल सुधार गृहको विस्तार र स्तरोन्नति गर्नु पर्ने आवश्यकता दर्शाउदछौं ।

